
"समुन्नत सुन्दर सुदूरपश्चिम"

# दोस्रो पञ्चवर्षीय योजना

## (आ.व. २०८३/८४-२०८७/८८)





जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

सुदूरपश्चिम प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

धनगढी, कैलाली, नेपाल

२०८३, जेठ

"समुन्नत सुन्दर सुदूरपश्चिम"

# दोस्रो पञ्चवर्षीय योजना

(आ.व. २०८३/८४-२०८७/८८)

सुदूरपश्चिम प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

धनगढी, कैलाली, नेपाल

**प्रकाशकः**
सुदूरपश्चिम प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
धनगढी, कैलाली, नेपाल
फोनः +९७७-९१-५२०३६९
इमेलः pppc.supa@gmail.com
वेबसाइटः pppc.sudurpashchim.gov.np

**©प्रतिलिपि अधिकारः**
प्रदेश नीति तथा योजना आयोग
सुदूरपश्चिम प्रदेश

**मुद्रण प्रतिः** ५०० थान

**मुद्रण/ले-आउटः**
लुना क्रियशन प्रा.लि.
बागबजार, काठमाडौं, सम्पर्कः ९८५११ ४३६१८, ९८४३ २६०६१८
इमेलः info.lunacreation@gmail.com

मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल



## शुभकामना सन्देश

सुदूरपश्चिम प्रदेशको समग्र विकासको मार्गचित्रका रूपमा तयार गरिएको दोस्रो पञ्चवर्षीय योजना सार्वजनिक गर्न पाउँदा मलाई विशेष हर्ष र गौरवको अनुभूति भएको छ। यस योजनाले प्रदेशको दिगो, समावेशी र सन्तुलित विकासका लागि स्पष्ट दृष्टि, लक्ष्य र कार्यदिशा प्रदान गरेको छ। हाम्रो प्रदेश प्राकृतिक स्रोत-साधन, सांस्कृतिक सम्पदा र मानवीय सम्भावनाले समृद्ध हुँदाहुँदै पनि गरिबी, बेरोजगारी, भौगोलिक विकटता, पूर्वाधार अभाव तथा आर्थिक-सामाजिक असमानताजस्ता चुनौतीसँग जुधिरहेको छ। यिनै चुनौतीहरूको समाधान गर्दै **"समुन्नत सुन्दर सुदूरपश्चिम"** निर्माण गर्ने अठोटका साथ प्रस्तुत योजना तर्जुमा गरिएको हो।

पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनवाट प्राप्त भएका सिकाइका आधारमा प्रदेशको समग्र क्षमताको अध्ययन विलेषण गरी **"समुन्नत सुन्दर सुदूरपश्चिम"** दीर्घकालिन सोच र प्रदेशवासीको गुणस्तरीय जीवन सुनिश्चित गर्ने ध्येयका साथ यो दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको हो। योजनाको प्रभावकारी कार्यान्वयनका लागि लगानी प्रवर्द्धन र उद्यमशीलता विकास गरी रोजगारी सिर्जना, दिगो आर्थिक वृद्धि, सन्तुलित विकास, गुणस्तरीय स्वास्थ्य र शिक्षामा समान पहुँच, जैविक विविधताको संरक्षण संवर्द्धन तथा प्राकृतिक स्रोतको दिगो उपयोग, सूचना प्रविधिमा आधारित पारदर्शी, परिणाममुखी सेवा प्रवाहजस्ता प्रमुख रणनीतिहरु अङ्गिकार गरिएको छ । योजना सुशासन प्रवर्द्धन, दक्ष, सक्षम र प्रतिस्पर्धी मानव संशाधन विकास, उद्यमशीलता प्रवर्द्धन, राजस्व वृद्धि र वित्तीय सुदृढीकरण, सन्तुलित तथा समावेशी विकास, तीन तहका सरकारवीच अन्तरसम्बन्ध सुदृढीकरण र समन्वय र सहकार्य लगायतलाई प्रदेश रुपान्तरणको सम्वाहकको रुपमा ग्रहण गर्दै, प्रदेशको गरिबी न्यूनीकरणका लागि प्रदेश सरकारले सबै सरोकारवाला निकायहरूसँग सहकार्य गरी अघि बढ्ने कार्यनीति अवलम्बन गरेको छ।

यसबाट प्रदेशमा विद्यमान गरिबी र असमान विकास क्रमशः न्यून हुँदै जाने विश्वास छ। कृषि, पर्यटन, ऊर्जा, उद्योग, पूर्वाधार, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका क्षेत्रमा लक्षित कार्यक्रमहरूले उत्पादन, रोजगारी र आयआर्जन वृद्धि गर्दै प्रदेशको अर्थतन्त्रलाई दिगो एवं सवल बनाउनेमा विश्वस्त छु। यस योजनाले सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई केन्द्रमा राखेको छ। सेवा प्रवाहमा सुधार, प्रविधिको प्रयोग, भ्रष्टाचार नियन्त्रण तथा नतिजामुखी कार्य संस्कृतिको विकासमार्फत प्रदेशवासीलाई सुशासनको प्रत्याभूति दिलाउने हाम्रो प्रतिबद्धता पुनः दोहोऱ्याउन चाहन्छु।

प्रदेशको विकास सरकार मात्रको प्रयासबाट सम्भव छैन। हामीले समन्वय, सहकार्य र साझेदारीको भावनालाई आत्मसात् गर्दै उपलब्ध स्रोत-साधनको उच्चतम उपयोग गर्नुपर्छ। योजना कागजमा मात्र

मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल

सीमित नभई यसको प्रतिफल प्रत्येक गाउँ, बस्ती र परिवारसम्म अनुभूत हुने गरी कार्यान्वयन हुनेछ भन्ने मेरो विश्वास रहेको छ। त्यसैले योजनाको प्रभावकारी कार्यान्वयनमा सबै राजनीतिक दल, संघीय संसद तथा प्रदेश सभा सदस्य, पूर्व मुख्यमन्त्री, मन्त्रालय तथा मातहतका निकाय, स्थानीय तह, निजी क्षेत्र, सहकारी क्षेत्र, सरकारी तथा गैरसरकारी सङ्घ-संस्था, विकास साझेदार, नागरिक समाज तथा सम्पूर्ण प्रदेशवासीमा विशेष अनुरोध गर्दछु, हामी सबै मिलेर यस योजनालाई सफल बनाऔं।

अन्त्यमा, यो योजना निर्माणमा समन्वयकारी भूमिका निर्वाह गर्नुहुने प्रदेश नीति तथा योजना आयोगका मा.उपाध्यक्ष तथा सदस्यहरू र सचिवालयका सबै कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु। यस कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने सबै विषयगत मन्त्रालयका मा.मन्त्री, प्रमुख सचिव, सचिवहरू र सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा यस कार्यमा योगदान गर्नुहुने विज्ञ, सरोकारवाला निकाय तथा सम्पूर्ण सहयोगीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, सुदूरपश्चिम प्रदेशलाई सुन्दर, समृद्ध, समानता र न्यायमा आधारित सुखी समाजतर्फ अग्रसर गराउने साझा यात्रामा एकताबद्ध भई अघि बढ्न सबैमा हार्दिक अनुरोध गर्दछु।


जय नेपाल ।

**कमलबहादुर शाह**
मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश तथा
अध्यक्ष प्रदेश नीति तथा योजना आयोग
२०८३, जेठ

आर्थिक मामिला मन्त्री

सुदूरपश्चिम प्रदेश सरकार

धनगढी, कैलाली, नेपाल



# शुभकामना

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको सफल कार्यान्वयनका लागि आर्थिक व्यवस्थापन, स्रोत परिचालन र वित्तीय अनुशासन अत्यन्त महत्त्वपूर्ण आधार हुन्। हाम्रो प्रदेशको आन्तरिक स्रोत ज्यादै न्यून रहेको कारणले नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटमा प्रदेशको कार्यक्रम तथा बजेटको उच्च निर्भरता रहँदै आएको सर्वविदितै छ। उक्त निर्भरतालाई क्रमशः न्यून गर्दै दिगो वित्तीय सक्षमता हासिल गर्नुपर्ने चुनौती छ ।

प्रस्तुत योजनाले राजस्व सम्भाव्यता अध्ययन गरी करका दायराहरू विस्तार गर्ने, कर प्रशासनलाई प्रविधिमैत्री बनाउने तथा कर प्रणालीलाई सरल, पारदर्शी र न्यायोचित बनाउने दिशामा स्पष्ट मार्ग निर्देशन गरेको छ। यस सन्दर्भमा आगामी वर्षहरूमा प्रदेशको आन्तरिक स्रोतको दायरा वृद्धि गर्दै बजेटको आकार विस्तार गर्न आर्थिक मामिला मन्त्रालयले आवश्यक नीतिगत तथा प्रशासनिक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। हामी करदातामैत्री वातावरण सिर्जना गर्दै स्वैच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, चुहावट नियन्त्रण गर्ने र राजस्व प्रशासन सुदृढ गर्ने कार्यलाई प्राथमिकतामा राखेछौं। प्रदेश सरकारको एकल अधिकारको रूपमा रहेको कृषि आयमा लाग्ने कर हालसम्म प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। यस सम्बन्धमा व्यावसायिक कृषक तथा कृषि उद्यमीहरूलाई करको दायरामा ल्याउन पहल गरिनेछ।

दोस्रो पञ्चवर्षीय योजनाले निर्धारण गरेको योजनाको अवधिमा वार्षिक औसत आर्थिक वृद्धि दर ६.८ प्रतिशतको लक्ष्य हासिल गर्न करिब रु.७ खर्ब २४ अर्ब ४९ करोड लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। उक्त अपेक्षित लगानीमध्ये निजी क्षेत्रको हिस्सा करिब ६२.३ प्रतिशत हुने अनुमान गरिएकाले निजी क्षेत्रमैत्री नीतिगत सुधार, लगानीमैत्री वातावरण निर्माण तथा उद्यमशीलता प्रवर्द्धनमा विशेष जोड दिइनेछ। साथै, सहकारी तथा सामुदायिक संस्थाहरूमा रहेको पुँजीलाई उत्पादनमूलक क्षेत्रतर्फ आकर्षित र परिचालन गर्न आवश्यक सहजीकरण तथा अनुकूल वातावरण निर्माण गरिनेछ ।

योजनाले लक्ष्य गरेको कुल गार्हस्थ्य उत्पादन वृद्धि दर हासिल गर्न सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको सक्रिय र समन्वित भूमिका अपरिहार्य छ। उत्पादन, लगानी, रोजगारी सिर्जना र आयआर्जन अभिवृद्धिमा निजी क्षेत्र र सहकारी क्षेत्रको योगदान महत्त्वपूर्ण रहनेछ। त्यसैले योजनाले परिकल्पना गरेका लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरू कार्यान्वयन गर्न साझेदारीको भावना सहित अघि बढ्न म सम्पूर्ण सरोकारवालाहरूसँग अपिल गर्दछु। आर्थिक अनुशासन, पारदर्शिता र नतिजामुखी बजेट कार्यान्वयनमार्फत स्रोतको अधिकतम उपयोग सुनिश्चित गर्दै प्रदेशलाई क्रमशः दिगो, समावेशी तथा सबल अर्थतन्त्र विकासतर्फ

आर्थिक मामिला मन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
धनगढी, कैलाली, नेपाल

अग्रसर गराउने हाम्रो लक्ष्य हो। सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि, खर्च क्षमता वृद्धि, प्राथमिकतामा आधारित बजेट विनियोजन तथा परिणाममूलक अनुगमन प्रणालीलाई सुदृढ गर्दै योजनाका उपलब्धिहरू जनतासम्म पुऱ्याउने दिशामा मन्त्रालय प्रतिबद्ध रहनेछ।

अन्त्यमा, प्रदेशको समग्र आर्थिक रूपान्तरणका लागि सबै राजनीतिक दल, मन्त्रालय तथा मातहतका निकायहरू, स्थानीय तह, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण प्रदेशवासीमा सहकार्य र हातेमालोको आह्वान गर्दछु। साझा प्रयास र दृढ सङ्कल्पबाट मात्र हामीले समृद्ध, सक्षम र सुन्दर सुदूरपश्चिम निर्माण गर्न सक्नेछौं भन्ने मेरो विश्वास छ।

धन्यवाद !

मा. बहादुर सिंह थापा
मन्त्री, आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
२०८३, जेठ

मा. बहादुर सिंह थापा
मन्त्री

उपाध्यक्ष

सुदूरपश्चिम प्रदेश सरकार
प्रदेश नीति तथा योजना आयोग
धनगढी, कैलाली, नेपाल



# मन्तब्य

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना प्रदेशको समग्र विकासको मार्ग निर्देशक दस्ताबेजका रूपमा तयार गरिएको छ। यस योजनाले निर्धारण गरेका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरूलाई मूर्तरूप दिन प्रत्येक मन्त्रालयले आफ्ना वार्षिक कार्यक्रम तथा बजेटमार्फत स्पष्ट रूपमा सम्बोधन गर्नु अत्यावश्यक छ। पञ्चवर्षीय योजना र वार्षिक विकास तथा कार्यक्रमबीचको स्पष्ट तादात्म्यता नै योजनाको सफल कार्यान्वयनको आधार हो। यसका लागि मन्त्रालयहरुबाट मध्यमकालीन खर्च संरचना तर्जुमाका साथै परियोजना बैङ्कलाई आधार मानी प्राथमिकताक्रम अनुसार आयोजना छनोट गरी वार्षिक नीति, कार्यक्रम तथा योजना तर्जुमा हुन जरुरी छ। यसले स्रोतको छरपस्ट प्रयोगलाई नियन्त्रण गरी नतिजामुखी र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दछ। योजना केवल कागजी दस्तावेज नभई महत्त्वाकाङ्क्षी तर यथार्थपरक मार्गचित्र हो। त्यसैले योजनालाई आवश्यकता, स्रोत उपलब्धता र प्राथमिकताको आधारमा चरणबद्ध रूपमा कार्यान्वयन गर्नुपर्छ।

दोस्रो पञ्चवर्षीय योजनामा सार्वजनिक वित्त तथा लगानी, आर्थिक, सामाजिक, पूर्वाधार विकास, वन तथा वातावरण र अन्तरसम्बन्धित विषय क्षेत्रअन्तर्गत कुल ५४ उपक्षेत्र, १२४ उद्देश्य, ३१६ रणनीति, १,४१७ कार्यनीति तथा ६४६ प्रमुख कार्यक्रमहरू समावेश गरिएका छन्। यी नीति, रणनीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमार्फत योजनाका लक्ष्य तथा अपेक्षित उपलब्धि हासिल गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध रहनेछ र यसको सफल कार्यान्वयनमा उल्लेखनीय सफलता प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

दोस्रो पञ्चवर्षीय योजनाले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरू आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, सामाजिक सेवा विस्तार तथा सुशासन हासिल गर्न सबै मन्त्रालय तथा निकायहरूले समन्वित र परिणाममुखी ढङ्गले कार्य गर्नुपर्छ। लक्ष्य प्राप्तिको स्पष्ट मापनयोग्य सूचक निर्धारण गरी नियमित अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण छ। सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनालाई कार्यान्वयनयोग्य, यथार्थपरक र नतिजामूलक बनाउन सबै पक्षको महत्त्वपूर्ण भूमिका रहनेछ। सरकारका विभिन्न तहहरुबीचको समन्वय, मन्त्रालयहरूबीच अन्तरसम्बन्ध, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा विकास साझेदारसँगको सहकार्य अपरिहार्य छ। साझा उद्देश्य, पारदर्शिता र उत्तरदायित्वका आधारमा अगाडि बढ्दा मात्र योजनाले परिकल्पना गरेको उपलब्धि हासिल गर्न सकिन्छ।

यस दोस्रो पञ्चवर्षीय योजना तयार गर्ने क्रममा माननीय मुख्यमन्त्रीज्यूबाट प्राप्त मार्गदर्शनप्रति हार्दिक आभार प्रकट गर्दछु। साथै माननीय मन्त्रीज्यूहरू, प्रमुख सचिवज्यू, सबै विषयगत मन्त्रालयका सचिवज्यूहरू तथा

कर्मचारीहरूबाट प्राप्त सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु। योजना तर्जुमाको प्रक्रियामा अमूल्य सुझाव प्रदान गर्ने राजनीतिक दलका विशिष्ट पदाधिकारीहरू, सङ्घीय संसदका माननीय सदस्यहरू, प्रदेश सभाका माननीय सदस्यहरू, विभिन्न क्षेत्रका विषय विज्ञहरू, आयोगका पूर्व उपाध्यक्ष तथा सदस्यहरू, निजी क्षेत्रका प्रतिनिधिहरू, सङ्घ-संस्थाहरू, गैरसरकारी संस्थाहरू तथा विकास साझेदारहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। योजना तर्जुमाका क्रममा अनवरत रूपमा खट्नु हुने प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्यहरू, आयोगका सचिव तथा सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। मस्यौदा योजना पुनरावलोकन गरी अमूल्य सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने विषयगत विज्ञहरूप्रति धन्यवाद व्यक्त गर्दछु। योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग उपलब्ध गराउने संस्था र विज्ञ समूहका प्रमुख डा. हेमराज लामिछाने लगायत विषय विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ। योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश नीति तथा योजना आयोगले आगामी दिनमा योजना कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

अन्त्यमा, सबैको सहकार्य र प्रतिबद्धताबाट सुदूरपश्चिम प्रदेशलाई समृद्ध, समावेशी र दिगो विकासका दिशांमा अग्रसर गराउने हाम्रो साझा लक्ष्य सफल हुने अपेक्षा गर्दछु।

धन्यवाद !

**मा. डा. सुश्री जीवन राना**
उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली
२०८३, जेठ

# प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेश

| | | |
|---|---|---|
| १. | माननीय मुख्यमन्त्री कमल बहादुर शाह | अध्यक्ष |
| २. | माननीय डा. सुश्री जीवन राना | उपाध्यक्ष |
| ३. | माननीय डा. हिरा चन्द | सदस्य |
| ४. | माननीय शेर बहादुर भण्डारी | सदस्य |
| ५. | माननीय नृप बहादुर सुनार | सदस्य |
| ६. | माननीय कर्ण बहादुर कुँवर | सदस्य |
| ७. | श्री राजेन्द्र कुमार हमाल, प्रदेश सचिव, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| ८. | श्री विमल प्रसाद बराल, प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ९. | श्री गणेश बहादुर सिंह, सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

# छोटकरी रुप

**नेपालीमा**

| | | |
|---|---|---|
| अ.दु.अ.आ | : | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| आ.म. तथा का.म. | : | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलोमिटर |
| ने.ज.स्वा.स. | : | नेपाल जनस्वास्थ्य सर्वेक्षण |
| ने.मा.अ. | : | नेपाल मानव अधिकार |
| ने.रा.बै. सर्वे. | : | नेपाल राष्ट्रिय बैक सर्वेक्षण |
| प्र.नी.यो.आ. | : | प्रदेश नीति तथा योजना आयोग |
| भौ.पू.वि.म. | : | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| म.ले.प. | : | महालेखा परीक्षक |
| मु.म. तथा म.प.का. | : | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| मे.ट. | : | मेट्रिक टन |
| मे.वा. | : | मेगावाट |
| रा.त.का. | : | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| रा.प्रा.स्रो. तथा वि.आ. | : | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| रा.यो.आ. | : | राष्ट्रिय योजना आयोग |
| व.कि.मि. | : | वर्ग किलोमिटर |
| वि.अ.आ. | : | विश्व विद्यालय अनुदान आयोग |
| सा.वि.म. | : | सामाजिक विकास मन्त्रालय |
| सु.प. | : | सुदूरपश्चिम |
| सु.प.प्र.आ.स. | : | सुदूरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण |
| हे. | : | हेक्टर |

**अङ्ग्रेजीमा**

| | | |
|---|---|---|
| COPOMIS | : | Co-operative and Poverty-related Management Information System |
| DPR | : | Detailed Project Report |
| EIA | : | Environmental Impact Assessment |
| EMIS | : | Educational Management Information System. |
| ESIA | : | Environmental and Social Impact Assessment |
| GIS | : | Geographic Information System |
| GoN | : | Government of Nepal |
| HMIS | : | Health Management Information System |
| IEE | : | Initial Environmental Examination |
| IPCC | : | Intergovernmental Panel on Climate Change |

| | | |
|---|---|---|
| KPIs | : | Key Performance Indicators |
| LAPA | : | Local Adaptation Plans of Action |
| LELIS | : | Nepal Land Information System |
| LRIMS | : | Land Records Information Management |
| M&E | : | Monitoring and Evaluation |
| MIS | : | Management Information System |
| MoU | : | Memorandum of Understanding |
| MTEF | : | Medium-Term Expenditure Framework |
| NAP | : | National Adaptation Plan |
| NDCs | : | Nationally Determined Contributions |
| NPL | : | Non-Performing Loan |
| NSO | : | National Statistic Office |
| PAM | : | Public Access Model |
| PPBMIS | : | Provincial Project Bank Management Information System |
| PPPC | : | Provincial Policy and Planning Commission |
| REDD | : | Reducing Emissions from Deforestation and Forest Degradation |
| SDGs | : | Sustainable Development Goals |
| STR/SAR | : | Suspicious Transaction Report/Suspicious Activities Report |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |
| TTR | : | Threshold Transaction Report |
| NHPC | : | National Hydroelectric Power Corporation |
| RERAS | : | Renewable Energy for Resilient Agri-food System |
| RVWRMP | : | Rural Village Water Resources Management Project |

# विषय सूची


**परिच्छेद - एकः परिचय** **१-२५**

१.१ पृष्ठभूमि १

१.२ योजनाबद्ध विकासको ऐतिहासिक विकासक्रम २

१.३ सुदूरपश्चिम प्रदेशको सङ्क्षिप्त वस्तुस्थिति विवरण ४

१.४ प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको सङ्क्षिप्त समीक्षा १२

१.५ पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू २१

१.६ सङ्घीय सोह्रौं योजना २३

१.७ सोह्रौं योजना र दिगो विकास लक्ष्य २३

१.८ दोस्रो पञ्चवर्षीय योजना तर्जुमा विधि, प्रक्रिया र आधारहरू २४

१.९ दोस्रो पञ्चवर्षीय योजना तर्जुमा र कार्यान्वयनका सीमाहरू २४

१.१० दोस्रो पञ्चवर्षीय योजनाको ढाँचा २५

**परिच्छेद-दुई प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य** **२७-३३**

२.१ पृष्ठभूमि २७

२.३ प्रदेश रूपान्तरणका संवाहकहरू ३१

२.४ प्रदेशका प्राथमिकताहरू ३२

२.५ मध्यमकालीन खर्च र वार्षिक कार्यक्रमसँगको सम्बद्धता ३२

२.६ जोखिम र अनुमान ३२

२.७ परिमाणात्मक लक्ष्य ३३

**परिच्छेद - तीनः समष्टिगत आर्थिक क्षेत्र** **३७-४९**

३.१ आर्थिक वृद्धिदर ३७

३.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान ३७

३.३ उपभोग तथा बचत ४४

३.४ उत्पादकत्व ४५

३.५ सीमान्त पूँजी उत्पादन अनुपात र कुल लगानी ४६

३.६ लगानीका स्रोतहरू ४९

**परिच्छेद-चारः सार्वजनिक वित्त र लगानी** **५३-७७**

४.१ बचत तथा लगानी ५३

४.२ सार्वजनिक खर्च ५७

४.३ राजस्व परिचालन ६२

४.४ वैदेशिक सहायता परिचालन ६५

४.५ सार्वजनिक ऋण ६९

४.६ अन्तर-सरकारी वित्त ७१
४.७ सार्वजनिक-निजी-सहकारी साझेदारी ७३
४.८ वैदेशिक लगानी ७७

**परिच्छेद-पाँचः आर्थिक विकास** **८१-१३८**
५.१ कृषि तथा खाद्य सुरक्षा ८१
५.२ पशुपन्छी तथा मत्स्यपालन ९०
५.३ भूमि व्यवस्थापन ९६
५.४ सहकारी १०१
५.५ पर्यटन १०९
५.६ उद्योग ११५
५.७ वाणिज्य तथा आपूर्ति १२३
५.८ निजी क्षेत्र १२८
५.९ खानी तथा खनिज सम्पदा १३३

**परिच्छेद - छः सामाजिक विकास** **१३९-२०६**
६.१ शिक्षा तथा विज्ञान प्रविधि १३९
६.२ स्वास्थ्य तथा पोषण १४९
६.३ जनसङ्ख्या तथा बसाइसराइ १६१
६.४ महिला सशक्तीकरण तथा लैङ्गिक समानता १६५
६.५ बालबालिका तथा किशोर किशोरी १७१
६.६ अपाङ्गता भएका व्यक्ति १७५
६.७ ज्येष्ठ नागरिक १८०
६.८ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक १८४
६.९ युवा तथा खेलकुद १८८
६.१० भाषा, संस्कृति, साहित्य, कला, रीतिरिवाज, पूरातात्त्विक सम्पदा १९३
६.११ मानव बेचविखन तथा ओसारपसार नियन्त्रण १९९
६.१२ सामाजिक सुरक्षा तथा संरक्षण २०३

**परिच्छेद - सातः पूर्वाधार विकास** **२०७-२७४**
७.१ सडक २०७
७.२ जलमार्ग तथा जलपर्यटन २१७
७.३ झोलुङ्गेपुल २२२
७.४ रज्जुमार्ग, केबलकार, नवीन प्रविधिमा आधारित यातायात र हवाई यातायात २२८
७.५ जलविद्युत २३६
७.६ वैकल्पिक/नवीकरणीय ऊर्जा २४१

७.७ आवास, भवन, बस्ती तथा सहरी विकास २४७
७.८ खानेपानी तथा सरसफाइ २५१
७.९ सिँचाइ २५७
७.१० जलउत्पन्न प्रकोप नियन्त्रण २६३
७.११ सूचना तथा सञ्चार प्रविधि २६८

**परिच्छेद - आठः वन तथा वातावरण** **२७५-३००**
८.१ वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापन २७५
८.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन २८४
८.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन २९१
८.४ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन २९५

**परिच्छेद - नौः अन्तर-सम्बन्धित** **३०१-३५६**
९.१ शान्ति-सुव्यवस्था र सुरक्षा ३०१
९.२ सुशासन ३०७
९.३ श्रम तथा रोजगार ३१२
९.४ विपद् व्यवस्थापन ३२२
९.५ मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरण ३२८
९.६ सामाजिक न्याय तथा सामाजिक समावेशिता ३३५
९.७ गरिबी निवारण ३३९
९.८ गैर सरकारी संस्था, नागरिक समाज तथा सामाजिक सङ्घ संस्था ३४६
९.९ तहगत एवम् अन्तर-निकाय समन्वय र सहकार्य ३५०

**परिच्छेद - दशः योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन** **३५७-३७४**
१०.१ योजना तर्जुमा र कार्यान्वयन ३५७
१०.२ आयोजना व्यवस्थापन ३६२
१०.३ अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन ३६६
१०.४ अनुगमन तथा मूल्याङ्कन ३६९

**तालिकाहरू**

तालिका १.१: सुदूरपश्चिम प्रदेशको जिल्लागत स्थानीय तह, जनसङ्ख्या र क्षेत्रफल ५
तालिका १.२: आ.व.२०७७/७८ को स्थिर मूल्यमा योजनाको अनुमानित र वास्तविक खर्च (रु. करोडमा) १४
तालिका १.३: समष्टिगत लक्ष्य र प्रगतिको अवस्था १५
तालिका १.४: क्षेत्रगत योजनाको लक्ष्य र प्रगति (वार्षिक वृद्धि प्रतिशत) १७
तालिका १.५: गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानको लक्ष्य र प्रगति (प्रतिशत) १८

| | | |
|---|---|---|
| तालिका १.६: | सामाजिक विकास क्षेत्रअन्तर्गतको समग्र सूचकको समीक्षा | १९ |
| तालिका १.७: | पूर्वाधार विकास क्षेत्रअन्तर्गतको समग्र सूचकको समीक्षा | २० |
| तालिका २.१: | सुशासन, समृद्धि र सामाजिक न्यायका लक्ष्यहरू | ३३ |
| तालिका ३.१: | आ.व. २०८१/८२ को स्थिर मूल्यमा प्रदेशको आर्थिक वृद्धिदरको लक्ष्य (प्रतिशत) | ३८ |
| तालिका ३.२: | सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य (रु. करोडमा) | ४० |
| तालिका ३.३: | आ.व. २०८१/८२ को स्थिर मूल्यमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा) | ४२ |
| तालिका ३.४: | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना | ४४ |
| तालिका ३.५: | अन्तिम उपभोग तथा बचत | ४५ |
| तालिका ३.६: | आ.व. २०८१/८२ को स्थिर मूल्यमा सीमान्त पूँजी उत्पादन अनुपात र कुल लगानी (रु. करोडमा) | ४७ |
| तालिका ३.७: | आ.व. २०८१/८२ को स्थिर मूल्यमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (रु. करोडमा) | ४९ |
| तालिका ३.८: | निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीको हिस्सा (प्रतिशतमा) | ५० |
| तालिका ४.१: | प्रदेशको खर्च स्थिति (रकम रु. दश लाखमा) | ५७ |
| तालिका ४.२: | प्रदेशको कुल खर्चमा प्रदेश स्रोतको योगदान (रकम रु. दश लाखमा) | ५८ |
| तालिका ४.३: | प्रदेशको स्रोतगत राजस्व परिचालन (रकम रु.दश लाखमा) | ६३ |
| तालिका ५.१: | सहकारीसम्बन्धी सङ्क्षिप्त विवरण | १०५ |
| तालिका ९.१: | जिल्लागत गरिबीको अवस्था | ३४१ |


**रेखा चित्रहरू**


| | | |
|---|---|---|
| रेखा चित्र १: | प्रदेश योजनाको अनुमानित र वास्तविक खर्च (करोडमा) | १५ |
| रेखा चित्र २: | योजनाको लक्ष्य र वास्तविक आर्थिक वृद्धि दर (प्रतिशत) | १७ |
| रेखा चित्र ३: | गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानको लक्ष्य र प्रगति | १८ |


**अनुसूचीहरू** **३७५-४३५**


| | | |
|---|---|---|
| अनुसूची १: | नतिजा खाका | ३७७ |
| अनुसूची २: | योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा | ४३० |
| अनुसूची ३: | मुख्य छलफल कार्यक्रमसम्बन्धी विवरण | ४३१ |
| अनुसूची ४: | दोस्रो पञ्चवर्षीय योजना तयारका क्रममा लिइएका मुख्य आधारहरू | ४३३ |
| अनुसूची ५: | प्रदेश भित्रका राष्ट्रिय तथा प्रदेश गौरव र ठूला आयोजनाहरू | ४३४ |



अपि र साइपाल
सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना:
प्रदेश रूपान्तरणका संवाहकहरू
१ सुशासन प्रवर्द्धन
जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण
२ दक्ष, सक्षम र प्रतिस्पर्धी मानव संसाधन विकास
शिक्षा, सीप विकास र उद्यमशीलता
३ उद्यमशीलता विकास, गरिबी निवारण र रोजगारी सिर्जना
नयाँ उद्यम र रोजगारीका अवसरहरू
४ राजस्व वृद्धि र वित्तीय सुदृढीकरण
आन्तरिक स्रोत र वित्तीय व्यवस्थापन
५ दिगो, वातावरणमैत्री, उत्थानशील, सन्तुलित तथा समावेशी विकास
वातावरण संरक्षण र समावेशी पूर्वाधार
६ तीन तहका सरकार एवम् अन्तर निकाय बीच अन्तरसम्बन्ध सुदृढीकरण, समन्वय र सहकार्य
संयुक्त प्रयास र सहकारिता
७ गुणस्तरीय सेवा, पूर्वाधार र जीविकोपार्जनका अवसरसहित बस्नलायक गाउँ विकास
सुविधायुक्त र उत्पादनशील गाउँ
८ डिजिटल प्रदेशको विकास
डिजिटल साक्षरता, प्रविधि र सुलभ सेवा
BUSINESS
NGO

# सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना: प्रदेशका प्राथमिकताका क्षेत्रहरू




# सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको क्षेत्रगत लगानीको अनुमान


रु. करोडमा

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक क्षेत्र | १४०२ | ७३३७ | ३९० | ७५ | ९२०३ |
| २ | द्वितीय क्षेत्र | ७६१२ | १०००० | ३२३ | ८४ | १८०१९ |
| ३ | सेवा क्षेत्र | १६४८४ | २७८०३ | ७३६ | २०३ | ४५२२६ |
| | जम्मा | २५४९७ | ४५१४० | १४४९ | ३६२ | ७२४४९ |











**समृद्ध, सुन्दर सुदूरपश्चिम


# सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदरको लक्ष्य (प्रतिशत)




| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | आ.व. २०८२/८३ को प्रारम्भिक अनुमाम | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | | योजना अवधिको औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८१ | २०८७/८८ | |
| १ | प्राथमिक क्षेत्र | २.८ | २.१ | ४.१ | ३.२ | ४.0 | ३.६ | ३.७ | ३.८ |
| २ | द्वितीय क्षेत्र | २.0 | ४.५ | ९.0 | ९.१ | ९.४ | ९.५ | ९.६ | ९.३ |
| ३ | सेवा क्षेत्र | २.१ | ३.0 | ६.१ | ६.८ | ७.0 | ६.८ | ७.१ | ६.१ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा) | २.६ | २.१ | ६.५ | ५.१ | ६.४ | ६.२ | ६.५ | ६.३ |
| ५ | कुल गार्हस्थ्य उत्पादन | ३.२ | ३.३ | ६.१ | ६.३ | ६.१ | ६.७ | ७.0 | ६.८ |

समृद्ध सम्बर सुदूरपश्चिम

सुदूरपश्चिम प्रदेश सरकार



सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको संक्षिप्त विवरण
खप्तड
अपी हिमाल
साइपाल हिमाल
५
रु. १६७०९ करोड
४
रु. १५१४९ करोड
३
रु. १४५५३ करोड
२
रु. १३०७९ करोड
१
रु. १२९५९ करोड
७
प्रमुख कार्यक्रम: ६४७
६
कार्यनीति: १४१७
५
रणनीति: ३१६
४
उद्देश्य: १२४
३
उपक्षेत्र: ५४
२
विषयक्षेत्र: ८
१
परिच्छेद: १०


दोस्रो पञ्चवर्षीय योजनाको प्रभावकारिता मापन
१. योजना तर्जुमा र कार्यान्वयन
१. योजना तर्जुमा र कार्यान्वयन
• लक्ष्य र उद्देश्य निर्धारण
• संसाधन र लगानी व्यवस्थापन
• कार्ययोजना निर्माण र कार्यान्वयन
२. आयोजना व्यवस्थापन
• आयोजनाको छनौट र प्राथमिकता
• लागत र समय व्यवस्थापन
• दक्षताको उपयोग र कुशल प्रयोग
३. अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन
• योजना र आयोजनाको अध्ययन र अनुसन्धान
• नियमित तथ्याङ्क संकलन र विश्लेषण
• डाटाबेस र व्यवस्थापन सूचना प्रणाली
४. अनुगमन तथा मूल्याङ्कन
• कार्यान्वयनको नियमित अनुगमन
• लक्ष्य प्राप्ति र प्रभावको मूल्याङ्कन
• प्रगति प्रतिवेदन र प्रतिक्रिया
५. प्रभावकारिता मापन
५. प्रभावकारिता मापन
• योजना परिणाम र प्रभावहरूको विश्लेषण
• संसाधन उपयोग र दक्षताको मूल्याङ्कन
• सुधार र भविष्यका योजनाका लागि सुझाव

# परिच्छेद - एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गरेको छ। संविधानले सङ्घीय प्रणाली अन्तरगत सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको परिकल्पना गरेको छ। संविधानले प्रदेश तहलाई समन्वय र विकासको महत्त्वपूर्ण इकाइका रूपमा अङ्गीकार गरेको छ। यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले आफ्नो पहिलो पञ्चवर्षीय योजना कार्यान्वयन गरी प्रदेशको संस्थागत सुदृढीकरण, आधारभूत पूर्वाधार विकास र सेवा प्रवाहको सुधारतर्फ महत्त्वपूर्ण प्रयास गरेको छ। योजनाबद्ध विकासलाई निरन्तरता दिनुका साथै अहिलेको बदलिँदो सामाजिक-आर्थिक परिवेश, नागरिकको बढ्दो अपेक्षा, नवयुवाहरूको सुशासन चाहना र दिगो विकासका राष्ट्रिय लक्ष्यहरू हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने उद्देश्य सहित प्रस्तुत दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको छ। सुदूरपश्चिम प्रदेश, प्राकृतिक स्रोतले सम्पन्न, धार्मिक-सांस्कृतिक सम्पदायुक्त तर भौगोलिक रूपमा दुर्गम तथा विकास सूचकाङ्कका आधारमा पछाडि परेको प्रदेशका रूपमा चिनिन्छ। यहाँ कृषि, वन, जलस्रोत, जडीबुटी, पर्यटन तथा जलविद्युत् विकासका प्रशस्त सम्भावनाहरू रहेका छन्। तर, पूर्वाधारको अभाव, सीमित औद्योगिक विकास, उच्च गरिबी दर, बेरोजगारी, रोजगारीका सिलसिलामा युवा जनशक्तिको मौसमी बाह्य बसाइसराइ, हिमाली र पहाडी जिल्लाबाट तराईमा अनियन्त्रित बसाइसराइ र सेवा पहुँचमा असमानताजस्ता समस्या अहिले पनि विद्यमान छन्। जलवायु परिवर्तन, विपद् जोखिम र वातावरणीय संवेदनशीलतासमेत प्रदेशको विकास प्रयासमा ध्यान दिनुपर्ने महत्त्वपूर्ण पक्षका रूपमा रहेका छन्।

पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनबाट संस्थागत संरचना विकास, कानूनी आधार निर्माण, रणनीतिक सडक तथा सामाजिक क्षेत्रका केही कार्यक्रमहरूमा प्रगति भएको देखिए तापनि प्रदेशको अधिकार क्षेत्रअनुरूपका विषयक्षेत्रहरू संरचनागत एवम् कानूनी जटिलताका कारण कार्यान्वयन हुन नसक्नु, आर्थिक स्रोतको सीमितता तथा आयोजना प्राथमिकीकरणको समस्या, अन्तर तह समन्वयको कमी, प्राविधिक जनशक्तिको न्यूनता तथा कमजोर कार्यान्वयन क्षमताका कारण अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। यद्यपि, ती अनुभवहरूले आगामी योजना कार्यान्वयनका लागि महत्त्वपूर्ण सिकाइ र मार्गदर्शन प्राप्त भएका छन्। प्रदेशको वर्तमान सन्दर्भमा दिगो आर्थिक वृद्धि, रोजगारी सिर्जना, मानवीय क्षेत्रको विकास, सुशासन प्रबर्द्धन, राजस्व सुदृढीकरण, वातावरण एवम् जलवायु मैत्री विकास र तीन तहका सरकारबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको छ। साथै, हिमाली तथा पहाडी क्षेत्रका ग्रामीण स्थानहरूमा सेवा-सुविधा र आर्थिक गतिविधि पहुँचमा सुधार गरी बस्न लायक, सुरक्षित र अवसरयुक्त समाज निर्माण गर्नु प्रदेशको सन्तुलित विकासको मूल आवश्यकता हो।

यस पृष्ठभूमिमा सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना समावेशी, सन्तुलित, दिगो तथा उत्थानशील विकासको मार्गचित्रका रूपमा तयार गरिएको छ। यस योजनाले संविधान, राष्ट्रिय नीति तथा दिगो विकास लक्ष्यहरूसँग तालमेल राख्दै प्रदेशका विशिष्ट आवश्यकताको सम्बोधन गर्ने लक्ष्य लिएको छ। यो योजनाले प्रदेशको समृद्धि, सामाजिक न्याय र नागरिकको जीवनस्तर उकास्ने दीर्घकालीन प्रयासको रणनीतिक दस्ताबेजका रूपमा काम गर्ने अपेक्षा गरिएको छ।

## १.२ योजनाबद्ध विकासको ऐतिहासिक विकासक्रम

नेपालमा योजनाबद्ध विकासको थालनी भएको सात दशक पूरा भएको छ। यस अवधिमा कुल सोह्र वटा राष्ट्रिय आवधिक योजना तर्जुमा भएका छन्। जसमध्ये एघार वटा पञ्चवर्षीय तथा पाँच वटा त्रिवर्षीय योजनाहरू रहेका छन्। त्यसै गरी सुदूरपश्चिम प्रदेशमा पहिलो पञ्चवर्षीय योजनाको अन्तिम वर्ष कार्यान्वयनको क्रममा रहेको छ। यी योजनाहरूको सङ्क्षिप्त समीक्षा देहायबमोजिम रहेको छ। ।

### १.२.१ नेपालको योजनावद्ध विकासको सङ्क्षिप्त समीक्षा

नेपालमा योजनाबद्ध विकासको अभ्यास वि.सं. २०१३ सालबाट सुरु भएको हो। नेपालको पहिलो पञ्चवर्षीय योजना (२०१३/१४-२०१७/१८) ले आर्थिक वृद्धि र सामाजिक विकासलाई मुख्य जोड दिएको थियो। दोस्रो तीन वर्षीय योजना (२०१९/२०-२०२१/२२) ले आर्थिक विकास, रोजगारी वृद्धि तथा न्यायोचित सामाजिक व्यवस्था स्थापना गर्ने उद्देश्य राखेको थियो। तेस्रो पञ्चवर्षीय योजना (२०२२/२३-२०२६/२७) ले न्यायपूर्ण सामाजिक व्यवस्थाको स्थापना र संरक्षणमार्फत जनकल्याण अभिवृद्धि गर्ने लक्ष्य लिएको थियो।

चौथो पञ्चवर्षीय योजना (२०२७/२८-२०३१/३२) ले उत्पादन वृद्धि, यातायात, सञ्चार र विद्युतजस्ता पूर्वाधार विकास, कृषि विकास तथा उद्योग सुदृढीकरणलाई प्राथमिकता दिएको थियो। पाँचौं पञ्चवर्षीय योजना (२०३२/३३-२०३६/३७) ले उत्पादन वृद्धि, श्रम शक्तिको अधिकतम् उपयोग र क्षेत्रीय सन्तुलनलाई मूल उद्देश्य बनाएको थियो। छैटौं पञ्चवर्षीय योजना (२०३७/३८-२०४१/४२) ले आर्थिक वृद्धि, उत्पादनशील रोजगारी वृद्धि तथा जनताको न्यूनतम आवश्यकताको परिपूर्ति गर्ने लक्ष्य राखेको थियो भने सातौं पञ्चवर्षीय योजना (२०४२/४३-२०४६/४७) ले अघिल्लो योजनालाई निरन्तरता दिँदै उत्पादन र उत्पादनशील रोजगारी वृद्धि तथा न्यूनतम आवश्यकता परिपूर्तिलाई प्राथमिकता दिएको थियो।

आठौं पञ्चवर्षीय योजना (२०४९/५०-२०५३/५४); बहुदलीय प्रजातन्त्र पुनर्स्थापना पछिको पहिलो आवधिक योजना भएकाले विशेष महत्त्वको थियो। यसले दिगो आर्थिक वृद्धि, गरिबी निवारण र क्षेत्रीय असन्तुलन न्यूनीकरणलाई प्रमुख उद्देश्य बनाएको थियो। साथै, निजी क्षेत्रको भूमिका वृद्धि र आर्थिक उदारीकरणको नीति अवलम्बन गरेको थियो। नवौं पञ्चवर्षीय योजना (२०५४/५५-२०५८/५९) ले २० वर्षे दीर्घकालीन सोचसँग तादात्म्य कायम गर्दै गरिबी निवारणलाई केन्द्रीय उद्देश्य बनाएको थियो र कृषि, वन, जलस्रोत, ऊर्जा, मानव संसाधन, उद्योग, पर्यटन, व्यापार तथा भौतिक पूर्वाधारलाई प्राथमिकता दिएको थियो।

दसौं पञ्चवर्षीय योजना (२०५९/६०-२०६३/६४) ले सरकार, स्थानीय निकाय, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा स्रोत परिचालन गरी गरिबी न्यूनीकरण गर्ने लक्ष्य राखेको थियो। एघारौं त्रिवर्षीय योजना (२०६४/६५-२०६६/६७) ले समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक-सामाजिक रूपान्तरणको आधार तयार गर्ने उद्देश्य लियो र शान्ति स्थापना तथा द्वन्द्वपछिको पुनर्निर्माणमा केन्द्रित रहेको थियो।

बाह्रौं त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) ले रोजगारमुखी, समावेशी तथा समन्यायिक आर्थिक वृद्धिमार्फत गरिबी निवारण र दिगो शान्ति स्थापना गर्ने लक्ष्य राखेको थियो। तेह्रौं त्रिवर्षीय योजना (२०७०/७१-२०७२/७३) ले नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सोचसहित आर्थिक तथा मानवीय गरिबी घटाउने लक्ष्य लिएको पाइन्छ। संविधान जारी पछिको पहिलो योजना चौधौं त्रिवर्षीय योजना (२०७३/७४-२०७५/७६) हो, जसले सङ्घीय शासन प्रणाली कार्यान्वयनका लागि मार्गदर्शन गर्ने काम गऱ्यो र समाजवाद उन्मुख अर्थतन्त्र तथा लोक कल्याणकारी राज्य निर्माणको लक्ष्य राखेको थियो।

पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) दीर्घकालीन सोच २१०० अन्तर्गतको पहिलो चरण थियो, जसले समृद्धिको आधार तयार गर्ने र उच्च (९.६ प्रतिशत) आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको थियो। तर कोभिड-१९ लगायतका कारणले योजनाका कार्यक्रमहरू अपेक्षित रूपमा कार्यान्वयन हुन सकेनन्।

हाल कार्यान्वयनमा रहेको सोह्रौं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) ले दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" हासिल गर्न "सुशासन, सामाजिक न्याय र समृद्धि"लाई मूल मार्गदर्शक अवधारणाका रूपमा लिएको छ। यसले राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन सुदृढ गर्ने, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा र सार्वजनिक सेवा प्रवाहमा सामाजिक न्याय सुनिश्चित गर्ने तथा राष्ट्रिय अर्थतन्त्र र जनजीवनमा समृद्धि हासिल गर्ने उद्देश्य निर्धारण गरेको छ।

### १.२.२ सुदूरपश्चिम प्रदेशको योजनावद्ध विकासको सङ्क्षिप्त समीक्षा

नेपालको सन्दर्भमा प्रदेश सरकारको अवधारणा सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै स्थापित भएको नयाँ संरचना भएकोले यहाँ योजनाबद्ध विकासको अभ्यास तुलनात्मक रूपमा छोटो रहेको छ। यद्यपि, संविधानले प्रदेश सरकारलाई विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको अधिकार प्रदान गरेपछि प्रदेशहरूले आफ्नै आवधिक योजना प्रणाली विकास गरी क्रमशः योजनबद्ध विकासको अभ्यासलाई सुदृढ बनाउँदै आएका छन्।

नेपालको संविधानअनुसार गठन भएका प्रदेशहरूमध्ये सुदूरपश्चिम बाहेकले आफ्नो पहिलो पञ्चवर्षीय योजना कार्यान्वयन गरिसकेका छन् र हाल दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको चरणमा प्रवेश गरेका छन्। सुदूरपश्चिम प्रदेशको हकमा चालु आर्थिक वर्ष २०८२/८३ पहिलो पञ्चवर्षीय योजना (२०७८/७९-२०८२/८३) कार्यान्वयनको अन्तिम वर्षका रूपमा रहेको छ। यस अवधिमा प्रदेशले विकासका विभिन्न

क्षेत्रमा नीतिगत सुधार, संस्थागत संरचना सुदृढीकरण, पूर्वाधार निर्माण, सेवा प्रवाह विस्तार तथा सामाजिक क्षेत्रका कार्यक्रमहरू कार्यान्वयन गर्दै योजनाबद्ध विकासको आधार तयार गरेको छ। साथै, प्रदेशस्तरीय योजना तर्जुमा, बजेट प्रणाली, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीजस्ता पक्षहरूमा पनि व्यवहारिक अनुभव हासिल भएको छ। यस अवधिमा प्रदेशको योजना प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग गठन गरेको छ। यसले प्रदेशको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनलाई संस्थागत रूपमा सुदृढ बनाउन प्रदेश आयोजना बैङ्क तर्जुमा दिग्दर्शन, २०८० स्वीकृत भई कार्यान्वयनमा ल्याएको छ।

पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनबाट प्राप्त उपलब्धि, सिकाइ र चुनौतीहरूको विश्लेषण गर्दै सुदूरपश्चिम प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरेको छ। दोस्रो पञ्चवर्षीय योजना निर्माण गर्दा स्रोत-साधनको यथार्थ मूल्याङ्कन, सङ्घ र स्थानीय तहसँगको समन्वय, दिगो विकास लक्ष्यहरूसँग तादात्म्य, प्रदेशको तुलनात्मक लाभका क्षेत्र पहिचान तथा समावेशी र सन्तुलित विकासलाई विशेष प्राथमिकता दिई योजना तर्जुमा गरिएको छ। यस प्रक्रियाले प्रदेश तहमा योजनाबद्ध विकासको अभ्यासलाई अझ संस्थागत, तथ्यमा आधारित र परिणाममुखी बनाउने विश्वास गरिएको छ।

## १.३ सुदूरपश्चिम प्रदेशको सङ्क्षिप्त वस्तुस्थिति विवरण

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपश्चात नेपालको संविधानको अनुसूची-४ अनुसार साविकको सुदूरपश्चिम विकास क्षेत्रमा रहेका महाकाली अञ्चलका ४ जिल्ला र सेती अञ्चलका ५ जिल्लासहित ९ वटा जिल्लाहरू मिलाएर यस प्रदेशलाई प्रदेश नं. ७ नामाकरण गरिएकोमा संविधानको व्यवस्थाअनुसार पछि प्रदेश सभाबाट सुदूरपश्चिम प्रदेशको नामाकरण गरिएको हो। भौगोलिक रूपमा यस प्रदेशले हिमाल, पहाड र तराई गरी तीनै धरातलीय स्वरुपलाई समेटेको भौगोलिक विविधता भएको क्षेत्र हो। यस प्रदेशमा १०९ मिटर होचो भूभागको रूपमा कैलाली जिल्ला रहेको छ भने सबैभन्दा अग्लो भूभागका रूपमा ७,१३२ मिटरको उचाईमा अपि हिमाल रहेको छ। हावापानीको हिसाबले यस प्रदेशमा नेपालमा पाइने सबै प्रकारको उष्ण मनसुनीदेखि टुन्ड्रासम्म हावापानी रहेको छ।

### १.३.१ राजनीतिक तथा प्रशासनिक विभाजन

नेपालको संविधान २०७२ अनुसार गठन भएका नेपालका सात प्रदेशमध्ये सुदूरपश्चिम प्रदेश एक हो। यस प्रदेशको स्थायी राजधानी गोदावरी, कैलालीलाई तोकेको भए तापनि हाल कैलालीको धनगढीमा रहेको छ। यस प्रदेशको भारतको उत्तराखण्ड तथा उत्तर प्रदेश राज्यसँग पश्चिम र दक्षिणमा सीमा जोडिएको छ भने पूर्वमा कर्णाली र लुम्बिनी प्रदेशसँग र उत्तरमा चीन र कर्णाली प्रदेशसँग भौगोलिक सिमाना जोडिएको यो प्रदेश हिमाल, पहाड तथा तराई समेटिएको भौगोलिक विविधतायुक्त क्षेत्र हो। यस प्रदेशमा ९ वटा जिल्लाहरू रहेका छन् भने १६ वटा प्रतिनिधिसभा र ३२ वटा प्रदेश सभा निर्वाचन क्षेत्र रहेका छन्। यहाँ एउटा धनगढी उपमहानगरपालिका, ३३ वटा नगरपालिका र ५४ वटा गाउँपालिकाहरू गरी कुल ८८ वटा स्थानीय तह र सो अन्तरगत ७३४ वटा वडाहरू रहेका छन्। सबैभन्दा बढी स्थानीय तह (१३) रहेको जिल्ला कैलाली र सबैभन्दा कम स्थानीय तह (७) रहेको जिल्ला डडेलधुरा हो। १० हजारसम्म जनसङ्ख्या भएका ५ वटा, १० देखि २० हजारसम्मका ३० वटा, २० देखि ३० हजारसम्मका २९

वटा, ३० देखि ५० हजारसम्मका ११ वटा, ५० देखि ७५ हजारसम्मका ७ वटा, ७५ हजारदेखि १ लाखसम्मका ४ वटा र एक लाखभन्दा बढी जनसङ्ख्या हुने २ वटा स्थानीय तहहरू रहेका छन्। भौगोलिक क्षेत्रफलका हिसाबले सबभन्दा ठुलो बझाङ (३४२२ वर्ग कि.मि) र सबैभन्दा सानो कञ्चनपुर जिल्ला (१६१० वर्ग कि.मि.) रहेका छन्। यस प्रदेशको जिल्लागत रूपमा स्थानीय तहहरू, जनसङ्ख्या र भौगोलिक क्षेत्रफलसम्बन्धी विवरण तल **तालिका १.१** मा प्रस्तुत गरिएको छ।

**तालिका १.१ : सुदूरपश्चिम प्रदेशको जिल्लागत स्थानीय तह, जनसङ्ख्या र क्षेत्रफल**

| क्र. सं. | जिल्ला | गाउँ पालिका | नगर पालिका | उपमहानगर पालिका | जनसङ्ख्या | | क्षेत्रफल (वर्ग कि.मि.) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | जम्मा | प्रतिशत हिस्सा | जम्मा | प्रतिशत हिस्सा |
| १ | कैलाली | ६ | ६ | १ | ९०४६६६ | ३३.५७ | ३२३५ | १६.५६ |
| २ | कञ्चनपुर | २ | ७ | ० | ५१३७५७ | १९.०६ | १६१० | ८.२४ |
| ३ | डोटी | ७ | २ | ० | २०४८३१ | ७.६० | २०२५ | १०.३६ |
| ४ | डडेलधुरा | ५ | २ | ० | १३९६०२ | ५.१८ | १५३८ | ७.८७ |
| ५ | बैतडी | ६ | ४ | ० | २४२१५७ | ८.९९ | १५१९ | ७.७७ |
| ६ | अछाम | ६ | ४ | ० | २२८८५२ | ८.४९ | १६८० | ८.६० |
| ७ | बझाङ्ग | १० | २ | ० | १८९०८५ | ७.०२ | ३४२२ | १७.५१ |
| ८ | बाजुरा | ५ | ४ | ० | १३८५२३ | ५.१४ | २१८८ | ११.२० |
| ९ | दार्चुला | ७ | २ | ० | १३३३१० | ४.९५ | २३२२ | ११.८८ |
| **जम्मा** | | **५४** | **३३** | **१** | **२६९४७८३** | **१००.००** | **१९५३९** | **१००.००** |
| **नेपाल** | | **४६०** | **२७६** | **११** | **२९६०१९३९** | **-** | **१४७५१६** | **-** |
| सू.प.को हिस्सा (प्रतिशत) | | १२ | १२ | ९ | ९ | | १३ | |

**स्रोतः** https://mofaga.gov.np/

## १.३.१ जनसाङ्ख्यिक विवरण

जनगणना २०७८ अनुसार यस प्रदेशमा कुल २६ लाख ९४ हजार ७८३ जनसङ्ख्यामध्ये महिलाको सङ्ख्या १४ लाख २१ हजार ९९७ (५२.७७ प्रतिशत) र पुरुषको जनसङ्ख्या १२ लाख ७२ हजार ७८६ (४७.२३ प्रतिशत) रहेको छ। यस प्रदेशमा जनसङ्ख्या वृद्धिदर ०.५२ प्रतिशत प्रतिवर्ष रहेको छ। औसत परिवार सङ्ख्या ४.६७ रहेको छ। सबैभन्दा धेरै जनघनत्व कञ्चनपुर जिल्लामा ३२९ जना प्रतिवर्ग किलोमिटर र सबैभन्दा कम बझाङ जिल्लामा ५५ जना प्रतिवर्ग किलोमिटर रहेको छ। जातजातिअनुसार जनसङ्ख्याको आकारलाई विश्लेषण गर्दा सबैभन्दा ठुलो हिस्सा ४१.७५ प्रतिशत क्षेत्री छन् भने १४.७६ प्रतिशत थारू, १२.६९ प्रतिशत पहाडी ब्राह्मण, १०.८१ प्रतिशत विश्वकर्मा, ४.८७ प्रतिशत ठकुरी र ३.७६ प्रतिशत परियारको हिस्सा रहेको छ भने बाँकी ११.३६ प्रतिशत विभिन्न जातजातिका रहेका

छन्। यसै गरी प्रदेशमा संस्थागत बाहेक कुल जनसङ्ख्यामध्ये पहाडी दलित ४ लाख ६९ हजार ३२१ र मधेसी/तराई दलित ७४१ रहेका छन्। न्यून जनसङ्ख्या भएका जातिमा मुसहर (१० जना), राजभर (१० जना), याक्खा (१० जना), दनुवार (१३ जना), सोनार (१६ जना), सन्थाल (१६ जना), धुनिया (१९ जना), चाम्लिङ (१९ जना), र दुरा (२० जना) रहेका छन् (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय गणना २०७८, मुख्य नतिजा)।

यस प्रदेशमा कुल जनसङ्ख्या मध्ये १३.१ प्रतिशत जनसङ्ख्या सहरमा, ३०.९ प्रतिशत अर्ध-सहरी/नगरोन्मुख क्षेत्रमा र बाँकी ५६ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन्। कुल ८८ वटा स्थानीय तहमध्ये ५४ वटा तहहरूमा सत प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् भने बाँकी ३४ वटा स्थानीय तहमा केही प्रतिशत सहरी र केही नगर उन्मुख क्षेत्रमा बसोबास गर्दछन्। जम्मा २१ वटा नगरपालिकाका जनसङ्ख्या सहरी क्षेत्रमा बसोबास गर्दछन्। जसमध्ये दिपायल सिलगढी नगरपालिकामा सबैभन्दा बढी ५८.९ प्रतिशत जनसङ्ख्या सहरी क्षेत्रमा बसोबास गर्दछन् भने सबैभन्दा कम १३.८ प्रतिशत जनसङ्ख्या गोदावरी नगरपालिकामा बसोबास गर्दछन्।

### १.३.३ विपद् जोखिम

वास्तविक जोखिमभन्दा मानिसले महसुस गरेको भावनात्मक/धारणागत मुख्य पाँच वटा जोखिममा बाढी, पहिरो, डुबान, माटो कटान र खडेरी रहेका छन्। यस प्रदेश अन्तरगत सबैभन्दा बढी पहिरो जाने डोटी जिल्ला रहेको छ भने सबैभन्दा बढी बाढी जाने कैलाली जिल्ला रहेको छ (स्रोत : NSO, Enhancing Disaster Related Statistics in Nepal, २०२४)। यस प्रदेशमा आगलागी तथा वन डढेलोको उच्च जोखिम रहेको छ भने ठुलो प्रकोपका रूपमा बाढी तथा डुबानको जोखिम छ। जसबाट कैलाली र कञ्चनपुर जिल्ला बढी प्रभावित हुने गरेका छन्। चट्याङ्ग पनि यस प्रदेशमा प्रमुख प्रकोपको रूपमा रहेको छ। यसै गरी चौथो प्रकोपका रूपमा पहिरो रहेको छ भने हावाहुरीले पनि धनजनको क्षति पुर्‍याउँदै आएको छ। यो प्रदेश भूकम्पीय दृष्टिकोणले अत्यन्तै उच्च जोखिममा रहेको छ। यस प्रदेशका स्थानीय तह अन्तरगतका ७०.६ प्रतिशत वडामा बाढी, ७०.८ प्रतिशत वडामा पहिरो, ३०.२ प्रतिशत वडामा भूक्षय, २५.९ प्रतिशत वडामा डुबान, ५०.३ प्रतिशत वडामा आँधि/हुरी बतास, ७०.८ प्रतिशत वडामा पहिरो, २८.२ प्रतिशत वडामा चट्याङ र ३७.२ प्रतिशत वडामा सुक्खा वा खडेरीको जोखिम रहेको छ (स्रोतः राष्ट्रिय जनगणना २०७८ सामुदायिक प्रतिवेदन, २०८१)। यस बाहेक असिना, चट्याङ्ग, वन डढेलो तथा आगलागीले पनि खाद्यान्न, फलफूल, तरकारी तथा धन जनको क्षति हुने गरेको छ।

### १.३.४ प्राकृतिक, धार्मिक, सांस्कृतिक सम्पदा

अपिनाम्पा र खप्तड राष्ट्रिय निकुञ्ज, तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र विभिन्न सांस्कृतिक सम्पदाहरू यस प्रदेशका प्रमुख प्राकृतिक तथा सांस्कृतिक आकर्षणहरू हुन्। यस प्रदेशमा धार्मिक दृष्टिले पवित्र स्थलका रूपमा बडिमालिका, शैलेश्वरी, उग्रतारा, त्रिपुरासुन्दरी, मालिकार्जुन, घटाल बाबा, सिद्धनाथ, बैजनाथ धाम, बेहडा बाबा धाम आदि रहेका छन्। जनसङ्ख्या, भाषा, संस्कृति र जीवनशैलीको दृष्टिले सुदूरपश्चिम प्रदेश विविधता बोकेको क्षेत्र हो। प्रदेशमा बोलिने प्रमुख भाषाहरूमा डोटेली, नेपाली, थारू, अछामी, बझाङी, सौका, राउटेजस्ता स्थानीय भाषाहरू रहेका छन्। यहाँको सामाजिक जीवनमा परम्परागत पर्व र सांस्कृतिक

अभ्यासहरूको ठुलो भूमिका छ। जस्तैः देउडा नृत्य, फर्कन्ड्यौडा नृत्य, घर गीत र अठावली, धमारी, ढुस्को, भोलाउलो, पखौज्या जस्ता गायन, माघी, चैतोलो, पुतली, बिसौं तथा गौरा पर्वहरू, आदि स्थानीय सांस्कृतिक अभिव्यक्तिहरू लोकप्रिय र परम्परागत संस्कृतिले सम्पन्न छन्। जसरी भाषामा विविधता रहेको छ, त्यसरी नै भेषभुषामा पनि विविधता पाइन्छ। प्रदेशको भाषा, साहित्य, कला, संस्कृति र दर्शनको संरक्षण, संबर्द्धन र विकासका लागि सुदूरपश्चिम प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ अनुसार प्रज्ञा प्रतिष्ठान गठन भएको छ। यस प्रतिष्ठानले बहुभाषिक र बहु सांस्कृतिक क्षेत्रका भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र विकासमा काम गर्दै आएको छ।

### १.३.५ आर्थिक क्षेत्र

प्रदेशको अर्थतन्त्र मुख्य रूपमा कृषिमा आधारित छ। चामल, गहुँ, मकै, कोदो, तथा तरकारीहरू यहाँका मुख्य बाली हुन्। त्यस्तै, विप्रेषण तथा भारतसँगको सीमापार व्यापारले पनि अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान गरेको छ। भेटघाट र रोजगारीका अवसरहरूका कारण धेरै मानिसहरू विदेशमा समेत काम गर्छन्। यसका अतिरिक्त जलविद्युत्, पर्यटन, जैविक विविधता, जडीबुटी, तथा सरसफाइ सेवाजस्ता क्षेत्रमा सम्भावना उच्च रहेको छ।

वस्तु तथा सेवा उत्पादन गरी आर्थिक गतिविधि सञ्चालन हुने व्यावसायिक तथा उद्यम प्रतिष्ठानहरूलाई एकाइका रूपमा मानिएको छ। यस प्रदेशमा कुल ६२,९६८ त्यस्ता एकाइहरूमा १,८५,२०० जनाले रोजगारी पाएका छन्। गाउँ तथा नगरपालिकागत विश्लेषण गर्दा सबैभन्दा बढी यस्ता एकाइहरू धनगढी उपमहानगरमा ६०८९ वटा रहेका र यसमा २,२९,०९९ जनाले रोजगारी पाएका छन् भने सबैभन्दा कम बझाङको साइपाल गाउँपालिकामा ४७ वटा रहेका र यसमा १७० जनाले मात्र रोजगारमा रहेका छन्। कुल जनसङ्ख्यामध्ये सम्पन्नताका दृष्टिले ३२.८ प्रतिशत अति न्यून वर्ग जनसङ्ख्या, २७.१ प्रतिशत न्यून वर्ग जनसङ्ख्या, १८.७ प्रतिशत मध्यम वर्ग जनसङ्ख्या, १२.७ प्रतिशत उच्च वर्ग जनसङ्ख्या र ८.७ प्रतिशत अति उच्च वर्ग जनसङ्ख्या रहेको छ। हिमाली गाउँपालिका र गौमुल गाउँपालिकामा सबैभन्दा बढी ८५ प्रतिशत जनसङ्ख्या अति न्यून वर्गमा रहेका छन् भने भीमदत्त नगरपालिकामा सबैभन्दा कम ६.२ प्रतिशत जनसङ्ख्या मात्र अति उच्च वर्गमा रहेका छन्। नेपाल जीवनस्तर सर्वेक्षण प्रतिवेदन २०२२/२३ अनुसार यस प्रदेशको सहरी क्षेत्रमा ३०.८६ प्रतिशत र ग्रामीण क्षेत्रमा ४०.२१ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेका छन्। सबैभन्दा बढी गरिबीको दर भएका १० जिल्लामध्ये यस प्रदेशका अछाम (४९.५८ प्रतिशत), बैतडी (४८.६५ प्रतिशत), बाजुरा (४७.८१ प्रतिशत), डोटी (४२.८१ प्रतिशत), र बझाङ (३८.८३ प्रतिशत) ५ जिल्ला रहेका छन्।

यस प्रदेशमा आकर्षक पर्यटकीय स्थलहरू प्रशस्त छन्। जसमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज एक हो जुन विश्वकै सबैभन्दा ठुलो बाहसिङ्गे समुहको संरक्षित क्षेत्रका रूपमा परिचित छ। यसै गरी खप्तड राष्ट्रिय निकुञ्ज जुन मन लोभ्याउने प्राकृतिक सौन्दर्य र धार्मिक महत्त्वका लागि प्रसिद्ध छ। पर्वतारोहण र ट्रेकिङका दृष्टिले महत्त्वपूर्ण अपि तथा साइपाल हिमाल क्षेत्र महत्त्वपूर्ण स्थलका रूपमा परिचित छ। रामारोशनको प्राकृतिक सुन्दरता तथा बडिमालिका मन्दिर, शैलेश्वरी, उग्रतारा, घटाल बाबा, त्रिपुरासुन्दरी र लिङ्गा धाम जस्ता

पवित्र धार्मिक स्थलहरू पनि सांस्कृतिक पर्यटनको केन्द्रहरूका रूपमा यस प्रदेशमा रहेका छन्।

### १.३.६ भूमिको उपयोग

कुल क्षेत्रफलमा वन क्षेत्रले ओगटेको क्षेत्रफलमा सबैभन्दा कम ३६४५ हेक्टर क्षेत्रफलमध्ये १० हेक्टर क्षेत्रफल (०.३ प्रतिशत) कञ्चनपुर जिल्ला अन्तरगतको बेलडाँगी गाउँपालिका र सबैभन्दा बढी ४१६५५ हेक्टर क्षेत्रफलमध्ये ३५७७५ हेक्टर (८५.९ प्रतिशत) वन क्षेत्रले ओगटेको डोटीको जोरायल गाउँपालिका रहेको छ।

जग्गा धारण (लेण्डहोल्डर) भन्नाले कृषि प्रयोजनका लागि एउटै व्यवस्थापनअन्तर्गत प्रयोग भइरहेका सबै जग्गाको समष्टिलाई बुझिन्छ। जग्गा धारण भनेको एउटै व्यक्ति, परिवार वा संस्थाले आफ्नै स्वामित्वको जग्गा, भाडामा लिएको (ठेक्का/किरायामा) जग्गा, अधियाँ/बटैयामा लिएको जग्गा आदि जुन कृषि उत्पादनका लागि प्रयोग गरिरहेको सम्पूर्ण जग्गालाई बुझिन्छ। त्यसैले जग्गाको मालिक (स्वामी) र जग्गा धारण गर्ने (लेण्डहोल्डर) फरक हुन सक्छन्। यस प्रदेशमा कुल ४,५७,७५६ कृषक/जग्गाधनी परिवार रहेका छन्, जसले कुल १,९२,८८५ हेक्टर कृषियोग्य जग्गा धारण गरेका छन्। उक्त जग्गा १४,५७,०३१ टुक्रामा खण्डीकरण भएको छ, जसअनुसार प्रति जग्गाधनी औसत ३.२ वटा जग्गाका टुक्रा रहेका छन्। साथै, कुल जग्गा क्षेत्रफल र धारणकर्ताको आधारमा हेर्दा प्रति धारणकर्ता औसत करिब ०.४२ हेक्टर जमिन मात्र पर्न आउँछ। जसमध्ये सबैभन्दा बढी बाजुराको हिमाली गाउँपालिकाको ८.६ र सबैभन्दा कम कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिकाको १.३ रहेको छ। यस प्रदेशमा कुल कृषियोग्य जमिनमध्ये ६०.४३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। जसमा कञ्चनपुरको बेलौरी नगरपालिकामा सबैभन्दा बढी ९४.२३ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ भने दार्चुलाको अपि हिमाल गाउँपालिकामा ०.३५ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा पुगेको छ।

यस तथ्यले प्रदेशमा कृषि जमिन सानो आकारमा विभाजित र अत्यधिक खण्डीकृत रहेको अवस्था देखाउँछ। यस्तो खण्डीकरणले कृषि यान्त्रीकरण, व्यावसायिक कृषि विस्तार, आधुनिक प्रविधिको प्रयोग, उत्पादन लागत न्यूनीकरण तथा कृषि उत्पादकत्व अभिवृद्धिमा चुनौती सिर्जना गरेको छ। (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय (२०७९/२०८०), राष्ट्रिय कृषि गणना २०७८, काठमाडौं)।

### १.३.७ शिक्षा क्षेत्र

नेपालभर कुल ४१ हजार २ सय ८४ वटा प्रारम्भिक बाल विकास तथा शिक्षाका केन्द्रहरू रहेकोमा यस प्रदेशमा ५ हजार १ सय २१ (१२.४ प्रतिशत) रहेका छन्। उक्त केन्द्रहरूमा नेपालभर ५ लाख ८४ हजार ८ सय २७ बालिका र ७ लाख १६ हजार ६ सय १ बालक गरी कुल १३ लाख १ हजार ४ सय २८ बालबालिकाहरू अध्ययन गरेका छन्। जसमध्ये यस प्रदेशमा ती केन्द्रहरूमा बालिका ६१ हजार १ सय ६८ र बालक ७६ हजार २ सय ३० गरी कुल १ लाख ३७ हजार ३ सय ९८ (१०.५६ प्रतिशत) रहेका छन्। यस केन्द्रमा अध्ययनरत कुल बालबालिकामध्ये विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरूको सङ्ख्या ५ हजार ५६ रहेको छ जसमध्ये यस प्रदेशमा ६०३ जना (११.९३ प्रतिशत) रहेका छन्।
यस प्रदेशमा कुल विद्यालय सङ्ख्या ४१०५ मध्ये सामुदायिक विद्यालय ३३४२, संस्थागत विद्यालय ७४७

र धार्मिक विद्यालयहरू १६ रहेका छन्। ५ कक्षासम्म पढाई हुने आधारभूत विद्यालयको सङ्ख्या २ हजार ३५ रहेका छन् जसमध्ये सामुदायिक विद्यालय १ हजार ८ सय १०, संस्थागत विद्यालय २१८ र धार्मिक विद्यालय ७ वटा रहेका छन्। यसैगरी ८ कक्षासम्म पढाइ हुने आधारभूत विद्यालयको सङ्ख्या ९०४ मध्ये सामुदायिक ६२५, संस्थागत २७३ र धार्मिक ६ वटा रहेका छन्।

१० कक्षासम्म पढाइ हुने माध्यमिक विद्यालयको सङ्ख्या ६३० रहेकोमा सामुदायिक विद्यालयको सङ्ख्या ४४९, संस्थागत १७८ र धार्मिक ३ वटा रहेका छन्। यसै गरी १२ कक्षासम्म पढाइ हुने विद्यालय ५३६ मध्ये सामुदायिक ४५८ र संस्थागत ७८ रहेका छन् (फल्यास पहिलो प्रतिवेदन २०८१)। पालिकागत विश्लेषण गर्दा सबैभन्दा बढी धनगढी उपमहानगरपालिकामा सामुदायिक ६९ र संस्थागत ९९ गरी कुल १६८ विद्यालय रहेका छन् भने सबैभन्दा कम बझाङको साइपाल गाउँपालिमा ९ वटा सामुदायिक विद्यालय मात्र रहेका छन्। यहाँ संस्थागत विद्यालयको सङ्ख्या शून्य रहेको छ। धेरै विद्यालय हुने स्थानीय तहहरूमा भीमदत्त नगरपालिका, गोदावरी नगरपालिका, लम्कीचुवा नगरपालिका, घोडाघोडी नगरपालिका र टिकापुर नगरपालिका रहेका छन्।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट सञ्चालित डिप्लोमा र प्रि-डिप्लोमा सञ्चालन हुने विद्यालयको सङ्ख्या यस प्रदेशमा १८० वटा रहेका छन् भने शिक्षा तथा मानव स्रोत विकास केन्द्र (सिइएचआरडी) द्वारा सञ्चालित ५४ वटा विद्यालय गरी कुल २३४ प्राविधिक विद्यालयहरू रहेका छन्। नेपाल सरकारले नमुना विद्यालयका रूपमा सञ्चालन गरेका देशभरका कुल विद्यालय ४२२ वटामध्ये यस प्रदेशमा ४४ वटा विद्यालयहरू (१०.४ प्रतिशत) सञ्चालनमा रहेका छन्। नेपाल सरकारको स्रोतबाट सञ्चालित कुल २ हजार १५१ सामुदायिक अध्ययन केन्द्रमध्ये यस प्रदेशमा २५७ वटा र स्थानीय तहको स्रोतबाट सञ्चालित ५ वटा रहेका छन्।

सुदूरपश्चिम विश्वविद्यालयसँग सम्बन्धन लिएका क्याम्पसहरूमा केन्द्रीय क्याम्पस, टिकापुर बहुमुखी क्याम्पस, दार्चुला बहुमुखी क्याम्पस, बाजुरा क्याम्पस, त्रिवेणी बहुमुखी क्याम्पस, घण्टेश्वर सेती महाकाली बहुमुखी क्याम्पस, सिताराम बहुमुखी क्याम्पस, जनता बहुमुखी क्याम्पस, जय पृथ्वी बहुमुखी क्याम्पस, बडिमालिका क्याम्पस, पाटन बहुमुखी क्याम्पस, जगन्नाथ बहुमुखी क्याम्पस, गोकुलेश्वर बहुमुखी क्याम्पस र कैलाली बहुमुखी क्याम्पस रहेका छन्। यी क्याम्पसहरूमा मानविकी तथा समाजशास्त्र, शिक्षा, कानून, स्वास्थ्य विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, व्यवस्थापन, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ र कृषि विषयहरू अध्यापन हुँदै आएका छन्। यसैगरी त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालयलगायतबाट सम्बन्धन लिएका विभिन्न क्याम्पसहरू रहेका छन्।

### १.३.८ स्वास्थ्य क्षेत्र

यस प्रदेशमा कुल १०६९ वटा स्वास्थ्य संस्थाहरू रहेका छन्। औसतमा प्रति स्वास्थ्य संस्थाले २५०६ जनालाई सेवा दिनु पर्ने हुन्छ। तर व्यवहारमा प्रति स्वास्थ्य संस्थाले औसतमा ४३७७ जनतालाई सेवा पुऱ्याएका छन्। पालिकागत विश्लेषण गर्दा सबैभन्दा बढी ४३ वटा स्वास्थ्य संस्थाहरू धनगढी उपमहानगरपालिकामा रहेका छन्। यहाँ प्रति स्वास्थ्य संस्था ४६२३ जनालाई सेवा दिनु पर्ने हुन्छ भने

व्यवहारमा प्रति संस्थाले १४८२४ जनालाई सेवा प्रदान गरेका छन्। सबैभन्दा कम स्वास्थ्य संस्था हुने स्थानीय तहहरूमा डडेलधुराको नवदुर्गा गाउँपालिका र कञ्चनपुरको बेलडाँगी गाउँपालिकामा ५/५ वटा मात्र रहेका छन्। यहाँ क्रमशः प्रति संस्था ३७३४ र ४३७८ जनालाई सेवा दिनु पर्ने हुन्छ। जबकि यी संस्थाहरूले क्रमशः प्रति संस्था ३७६० र १०५२५ जनालाई सेवा प्रदान गरेका छन्।

### १.३.९ बसाइसराइ

जनगणनाको तथ्याङ्कअनुसार सुदूरपश्चिम प्रदेशमा हाल बसोबास गरिरहेका व्यक्तिहरूमध्ये ७२.२ प्रतिशतले यसअघि आफू बसिरहेको गाउँपालिका वा नगरपालिकाबाहेक अन्य स्थानमा कहिल्यै पनि बसोबास गरेका छैनन्। यसमध्ये पुरुषको हिस्सा ७७.१ प्रतिशत र महिलाको ६६.१ प्रतिशत रहेको छ। त्यसै गरी, कुल जनसङ्ख्याको ९.२ प्रतिशत व्यक्तिहरूले यसअघि सोही जिल्लाभित्रको अर्को गाउँपालिका वा नगरपालिकामा बसोबास गरेका थिए। १६.६ प्रतिशत जनसङ्ख्या अर्को जिल्लाबाट आएको देखिन्छ भने १.९ प्रतिशत व्यक्तिहरूको अघिल्लो बसोबास विदेशमा रहेको पाइन्छ। यस प्रदेशमा मानिसहरू एक स्थानबाट अर्को स्थानमा सर्ने प्रमुख कारणमध्ये विवाह सबैभन्दा बढी (३६.१ प्रतिशत) रहेको छ। त्यसैगरी अन्य कारणहरूमा रोजगारी/कामका लागि १०.७ प्रतिशत, व्यापार/व्यवसायका लागि २.० प्रतिशत, अध्ययन/तालिमका लागि ६.१ प्रतिशत, परिवारको आश्रित सदस्यका रूपमा २२.१ प्रतिशत, प्राकृतिक प्रकोपका कारण १.३ प्रतिशत, कृषिसम्बन्धी कारण ८.५ प्रतिशत, घर फर्किने ५.५ प्रतिशत तथा अन्य कारणहरू ६.८ प्रतिशत रहेका छन्। लैङ्गिक आधारमा हेर्दा, बसाइसराइ गरी आएका पुरुषमध्ये २७.६ प्रतिशत परिवारका आश्रित सदस्यका रूपमा आएका छन् भने महिलामध्ये सबैभन्दा बढी ५५.४ प्रतिशत विवाहका कारण सरेका छन्।

### १.३.१० अपाङ्गता (Disability)

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ अनुसार शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन असर तथा कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपाङ्गता भएका व्यक्तिहरू भनी परिभाषित गरेको छ। यसका आधारमा नेपालमा विभिन्न १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरू जस्तैः शारीरिक अपाङ्गता (स्पाइनल कर्ड इन्जुरीसमेत), दृष्टिसम्बन्धी अपाङ्गता (दृष्टि विहीन, दृष्टि विहीनता, न्यून दृष्टियुक्त र पूर्ण दृष्टि विहीन), सुनाइसम्बन्धी अपाङ्गता (बहिरा, सुस्त श्रवण), श्रवण दृष्टिविहीन अपाङ्गता, स्वर र बोलाइसम्बन्धी अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवांशिक रक्तस्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिजमसम्बन्धी अपाङ्गता र बहु-अपाङ्गता रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ का अनुसार सुदूरपश्चिम प्रदेशको कुल जनसङ्ख्यामध्ये २.६ प्रतिशत व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको पाइन्छ। अपाङ्गता भएका व्यक्तिहरूमध्ये पुरुषको हिस्सा ५३.१ प्रतिशत र महिलाको हिस्सा ४६.९ प्रतिशत रहेको छ। राष्ट्रिय स्तरमा देशको कुल जनसङ्ख्यामध्ये २.२ प्रतिशत व्यक्तिहरूमा एक वा एकभन्दा बढी प्रकारका अपाङ्गता रहेको देखिन्छ।

## १.३.११ सुदूरपश्चिम प्रदेशका प्रमुख चुनौती र सम्भावनाहरू

### (क) प्रमुख चुनौतीहरू

हिमाली तथा पहाडी भू-भागको कठिन भौगोलिक अवस्थाका कारण सडक, यातायात, सञ्चार र बजार पहुँचको विस्तार चुनौतीपूर्ण रहेको छ। स्थानीय तहका केन्द्र तथा दुर्गम बस्तीहरूलाई वर्षैभरि सुरक्षित सडक सञ्जालसँग जोड्नु आवश्यक छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आधुनिक प्रविधि, सिँचाइ, भण्डारण, बजार व्यवस्थापन तथा आधुनिक ब्रोडब्यान्डसहितको इन्टरनेट सेवामार्फत कृषि व्यवसायीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। साथै, रोजगारीका अवसर सिर्जना गरी युवाहरूको वैदेशिक पलायन रोक्ने, वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप र पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने तथा बाँझो जमिनको उपयोग गर्दै तरकारी, फलफूल र जडीबुटीजस्ता व्यावसायिक खेती प्रबर्द्धन गर्ने चुनौती विद्यमान छन्।

दूरदराज क्षेत्रमा दक्ष जनशक्ति व्यवस्थापन गरी गुणस्तरीय आधारभूत स्वास्थ्य, शिक्षा तथा उच्च शिक्षाको पहुँच विस्तार गर्नु अर्को महत्त्वपूर्ण चुनौती हो। बाढी, पहिरो, खडेरी, वन डढेलोजस्ता विपद्बाट कृषि, बस्ती, पूर्वाधार र मानव स्वास्थ्यमा हुने क्षति न्यूनीकरण गर्दै उत्थानशील समाज निर्माण गर्न आवश्यक छ। उद्योग, पर्यटन र सेवा क्षेत्रको सम्भावनालाई व्यवहारमा उतार्दै आर्थिक विकासको आधार सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ।

त्यसैगरी, स्थानीय तह तथा प्रदेश स्तरमा प्राविधिक जनशक्ति, योजना कार्यान्वयन क्षमता र स्रोत व्यवस्थापन सुदृढ गर्नु, तथ्यमा आधारित योजना तर्जुमा तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु, पूँजीगत खर्च क्षमता वृद्धि गर्नु र आन्तरिक तथा बाह्य स्रोत परिचालनमा कार्यकुशलता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। मन्त्रालय तथा मातहतका निकायहरूको सङ्गठन संरचना पुनरावलोकन गरी छरितो र सक्षम संस्थागत संरचना निर्माण गर्नुका साथै विद्यमान कानूनी तथा प्रक्रियागत जटिलता सरलीकरण गर्नुपर्ने आवश्यकता छ।

सरकारी, निजी तथा सहकारी क्षेत्रबीच समन्वय र सहकार्य सुदृढ गर्दै उपलब्ध पूँजी, सीप र स्रोतसाधनको प्रभावकारी परिचालन गर्नु, अन्तर-तह समन्वयलाई मजबुत बनाउनु तथा सबै सरोकारवालाबीच सहकार्यको वातावरण निर्माण गर्नु आवश्यक छ। समाजमा विद्यमान असमानता, सामाजिक बहिष्करण, बालविवाह, छाउपडी, छुवाछुत र अन्य कुरीतिहरूको अन्त्य गर्दै सामाजिक न्याय सुनिश्चित गर्नु, पोषण तथा खाद्य सुरक्षालाई सुदृढ गर्नु र उच्च गरिबी न्यूनीकरण गर्नु प्रमुख चुनौतीका रूपमा रहेका छन्।

साथै, पहाडी तथा हिमाली जिल्लाबाट हुने बसाइसराइ रोक्दै स्थानीय स्तरमै अवसर सिर्जना गर्नु, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्दै बाँदर, बनेल तथा दुम्सीबाट हुने क्षति नियन्त्रण गर्नु, प्रदेशका सम्भावनाहरूको पहिचान गरी तिनको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत तथा दक्ष जनशक्ति व्यवस्थापन गर्नु यस प्रदेशका प्रमुख चुनौतीहरू हुन्।

### (ख) प्रमुख सम्भावनाहरू

उब्जाउशील जमिन र विविध भौगोलिक अवस्था भएकाले धान, गहुँ, मकै, कोदो, तरकारी, फलफूल, जडीबुटी र उच्च मूल्यका कृषिजन्य उत्पादनको प्रचुर सम्भावना रहेको छ। गाई, भैंसी, बाख्रा, च्याङ्ग्रालगायतका पशुपालन, पन्छी तथा मत्स्यपालनका गतिविधिमार्फत ग्रामीण अर्थतन्त्रमा योगदान पुऱ्याउन सकिन्छ। प्राकृतिक सम्पदाले भरिपूर्ण रहेको यस प्रदेशमा जैविक खेती, कृषि, काष्ठ र गैरकाष्ठजन्य उद्योगहरूको विकासको सम्भावना रहेको छ। वैज्ञानिक वन व्यवस्थापनका माध्यमबाट बहुमूल्य काठको बिक्री तथा निजी जङ्गल र वन्यजन्तु पालनबाट प्रशस्त आम्दानी र रोजगारी सिर्जना गर्न सकिने सम्भावना पनि रहेको छ। हिमाली र पहाडी क्षेत्रका बाह्रै महिना बग्ने नदीनालाहरूले जलविद्युत उत्पादन र जलमार्गको सम्भावना बोकेका छन्। प्राकृतिक सम्पदा जस्तैः खप्तड राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, अपि-साइपाल हिमाल क्षेत्र, घोडाघोडी ताल र सिमसार क्षेत्र, खापर दह आदि रहेका छन्।

यहाँ सांस्कृतिक सम्पदा जस्तैः बडिमालिका, शैलेश्वरी, उग्रतारा, त्रिपुरासुन्दरी, घटालबाबा, बैजनाथ-सिद्धनाथ धाम, पर्शुराम धाम, लिङ्गा धाम प्रसिद्ध छन्। स्थानीय पर्व-परम्परा जस्तैः सखिया नाच, झुम्रा नाच, मुङ्ग्रवा नाच, सराय, हुडकेली, देउडा, पुतला, बिसु, गौरा पर्व आदिको प्रबर्द्धन गरी पर्यटनको विकासमार्फत स्थानीय रोजगारी, आम्दानी वृद्धि र सांस्कृतिक सम्पदा संरक्षण गर्न सकिने प्रवल सम्भावना रहेको छ। यसैगरी यस प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त खेलाडीहरू ठुलो सङ्ख्यामा भएकाले खेल पर्यटनका माध्यमबाट पर्यटन क्षेत्रको विकास र विस्तार गर्न सकिने सम्भावना पनि त्यत्तिकै रहेको छ। अपि-नम्पा क्षेत्र, खप्तड क्षेत्र र बडिमालिका क्षेत्रमा ट्रेकिङ र हाइकिङजस्ता साहसिक खेलको सम्भावना देखिन्छ। निकटवर्ति राज्यमा अति नै गर्मी भएको बेला हिलस्टेशनको विकास गरी स्वच्छ वातावरणमा बस्न पर्यटकलाई आकर्षित गराउनका साथै हिम स्केटिङको सम्भावनासमेत खोजी खप्तडजस्ता पाटनहरूमा उचित खेल र होटलहरूको विकासका साथै रज्जु मार्गबाट सहज आवागमन गर्ने वातावरण विकास गर्ने सम्भावना पनि देखिन्छ। कर्णाली, महाकाली र सेतीजस्ता नदीहरूमा र्‍याफ्टिङको पनि सम्भावना रहेको छ। दार्चुला, बझाङ र अछामका पहाडी भेगहरूमा रक क्लाइम्बिङको सम्भावना पनि देखिन्छ। यसै गरी पहाडी ट्रेलहरूमा माउण्टेन बाइकिङ र हाइ-अल्टिच्यूट अल्ट्रा-म्याराथनको सम्भावनालाई पनि उजागर गर्न सकिने देखिन्छ।

सौर्य तथा वायुबाट ऊर्जा उत्पादन गर्न सकिने, भारतसँगको लामो सीमा भएर व्यापार र आर्थिक गतिविधि वृद्धि गर्न र सीमापारि बजार, भन्सार सुविधा र औद्योगिक कृषि उत्पादन प्रबर्द्धन गर्न सकिने देखिन्छ। युवा जनसङ्ख्या अधिक भएको कारण शिक्षा, दक्षता प्रशिक्षण र स्वरोजगार कार्यक्रमले मानव स्रोतको सदुपयोग गर्न सकिने र महिला सशक्तीकरण तथा सामाजिक उद्यमशीलता प्रबर्द्धन गर्न सकिने देखिन्छ।

## १.४ प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको सङ्क्षिप्त समीक्षा

सुदूरपश्चिम प्रदेशको पहिलो पञ्चवर्षीय योजना प्रदेशमा निर्वाचित जनप्रतिनिधि बहाल भएको चौथो आर्थिक वर्ष अर्थात् आ.व. २०७८/७९ देखि कार्यान्वयनमा आएको थियो। सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगबाट यस प्रदेशको पहिलो पञ्चवर्षीय योजना (२०७८/७९-२०८२/८३) को मध्यावधि समीक्षा (२०७८/७९-२०८०/८१) भएको छ। उक्त समीक्षा प्रतिवेदनका आधारमा आधार वर्ष २०७७/७८

को स्थिति, योजनाको मध्यावधि मूल्याङ्कन अवधिमा हासिल भएको उपलब्धि, योजना अवधिको अपेक्षित लक्ष्य र मूल्याङ्कन अवधि २०८०/८१ को राष्ट्रिय लक्ष्यबीच तुलनात्मक विश्लेषणसमेत भएको छ।
पहिलो पञ्चवर्षीय योजनाले लिएका लक्ष्यहरू हासिल गर्न १२ वटा समग्र रणनीतिहरू तय गरिएका थिए। जसमा वातावरणमैत्री गुणस्तरीय पूर्वाधार सर्वसुलभ हुने गरी विस्तार गर्ने; जलस्रोतको बहु आयामिक उपयोग हुने गरी विकास गर्ने, कृषि, वन, उद्योग, पर्यटन र पूर्वाधार क्षेत्रको विकासद्वारा रोजगारी वृद्धि गर्ने, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षालाई सर्वसुलभ तुल्याउने, महिला सशक्तीकरण, लैङ्गिक समता, सामाजिक आर्थिक समावेशीकरणमा जोड दिई हिंसा, कुप्रथा, कुसंस्कार र अन्धविश्वास, विभेद एवम् बञ्चितीकरण रहित गतिशील, स्वस्थ सहिष्णु सद्भाव एवम् मैत्रीपूर्ण समाज सृजना गर्ने, प्राकृतिक विपद्लाई विचार गरी जलवायु परिवर्तन अनुकूलित विकास पद्धतिलाई मार्गदर्शकका रूपमा अङ्गीकार गर्ने, दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकीकरण गरी कार्यान्वयन गर्ने, डिजिटल सुदूरपश्चिमको अभियान सञ्चालन गर्ने, सुशासन प्रत्याभूति दिलाउने, सङ्घ, स्थानीय तह, अन्य प्रदेश, विकास साझेदार र सरोकारवाला सरकारी, निजी, सहकारी, गैरसरकारी र नागरिक समाज जस्ता संस्थाहरूसँग उचित समन्वय, सहकार्य र साझेदारी, सञ्चार र संवाद एवम् न्यायोचित पैरवी गरी सकारात्मक, सहयोगी परिस्थिति सिर्जना गरी प्रदेशको समृद्धि हासिल गर्ने, सार्वजनिक, निजी, सहकारी, सामुदायिक एवम् वैदेशिक स्रोत र लगानी प्रबर्द्धन गर्ने र मध्यकालीन खर्च संरचना, आयोजना बैङ्कको व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्ने रहेका थिए।

यसैगरी तोकिएको परिमाणात्मक लक्ष्य हासिल गर्न पहिलो पञ्चवर्षीय योजनाले कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण, पर्यटन, जलस्रोत तथा विद्युत्, गुणस्तरीय भौतिक पूर्वाधार एवम् सामाजिक विकास, औद्योगिकीकरण, गरिबी निवारण, जडीबुटीको उत्पादनसहितको वन तथा वातावरणमैत्री हरित विकास, संस्थागत र संरचनागत सबलीकरण, सुशासन र डिजिटल प्रदेशलाई योजनाको प्राथमिकताका रूपमा पहिचान गरेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्ब ६ अर्ब ७५ करोड रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा रु. ४ खर्ब २९ अर्ब ६२ करोड हुने अनुमान गरिएको छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ७.०३ प्रतिशत रहेको छ। आधारभूत मूल्यमा आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन २.७१ प्रतिशतले वृद्धि भएको छ भने सोही अवधिमा उपभोक्ता मूल्यमा ३.३३ प्रतिशतले वृद्धि भएको छ। चालु खर्च बढ्दो क्रममा रहेको छ भने पूँजीगत खर्च घट्न गई कुल खर्चसमेत घट्न गएको छ। यस प्रदेशको आर्थिक वृद्धि वार्षिक रूपमा सकारात्मक रहेको छ। जसअनुसार आर्थिक वर्ष २०७९/८० मा १.४७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा उक्त वृद्धि ३.२८ प्रतिशत पुगेको छ भने आर्थिक वर्ष २०८१/८२ मा ३.३२ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तुलनामा ०.९८ प्रतिशत विन्दुले वृद्धि भई ३४.७२ प्रतिशत पुग्ने अनुमान गरिएको छ। यसैगरी, गैर-कृषि क्षेत्रको योगदान ६६.२८ प्रतिशत रहने प्रक्षेपण रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति आय अमेरिकी डलर ९१८ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति आय अमेरिकी

डलर ११२२ पुगेको छ। समीक्षा प्रतिवेदनमा औंल्याएका केही महत्त्वपूर्ण उपलब्धिहरू र सिकाईहरूलाई संक्षेपमा यहाँ उल्लेख गरिएको छ।

### १.४.१ प्रदेश सरकारको अनुमानित र यथार्थ खर्च


प्रथम पञ्चवर्षीय योजनाले योजना अवधिमा कुल रु. २ खर्ब ५५ अर्ब ३० करोड खर्च हुने अनुमान गरेको थियो। तर समीक्षा अवधिको तीन आर्थिक वर्षसम्म आइपुग्दा कुल खर्च रु. ६३ अर्ब ४४ करोड मात्र भएको छ, जुन २४.८५ प्रतिशत हो। यसैगरी, कुल पूँजीगत लगानी रु. १ खर्ब ७६ अर्ब ३० करोड हुने अनुमान गरिएकोमा समीक्षा अवधिसम्म रु. ३८ अर्ब २३ करोड (२१.६८ प्रतिशत) मात्र खर्च भएको देखिन्छ। यसले लक्ष्य र वास्तविक खर्चबीच उल्लेखनीय अन्तर रहेको स्पष्ट पार्छ। आर्थिक वर्ष २०७८/७९ मा पूँजीगत खर्चका लागि रु. १८ अर्बको लक्ष्य राखिएकोमा रु. ११ अर्ब ९५ करोड (६६.३८ प्रतिशत) मात्र खर्च भएको थियो। अझै, आर्थिक वर्ष २०८०/८१ मा रु. ३० अर्ब ८० करोड खर्च गर्ने लक्ष्य रहेकोमा वास्तविक खर्च रु. १० अर्ब ५६ करोड (३४.२८ प्रतिशत) मा सीमित भएको छ। यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा रु. ७० अर्ब खर्च गर्ने लक्ष्य रहेकोमा वास्तविक खर्च रु. २२ अर्ब २० करोड (३२.० प्रतिशत) मा सीमित भएको छ भने चार आर्थिक वर्षको औसत रु. ४५ अर्व ५८ करोड खर्च गर्ने लक्ष्य रहेकामा वास्तविक खर्च रु. २१ अर्ब ४१ करोड (४६.९८ प्रतिशत) मात्रै रहेको छ।

**तालिका १.२: आ.व.२०७७/७८ को स्थिर मूल्यमा योजनाको अनुमानित र वास्तविक खर्च (रु. करोडमा)**

| सूचक | आ.व. २०७८/७९ | | आ.व. २०७९/८० | | आ.व.२०८०/८१ | | आ.व. २०८१/८२ | | ४ वर्षको औसत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | वास्तविक खर्च | लक्ष्य | वास्तविक खर्च | लक्ष्य | वास्तविक खर्च | लक्ष्य | वास्तविक खर्च | लक्ष्य | वास्तविक खर्च | प्रतिशत |
| कुल खर्च | ३१०० | २०८७ | ३५५० | २४०६ | ४५८० | १८५१ | ७००० | २२२० | ४५५८ | २१४१ | ४६.९८ |
| चालु खर्च | १३०० | ८९२ | १३५० | ८२४ | १५०० | ७९४ | १७५० | ९७३ | १४७५ | ८७१ | ५९.०३ |
| पूँजीगत खर्च | १८०० | ११९५ | २२०० | १५८१ | ३०८० | १०५६ | ५२५० | १२४७ | ३०८३ | १२७० | ४१.१९ |

**स्रोतः** पहिलो पञ्चवर्षीय योजना, मध्यावधि समीक्षा प्रतिवेदन र वार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२

**रेखा चित्र १ : प्रदेश योजनाको अनुमानित र वास्तविक खर्च (करोडमा)**




## १.४.२ समष्टिगत लक्ष्य र प्रगतिको अवस्था

सुदूरपश्चिम प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले निर्धारण गरेका समष्टिगत लक्ष्यहरू तथा समीक्षा अवधिसम्म हासिल भएको प्रगतिलाई **तालिका १.३** अनुसार प्रस्तुत गरिएको छ। योजना अवधिमा १०.५ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएकोमा समीक्षा अवधिसम्म ३.२८ प्रतिशत मात्र वृद्धि भएको छ। त्यसैगरी, प्रतिव्यक्ति आय १,७१५ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेकामा समीक्षा अवधिमा १,१२२ अमेरिकी डलरमा सीमित रहेको छ। तर सामाजिक सूचकहरूतर्फ केही सकारात्मक प्रगति देखिएको छ। जन्म हुँदा अपेक्षित आयु ६९.८ वर्षको लक्ष्यको तुलनामा ७१.३ वर्ष पुगेको छ भने साक्षरता दर ६३.५ प्रतिशतबाट बढेर ७६.२ प्रतिशत पुगेको छ।

**तालिका १.३ : समष्टिगत लक्ष्य र प्रगतिको अवस्था**

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | वार्षिक औसत आर्थिक वृद्धि दर (प्रतिशत) | ३.६ | ३.२८ | १०.५ | १०.३ | सु.प.प्र. आ.सर्वेक्षण |
| २ | प्रति व्यक्ति राष्ट्रिय आय (अमेरिकी डलर) | ९१८ | ११२२ | १७१५ | १,५९५ | सु.प.प्र. आ.सर्वेक्षण |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| ३ | मानव विकास सूचकाङ्क | ०.५४७ | ०.५४७ | ०.६२१ | ०.६२४ | रा.त.का. |
| ४ | लैङ्गिक विकास सूचकाङ्क | ०.९०३ | ०.९०३ | ०.९६३ | ०.९६३ | रा.त.का. |
| ५ | सम्पत्तिमा आधारित जिनी गुणक | ०.३२ | ०.३२ | ०.२९ | ०.२९ | रा.त.का. |
| ६ | अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष) | ६९.८ | ७१.३ | ७२ | ७२ | रा.त.का. |
| ७ | साक्षरता दर | ६३.५ | ७६.२ | ९० | ९० | रा.त.का. |
| ८ | निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसङ्ख्या | २४.६ | ३४.१ | ११ | | रा.त.का. |
| ९ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | २५.३ | २५.३ | १३ | | रा.त.का. |
| १० | बेरोजगारी दर | ११.५ | ९.५ | ११.५ | ७.५ | रा.त.का. |

### १.४.३ विषय क्षेत्रगत समीक्षा

**(क) आर्थिक विषय क्षेत्र**

**१. कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत आर्थिक वृद्धि दर**


प्रदेश सरकारले योजनाबद्ध रूपमा कार्यान्वयन गरेका कार्यक्रमहरूले अर्थतन्त्रका केही क्षेत्रमा सकारात्मक प्रभाव देखाएको छ।समीक्षा अवधिमा **(तालिका १.४)** कृषि क्षेत्रको वृद्धि दर सकारात्मक रहे तापनि लक्ष्यको तुलनामा निकै कम प्रगति देखिएको छ। तथापि आर्थिक वर्ष २०८०/८१ मा ३.७२ प्रतिशतको वृद्धि हासिल भई केही सुधार देखिएको छ।

उद्योग क्षेत्रमा आधार वर्षको ४.२ प्रतिशतको तुलनामा पहिलो आर्थिक वर्ष २०७८/७९ मा ७.१८ प्रतिशतले वृद्धि भएको छ। तर, त्यसपछिका वर्षहरूमा वृद्धि दर निरन्तर ऋणात्मक (-०.५१ प्रतिशत र -१.२४ प्रतिशत) हुँदै आएको छ।सेवा क्षेत्रको वृद्धि दर तुलनात्मक रूपमा सकारात्मक रहे पनि लक्ष्यअनुसारको उपलब्धि हासिल हुन सकेको छैन।

तालिका १.४ : क्षेत्रगत योजनाको लक्ष्य र प्रगति (वार्षिक वृद्धि प्रतिशत)

| सूचक | आधार वर्ष २०७७/७८ | आ. व. २०७८/७९ | | आ. व. २०७९/८० | | आ. व. २०८०/८१ | | आ.व. २०८२/८३ | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | |
| कृषि | ४.१ | ७.५ | २.३६ | ८.० | १.६६ | ८.० | ३.७२ | ८.० | सु.प.प्र. आ.स. र बजेट |
| उद्योग | ४.२ | १२.८ | ७.१८ | १७.७ | -०.५१ | १७.९ | -१.२४ | १८.३ | सु.प.प्र. आ.स. र बजेट |
| सेवा | २.७ | ८.४ | ५.३१ | १०.३ | २.७९ | १०.२ | ३.७२ | ११.४ | सु.प.प्र. आ.स. र बजेट |

रेखा चित्र २ : योजनाको लक्ष्य र वास्तविक आर्थिक वृद्धि दर (प्रतिशत)





## २. गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान

आधार वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.६ प्रतिशत, १३.७ प्रतिशत र ५०.७ प्रतिशत रहेको थियो। योजना अवधिमा कृषि र सेवा क्षेत्रको योगदान घटाई उद्योग क्षेत्रको हिस्सा बढाउने लक्ष्य राखिएको थियो। समीक्षा अवधिको आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको योगदान ३३.५ प्रतिशत रहने लक्ष्य भए पनि ३४.९५ प्रतिशत पुगेको छ। उद्योग क्षेत्रको लक्ष्य १६.२ प्रतिशत रहेकामा वास्तविक योगदान १२.३० प्रतिशतमा सीमित भएको छ। त्यसैगरी, सेवा क्षेत्रको हिस्सा ५०.३ प्रतिशतमा झार्ने लक्ष्य भएपनि बढेर ५२.७५ प्रतिशत पुगेको छ। समग्रमा, योजना अवधिमा सेवा क्षेत्रको हिस्सा घटाउने लक्ष्यअनुरूप प्रगति हुन सकेको छैन र यो निरन्तर लक्ष्यभन्दा माथि रहेको देखिन्छ। यद्यपि अघिल्लो आर्थिक वर्षको तुलनामा २०८०/८१ मा सेवा क्षेत्रको वृद्धिदर केही घटेको सङ्केत देखिन्छ **(तालिका १.५)**।

**तालिका १.५ : गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानको लक्ष्य र प्रगति (प्रतिशत)**

| सूचक | आधार वर्ष २०७७/०७८ | आ.व. २०७८/०७९ | | आ.व. २०७९/०८० | | आ.व. २०८०/०८१ | | आ.व. २०८२/०८३ | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | |
| कृषि | ३५.६ | ३५.१ | ३४.०३ | ३४.३ | ३२.९३ | ३३.५ | ३४.९५ | ३१.५ | सु.प.प्र.आ.स. |
| उद्योग | १३.७ | १४.३ | १४.०१ | १५.२ | १३.११ | १६.२ | १२.३० | १८.२ | सु.प.प्र. आ.स. र बजेट |
| सेवा | ५०.७ | ५०.६ | ५१.९६ | ५०.५ | ५३.९६ | ५०.३ | ५२.७५ | ५०.३ | सु.प.प्र. आ.स. र बजेट |
| कुल | १०० | ८.६ | | १०.५ | | १०.६ | | ११.५ | सु.प.प्र. आ.स. र बजेट |

**रेखा चित्र ३ : गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदानको लक्ष्य र प्रगति**




### (ख) सामाजिक क्षेत्र

सामाजिक विकास क्षेत्रअन्तर्गत शिक्षा, स्वास्थ्य र पोषण, जनसङ्ख्या तथा बसाइसराइ, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, युवा तथा खेलकुद, बालबालिका तथा किशोरकिशोरी, ज्येष्ठ नागरिक, शारीरिक अशक्त व्यक्ति, भाषा, संस्कृति तथा पूरातत्व संरक्षण, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण, सामाजिक सुरक्षा तथा संरक्षण, सामाजिक एवम् भौगोलिक समावेशीकरण तथा समविकास जस्ता मुख्य उपक्षेत्रहरूको समग्र सूचकको **तालिका १.६** अनुसार समीक्षा गरिएको छ। सामाजिक विकास क्षेत्र अन्तरगतका अधिकांश सूचकहरूमा आधार वर्ष २०७७/७८ को तुलनामा आर्थिक वर्ष २०८०/८१ मा उल्लेख्य प्रगति भएको छ। उदाहरणका लागि पाँच वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) ६९ जनाबाट ४९ जनामा झरेको छ। यसैगरी पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको सङ्ख्या ३३.३ प्रतिशतबाट १४ प्रतिशतमा झरेको छ। पाँच वर्षमुनिका पुड्कोपन भएका बालबालिकाको प्रतिशत ३५.९

बाट २८ प्रतिशतमा झरेको छ। नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्ममा) २५ जनाबाट २२ जनामा झरेको छ। दक्ष स्वास्थ्यकर्मीको उपस्थितिमा जन्मेका बच्चा ७१.६ प्रतिशतबाट ८७ प्रतिशत पुगेको छ। मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १४१ बाट १३० मा झरेको छ। स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या १४ प्रतिशतबाट २१.७७ प्रतिशत पुगेको छ। ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार २८.७ प्रतिशतबाट ६६.१ प्रतिशत पुगेको छ। माध्यमिक तह (९-१२ कक्षा) मा खुद भर्ना दर ४९.३ प्रतिशतबाट ५६.४ प्रतिशत पुगेको छ। युवा साक्षरता (१५-२४ वर्ष) ९२ प्रतिशतबाट ९७.३ प्रतिशत पुगेको छ।

**तालिका १.६ : सामाजिक विकास क्षेत्रअन्तर्गतको समग्र सूचकको समीक्षा**

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | पाँच वर्षमुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) (जना) | ६९ | ४९ | ३९ | २४ | ने.ज.स्वा.स. |
| २ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको (प्रतिशत) | ३३.३ | १४ | १५ | १५ | ने.ज.स्वा.स. |
| ३ | पाँच वर्षमुनिका पुड्कोपन भएका बालबालिकाको (प्रतिशत) | ३५.९ | २८ | २० | ३१.५ | ने.ज.स्वा.स. |
| ४ | नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) (जना) | २५ | २२ | २० | - | ने.ज.स्वा.स./प्र.नी.यो.आ. |
| ५ | पूर्ण खोप पाउने बालबालिकाको (प्रतिशत) | ७९.१ | ९२ | ९५ | ९५ | ने.ज.स्वा.स./प्र.नी.यो.आ. |
| ६ | दक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा जन्मिएका बच्चा (प्रतिशत) | ७१.६ | ८७ | ८२ | ७९ | ने.ज.स्वा.स./प्र.नी.यो.आ. |
| ७ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) (जना) | १४१ | १३० | ११० | - | ने.ज.स्वा.स./प्र.नी.यो.आ. |
| ८ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार (प्रतिशत) | २८.७ | ६६.१ | ७० | ८० | ने.ज.स्वा.स./प्र.नी.यो.आ. |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| ९ | स्वास्थ्य बीमामा आबद्ध जनसङ्ख्या (प्रतिशत) | १४ | २१.७७ | ६० | ६० | ने.ज.स्वा.स./ प्र.नी.यो.आ. |
| १० | युवा साक्षरता दर (१५-२४) वर्ष (प्रतिशत) | ९२ | ९७.३ | ९९ | ९९ | रा.त.का. |
| ११ | आधारभूत तह (१-८) मा खुद भर्नादर (प्रतिशत) | ९६.२ | ९५.२ | १०० | ९९.५ | सा.वि.म. |
| १२ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर (प्रतिशत) | ४९.३ | ५६.४ | ६५ | ६५ | सा.वि.म. |
| १३ | उच्च शिक्षामा कुल भर्नादर (प्रतिशत) | १६ | १६.५ | २५ | २२ | वि.अ.आ. |
| १४ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसापीडित महिला (प्रतिशत) | २०.२ | १५.४ | १३ | १३ | ने.ज.स्वा.स./ प्र.नी.यो.आ. |

**(ग) पूर्वाधार क्षेत्र**

पूर्वाधार विकास क्षेत्रअन्तर्गत यातायात पूर्वाधार, ऊर्जा, ग्रामीण बस्ती विकास तथा सहरीकरण, सिँचाइ, खानेपानी तथा सरसफाइ, सूचना तथा सञ्चार प्रविधि तथा जलस्रोत एवम् जलजन्य प्रकोप व्यवस्थापनसँग सम्बन्धित समग्र सूचकहरूको समीक्षा **तालिका १.७** मा गरिएको छ। यस क्षेत्रका प्रमुख सूचकहरूमा उल्लेखनीय प्रगति देखिएको छ। आधार वर्ष २०७७/७८ मा आधारभूत खानेपानी सुविधा पुगेका परिवारको सङ्ख्या ८६.५३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ सम्म आइपुग्दा यो बढेर ९३.४ प्रतिशत पुगेको छ। त्यसैगरी, प्रदेशको कुल सडक सञ्जाल ५३४६ कि.मि. बाट वृद्धि भई ७००६ कि.मि. पुगेको छ भने विद्युत् उत्पादन ५२ मेगावाटबाट १७१ मेगावाट पुगेको छ। विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या ६४.६९ बाट ८६.६ प्रतिशत पुगेको छ। सिँचाइ सुविधा पुगेको कृषियोग्य भूमि ५२.२८ प्रतिशतबाट ६०.४३ प्रतिशत पुगेको छ। वर्षैभरी सिँचाइ हुने खेतीयोग्य जमिन ३८ प्रतिशतबाट ४० प्रतिशत पुगेको छ।

**तालिका १.७ : पूर्वाधार विकास क्षेत्रअन्तर्गतको समग्र सूचकको समीक्षा**

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार (प्रतिशत) | ८६.५३ | ९३.४ | ९९ | ९९ | प्र.नि.यो.आ. |

| क्र.सं. | सूचक | आधार वर्ष २०७७/७८ को स्थिति | आ.व. २०८०/८१ सम्मको प्रगति | योजनाको लक्ष्य (२०८२/८३) | राष्ट्रिय लक्ष्य (२०८०/८१) | स्रोत |
|---|---|---|---|---|---|---|
| २ | सडक यातायातले जोडिएको स्थानीय तहको सङ्ख्या | ८६ | ८६ | ८८ | - | प्र.नि.यो.आ. |
| ३ | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएको परिवार (प्रतिशत) | - | ९१.७ | ८५ | ९५ | |
| ४ | प्रदेशको जम्मा सडक सञ्जाल (कि.मि.) | ५३४६ | ७००६ | ६००० | - | सु.प.प्र.आ.सर्वे |
| ५ | विद्युत उत्पादन (मेगावाट) | ५२ | १७१ | २५० | ५,००० | ने.रा.बै. सर्वे |
| ६ | विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत) | ६४.६९ | ८६.६ | ९९ | ९९ | सु.प.प्र.आ.सर्वे |
| ७ | सिँचाइ सुविधा पुगेको कृषियोग्य भूमि | ५२.२८ | ६०. ४३ | ७५ | ६५.०५ | भौ.पू.वि.म. |
| ८ | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन (प्रतिशत) | ३८ | ४४.६८ | ५८ | ५० | ने.रा.बै. सर्वे /भौ.पू.वि.म. |
| ९ | इन्टरनेट प्रयोगकर्ता (प्रतिशत) | ४७.८ | २५.२० | ८० | ८० | प्र.नि.यो.आ. |
| १० | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार (प्रतिशत) | ९५.१ | ९४.७७ | ९६ | ८९ | रा.त.का. |
| ११ | सुधारिएको सरसफाइ सुविधा (एकल प्रयोग) उपलब्ध परिवार (प्रतिशत) | ९९ | ९५.६ | १०० | ९० | रा.त.का. |

## १.५ पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनमा देखिएका मूलभूत सवाल तथा चुनौतीहरू

पहिलो पञ्चवर्षीय योजनामा उल्लेखित धेरैजसो लक्ष्यहरूको उपलब्धिहरू अपेक्षा गरेबमोजिम प्राप्त हुन नसकेको तथ्य उजागर भएको छ। यस तथ्यले प्रदेशले स्वास्थ्य, शिक्षा र आधारभूत पूर्वाधारमा प्रगति गरेको भएता पनि आर्थिक वृद्धि, गरिबी घटाउने, डिजिटल पहुँच र सामाजिक सुरक्षा क्षेत्रमा अझ धेरै सुधारको आवश्यकता देखाएको छ। योजना कार्यान्वयन पक्ष कमजोर हुनुका मुख्य कारणहरू यस प्रकार रहेका छन् :

१. आवधिक योजनासँग वार्षिक योजनाको तालमेलको कमी,
२. विनियोजन अनुशासनको कमी,
३. प्रदेश सरकारको कमजोर पूँजीगत खर्च क्षमता,
४. ठोस आयोजनामा लगानी केन्द्रित नहुनु,
५. मध्यकालीन खर्च संरचना र आयोजना बैङ्क प्रणाली संस्थागत हुन नसक्नु,
६. निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण निर्माण हुन नसक्नु,
७. वैकल्पिक वित्तीय स्रोत जुटाउने पहल नहुनु,
८. कर प्रशासनमा पारदर्शिता, प्रविधिको उपयोग तथा करका दायरा विस्तारको कमी,
९. युवाहरूको लागि स्वरोजगार र कौशल तथा सीप विकासका कार्यक्रमहरू अपर्याप्त हुनु,
१०. सहकारी नियमन कमजोर हुनु,
११. साधन स्रोत सुनिश्चितता तथा सम्भाव्यता अध्ययन नगरी महत्त्वाकांक्षी आयोजना तथा कार्यक्रम योजनामा समावेश गर्नु,
१२. तीन तहका सरकारबीच तथा अन्तर सरकारी, निजी, सहकारी तथा गैरसरकारी संस्था एवम् विकास साझेदार सँगको सहकार्य ,समन्वय र सूचना व्यवस्थापन प्रणाली कमजोर हुनु,
१३. प्राविधिक जनशक्तिको कमीका साथै नेपाल सरकारबाट अनपेक्षित कर्मचारीको सरुवाबाट कमजोर संस्थागत क्षमता हुनु,
१४. ग्रामीण क्षेत्र तथा हिमाली र पहाडी जिल्लाबाट बसाइसराइ तीब्र हुनु र तराईको अव्यवस्थित बसोबास।

यस प्रदेशले बहुआयामिक र संरचनागत चुनौतीहरूको सामना गरिरहेको छ। व्यापक गरिबी र सीमित आयआर्जनका अवसरका कारण आर्थिक असमानता कायमै रहनु; पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा बेरोजगारी र वैदेशिक रोजगारीमा निर्भरता बढ्नु तथा गुणस्तरीय शिक्षाको पहुँचमा कमी हुँदा मानव पूँजी विकासमा अवरोध उत्पन्न हुनु आदि प्रमुख चुनौतीका रूपमा देखिएका छन्। सामाजिक रूपमा विभेद, बहिष्करण र वञ्चितीकरणका अवशेष विद्यमान रहनुले समावेशी विकासको लक्ष्य हासिल गर्न कठिनाइ उत्पन्न भएको छ। भौगोलिक र पालिका बीचको आर्थिक तथा सामाजिक सूचकाङ्कमा असन्तुलन र असमानता, गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच तथा पर्याप्त पूर्वाधार नहुँदा नागरिकको जीवनस्तर सुधारमा प्रतिकूल असर परिरहेको छ। जलवायु परिवर्तन, वातावरणीय जोखिम, प्राकृतिक विपद् र भौगोलिक जटिलताले कृषि, पूर्वाधार र जीविकोपार्जनमा थप चुनौती सिर्जना गरेका छन्। यातायात तथा भौतिक पहुँचको कठिनाइले सेवा सुविधामा पहुँच, प्रवाह र आर्थिक गतिविधि विस्तारमा अवरोध पुर्‍याइ रहेको छ।

साथै, कुरीति, कुप्रथा र सामाजिक रूपमा हानिकारक परम्पराका अवशेष कायम रहनुले सामाजिक रूपान्तरणको गतिलाई कमजोर बनाएको छ। विकास आयोजनाहरूको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन क्षमता कमजोर हुनुका साथै कानूनी, संस्थागत र व्यवस्थापकीय संरचनामा रहेका सीमितताले सुशासन, प्रभावकारिता र परिणाममुखी विकासलाई चुनौती दिएका छन्।

## १.६ सङ्घीय सोह्रौं योजना

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको सोह्रौं योजनाले **'सुशासन, सामाजिक न्याय र समृद्धि'** लाई दीर्घकालीन सोंच बनाएको छ। राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, गरिबी न्यूनीकरण तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापना गर्नु र मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्नु यस योजनाका प्रमुख उद्देश्यहरू हुन्। उक्त योजनाले विकास प्रयासमा देखिएका संरचनात्मक अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै संरचनात्मक रूपान्तरण गर्ने, तीन तहको सरकार, निजी क्षेत्र, सहकारी, विकास साझेदार, गैरसरकारी र अन्य सरोकारवालाहरू बीचको अन्तरसम्बन्ध र कार्यगत क्षमतालाई मजबुत तुल्याउने तथा अध्ययन, अनुसन्धान र तथ्यमा आधारित नीति निर्माण र विकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने कार्यलाई आफ्नो प्रमुख रणनीतिहरू बनाएको छ। सोह्रौं योजनाले निम्न १२ वटा विषयहरूलाई संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रहरू मानेको छ :

१. समष्टिगत आर्थिक आधारहरूको सवलीकरण र उच्च आर्थिक विकास
२. उत्पादन, उत्पादकत्व तथा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि
३. उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा
४. स्वस्थ, शिक्षित र सीपयुक्त मानव पूँजी निर्माण
५. गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आवद्धता
६. योजनाबद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास
७. लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज
८. प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास
९. गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण
१०. प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पूँजीगत खर्च क्षमता अभिवृद्धि
११. शासकीय सुधार तथा सुशासन प्रबर्द्धन
१२. जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र।

## १.७ सोह्रौं योजना र दिगो विकास लक्ष्य

नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू तथा एकल र साझा अधिकारका सूचीहरू, प्रदेश सरकारको कार्यसम्पादन नियमावली र अन्य कानूनहरूमा उल्लिखित प्रदेश सरकारको कार्य जिम्मेवारीभित्रका विषय क्षेत्रहरूमा योजनाबद्ध रूपमा उपलब्ध स्रोत र साधनहरूको समन्यायिक विनियोजन गरी नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउनु प्रदेश सरकारको प्रमुख जिम्मेवारी हो। यी जिम्मेवारीका साथै सोह्रौं योजना र सन् २०३० सम्ममा पूरा गर्ने भनी नेपालले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यबीच पनि सामञ्जस्यता कायम गर्न अपरिहार्य हुन्छ।

दिगो विकासका १७ वटा लक्ष्यहरूमध्ये आधारभूत आवश्यकतासँग सम्बन्धित चार वटा लक्ष्य (लक्ष्य १, २, ६ र ७), मानवीय क्षमता र संस्थागत अभ्याससँग सम्बन्धित दुई वटा लक्ष्य (लक्ष्य ३ र ४), उच्च मानवीय आकाङ्क्षासँग सम्बन्धित तीन वटा लक्ष्य (लक्ष्य ५, १० र १६), दिगो प्रगतिको साधनको रूपमा

चार वटा लक्ष्य (लक्ष्य ८, ९, ११ र १२), भविष्यको समृद्धिको चुनौतीसँग सम्बन्धित तीन वटा लक्ष्य (लक्ष्य १३, १४ र १५) र दिगो विकास लक्ष्य लागू गर्ने साधनको सबलीकरणसँग सम्बन्धित एउटा लक्ष्य (लक्ष्य १७) रहेका छन्। यिनलाई पनि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र शासकीय र अन्तरसम्बन्धित क्षेत्रका रूपमा पनि वर्गीकरण गर्न सकिन्छ।

नेपालले दिगो विकास लक्ष्य कार्यान्वयनको भावी मार्गचित्र २०१६ देखि २०३० सम्म निर्धारण गरी कार्यान्वयन गरिरहेको छ। सुदूरपश्चिम प्रदेश सरकारले पनि मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्य संकेतीकरण गरी प्रदेश बजेटले कुन लक्ष्यमा कति योगदान गरेको छ भन्ने लेखाजोखा गर्ने गरेको छ। तसर्थ, दोस्रो पञ्चवर्षीय योजनालाई पनि दिगो विकास लक्ष्यसँग सामञ्जस्यता कायम गर्न आवश्यक छ।

## १.८ दोस्रो पञ्चवर्षीय योजना तर्जुमा विधि, प्रक्रिया र आधारहरू

दोस्रो पञ्चवर्षीय योजनाको तर्जुमाका लागि प्रदेश नीति तथा योजना आयोगद्वारा तयार गरिएको दोस्रो आवधिक योजनाको अवधारणा पत्र तथा पहिलो पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा प्रतिवेदनलाई प्रमुख आधारका रूपमा लिइएको छ। योजना निर्माण प्रक्रियामा योजनासँग सम्बन्धित विभिन्न नीति, योजना तथा अध्ययन दस्तावेजहरूको समीक्षा गर्नुका साथै प्रमुख सरोकारवालाहरूसँग व्यापक छलफल र परामर्श गरिएको थियो। दोस्रो पञ्चवर्षीय योजना तर्जुमाका क्रममा सम्पन्न भएका प्रमुख बैठक तथा छलफलहरूको सङ्क्षिप्त विवरण **अनुसूची-३** मा तथा योजना निर्माणका क्रममा अवलम्बन गरिएका प्रमुख आधारहरूको विवरण **अनुसूची-४** मा समावेश गरिएको छ।

## १.९ दोस्रो पञ्चवर्षीय योजना तर्जुमा र कार्यान्वयनका सीमाहरू

दोस्रो पञ्चवर्षीय योजना तर्जुमा प्रक्रियामा विभिन्न स्रोतहरूको समीक्षा, सरोकारवालाहरूसँगको परामर्श तथा उपलब्ध प्रतिवेदनहरूलाई आधार मानिएको भए पनि केही व्यवहारिक तथा संरचनागत सीमाहरू रहेका छन्। केही क्षेत्रहरूमा अद्यावधिक, विश्वसनीय तथा विच्छेदित तथ्याङ्कको अभावका कारण यथार्थपरक अवस्था विश्लेषण तथा लक्ष्य निर्धारणमा चुनौती रह्यो। वित्तीय तथा प्राविधिक स्रोतहरूको उपलब्धता समयक्रममा परिवर्तनशील हुन सक्ने भएकाले योजनामा समावेश कार्यक्रमहरूको पूर्ण कार्यान्वयनमा चुनौती उत्पन्न हुन सक्छ। राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा सङ्घीय तहका लागि आर्थिक वर्ष २०८२/८३ मा गरिएको प्रारम्भिक प्रक्षेपण तथा प्रदेश तहको आर्थिक वर्ष २०८१/८२ को प्रारम्भिक कुल गार्हस्थ्य उत्पादनलाई आधार मानी सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाका लागि आगामी पाँच आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादन प्रक्षेपण गरिएको छ।

परिच्छेद तीनमा प्रस्तुत आर्थिक प्रक्षेपणहरू योजना अवधिभर अर्थतन्त्रमा कुनै ठूलो अवरोध नआउने निम्न सामान्य अवस्थाको परिकल्पनामा आधारित रहेका छन्:

❖ **प्राकृतिक अनुकूलताः** योजना अवधिभर प्रदेशको आर्थिक वृद्धिदरमा भूकम्प, बाढी, पहिरो वा खडेरीजस्ता ठूला प्राकृतिक विपत्तिहरूको उल्लेखनीय प्रभाव पर्ने छैन।

- **राजनीतिक तथा सामाजिक स्थिरताः** राजनीतिक बन्द, हड्ताल वा अन्य कुनै पनि प्रकारका अवरोधात्मक गतिविधिहरूबाट प्रदेशको आर्थिक गतिविधिमा नकारात्मक असर पर्ने छैन।
- **स्थिर अन्तर्राष्ट्रिय वातावरणः** रूस-युक्रेन तथा अमेरिका-इरानलगायत विश्वका विभिन्न क्षेत्रमा जारी युद्ध र तनावहरू यो योजना अवधि सुरु हुनु अगावै समाप्त हुनेछन्, जसका कारण नेपाल तथा यस प्रदेशको अर्थतन्त्रमा कुनै बाह्य धक्का लाग्ने छैन।

## १.१० दोस्रो पञ्चवर्षीय योजनाको ढाँचा

दोस्रो पञ्चवर्षीय योजनालाई दश वटा परिच्छेदमा संरचित गरिएको छ। परिच्छेद-१ मा योजनाको परिचय प्रस्तुत गरिएको छ भने परिच्छेद-२ मा प्रदेशको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यहरू समावेश गरिएका छन्। परिच्छेद-३ मा समष्टिगत आर्थिक क्षेत्रका विषयवस्तुहरू समेटिएका छन् भने परिच्छेद-४ मा सार्वजनिक वित्त तथा लगानीसँग सम्बन्धित पक्षहरू उल्लेख गरिएका छन्।त्यसै गरी, परिच्छेद-५ मा आर्थिक विकास, परिच्छेद-६ मा सामाजिक विकास तथा परिच्छेद-७ मा पूर्वाधार विकाससम्बन्धी विषयहरू समावेश छन्। परिच्छेद-८ मा वन तथा वातावरण क्षेत्रका विषयवस्तुहरू प्रस्तुत गरिएको छ भने परिच्छेद-९ मा अन्तर सम्बन्धित विषयहरू समेटिएका छन्। परिच्छेद-१० मा योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थाहरू उल्लेख गरिएको छ। अन्त्यमा, अनुसूची-१ मा नतिजा खाका, अनुसूची-२ मा योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा, अनुसूची-३ मा मुख्य बैठक तथा छलफल कार्यक्रमहरूको विवरण, अनुसूची-४ मा दोस्रो पञ्चवर्षीय योजना तयारीका क्रममा अवलम्बन गरिएका प्रमुख आधारहरू र अनुसूची-५ मा राष्ट्रिय तथा प्रदेश गौरव र ठुला आयोजनाहरूसम्बन्धी विवरण उल्लेख गरिएको छ।

परिच्छेद-दुई

# प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

## २.१ पृष्ठभूमि

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणालीअनुसार प्रदेश सरकारलाई आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय व्यवस्थापन, सुशासन तथा संस्थागत विकाससम्बन्धी महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ। सुदूरपश्चिम प्रदेश भौगोलिक विविधता, प्राकृतिक तथा जैविक स्रोतसाधन, सांस्कृतिक सम्पदा र युवा जनशक्तिको दृष्टिले अत्यन्त सम्भावनायुक्त प्रदेशका रूपमा रहेको भए तापनि संस्थागत तथा संरचनागत कमी, गुणस्तरीय पूर्वाधारको सीमित पहुँच, परम्परागत कृषि प्रणाली, न्यून औद्योगिकीकरण, बेरोजगारी तथा सामाजिक असमानता जस्ता चुनौतीहरू अझै विद्यमान रहेका छन्। कृषि, वन, पर्यटन, जलस्रोत र मानव संसाधन जस्ता पर्याप्त सम्भावना हुँदाहुँदै पनि ती सम्भावनालाई कार्यान्वयनमा ल्याउन सकिएको छैन। कमजोर संस्थागत क्षमता, अन्तर-तहगत तथा मौजुदा सरकारी, निजी, सहकारी तथा गैरसरकारी संस्थासँगको अन्तर समन्वयको कमी, लगानीकर्ता आकर्षित गर्न नसक्नु, निजी क्षेत्रको सीमित सहभागिता, पूर्वाधारको अपर्याप्तता तथा दक्ष जनशक्तिको समुचित परिचालनमा कमी, हिमाली र पहाडी क्षेत्रबाट भइरहेको तीव्र बसाइसराइ तथा तराईको अव्यवस्थित बसोबास, युवा बेरोजगारी, जलवायु परिवर्तन आदि प्रदेशका मुख्य समस्याहरूका रूपमा रहेका छन्।

यस सन्दर्भमा, नेपालको संविधान, नेपाल सरकारको सोह्रौं योजना, प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपाल सरकारबाट हालसालै जारी गरिएका सुशासनको मार्ग चित्र र प्रतिबद्धता पत्र, प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको मध्यावधि समीक्षा प्रतिवेदन, विभिन्न क्षेत्रका विज्ञ, सरोकारवाला र विकास साझेदारहरूसँगको अन्तरक्रियाबाट प्राप्त सुझावलाई आधार मानी, तथ्यमा आधारित, समावेशी, परिणाममुखी र दिगो विकासमा केन्द्रित **दोस्रो पञ्चवर्षीय योजना** तयार गरिएको छ। यस योजनाले सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय, सार्वजनिक-निजी साझेदारी र विकास साझेदारसँगको सहकार्यलाई प्राथमिकता दिनेछ।

प्रदेशको पहिलो पञ्चवर्षीय योजनाबाट प्राप्त अनुभव, असल अभ्यास तथा सिकाइलाई आधार बनाउँदै बदलिँदो आर्थिक, सामाजिक तथा जलवायु परिवर्तनका सन्दर्भहरूलाई आत्मसात् गरी योजनाबद्ध विकास प्रक्रियालाई थप प्रभावकारी र परिणाममुखी बनाउने उद्देश्यले दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गरिएको हो। प्रस्तुत योजनाले प्रदेशको समृद्धि, समावेशी तथा दिगो विकास, सुशासन र सामाजिक न्यायको लक्ष्य हासिल गर्न मार्गदर्शन गर्ने नीति, रणनीति तथा कार्यक्रमहरूको समग्र मार्गचित्र प्रस्तुत गरेको छ।

## २.२ दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा

नेपालको संविधान, सोह्रौं योजना, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, पहिलो आवधिक योजनाको अनुभव र सिकाइसमेतलाई ध्यानमा राखी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको समष्टिगत खाका देहायबमोजिम हुनेछ।

### २.२.१ दीर्घकालीन सोच

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच **"समुन्नत सुन्दर सुदूरपश्चिम"** हुनेछ। समुन्नत र सुन्दरको परिभाषा निम्नानुसार गरिएको छ।

| | |
|---|---|
| समुन्नत | आर्थिक रूपमा सबल र उत्पादनमुखी, सामाजिक रूपमा समावेशी, न्यायपूर्ण तथा गुणस्तरीय जीवन सुनिश्चित भएको, आवश्यक पूर्वाधारमा पहुँच, सुशासन, पारदर्शिता र समन्यायिक प्रणालीमा आधारित, स्वरोजगार र उत्पादकत्व अभिवृद्धिमार्फत सुदृढ ग्रामीण तथा सहरी अर्थतन्त्र निर्माण भएको, सुखी, खुशी, स्वाभिमान र सम्मानपूर्ण जीवनयापन गर्न सक्षम तथा आन्तरिक एवम् बाह्य चुनौती सामना गर्न उत्थानशील र दिगो विकास हासिल गरेको अवस्था |
| सुन्दर | समृद्ध प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रबर्द्धन भएको, देवस्थल तथा तपोभूमिको महत्त्व कायम रहेको, सामाजिक मूल्य-मान्यता, लोकसाहित्य, परम्परा, स्वच्छ र सन्तुलित पर्यावरण, विविध पर्यटन सम्भावना र सभ्य तथा सुग्घर/सुथरो जीवनशैलीले समृद्ध पहिचान निर्माण गरेको आकर्षक, सुसंस्कृत र जीवन्त अवस्था |

### २.२.२ लक्ष्य

प्रदेशबासीको गुणस्तरीय जीवन सुनिश्चित गर्ने।

### २.२.३ उद्देश्य

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको दीर्घकालीन सोच र लक्ष्य हासिल गर्न निम्नानुसारका प्रमुख सात वटा उद्देश्यहरू निर्धारण गरिएको छ :

१. उत्पादन र उत्पादकत्व वृद्धि, गरिबी निवारण, रोजगारी र आयस्तरमा सुधार गर्नु,
२. गुणस्तरीय, सहज, सुरक्षित र दिगो पूर्वाधार विकास गर्नु,
३. स्वस्थ, सक्षम, सम्मानजनक जीवनयापन सुनिश्चित गर्नु,
४. जलवायु अनुकुलन, जैविक विविधताको संरक्षण, संवर्द्धन र प्राकृतिक स्रोतको दिगो उपयोग गर्नु,
५. सार्वजनिक सेवामा पहुँच र प्रवाहलाई पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउनु,
६. विपद् जोखिम न्यूनीकरण गर्नु,
७. प्रविधिमैत्री प्रदेशको विकास गर्नु।

## २.२.४ समष्टिगत रणनीति

यस प्रदेशको समग्र विकासका लागि पहिचान गरिएको उद्देश्य प्राप्त गर्न समष्टिगत रूपमा निम्नानुसार रणनीतिहरू तय गरिएका छन्।

१. कृषि, पर्यटन, उद्योग र सेवा केन्द्रित मूल्यश्रृङ्खला विकास, **लगानी प्रवर्द्धन** र उद्यमशीलता विकासमार्फत रोजगारी सिर्जना र दिगो आर्थिक वृद्धि हासिल गर्ने।

२. हरित र विपद् उत्थानशील विकासलाई प्राथमिकता दिई भौगोलिक सन्तुलनसहित यातायात, ऊर्जा, सिँचाइ, खानेपानी, डिजिटल तथा सहरी-ग्रामीण **पूर्वाधार विकास** गर्ने।

३. सांस्कृतिक सम्पदाको संबर्द्धन, गुणस्तरीय स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र रोजगारीमा समान पहुँच सुनिश्चित गर्दै **मानव क्षमताको** समग्र विकास गर्ने।

४. समुदायमा आधारित, पारिस्थितिक प्रणालीमैत्री र जलवायु उत्थानशील प्राकृतिक स्रोत व्यवस्थापन प्रणाली विकास गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा **प्राकृतिक स्रोतको दिगो उपयोग** सुनिश्चित गर्ने।

५. सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित, पारदर्शी, परिणाममुखी बनाउदै संस्थागत क्षमता सुदृढ गरी सुशासन प्रबर्द्धन गर्ने।

६. जोखिम पहिचान, पूर्वतयारी, सुरक्षित पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण तथा संस्थागत क्षमता सुदृढीकरणमार्फत एकीकृत विपद् जोखिम न्यूनीकरण प्रणाली विकास गर्ने।

## २.२.५ क्षेत्रगत रणनीति

उद्देश्य तथा समष्टिगत रणनीतिसँग सम्बन्धित विषयक्षेत्रगत रणनीतिहरू निम्नानुसार निर्धारण गरिएको छ।

### १. आर्थिक विकास

१.१ कृषि, पर्यटन, जलस्रोत, उद्यमशीलता र सेवा क्षेत्रको विकासबाट रोजगारी सृजना गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

१.२ भूमि नीतिमार्फत भूमि क्षेत्रको खण्डीकरण रोक्ने, बाँझो जमिनको उपयोग गर्ने, भू-उपयोग नीति तयार गरी कार्यान्वयन गर्ने।

१.३ उद्यमशील जनशक्तिको विकास गरी सीप, पूँजी, प्रविधि र बजारसँग आबद्ध गरी स्वरोजगारको अवसर सृजना गर्ने।

१.४ खानी तथा खनिजको अन्वेषण गरी दिगो उपयोग गर्ने।

### २. पूर्वाधार विकास

२.१ सुरक्षित तथा वातावरणमैत्री यातायात पूर्वाधारको दिगो विकास र सञ्जाल विस्तार गरी सर्वयाम पहुँच पुर्‍याउने।

२.२ यातायात सेवालाई सुरक्षित, भरपर्दो र सुलभ बनाउने।

२.३ पर्यटन पूर्वाधारमार्फत नागरिकको आय र जीवनस्तरमा सुधार गर्ने।

२.४ सुरक्षित, पर्यावरणमैत्री आवासको प्रबर्द्धन र प्रोत्साहन गर्ने।

२.५ खानेपानीको स्रोत संरक्षण गरी स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचका लागि एक घर एक धारा, एक चर्पी सुनिश्चित गर्ने।

२.६ सार्वजनिक सेवा प्रदायक निकायमा इन्टरनेटको पहुँचका साथै सबै क्षेत्रका नागरिकलाई सञ्चार सेवा तथा प्रविधिसँग आवद्ध गर्ने।

२.७ वैकल्पिक ऊर्जा, जलस्रोतको दिगो व्यवस्थापन गरी खानेपानी, सिँचाइ, जलविद्युत जस्ता क्षेत्रमा बहुउपयोग गर्ने।

२.८ भवन, बस्ती विकास र सहरीकरणलाई व्यवस्थित गर्ने।

## ३. सामाजिक विकास

३.१ भाषा, कला, संस्कृति, ललितकला, लोकसाहित्य, ऐतिहासिक तथा पूरातात्त्विक सम्पदा र परम्परागत ज्ञानको संरक्षण र विकास गरी प्रदेशको पहिचान सुदृढ गर्ने।

३.२ सामाजिक बञ्चितीकरणमा रहेका विशेषगरी दलित, सोनाहा, खोनाहा, राउटे, राजी, कुमाललगायतका अल्पसङ्ख्यक समुदायको सामाजिक र आर्थिक सशक्तीकरण गर्ने।

३.३ शिक्षण संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापन, छात्रा तथा अपांगतामैत्री पूर्वाधार विकास सहितको उपयुक्त वातावरण सृजना गर्ने।

३.४ उच्च शिक्षालाई गुणस्तरीय प्रविधि सहितको व्यावसायिक, जीवनउपयोगी र संस्कारयुक्त शिक्षा प्रदानमा जोड दिने।

३.५ शिशु, मातृ, बालबालिकाको पोषण सुनिश्चितता सहित ज्येष्ठ नागरिकको सम्मानजनक जीवनयापन सुनिश्चित गर्ने।

३.६ प्रदेशमा खेलकुद पूर्वाधारको विकास गरी युवाहरूलाई खेलकूदमा आकर्षण गर्ने वातावरण सृजना र व्यावसायिकता विकास गरी खेलाडीको सम्मानित जीवनयापन सुनिश्चित गर्ने।

३.७ नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँचका लागि अन्तरस्थानीय तह र प्रदेशको सहकार्यमा दक्ष जनशक्ति एवम् प्रविधि सहितको गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्ने,

३.८ प्रदेशको आवश्यकता परिपूर्ति गर्न सक्ने विशेषता भएको विज्ञान तथा प्रविधि विश्वविद्यालयलगायत अन्य उच्च शिक्षण संस्थाको स्थापना तथा विकास गर्ने।

३.९ ग्रामीण केन्द्रित सुविधा विस्तार गर्ने।

३.१० बसाइसराइको समस्यालाई सम्बोधनका लागि पहल गर्ने।

## ४. वन तथा वातावरण

४.१ प्राकृतिक स्रोत साधनको संरक्षण संबर्द्धन, दिगो उपयोगमार्फत आयआर्जन र पारिस्थितिकीय प्रणालीमा योगदान पुऱ्याउने।

४.२ वनको बैज्ञानिक व्यवस्थापन गर्ने।

४.३ प्रदेशमा भएका जडिबुटीसम्बन्धी अध्ययन अनुसन्धान गरी त्यसको प्रबर्द्धन, प्रशोधन र बजारीकरणको व्यवस्थापन गर्ने।

४.४ जलवायु परिवर्तन अनुकूलन राष्ट्रिय नीतिलाई प्रदेशमा स्थानीयकरण गर्ने।

४.५ चुरे, भावर, सिमसार, जलाधार क्षेत्रको संरक्षण र खोला तथा नदीको स्वच्छता कायम गर्ने।
४.६ पानीको मुहान संरक्षण, पानीको पुनर्भरणका लागि प्राकृतिक तथा मानव निर्मित पोखरीहरूको संरक्षण र विकास गर्ने।
४.७ विपद् व्यवस्थापनलाई अन्तरविषयक सवालको रूपमा विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गर्ने।
४.८ जोखिम पहिचान तथा पूर्वतयारी सुदृढीकरण गर्ने।
४.९ सुरक्षित तथा उत्थानशील पूर्वाधार विकास गर्ने।
४.१० प्राकृतिक स्रोत संरक्षण तथा जलवायु अनुकूलन प्रबर्द्धन गर्ने।

**५. अन्तरसम्बन्धित**

५.१ सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, सेवाग्राहीमैत्री, प्रविधिमैत्री (इ-गभरनेन्स), पहुँचयोग्य, पारदर्शी, जवाफदेही र नतिजामुखी बनाउने।
५.२ सार्वजनिक जवाफदेहिता र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने।
५.३ कार्यसम्पादन प्रणालीलाई व्यवस्थित गर्दै सूचनाको हक सुनिश्चित गर्ने।
५.४ सार्वजनिक सेवा प्रवाहलाई एकद्वार प्रणालीमार्फत सहज र सुलभ बनाउने।
५.५ योजना व्यवस्थापन (योजना तर्जुमा, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन) प्रणालीलाई पूर्वअनुमानयोग्य र प्रभावकारी बनाउने।
५.६ सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउने।
५.७ राजश्व सुधार कार्ययोजनामार्फत सम्भाव्य राजस्वको आधार एवम् स्रोत पहिचान तथा परिचालन गर्ने।
५.८ एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको स्थापना र विकास गर्ने।
५.९ प्रशासनिक संरचनाको समीक्षा र पुनर्संरचना गरी सेवा प्रवाहलाई एकद्वार प्रणालीद्वारा व्यवस्थापन गरी मितव्ययी बनाउने।
५.१० संस्थागत सुदृढीकरण, समन्वय तथा जनचेतना अभिवृद्धि गर्ने

## २.३ प्रदेश रूपान्तरणका संवाहकहरू

दोस्रो पञ्चवर्षीय योजनाका लागि प्रदेश रुपान्तरणका संवाहकहरू निम्नानुसार हुने छन्।

- सुशासन प्रबर्द्धन
- दक्ष, सक्षम र प्रतिस्पर्धी मानव संसाधन विकास
- उद्यमशीलता विकास, गरिबी निवारण र रोजगारी सिर्जना
- राजस्व वृद्धि र वित्तीय सुदृढीकरण
- दिगो, वातावरणमैत्री, उत्थानशील, सन्तुलित तथा समावेशी विकास
- तीन तहका सरकार एवम् अन्तर निकाय (सरकारी, गैरसरकारी, निजी, सहकारी तथा विकास साझेदार) बीच अन्तरसम्बन्ध सुदृढीकरण, समन्वय र सहकार्य
- गुणस्तरीय सेवा, पूर्वाधार र जीविकोपार्जनका अवसरसहित बस्नलायक गाउँ विकास।
- डिजिटल प्रदेशको विकास

## २.४ प्रदेशका प्राथमिकताहरू

- कृषि तथा पशुपालन
- उद्योग तथा उद्यमशीलता
- जलस्रोत तथा ऊर्जा
- सुशासन तथा संस्थागत क्षमता विकास
- सामाजिक विकास
- दिगो पूर्वाधार विकास
- पर्यटन विकास
- सूचना तथा सञ्चार प्रविधिको विकास
- वन, वातावरण र पर्यावरण तथा जडीबुटी प्रबर्द्धन

## २.५ मध्यमकालीन खर्च र वार्षिक कार्यक्रमसँगको सम्बद्धता

दोस्रो पञ्चवर्षीय योजना आर्थिक वर्ष २०८३/८४ का लागि तर्जुमा हुने नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमा यसै दोस्रो पञ्चवर्षीय योजनालाई आधार मानी तयार गरिनेछ। त्यसपछिका चार वर्षमा समेत योजनासँग तादात्म्यता कायम हुने गरी वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनमा जोड दिइनेछ।

यस योजनाले सुदूरपश्चिम प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्नेछ। साथै, स्थानीय तहका आवधिक योजना तर्जुमा प्रक्रियालाई दिशानिर्देश गर्नेछ। योजनाका माध्यमबाट सुदूरपश्चिम प्रदेश सरकारको बजेट तर्जुमा तथा प्रभावकारी कार्यान्वयनमा समेत उल्लेखनीय सहयोग पुग्नेछ।

## २.६ जोखिम र अनुमान

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयन प्रक्रियामा विविध प्रकारका जोखिमहरू रहने सम्भावना देखिन्छ। यी जोखिममध्ये सबैभन्दा प्रमुख जोखिम वित्तीय पक्षसँग सम्बन्धित छ। आन्तरिक राजस्व अपेक्षाभन्दा कम सङ्कलन हुनु, सङ्घीय बजेटको आकार खुम्चिनु, सङ्घीय अनुदान विनियोजन बमोजिम समयमै प्राप्त नहुनु, पूँजीगत बजेटको न्यून कार्यान्वयन दर रहनु तथा विकास साझेदारहरूको सहयोग अपेक्षित हुन नसक्नु जस्ता कारणहरूले योजना कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पार्न सक्छन्।

यसैगरी, प्राविधिक तथा दक्ष जनशक्तिको अभाव, कर्मचारीहरूको छिटो-छिटो सरुवा तथा स्थायित्त्वसम्बन्धी समस्या, सङ्घ-प्रदेश-स्थानीय तहबीच समन्वयमा कमी तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न नसक्नु जस्ता कारणले पनि योजनाका लक्ष्य तथा सूचकहरू हासिल गर्न चुनौती सिर्जना गर्न सक्छन्।

आर्थिक तथा बजारसँग सम्बन्धित जोखिमहरू पनि उत्तिकै चुनौतीपूर्ण छन्। राष्ट्रिय वा अन्तर्राष्ट्रिय आर्थिक मन्दी, मुद्रास्फीति वृद्धि, निजी क्षेत्रको लगानीमा कमी, उत्पादन तथा रोजगारी क्षेत्रमा सुस्तता जस्ता

अवस्थाले प्रदेशको समग्र आर्थिक गतिविधिमा नकारात्मक असर पार्न सक्छन्। साथै, भूकम्प, बाढी, पहिरो, खडेरीजस्ता प्राकृतिक विपद्, जलवायु परिवर्तनका प्रभाव तथा सम्भावित महामारीजस्ता वातावरणीय र स्वास्थ्यसम्बन्धी जोखिमहरूले पनि विकास प्रयासमा अवरोध उत्पन्न गर्न सक्छन्।

राजनीतिक अस्थिरता, नीतिगत निरन्तरतामा कमी तथा योजनाले तय गरेका प्राथमिकतामा परिवर्तन आउने सम्भावनाले पनि कार्यान्वयन प्रक्रियालाई प्रभावित पार्न सक्छ। सामाजिक तथा राजनीतिक संवेदनशील विषयहरूलाई समयमै समुचित रूपमा सम्बोधन गर्न नसकिएमा थप जटिलता सिर्जना हुन सक्छ। सङ्घीय शासन प्रणाली नेपालका लागि अपेक्षाकृत नयाँ अभ्यास भएकाले यसको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहँदा पनि योजना कार्यान्वयनमा असर पर्न सक्ने सम्भावना विद्यमान छ।

यद्यपि, योजना कार्यान्वयन केही महत्त्वपूर्ण अनुमानहरूमा आधारित रहेको छ। नेपाल सरकारबाट नियमित तथा पर्याप्त अनुदान प्राप्त हुने, आन्तरिक राजस्वमा क्रमिक वृद्धि हुने तथा पूँजीगत खर्चको कार्यान्वयन दरमा सुधार आउने अपेक्षा गरिएको छ। आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्ति उपलब्ध रहने, तीनै तहका सरकारबीच प्रभावकारी समन्वय कायम रहने तथा सुशासन, पारदर्शिता र जवाफदेहिता सुदृढ हुने विश्वास गरिएको छ।

त्यसैगरी, निजी क्षेत्रको लगानीमा वृद्धि हुने, कृषि, पर्यटन, उद्योग तथा पूर्वाधार क्षेत्रमा सकारात्मक प्रगति हुने र रोजगारी सिर्जनामा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ।

समग्रमा, पहिचान गरिएका जोखिमहरूको समयमै पहिचान, मूल्याङ्कन तथा प्रभावकारी व्यवस्थापन गर्दै उल्लेखित अनुमानहरूको यथार्थपरक कार्यान्वयन गर्न सकिएमा सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले प्रदेशको आर्थिक समृद्धि, सामाजिक न्याय तथा दिगो विकासका लक्ष्यहरू हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## २.७ परिमाणात्मक लक्ष्य

सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको दीर्घकालीन सोंचलाई साकार पार्न तय गरिएका रूपान्तरणकारी रणनीतिहरू तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू कार्यान्वयन गर्दा योजना अवधिमा हासिल हुने परिमाणात्मक उपलब्धिलाई **तालिका २.१** प्रस्तुत गरिएको छ।

**तालिका २.१ : सुशासन, समृद्धि र सामाजिक न्यायका लक्ष्यहरू**

| क्र.स. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धि दर (आधारभूत मूल्य) | प्रतिशत | ३.२ | ६.७ | ६.८ | रा.त.का. | ७.३ |

| क्र.स. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| २ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५४७ | ०.६०७ | ०.६२७ | रा.यो.आ. | ०.६५० |
| ३ | निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या | प्रतिशत | ३४.१६ | २९.८० | २३.१० | रा.त.का. | १२ |
| ४ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९०३ | ०.९३७ | ०.९५० | रा.यो.आ. | ०.९६७ |
| ५ | प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | ११८२ | ११७० | १५१९ | रा.त.का. | २३५१ |
| ६ | सम्पत्तिमा आधारित जिनी गुणक | सूचकाङ्क | ०.३२ | ०.३० | ०.२९ | रा.यो.आ. | ०.२९ |
| ७ | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ७.०० | ८.१० | ८.९० | सङ्घीय आर्थिक सर्वेक्षण | - |
| ८ | कुल गार्हस्थ्य उत्पादन | रु. करोडमा | ४४११४ | ५५१८५ | ६२९९१ | प्रदेश आर्थिक सर्वेक्षण | १०३०७३२ |
| १० | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३.९ | ९३.० | ८८.४ | | ९१.५ |
| ११ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ६.१ | ६.३ | ११.६ | | ८.५ |
| १२ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व परिचालन | प्रतिशत | ०.३२ | ०.३७ | ०.४१ | आर्थिक मामिला मन्त्रालय | २३.५ |
| १३ | प्राथमिक क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.८ | ४.० | ३.७ | प्रदेश आर्थिक सर्वेक्षण | ४.१ |
| १४ | द्वितीय क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.० | ९.४ | ९.६ | रा.त.का. | ११.३ |
| १५ | सेवा क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.९ | ७.० | ७.१ | रा.त.का. | ७.२ |

| क्र.स. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १६ | अपेक्षित आयु (जन्म हुँदाको) (वर्ष) | वर्ष | ७१.३ | ७३.० | ७४.० | रा.त.का. | ७३ |
| १७ | साक्षरता दर | प्रतिशत | ७६.२ | ८५.० | ८६.३ | रा.त.का. | ८५ |
| १८ | कुल गार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान | प्रतिशत | ३.४ | ३.८ | ४.० | प्रदेश आर्थिक सर्वेक्षण | ८.१ |
| १९ | कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान | प्रतिशत | १.५ | १.६ | १.५ | राष्ट्रिय योजना आयोग | ५ |
| २० | विद्युत पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ८६.६ | ९०.० | ९५.० | | १०० |
| २१ | ३० मिनेटसम्मको दुरीमा सार्वजनिक यातायात पहुँच भएको परिवार | प्रतिशत | ९१.७० | ९३.० | ९५.० | प्रदेश आर्थिक सर्वेक्षण | ९५.० |
| २२ | इन्टरनेट (४ जी-एलटीइ) सेवा प्रयोगकर्ता | प्रतिशत | ४७.८० | ६०.०० | ९५.० | | १०० |
| २३ | कुल भू-भागमा वन क्षेत्रको हिस्सा | प्रतिशत | ५३.५६ | ५३.५६ | ५३.५६ | प्रदेश आर्थिक सर्वेक्षण | - |
| २४ | भ्रष्टाचार अनुभूति सूचकाङ्क | प्राप्ताङ्क | ३४ | ४३ | ४५ | ट्रान्सपरेन्सी इन्टरनेशनल प्रतिवेदन | ४३ |
| २५ | प्रदेश सभामा महिला प्रतिनिधित्व | प्रतिशत | ३३.९ | ४० | ४० | निर्वाचन आयोगको प्रतिवेदन | ४० |
| २६ | स्थानीय तहमा महिला प्रतिनिधित्व | प्रतिशत | ४१.२१ | ४५ | ४५ | | ४५ |

## परिच्छेद - तीन

# समष्टिगत आर्थिक क्षेत्र

### ३.१ आर्थिक वृद्धिदर

प्रथम पञ्चवर्षीय योजनाले औसत वार्षिक १०.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको थियो। योजनाको प्रक्षेपणअनुसार आर्थिक वृद्धिदर प्रथम वर्षः ८.६ प्रतिशत, दोस्रो वर्षः १०.५ प्रतिशत, तेस्रो वर्षः १०.६ प्रतिशत, चौथो वर्षः ११.३ प्रतिशत र अन्तिम वर्षः ११.५ प्रतिशत हुने अनुमान थियो। यद्यपि, आन्तरिक तथा बाह्य विविध कारणले गर्दा योजना अवधिको औसत आर्थिक वृद्धिदर ३.२ प्रतिशतमा मात्र सीमित हुने देखिन्छ। यसरी हेर्दा, प्रथम योजनाको लक्ष्य यथार्थभन्दा निकै महत्त्वाकाङ्क्षी रहेको र वास्तविक उपलब्धि लक्ष्यको एक-तिहाइ भन्दा पनि कम हासिल भएको देखिन्छ।

नेपालमा विगतका आवधिक योजनाहरूमा आर्थिक वृद्धिदरको लक्ष्य उच्च रहने तर उपलब्धि न्यून रहने परम्परालाई तोड्दै यस प्रदेशको दोस्रो आवधिक योजनामा यथार्थपरक र प्राप्त गर्न सकिने आर्थिक वृद्धिदरको लक्ष्य प्रक्षेपण गर्न नन-लिनियर लिस्ट स्क्वायर मोडेल (Nonlinear Least Square Model) को प्रयोग गरिएको छ। आधार वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनका आधारमा सोही वर्षको स्थिर मूल्यमा आर्थिक वृद्धिदरका अनुमानहरू प्रक्षेपण गरिएको छ। योजना अवधिमा औसत आर्थिक वृद्धिदर ६.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ३.८ प्रतिशत, ९.३ प्रतिशत र ६.९ प्रतिशत हुने लक्ष्य राखिएको छ। **तालिका ३.१** मा क्षेत्रगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रस्तुत गरिएको छ।

### ३.२ कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत मूल्य अभिवृद्धिको योगदान

देशको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान ७.० प्रतिशत रहेको छ। प्रथम आवधिक योजना अवधिमा यस प्रदेशको अर्थतन्त्रको संरचनामा सामान्य परिवर्तन आएको छ। आधार वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ३६.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ वर्षसम्म आइपुग्दा ३३.७ प्रतिशत हुन पुगेको छ। निर्माण क्षेत्र सङ्कुचित भएको तथा उत्पादनमूलक उद्योगको योगदान बढ्न नसकेका कारण द्वितीय क्षेत्रको योगदान घट्न पुगेको छ। आधार वर्षमा १३.९ प्रतिशत रहेको द्वितीय क्षेत्रको योगदान घटेर १३.१ प्रतिशत हुन आएको छ तर तृतीय क्षेत्रको योगदान ५०.१ प्रतिशतबाट वृद्धि भई ५३.१ प्रतिशत हुन पुगेको छ।

तालिका ३.१ : आ.व. २०८१/८२ को स्थिर मूल्यमा प्रदेशको आर्थिक वृद्धिदरको लक्ष्य (प्रतिशत)

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | आ.व. २०८२/८३ को प्रारम्भिक अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | | योजना अवधिको औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | |
| **१** | **प्राथमिक क्षेत्र** | **२.८** | **२.१** | **४.९** | **३.२** | **४.०** | **३.६** | **३.७** | **३.८** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | २.७ | २.१ | ४.८ | ३.१ | ४.० | ३.६ | ३.७ | ३.८ |
| १.२ | खानी तथा उत्खनन् | १.३ | ३.५ | ९.९ | ९.३ | ९.७ | ९.० | ९.८ | ९.६ |
| **२** | **द्वितीय क्षेत्र** | **२.०** | **४.५** | **९.०** | **९.१** | **९.४** | **९.५** | **९.६** | **९.३** |
| २.१ | उत्पादनमूलक उद्योग | १.५ | ५.३ | १०.४ | १०.१ | १०.५ | ९.८ | ९.७ | १०.१ |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ७.७ | ५.८ | १२.९ | १४.१ | १३.४ | १४.५ | १४.० | १३.८ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | ०.९ | ३.८ | ६.१ | ६.४ | ५.९ | ५.९ | ६.१ | ६.१ |
| २.४ | निर्माण | -०.२ | ३.९ | ७.६ | ७.८ | ८.२ | ८.५ | ८.८ | ८.२ |
| **३** | **सेवा क्षेत्र** | **२.९** | **३.०** | **६.९** | **६.८** | **७.०** | **६.८** | **७.१** | **६.९** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | २.४ | ६.१ | ७.९ | ९.१ | ८.१ | ८.० | ७.९ | ८.२ |
| ३.२ | यातायात तथा भण्डारण | ५.६ | ७.५ | ८.२ | ९.८ | ७.७ | ८.० | ८.१ | ८.३ |
| ३.३ | आवास तथा भोजन सेवा | ४.२ | ३.१ | ११.० | ११.५ | १३.१ | १२.० | १०.५ | ११.६ |
| ३.४ | सूचना तथा सञ्चार | ३.६ | ७.४ | ४.८ | ६.६ | ४.८ | ५.३ | ५.२ | ५.३ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | २.२ | ८.० | ७.० | ७.२ | ७.१ | ७.० | ६.९ | ७.० |
| ३.६ | घरजग्गा कारोबार | १.५ | २.१ | ६.९ | ५.७ | ५.९ | ६.४ | ६.३ | ६.२ |

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | आ.व. २०८२/८३ को प्रारम्भिक अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | | योजना अवधिको औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | २.५ | ४.७ | ४.६ | ४.७ | ४.६ | ५.५ | ५.३ | ४.९ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | २.१ | ६.० | ५.४ | ५.१ | ५.२ | ५.७ | ५.६ | ५.४ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ३.५ | -०.२ | ७.८ | ६.१ | ७.८ | ६.८ | ८.३ | ७.३ |
| ३.१० | शिक्षा | ३.० | १.८ | ५.१ | ५.० | ५.१ | ५.२ | ५.२ | ५.१ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.१ | ४.० | ६.६ | ७.२ | ६.६ | ७.१ | ६.६ | ६.८ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ३.४ | २.६ | ५.२ | ६.३ | ५.४ | ६.३ | ६.२ | ५.८ |
| **४** | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | **२.६** | **२.९** | **६.५** | **५.९** | **६.४** | **६.२** | **६.५** | **६.३** |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ८.५ | ४.७ | ९.५ | ८.९ | १०.२ | १०.० | १०.५ | ९.८ |
| | **कुल गार्हस्थ्य उत्पादन** | **३.२** | **३.३** | **६.९** | **६.३** | **६.९** | **६.७** | **७.०** | **६.८** |

**स्रोत** : सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३

**तालिका ३.२** मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन र मूल्य अभिवृद्धिको लक्ष्य प्रस्तुत गरिएको छ। अपेक्षित आर्थिक वृद्धिदर हासिल हुँदा प्रदेशको अर्थतन्त्र विस्तार भई दोस्रो पञ्चवर्षीय योजनाको अन्तिम वर्ष कुल गार्हस्थ्य उत्पादन (आधार वर्ष २०८१/८२ को मूल्यमा) ६ खर्ब २९ अर्ब ९१ करोड पुग्ने अनुमान छ। यसै अवधिमा आधारभूत मूल्यमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको मूल्य अभिवृद्धि क्रमशः १ खर्ब ६१ अर्ब ७९ करोड; ८२ अर्ब ९७ करोड र २ खर्ब ९६ अर्ब ४४ करोड (वस्तु तथा सेवा उत्पादनमा खुद कर रु. ८८ अर्ब ७० करोड बाहेक) भई प्रदेशको कुल गार्हस्थ्य उत्पादन ५ खर्ब ४१ अर्ब २० करोड पुग्ने अनुमान गरिएको छ।

**तालिका ३.२ : सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन तथा क्षेत्रगत मूल्य अभिवृद्धिको लक्ष्य (रु. करोडमा)**

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | आ.व. २०८२/८३ को अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
| **१** | **प्राथमिक क्षेत्र** | **१३०९८** | **१३३७४** | **१४०२५** | **१४४६७** | **१५०४८** | **१५५९६** | **१६१७९** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १३०१२ | १३२८५ | १३९२७ | १४३६० | १४९३० | १५४६८ | १६०३८ |
| १.२ | खानी तथा उत्खनन् | ८६ | ८९ | ९८ | १०७ | ११७ | १२८ | १४१ |
| **२** | **द्वितीय क्षेत्र** | **५०९३** | **५३२४** | **५८००** | **६३२६** | **६९१९** | **७५७३** | **८२९७** |
| २.१ | उत्पादनमूलक उद्योग | १६६९ | १७५७ | १९४० | २१३६ | २३६० | २५९० | २८४० |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ४५० | ४७६ | ५३७ | ६१३ | ६९५ | ७९६ | ९०७ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | १९८ | २०५ | २१८ | २३२ | २४५ | २६० | २७६ |
| २.४ | निर्माण | २७७७ | २८८६ | ३१०५ | ३३४६ | ३६१९ | ३९२८ | ४२७५ |
| **३** | **सेवा क्षेत्र** | **२०६१८** | **२१२१०** | **२२६८१** | **२४२२१** | **२५९१८** | **२७६७६** | **२९६४४** |

| क्र.सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | आ.व. २०८२/८३ को अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३०१८ | ३२०३ | ३४५४ | ३७६८ | ४०७२ | ४३९६ | ४७४२ |
| ३.२ | यातायात तथा भण्डारण | १३३१ | १४३२ | १५४९ | १७०२ | १८३३ | १९७९ | २१४० |
| ३.३ | आवास तथा भोजन सेवा | ७३९ | ७६२ | ८४६ | ९४४ | १०६७ | ११९५ | १३२१ |
| ३.४ | सूचना तथा सञ्चार | ५९१ | ६३५ | ६६६ | ७०९ | ७४४ | ७८३ | ८२३ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ९१४ | ९८७ | १०५६ | ११३२ | १२१२ | १२९६ | १३८५ |
| ३.६ | घरजग्गा कारोबार | ९९२ | १०१२ | १०८३ | ११४४ | १२११ | १२८८ | १३६९ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १६२ | १७० | १७८ | १८६ | १९५ | २०५ | २१६ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ५० | ५३ | ५६ | ५९ | ६२ | ६५ | ६९ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ५८९२ | ५८८२ | ६३४२ | ६७२५ | ७२५१ | ७७४२ | ८३८१ |
| ३.१ | शिक्षा | ५८२७ | ५९३१ | ६२३६ | ६५५० | ६८८६ | ७२४४ | ७६२० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ९२५ | ९६२ | १०२५ | १०९९ | ११७१ | १२५५ | १३३८ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | १७७ | १८१ | १९१ | २०२ | २१३ | २२७ | २४१ |
| ४ | **कुल गार्हस्थ्य उत्पादनमा (आधार मूल्यमा)** | **३८८१०** | **३९९०८** | **४२५०६** | **४५०१५** | **४७८८४** | **५०८४५** | **५४१२०** |
| ४.१ | वस्तु तथा सेवा उत्पादनमा खुद कर | ५३०४ | ५५५२ | ६०८१ | ६६२५ | ७३०० | ८०३१ | ८८७० |
| | **कुल गार्हस्थ्य उत्पादन** | **४४११४** | **४५४६१** | **४८५८७** | **५१६४०** | **५५१८५** | **५८८७६** | **६२९९१** |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३।

**तालिका ३.३** मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना प्रस्तुत गरिएको छ। दोस्रो पञ्चवर्षीय योजनाको लक्षित वृद्धिदर हासिल हुँदा यस प्रदेशको अर्थतन्त्रको संरचनामा पनि उल्लेख्य परिवर्तन हुने अनुमान गरिएको छ। आधार वर्षमा प्राथमिक क्षेत्रको योगदान ३३.७ प्रतिशतबाट योजना अवधिमा घटेर २९.९ प्रतिशत हुने अनुमान छ। प्राथमिक क्षेत्रका तुलनामा द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर उच्च रहने भएकाले प्राथमिक क्षेत्रको योगदानमा केही सङ्कुचन आए पनि द्वितीय र तृतीय क्षेत्रको योगदान वृद्धि हुने अनुमान छ। योजना अवधिको अन्तिम वर्ष द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः १५.३ र ५४.८ प्रतिशत हुने अनुमान रहेको छ।

**तालिका ३.३: आ.व. २०८१/८२ को स्थिर मूल्यमा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना (प्रतिशतमा)**

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | २०८२/८३ को अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ |
| **१** | **प्राथमिक क्षेत्र** | **३३.७** | **३३.५** | **३३.०** | **३२.१** | **३१.४** | **३०.७** | **२९.९** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३३.५ | ३३.३ | ३२.८ | ३१.९ | ३१.२ | ३०.४ | २९.६ |
| १.२ | खानी तथा उत्खनन् | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.२ | ०.३ | ०.३ |
| **२** | **द्वितीय क्षेत्र** | **१३.१** | **१३.३** | **१३.६** | **१४.१** | **१४.४** | **१४.९** | **१५.३** |
| २.१ | उत्पादनमूलक उद्योग | ४.३ | ४.४ | ४.६ | ४.७ | ४.९ | ५.१ | ५.२ |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १.२ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| २.४ | निर्माण | ७.२ | ७.२ | ७.३ | ७.४ | ७.६ | ७.७ | ७.९ |
| **३** | **सेवा क्षेत्र** | **५३.१** | **५३.१** | **५३.४** | **५३.८** | **५४.१** | **५४.४** | **५४.८** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ७.८ | ८.० | ८.१ | ८.४ | ८.५ | ८.६ | ८.८ |
| ३.२ | यातायात तथा भण्डारण | ३.४ | ३.६ | ३.६ | ३.८ | ३.८ | ३.९ | ४.० |

| क्र. सं. | क्षेत्रहरू | आधार वर्ष २०८१/८२ | २०८२/८३ को अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७ ८८ |
| ३.३ | आवास तथा भोजन सेवा | १.९ | १.९ | २.० | २.१ | २.२ | २.४ | २.४ |
| ३.४ | सूचना तथा सञ्चार | १.५ | १.६ | १.६ | १.६ | १.६ | १.५ | १.५ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | २.४ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.६ |
| ३.६ | घरजग्गा कारोबार | २.६ | २.५ | २.५ | २.५ | २.५ | २.५ | २.५ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ | ०.१ |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १५.२ | १४.७ | १४.९ | १४.९ | १५.१ | १५.२ | १५.५ |
| ३.१ | शिक्षा | १५.० | १४.९ | १४.७ | १४.६ | १४.४ | १४.२ | १४.१ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | २.४ | २.४ | २.४ | २.४ | २.४ | २.५ | २.५ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | ०.५ | ०.५ | ०.४ | ०.४ | ०.४ | ०.४ | ०.४ |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३

**अर्थतन्त्रमा पर्ने समष्टिगत प्रभावः** माथि **तालिका ३.३ मा** उल्लेख गरिएअनुसारको वृद्धिदर कायम हुँदा यस प्रदेशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ। **तालिका ३.४** अनुसार गैरकृषि क्षेत्रको तुलनामा कृषि क्षेत्रको वृद्धिदर न्यून हुँदा कृषि क्षेत्रको योगदान क्रमशः घटेर योजनाको अन्तिम वर्ष २९.६ प्रतिशत पुग्ने अनुमान छ भने गैरकृषि क्षेत्रको योगदान क्रमशः बढेर ७०.४ प्रतिशत पुग्ने अनुमान रहेको छ। हालको यस प्रदेशको जनसङ्ख्या वृद्धिदर यथावत् कायम रहेमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढेर १५१९ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

**तालिका ३.४ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना**

| क्र. सं. | परिसूचक | एकाइ | २०८१/८२ को अवस्था | २०८२/८३ को अनुमान | २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | | | | |
| १.१ | कृषि | प्रतिशत | २.७ | २.१ | ३.७ |
| १.२ | गैर कृषि | प्रतिशत | २.५ | ३.८ | ७.७ |
| २ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना | | | | |
| १.१ | कृषि | प्रतिशत | ३३.५ | ३३.४ | २९.६ |
| १.२ | गैर कृषि | प्रतिशत | ६६.५ | ६६.६ | ७०.४ |
| ३ | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | ११८२ | ११७०* | १५१९ |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३

** आर्थिक वर्ष २०८२/८३ मा अमेरिकी डलरको मूल्य अघिल्लो वर्षको तुलनामा अधिक वृद्धिको कारणले प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा ह्रास आउने अनुमान गरिएको छ। यद्यपि, नेपाली मुद्रामा अघिल्लो आर्थिक वर्षको तुलनामा २०८२/८३ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्ने अनुमान गरिएको छ।*

## ३.३ उपभोग तथा बचत

घरपरिवार, सबै तहका सरकार तथा घरपरिवारलाई सहयोग गर्ने नाफारहित संस्थाको अन्तिम उपभोग (Final Consumption) ले गार्हस्थ्य बचतको परिमाण निर्धारण गर्दछ। साथै गार्हस्थ्य बचत तथा राष्ट्रिय बचतले पूँजी निर्माणको लागि उपलब्ध हुनसक्ने साधन तथा स्रोतको परिमाणको निर्धारण गर्दछ। उच्च गार्हस्थ्य बचतले लगानीमा प्रभाव पारेर उच्च वृद्धिदर कायम राख्न मद्दत गरी प्रत्यक्ष विदेशी लगानी आकर्षित गर्न उत्प्रेरकको रूपमा काम गर्न सक्छ। अनावश्यक उपभोगलाई निरुत्साहित गर्ने, आयमूलक कार्यक्रम सञ्चालनमार्फत नागरिकको आय वृद्धि गरी बचत वृद्धि गर्ने तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने यस प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य रहेको छ।

नेपाल जीवनस्तर सर्वेक्षण चौथो र तीनै तहका सरकारका खर्चका विवरणहरू केलाएर पहिलो पटक प्रदेशको अन्तिम उपभोगको अनुमान तयार गरिएको छ। आधार वर्ष आ.व. २०८१/८२ मा घरपरिवार, तीनै तहका सरकार र घरपरिवारलाई सहयोग गर्ने नाफारहित संस्थासमेतको अन्तिम उपभोग खर्च रू. ४

खर्ब १४ अर्ब ३४ करोड रहेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ९३.९ प्रतिशत हो। उच्च उपभोगका कारण आधार वर्ष आ.व. २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत ६.१ प्रतिशत रहेकोमा योजना अवधिको अन्तिम वर्ष आ.व. २०८७/८८ मा कूल उपभोगमा कमी आई कुल गार्हस्थ्य बचत ११.६ प्रतिशत पुग्ने अनुमान छ। **(तालिका ३.५)**

योजना अवधिको अन्तिम वर्षमा प्रदेशको अन्तिम उपभोग खर्च आ.व. २०८१/८२ को स्थिर मूल्यमा ५ खर्ब ५७ अर्ब १५ करोड हुने अनुमान छ। साथै अन्तिम उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ८८.४ प्रतिशतमा सीमित भई कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ११.६ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। खण्डीकृत तथ्याङ्कको अभावमा यस प्रदेशको कुल राष्ट्रिय बचत आकलन गर्न सकिएको छैन तथापि यस प्रदेशमा विप्रेषण आप्रवाह, बैंकका शाखा तथा बचत परिचालन गर्ने संस्थाको वृद्धि जस्ता कारणले राष्ट्रिय बचत पनि सन्तोषजनक रहने अनुमान छ। **(तालिका ३.५)**

**तालिका ३.५ : अन्तिम उपभोग तथा बचत**

| क्र. सं. | परिसूचक | एकाइ | २०८१/८२ अवस्था | २०८२/८३ अनुमान | २०८७/८८ को लक्ष्य |
|---|---|---|---|---|---|
| १. | कुल गार्हस्थ्य उत्पादन | रु. करोडमा | ४४११४ | ४५४६१ | ६२९९१ |
| २. | अन्तिम उपभोग | रु. करोडमा | ४१४३४ | ४२५७८ | ५५७१५ |
| ३. | कुल गार्हस्थ्य बचत | रु. करोडमा | २६८० | २८८२ | ७२७६ |
| ४. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३.९ | ९३.७ | ८८.४ |
| ५. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ६.१ | ६.३ | ११.६ |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३

## ३.४ उत्पादकत्व

यस प्रदेशको उत्पादकत्वको अवस्था वृद्धि गर्न स्रोतको उपलब्धता र लगानीको मात्र बिस्तारले दिगो समृद्धितर्फ प्रदेशलाई अग्रसर गराउन पर्याप्त हुँदैन। उत्पादकत्व अभिवृद्धिका लागि उत्पादन प्रक्रियामा प्रयोग हुने पूँजी, प्रविधि, श्रम, ऊर्जा, सामग्री, समय तथा सूचनाको प्रभावकारी र उच्चतम उपयोग सुनिश्चित गर्न आवश्यक छ। आर्थिक गतिविधिहरू सञ्चालनका क्रममा उपलब्ध स्रोत-साधनको लाभदायक उपयोगबाट प्राप्त हुने प्रतिफललाई उत्पादकत्वका रूपमा लिइन्छ।

प्रदेश स्तरमा उत्पादकत्व वृद्धि गर्न योजना अवधिभर मानव संसाधनको विकास र यसको प्रभावकारी उपयोगमा विशेष प्राथमिकता दिइनेछ। गुणस्तरीय शिक्षा, स्तरीय स्वास्थ्य सेवा, सन्तुलित पोषण तथा सीपमूलक तालिममार्फत स्वस्थ, दक्ष र प्रतिस्पर्धी जनशक्ति विकास गरी प्रदेशभित्रै उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने व्यवस्था गरिनेछ। साथै, उपयोगी, उन्नत तथा आधुनिक प्रविधिको विकास र विस्तार गरी

यसको प्रभावकारी प्रयोगलाई प्रोत्साहन गरिनेछ। यातायात, सञ्चारलगायतका भौतिक पूर्वाधारको विकास, व्यवस्थित सहरीकरण, जलविद्युत तथा वैकल्पिक/नवीकरणीय ऊर्जाको उत्पादन वृद्धि र उत्पादनमूलक उद्योग तथा सेवा क्षेत्रमा यसको अधिकतम उपयोगमार्फत उत्पादन लागत न्यूनीकरण गरिनेछ। साथै, सरकारी तथा निजी क्षेत्रको व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्दै प्रदेशबाट सञ्चालन हुने आयोजनाहरू समयमै सम्पन्न गर्ने र लागत वृद्धि नियन्त्रण गर्ने नीति अवलम्बन गरिनेछ। यी प्रयासहरूबाट छोटो तथा दीर्घकालीन रूपमा उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ।

प्रदेशको दिगो समृद्धिका लागि कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि अपरिहार्य मानिएको छ। कृषि क्षेत्रमा नवीन ज्ञान, सीप तथा प्रविधिको प्रयोग, सिँचाइ सुविधाको विस्तार, आधुनिक कृषियन्त्रको उपयोग, कृषि भूमिको सुधार, सघन खेती प्रणाली तथा उच्च मूल्यका कृषि र वनजन्य उत्पादनको विकासमार्फत उत्पादकत्व अभिवृद्धि गरिने लक्ष्य लिइएको छ। त्यसै गरी, पर्यटन तथा औद्योगिक क्षेत्रमा विद्युतीय ऊर्जाको उपलब्धता र उपयोग विस्तार, आधुनिक प्रविधिको अवलम्बन, दक्ष तथा सीपयुक्त जनशक्ति विकास, उद्यमशीलता प्रबर्द्धन, उद्योगमैत्री कानूनी व्यवस्था तथा सार्वजनिक खरिद र निर्माण प्रक्रियालाई मितव्ययी र प्रभावकारी बनाउँदै उत्पादकत्व वृद्धि गरिनेछ। सेवा क्षेत्रमा नवीन ज्ञान र सीपको प्रयोग, सूचना प्रविधिको अधिकतम उपयोग तथा व्यवस्थापन प्रणालीमा सुधारमार्फत गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गरी समग्र उत्पादकत्व अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ।

## ३.५ सीमान्त पूँजी उत्पादन अनुपात र कुल लगानी

विगतमा प्रारम्भ गरिएका आयोजनाहरू दोस्रो पञ्चवर्षीय योजना अवधिमा सम्पन्न भई सञ्चालनमा आउने तथा यस अवधिमा तीनै तहका सरकारद्वारा कार्यान्वयन गरिने कार्यक्रम तथा योजनाहरू निर्धारित समयसीमा र लागतभित्र सम्पन्न हुँदा प्रदेशको अर्थतन्त्र थप गतिशील हुने, आर्थिक स्थायित्व सुदृढ हुने तथा प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ। यस लक्ष्य प्राप्तिका लागि एकातर्फ कृषि, पर्यटन, जलस्रोत, उद्योगलगायतका उत्पादनशील क्षेत्रमा आवश्यक पूँजी लगानी विस्तार गरिनेछ भने आधुनिक प्रविधि, नवीन ज्ञान तथा सीपको उपयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न विशेष जोड दिइनेछ। अर्कोतर्फ, सबै स्थानीय तहमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार तथा भौतिक पूर्वाधारको विस्तार र विकासमार्फत अन्तरआबद्धता तथा आर्थिक गतिविधिको पहुँच सुदृढ गरिनेछ।

सीमान्त पूँजी-उत्पादन अनुपात (Incremental Capital Output Ratio–ICOR) ले अर्थतन्त्रमा उत्पादनको एक अतिरिक्त एकाइ वृद्धि गर्न आवश्यक अतिरिक्त पूँजीको परिमाण मापन गर्दछ। यही आधारलाई उपयोग गरी योजना अवधिमा आवश्यक कुल लगानीको प्रक्षेपण गरिन्छ। प्रदेशस्तरमा सीमान्त पूँजी-उत्पादन अनुपातसम्बन्धी पर्याप्त तथ्याङ्क उपलब्ध नभएकाले नेपाल सरकारको सोह्रौं योजनामा उल्लिखित तथ्याङ्कलाई आधार मान्दै प्रदेशको वर्तमान आर्थिक अवस्था, आधुनिक प्रविधिको प्रयोग तथा दक्ष एवम् सीपयुक्त जनशक्तिको योगदानबाट उत्पादनमा आएको परिवर्तनलाई समेत ध्यानमा राखी प्रदेशको सीमान्त पूँजी-उत्पादन अनुपात अनुमान गरिएको छ। योजना अवधिमा उक्त अनुपात ४.९०:१ रहने अनुमान गरिएको छ।

उक्त अनुपातका आधारमा योजना अवधिमा औसत ६.८ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न आ.व. २०८१/८२ को स्थिर मूल्यमा कुल ७ खर्ब २४ अर्ब ४९ करोड रुपैयाँ बराबरको स्थिर पूँजी लगानी आवश्यक पर्ने अनुमान गरिएको छ। क्षेत्रगत रूपमा हेर्दा प्राथमिक क्षेत्रमा १ खर्ब ९४ करोड, द्वितीय क्षेत्रमा १ खर्ब ६७ अर्ब ४० करोड तथा तृतीय क्षेत्रमा ४ खर्ब ५६ अर्ब १४ करोड रुपैयाँ बराबरको स्थिर पूँजी लगानी आवश्यक पर्ने अनुमान गरिएको छ।

त्यसैगरी, योजना अवधिमा आ.व. २०८१/८२ को स्थिर मूल्यमा पहिलो वर्ष १ खर्ब २९ अर्ब ५९ करोड, दोस्रो वर्ष १ खर्ब ३० अर्ब ७९ करोड, तेस्रो वर्ष १ खर्ब ४५ अर्ब ५३ करोड, चौथो वर्ष १ खर्ब ५१ अर्ब ४९ करोड तथा अन्तिम वर्ष १ खर्ब ६७ अर्ब ९ करोड रुपैयाँ बराबर लगानी आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। **तालिका ३.६** मा सीमान्त पूँजी-उत्पादन अनुपात तथा कुल आवश्यक लगानीको विस्तृत अनुमान प्रस्तुत गरिएको छ। आधार वर्षको मूल्य वृद्धिलाई आधार मान्दा योजना अवधिको अन्तिम वर्ष यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन प्रचलित मूल्यमा ७ खर्ब २४ अर्ब ४९ करोड पुग्ने अनुमान छ।

**तालिका ३.६ : आ.व. २०८१/८२ को स्थिर मूल्यमा सीमान्त पूँजी उत्पादन अनुपात र कुल लगानी (रु. करोडमा)**

| क्र. सं. | क्षेत्रहरू | अनुमानित सिमान्त पूँजी उत्पादन अनुपात | २०८२/८३ को लागि अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको प्रक्षेपित लगानी | | | | | योजना आवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | |
| **१** | **प्राथमिक क्षेत्र** | **३.५५** | **९८५** | **२३२८** | **१५९६** | **२०८८** | **१९७५** | **२१०७** | **१००९४** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | ३.५२ | ९६२ | २२५९ | १५२५ | २००७ | १८९२ | २००९ | ९६९१ |
| १.२ | खानी तथा उत्खनन | ७.८३ | २४ | ६९ | ७२ | ८१ | ८३ | ९८ | ४०३ |
| **२** | **द्वितीय क्षेत्र** | **६.९४** | **२६३१** | **२७३४** | **२९८४** | **३३७२** | **३६३९** | **४०११** | **१६७४०** |
| २.१ | उत्पादनमूलक उद्योग | ७.९६ | १३५३ | १४५३ | १५६१ | १७८२ | १८३१ | १९८९ | ८६१७ |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | १८.७८ | ४८८ | ११५ | १४२ | १५४ | १८९ | २०९ | ८१० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादनका क्रियाकलापहरू | ७.७८ | ५९ | ९७ | १०९ | १०७ | ११३ | १२२ | ५४८ |
| २.४ | निर्माण | ४.८७ | ७३१ | १०६८ | ११७२ | १३३० | १५०५ | १६९१ | ६७६५ |

| क्र. सं. | क्षेत्रहरू | अनुमानित सिमान्त पूँजी उत्पादन अनुपात | २०८२/८३ को लागि अनुमान | दोस्रो पञ्चवर्षीय योजनाको प्रक्षेपित लगानी | | | | | योजना आवधिको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | |
| **३** | **सेवा क्षेत्र** | **५.३२** | **४५५३** | **७८९७** | **८४९९** | **९०९३** | **९५३६** | **१०५९०** | **४५६१४** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३.३२ | १६१४ | ८३६ | १०४२ | १००८ | १०७६ | ११४७ | ५११० |
| ३.२ | यातायात तथा भण्डारण | ११.८६ | ११९१ | १३९२ | १८०८ | १५५६ | १७३९ | १९०२ | ८३९७ |
| ३.३ | आवास तथा भोजन सेवा | ६.७३ | १५४ | ५६६ | ६५७ | ८२९ | ८६४ | ८४८ | ३७६४ |
| ३.४ | सूचना तथा सञ्चार | ९.९८ | ४३५ | ३०७ | ४३६ | ३४३ | ३९० | ४०२ | १८७७ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ३.२७ | २३९ | २२४ | २५० | २६१ | २७५ | २९१ | १३०२ |
| ३.६ | घरजग्गा कारोबार | ५.७८ | १२० | ४०६ | ३५५ | ३८९ | ४४५ | ४६६ | २०६१ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ३.५२ | २७ | २७ | २९ | ३० | ३७ | ३८ | १६२ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ४.३६ | १३ | १२ | १२ | १३ | १५ | १६ | ७० |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ४.७२ | -५० | २१७१ | १८११ | २४८२ | २३१४ | ३०१८ | ११७९६ |
| ३.१ | शिक्षा | ४.४९ | ४६८ | १३६९ | १४०८ | १५१२ | १६०५ | १६८८ | ७५८२ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ८.८३ | ३२९ | ५५८ | ६५४ | ६३८ | ७३४ | ७३२ | ३३१६ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २.९८ | १३ | २८ | ३५ | ३२ | ४० | ४२ | १७७ |
| | **कुल** | **४.९०** | **८१६९** | **१२९५९** | **१३०७९** | **१४५५३** | **१५१४९** | **१६७०९** | **७२४४९** |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३ ।

## ३.६ लगानीका स्रोतहरू

लगानीमैत्री वातावरण सिर्जना गरी कृषि, उत्पादनमूलक उद्योग, सूचना प्रविधि, आवास तथा भोजन, सडक तथा पूर्वाधार विकासलगायतका क्षेत्रमा सरकारी, निजी तथा सहकारी साझेदारी अभिवृद्धि गरी लगानी गरिनेछ। योजना अवधिका लागि आवश्यक लगानी निजी, सार्वजनिक, सहकारी र सामुदायिक संस्था गरी चारवटा क्षेत्रबाट हुनेछ। योजना अवधिमा लगानी गर्नुपर्ने कुल ७ खर्ब २४ अर्ब ४९ करोडमध्ये सार्वजनिक क्षेत्रबाट २ खर्ब ५४ अर्ब ९७ करोड, निजी क्षेत्रबाट ४ खर्ब ५१ अर्ब ४० करोड, सहकारीबाट १४ अर्ब ४९ करोड र सामुदायिक संस्थाहरूबाट ३ अर्ब ६२ करोड लगानी हुने अपेक्षा गरिएको छ। निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी **तालिका ३.७** मा प्रस्तुत गरिएको छ।

**तालिका ३.७ : आ.व. २०८१/८२ को स्थिर मूल्यमा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानी (रु. करोडमा)**

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **प्राथमिक क्षेत्र** | **१४०२** | **७३३७** | **३९०** | **७५** | **९२०३** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १३०९ | ६६७२ | ३६१ | ७० | ८४१२ |
| १.२ | खानी तथा उत्खनन् | ९३ | ६६५ | २९ | ५ | ७९२ |
| **२** | **द्वितीय क्षेत्र** | **७६१२** | **१००००** | **३२३** | **८४** | **१८०१९** |
| २.१ | उत्पादनमूलक उद्योग | १२६८ | ६१७४ | २५० | ० | ७६९२ |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | २९८८ | १८९३ | ३२ | ० | ४९१३ |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ३९२ | १२२ | ९ | ७३ | ५९६ |
| २.४ | निर्माण | २९६४ | १८१२ | ३२ | ११ | ४८१८ |
| **३** | **सेवा क्षेत्र** | **१६४८४** | **२७८०३** | **७३६** | **२०३** | **४५२२६** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ३४६ | ४६८७ | ३७५ | ० | ५४०८ |
| ३.२ | यातायात तथा भण्डारण | २८३८ | ९५४८ | १६२ | ० | १२५४८ |
| ३.३ | आवास तथा भोजन सेवा | १७९ | ३९७७ | ४० | ० | ४१९६ |
| ३.४ | सूचना तथा सञ्चार | ८१७ | १३८५ | ० | ० | २२०२ |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | ६२३ | २५१९ | ११३ | ० | ३२५४ |
| ३.६ | घरजग्गा कारोबार | १२५ | २३६० | ४० | ० | २५२६ |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १ | १३९ | ० | ० | १४१ |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ३ | १७१ | ० | ० | १७४ |

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | ४९५१ | ० | ० | ० | ४९५१ |
| ३.१ | शिक्षा | ४१३७ | १७४३ | ० | १४३ | ६०२३ |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | २४३४ | १११० | ० | ५९ | ३६०३ |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | २९ | १६४ | ६ | १ | २०१ |
| | **जम्मा** | **२५४९७** | **४५१४०** | **१४४९** | **३६२** | **७२४४९** |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३ ।

उल्लिखित लगानी आवश्यकताको आधारमा सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक गरी चारवटै लगानी स्रोतहरूको सम्भावित योगदानको विवरण **तालिका ३.८** मा प्रस्तुत गरिएको छ। अर्थतन्त्रका विभिन्न क्षेत्रमा यी चार स्रोतबाट फरक-फरक अनुपातमा लगानी परिचालन हुने अनुमान गरिएको छ। समग्र लगानी संरचनालाई हेर्दा सार्वजनिक क्षेत्रबाट ३५.२ प्रतिशत, निजी क्षेत्रबाट ६२.३ प्रतिशत, सहकारी क्षेत्रबाट २.० प्रतिशत तथा सामुदायिक क्षेत्रबाट ०.५ प्रतिशत लगानी परिचालन हुने अपेक्षा गरिएको छ। यसले प्रदेशको आर्थिक विकासमा निजी तथा सार्वजनिक क्षेत्रको प्रमुख भूमिका रहने र सहकारी तथा सामुदायिक क्षेत्रको पूरक योगदान रहने सङ्केत गर्दछ।

**तालिका ३.८: निजी, सार्वजनिक, सहकारी र सामुदायिक क्षेत्रबाट हुने लगानीको हिस्सा (प्रतिशतमा)**

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **प्राथमिक क्षेत्र** | **१५.२** | **७९.७** | **४.२** | **०.८** | **१००.०** |
| १.१ | कृषि, वन तथा मत्स्यपालन | १५.६ | ७९.३ | ४.३ | ०.८ | १००.० |
| १.२ | खानी तथा उत्खनन् | ११.७ | ८४.० | ३.६ | ०.७ | १००.० |
| **२** | **द्वितीय क्षेत्र** | **४२.२** | **५५.५** | **१.८** | **०.५** | **१००.०** |
| २.१ | उत्पादनमूलक उद्योग | १६.५ | ८०.३ | ३.३ | ०.० | १००.० |
| २.२ | विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवा | ६०.८ | ३८.५ | ०.७ | ०.० | १००.० |
| २.३ | पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनः उत्पादन | ६५.८ | २०.४ | १.५ | १२.२ | १००.० |
| २.४ | निर्माण | ६१.५ | ३७.६ | ०.७ | ०.२ | १००.० |
| **३** | **सेवा क्षेत्र** | **३६.४** | **६१.५** | **१.६** | **०.४** | **१००.०** |
| ३.१ | थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा | ६.४ | ८६.७ | ६.९ | ०.० | १००.० |

| क्र.सं. | क्षेत्रहरू | सार्वजनिक | निजी | सहकारी | सामुदायिक | जम्मा |
|---|---|---|---|---|---|---|
| ३.२ | यातायात तथा भण्डारण | २२.६ | ७६.१ | १.३ | ०.० | १००.० |
| ३.३ | आवास तथा भोजन सेवा | ४.३ | ९४.८ | १.० | ०.० | १००.० |
| ३.४ | सूचना तथा सञ्चार | ३७.१ | ६२.९ | ०.० | ०.० | १००.० |
| ३.५ | वित्तीय तथा बीमाका क्रियाकलाप | १९.१ | ७७.४ | ३.५ | ०.० | १००.० |
| ३.६ | घरजग्गा कारोबार | ५.० | ९३.४ | १.६ | ०.० | १००.० |
| ३.७ | पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | १.० | ९९.० | ०.० | ०.० | १००.० |
| ३.८ | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | १.८ | ९८.२ | ०.० | ०.० | १००.० |
| ३.९ | सामान्य प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १००.० | ०.० | ०.० | ०.० | १००.० |
| ३.१ | शिक्षा | ६८.७ | २८.९ | ०.० | २.४ | १००.० |
| ३.११ | मानव स्वास्थ्य तथा सामाजिक कार्य | ६७.५ | ३०.८ | ०.० | १.६ | १००.० |
| ३.१२ | कला, मनोरञ्जन तथा मनोविनोद, अन्य सेवाका क्रियाकलाप | १४.६ | ८१.८ | ३.२ | ०.४ | १००.० |
| | **जम्मा** | **३५.२** | **६२.३** | **२.०** | **०.५** | **१००.०** |

**स्रोतः** सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण, २०८३ ।

## परिच्छेद-चार

# सार्वजनिक वित्त र लगानी

सार्वजनिक वित्त र लगानीको क्षेत्रमा बचत तथा लगानी, सार्वजनिक खर्च व्यवस्थापन, राजस्व परिचालन, वैदेशिक सहायता परिचालन, सार्वजनिक ऋण व्यवस्थापन, अन्तर-सरकारी वित्तीय सम्बन्ध, सार्वजनिक-निजी-सहकारी साझेदारी तथा वैदेशिक लगानी जस्ता प्रमुख उपक्षेत्रहरूमा विस्तृत र समग्र विश्लेषण तल गरिएको छ। यी उपक्षेत्रहरूले समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, विकासका लागि आवश्यक वित्तीय स्रोत परिचालन गर्ने तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने दृष्टिले अत्यन्तै महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्। प्रत्येक उपक्षेत्रको वर्तमान अवस्था, प्रवृत्ति, संरचनागत विशेषता, चुनौतीहरू तथा सम्भावनाहरूलाई सूक्ष्म रूपमा अध्ययन गरी समग्र सार्वजनिक वित्त प्रणालीको कार्यक्षमता मूल्याङ्कन गरिएको छ।

यस विश्लेषणले विशेष गरी राजस्व सङ्कलन क्षमता, सार्वजनिक खर्चको दक्षता, ऋण व्यवस्थापनको दिगोपन, वैदेशिक सहायता उपयोगको प्रभावकारिता तथा लगानी वातावरणको गुणस्तरलाई उजागर गरेको छ। साथै, अन्तर-सरकारी वित्तीय सम्बन्धमार्फत स्रोतको समन्यायिक वितरण र वित्तीय सङ्घीयताको सुदृढीकरणमा देखिएका अवसर र सीमाहरू पनि पहिचान गरिएको छ। सार्वजनिक-निजी-सहकारी साझेदारी तथा वैदेशिक लगानीको भूमिकाले पूर्वाधार विकास, उत्पादनशीलता वृद्धि र रोजगारी सिर्जनामा पुऱ्याउन सक्ने योगदानलाई समेत समेटेर विश्लेषण गरिएको छ।

समग्रमा, यी उपक्षेत्रगत विश्लेषणहरूले सार्वजनिक वित्त र लगानी व्यवस्थापनको वर्तमान स्थिति र भविष्यमा नीतिगत सुधार, स्रोत परिचालन दक्षता अभिवृद्धि तथा दिगो आर्थिक विकासका लागि आवश्यक रणनीतिक दिशानिर्देश प्रदान गर्ने आधारसमेत तयार गरेको छ।

## ४.१ बचत तथा लगानी

### ४.१.१ पृष्ठभूमि

मुलुकको समृद्धि हासिल गर्न तीव्र आर्थिक वृद्धि आवश्यक हुने हुँदा यसका लागि ठूलो परिमाणमा लगानी गर्नु पर्ने हुन्छ। त्यस्तो लगानी जुटाउन बचत परिचालनको महत्त्वपूर्ण भूमिका रहन्छ ।नेपालको संविधानले परिलक्षित गरेको राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने राष्ट्रिय उद्देश्य प्राप्तिका लागि पनि बचत र लगानी परिचालन अपरिहार्य छ । यस प्रदेशका आर्थिक क्रियाकलापहरू मुख्यतः कृषि, व्यापार, पर्यटन, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा आधारित रहेका छन्।विप्रेषणको कारण प्रदेशमा बचतको सम्भावना बढ्दो भए तापनि त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक संरचना, वित्तीय

पहुँच तथा लगानीमैत्री वातावरण पर्याप्त रूपमा विकास हुन सकेको छैन। त्यसकारण वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण पनि उत्पादनशील उपयोगमा भन्दा दैनिक उपभोगमा केन्द्रित रहेको छ। तसर्थ यस योजनाले जनताको आय र बचत गर्ने क्षमता वृद्धि गर्ने, उपभोगलाई सन्तुलित र व्यवस्थित गर्दै बचत परिचालनको उपयुक्त वातावरण निर्माण गर्ने तथा सार्वजनिक लगानीमार्फत निजी लगानीलाई उत्प्रेरित गर्नेतर्फ उन्मुख रहेको छ।

## ४.१.२ विद्यमान अवस्था

विद्यमान कमजोर पूँजीगत खर्चका कारण राष्ट्रिय बचत-लगानी अन्तर बढ्दो प्रवृत्तिमा रहेको देखिन्छ। गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बचत-लगानी अन्तर २१.६ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा भने यो अन्तर ०.३ प्रतिशत विन्दुले घटेर २१.३ प्रतिशत रहने अनुमान रहेको छ (नेपाल सरकार, आर्थिक सर्वेक्षण, २०८१/८२)। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले उत्पादन वृद्धि गरी जनताको आय तथा बचत गर्ने क्षमता बढाउने र उच्च बचत परिचालनमार्फत लगानी र आयमा वृद्धि गर्ने नीतिमा जोड दिँदै आएको छ। यसका लागि जनताको उपभोग प्रवृत्तिमा सुधार गरी बचत तथा लगानीको लागि अनुकूल वातावरण सिर्जना गर्नुपर्ने हुन्छ।

शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकास नै प्रदेश सरकारको लगानीका प्रमुख क्षेत्रहरू हुन्। यी मध्ये शिक्षा, स्वास्थ्य तथा कृषिका अतिरिक्त जलविद्युत, पर्यटन र उद्यमशीलताको क्षेत्रमा नीजि क्षेत्रको लगानीलाई आकर्षित गर्न केही प्रयास भएका छन्। यद्यपी सडक, सिँचाइ, खानेपानीलगायतका पूर्वाधार विकासको क्षेत्रमा देखिएको बढ्दो मागलाई सार्वजनिक लगानीले अझै पनि धान्न सकिरहेको छैन। यस अवस्थामा जनताको आय र बचत गर्ने क्षमता वृद्धि गरी नीजि लगानीको लागि उपयुक्त वातावरण निर्माण गर्न आवश्यक छ। प्रदेशमा रहेका बैंक, वित्तीय संस्था र सहकारी संस्थाले जनतामा वित्तीय सेवाको पहुँच विस्तार गरी बचत तथा लगानीको वातावरण सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

## ४.१.३ मुख्य सवाल तथा चुनौती

१. **बचत तथा लगानी अभिवृद्धिः** उत्पादनका आधारहरू वृद्धि गरी प्रदेशवासी नागरिकहरूको आयस्तर बढाउनु, नागरिकमा बचत गर्ने बानी विकास गर्नु, बचतलाई उपभोगमा बढी खर्च गर्ने बानीलाई निरुत्साहित गर्नु, सीमित रूपमा रहेको बचतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु, प्रदेशवासीहरूमा उद्यमशीलता, जोखिम लिनसक्ने क्षमता र इच्छाशक्ति बढाउनु, सार्वजनिक-निजी साझेदारीको अवधारणा व्यवहारमा उतार्नु, प्रदेश सरकारको पूँजीगत लगानीमा वृद्धि गरी उत्पादनका आधारहरूलाई सुदृढ गर्दै जनताको आयस्तर, बचत र लगानी अभिवृद्धि गर्नु ।

२. **वित्तीय साक्षरता र बैंकिङ् सेवाको विस्तारः** वित्तीय साक्षरता अभिवृद्धि गर्नु; सहकारी संस्थाको बचतलाई उत्पादनशील र रोजगारी सिर्जना गर्ने क्षेत्रमा परिचालन गर्नु, नागरिकहरूमा बचत, लगानी, बैंकिङ सेवा, बीमा, ऋण व्यवस्थापन जस्ता विषयमा पर्याप्त जनचेतना अभिवृद्धि गर्नु, दुर्गम तथा ग्रामीण क्षेत्रमा बैंक, वित्तीय संस्था र डिजिटल वित्तीय सेवाको पहुँच पुऱ्याउनु, मोबाइल बैंकिङ, क्यूआर भुक्तानी, अनलाइन कारोबार जस्ता डिजिटल प्रणालीको प्रयोग विस्तार गर्नु, वित्तीय साक्षरतासम्बन्धी प्रभावकारी तालिम, अभियान र जनचेतना कार्यक्रम सञ्चालन गर्नु।

३. **विप्रेषणलाई उत्पादनशील क्षेत्रमा परिचालन:** विप्रेषणमार्फत प्राप्त हुने रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्नु, गैर आवासीय नेपालीको लगानीलाई अभिवृद्धि गर्न वैदशिक रोजगारीबाट प्राप्त विप्रेषण आयलाई कृषि, जलविद्युत, उद्योग तथा पर्यटनलगायतका उत्पादनशील क्षेत्रमा आकर्षित गरी प्रोत्साहन गर्नु, व्यवसाय सुरु गर्न आवश्यक परामर्श, तालिम, प्रविधि तथा बजार पहुँचको सुनिश्चितता गर्नु, विप्रेषण प्राप्त गर्ने परिवारमा उद्यम, व्यवसाय तथा लगानीका अवसरबारे आवश्यक जानकारी र सीप उपलब्ध गराउनु।

## ४.१.४ उद्देश्य

१. जनतामा बचत गर्ने क्षमताको विकास गरी उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा बचत परिचालन गर्ने वातावरण तयार गर्नु ।

## ४.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः जनतामा बचत गर्ने क्षमताको विकास गरी उत्पादनशील र उच्च प्रतिफल प्राप्त हुने क्षेत्रमा बचत परिचालन गर्ने वातावरण तयार गर्नु ।** | |
| १. वित्तीय सेवामा जनताको पहुँच विस्तार गर्ने। | १.१ प्रदेशमा क्रियाशील रहेका वित्तीय संस्था र शैक्षिक संस्थाहरूसँग समन्वय र सहकार्य गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ बैंक तथा वित्तीय संस्था र सहकारीबाट उत्पादनशील क्षेत्रमा थप लगानीका लागि सहजीकरण गरिनेछ। |
| २. आयआर्जनका अवसरहरू अभिवृद्धि गर्ने। | २.१ जनतामा आयआर्जनका अवसरहरू वृद्धिका लागि स्वरोजगारमूलक र आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ अति विपन्न तथा लक्षित वर्ग, महिला, दलित तथा गरिबी जीवनयापन गरिरहेका परिवार, समुदाय पहिचान गरी ती वर्ग, समुदाय र क्षेत्रमा सीप विकास र आय आर्जनका कार्यक्रम केन्द्रित गरी सञ्चालन गरिनेछ।<br>२.३ भौतिक पूर्वाधार विकासमा सार्वजनिक लगानी अभिवृद्धि गरी निजी क्षेत्रको लगानीलाई प्रबर्द्धन गरिनेछ।<br>२.४ सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारीमा जोड दिई निजी तथा गैरसरकारी क्षेत्रको लगानी विस्तार गरिनेछ।<br>२.५ नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरी आर्थिक गतिशीलता र रोजगारी सिर्जना गर्नमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. प्राथमिकताका क्षेत्र पहिचान गरी लगानी वृद्धि गर्ने। | ३.१ प्रदेशमा लगानीका सम्भाव्य क्षेत्र तथा आयोजना पहिचानका लागि आवश्यक अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ।<br>३.२ पहिचान गरिएका सम्भाव्य आयोजनामा लगानीमैत्री वातावरण तयार गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको उत्पादनलाई प्रबर्द्धन गरिनेछ।<br>३.३ लगानी सम्भाव्य क्षेत्र तथा आयोजनाहरूमा निजी क्षेत्र, गैर आवासीय नेपालीका साथै वैदेशिक लगानीलाई आकर्षण गर्न लगानी सम्मेलनको आयोजना गरिनेछ। |
| ४ लगानी अनुकूल वातावरण सिर्जना गर्ने। | ४.१ प्राथमिकता प्राप्त क्षेत्र तथा आयोजनामा लगानी प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानूनी, संरचनागत र संस्थागत सुधारमार्फत पारदर्शी तथा जवाफदेही बनाई लगानीमैत्री वातावरण सिर्जना गर्नमा जोड दिइनेछ।<br>४.२ सार्वजनिक-निजी साझेदारी तथा सार्वजनिक-समुदाय-गैरसरकारी साझेदारी जस्ता क्षेत्रमा नविनतम ज्ञान प्रबर्द्धन गर्न लगानी विस्तार गरिनेछ।<br>४.३ सार्वजनिक तथा निजी क्षेत्रका सेवा प्रदायक संस्थाको कार्यान्वयन दक्षतामा सुधारका लागि संस्थागत क्षमता विकासमा जोड दिनुका साथै अनुगमन र नियमनलाई थप प्रभावकारी बनाइनेछ। |

### ४.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **वित्तीय पहुँच अभिवृद्धि तथा लगानी प्रबर्द्धनः** बचत गर्ने बानीको विकास, लगानीका क्षेत्र तथा सम्भाव्य आयोजनाको खोज, अनुसन्धान र पहिचान, सङ्घीय एकाइहरू बीचको सहलगानी र साझेदारीमा कार्यक्रम तथा आयोजना कार्यान्वयन, निजी क्षेत्रको लगानी प्रबर्द्धन तथा लगानी सम्मेलन आयोजना, सार्वजनिक-निजी तथा सार्वजनिक-सहकारी-समुदाय र गैरसरकारी क्षेत्र साझेदारी प्रबर्द्धन, बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारको लगानी परिचालन, गैर आवासीय नेपालीहरूको लगानी परिचालन जस्ता वित्तीय सेवा विस्तार तथा लगानी प्रर्वद्धनसम्बन्धी कार्यक्रमहरू।

२. **उद्यमशीलता तथा रोजगारी अभिवृद्धिः** बेरोजगार युवा, महिला र पिछडिएका समुहलाई व्यावसायिक तालिम, सिप विकास र प्रविधि तथा वित्तीय सेवा, स्वच्छ प्रतिस्पर्धात्मक तथा व्यावसायिक नैतिकताको प्रबर्द्धन, उत्पादन-बजार अन्तरसम्बन्धको विकास तथा स्थानीय आर्थिक विकाससम्बन्धी कार्यक्रमहरू।

## ४.२ सार्वजनिक खर्च

### ४.२.१ पृष्ठभूमि

प्रदेशलाई संविधान प्रदत्त कार्य जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्नको निमित्त उपलब्ध स्रोतको प्रभावकारी उपयोग गरी सार्वजनिक खर्चमा प्रभावकारिता कायम गर्न आवश्यक हुन्छ। सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन सार्वजनिक खर्चको उपयोग गर्ने क्षमता अभिवृद्धि गर्न पनि उत्तिकै जरुरी छ। यसो गर्न सकेमा मात्र सन्तुलित र समन्यायिक प्रादेशिक अर्थतन्त्रको विकास गर्न सम्भव हुन्छ। सार्वजनिक खर्चमा पनि गुणस्तरीय पूँजीगत खर्चले मात्र दिगो, समावेशी तथा उच्च आर्थिक वृद्धिको आधारशीला तयार गर्ने भएको हुँदा यसको ठूलो महत्त्व हुने गर्दछ। जनताको आवश्यकता र अपेक्षाको तुलनामा उपलब्ध स्रोत साधन सीमित रहेको कारणले पनि सार्वजनिक खर्चमा प्रभावकारिता कायम गर्न अनिवार्य छ। प्रदेश सरकारको आन्तरिक स्रोत न्यून रहेको, आन्तरिक ऋण परिचालनलाई हालसम्म कार्यान्वयनमा ल्याउन नसकिएको र नेपाल सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण पनि अपेक्षाकृत रूपमा वृद्धि हुन नसकेको अवस्थाले उपलब्ध सीमित सार्वजनिक स्रोतको सन्तुलित र न्यायोचित उपयोग गर्नुपर्ने आवश्यकतालाई झनै बढाइदिएको छ। तसर्थ यस योजनाले सार्वजनिक खर्चको कुशलता, प्रभावकारिता र उच्च तथा गुणस्तरीय पूँजीगत खर्चमा जोड दिएकोछ ।

### ४.२.२ विद्यमान अवस्था

विगतका वर्षहरूमा प्रदेश सरकारको सार्वजनिक खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बढ्दै गएको भए पनि पूँजीगत खर्चको अनुपात घट्दै गएको अवस्था छ। यस प्रदेशको आ.व. २०८१/८२ को वार्षिक बजेट विनियोजन राष्ट्रिय बजेटको तुलनामा १.७ प्रतिशत मात्र रहेको छ ।प्रदेशको कुल वार्षिक विनियोजनमा पूँजीगत खर्चको अंश ५९.३२ प्रतिशत रहेको छ। त्यसैगरी कुल वार्षिक विनियोजनको तुलनामा कुल वार्षिक यथार्थ खर्च आर्थिक वर्ष २०८१/८२ मा ७५.६६ प्रतिशत रहेको छ भने पूँजीगत खर्चको अवस्था ६६.४९ प्रतिशत मात्र रहेको छ। कुल बजेटमा चालु खर्चको अंश बढिरहेको भए पनि पूँजीगत खर्चको विनियोजन तथा खर्च निरन्तर घटिरहेको छ **(तालिका ४.१)**। विनियोजित पूँजीगत खर्चको पनि अधिकांश हिस्सा आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा हुने गरेको कारण यसको गुणस्तरीयतामा प्रश्न उठ्ने गरेको छ। प्रदेशको विगत ६ आर्थिक वर्षको कुल खर्चमा पूँजीगत खर्च औसतमा ५६.८२ प्रतिशत र चालु खर्च ४३.१८ प्रतिशत रहेको छ।

**तालिका ४.१ : प्रदेशको खर्च स्थिति (रकम रु. दश लाखमा)**

| आर्थिक वर्ष | पूँजीगत खर्च | चालु खर्च | कुल खर्च | पूँजीगत खर्चको अनुपात | चालु खर्चको अनुपात |
|---|---|---|---|---|---|
| २०७६/७७ | ८३२३.६० | ९२८८.३० | १७६११.९ | ४७.२६ | ५२.७४ |
| २०७७/७८ | १२६०१.९७ | १०३६६.३० | २२९६८.२७ | ५४.८७ | ४५.१३ |
| २०७८/७९ | ११९५२.०५ | ८९२५.३० | २०८७७.३५ | ५७.२५ | ४२.७५ |
| २०७९/८० | १५८१४.५२ | ८२४८.५७ | २४०६३.०९ | ६५.७२ | ३४.२८ |

| आर्थिक वर्ष | पूँजीगत खर्च | चालु खर्च | कुल खर्च | पूँजीगत खर्चको अनुपात | चालु खर्चको अनुपात |
|---|---|---|---|---|---|
| २०८०/८१ | १०५६४.६३ | ७९४८.९५ | १८५१३.५८ | ५७.०६ | ४२.९४ |
| २०८१/८२ | १२४७४.७२ | ९७२७.८२ | २२२०२.५४ | ५६.१९ | ४३.८१ |
| **औसत जम्मा** | **११९५५.२५** | **९०८४.२१** | **२१०३९.४६** | **५६.८२** | **४३.१८** |
| **प्रतिशत** | **५६.८२** | **४३.१८** | | | |

**स्रोतः** Consolidated Financial Statement of Various Years, FCGO; आर्थिक मामिला मन्त्रालयको वार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२।

कुल खर्चमा प्रदेश स्रोतको योगदान सन्तोषजनक रहेको छैन भने वृद्धि दर पनि एकनासको छैन। आर्थिक वर्ष २०७९/८० को कुल खर्चमा प्रदेश स्रोतको योगदान सबैभन्दा कम ३८.९९ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी ५४.६७ प्रतिशत रहेको थियो। त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को कुल खर्चमा प्रदेश स्रोतको योगदान ४७.४६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा ४८.८१ प्रतिशत पुगेको देखिन्छ।

**तालिका ४.२ : प्रदेशको कुल खर्चमा प्रदेश स्रोतको योगदान (रकम रु. दश लाखमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कुल खर्च | १७६११.९ | २२९६८.२७ | २०८७७.३५ | २४०६३.०९ | १८५१३.५८ |
| प्रदेश स्रोतबाट खर्च | ८३५८.१ | १२५५६.९ | ११०९१ | ९३८१.७३ | ९०३६.६ |
| **प्रतिशत योगदान** | **४७.४६** | **५४.६७** | **५३.१२** | **३८.९९** | **४८.८१** |

**स्रोतः** महालेखापरीक्षकको विभिन्न वर्षको वार्षिक प्रतिवेदनहरू।

### ४.२.३ मुख्य सवाल तथा चुनौती

१. **वित्तीय स्रोतको उत्पादनमूलक उपयोगः** उच्च प्रतिफलदायी प्राथमिकताका क्षेत्रमा सार्वजनिक खर्च केन्द्रित गरी विनियोजन कुशलता हासिल गर्नु, कुल खर्चमा प्रदेशको स्रोतको योगदान वृद्धि गर्नु, स्रोत सुनिश्चितताको आधारमा उच्च प्रतिफलयुक्त आयोजनामा लगानी केन्द्रित गर्नु, र पूँजीगत खर्च गर्ने संरचनागत र संस्थागत क्षमतामा सुधार गर्नु।

२. **पूँजीगत खर्चमा वृद्धिः** पर्याप्त अध्ययन एवम् पूर्व तयारी विनाका आयोजना बजेटमा समावेश हुने प्रवृत्ति न्यून गर्नु, पूँजीगत खर्चमा प्रभावकारिता कायम गर्नु, उच्च प्रतिफलयुक्त आयोजनामा स्रोत सुनिश्चित गर्ने गरी आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना जस्ता औजारहरूको पूर्ण रूपमा अवलम्बन गर्नु, चालु खर्चलाई मितव्ययी बनाई पूँजीगत खर्च वृद्धि गर्नु र पूँजीगत खर्च परिचालनमा संलग्न निकाय तथा जनशक्तिको क्षमता अभिवृद्धि गरी कार्यकुशलता र व्यावसायिकता अभिवृद्धि गर्नु।

३. **सार्वजनिक खर्चमा वित्तीय अनुशासनको पालनाः** वार्षिक बजेटलाई नीति तथा योजनामा आधारित बनाई सार्वजनिक खर्चलाई लागत प्रभावी र प्रतिफलमुखी बनाउनु, विनियोजन कुशलता तथा खर्च क्षमतामा सुधार गरी वित्तीय सुशासनमार्फत सार्वजनिक खर्च दक्षता अभिवृद्धि गर्नु, बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत सुधारका साथै सार्वजनिक संयन्त्रको दक्षता अभिवृद्धि गर्नु, सार्वजनिक खर्च प्रणालीमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्नु ।

४. **न्यून वित्त परिचालनको व्यवस्थापनः** प्रदेश सरकारको राजस्व अधिकारलाई अधिकतम परिचालन गरी आवश्यक स्रोत जुटाउनु, आन्तरिक ऋण र बाह्य स्रोत परिचालन गरी न्यून वित्त परिपूर्ति गर्नु, वित्तीय हस्तान्तरणलाई अनुमानयोग्य बनाउनु, निजी लगानीका क्षेत्रहरू पहिचान गरी लगानी अभिवृद्धि गर्नु ।

## ४.२.४ उद्देश्य

१. सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन सुनिश्चित गर्नु ।

२. सार्वजनिक खर्च प्रणालीमा सूचना प्रविधिको उपयोग वृद्धि गर्नु।

## ४.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन सुनिश्चित गर्नु ।** | |
| १. आवधिक योजना र वार्षिक बजेट बीच सामञ्जस्यता कायम गर्ने। | १.१ प्रदेश आवधिक योजनाले परिलक्षित गरेअनुरूप पूर्व तयारी भएका आयोजना छनौट गरी वार्षिक बजेट विनियोजन गरिनेछ।<br>१.२ सार्वजनिक स्रोतमा विनियोजन कुशलता र कार्यान्वयन दक्षता कायम गरी वित्तीय सुशासन अभिवृद्धि गर्न आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना जस्ता व्यवस्थापकीय औजारको प्रभावकारी रूपमा अवलम्बन गरिनेछ।<br>१.३ प्रदेश सरकारको आय र सार्वजनिक खर्चबीच सन्तुलन कायम गरी प्रादेशिक अर्थतन्त्रको स्थायित्व कायम गरिनेछ।<br>१.४ आवधिक रूपमा आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको समीक्षा गरी सार्वजनिक खर्चको पुनरावलोकन गर्नुका साथै आवश्यक नीतिगत, कानूनी र संस्थागत सुधार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. प्राथमिकताको आधारमा बजेट विनियोजन गर्ने। | २.१ लाभ-लागत विश्लेषणका आधारमा उच्च प्रतिफल दिने प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजना छनौट गरी सोको लागि बजेट सुनिश्चित गरिनेछ।<br>२.२ गैरसरकारी संस्था तथा समुदायमा आधारित संस्थालाई प्राथमिकता प्राप्त क्षेत्र, आयोजना तथा कार्यक्रममा लगानी गर्न प्रोत्साहन गरिनेछ। |
| ३. सार्वजनिक निकायको कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने। | ३.१ विकास आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकायको सङ्गठन संरचना र जनशक्ति व्यवस्थालाई प्रभावकारी बनाई सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गरिनेछ।<br>३.२ आयोजना तथा कार्यक्रम कार्यान्वयनको प्रगतिलाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ।<br>३.३ आयोजना स्थलको वन तथा जग्गा प्राप्ति, सुरक्षा प्रणाली, समन्वयलगायत आयोजना व्यवस्थापनका पक्षमा सुधार गर्न नीतिगत तथा प्रक्रियागत सरलीकरण गरिनेछ।<br>३.४ आयोजना अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक, व्यवस्थित एवम् प्रभावकारी बनाइनेछ।<br>३.५ आयोजनामा सुशासनका औजार (सार्वजनिक, सामाजिक परीक्षण, नागरिक सुनवाईजस्ता क्रियाकलाप) का माध्यमबाट पारदर्शिता तथा उत्तरदायित्व कायम गरिनेछ। |
| ४. आयोजना सुशासन कायम गरी पूँजीगत खर्च अभिवृद्धि गर्ने। | ४.१ भौतिक पूर्वाधार विकासलाई तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका सम्भावित क्षेत्रको विकासमा सघाउ पुग्ने गरी कार्यान्वयन गर्न जोड दिइनेछ।<br>४.२ पूँजीगत बजेट विनियोजन गर्दा प्राथमिकीकरणका आधारमा रणनीतिक महत्त्वका बहुवर्षीय आयोजना तथा कार्यक्रममा केन्द्रित गरिनेछ।<br>४.३ आयोजनाको वातावरणीय अध्ययनलाई व्यवस्थित र सरलीकृत गरिनेछ।<br>४.४ निर्धारित लागत र गुणस्तरमा समयभित्रै आयोजना सम्पन्न गर्न खरिद योजना, प्रभावकारी ठेक्का व्यवस्थापन र आयोजना प्रमुखसँगको कार्यसम्पादन सम्झौता आदि व्यवस्थामार्फत आयोजना सुशासन कायम गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : सार्वजनिक खर्च प्रणालीमा सूचना प्रविधिको उपयोग वृद्धि गर्नु ।** | |
| १. सार्वजनिक खर्च व्यवस्थापनमा डिजिटल प्रणालीको विकास र विस्तार गर्ने। | १.१ राजस्व सङ्कलन तथा व्यवस्थापन, बजेट निर्माण, विनियोजन, निकासा तथा भुक्तानी प्रक्रियालाई एकीकृत डिजिटल प्रणालीमार्फत सञ्चालन गरिनेछ।<br>१.२ सार्वजनिक खर्च व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सफ्ट्वेयर अद्यावधिक गरी अन्तरतह समन्वय गरी प्रयोगमा ल्याइनेछ।<br>१.३ सार्वजनिक खर्चसँग सम्बन्धित तथ्याङ्क तथा प्रतिवेदनलाई अनलाइन प्रणालीमार्फत अद्यावधिक र व्यवस्थापन गरिनेछ।<br>१.४ सरकारी निकायको बजेट सूचना प्रणालीलाई एकल कोष खाता प्रणालीसँग आबद्ध गरी थप सुदृढ गरिनेछ। |
| २. सार्वजनिक खर्च व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगका लागि क्षमता विकास र संस्थागत सुदृढीकरण गर्ने। | २.१ कर्मचारीहरूको डिजिटल प्रणाली प्रयोगसम्बन्धी क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ सूचना प्रविधि पूर्वाधार (सर्भर, नेटवर्क, सुरक्षा प्रणाली आदि) सुदृढ गर्दै प्रणालीको नियमित मर्मत तथा अद्यावधिक गरिनेछ।<br>२.३ सूचना प्रविधिमा आधारित सार्वजनिक खर्च व्यवस्थापनका लागि आवश्यक मापदण्ड, निर्देशिका तथा सुरक्षा व्यवस्था लागू गरिनेछ। |

## ४.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **सार्वजनिक खर्च प्रणाली सुदृढीकरणः** वित्तीय उत्तरदायित्व सहितको आर्थिक कार्यविधि कानूनलगायत सार्वजनिक खर्च प्रणालीसँग सम्बन्धित कानूनको परिमार्जन; मध्यमकालीन खर्च संरचना तथा आयोजना बैंक जस्ता औजारहरूको प्रभावकारी कार्यान्वयन; एकीकृत बजेट व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालन; खर्च पारदर्शिता तथा जवाफदेहिता प्रबर्द्धन; वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन; चालु खर्च व्यवस्थापनसम्बन्धी मापदण्ड बनाई गैरबजेटरी खर्चको नियन्त्रण र सार्वजनिक खर्चको अनुगमन प्रणाली स्थापना।

२. **पूँजीगत खर्च क्षमता अभिवृद्धिः** बाह्य करार र कार्यसम्पादन करार जस्ता विधिमार्फत आयोजना प्रमुखको खुला प्रतिस्पर्धात्मक माध्यमबाट छनौट; पूँजीगत खर्चको लागत प्रभावकारी रूपमा अभिवृद्धि गर्न सार्वजनिक लगानी व्यवस्थापन कार्ययोजना कार्यान्वयन; जग्गा प्राप्ति, वन क्षेत्रको प्रयोग, निर्माण सामग्रीको उपलब्धता र पर्याप्त बजेट व्यवस्थाको लागि समन्वय र सहजीकरण; सूचना प्रविधिमा आधारित आयोजना व्यवस्थापन प्रणाली कार्यान्वयन; आयोजना प्रमुखको स्थायित्व तथा आयोजनाका लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन।

३. **सार्वजनिक खर्च प्रणालीमा सूचना प्रविधिको प्रयोगः** सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीको विकास तथा कार्यान्वयन; बजेट, निकासा तथा भुक्तानी प्रक्रियाको डिजिटलाइजेसन तथा एकीकृत प्रणाली विस्तार; सरकारी निकायहरूबीच वित्तीय सूचना अन्तरआबद्धता; सार्वजनिक खर्च व्यवस्थापनमा सूचना प्रविधि प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि; सार्वजनिक वित्तीय सूचना प्रणालीको साइबर सुरक्षा तथा पूर्वाधार सुदृढीकरण।

## ४.३ राजस्व परिचालन

### ४.३.१ पृष्ठभूमि

प्रदेशको विकास र समृद्धिको लागि सार्वजनिक खर्चको बढ्दो आवश्यकता पूरा गर्न र सङ्घीय वित्तीय हस्तान्तरण माथिको निर्भरता कम गर्न प्रदेश सरकारले आफ्नो आन्तरिक राजस्व वृद्धिमा जोड दिन आवश्यक छ। नेपालको संविधानमा उल्लिखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोतको प्रबन्धका लागि पनि आन्तरिक स्रोत परिचालन जरुरी छ। यद्यपि, नेपालको संविधानले कृषि उपजको बिक्रीमा लाग्ने करलाई मात्र प्रदेशको एकल अधिकार सूचीमा समावेश गरेको र घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, विज्ञापन कर एवम् मनोरञ्जन करलाई प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा तोकिदिएको छ। प्रदेश भित्रका प्राकृतिक स्रोत जस्तैः ढुङ्गा, गिट्टी, बालुवा आदिको प्रयोगमा स्थानीय तहसँग समन्वय गरी सन्तुलित परिचालनबाट अत्यधिक फाइदा लिने गरी व्यवस्थापन गर्नु पनि त्यत्तिकै जरुरी देखिएको छ। यसरी कर तथा गैर करका आधार कमजोर रहेको र कर सङ्कलन गर्ने संयन्त्र एवम् पद्धतिसमेत व्यवस्थित भई नसकेको अवस्थामा प्रदेशको राजस्व सङ्कलनमा उल्लेख्य सुधार हुन सकेको छैन। तसर्थ वैज्ञानिक कर प्रणालीको विकास मार्फत राजस्व सङ्कलनको दायरा फराकिलो र दिगो बनाई प्रदेशको वित्त संरचनालाई सक्षम र सुदृढ बनाउन योजना केन्द्रित रहेको छ।

### ४.३.२ विद्यमान अवस्था

नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट र रोयल्टी एवम् आन्तरिक राजस्व नै प्रदेश सरकारको आयका प्रमुख स्रोतहरू हुन् । विश्व अर्थतन्त्रमा देखा परेको सङ्कुचनले गर्दा विगत केही वर्षदेखि नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण पनि प्रभावित भइरहेको छ भने प्रदेशको सीमित राजस्व अधिकार क्षेत्रमा पनि यस किसिमको प्रभाव पर्नाले कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा झनै कमजोर रहने गरेको छ। विगत वर्षहरूमा आन्तरिक आयमा वृद्धि हुँदै आएको भए पनि आ.व. २०८०/८१ मा ४.९ प्रतिशतले घट्न गई प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ०.३२ प्रतिशत मात्र कायम रहेको छ। यस आर्थिक वर्षमा प्रदेशको कुल आयमा आन्तरिक राजस्वको हिस्सा ५.६ प्रतिशत मात्र रहेको छ। आन्तरिक स्रोत परिचालन गर्ने प्रदेश सरकारको संस्थागत क्षमतासमेत अपेक्षाकृत रूपमा सबल हुन नसक्दा वार्षिक लक्ष्य र प्रगतिबीचको अन्तर पनि फराकिलो रहने गरेको छ।

प्रदेशको राजस्व परिचालनको संरचना हेर्दा विगत तीन आर्थिक वर्षको कूल राजस्वमा रोयल्टी तथा राजस्व बाँडफाँटको औसत हिस्सा सबैभन्दा बढी ३८.४६ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी समानीकरण अनुदानको हिस्सा ३४.७७ प्रतिशत र कर तथा गैरकर राजस्वको योगदान ६.२७ प्रतिशत रहेको छ भने विशेष अनुदानको हिस्सा सबैभन्दा कम २.२९ प्रतिशत मात्र रहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा राजस्व तथा रोयल्टी बाँडफाँट बाहेकको आन्तरिक राजस्व रु. १ अर्ब ५६ करोड १४ लाख ७३ हजार सङ्कलन भएको छ। यस्तो आन्तरिक राजस्वमा घरजग्गा रजिस्ट्रेशन दस्तूरको हिस्सा सबैभन्दा बढी ३२.९७ प्रतिशत रहेको छ भने त्यसपछि सवारी साधन करको योगदान ३०.०३ प्रतिशत रहेको छ। त्यस्तै चालक अनुमति पत्र तथा सवारी दर्ता किताब (ब्लुबुक) सम्बन्धी दस्तूरको योगदान १५.९६ प्रतिशत रहेको छ।

यसैगरी वन क्षेत्रको अन्य आम्दानी ५.५२ प्रतिशत र व्यवसाय दर्ता दस्तूरको योगदान २.६१ प्रतिशत रहेको छ। अन्य स्रोतहरूतर्फ प्रशासनिक सेवा शुल्क, यातायात क्षेत्रको आम्दानी, परीक्षा शुल्क, प्रशासनिक दण्ड-जरिवाना तथा जफत, र दहत्तर-बहत्तरबाट प्राप्त आम्दानीको हिस्सा क्रमशः १.९१, १.८९, १.७०, १.३० र १.०१ प्रतिशत रहेको छ। साथै, बेरुजू आम्दानीको हिस्सा ३.७८ प्रतिशत रहेको छ भने अन्य बाँकी राजस्व स्रोतहरूको योगदान १ प्रतिशतभन्दा कम रहेको देखिन्छ।

**तालिका ४.३: प्रदेशको स्रोतगत राजस्व परिचालन (रकम रु. दश लाखमा)**

| आर्थिक वर्ष | समानीकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान | समपूरक अनुदान | रोयल्टी र राजस्व बाँडफाँट | कर तथा गैरकर राजस्व | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७९/८० | ७८८२ | ४८९५ | ७९८ | ७६५ | ८०१६ | ११९१ | २३५४७ | |
| २०८०/८१ | ६३१४ | २८५० | ४६५ | ६१९ | ७३९७ | १२५१ | १८८९६ | -१९.७५ |
| २०८१/८२ | ८००३ | १६६८ | १९७ | ८२९ | ९१३९ | १५६१ | २१३९७ | १३.२३ |
| **औसत** | **७४००** | **३१३८** | **४८७** | **७३८** | **८१८४** | **१३३४** | **२१२८०** | **-०.५५** |
| **प्रतिशत** | **३४.७७** | **१४.७४** | **२.२९** | **३.४७** | **३८.४६** | **६.२७** | **१००.००** | |

**स्रोतः** महालेखापरीक्षकको विभिन्न वर्षको वार्षिक प्रतिवेदन र आर्थिक मामिला मन्त्रालयको वार्षिक मूल्याङ्कन प्रतिवेदन, २०८२।

## ४.३.३ मुख्य सवाल तथा चुनौती

१. **राजस्व प्रशासन सुदृढीकरणः** राजस्व सङ्कलनका विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय कायम गर्नु; प्रदेशको क्षेत्राधिकार भित्र रहेका कर सङ्कलनको लागि आफ्नै संस्थागत प्रबन्ध गर्नु; प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रमा रहेका करको विषयमा प्रभावकारी समन्वय कायम गर्नु; विद्युतीय माध्यमको प्रयोग गरी करदातालाई करको दायरामा ल्याउनु; ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको प्रभावकारी उपयोग गर्नु र राजस्व चुहावट नियन्त्रण गर्नु।

२. **दिगो राजस्व परिचालनः** प्रदेशको कर तथा गैर कर राजस्वको दायरालाई फराकिलो बनाई कुल बजेटमा राजस्वको योगदान बढाउनु, राजस्व सङ्कलनलाई पारदर्शी र प्रभावकारी बनाउनु, राजस्वका नवीन तथा सम्भाव्य स्रोतको खोजीद्वारा कर तथा गैर करको दायरा वृद्धि गर्नु; सङ्घ र स्थानीय तहबीच राजस्व सङ्कलन र अनुगमनमा प्रभावकारी समन्वय कायम गरी राजस्व परिचालनलाई दिगो बनाउनु, राजस्व प्रक्षेपण र सङ्कलनलाई यथार्थपरक बनाउनु, राजस्व असुलीमा अनलाइन प्रणाली

अवलम्बन गर्नु, वक्यौता राजस्व असुली गर्नु र जनस्तरमा करसम्बन्धी सचेतना अभिवृद्धि गरी समयमै कर तिर्ने बानीको विकास गर्नु।

## ४.३.४ उद्देश्य

१. राजस्व प्रशासनलाई प्रभावकारी, कुशल र पारदर्शी बनाउनु।

२. आन्तरिक राजस्वको आधार र दायरा विस्तार गर्नु।

## ४.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : राजस्व प्रशासनलाई प्रभावकारी, कुशल र पारदर्शी बनाउनु।** | |
| १. राजस्व परिचालनसम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने। | १.१ प्रदेशको राजस्व अधिकारसँग सम्बन्धित नीति तथा ऐन, नियम र कार्यविधिहरूमा समयसापेक्ष सुधार गरी अद्यावधिक गर्दै लगिनेछ।<br>१.२ राजस्व परिचालनसँग सम्बन्धित प्रक्रियागत सरलीकरण तथा अन्तरनिकाय समन्वय कायम गरी राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउन नियमित अध्ययन-अनुसन्धानका आधारमा कर तथा गैर कर नीतिमा सुधार गर्दै समष्टिगत राजस्व स्रोत परिचालनका आधार तथा दरमा पुनरावलोकन गरिनेछ।<br>१.३ पर्यटन शुल्क तथा नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त स्रोतको बाँडफाँटलगायतका विषयमा तहगत सरकारबीच रहेको द्विविधा अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>१.४ स्थानीय तहहरूबाट प्राप्त गर्ने राजस्व बाँडफाँटको रकम समयमै प्राप्त गर्न सम्बन्धित सबै पदाधिकारीसँग परामर्श गरी बक्यौता रकमसमेत असूल उपर गरिनेछ। |
| २. राजस्व प्रशासनलाई सुदृढ गर्ने। | २.१ प्रदेशको अधिकार क्षेत्रभित्रको राजस्व प्रशासनलाई संरचनागत संस्थागत व्यवस्थामा पुनरावलोकन गरी सुदृढ गरिनेछ।<br>२.२ कर प्रशासनलाई सुदृढ बनाउन सङ्गठन संचनामा आवश्यक सुधार गरी विज्ञ जनशक्तिको परिचालन, क्षमता विकासका साथै कानूनी सुधारसमेत गरिनेछ।<br>२.३ राजस्व प्रशासनलाई सूचना प्रविधिमा आधारित, करदातामैत्री र सहज बनाइनेछ।<br>२.४ सबै सरोकारवाला तथा करदाताहरूसँग नियमित छलफल, परामर्श तथा अन्तरक्रिया गरी सहभागितामूलक राजस्व स्रोत परिचालन नीति अवलम्बन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ कर प्रणालीको आधुनिकीकरण, अनुपालना संयन्त्र प्रणालीको स्थापना र करको आधार तथा दायरा विस्तार गरी राजस्व सङ्कलन थप व्यवस्थित गरिनेछ।<br>२.६ घरजग्गाको न्यूनतम मूल्याङ्कन र कारोवार हुने यथार्थ मूल्यबीचको अन्तर कम गर्दै रजिष्ट्रेशन शुल्कको दायरा विस्तार गरिनेछ। |
| **उद्देश्य २ : आन्तरिक राजस्वको आधार र दायरा विस्तार गर्नु ।** | |
| १. राजस्वको दायरा विस्तार गर्ने। | १.१ प्रदेशको अधिकार क्षेत्रभित्रका सम्भाव्य सबै राजस्वका स्रोत तथा आयमूलक क्रियाकलापलाई न्यायोचित ढङ्गबाट राजस्वको दायरामा ल्याइनेछ।<br>१.२ राजस्व सङ्कलनमा आउने सङ्कुचन र सार्वजनिक खर्चमा पर्ने थप चापलाई कम गर्न राजस्व सम्भाव्यता अध्ययन गरी राजस्वका दायरा र दरमा परिवर्तन गरिनेछ। साथै स्थानीय तहहरूको राजस्व क्षमता अभिवृद्धि गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>१.३ राजस्वका स्रोत र दरहरूको नियमित पुनरावलोकन एवम् राजस्व चुहावट नियन्त्रण तथा कर परिपालना अभिवृद्धिसँगै अनुमानयोग्य वित्त प्रणालीको विकासमा जोड दिइनेछ। |

### ४.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **राजस्व प्रशासनको संरचनागत तथा संस्थागत क्षमता सुदृढीकरणः** राजस्व परिचालनसँग सम्बन्धित नीति तथा कानून तर्जुमा र परिमार्जन; राजस्व प्रशासनको संस्थागत क्षमता विकास; राजस्वका नयाँ क्षेत्र पहिचान तथा दायरा विस्तार; राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग।

२. **राजस्वका क्षेत्र विस्तारः** करदाता तथा सरोकारवाला सचेतना; करदाता शिक्षा; करदातामैत्री व्यवहार प्रवर्द्धन; दर्ता प्रक्रियामा आउन बाँकी उद्यम तथा व्यवसाय दर्ता तथा नवीकरण; सङ्घीय र स्थानीय सरकारसँगको समन्वयमा पर्यटन सेवा शुल्कको सङ्कलन र परिचालन; राजस्व सम्भाव्यता अध्ययन तथा सुधार योजना तर्जुमा र कार्यान्वयन; स्थानीय तहसँग बाँडफाँट हुने राजस्वको नियमित र स्वचालित रूपमा रकम हस्तान्तरण तथा राजस्व परिचालनमा तहगत समन्वय र सहकार्य।

## ४.४ वैदेशिक सहायता परिचालन

### ४.४.१ पृष्ठभूमि

उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्न र विकाससम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धता पूरा गर्नका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्न आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकोले नेपालले वैदेशिक सहायताको उपयोग गर्दै आएको छ। प्रदेश सरकारले पनि आफ्नो आन्तरिक स्रोत र नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणबाट मात्र जनआकांक्षा अनुरुपको लगानी आवश्यकता पूरा नहुने हुँदा वैदेशिक सहायता परिचालन गर्न आवश्यक छ। प्रदेश सरकारले खासगरी ठूला र उत्पादनमूलक आयोजनामा नवीनतम प्रविधि हस्तान्तरणसमेत हुने गरी वैदेशिक सहायता उपयोग गर्न जरुरी छ । प्रदेश सरकारले

नेपाल सरकारमार्फत द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारबाट अनुदान तथा सहुलियतपूर्ण ऋणको रूपमा वैदेशिक सहायता प्राप्त गर्दै आएको छ। त्यसबाहेक नेपाल सरकारको पूर्व स्वीकृतिमा प्राविधिक तथा मानवीय सहायताका रूपमासमेत वैदेशिक सहायता परिचालन गर्दै आएको छ।

सुदूरपश्चिम प्रदेशमा सञ्चालन गरिएको प्रदेश तथा स्थानीय सरकार सबलीकरण कार्यक्रम (पिएलजिएसपि) प्रदेश तथा स्थानीय तहको शासन प्रणाली सुदृढ बनाउन लक्षित एक महत्त्वपूर्ण पहल हो, जसलाई नेपाल सरकार र विकास साझेदारहरूको सहकार्यमा कार्यान्वयन गरिएको हो। यस कार्यक्रमले प्रदेश मन्त्रालय तथा स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्ने, योजना तर्जुमा तथा बजेट प्रणालीलाई व्यवस्थित बनाउने, सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी र उत्तरदायी बनाउने तथा सेवा प्रवाहलाई प्रभावकारी र पहुँचयोग्य बनाउने कार्यमा जोड दिएको छ। साथै, यसले महिला, दलित तथा पिछडिएका वर्गको सहभागिता बढाई समावेशी तथा उत्तरदायी शासन प्रवर्द्धन गर्न पनि योगदान पुऱ्याएको छ। कार्यक्रमको कार्यान्वयनबाट सुदूरपश्चिममा योजना निर्माण तथा कार्यान्वयन क्षमता अभिवृद्धि हुनुका साथै वित्तीय व्यवस्थापनमा सुधार, सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता वृद्धि तथा प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ हुने जस्ता सकारात्मक परिणामहरू देखिएका छन्।

सुदूरपश्चिम प्रदेशमा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार एवं अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले शिक्षा, स्वास्थ्य, पोषण, आर्थिक विकास, पूर्वाधार विकास, ऊर्जा, विपद् व्यवस्थापन र उत्थानशीलता, वातावरण संरक्षण, जलवायु परिवर्तन, सार्वजनिक वित्त, सुशासन, गरिबी न्यूनीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला सशक्तीकरण, बालअधिकार संरक्षणलगायतका क्षेत्रमा कार्य गर्दै आएका छन्।

### ४.४.२ विद्यमान अवस्था

नेपालको संविधानमा वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई हुने र त्यस्तो सहायता वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्ने व्यवस्था छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको लागि नेपाल सरकारले वैदेशिक अनुदान वा सहयोग लिन सक्ने व्यवस्था गरेको छ। यस ऐनमा प्रदेशले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न, गराउन नसक्ने व्यवस्था रहेको छ। यस व्यवस्था अनुरुप प्रदेश सरकारले आफ्नो क्षेत्राधिकार भित्रका आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि वैदेशिक सहायता प्राप्त गर्न उपयुक्त आयोजना पहिचान, छनौट र विकास गर्ने क्षमता विकाससँगै नेपाल सरकारसँगको समन्वयलाई प्रभावकारी बनाउनु पर्ने हुन्छ।

सन् २०२६ मा नेपाल विकासशील राष्ट्रको रूपमा स्तरोन्नति भएपश्चात नेपालले प्राप्त गर्दै आएको सहुलियत तथा सुविधामा असर पर्न सक्ने र सहायताको लागत क्रमशः बढ्ने, अनुदान सहायता घट्दै जाने र सहुलियतपूर्ण ऋण भुक्तानी अवधि कम हुने अवस्था छ। पछिल्ला वर्षहरूमा नेपालले प्राप्त गर्ने वैदेशिक सहायतामा अनुदानको हिस्सा घटेको र सहुलियतपूर्ण ऋणको हिस्सा बढ्दै गएको छ। विदेशी मुद्राको विनिमय दरमा हुने वृद्धिले लागतमा समेत वृद्धि हुने गरेको छ।

सुदूरपश्चिम प्रदेशको सामाजिक-आर्थिक विकासलाई दिगो र समावेशी बनाउन वैदेशिक सहायता महत्त्वपूर्ण स्रोतका रूपमा रहेको छ। नेपालको संविधान, अन्तर्राष्ट्रिय सन्धि, ऐन र अन्तरसरकारी वित्त व्यवस्थापनसम्बन्धी कानूनी व्यवस्थाअनुसार वैदेशिक सहायतासम्बन्धी सम्झौता तथा स्रोत परिचालन नेपाल सरकारमार्फत हुने व्यवस्था रहेको छ। यस आधारमा प्रदेश सरकारले आफ्नो विकास प्राथमिकताका क्षेत्रहरू पहिचान गरी नेपाल सरकारको समन्वयमा विभिन्न विकास साझेदार संस्थासँग सहकार्य गर्दै कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको छ। सुदूरपश्चिम प्रदेशमा सुशासन, क्षमता विकास, नवप्रवर्तन प्रबर्द्धन, स्वास्थ्य, शिक्षा, कृषि, खाद्य सुरक्षा, विपद् व्यवस्थापन, जीविकोपार्जन सुधार तथा पूर्वाधार विकासका क्षेत्रमा विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूले सहयोग गर्दै आएका छन्।

साथै, प्रदेश र स्थानीय सरकारको संस्थागत क्षमता विकास, नागरिक सहभागिता, शासन प्रणाली सुदृढीकरण, सेवा प्रवाहको प्रभावकारीता वृद्धि, योजना, बजेट तथा वित्तीय व्यवस्थापन सुधार गर्ने उद्देश्यअनुसार नेपाल सरकारले प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने गरी प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसरी प्रदेशभित्र विभिन्न विकास साझेदार निकायहरूबाट बजेट कोष प्रणाली, बजेट गैरकोष प्रणाली र गैरबजेट-गैरकोष प्रणालीमार्फत प्रदेशको विकास प्राथमिकता कार्यान्वयन, सेवा प्रवाह सुदृढीकरण तथा समग्र सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्।

### ४.४.३ मुख्य सवाल तथा चुनौती

१. **वैदेशिक सहायता परिचालनको लागि संस्थागत क्षमता विकासः** वैदेशिक सहायतामा सञ्चालन गर्ने उपयुक्त आयोजना पहिचान, छनौट र विकास गरी कार्यान्वयन गर्ने संस्थागत क्षमता अभिवृद्धि गर्नु; प्रदेशमा वैदेशिक सहायताको उपयोगलाई थप प्रभावकारी बनाउनु; प्रदेशको कार्यजिम्मेवारी र उपलब्ध साधन स्रोतबीचको अन्तर र विकास सहायता परिचालनको आवश्यकताबारे नेपाल सरकार एवम् विकास साझेदारलाई सहमत गराउनु; सहायता प्राप्ति र परिचालनमा तहगत र निकायगत समन्वय कायम गर्नु; सबै प्रकारका विकास सहायतालाई प्रदेशको बजेट प्रणालीभित्र ल्याउनु; सहायताको प्रतिवद्धता र कार्यान्वयनबीच हुने अन्तरलाई न्यून गर्नु; सहायता व्यवस्थापनमा प्रदेशको क्षमता र कुशलता बढाउनु।

२. **वैदेशिक सहायताको प्रभावकारी उपयोगः** प्रदेशका प्राथमिकता र विकास साझेदारका प्राथमिकता बीच तादात्म्यता कायम गरी वैदेशिक सहायता परिचालन गर्नु, विभिन्न विकास साझेदार संस्थाहरूबीच समन्वय गरी स्रोतको सदुपयोग गर्नु, समयमा सोधभर्नाका शर्तहरू पालना गर्नु, सार्वजनिक खरिद प्रक्रियालाई चुस्त दुरुस्त र प्रभावकारी बनाउनु।

३. **वैदेशिक लगानीः** सुदूरपश्चिमको विकासका सम्भाव्यताहरू जस्तैः कृषि, पर्यटन, जलस्रोत तथा विद्युत उत्पादन र वितरण, जडीबुटी विकास र प्रशोधनका सम्भाव्य परियोजनाको पहिचान गरी लगानी आकर्षित गर्न छिमेकी देश भारत, चीन लगायका अन्य देशका उद्यमीसँग पहुँच बढाउनु, जोखिम न्यूनीकरणमा सहजीकरण गरी निजी क्षेत्रको लगानी आकर्षित गर्न प्राथमिकता दिनु।

## ४.४.४ उद्देश्य

१ प्रदेशको विकासका प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता तथा लगानीको प्रभावकारी परिचालन गर्नु ।

## ४.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशको विकासका प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता तथा लगानीको प्रभावकारी परिचालन गर्नु ।** | |
| १. प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहायता परिचालन गर्ने। | १.१ पूर्व तयारी सम्पन्न भएका उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रममा विकास सहायता एवम वैदेशिक लगानी परिचालन गर्न जोड दिइनेछ।<br>१.२ आयोजनाबाट प्राप्त हुनसक्ने प्रतिफल र प्रदेश सरकारको तर्फबाट गर्न सकिने लगानीकोसमेत विश्लेषण गरी वैदेशिक सहायता तथा लगानीमा आयोजना सञ्चालन गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।<br>१.३ कृषि, पर्यटन, उद्योग, खानी, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, जडिबुटी तथा ऊर्जालगायत प्रदेशको प्राथमिकताका क्षेत्रमा आयोजनाको विकास गरी वैदेशिक सहायता तथा लगानी परिचालनको लागि आधार तयार गरिनेछ। |
| २. जलवायु वित्तमा पहुँच बढाउने। | २.१ नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन र हरित पूर्वाधार निर्माणमा सहयोग तथा लगानी परिचालन गर्ने गरी आयोजना पहिचान, छनौट र विकास गरी जलवायु वित्तलगायतका वैदेशिक सहायता परिचालनमा जोड दिइनेछ।<br>२.२ अनुदान, ऋण र निजी लगानी मिश्रण गरी विकास आयोजनाहरूलाई आर्थिक रूपमा सबल बनाउने हाइब्रिड वित्तीय मोडेलहरूको खोजी र उपयोग गर्नमा जोड दिइनेछ। |
| ३. वैदेशिक सहायता परिचालनका लागि समन्वय र सहकार्य गर्ने। | ३.१ वैदेशिक सहायता तथा लगानीसम्बन्धी छिमेकी प्रदेश र स्थानीय तहहरूसँग समन्वय गरी क्षेत्रगत अध्ययन गरी आवश्यकता पहिचान गरिनेछ।<br>३.२ लगानी तथा विकास सम्मेलन आयोजना गरी वैदेशिक लगानी आकर्षण गरिनेछ।<br>३.३ वैदेशिक सहायता परिचालनका लागि नेपाल सरकारमार्फत वैदेशिक विकास साझेदारसँग समन्वय तथा सहकार्य गरिनेछ। |

### ४.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **वैदेशिक सहयोग तथा लगानी परिचालनः** प्रदेशको प्राथमिकताका क्षेत्रमा विकास सहायता परिचालन, सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रममा वैदेशिक सहायताको अतिरिक्त नीजि लगानीका साथै समुदाय र गैरसरकारी क्षेत्रको समेत साझेदारी प्रबर्द्धन, सबै प्रकारका विकास सहायतालाई प्रदेशको बजेट प्रणाली भित्र ल्याउने र वैदेशिक सहायतामा सञ्चालित आयोजना समयमा सम्पन्न गर्न आवश्यक संस्थागत क्षमता अभिवृद्धि।

२. **वैकल्पिक वित्त परिचालनः** अन्तर्राष्ट्रिय रूपमा प्रयोगमा आउने गरेका हरित वित्त, मिश्रित वित्त जस्ता हाइब्रिड वित्तीय मोडेलहरूको उपयोग गर्न कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम; वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन कार्यक्रम; नवीकरणीय ऊर्जा, जलवायु अनुकूलन र हरित, उत्थानशील तथा समावेशी पूर्वाधार निर्माण।

## ४.५ सार्वजनिक ऋण

### ४.५.१ पृष्ठभूमि

आर्थिक वृद्धि, वैदेशिक पूँजी, न्यूनवित्त परिचालन तथा प्रविधिको उपयोग र अन्तरपुस्ता समता कायम गर्न निजी क्षेत्रको लगानीमा संकुचन नहुने गरी प्रदेशको आवश्यकता र प्राथमिकताका क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्नुपर्ने हुन्छ। प्रदेशले नेपाल सरकारको सहमती लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिश गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने संवैधानिक र कानूनी व्यवस्था छ। जसअनुसार आयोगले नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश तहको आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन र त्यसको उपयोग पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा परिचालन गर्ने गरी सिफारिस गरेको छ।

### ४.५.२ विद्यमान अवस्था

प्रदेशले उच्च प्रतिफल दिने विकास आयोजनामा लगानी आवश्यकता पूरा गर्न नेपाल सरकारको सहमतिमा तोकिएको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्दछ । यद्यपि विभिन्न नीतिगत, कानूनी र प्राविधिक कठिनाईको कारण प्रदेश सरकारले हालसम्म यसको व्यवहारिक उपयोग गर्न सकेको छैन। प्रदेश सरकारले विकास आयोजना तथा कार्यक्रममा गर्ने सार्वजनिक लगानीबाट उच्च प्रतिफल प्राप्त गर्न पर्याप्त अध्ययन विश्लेषणका आधारमा उपयुक्त ठहरिएका आयोजना तथा कार्यक्रमलाई सूचीकृत गरी कार्यान्वयनमा ल्याउने गरी आयोजना बैंक कार्यान्वयन प्रक्रियालाई अगाडि बढाएको छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ ले प्रदेश सरकारले सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमार्फत नेपाल सरकारको सहमतिमा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आवश्यक परिमाणमा एकै पटक वा पटक-पटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासन गरी प्रचलित कानूनको अधिनमा रही आन्तरिक ऋण लिन सक्ने व्यवस्थासमेत गरिसकेको हुँदा आगामी दिनमा उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रममा आन्तरिक ऋण परिचालन गर्न सकिने सम्भावना रहेको छ।

### ४.५.३ मुख्य सवाल तथा चुनौती

१. **आन्तरिक ऋण परिचालनको व्यवहारिक कार्यान्वयन:** आन्तरिक ऋण परिचालनका लागि सङ्घीय आधारभूत कानून बमोजिम आवश्यक पर्ने प्रदेशको कानूनी व्यवस्था र प्रक्रियागत सरलीकरणलगायतका कार्य गर्नु, प्राथमिकता प्राप्त तथा उच्च प्रतिफल हासिल हुने क्षेत्रमा आन्तरिक ऋण परिचालन गर्ने कार्य व्यवहारिक रूपमा कार्यान्वयनमा ल्याउनु, प्रदेशलाई ऋणयोग्य (क्रेडिट वर्थी) बनाउन संगठनात्मक सुधार र आन्तरिक स्रोत परिचालनमा आवश्यक नीतिगत सुधार गर्नु।

२. **आन्तरिक ऋणलाई उत्पादनशील र प्राथमिकताका क्षेत्रमा लगानी:** उच्च प्रतिफलयुक्त परियोजना छनौट गरी अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन ऋण परिचालन रणनीतिका आधारमा सार्वजनिक ऋणको दिगो उपयोग गर्नु; तोकिएको लागत, गुणस्तर र समयमा सम्पन्न गरी लगानी भएको सार्वजनिक ऋण रकमबाट अधिकतम प्रतिफल प्राप्त गर्नु।

### ४.५.४ उद्देश्य

१. सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी सिर्जना, पूँजी निर्माण र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।

### ४.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गरी रोजगारी सिर्जना, पूँजी निर्माण र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु ।** | |
| १. आन्तरिक ऋण परिचालनको लागि उपयुक्त संस्थागत प्रबन्ध मिलाउने। | १.१ आन्तरिक ऋण परिचालनका लागि प्रदेश तहमा आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्थाका साथै उपयुक्त संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ।<br>१.२ प्रदेशलाई ऋणयोग्य (क्रेडिट वर्थी) बनाउन संगठनात्मक सुधार र आन्तरिक स्रोत परिचालनमा आवश्यक नीतिगत सुधार गरिनेछ।<br>१.३ आन्तरिक ऋणको व्यवस्थापनका लागि स्पष्ट मापदण्ड बनाइ नियमन र अनुगमनका लागि संस्थागत व्यवस्था मिलाउन सङ्घीय तहबाट सम्पादन गर्नु पर्ने कामका लागि आवश्यक समन्वय तथा पैरवी गरिनेछ।<br>१.४ सार्वजनिक ऋणको उपयोग गर्दा दिगोपना विश्लेषण गरी सम्भावित जोखिम न्यूनीकरण गरेर मात्र परिचालन गर्ने नीति अवलम्बन गरिनेछ। |
| २. उत्पादनमूलक आयोजना तथा कार्यक्रमका लागि आन्तरिक ऋण परिचालन गर्ने। | २.१ आयोजना बैंक प्रणालीको प्रभावकारी कार्यान्वयनमार्फत सार्वजनिक ऋण परिचालनलाई सम्भाव्य र उच्च प्रतिफल दिने पूर्वाधार र उत्पादनमूलक आयोजनामा मात्र केन्द्रित गरिनेछ।<br>२.२ आन्तरिक ऋण परिचालन गर्दा अल्पकालीन र दीर्घकालीन ऋणको सन्तुलन मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ ऋण परिचालनका आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन सार्वजनिक-निजी साझेदारी मोडललाई प्राथमिकता दिइनेछ। |

### ४.५.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **आन्तरिक ऋण परिचालनः** आन्तरिक ऋण परिचालनसम्बन्धी नीतिगत र कानूनी व्यवस्था, आन्तरिक ऋण परिचालनका लागि सम्भाव्य आयोजना पहिचान, सम्भाव्यता अध्ययन, मूल्याङ्कन तथा छनौट गरी उच्च प्रतिफलयुक्त प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयनमा ल्याउन सक्ने गरी संस्थागत क्षमता विकास, सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी मध्यमकालीन तथा दीर्घकालीन रणनीति तर्जुमा।

## ४.६ अन्तर-सरकारी वित्त

### ४.६.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने गरी कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसै बमोजिम तोकिएका कार्यजिम्मेवारी पूरा गर्नका लागि प्रदेशलाई केही सीमित क्षेत्रका राजस्व अधिकार सहित सङ्घीय संचित कोषबाट राजस्व बाँडफाँट र विभिन्न अनुदानहरू वित्तीय हस्तान्तरण गरिने एवम् प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त रोयल्टीको न्यायोचित हिस्सासमेत प्राप्त हुने व्यवस्था छ। त्यसैगरी प्रदेशले स्थानीय तहलाई समेत प्रदेश संचित कोषबाट अनुदानहरू उपलब्ध गराउने संवैधानिक र कानूनी व्यवस्था छ। यसै व्यवस्था अनुरुप प्रदेश सरकारले प्राप्त गर्ने र प्रदेशले स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरणलाई प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकासमा प्रभावकारी रूपमा उपयोग सुनिश्चित गर्ने गरी अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउनेतर्फ यस योजनाले जोड दिएको छ।

### ४.६.२ विद्यमान अवस्था

नेपालको संविधानले तीनै तहका सरकारलाई तोकिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने राजस्वका स्रोतको बाँडफाँट गर्ने प्रबन्ध गरेको छ। साथै यस्तो बाँडफाँटलाई न्यायोचित बनाउन स्वतन्त्र संवैधानिक निकायको रूपमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरिएको छ। आयोगले तहगत सरकारहरू बीच बाँडफाँट हुने राजस्वको आधार र ढाँचा तोक्ने र वित्तीय समानीकरण अनुदानको वितरणका लागि सिफारिश गर्ने एवम् सशर्त अनुदानको लागि आधार तोक्न सक्ने व्यवस्था छ। यसै व्यवस्थाअनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपाल सरकारबाट सबै प्रदेशलाई राजस्व बाँडफाँट र अनुदानसमेत गरी रु. १ खर्ब ४२ अर्ब ६५ करोड ८५ लाख ७२ हजार वित्तीय हस्तान्तरण गरेकोमा यस प्रदेशले रु. १७ अर्ब ६१ करोड २७ लाख ५८ हजार (१२ प्रतिशत) प्राप्त गरेको थियो। यसरी सङ्घीय तहबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको रकमले यस प्रदेशको वार्षिक बजेटमा करीब तीन चौथाई हिस्सा ओगट्ने गरेको छ। यद्यपि, नेपाल सरकारको राजस्व परिचालनमा पर्न गएको प्रभावको कारण विगत केही वर्षदेखि यसरी प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाडफाँटसमेत प्रभावित हुने गरेको र अनुमानयोग्यसमेत हुन सकिरहेको छैन।

त्यसैगरी यस प्रदेशले पनि संवैधानिक र कानूनी व्यवस्थाका आधारमा आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कूल वार्षिक खर्च रु. २२ अर्ब २० करोड २५ लाख ५५ हजारको १३ प्रतिशत (रु.२ अर्ब ९७ करोड ४७ लाख १५ हजार) प्रदेशअन्तरगतका स्थानीय तहलाई अनुदान उपलब्ध गराएको छ। सवारी साधन कर बापत सङ्कलित रकमको ४० प्रतिशत स्थानीय तहलाई राजस्व बाँडफाँट स्वरुप उपलब्ध गराउने गरेको छ।

### ४.६.३ मुख्य सवाल तथा चुनौती

१. **न्यायोचित, दिगो एवम् अनुमानयोग्य अन्तरसरकारी वित्तीय हस्तान्तरणः** राजस्व क्षमता र खर्च आवश्यकताअनुसार नेपाल सरकारबाट वित्तीय हस्तान्तरण प्राप्त गर्नु, सङ्घीय सरकारबाट परिचालन हुने वित्तलाई न्यायोचित वितरण प्रणाली अवलम्बन गर्न यस सम्बन्धी गठन भएका संस्थागत परिषद् तथा समितिमा आवश्यक र तर्कपूर्ण प्रस्ताव प्रस्तुत गरी राजस्व बाँडफाँटका सूचकहरू परिवर्तन गराउन प्रभावकारी भूमिका निर्वाह गर्नु, स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरणलाई न्यायोचित, दिगो एवम् अनुमानयोग्य बनाउनु, वित्तीय हस्तान्तरणको उद्देश्यमूलक क्षेत्रमा उपयोग हुने अवस्थालाई सुनिश्चित गर्नु, प्रदेश र स्थानीय तहमा वित्तीय स्रोतको उपयोग क्षमता विकास गर्नु।

### ४.६.४ उद्देश्य

१. अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने आधार सुदृढ गर्नु ।

### ४.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउने आधार सुदृढ गर्नु ।** | |
| १. अन्तरसरकारी वित्तको प्रभावकारिता वृद्धि गर्न पैरवी गर्ने। | १.१ राजस्व बाँडफाँट तथा सङ्घीय अनुदानलाई संविधानले परिलक्षित गरेअनुरुप आवश्यकता र कार्यसम्पादनमा आधारित, पारदर्शी एवम् अनुमानयोग्य बनाउन नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय र पैरवी गरिनेछ।<br>१.२ सशर्त अनुदानलाई एकमुष्ट अनुदानका रूपमा प्रदान गर्ने र यसको परिमाणलाई क्रमशः कम गरी वित्तीय समानीकरण अनुदान वृद्धि गर्दै लैजाने विषयमा नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग आवश्यक समन्वय र पैरवी गरिनेछ।<br>१.३. सुदूरपश्चिम प्रदेशमा प्राप्त हुने अनुदान तथा लगानीलाई अन्य प्रदेशसँगको वित्तीय सन्तुलन, सामाजिक न्यायका सूचकाङ्क र पूर्वाधारको स्थितिसमेतको विश्लेषण सहितको स्थिति पत्र तयार गरी वित्तीय हस्तान्तरण र लगानी बढाउन पैरवी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वित्तीय हस्तान्तरणसम्बन्धी संस्थागत क्षमता सुदृढीकरण गर्ने। | २.१ प्रदेश र स्थानीय तहको खर्च गर्ने क्षमता अभिवृद्धि गरी अन्तर-सरकारी वित्तको प्रभावकारिता वृद्धि गरिनेछ।<br>२.२ स्थानीय तहलाई गरिने वित्तीय हस्तान्तरणलाई न्यायोचित बनाउन प्रदेश तहमा तथ्याङ्कीय आधारहरूलाई सुदृढ गर्दै लगिनेछ।<br>२.३ प्रदेश समन्वय परिषद् मार्फत वित्तीय हस्तान्तरणमा देखिएका समस्याहरूको पहिचान गरी समाधान गरिनेछ। |

### ४.६.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **अन्तरसरकारी वित्तको प्रभावकारिता अभिवृद्धिः** राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण अनुदानको न्यायोचित वितरणका लागि आवश्यक पर्ने तथ्याङ्क एवम् सूचनाहरू अद्यावधिक, स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि।

२. स्थिति पत्र तयारी, सङ्घीय तहसँग वहस पैरवी।

## ४.७ सार्वजनिक-निजी-सहकारी साझेदारी

### ४.७.१ पृष्ठभूमि

नेपालको आर्थिक विकासलाई उत्पादनमुखी, समावेशी र दिगो बनाउने उद्देश्यले सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीचको सहकार्यलाई महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ। नेपालको संविधानले देशको अर्थतन्त्रलाई सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सञ्चालन हुने तीनखम्बे आर्थिक प्रणालीका रूपमा परिकल्पना गरेको छ। संविधानमा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत उत्पादन तथा उत्पादकत्व वृद्धि, उद्यमशीलता प्रबर्द्धन, रोजगारी सिर्जना र समावेशी आर्थिक विकासका लागि यी तीनै क्षेत्रबीच समन्वय, सहकार्य र साझेदारीलाई प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ।

संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीचको साझेदारीलाई प्रबर्द्धन गर्न विभिन्न कानूनी तथा नीतिगत प्रबन्धहरू लागू गरिएका छन्। विशेष गरी सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ ले पूर्वाधार विकास, सेवा विस्तार तथा लगानी प्रबर्द्धनका लागि सार्वजनिक र निजी क्षेत्रबीच सहकार्य गर्ने कानूनी आधार प्रदान गरेको छ। यस ऐनमार्फत परियोजना विकास, लगानी व्यवस्थापन तथा कार्यान्वयन प्रक्रियामा निजी क्षेत्रको सहभागिता विस्तार गर्ने लक्ष्य राखिएको छ।

नेपालको सोह्रौं योजनाले आर्थिक रूपान्तरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र दिगो विकासलाई प्रमुख लक्ष्यका रूपमा अघि सारेको छ। योजनाले सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको प्रभावकारी समन्वय र साझेदारीमार्फत लगानी अभिवृद्धि गर्ने, औद्योगिकीकरणलाई प्रबर्द्धन गर्ने तथा पूर्वाधार विकासलाई तीव्र बनाउने रणनीति अवलम्बन गरेको छ। साथै, निजी क्षेत्रलाई आर्थिक विकासको प्रमुख

साझेदारका रूपमा स्थापित गर्दै उद्यमशीलता विकास, नवप्रवर्तन प्रबर्द्धन र प्रतिस्पर्धी अर्थतन्त्र निर्माणमा जोड दिएको छ।

यस सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा समेत आर्थिक गतिविधि विस्तार, उद्यमशीलता प्रबर्द्धन, लगानी अभिवृद्धि तथा रोजगारी सिर्जना गर्न सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीचको सहकार्यलाई थप सुदृढ बनाउने आवश्यकता रहेको छ। प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतसाधन, कृषि, पर्यटन, ऊर्जा तथा औद्योगिक सम्भावनाहरूको उपयोग गर्न तीनै क्षेत्रबीचको साझेदारीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रदेशको आर्थिक विकासलाई गतिशील बनाउने अपेक्षा गरिएको छ।यसलाई सवलीकरण गर्न सुदूरपश्चिम प्रदेश सरकारले साझेदारी व्यवसाय ऐन, २०७६ र निजी व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा ल्याएको छ।

### ४.७.२ विद्यमान अवस्था

विकास र समृद्धिको लक्ष्य प्राप्तिमा सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जनामार्फत योगदान गर्न सक्दछ ।त्यसैगरी लगानी, उत्पादन, वितरण र रोजगारी सिर्जना गरी आर्थिक गतिविधिको विस्तार गर्न निजी क्षेत्रको प्रमुख भूमिका रहेको हुन्छ । नेपालको संविधानले तीव्र आर्थिक वृद्धि हासिल गर्न तथा स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माण गर्न निजी र सहकारी क्षेत्रलाई आर्थिक नीतिको प्रमुख सम्वाहकको रूपमा आत्मसात गरेको छ।

निजी क्षेत्रको साझा सङ्गठनका रूपमा नेपाल उद्योग वाणिज्य महासङ्घ तथा जिल्ला र स्थानीय तहमा रहेका उद्योग वाणिज्य सङ्घहरू सक्रिय रूपमा क्रियाशील रहेका छन्।महासङ्घले लगानीमैत्री वातावरण निर्माण गर्न तथा निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्न विभिन्न छलफल, अन्तरक्रिया तथा पैरवी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा महासङ्घले "शान्ति, स्थायित्व र समृद्धिका लागि सहकार्य" विषयक सर्वपक्षीय राष्ट्रिय संवाद कार्यक्रमहरू आयोजना गरी लगानीको अनुकूल वातावरण निर्माण गर्न समेत पहल गर्दै आएको छ।

त्यसैगरी, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर्स अफ कमर्स, घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल होटल महासङ्घ तथा नेपाल निर्माण व्यवसायी महासङ्घलगायतका सङ्घ-संस्थाहरूले मुलुकको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्।यस प्रदेशमा जिल्ला तथा स्थानीय तहका गरी १७ वटा उद्योग वाणिज्य सङ्घहरू क्रियाशील रहेका छन्। यी संस्थामा आबद्ध उद्योगी तथा व्यवसायीहरूले स्थानीय तहमा आर्थिक गतिविधि विस्तार, उद्यमशीलता प्रबर्द्धन तथा रोजगारी सिर्जनामा उल्लेखनीय योगदान गर्दै आएका छन्।

नेपालको संविधानले सहकारी संस्थासम्बन्धी जिम्मेवारी तीन वटै तहका सरकारमा राखे अनुरुप सुदूरपश्चिम प्रदेशले सहकारी ऐन, २०७५ जारी गरेको छ भने सहकारी अनुगमन निर्देशिकाको मस्यौदा तयार गर्ने कार्य सम्पन्न गरेको छ। यस प्रदेशमा २०८१ चैत्र मसान्तसम्म कुल ३८२ सहकारी संस्थामा २ लाख ३ हजार ७०३ शेयर सदस्य आबद्ध रहेको र कुल शेयर पूँजी रु १५ करोड ३२ लाख रहेको छ। यी सहकारी संस्थाहरूबाट रु ७ अर्ब ५९ करोड ऋण प्रवाह भएको छ। प्रदेशमा निजी क्षेत्रबाट कृषि, पर्यटन,

उद्योग, जलविद्युतलगायतका क्षेत्रमा हुने गरेको लगानीबाट समेत उत्पादन र रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान पुगिरहेको छ।

## ४.७.३ मुख्य सवाल तथा चुनौती

१. **निजी क्षेत्रलाई आश्वस्त बनाई लगानी प्रोत्साहनः** प्रदेश योजनाले निर्धारण गरेका विकास लक्ष्य र उद्देश्य हासिल गर्न आवश्यक पर्ने लगानीका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नु, निजी क्षेत्रको लगानी आकर्षित गर्न व्यवसाय सञ्चालन, लगानी सुरक्षाको प्रत्याभूति, सार्वजनिक सेवा प्रवाहमा एकद्वार प्रणालीको प्रभावकारी कार्यान्वयन गर्नु, नीजि क्षेत्रको प्रबर्द्धनका लागि प्रक्रियागत सरलीकरण र सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय कायम गर्नु, निजीक्षेत्रमैत्री नीतिगत व्यवस्थाको सुनिश्चितता प्रदान गर्नु।

२. **सहकारी क्षेत्रको लगानी अभिवृद्धिः** सहकारीको लगानीलाई सुरक्षित र दिगो बनाउन लगानी सुरक्षाको सुनिश्चितता प्रदान गर्नु, लगानीका लागि सम्भावनायुक्त तथा उपयुक्त क्षेत्रहरूको स्पष्ट पहिचान गरी सहलगानीका परियोजनाहरूमा सहकारी संस्थाहरूको सहभागिता विस्तार गर्नु, सहकारीमार्फत सामूहिक लगानी कोषको स्थापना तथा परिचालन गरी उत्पादनमूलक क्षेत्रमा लगानी प्रबर्द्धन गर्नु, सहकारी संस्थाहरूमा परियोजना तयारी, व्यवस्थापन तथा प्राविधिक क्षमताको अभिवृद्धि गर्नु, सहकारी पूँजीलाई कृषि, उद्योग, पर्यटन, सेवा तथा स्थानीय पूर्वाधार जस्ता क्षेत्रमा परिचालन गर्न सकिने आधार तयार गर्नु, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीच समन्वय र साझेदारीलाई थप सुदृढ गरी उत्पादनमूलक क्षेत्रमा सहकारीको सहभागिता बढाउनु, सहकारीको सामूहिक पूँजी, स्थानीय सहभागिता र सदस्यआधारित संरचनालाई उपयोग गरी स्थानीय अर्थतन्त्र सुदृढ गर्नु, सहकारी क्षेत्रको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न नीतिगत सहजीकरण, संस्थागत क्षमता विकास र लगानीमैत्री वातावरण निर्माण गर्नु।

३. **सार्वजनिक-निजी-सहकारी साझेदारीको वातावरण सिर्जनाः** उपयुक्त नीतिगत कानूनी र संस्थागत व्यवस्था गर्नु, लाभ, लागत, जोखिम र प्रतिफलको बाँडफाँटलगायतका विषयमा नीतिगत र कानूनी स्पष्टताको सुनिश्चितता गर्नु, सहकारी र निजी क्षेत्रको लगानी क्षमता र प्रदेशको विकास आवश्यकताबीच तालमेल मिलाउनु, नीजि तथा सहकारी क्षेत्रलाई प्रदेशको समुन्नतिका लागि आवश्यकताअनुसार परिचालन गर्नु, निजी र सहकारी क्षेत्रलाई प्रदेशको आर्थिक सामाजिक विकासमा सहभागी हुने वातावरण सिर्जना गर्नु।

४. **सार्वजनिक-सामुदायिक साझेदारीको वातावरण सिर्जनाः** समुदायमा आधारित सामुदायिक संस्थाहरूको परिचालनका लागि उचित नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्नु, विगतमा बिभिन्न सरकारी, गैरसरकारी तथा वित्तीय संस्थाहरूद्वारा गठन गरिएका समुदायमा आधारित संस्था, परम्पराबाट नागरिकको सहभागितामा गठन भएका स्वस्फूर्त संस्था जस्तैः रानीजमरा सिँचाइ जल उपभोक्ता समुह, सामुदायिक वन उपभोक्ता समुह, गुठीहरू तथा अन्य स्वावलम्बी समुह, भलमान्छा, बढघर जस्ता पारम्परिक समुहहरूको लगत र तथ्याङ्क सम्बन्धित स्थानीय तहको सहभागितामा समेत तयार गरी तिनको सम्भाव्य क्षमताको समुचित परिचालनको व्यवस्था गर्नु, समुदायमा आधारित यस्ता समुहको क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु, तिनीहरूसँग रहेको बचत र अन्य प्राविधिक सीप

परिचालन गर्नु, प्रदेश तथा स्थानीय तहको विकास निर्माणका लागि प्रभावकारी माग सिर्जनाका साथै विकासमा सहभागी गराउने वातावरण सिर्जना गर्नु।

### ४.७.४ उद्देश्य

१. निजी तथा सहकारी क्षेत्रको पूँजीलाई सेवा तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु।

### ४.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: निजी तथा सहकारी क्षेत्रको पूँजीलाई सेवा तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु ।** | |
| १. नीतिगत तथा संस्थागत आधार सुदृढ गर्ने। | १.१ साझेदारीका परियोजनामा लाभ, लागत, जोखिम र प्रतिफलको बाँडफाँटसम्बन्धी स्पष्ट नीतिगत व्यवस्था गरिनेछ।<br>१.२ सार्वजनिक-निजी-सहकारी साझेदारी अवधारणा अनुरुप सञ्चालन गर्न सकिने आयोजनाको पहिचान, छनौट, विकास र कार्यान्वयनलाई सहज बनाउन आवश्यक पर्ने नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ।<br>१.३ साझेदारीलाई प्रभावकारी बनाउन आवश्यक संरचना व्यवस्था गरी क्षमता विकास गरिनेछ।<br>१.४ निजी तथा सहकारी क्षेत्रको लगानी सुरक्षाको प्रत्याभूति गरिनेछ।<br>१.५ सार्वजनिक-निजी-सहकारी साझेदारी व्यवसाय सञ्चालनसम्बन्धी प्रक्रियालाई सरलीकरण गरिनेछ।<br>१.६ समुदायमा आधारित सामुदायिक संस्थाहरूको परिचालनका लागि उचित नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरिनेछ।<br>१.७ समुदायमा रहेको परम्परागत सीप अभिवृद्धि गरी विकास कार्यमा प्रभावकारी माग सिर्जनाका साथै विकास कार्यमा तिनको श्रम, स्रोत तथा सीप परिचालन गरी समुदाय सशक्तीकरणलाई प्रश्रय दिइनेछ।<br>१.८ समुदायको परिचालनमा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग पुर्याउने नीति लिइनेछ। |
| २. विकास परियोजनामा सार्वजनिक-निजी-सहकारी क्षेत्रको लगानी प्रबर्द्धन गर्ने। | २.१ निजी तथा सहकारी क्षेत्रको लगानी क्षमता र प्रदेशको विकास आवश्यकताबीच तालमेल मिलाई लगानीका परियोजना पहिचान गरिनेछ।<br>२.२ जलविद्युत, सिँचाइ, यातायात, सूचना प्रविधि जस्ता भौतिक पूर्वाधार क्षेत्रलाई प्राथमिकता दिइनेछ।<br>२.३ कृषि, वन, उद्योगलगायतका क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ।<br>२.४ शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका सेवा क्षेत्रमा लगानी गर्न उपयुक्त वातावरण निर्माण गरिनेछ ।<br>२.५ समुदायमा रहेको बचतलाई लगानीमा परिणत गर्न सार्वजनिक-सामुदायिक साझेदारीलाई प्रबर्द्धन गरिनेछ। |

### ४.७.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **सार्वजनिक-निजी-सहकारी साझेदारी नीति तथा संस्थागत व्यवस्थाः** सार्वजनिक, निजी तथा सहकारी क्षेत्रबीच सहकार्य विस्तार गर्न कानून निर्माण, नीतिगत सहजीकरण, संस्थागत क्षमता विकास।

२. **प्रदेश लगानी प्रबर्द्धन सहजीकरणः** लगानी सम्भाव्यता अध्ययन, अनुसन्धान, लगानी सम्मेलन, परियोजना तयारी, लगानी सहजीकरण संयन्त्र निर्माण र क्षमता विकास।

३. **सार्वजनिक-निजी-सहकारी सहलगानी प्रबर्द्धनः** जलविद्युत, सिँचाइ, यातायात, सूचना प्रविधि तथा अन्य भौतिक पूर्वाधार क्षेत्रका परियोजना विकास र कार्यान्वयन, स्थानीय उत्पादनमा आधारित कृषि, वन, खानी तथा खनिजलगायतका उद्योग क्षेत्रमा लगानी प्रोत्साहन, शिक्षा, स्वास्थ्य, पर्यटन तथा अन्य सेवा क्षेत्रमा लगानी विस्तार।

४. **सार्वजनिक-सामुदायिक साझेदारी प्रबर्द्धनः** सामुदायिक वन, कबुलियति वन, साना किसान सहकारी संस्था, जल उपभोक्ता समुह, सामाजिक परिचालन एवम् सशक्तीकरण प्रयासबाट स्थानीय तहमा रहेका महिला, अति विपन्न वर्ग तथा गरिबीको रेखामुनि रहेका लक्षित समुह, दलित, हलिया तथा कमैया, कमलरी सङ्गठित समुह तथा संस्थाको स्थानीय तहसँगको सहकार्यमा सशक्तीकरणका कार्यक्रम सञ्चालन र मूलप्रवाहीकरण, अति विपन्न क्षेत्रमा गरिबीको रेखामुनी रहेका नागरिकको पहिचान र लक्षित समुहलाई केन्द्रित गरी सामाजिक, आर्थिक तथा उत्थानशील कार्यक्रम सञ्चालन र विस्तार।

## ४.८ वैदेशिक लगानी

### ४.८.१ पृष्ठभूमि

योजनाले परिलक्षित गरेको विकास र समृद्धि हासिल गर्नका लागि उत्पादनशील र दिगो प्रादेशिक अर्थतन्त्रको निर्माण गर्न आवश्यक छ। यसका लागि कृषि, पर्यटन, उद्योग र ऊर्जालगायत तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका क्षेत्रहरूमा पर्याप्त पूँजी परिचालन गरी उत्पादन वृद्धि र रोजगारीका अवसर सिर्जनामार्फत दिगो आर्थिक वृद्धि कायम गर्नुपर्ने हुन्छ। आन्तरिक पूँजी र वैदेशिक सहायताले मात्र लगानीको आवश्यकता र उपलब्ध स्रोत-साधनबीचको अन्तरलाई पूर्ति नगर्ने हुँदा ठूला परियोजनाहरूमा प्रत्यक्ष वैदेशिक लगानी परिचालन गर्नु अपरिहार्य छ। वैदेशिक लगानीसँग सम्बन्धित विद्यमान नीति, कानून एवम् संरचनामा समयानुकूल परिमार्जन गर्ने र प्रक्रियागत सरलीकरण तथा लगानी सुरक्षाको प्रत्याभूति गरी लगानीमैत्री वातावरण सिर्जना गर्न सकेमा प्रदेशमा वैदेशिक लगानी भित्रिन सक्ने सम्भावना रहेको छ।

सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोत, कृषि उत्पादन, जडीबुटी, पर्यटन तथा सीमापार व्यापारको सम्भावना बोकेको प्रदेश भए पनि पूँजी, आधुनिक प्रविधि तथा लगानीको अभावका कारण यी क्षेत्रहरूको सम्भावना पूर्णरूपमा उपयोग हुन सकेको छैन। प्रदेशमा उद्योग स्थापना, कृषि मूल्य शृङ्खला विकास, पर्यटन पूर्वाधार विस्तार तथा ऊर्जा विकासका लागि वैदेशिक लगानी आकर्षित गर्न सकिने पर्याप्त सम्भावना रहेको छ। यस सन्दर्भमा लगानीमैत्री वातावरण निर्माण, संस्थागत तथा नीतिगत सुधार, निजी क्षेत्रसँग सहकार्य र सङ्घ सरकारसँग समन्वय गर्दै वैदेशिक लगानी परिचालन गर्नु आवश्यक देखिन्छ।

यसरी वैदेशिक लगानी प्रबर्द्धनमार्फत उत्पादन वृद्धि, रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण तथा प्रदेशको समग्र आर्थिक विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ४.८.२ विद्यमान अवस्था

नेपालको संविधानले राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने राज्यको नीति हुने उल्लेख छ। वैदेशिक लगानी आर्थिक विकास, उत्पादनशीलता वृद्धि, रोजगारी सिर्जना तथा प्रविधि हस्तान्तरणको महत्त्वपूर्ण माध्यमका रूपमा रहेको छ। नेपालमा वैदेशिक लगानी प्रबर्द्धन तथा व्यवस्थापनका लागि नेपालको संविधान, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ तथा सम्बन्धित नीतिगत व्यवस्थाहरू लागू रहेका छन्। यी कानूनी व्यवस्थाले उद्योग, ऊर्जा, पर्यटन, कृषि तथा पूर्वाधार विकासका क्षेत्रमा वैदेशिक पूँजी, प्रविधि र व्यवस्थापकीय अनुभव भित्र्याउने आधार प्रदान गरेका छन्। उक्त ऐनको दफा ४८ (१) अनुसार प्रचलित सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश सरकारद्धारा दर्ता भएका उद्योगहरूमा यस ऐन बमोजिम विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्नु पर्ने भएमा उद्योग विभागको स्विकृती लिनु पर्ने व्यवस्था रहेको छ। यसैगरी सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५ मा भएको व्यवस्थाअनुसार रु. ६ अर्वभन्दा बढी लागत भएका परियोजनाहरूमा लगानी बोर्डबाट स्वीकृति लिने व्यवस्था रहेको छ।
नेपालमा वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनपछि बनेको सरकारले आर्थिक उदारीकरणमा जोड दिई नीति तथा कानूनहरू ल्याएपछि विदेशी लगानी आउन थालेको हो। नेपालले विश्वको कुल वैदेशिक लगानीको ०.०१ प्रतिशत मात्रै आकर्षित गर्न सकेको छ। नेपालमा अहिलेसम्म ७ हजार भन्दा बढी परियोजनामा झण्डै ६ खर्ब रुपैयाँ लगानी प्रतिबद्धता भएको भए पनि स्वीकृत भएकोमध्ये करीब ३६ प्रतिशत मात्रै प्रत्यक्ष वैदेशिक लगानी आउने गरेको देखिएको छ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार २०८० असारसम्म नेपालमा ५८ वटा देशबाट २९५ अर्बभन्दा बढी प्रत्यक्ष वैदेशिक लगानी रहेको छ। यस्तो लगानीमध्ये करीब ६० प्रतिशत औद्योगिक क्षेत्रमा र ४० प्रतिशत सेवा क्षेत्रमा रहेको छ। औद्योगिक क्षेत्रको मुख्य लगानी जलविद्युत् र उत्पादन क्षेत्रमा रहेको छ भने सेवा क्षेत्रको लगानी बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीमा रहेको छ। प्रदेशगत आधारमा यस्तो लगानी बागमती प्रदेशमा करीब ६० प्रतिशत, गण्डकी र कोशी प्रदेशमा १५ प्रतिशत र मधेशमा करीब ९ प्रतिशत रहेको छ। अन्य प्रदेशहरूमा प्रत्यक्ष वैदेशिक लगानी एक प्रतिशतभन्दा कम रहेको छ। नेपाल राष्ट्र बैंकको अध्ययनअनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्म सुदूरपश्चिम प्रदेशमा ६२ वटा परियोजनाको जम्मा लागत रु. ४ अर्ब ८० करोड रहेकोमा वैदेशिक लगानी रु. २ अर्ब ४९ करोड ६० लाख प्रस्ताव रहेको थियो। जिल्लागत रूपमा यी परियोजनाहरू कञ्चनपुरमा २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, डडेलधुरा र दार्चुलामा ३/३ डोटी र बझाङमा १/१ वटा उद्योगहरू रहेका थिए। यसैगरी २०७८/७९ को फागुन मसान्तसम्म विदेशी लगानी स्वीकृती पाएका उद्योगहरूको सङ्ख्या ५० वटा रहेको पाइन्छ।

### ४.८.३ मुख्य सवाल तथा चुनौती

१ **नीतिगत तथा कानूनी व्यवस्था:** वैदेशिक लगानीसम्बन्धी नीति र कानूनको प्रभावकारी कार्यान्वयन गर्नु, विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न आश्वस्त पार्नु, वैदेशिक लगानीको उपयुक्त क्षेत्र पहिचान गर्नु, एकल विन्दु सेवा केन्द्रको नीति अनुरुप उद्योगको प्रवेश र बहिर्गमनलाई सरलीकृत गर्नु; जग्गा प्राप्ति प्रक्रियालाई सरल र सहज बनाउनु।

२. **आवश्यक पूर्वाधारको व्यवस्थापन:** रणनीतिक महत्त्वका पूर्वाधार आयोजनाहरू गुणस्तरीय रूपमा समयमै सम्पन्न गर्नु, ठुला विदेशी लगानीका निम्ति आवश्यक सडक, विद्युत, सञ्चारलगायत पूर्वाधारको विकास गर्नु, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रको विकास र विस्तार गर्नु।

### ४.८.४ उद्देश्य

१. प्रदेशमा वैदेशिक लगानी अभिवृद्धि गर्नु।

### ४.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशमा वैदेशिक लगानी अभिवृद्धि गर्नु ।** | |
| १ वैदेशिक लगानीमैत्री वातावरण सिर्जना गर्ने। | १.१ सङ्घीय कानून अनुकूल हुने गरी विदेशी लगानीमैत्री नीतिगत, कानूनी र संस्थागत व्यवस्था मिलाइनेछ।<br>१.२ विदेशी लगानी आकर्षित गर्न एकल विन्दु सेवा केन्द्रका रूपमा प्रदेश लगानी बोर्डको स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.३ औद्योगिक सुरक्षाको भरपर्दो व्यवस्था मिलाइनेछ।<br>१.४ असल श्रमसम्बन्ध कायम गर्न आवश्यक सहजीकरण गरिनेछ।<br>१.५ जग्गाको उपलब्धता तथा अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाउन सङ्घ सरकारसँग आवश्यक समन्वय, सहकार्य र पैरवी गरिनेछ। |
| २. आवश्यक पूर्वाधारको विकास र व्यवस्थापन सुनिश्चित गर्ने। | २.१ विदेशी लगानीका लागि आवश्यक पर्ने रणनीतिक महत्त्वका पूर्वाधार आयोजना (सडक, विद्युत, सञ्चार आदि) समयमै सम्पन्न हुने व्यवस्था मिलाइनेछ।<br>२.२ विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रहरूको विकास तथा विस्तार गरिनेछ। |

### ४.८.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **नीतिगत र कानूनी सहजीकरणः** सङ्घीय कानूनसँग अनुकूल हुने गरी वैदेशिक लगानीमैत्री नीति तथा कानून निर्माण र संस्थागत क्षमता सुदृढीकरण, प्रदेश लगानी बोर्ड स्थापना र सञ्चालन।

२. **लगानी प्रवर्द्धनः** लगानी तथा विकास सम्मेलन आयोजना, लगानीका क्षेत्र पहिचान तथा परियोजनाहरूको सोकेश, परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता तथा लगानी सहजीकरण।

३. **औद्योगिक सुरक्षा तथा श्रम सम्बन्धः** औद्योगिक सुरक्षा सवलीकरण कार्यक्रम र असल श्रमसम्बन्ध प्रबर्द्धन।

४. **अन्तर-निकाय समन्वय र पैरवीः** जग्गा प्राप्ति सहयोग सहजीकरण कार्यक्रम, अन्तर निकाय समन्वय र सहकार्य, नीति/परियोजना पैरवी।

५. **रणनीतिक पूर्वाधार विकासः** सडक, विद्युत, सञ्चार र अन्य पूर्वाधार विकास सहजीकरण, विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्र विकास।

परिच्छेद-पाँच

# आर्थिक विकास

आर्थिक विकास क्षेत्रअन्तर्गतका कृषि तथा खाद्य सुरक्षा, पशुपन्छी तथा मत्स्यपालन, भूमि व्यवस्थापन, सहकारी, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति, निजी क्षेत्र विकास तथा खानी र खनिज सम्पदासम्बन्धी उपक्षेत्रहरूमा विस्तृत र समग्र उपक्षेत्रगत विश्लेषण गरिएको छ।

यी उपक्षेत्रहरू प्रदेश तथा स्थानीय तहको आर्थिक संरचना सुदृढीकरण, उत्पादनशीलता वृद्धि, रोजगारी सिर्जना, आय आर्जन विस्तार तथा समावेशी र दिगो आर्थिक विकास प्रबर्द्धनका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण मानिन्छन्। त्यसैले प्रत्येक उपक्षेत्रको वर्तमान अवस्था, संस्थागत संरचना, नीतिगत व्यवस्था, उपलब्ध स्रोत-साधन, सम्भावना तथा विद्यमान समस्या र चुनौतीहरूको सूक्ष्म तथा तथ्यगत अध्ययन गरिएको छ। विशेष गरी कृषि तथा खाद्य सुरक्षाको क्षेत्रमा उत्पादन प्रणाली, उत्पादकत्व, बजार पहुँच र आपूर्ति शृङ्खलाको अवस्था विश्लेषण गरिएको छ भने पशुपन्छी तथा मत्स्यपालनमा व्यवसायीकरण, मूल्य श्रृङ्खला विकास र आय वृद्धिको सम्भावनालाई केन्द्रमा राखिएको छ। भूमि व्यवस्थापनमा भूमि उपयोग, प्रशासनिक दक्षता, स्वामित्व तथा उपयोगसम्बन्धी विषयहरूको अध्ययन गरिएको छ। सहकारी क्षेत्रको विश्लेषणमा संस्थागत क्षमता, वित्तीय पहुँच तथा समुदायमा आधारित आर्थिक गतिविधिको भूमिका मूल्याङ्कन गरिएको छ। पर्यटन क्षेत्रतर्फ प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको सम्भावना र पूर्वाधार विकासको अवस्थालाई समेटिएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमा लगानी वातावरण, औद्योगिक विकास, बजार प्रणाली र आपूर्ति व्यवस्थाको प्रभावकारिता अध्ययन गरिएको छ भने निजी क्षेत्र विकासमा लगानी आकर्षण, सहजीकरण र आर्थिक वृद्धिमा यसको योगदान विश्लेषण गरिएको छ। त्यस्तै खानी तथा खनिज सम्पदाको क्षेत्रमा दिगो उपयोग, अन्वेषण र आर्थिक रूपान्तरणमा यसको सम्भावनालाई समेत समेटिएको छ।

समग्रमा, यी उपक्षेत्रगत विश्लेषणहरूले आर्थिक विकास क्षेत्रको वर्तमान अवस्था मात्र उजागर नगरी भविष्यमा नीतिगत सुधार, लगानी विस्तार, स्रोतको प्रभावकारी उपयोग तथा दिगो, समावेशी र सन्तुलित आर्थिक विकासका लागि आवश्यक आधार र दिशानिर्देशसमेत गरेका छन्।

## ५.१ कृषि तथा खाद्य सुरक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने नीति लिएको छ। संविधानको अनुसूची ६ अनुसार कृषि विकाससम्बन्धी जिम्मेवारी प्रदेश सरकारको एकल अधिकारका रूपमा रहेको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको कार्य जिम्मेवारीमा कृषिसम्बन्धी जिम्मेवारी दिएको छ। जसअनुसार यस मन्त्रालयले कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी नीति, कानून, मापदण्ड र

योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने, कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, कृषि तथा पशुरोग निदान प्रयोगशाखा व्यवस्थापन र नियमन, कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन, कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन, कृषि प्रसार, कृषि तालिम तथा क्षमता विकास र सशक्तीकरण, कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि बीमासम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन, सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, कृषिजन्य औषधि, विषादि र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन जस्ता कार्यहरू गर्ने जिम्मेवारीहरू रहेका छन्।

खाद्य सुरक्षाले खाद्य उपलब्धता, पहुँच, उपयोग र स्थायित्वलाई समेट्दै सबै नागरिकलाई पर्याप्त, सुरक्षित र पोषणयुक्त खाद्य पदार्थमा समान पहुँच सुनिश्चित गर्दछ। यसका लागि प्रदेश तहमा खाद्यान्नको पर्याप्त उत्पादन, भण्डारण र आयात निर्यात हुनु जरुरी हुन्छ। पोषणयुक्त आहार, सुरक्षित खाना, सरसफाइ र स्वास्थ्य अवस्थाको सुनिश्चितता पनि हुन आवश्यक हुन्छ। त्यसैले प्रदेशको पञ्चवर्षीय योजनाले कृषि उत्पादन वृद्धि, बजार प्रणाली सुदृढीकरण, पोषण सुधार, तथा जलवायु अनुकूलन कृषि प्रणालीमार्फत खाद्य सुरक्षा सुदृढीकरणलाई प्राथमिकतामा राख्न जरुरी हुन्छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने र खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक सुनिश्चित गरेको छ। यसैगरी प्रत्येक नागरिकलाई कानूनबमोजिम खाद्य सम्प्रभुताको हक हुने कुराको समेत सुनिश्चितता गरेको छ। संविधानको व्यवस्थाअनुसार नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्न र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्न नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। यस ऐनले खाद्य सुरक्षा भन्नाले सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँचलाई परिभाषित गरेको छ। उक्त ऐनले भोकमरीको रोकथाम र त्यसको नियन्त्रणका लागि तीनवटै तहका सरकारहरूले पारस्परिक समन्वयमा प्राथमिकताका आधारमा जिम्मेवारी वहन गर्नु पर्ने व्यवस्था गरेको छ।

## ५.१.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवस्था प्रवर्द्धन ऐन, २०७६, सुदूरपश्चिम प्रदेश बीउ बिजन ऐन, २०७७, भूमि व्यवस्था र सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवस्था प्रवर्द्धन नियमावली, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएका छन। यसैगरी स्थानीय तहमा हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम

सञ्चालन कार्यविधि, २०८१, स्थानीय तह विशेष पकेट क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२, भिमदत्त उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८, रैथाने बालीमा आधारित मुख्यमन्त्री वृद्धवृद्धा तथा असहाय लक्षित पोषण कार्यक्रम सञ्चालन निर्देशिका, २०८१, कृषि यान्त्रिकीकरणका लागि साझेदारीमा कस्टम हाइरिङ सेन्टर स्थापना तथा सञ्चालन कार्यविधि, २०७५, कृषि यान्त्रिकीकरण अनुदान परिचालन कार्यविधि, २०७६, कोल्डस्टोर, कोल्डच्याम्बर र राईपेनिङ्ग च्याम्वर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६, मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, व्यावसायिक प्याज खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, व्यावसायिक केरा खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, एकीकृत कृषि बजार निर्माण, हस्तान्तरण तथा सञ्चालन कार्यविधि, २०७६, कृषि उस्मायन पद्धतिमार्फत कृषि उद्यमशिलता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, सुदूरपश्चिम प्रदेशको बाली तथा पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलब्ध गराउने कार्यविधि, २०७७, धानमिल मोडेलमा मसिनो धान उत्पादनको प्रतिफलमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८, चक्लावन्दीका कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम (व्यवस्थापन र सञ्चालन) कार्यविधि, २०७८, सुदूरपश्चिम प्रदेश खाद्य परिषद् (गठन तथा सञ्चालन) कार्यविधि, २०७९, माटो स्वस्थता प्रमाणपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७, सुन्तलाजातका फलफूल बगैंचा पुनस्थापना तथा ह्रास रोग नियन्त्रण कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ जस्ता कानूनी र नीतिगत व्यवस्था भएका छन्। यसैगरी मन्त्रालयले सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति (आर्थिक वर्ष २०७८/७९ देखि २०९३/९४) तर्जुमा गरी कार्यान्वयनमा आएको छ।

यस प्रदेशको कुल जनसङ्ख्यामध्ये ८० प्रतिशतको मुख्य पेशा कृषि रहेको छ। आर्थिक विकास रोजगारी सृजना र गरिबी न्यूनीकरणमा यस क्षेत्रको ठूलो योगदान रहेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१ प्रतिशत रहेको छ। यस रणनीतिले "आत्मनिर्भर, समावेशी, प्रतिस्पर्धात्मक तथा समानुकुलित" कृषि क्षेत्रको दृष्टिकोण (दीर्घकालीन सोच) तय गरेको छ। यस रणनीतिले चारवटा परिमाण (मध्यकालीन प्रतिफल) र ४९ वटा नतिजा/प्रतिफल प्राप्त गर्ने परिकल्पना गरेको छ।

प्रदेशको निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक, प्रतिस्पर्धी तथा आधुनिक कृषि प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यले मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी कार्यक्रम सञ्चालन हुँदै आएको छ। प्रदेशको प्रमुख खाद्यान्न बालीमा धान, गहुँ, मकै, कोदो, जौं र फापर रहेका छन्। आर्थिक वर्ष २०८१/८२ को चैत्र मसान्तसम्म यस प्रदेशमा १ लाख ५३ हजार हेक्टर जमिनमा धान खेती गरिएकोमा ६ लाख ४० हजार मेट्रिक टन उत्पादन भई उत्पादकत्वमा सुधार आएको छ। यसैगरी मकै उत्पादन १ लाख ९ हजार मेट्रिक टन, १९ हजार मेट्रिक टन कोदो र १५८ मेट्रिक टन फापरको उत्पादन भएको अनुमान छ। आर्थिक वर्ष २०७५/७६ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.८१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा ३४.७२ प्रतिशत रहने अनुमान छ। यसैगरी छ। आर्थिक वर्ष २०७५/७६ मा कृषि क्षेत्रको वृद्धिदर ४.५८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा २.७९ प्रतिशत रहने अनुमान छ (आर्थिक मामिला मन्त्रालय, आर्थिक सर्वेक्षण २०८१/८२)।

प्रदेश सरकारले कैलाली र कञ्चनपुर जिल्लामा धान, गहुँ, मकै खेतीको प्रवर्द्धनलाई प्राथमिकता दिएको छ। यी जिल्लाहरूमा १६० हेक्टर जमिनमा चैते धान खेती विस्तार गरिएको छ भने डोटी जिल्लामा मेशिनको प्रयोग गरी चैते धान खेती प्रारम्भ गरिएको छ। मसला उत्पादनको हिसाबले आर्थिक वर्ष २०८०/८१ मा कुल उत्पादनको ४९.८ प्रतिशत कैलाली जिल्ला र २४.८ प्रतिशत डोटी जिल्लामा भएको छ। जबकि सबैभन्दा कम उत्पादन अछाम जिल्लामा १.७५ प्रतिशत भएको छ (आर्थिक मामिला मन्त्रालय, आर्थिक सर्वेक्षण २०८१/८२)।

यस प्रदेशमा प्रमुख नगदे बालीमा आलु, तेलहन, तरकारी, फलफूल र उखु रहेका छन् भने दलहनमा भटमास, मास, मुसुरो, चना र रहर रहेका छन। यस प्रदेशमा उत्पादनको हिसाबले मसलाको खेती (ठुलो सुकमेल, अदुवा, लसुन, बेसार, खुर्सानी आदि) कैलाली र डोटी जिल्लामा बढी हुने र अछाम जिल्लामा कम हुने गरेको पाइन्छ।

### ५.१.३ मुख्य सवाल तथा चुनौती

१. **कृषि सम्भावनालाई रोजगारी र आयसँग आबद्धताः** कृषि उत्पादनलाई व्यावसायिक तथा रोजगारीमुखी बनाउनु, कृषि उत्पादनको मूल्य श्रृङ्खला, प्रशोधन र बजारीकरण सुदृढ गर्नु, युवाको कृषिप्रति आकर्षण तथा उद्यमशीलता बढाउनु।

२. **सिँचाइ, प्रविधि र कृषिसम्बन्धी स्रोत सामग्रीमा पहुँच विस्तारः** वर्षभरि सिँचाइ सुविधा विस्तार तथा सुदृढ गर्नु, आधुनिक कृषि प्रविधिको पहुँच र प्रयोग बढाउनु, गुणस्तरीय बिउ-मलको नियमित र सहज आपूर्ति सुनिश्चित गर्नु, भण्डारण तथा बजार पूर्वाधार विस्तार गर्नु।

३. **परम्परागत कृषिलाई व्यावसायिक र जलवायु अनुकूल बनाउनेः** व्यावसायिक तथा समुहमा आधारित कृषि प्रणाली विस्तार गर्नु, जलवायु अनुकूलन प्रविधि तथा अभ्यासको प्रयोग बढाउनु, कृषकको सीप, ज्ञान तथा वित्तीय पहुँच अभिवृद्धि गर्नु।

४. **जलवायु परिवर्तनको असरबाट कृषि उत्पादन जोगाउनेः** जलवायु जोखिम न्यूनीकरणका पूर्वाधार तथा प्रविधि विस्तार गर्नु, कृषि उत्पादनमा जोखिम व्यवस्थापन प्रणाली सुदृढ गर्नु, विपद्पछि पुनःस्थापना तथा पुनर्निर्माण क्षमता सुदृढ गर्नु, रैथाने बाली संरक्षण तथा प्रबर्द्धन।

५. **जलवायु जोखिममा परेका कृषकको जीविकोपार्जन सुरक्षाः** साना तथा न्यून आय भएका कृषकको अनुकूलन क्षमता बढाउनु, वैकल्पिक तथा आयमुखी जीविकोपार्जनका अवसर विस्तार गर्नु, कृषि बीमा तथा सामाजिक सुरक्षा सेवाको पहुँच विस्तार गर्नु।

६. **मनसुन बाहेकको समयमा पानीको व्यवस्थापनः** सतह तथा भू-गर्भीय पानीको संरक्षण र उपयोग बढाउनु, सिँचाइ संरचना निर्माण तथा मर्मत सुधार गर्नु, पानी स्रोत संरक्षण तथा पुनर्भरण प्रणाली सुदृढ गर्नु।

७. **प्राकृतिक स्रोतको दिगो उपयोगः** वन संरक्षण तथा भूक्षय नियन्त्रण कार्यक्रम विस्तार गर्नु, दिगो तथा वातावरणमैत्री कृषि अभ्यास प्रबर्द्धन गर्नु, भूमि तथा प्राकृतिक स्रोत व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

८. **कृषि विकासमा जलवायु अनुकूलनको मूलप्रवाहीकरणः** कृषि योजना तथा बजेटमा जलवायु विषय समावेशीकरण बढाउनु, बहुक्षेत्रीय समन्वय तथा साझेदारी सुदृढ गर्नु, जलवायु अनुकूलित कार्यक्रम कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु।

९. **जलवायु नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनः** नीति तथा कार्यक्रम कार्यान्वयन समन्वय सुदृढ गर्नु, अनुसन्धान, तथ्याङ्क तथा अनुगमन प्रणाली सुदृढ गर्नु, सरोकारवाला निकायबीच साझा बुझाइ तथा सहकार्य बढाउनु।

## ५.१.४ उद्देश्य

१. कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
२. मूल्य श्रृङ्खलामा स्थिरता र बजार पहुँच सुधार गर्नु।
३. जलवायु अनुकुलित प्राङ्गरिक खेती प्रबर्द्धन गरी जैविक विविधता संरक्षण गर्नु।
४. खाद्य सुरक्षा सुनिश्चित गर्नु।

## ५.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : कृषिजन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।** | |
| १. प्रादेशिक कृषि विकाससम्बन्धी कानून, नीति र योजना निर्माण गर्ने। | १.१ आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नीतिहरू तर्जुमा, पुनरावलोकन एवम् संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ तर्जुमा भएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका र नीतिहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गरिनेछ।<br>१.३ कृषकहरूलाई बिउपूँजीको व्यवस्था गर्न सहुलियतपूर्ण कृषि ऋणसम्बन्धी नीतिगत व्यवस्था गरी कृषि ऋणमा कृषकहरूको पहुँच विस्तार गरिनेछ।<br>१.४ युवा वर्गलाई आकर्षित गर्न कृषि पेशालाई मर्यादित, व्यावसायिक र प्रविधिमैत्री बनाइनेछ। |
| २. कृषि उत्पादनमा आधुनिक, यान्त्रिक र प्रविधिमैत्री प्रणाली प्रबर्द्धन गर्ने। | २.१ कृषि यान्त्रिकीकरण (ट्र्याक्टर, पावर टिलर, हार्भेस्टर, वाटरपम्प आदि) मा अनुदान तथा सहुलियत उपलब्ध गराइनेछ।<br>२.२ स्मार्ट कृषि, पूर्वमौसमी खेती (प्रि-सिजन फार्मिङ), वेमौसमी खेती तथा डिजिटल प्रविधिको प्रयोग विस्तार गरिनेछ।<br>२.३ नमूना फार्म, प्रदर्शन प्लट तथा फार्म स्कूल स्थापना गरी प्रविधि हस्तान्तरण गरिनेछ।<br>२.४ कृषि सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ व्यावसायिक कृषकलाई बैंक, वित्तीय संस्था र सहकारी संस्थामार्फत कृषि कर्जामा व्याज अनुदान उपलब्ध गराइनेछ।<br>२.६ "एक स्थानीय तहः दुई उत्पादन" अभियान सञ्चालन गरी कृषि पकेट क्षेत्रहरू विकास गरिनेछ। |
| ३. प्रशोधन पूर्वाधार विकास गर्ने। | ३.१ कृषिजन्य वस्तुको प्रशोधन उद्योग प्रबर्द्धन गरिनेछ।<br>३.२ सार्वजनिक-निजी साझेदारीमार्फत प्रशोधन पूर्वाधार विकास गरिनेछ।<br>३.३ कृषि उत्पादन सामग्रीमा नीतिगत व्यवस्था गरी सहुलियत प्रदान गरिनेछ।<br>३.४ कोल्ड स्टोर, कोल्डच्याम्वर र साना कृषि उद्योगहरूलाई विद्युत महसुलमा अनुदान उपलब्ध गराइनेछ। |
| ४. उच्च उत्पादनशील र गुणस्तरीय बिउ-बिजन विस्तार गर्ने। | ४.१ उन्नत बिउ-बिजनको उत्पादन तथा वितरण प्रणाली सुदृढ गरिनेछ।<br>४.२ निजी तथा सहकारी क्षेत्रमार्फत गुणस्तरीय कृषि उत्पादनका लागि आवश्यक पर्ने गुणस्तरीय सामग्री, साधन र सेवाहरू उचित मूल्यमा कृषकहरूलाई समयमै उपलब्ध गराउने कार्य सुनिश्चित गरिनेछ।<br>४.३ बीउको गुणस्तर परीक्षण र नियमन प्रणाली प्रभावकारी बनाइनेछ।<br>४.४ प्रादेशिक प्रयोगशालाहरूको स्तरोउन्नति गरिनेछ।<br>४.५ विषादी परीक्षण प्रयोगशाला निर्माण गरी असल कृषि अभ्यास अनुपालनमा जोड दिइनेछ। |
| ५. कृषियोग्य भूमिको उचित उपयोग र व्यवस्थापन गर्ने। | ५.१ सामुहिक खेती तथा बाँझो जमिनमा चक्लाबन्दी खेतीलाई प्रोत्साहन गरिनेछ।<br>५.२ सरकारी बाँझो जमिन सदुपयोग गर्न भाडा अनुदान कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ।<br>५.३ नदी उकास जमिन तथा बगरहरूमा खेती गर्न प्रोत्साहन गरिनेछ।<br>५.४ कृषि बीमामा कृषकहरूको पहुँच विस्तार गरिनेछ।<br>५.५ कृषि बालीमा छाडा चौपाया र बाँदर, वदेल तथा दुम्सी जस्ता वन्यजन्तुको आक्रमणबाट हुने क्षति न्यूनीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : मूल्य श्रृङ्खलामा स्थिरता र बजार पहुँच सुधार गर्नु ।** | |
| १. मूल्य श्रृङ्खलाको विकास र व्यवस्थापनलाई सुदृढ गर्ने। | १.१ उत्पादनदेखि उपभोक्तासम्मको मूल्य श्रृङ्खला पहिचान र विश्लेषण गरिनेछ।<br>१.२ किसान-उद्योग-बजारबीच समन्वयको लागि सहकारी/सङ्घ/समुहमार्फत नेटवर्क निर्माण गरिनेछ।<br>१.३ कृषि उत्पादनको सङ्कलन केन्द्र, भण्डारण, प्रशोधन र ढुवानी पूर्वाधार (शीत भण्डार, गोदाम, ट्रान्सपोर्ट) विकास गरिनेछ।<br>१.४ प्रमुख बालीहरूको न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयनमा ल्याइनेछ।<br>१.५ प्रदेशमा रैथाने तथा पोषणयुक्त, कम लागतमा उत्पादन गर्न सकिने र उच्च बजार मूल्य भएका बालीहरू (ओलिभ, कुरिलो, पाँचऔंले, गुच्छे च्याउ, केसर, बदाम आदि) को व्यावसायिक खेती प्रबर्द्धन गरिनेछ।<br>१.६ रैथाने तथा स्थानीय उपजहरूको ब्रान्डिङ, प्याकेजिङ्ग र ढुवानीमा विशेष सहुलियत उपलब्ध गराइनेछ।<br>१.७ स्थानीय उत्पादनलाई प्रशोधन (दुधबाट दहि, पनिर आदि बनाउने) गरी मूल्य अभिवृद्धिलाई प्रबर्द्धन गरिनेछ।<br>१.८ कृषि उपज प्रशोधन (एग्रो प्रोसेसिङ्ग) उद्योग स्थापना र सञ्चालनका लागि साना तथा लघु उद्यमीहरूलाई विशेष प्राथमिकता दिई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। |
| २. बजार पहुँच र व्यावसायिक अवसर प्रबर्द्धन गर्ने | २.१ स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा कृषकको पहुँच बढाउन आवश्यक कार्य गरिनेछ।<br>२.२ करार खेती र उत्पादक-व्यापारी सम्झौता प्रबर्द्धनमा जोड दिइनेछ।<br>२.३ डिजिटल कृषि बजार र मूल्य सूचना प्रणाली विकास गरिनेछ।<br>२.४ कृषक समुह, सहकारी र निजी क्षेत्रसँग साझेदारी गरी व्यावसायिक उत्पादन र बिक्री प्रबर्द्धनमा जोड दिइनेछ।<br>२.५ सञ्चालनमा रहेका हाटबजार तथा कृषि बजारको भौतिक, व्यवस्थापकीय र सेवा-सुविधा स्तरोन्नति गरिनेछ।<br>२.६ विपन्न समुदाय तथा दुर्गम क्षेत्रका कृषकलाई लक्षित गरी समावेशी र लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.७ निर्वाहमुखी साना किसानलाई अनुदानको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : जलवायु अनुकुलित प्राङ्गरिक खेती प्रवर्द्धन गरी जैविक विविधता संरक्षण गर्नु ।** | |
| १. जलवायु अनुकुलित प्राङ्गरिक खेती प्रबर्द्धन गर्ने। | १.१ जलवायु सहनशील र जैविक उत्पादन प्रविधि (जैविक मलखाद, प्राकृतिक वा जैविक पद्धतिमार्फत रोग कीराको नियन्त्रण गर्ने प्रणाली) लाई अभ्यासमा ल्याइनेछ।<br>१.२ स्थानीय/साँस्कृतिक रूपमा उपयुक्त बालीको चयन गरी प्रयोगमा ल्याउन सहजीकरण गरिनेछ।<br>१.३ कृषकहरूलाई आवश्यक प्रशिक्षण दिई प्राङ्गरिक खेतीको प्रबर्द्धनमा जोड दिइनेछ।<br>१.४ सिँचाइ, मलखाद तथा बीउ आपूर्ति प्रणालीलाई जैविक खेती र आधुनिक प्रविधिसँग अनुकूल बनाउँदै गुणस्तरीय, सुरक्षित र समयमै उपलब्ध हुने व्यवस्था मिलाईनेछ।<br>१.५ जलवायुमैत्री नमूना गाउँ कार्यक्रमलाई विस्तार गरी सबै गाउँ समेटिनेछ। |
| २. जैविक विविधता संरक्षण गर्ने। | २.१ स्थानीय बालीको संरक्षणका लागि जात/बीउ बैंक स्थापना गरी प्रदेशलाई बिउबिजनको हब बनाइनेछ।<br>२.२ जैविक/स्थानीय बालीको उत्पादन र बिक्रीमा अनुदान उपलब्ध गराइनेछ।<br>२.३ जैविक खेती अभ्यास गर्ने क्षेत्रहरूमा जैविक विविधता मापन र निगरानी प्रणाली लागू गरिनेछ।<br>२.४ वन, कृषि र जलस्रोतसँग सम्बन्धित जैविक विविधता संरक्षण परियोजना र सामुदायिक सहभागिता सुनिश्चित गरिनेछ।<br>२.५ प्राङ्गारिक उत्पादन वर्ष तथा पालिका घोषणा गरी प्राङ्गरिक खेतीको प्रबर्द्धनमा जोड दिइनेछ। |
| **उद्देश्य ४ : खाद्य सुरक्षा सुनिश्चित गर्नु ।** | |
| १. खाद्य पोषणमा सबैको पहुँच विस्तार गर्ने। | १.१ पोषणयुक्त बाली प्रबर्द्धनलाई जोड दिइ खाद्य पोषण कार्यक्रमलाई प्रबर्द्धन गरिनेछ।<br>१.२ करेसाबारी प्रबर्द्धन कार्यक्रम सञ्चालनमा स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.३ विद्यालय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वयात्मक कार्यमा जोड दिइनेछ।<br>१.४ नेपाल सरकारसँगको समन्वयमा खाद्यान्न भण्डारण, शीत भण्डार, गोदामघर तथा सङ्कलन केन्द्र सञ्चालनलाई सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ दुर्गम तथा विपन्न क्षेत्रमा खाद्य आपूर्ति सहज बनाउन नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>१.६ प्रदेशमा खाद्यान्न सुरक्षाका लागि कृषि क्षेत्रको विकास र विस्तारमा जोड दिइनेछ। |

## ५.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **कृषि प्रसारः** कृषि अनुसन्धान, प्रसार र शिक्षा कार्यक्रम, आधुनिक खेती प्रविधिसम्बन्धी तालिम, व्यावसायिक खेतीसम्बन्धी ज्ञान, माटो परीक्षण र मल सिफारिस, सूचना तथा सचेतना कार्यक्रम, कृषि अभियान, कृषक समुहगठन, सामुहिक खेती प्रबर्द्धन, कृषकलाई आवश्यक ज्ञान, सीप, बजार पहुँच आदिसम्बन्धी अभिमुखीकरण।

२. **लक्षित समावेशी कृषि विकासः** दलित, आदिवासी, लोपोन्मुख, भूमिहीन किसान लक्षित योजना, महिला किसान र कृषिमा आधारित भूमिहीन परिवारलाई प्राथमिकता, कृषि सामग्री तथा कृषियोग्य भूमिमा पहुँच विस्तार, रैथाने बाली प्रबर्द्धन, विपन्न वर्ग लक्षित कृषि कार्यक्रम।

३. **कृषक घरदैलो प्राविधिक सेवाः** कृषि प्राविधिक टोली परिचालन, मोबाइल एग्रि-क्लिनिक सेवा, उन्नत प्रविधि, मल, बीउ र विषादी प्रयोगबारे प्रशिक्षण, कृषि यान्त्रिकीकरण कार्यक्रम।

४. **भिमदत्त पन्त कृषि प्रबर्द्धन तथा उत्पादन वृद्धिः** उत्पादनशीलता वृद्धि, युवामुखी कृषि उद्यम प्रबर्द्धन, नगदे तथा उच्च मूल्य बाली प्रबर्द्धन।

५. **जैविक तथा प्राङ्गारिक कृषि प्रबर्द्धनः** अर्गानिक स्थानीय तह घोषणा, जैविक खेती पूर्वाधार विकास, रासायनिक र आनुवंशिक रूपमा परिवर्तन गरिएको जीवको खेतीको संरक्षण तथा सचेतना, पकेट क्षेत्र विशेष कार्यक्रम।

६. **कृषि प्रविधि र दिगो इनपुट पहुँच विस्तारः** वातावरणमैत्री मल, उन्नत बीउ, सिँचाइ र उपकरणमा पहुँच, कृषि सामग्री वितरणमा सहुलियत, डिजिटल कृषि सूचना प्रणाली विकास।

७. **कृषि बीमा तथा जोखिम न्यूनीकरणः** नेपाल सरकारसँगको सहकार्यमा किसान वर्गीकरण, बीउ तथा बाली बीमामा सहज पहुँच, समर्थन मूल्य निर्धारण (लागतमा आधारित), मौसम पूर्वसूचना प्रणाली विकास, वन्यजन्तु आक्रमण नियन्त्रण।

८. **जलवायुमैत्री तथा दिगो कृषि गाउँः** जलवायुमैत्री नमूना गाउँ विकास, प्राङ्गारिक पालिका घोषणा, जैविक विविधतामा आधारित कृषि प्रणाली, माटो संरक्षण तथा पुनःस्थापना कार्यक्रम।

९. **कृषि बजार तथा मूल्य श्रृङ्खला विकासः** कृषकको बजार पहुँच अभिवृद्धि, निजीक्षेत्रको लगानीमा प्रदेश स्तरीय थोक बजार स्थापना साथै पालिका र प्रदेशस्तरीय कोसेली घर सञ्चालन, कृषि उत्पादनको प्याकेजिङ्ग र ब्रान्डिङ, कृषि सङ्कलन केन्द्र र चिस्यान भण्डारण स्थापना, व्यवस्थापन र सञ्चालन, कृषि एम्बुलेन्स सहयोग।

१०. **कृषि लगानी तथा उद्यमशीलता प्रबर्द्धनः** कृषि तथा खाद्य उत्पादन क्षेत्रमा लगानी वृद्धि, सार्वजनिक निजी साझेदारी मोडेलमा कृषि प्रशोधन उद्योग, कृषि व्यवसायीकरण, औद्योगिकीकरण र आधुनिकीकरण।

११. **सहकारी तथा सामूहिक खेती प्रबर्द्धनः** सहकारी, कबुलियती, करार र सामूहिक खेती विस्तार, उत्पादनशील भूमिको अधिकतम उपयोग, समुहमा आधारित यान्त्रिकीकरण।

१२. **कृषि सुशासन तथा डिजिटल अनुगमनः** कार्यक्रमहरूको एकीकृत अनुगमन प्रणाली, तथ्याङ्क सङ्कलन तथा अभिलेखीकरण, पारदर्शिता र उत्तरदायित्व सुदृढीकरण।

१३. **फार्म केन्द्र सुधारः** सुन्तला जात, आँप, अम्बा, ओखर, केशरलगायतका फलफूल प्रबर्द्धन र विकास, फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम।

१४. खाद्य अधिकार र पोषण सुरक्षाः पोषणमैत्री बाली प्रबर्द्धन, विद्यालय/समुदायमा पोषण शिक्षा, स्थानीय खाद्य प्रणाली सुदृढीकरण।

१५. **प्रदेश खाद्य सुरक्षा तथा समन्वय सुदृढीकरणः** प्रदेश खाद्य परिषद्अन्तर्गत उपसमिति/विज्ञ समुह गठन, खाद्य अधिकारसम्बन्धी सूचना, शिक्षा तथा जनचेतना अभियान, खाद्य आपतकालीन व्यवस्थापन योजना निर्माण।

१६. **सुपथ मूल्य तथा सार्वजनिक खाद्य वितरण सुदृढीकरणः** सुपथ मूल्य पसल सञ्चालन, दुर्गम क्षेत्रमा सार्वजनिक खाद्य वितरण केन्द्र विस्तार, डिजिटल अनुगमन तथा पारदर्शी वितरण प्रणाली।

१७. **भूमि बैङ्क तथा जग्गा पट्टा (ल्यान्ड लिज) कार्यक्रम सञ्चालन र व्यवस्थापनः** बाँझो, पर्ती तथा उपयोगमा नआएको वा कम उपयोग भएको जग्गालाई जग्गा धनीबाट सङ्कलन गरी इच्छुक किसानलाई लामो समयका लागि उपयोग गर्न पट्टामा दिने व्यवस्थासम्बन्धी कानुन निर्माण, किसानको सुविधाका लागि, सिँचाइ, कृषि ऋण, सामग्री (बिउ, बिजन, बोट, बिरुवा मल, उपकरण आदि) सहुलियत दरमा वितरण र बजारीकरण।

## ५.२ पशुपन्छी तथा मत्स्यपालन

### ५.२.१ पृष्ठभूमि

पशुपन्छी तथा मत्स्यपालन क्षेत्र प्रदेशको कृषि अर्थतन्त्रको एक महत्त्वपूर्ण उपक्षेत्रका रूपमा रहँदै आएको छ। यस क्षेत्रले ग्रामीण तथा अर्ध-सहरी क्षेत्रमा रोजगारी सिर्जना, आयआर्जन, पोषण सुरक्षा तथा खाद्य सुरक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। दुग्ध, मासु, अण्डा तथा माछा जस्ता उच्च पोषणयुक्त खाद्य पदार्थको माग बढ्दै गएको सन्दर्भमा यस क्षेत्रको भूमिका थप महत्त्वपूर्ण बन्दै गएको छ।

सङ्घीय संरचना कार्यान्वयनपश्चात कृषि तथा पशुपन्छी विकाससम्बन्धी अधिकार र दायित्व प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएसँगै नीति, योजना तथा कार्यक्रमबीच समन्वय, संस्थागत क्षमता अभिवृद्धि र स्रोत परिचालनको आवश्यकता बढेको छ। यस सन्दर्भमा पशुपन्छी तथा मत्स्यपालनलाई परम्परागत जीविकोपार्जनमुखी अवस्थाबाट व्यावसायिक, प्रतिस्पर्धी, बजारमुखी तथा दिगो प्रणालीतर्फ रूपान्तरण गर्नु अपरिहार्य देखिन्छ।

त्यसैले पञ्चवर्षीय योजनाले पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, पोषण सुधार र खाद्य सुरक्षा सुदृढीकरणका प्रमुख संवाहकका रूपमा लिँदै व्यावसायिक पशुपालन तथा मत्स्यपालन प्रबर्द्धन, मूल्य श्रृङ्खला विकास, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागिता विस्तार, पशु स्वास्थ्य सेवा सुदृढीकरण तथा जलवायु सहनशील प्रविधिको प्रबर्द्धनमा जोड दिएको छ।

### ५.२.२ विद्यमान अवस्था

नेपालको संविधानको अनुसूची ६ अनुसार पशु विकाससम्बन्धी जिम्मेवारी प्रदेश सरकारको एकल अधिकारका रूपमा रहेको छ। मुलुकको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको स्वस्थ रूपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा नेपाल सरकारले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०८२ बाट चौथो संशोधन) जारी गरेको छ। यस ऐनले प्रदेश तथा स्थानीय तहले पशु स्वास्थ्य तथा पशु सेवासम्बन्धी कार्य गर्न सक्ने व्यवस्थासमेत गरेको छ।

यस प्रदेशमा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०७६, सुदूरपश्चिम प्रदेश दुग्ध बोर्ड ऐन, २०७७, सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९, पशुको पूर्ण खोप कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२, जीविकोपार्जन सुधारका लागि भैंसीपालन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२, व्यावसायिक फर्मले अवलम्बन गर्नु पर्ने भैंसी कल्याण सम्बन्धी मापदण्ड, २०८०, डेरी तथा मासु पसल सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, सीमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५, मिल्क एनालाइजर वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६, पशुपन्छी मोडेल फार्म स्थापना तथा सञ्चालन कार्यविधि, २०७६, सामुदायिक छाडा पशु कल्याण प्रवर्द्धन गर्न गौशाला निर्माण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, दुग्ध उत्पादन र बजारीकरण आधारमा अनुदान कार्यविधि, २०७६ आदि तर्जुमा भई कार्यान्वयनमा रहेका छन्।

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार पशु विकाससम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने, पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण, पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन, पशुपन्छीसम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, पशुपन्छी बीमासम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, पशुजन्य औषधी, विषादी र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन जस्ता कार्यहरू गर्ने जिम्मेवारीहरू रहेका छन्।

### ५.२.३ मुख्य सवाल तथा चुनौती

१. **पशुपन्छी तथा मत्स्यपालन क्षेत्रको विकासः** उपलब्ध भौगोलिक विविधता, चरन क्षेत्र र जलस्रोतको उपयोग गर्नु, स्थानीय नश्ल र परम्परागत सीपको विकास गर्नु, पशुपन्छी तथा मत्स्यपालनलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक, उत्पादनमुखी र बजारमुखी बनाउनु, उन्नत नश्ल र गुणस्तरीय दाना प्रयोग बढाउनु, पशु स्वास्थ्य तथा रोग नियन्त्रण सेवा विस्तार गर्नु, आधुनिक प्रविधि भित्र्याउनु

तथा मूल्य श्रृङ्खला र बजार व्यवस्थापन सुदृढ गर्नु र नियमित आपूर्ति सुनिश्चित गर्नु, पशु स्वास्थ्य सेवा विस्तार गर्नु, रोग नियन्त्रण प्रणाली सुदृढ गर्नु तथा दक्ष पशु स्वास्थ्यकर्मी व्यवस्थापन गर्नु, आधुनिक प्रविधि भित्र्याउनु र कृषकस्तरमा प्रयोग बढाउनु, मूल्य श्रृङ्खला विकास गर्नु, सङ्कलन, प्रशोधन तथा बजारीकरण संरचना बनाउनु, जलवायु परिवर्तनका कारणबाट क्षति हुने चरन क्षेत्रको संरक्षण गर्नु, पानीको उपलब्धता सुनिश्चित गर्नु तथा रोग जोखिम न्यूनीकरण गर्नु।

२. **मासुजन्य पशुपन्छी तथा मत्स्य उत्पादन प्रबर्द्धनः** लक्ष्यमा आधारित स्पष्ट कार्ययोजना तयार गर्नु, प्रमुख मासुजन्य पशुपन्छी तथा मत्स्य प्रजातिको वैज्ञानिक र व्यावसायिक पहिचान गर्नु, उत्पादन सम्भावना र बजार मागका आधारमा कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनु तथा कृषकमा मासुजन्य उत्पादनको आर्थिक, पोषणगत र व्यावसायिक महत्त्वबारे चेतना अभिवृद्धि गर्नु, लक्ष्यमा आधारित स्पष्ट कार्ययोजना बनाउनु र सोहीअनुसार कार्यक्रम कार्यान्वयन गर्नु, प्रमुख मासुजन्य पशुपन्छी तथा मत्स्य प्रजातिको वैज्ञानिक र व्यावसायिक पहिचान गर्नु, उत्पादन सम्भाव्यता, बजार माग र उत्पादन क्षमतासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नु/गराउनु, कृषकमा व्यावसायिक सोच विकास गर्नु तथा मासुजन्य उत्पादनप्रति चेतना अभिवृद्धि गर्नु।

३. **मासुजन्य तथा मत्स्य उत्पादनको बजारीकरण र मूल्य श्रृङ्खला विकासः** मासुजन्य तथा मत्स्य उत्पादनको बजारीकरणका लागि उपयुक्त बजार संरचना विकास गर्नु, मूल्य श्रृङ्खला सुदृढ गर्नु, उत्पादित वस्तुको उचित मूल्य सुनिश्चित गर्नु तथा निजी क्षेत्रसँग सहकार्य गरी बजार विस्तार गर्नु, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्रीका लागि आवश्यक बजार संरचना बनाउनु, मूल्य श्रृङ्खला र बजार व्यवस्थापन प्रणाली विकास गर्नु र प्रभावकारी रूपमा सञ्चालन गर्नु, उत्पादित वस्तुको उचित मूल्य कृषकसम्म पुऱ्याउनु, निजी क्षेत्रको लगानी र सहकार्य आकर्षित गर्नु।

४. **पशु स्वास्थ्य, अनुदान व्यवस्थापन र मत्स्य उत्पादनः** पशुरोग नियन्त्रणका लागि आवश्यक औषधि समयमै उपलब्ध गराउनु, दक्ष पशु स्वास्थ्यकर्मीको पहुँच सुनिश्चित गर्नु, मासुजन्य तथा मत्स्य उत्पादन प्रबर्द्धनका लागि उपलब्ध अनुदानको लक्ष्यअनुसार विनियोजन र प्रभावकारी उपयोग गर्नु, मत्स्य उत्पादनका लागि उन्नत जातका माछा र गुणस्तरीय भुरा (फिङ्गरलिङ) को नियमित आपूर्ति प्रणाली विकास गर्नु, आवश्यक औषधि र पशु स्वास्थ्य सेवा सहज, नियमित र समयमै उपलब्ध गराउनु, दक्ष पशु स्वास्थ्यकर्मीको व्यवस्थापन र सेवा पहुँच विस्तार गर्नु, उन्नत जातका माछा पहिचान गर्नु, पशुबीमामा सबैको पहुँच स्थापित गर्नु।

## ५.२.४ उद्देश्य

१. पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।
२. पशुपन्छी तथा मत्स्यपालनलाई व्यावसायिक, प्रतिस्पर्धी र बजारमुखी प्रणालीमा रुपान्तरण गर्नु।
३. पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा कृषकको आयआर्जन र रोजगारी वृद्धि गर्नु।

### ५.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : पशुपन्छी तथा मत्स्य उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।** | |
| १. उत्पादन प्रणाली सुदृढीकरण तथा विस्तार गर्ने। | १.१ उन्नत जातका पशुपन्छी तथा माछाका भुराको उत्पादन र वितरण प्रणाली विकास गरिनेछ।<br>१.२ पशुपालन तथा मत्स्यपालनमा पोषण व्यवस्थापन, जैविक मल र गुणस्तरीय दानाको प्रयोग प्रबर्द्धन गरिनेछ।<br>१.३ क्षेत्रअनुसार उपयुक्त उत्पादन प्रविधि र मोडेल (क्लस्टर, समुह, सहकारी) विस्तार गरिनेछ।<br>१.४ दुग्ध तथा दुग्धजन्य पदार्थको गुणस्तर नियन्त्रणका लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरी सञ्चालन गरिनेछ। |
| २. पशुरोग नियन्त्रण र जैव-सुरक्षा व्यवस्था सुदृढ गर्ने। | २.१ नियमित खोप कार्यक्रम, रोग निगरानी तथा आपतकालीन प्रतिक्रिया प्रणाली सञ्चालन गरिनेछ।<br>२.२ पशु स्वास्थ्यकर्मी, प्राविधिक तथा औषधिको सहज उपलब्धता सुनिश्चित गरिनेछ।<br>२.३ जैव-सुरक्षा मापदण्ड (पशुपन्छी, मत्स्य तथा कृषि प्रणालीमा रोग, कीट, विषाणु वा अन्य हानिकारक जैविक तत्वको प्रवेश, फैलावट र असरलाई रोक्ने नीतिगत, प्राविधिक तथा व्यवहारिक उपायहरू) तर्जुमा गरी पशु कल्याण अभ्यासलाई प्रोत्साहन गरिनेछ।<br>२.४ सामुहिक छाडा पशु व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.५ "पशुपन्छी पूर्ण खोपयुक्त प्रदेश अभियान" सञ्चालन गरिनेछ।<br>२.६ भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूबाट विविध पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.७ पशुपन्छी व्यवसाय प्रबर्द्धनका लागि खोरेत रोगमुक्त क्षेत्रहरू घोषणा गरिनेछ। |
| **उद्देश्य २ : पशुपन्छी तथा मत्स्यपालनलाई व्यावसायिक, प्रतिस्पर्धी र बजारमुखी प्रणालीमा रूपान्तरण गर्नु ।** | |
| १. व्यावसायिक उत्पादन र लगानी प्रबर्द्धन गर्ने। | १.१ सम्भाव्यता अध्ययनका आधारमा प्रमुख मासुजन्य पशुपन्छी तथा मत्स्य उत्पादन क्षेत्र पहिचान गरिनेछ।<br>१.२ निजी क्षेत्र, सहकारी तथा युवालाई लक्षित गरी सहुलियत ऋण र परिणाममा आधारित अनुदान व्यवस्था लागू गरिनेछ।<br>१.३ नमूना फार्म, प्रदर्शन पोखरी तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ विपन्न समुदाय तथा दुर्गम क्षेत्रका पशुपालक कृषकलाई लक्षित गरी समावेशी र लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ पशुपन्छी बीमामा कृषकहरूको पहुँच विस्तार गरिनेछ। |
| २. मूल्य श्रृङ्खला र बजार पहुँच सुदृढीकरण गर्ने। | २.१ उत्पादनदेखि उपभोक्तासम्मको मूल्य श्रृङ्खला पहिचान, विश्लेषण र सुधार गरिनेछ।<br>२.२ सङ्कलन, प्रशोधन, भण्डारण तथा चिस्यान पूर्वाधार विकास गरिनेछ।<br>२.३ कृषक र बजारबीच प्रत्यक्ष पहुँच बढाउन बजार सूचना प्रणाली विकास गरिनेछ।<br>२.४ दुग्ध उत्पादन र बजारीकरणलाई प्रोत्साहित गर्न बजार केन्द्रहरूमा सामुदायिक चिलिङ्ग केन्द्र स्थापना र विकास गर्न वितीय संस्थाहरूको सहयोग परिचालन गरिनेछ। |
| ३. रैथाने पशुको संरक्षण गर्ने। | ३.१ रैथाने गड्डी भैंसीको संरक्षणका लागि स्थानीय तहहरूलाई विशेष अनुदानको व्यवस्था गरिनेछ।<br>३.२ रैथाने नौमुठ्ठे गाईको संरक्षणका लागि स्थानीय तहहरूलाई विशेष अनुदानको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ३ : पशुपन्छी तथा मत्स्यपालन क्षेत्रमा कृषकको आयआर्जन र रोजगारी वृद्धि गर्नु ।** | |
| १. सीप विकास, सचेतना र प्रविधि विस्तार गर्ने। | १.१ कृषकहरूमाझ मासुजन्य तथा मत्स्य उत्पादनको आर्थिक र पोषणगत महत्त्वबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ आधुनिक, जलवायु-अनुकूल र जैविक उत्पादन प्रविधिको विस्तार गरिनेछ।<br>१.३ सम्भाव्यता अध्ययन गरी पहाडी तथा हिमाली जिल्लाहरूमा स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरी ट्राउट माछा पालनलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ ट्राउट माछा पालनलाई प्रबर्द्धन गरी सम्भावित क्षेत्रलाई ट्राउट माछा हाइवेको रूपमा विकास गरिनेछ।<br>१.५ महिला, युवा र साना कृषक लक्षित विशेष तालिम तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. सुशासन, समन्वय र अनुगमन प्रणाली सुदृढ गर्ने। | २.१ लक्ष्यमा आधारित योजना, बजेट र कार्यान्वयन प्रणाली विकास गरिनेछ।<br>२.३ सङ्घ, प्रदेश र स्थानीय तहबीच कार्यगत समन्वय र सहकार्य सुदृढ गरिनेछ।<br>३.३ नियमित अनुगमन, मूल्याङ्कन र सिकाइ प्रणाली स्थापना गरिनेछ। |

### ५.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **पशुपन्छी क्षेत्रको नीति, योजना तथा अनुसन्धानः** (वर्तमान कानून, निर्माणको आवश्यकताअनुसारको परिमार्जन र नयाँ तर्जुमा, अध्ययन-अनुसन्धान र विकास, कृषकहरूलाई आवश्यक क्षमता विकास तालिम)।

२. **पशुपन्छी उपचार सेवा सञ्चालनः** भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरूबाट विविध पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ।

३. **नमूना फार्म केन्द्र स्थापना र सुधारः** (बाख्रा, माछा, भैंसी, गाई भेडा आदिको नमूना फार्म केन्द्र स्थापन र सञ्चालन)

४. **दुग्ध कृषक सेवा तथा प्राविधिक सहयोग, उत्पादन तथा बजार पहुँच विस्तारः** (कृषकलाई प्राविधिक सेवा, वीर्य उत्पादन तथा वितरण, परामर्श र अन्य सहयोग; ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा दुग्धजन्य पदार्थ ढुवानी र बजार व्यवस्थापन, दुग्ध विकास कोष स्थापना तथा उद्योग सूचीकृत कार्यक्रम, कृषक, महिला, युवा र साना कृषक लक्षित तालिम र उद्यम विकास)।

५. **दुग्ध प्रशोधन तथा मूल्य अभिवृद्धि उद्योग विकासः** (अत्याधुनिक प्रयोगशाला स्थापना र सञ्चालन, दुग्ध प्रशोधन उद्योग, धुलो दूध कारखाना, चिज तथा अन्य उत्पादन उद्योग स्थापना, स्थानीय भैंसी र गाई पालन, छुर्पी, चिज र मोजरेला चिज उद्योग प्रबर्द्धन)।

६. **सामुदायिक छाडा पशु कल्याणः** (छाडा पशु नियन्त्रण, व्यवस्थापन तथा उपयोग, गौशाला निर्माण तथा व्यवस्थापन)।

७. **पशुनश्ल सुधार तथा प्रजनन् केन्द्र स्थापनाः** (उन्नत नश्ल विकास, प्रजनन केन्द्र र आनुवंशिक स्रोत केन्द्र स्थापना र सञ्चालन)।

८. **व्यावसायिक घाँसखेती तथा दाना उद्योग प्रबर्द्धनः** (चारा उत्पादन, दाना उद्योग स्थापना र विस्तार)।

९. **सहुलियतपूर्ण ऋण तथा ब्याज अनुदानः** (पशुपालक कृषकलाई कृषि कर्जामा ब्याज अनुदान तथा ऋण सहजीकरण)।

१०. **पशुपन्छी पूर्ण खोपयुक्त अभियानः** (पशु स्वास्थ्य संरक्षण र रोग नियन्त्रण)।

११. **दुधालु बाख्रापालन तथा चिज उत्पादन प्रबर्द्धनः** (बाख्रापालन व्यवसाय विकास र चिज उत्पादनमा सहयोग)।

१२. **सन्तुलित आहारः** (गाई, भैंसी, बाख्रा, कुखुरा आदिका लागि उमेर र उत्पादनअनुसार सन्तुलित दाना बनाउने तालिम, स्थानीय सामग्री जस्तैः भुस, मकै, सोयाबिन आदिको प्रयोगसम्बन्धी सिकाइ, दाना उद्योगको प्रबर्द्धन)।

१३. **हरियो घाँस तथा चारो विकासः** (उन्नत घाँस जस्तैः नेपियर, स्टायलो, बर्सिम आदि रोपण र विस्तार, घाँस खेती र संरक्षणसम्बन्धी प्रशिक्षण)।

१४. **खनिज तथा भिटामिन पूरकः** (मिनरल मिक्सचर र साल्ट लिक वितरण, भिटामिन कमीबाट हुने रोग रोकथाम)।

१५. **कुखुरा पोषण सुधारः** (बोयलर र लेयर कुखुराका लागि छुट्टाछुट्टै दाना व्यवस्थापन, प्रोटिन, क्याल्सियम, ऊर्जा सन्तुलनबारे तालिम)।

१६. **बाख्रा/भेडा पोषण व्यवस्थापनः** (स्थानीय स्रोतबाट दाना बनाउने तालिम, चरन व्यवस्थापन)।

१७. **मत्स्य पालनः** (प्राकृतिक ताल, तलैया, पोखरी, जलाशय तथा निजी पोखरीमा व्यावसायिक मत्स्य पालन विस्तार, गुणस्तरीय भुरा (फिंगरलिङ) उत्पादन र वितरण प्रणाली सुदृढीकरण, गुणस्तरीय दाना उत्पादन र स्थानीय फिड उद्योग स्थापना, मत्स्य नर्सरी निर्माण, नदी, ताल, जलाशयमा मत्स्य स्रोत संरक्षण र उत्पादन अभिवृद्धि, मत्स्य बिज उत्पादन तथा वितरण, ट्राउट/असला माछा प्रबर्द्धन, कोल्ड स्टोर, सङ्कलन केन्द्र, प्रशोधन तथा बजार व्यवस्थापन, सीप विकास, तालिम, स्टार्टअप समर्थन, जैविक विविधता संरक्षण, अवैध माछा मार्ने कार्य नियन्त्रण, मत्स्य पर्यटन प्रबर्द्धन; जस्तैः निजी क्षेत्रबाट फिस रिजोर्ट स्थापना र सञ्चालनमा सहयोग आदि)।

## ५.३ भूमि व्यवस्थापन

### ५.३.१ पृष्ठभूमि

उत्पादनको महत्त्वपूर्ण साधनका रूपमा भूमिलाई मानिन्छ। नेपालको संविधानले किसानको हितलाई ध्यानमा राखी भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गरी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, किसानको हक हित संरक्षण र संबर्द्धन गर्दै उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन गर्ने र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने नीतिलाई जोड दिएको छ। संविधानको अनुसूची ६ ले भूमि व्यवस्थापन र जग्गाको अभिलेखीकरण गर्ने र गुठी व्यवस्थापनसम्बन्धी एकल अधिकार प्रदेश सरकारलाई दिएको छ। सुदूरपश्चिम प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०८१ अनुसार भूमि व्यवस्थापन, भूमि प्रशासन, भूमिसुधार, भू-उपयोग, चक्लाबन्दी तथा भूमि बैंक, जग्गा रजिष्ट्रेशन तथा भौगोलिक सूचना, नापनक्सा तथा अभिलेख व्यवस्थापन, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवालगायतको बसोबास, जीविकोपार्जन र पुनःस्थापनासम्बन्धी जिम्मेवारी, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेको छ।

### ५.३.२ विद्यमान अवस्था

यस प्रदेश भित्र पुनःस्थापना हुन बाँकि रहेका र परिचयपत्र प्राप्त गर्न नसकेका मुक्त कमैया, हलिया तथा कमलरीको व्यवस्थापन गर्न सुदूरपश्चिम प्रदेशको मुक्त कमैया हलिया तथा कमलरी पुनःस्थापना कार्यविधि, २०८० तर्जुमा भई कार्यान्वयनमा रहेको छ। नेपाल सरकार मातहत यस प्रदेशमा १३ वटा मालपोत र १३ वटा नापी कार्यालयहरू रहेका छन्। जग्गा प्रशासनसम्बन्धी सेवाहरूलाई समय सापेक्ष बनाउन मालपोत कार्यालयहरूमा केन्द्रीकृत तथा वेभमा आधारित डिजिटल भू-सूचना प्रणाली (Land Records Information Management System-LRIMS) र सार्वजनिक पहुँच मोडेल (Public Access Model-PAM) सञ्चालनमा रहेको छ। यसैगरी नापी कार्यालयमा नेपाल भू-सूचना प्रणाली (Nepal Land Information System-NELIS) र मेरो कित्ता अनलाईन प्रणाली लागू भएको छ। यी कार्यालयहरूबाट प्रवाह हुने सेवालाई थप सुदृढ तथा सेवामैत्री बनाउन सुदूरपश्चिम प्रदेश सरकारले कर्मचारीहरूको क्षमता विकास र कार्यालयको भौतिक पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिरहेको छ।

कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन गर्ने, सार्वजनिक गुठीअन्तर्गत रहेका जग्गा, जमिन तथा सम्पत्तिको संरक्षण र

अभिलेख व्यवस्थापन गर्ने, गुठी जग्गा तथा गुठी व्यवस्थापनका सन्दर्भमा नेपाल सरकार तथा स्थानीय तहसँग सहयोग एवम् समन्वय गर्ने र परम्परागत रूपमा गुठीअन्तर्गत सञ्चालन हुँदै आएका विभिन्न जात्रा तथा पर्वहरूको स्थानीय स्तरमा प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारलाई रहेको छ।

संवैधानिक रूपमा भूमि व्यवस्था विषयको अधिकार सङ्घ, प्रदेश र स्थानीय तहबीच विभाजन भएको भए तापनि सबै क्षेत्रका अधिकार पूर्ण रूपमा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुन बाँकी छ, जसले नीति कार्यान्वयनमा प्रभाव पारिरहेको छ। भूमिमा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने र संवैधानिक अधिकारको संरक्षण एवम् स्वामित्वको सुरक्षाको प्रत्याभूति दिलाउन, भूमिको समुचित उपयोगमार्फत कृषि उत्पादन वृद्धि, सुरक्षित बसोबास, जलवायु परिवर्तनका असर एवम् विपद् जोखिम न्यूनीकरण र वातावरण संरक्षणमा सहयोग पुर्याउन, सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको संरक्षण र व्यवस्थापन गर्न, विकास निर्माण आयोजनाको लागि भूमि प्राप्ति र विकास प्रक्रियालाई सहजीकरण गर्न र भूमिसम्बन्धी सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने उद्देश्य लिई सुदूरपश्चिम प्रदेश सरकारले भूमिसम्बन्धी प्रादेशिक नीतिको मस्यौदा तयार गरी सरोकारवालाको पृष्ठपोषणको लागि छलफल गरिरहेको छ। तीनै तहका सरकारको साझा अधिकार क्षेत्रभित्र रहेको सुकुम्बासी व्यवस्थापन गर्न नेपाल सरकारद्धारा गठन आदेशमार्फत भूमि समस्या समाधान आयोग गठन गरिएकोमा जेन्जी आन्दोलन पछि सरकारको निर्णय अनुसार विघटन भएको आयोगलाई सर्वोच्च अदालतको आदेशले पुनर्थापना गरेको छ ।भूमि सम्बन्धी ऐन, २०२१, भूमि सम्बन्धी नियमहरू, २०२१ र भूमि समस्या समाधान आयोग गठन आदेश, २०८० मा व्यवस्था भए अनुसार यस प्रदेशमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनमा प्रदेश सरकारको तर्फबाट गर्नु पर्ने समन्वय, सहजीकरण तथा सहयोग भूमि समस्या समाधान आयोग तथा आयोग मातहतका यस प्रदेश भित्रका सबै जिल्ला समितिहरूसँग भएको छ ।

## ५.३.३ मुख्य सवाल तथा चुनौती

१. **एकीकृत भूमि नीति तथा अन्तरसरकारी समन्वयः** प्रदेशस्तरमा एकीकृत तथा दीर्घकालीन दृष्टिकोणसहितको भूमि नीति तर्जुमा गर्नु; सङ्घ, प्रदेश र स्थानीय तहबीच भूमि व्यवस्थापनसम्बन्धी अधिकार र कार्यक्षेत्र स्पष्ट पार्नु, सङ्घीय कानूनमा अत्यधिक निर्भरता रहनु, प्रदेश तथा स्थानीय तहमा आवश्यक कानूनी र नीतिगत संरचना समयमै विकास गर्नु, अन्तरसरकारी समन्वय संयन्त्र प्रभावकारी रूपमा सञ्चालन गर्नु।

२. **भूउपयोग योजना र अव्यवस्थित बसोबास व्यवस्थापनः** सङ्घीय, प्रादेशिक तथा स्थानीय भूउपयोग योजना तर्जुमा तथा भूउपयोग कानून अनुसार भूमिको वर्गिकरण गर्नु, जनसङ्ख्या वृद्धि र आन्तरिक बसाइसराइको चापका कारण सार्वजनिक, सरकारी, ऐलानी जग्गाको अतिक्रमण रोक्नु, अनियन्त्रित बसोबास र अव्यवस्थित प्लटिङ बढ्नु तथा उर्वर कृषि भूमि आवासीय र व्यापारिक प्रयोजनमा रूपान्तरण हुँदै जानु, स्थानीय तहमा प्राविधिक क्षमता बढाउनु, राजनीतिक दबाबका कारण भूउपयोग नियमन लागू गर्नु, दीर्घकालीन योजना तर्जुमा गरी लागू गर्नु।

३. **सामाजिक न्याय र भूमिमा पहुँचः** भूमिहीन, सुकुम्बासी, दलित तथा सीमान्तकृत समुदायको भूमिमा पहुँच बढाउनु, विश्वसनीय तथा अद्यावधिक तथ्याङ्क निर्माण गर्नु, भूमि समस्या समाधानसम्बन्धी

आयोग तथा संयन्त्रहरू गठन गरी क्रियाशील बनाउनु, जग्गा वितरणपछि आवास, आधारभूत सेवा र जीविकोपार्जनसँग जोड्नु।

४. **सार्वजनिक, वन तथा संस्थागत जग्गा संरक्षणः** सार्वजनिक, वन तथा संस्थागत जग्गामा हुने अतिक्रमण नियन्त्रण गर्नु, जग्गाको पहिचान तथा संरक्षण गर्नु, जग्गा सीमाङ्कन र अभिलेख व्यवस्थापन गर्नु, कानूनी कारबाहीको प्रभावकारी कार्यान्वयन गर्नु, अनुगमन र जवाफदेहिता वृद्धि गर्नु।

५. **भूमि प्रशासन र सूचना प्रणालीः** कागजी भूमि अभिलेखलाई खण्डीकृत गर्नु, जिआईएस आधारित भूमि सूचना प्रणालीको व्यापक प्रयोग गर्नु, साबिकमा नापी भएको जग्गाको हालसाबिक विना कार्य हुनु, डिजिटल प्रणालीलाई पूर्णरूपमा प्रयोग गर्नु, आवश्यक प्रविधि र दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, मालपोत, नापी र स्थानीय तहबीच सूचना समन्वय स्थापित गर्नु।

६. **जोखिमयुक्त क्षेत्रमा भूउपयोगः** बाढी, पहिरो र कटान जोखिमयुक्त क्षेत्रमा बसोबास नियन्त्रण गर्नु, चुरे र वनजस्ता संवेदनशील क्षेत्रमा अनियन्त्रित भूउपयोग रोकथाम गर्नु, जोखिम-संवेदनशील भूउपयोगनीति कार्यान्वयन गर्नु, वातावरणीय मापदण्डलाई भूमि निर्णयसँग प्रभावकारी रूपमा जोड्नु, दीर्घकालीन जोखिम न्यूनीकरण योजनाको तर्जुमा गरी कार्यान्वयन गर्नु।

७. **संस्थागत क्षमता र मानव स्रोतः** प्रदेश तथा स्थानीय तहमा भूमि व्यवस्थापनसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्नु, क्षमता विकासमा पर्याप्त लगानी गर्नु, प्राविधिक जनशक्ति आकर्षण गरी टिकाइ राख्ने वातावरण सिर्जना गर्नु, संस्थागत सुदृढीकरण गर्नु।

८. **राजनीतिक संवेदनशीलता र सुशासनः** भूमि विषयमा देखिएको राजनीतिक संवेदनशीलता र हस्तक्षेपसम्बन्धी विषयमा नीतिगत निर्णय गरी कार्यान्वयन गर्नु, भूमि उपयोगसम्बन्धी निर्णय गर्दा सामाजिक द्वन्द्वको जोखिम न्यून गर्नु, अनुगमन, मूल्याङ्कन र जवाफदेहिता अभिवृद्धि गर्नु, प्रभावशाली समुहको दबाबका कारण सिर्जना हुने नीति कार्यान्वयनको अवरोध नियन्त्रण गर्नु।

## ५.३.४ उद्देश्य

१. भूउपयोगलाई योजनाबद्ध, दिगो र उत्पादनमुखी बनाउनु।

२. भूमिहीन, दलित, सुकुम्बासी तथा सीमान्तकृत समुदायको भूमि पहुँच सुनिश्चित गर्नु।

३. सार्वजनिक, सरकारी, गुठी जग्गा तथा वन क्षेत्रको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्नु।

४. भूमि प्रशासनलाई पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउनु।

## ५.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : भूउपयोगलाई योजनाबद्ध, दिगो र उत्पादनमुखी बनाउनु ।** | |
| १. भूउपयोगनीति र वर्गीकरण (Land Use Zoning) लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | १.१ प्रदेशस्तरीय भू-उपयोग नक्सा (GIS-based Land Use Map) तयार गरिनेछ।<br>१.२ स्थानीय तहसँग समन्वय गरी भूउपयोग कार्यान्वयन निर्देशिका लागू गरी सो कार्य सम्पादन गर्न स्थानीय तहलाई प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>१.३ उर्वर कृषियोग्य भूमिमा अनियन्त्रित प्लटिङ र संरचना निर्माण रोकिनेछ।<br>१.४ बाँझो तथा कम प्रयोगमा रहेको भूमि उत्पादनमा ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ प्रादेशिक भू-उपयोग योजना तर्जुमा गरी सबै स्थानीय तहमा भू-उपयोग योजना तयार गर्न प्राविधिक सहयोग प्रदान गर्दै अभियान सञ्चालन गरिनेछ। |
| **उद्देश्य २ : भूमिहीन, दलित, सुकुम्बासी तथा सीमान्तकृत समुदायको भूमिमा पहुँच सुनिश्चित गर्नु ।** | |
| १. भूमि समस्या समाधानका लागि संस्थागत संयन्त्र सुदृढ गर्ने। | १.१ भूमि समस्या समाधानका लागि भूमि समस्या समाधन आयोगसँग समन्वय तथा सहकार्य गरिनेछ।<br>१.२ भूमिहीन र सुकुम्बासीहरूको पालिकागत एकीकृत तथ्याङ्क (Landless Database) तयार गरी वन मन्त्रालयसँगको समन्वयमा बसोबासका लागि उपलब्ध हुन सक्ने जग्गाको विवरण लिइनेछ।<br>१.३ सङ्घ सरकारसँगको समन्वयमा प्राथमिकताका आधारमा जग्गा वितरण र स्वामित्व प्रमाणपत्र उपलब्ध गराउन स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>१.४ विगतमा जग्गाधनी प्रमाणपत्र प्राप्त भए पनि कित्ताकाट तथा हालसाबिक प्रक्रिया पूरा नभएका समस्यालाई निराकरण गर्न सम्बन्धित नापी कार्यालयसँग समन्वय गरी जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।<br>१.५ भूमि व्यवस्थापनसम्बन्धी प्रदेश ऐन, नियमावली र निर्देशिकामा परिमार्जन र संस्थागत सुधार गरिनेछ।<br>१.६ नेपाल सरकारसँग समन्वय र सहकार्य गरी भूमि बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।<br>१.७ भूमि बैंकमा उपलब्ध भएको जग्गा सम्बन्धित जग्गाधनी र किसानबीच सम्झौता गरी सम्बन्धित पालिका प्रतिनिधिको रोहबरमा पट्टा (लिज) मा उपयोग गर्ने व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.८ भूमिहीन, दलित र सीमान्तकृत समुदाय लक्षित विशेष भूमि सहायता कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. गुठीको संरक्षण र व्यवस्थापन गर्ने। | २.१ स्थानीय तहमा गुठीअन्तर्गत सञ्चालन हुँदै आएका परम्परागत जात्रा तथा पर्वहरूको दिगो र व्यवस्थित सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।<br>२.२ गुठी जग्गा व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन सुनिश्चित गरिनेछ।<br>२.३ सार्वजनिक गुठीअन्तर्गत रहेका जग्गा, जमिन तथा सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन गरिनेछ।<br>२.४ गुठी जग्गा तथा गुठी व्यवस्थापनका विषयमा नेपाल सरकार, प्रदेश तथा स्थानीयबीचको सहकार्य, समन्वय र साझेदारी सुदृढ गरिनेछ।<br>२.५ अतिक्रमित गुठी जग्गा खाली गराई गुठीको मूल उद्देश्यअनुसार उपयोग सुनिश्चित गर्न सम्बन्धित पालिका र सुरक्षा निकायसँग समन्वय गरी अभियान सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३: सार्वजनिक, सरकारी, गुठी जग्गा तथा वन क्षेत्रको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्नु ।** | |
| १. अतिक्रमण रोकथाम र व्यवस्थापनमा बहु-तह समन्वय गर्ने। | १.१ अतिक्रमित जग्गाको पहिचान, वर्गीकरण र चरणबद्ध व्यवस्थापन गरिनेछ।<br>१.२ नयाँ अतिक्रमण रोक्न निगरानी प्रणाली, दण्ड र प्रोत्साहनको व्यवस्था कार्यान्वयन गरिनेछ।<br>१.३ विश्वविद्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक प्रयोजनका सार्वजनिक जग्गा सुरक्षालाई प्राथमिकता दिइनेछ।<br>१.४ सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, तथा वन क्षेत्रको जग्गाको अतिक्रमण रोक्न सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ। |
| **उद्देश्य ४ : भूमि प्रशासनलाई पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउनु ।** | |
| १. भूमि प्रशासनलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गरी अनलाइन सेवा प्रवाह गर्ने। | १.१ डिजिटल भूमि अभिलेख प्रणाली (नक्सा, लालपुर्जा, विवरण) विस्तार गर्दै लगिनेछ।यसरी डिजिटल भूमि अभिलेख प्रणाली अवलम्बन गर्दा हालसाबिक गरी अद्यावधिक लगत तयार गरिनेछ।<br>१.२ नापी, मालपोत र स्थानीय तहबीच डिजिटल सूचना आदान-प्रदान प्रणाली प्रयोगमा ल्याइनेछ।<br>१.३ अनलाइन सेवा (नक्सा प्रतिलिपि, अभिलेख खोज) लाई विस्तार गर्दै लगिनेछ।<br>१.४ कर्मचारीको क्षमता विकास र सुशासन प्रबर्द्धनमा जोड दिइनेछ। |

### ५.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेशस्तरीय पालिकागत भूउपयोग (Land Use Zoning) नक्सा निर्माण,
२. कृषि, आवास, औद्योगिक, वन र संवेदनशील क्षेत्र छुट्याउने,
३. भूमि बैंक तथा जग्गा पट्टा व्यवस्थापन,
४. उर्वर कृषि भूमि संरक्षण तथा अनियन्त्रित प्लटिङ नियन्त्रण,
५. बाँझो तथा कम उपयोग भएको भूमि उत्पादनमा ल्याउने "भूमि पुनःउत्पादन कार्यक्रम",
६. स्थानीय तहमा भूउपयोग योजना कार्यान्वयनमा प्राविधिक सहयोग,
७. भूमिहीन तथा सुकुम्बासी पालिकागत रूपमा पहिचान र तथ्याङ्क सङ्कलन,
८. पालिकागत रूपमा भूमिहीन तथा सुकुम्बासीलाई उपलब्ध गराउन सकिने जग्गाको लगत तयारीमा वन तथा नापी कार्यालयसँग समन्वय र सहकार्य,
९. भूमि समस्या समाधानका लागि प्रदेशस्तरीय संयन्त्र सुदृढीकरण,
१०. जग्गासँगै आवास, खानेपानी र जीविकोपार्जन जोडिएको एकीकृत पुनर्स्थापना,
११. दलित र सीमान्तकृत समुदाय लक्षित विशेष भूमि सहायता,
१२. प्रदेशभरिका सार्वजनिक/सरकारी जग्गाको लगत तथा नक्साङ्कन,
१३. अतिक्रमित जग्गाको पहिचान, वर्गीकरण र चरणबद्ध व्यवस्थापन,
१४. सार्वजनिक प्रयोजनका जग्गा संरक्षण,
१५. हालसाबिक सहितको डिजिटल भूमि अभिलेख तथा नक्सा व्यवस्थापन
१६. मालपोत, नापी र स्थानीय तहबीच सूचना एकीकृत प्रणाली विकास,
१७. अनलाइन सेवा विस्तार (नक्सा प्रतिलिपि, अभिलेख खोज, जानकारी सेवा),
१८. प्रदेशतहमा पालिकाअनुसार बाढी पहिरोबाट नोक्सान भएको जग्गाको भूमि उकास योजना
१९. भूमि व्यवस्थापनसम्बन्धी प्रदेश ऐन, नियमावली र निर्देशिका तर्जुमा,
२०. भूमि व्यवस्थापनका लागि मानव स्रोत एवम् सरोकारवालाको क्षमता विकास,
२१. बाढी, पहिरो, कटान जोखिमयुक्त क्षेत्रको भूउपयोग नियमन,
२२. नदीकिनार, चुरे तथा संवेदनशील क्षेत्र संरक्षण,
२३. जलवायु अनुकूल भूउपयोग अभ्यास प्रबर्द्धन,
२४. भूमि व्यवस्थापनसम्बन्धी अध्ययन, अनुसन्धान र ज्ञान दस्तावेजीकरण,
२५. भूमि व्यवस्थापन तथा उपयोग सुदृढीकरण कार्यक्रम (कृषियोग्य भूमि वैज्ञानिक वर्गीकरण, बाँझो भूउपयोग अभियान, भूमिको खण्डीकरण नियन्त्रण नीति),
२६. गुठी जग्गाको अभिलेखीकरण, संरक्षण र व्यवस्थापन।

## ५.४ सहकारी

### ५.४.१ पृष्ठभूमि

नेपाली समाजमा प्रचलित ढुकुटी, गुठी, धर्मभकारी तथा मठा खलः जस्ता सामाजिक-सांस्कृतिक अभ्यासहरू सहकारिताका मौलिक रूपका रूपमा रहेका छन्। यस्ता परम्परागत अभ्यासहरूलाई क्रमशः औपचारिक संरचनाभित्र समेट्दै लैजाने प्रक्रियाबाट नै सहकारी अभियानको विकास भएको मानिन्छ। प्रारम्भिक चरणमा सहकारिता नैतिक मूल्यमा आधारित, लिखित कानूनविहीन तर सामाजिक हितलाई केन्द्रमा राख्ने नियम र

अभ्यासमार्फत सञ्चालन हुँदै आएको थियो। समयक्रमसँगै यसले कानूनी मान्यता प्राप्त गर्दै औपचारिक तथा सङ्गठित सामुदायिक व्यवसायको स्वरूप ग्रहण गरेको छ। औपचारिक रूपमा सहकारी संरचनाको सुरुवातका रूपमा वि.सं. २०१० सालमा सहकारी विभागको स्थापना र वि.सं. २०११ सालमा नेपाल सहकारी समिति ऐन जारी गरिएको पाइन्छ। यी कानूनी तथा संस्थागत व्यवस्थापश्चात वि.सं. २०१३ सालमा चितवन जिल्लामा बखान ऋण सहकारी समितिको स्थापना भई नेपालमा औपचारिक सहकारी अभियानको प्रारम्भ भएको मानिन्छ। उक्त वर्ष चितवन जिल्लामा "बखान सहकारी संस्था" स्थापना भई सहकारी आन्दोलनको आधारशिला तयार भएको थियो, जसलाई नेपालको पहिलो सहकारी संस्थाका रूपमा स्वीकार गरिएको छ। यस अभियानलाई व्यवस्थित र संस्थागत रूपमा अगाडि बढाउने उद्देश्यले वि.सं. २०१६ सालमा पहिलो सहकारी ऐन जारी गरी सहकारी क्षेत्रलाई कानूनी ढाँचाभित्र ल्याइएको थियो। त्यसयता समयानुकूल रूपमा सहकारीसम्बन्धी नीति, ऐन तथा नियमावलीहरू परिमार्जन र सुधार हुँदै आएका छन्, जसले सहकारी अभियानलाई क्रमशः मजबुत र विस्तारित बनाउँदै लगेका छन्। नेपालको संविधान २०७२ ले सहकारी क्षेत्रलाई राज्यको आर्थिक विकासका तीन खम्बामध्ये एक (सार्वजनिक, निजी र सहकारी) का रूपमा स्पष्ट संवैधानिक मान्यता प्रदान गरेको छ। यस संवैधानिक व्यवस्थाले सहकारी क्षेत्रको भूमिका, दायित्व र महत्त्वलाई अझ संस्थागत र प्रभावकारी बनाएको छ।

सहकारी अभियानको मूल उद्देश्य सहकारीका माध्यमबाट समुदायमा छरिएर रहेका स-साना पूँजीलाई एकीकृत गरी समुदायभित्र लगानीको आवश्यकता परिपूर्तिमार्फत आर्थिक सशक्तीकरण हासिल गर्नु हो। विशेषतः साना किसान, मजदुर, महिला तथा विपन्न वर्गलाई लक्षित गरी बचत, ऋण र लगानीको पहुँच सुनिश्चित गर्ने, वित्तीय स्रोतमा पहुँच नपाएका वर्गलाई औपचारिक वित्तीय प्रणालीमा आबद्ध गर्ने तथा साहु-महाजनको चर्को ब्याजदरमा निर्भर रहनु पर्ने अवस्थाबाट मुक्ति दिलाउने यस अभियानको प्रमुख उद्देश्य रहँदै आएको छ। यसैगरी, सहकारी अभियानले गरिबी न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। सहकारीमार्फत स्वरोजगार सिर्जना, साना तथा घरेलु उद्यम प्रवर्द्धन, आय-आर्जनका अवसरहरूको विस्तार गरी विशेषतः ग्रामीण क्षेत्रको अर्थतन्त्रलाई सुदृढ बनाउन सहयोग पुगेको छ। यसले स्थानीय स्रोत, सीप र श्रमको उपयोग गर्दै समुदायस्तरमै आर्थिक गतिविधि बढाउन टेवा पुऱ्याएको छ। सहकारी अभियानले सामाजिक एकता र सहभागिताको प्रवर्द्धनमा पनि उल्लेखनीय भूमिका निर्वाह गरेको छ। स्वैच्छिक सहभागिता, सदस्य केन्द्रित लोकतान्त्रिक सञ्चालन प्रणाली र सामूहिक निर्णय प्रक्रियामार्फत समुदायभित्र आपसी विश्वास, सहयोग र सामाजिक ऐक्यबद्धताको विकास गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन्। वित्तीय समावेशीकरणका दृष्टिले हेर्दा, सहकारीहरूले बैंक तथा वित्तीय संस्थाको पहुँच नपुगेका वा सीमित रहेका क्षेत्रहरूमा वित्तीय सेवा उपलब्ध गराई बचत गर्ने बानीको विकास गर्न सहयोग पुऱ्याएका छन्। यसले समुदायका नागरिकलाई औपचारिक वित्तीय प्रणालीसँग जोड्दै आर्थिक सुरक्षाको आधार निर्माण गरेको छ। त्यसैगरी, सहकारी अभियानले महिला तथा सीमान्तकृत समुहको सशक्तीकरणमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। महिलाको नेतृत्व विकास, निर्णय प्रक्रियामा सक्रिय सहभागिता तथा दलित, जनजाति र पछाडि पारिएका समुदायको समावेशी सहभागिता सुनिश्चित गर्दै सहकारी संस्थाहरूले सामाजिक समावेशीतालाई व्यवहारमा उतार्न पनि सहयोग गरेको छ। कृषि, दुग्ध, उपभोक्ता बचत तथा ऋणलगायत विभिन्न प्रकारका सहकारीमार्फत स्थानीय उत्पादनको प्रवर्द्धनका लागि स्थानीय स्तरमा कृषि सामग्री (बिउ, मल, औजार

उपकरण, चिलिङ्ग केन्द्र आदि) को प्रबन्ध, उपज खरिद र बजारीकरण, रोजगारी सिर्जना र बजार पहुँच विस्तार गरी सहकारी अभियानले स्थानीय विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ।

अन्ततः सहकारी अभियान नेपालमा सामाजिक न्याय, आर्थिक समानता र समावेशी विकासका साथै सामुदायिक भावना विकासमा एक महत्त्वपूर्ण आधारका रूपमा स्थापित भएको छ। सहकारी क्षेत्रमा सही नियमन, पारदर्शिता, जवाफदेहिता र सुशासन सुनिश्चित गर्न सकिएमा, सहकारीहरूले दीगो आर्थिक विकास, सामाजिक रूपान्तरण र समृद्ध नेपाल निर्माणमा अझ प्रभावकारी र दीर्घकालीन भूमिका खेल्न सक्ने स्पष्ट देखिन्छ।

## ५.४.२ विद्यमान अवस्था

नेपालको संविधानले सहकारी क्षेत्रलाई प्रबर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने नीति लिएको छ। संविधानले सहकारीसम्बन्धी जिम्मेवारी तीनै तहको सरकारलाई सुम्पिएको छ। नेपाल सरकारले सहकारी ऐन, २०७४ र नियमावली, २०७५ लागू गरेको छ। सङ्घीय ऐन र नियमावलीसँग नबाझिने गरी प्रदेश र स्थानीय तहहरूले पनि सहकारी ऐन तथा नियमावलीहरू तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ। सुदूरपश्चिम प्रदेशको सहकारी ऐन, २०७५ जारी भएको छ भने सहकारी अनुगमन निर्देशिका, २०८१ को मस्यौदा तयार भएको छ। आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ र सहकारी सङ्घ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६ लागू भएको छ। सुदूरपश्चिम प्रदेश कार्यविभाजन नियमावली, २०८१ अनुसार सहकारीसम्बन्धी जिम्मेवारी प्रदेशको भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा रहेको छ। उक्त कार्यविभाजन नियमावलीअनुसार मन्त्रालयले सहकारी (संस्था, सङ्घ, बैंक), बचत तथा ऋण परिचालनसम्बन्धी नीति, कानून, कार्यान्वयन, नियमन, अनुगमन, विकास, प्रबर्द्धन, क्षमता विकास आदि सम्बन्धी काम गर्नु पर्दछ।

सङ्घीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभागले सबै सहकारीहरूले कोपोमिस प्रणालीमा अनिवार्य आवद्ध भई विवरण प्रविष्टि गर्ने विषयलाई अनिवार्य बनाएको छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ अनुसार सहकारी संस्थाहरूले संस्थामा भएको कारोबारको आधारमा शंकास्पद कारोबार/गतिविधि प्रतिवेदन (Suspicious Transaction Report/Suspicious Activities Report-STR/SAR) तथा सीमा कारोबार विवरण (Threshold Transaction Report-TTR) हरू वित्तीय जानकारी इकाइको goAML System (Production Environment) मा आवद्ध भई सोही प्रणालीमार्फत पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नेपाल राष्ट्र बैंकका अनुसार यसका लागि सहकारी सङ्घ संस्थाहरूले आफ्नो कोर सिस्टम वा अन्य विद्युतीय माध्यममा सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्ने र सबै सूचना संस्थाले goAML System (Production Environment) मा रजिष्टर्ड भई (STR/SAR/TTR) को रिपोर्टिङ्ग Web/XML माध्यमबाट गर्नुपर्ने हुन्छ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रमा तीनवटा प्रमुख समस्या रहेको पाईन्छ। पहिलो, कोभिड-१९को महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण वित्तीय प्रणालीमा सिर्जित तरलताको समस्याले सहकारी क्षेत्रमा यसको नकारात्मक प्रभाव पर्न गएको हो। यसैगरी सहकारी शिक्षाको कमीका कारण सहकारीको

आधारभूत मूल्य, मान्यता र सिद्धान्तका बारेमा सञ्चालक र सदस्यहरूबाट गलत फाइदा उठाई गम्भीर गल्ती, कमजोरी र लापरवाही हुने गरेको छ। यसैगरी सहकारी संस्थाहरूले आफ्ना सदस्यहरूलाई नियमित र अनिवार्य बचत गर्न लगाउन पर्नेमा गैर सदस्यहरूलाई ठूलो रकम ऋण लगानी गर्दा खराब ऋणको परिमाण बढ्न गएको छ।

नेपाल सरकारले गठन गरेको सहकारी क्षेत्र सुधार कार्यदल, २०८० ले सहकारी क्षेत्रको समग्र सुधार र सुदृढीकरणका लागि विभिन्न महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरेको छ। कार्यदलका सुझावअनुसार, नियामक निकायले आफ्नो क्षेत्राधिकारभित्र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको तीन महिनाभित्र अनुगमन तथा सुपरीवेक्षण गरी पर्ल्स सूचाङ्क का आधारमा वर्गीकरण सहितको विस्तृत प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै, सबै सहकारी संस्थाहरूले आफ्नो वास्तविक अवस्था, वित्तीय स्थिति, कारोबार तथा संलग्नता स्पष्ट रूपमा देखिने गरी तोकिएको ढाँचामा श्वेतपत्र तयार गरी नियामक निकायमा पेश गर्नुपर्ने सुझाव दिइएको छ। त्यसैगरी, सहकारी संस्थाका पदाधिकारी, सञ्चालक तथा व्यवस्थापन तहका कर्मचारीहरूको सम्पत्ति विवरण सङ्कलन गरी अभिलेखीकरण गर्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ। सहकारी क्षेत्रको तथ्याङ्कीय व्यवस्थापन र पारदर्शिता अभिवृद्धिका लागि सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस-COPOMIS) प्रणालीमा सबै सहकारी संस्थाहरूको आबद्धता अनिवार्य गर्नुपर्ने सुझाव पनि समेटिएको छ। समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापनलाई प्रभावकारी बनाउन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठनको ढाँचा, काम, कर्तव्य र अधिकार स्पष्ट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ।

कार्यदलले सहकारी संस्थाको वित्तीय कारोबारको अनुसन्धानका लागि फोरेन्सिक अडिटरको व्यवस्था गर्नुपर्ने, साथै एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्न एकीकरणमा जाने सहकारी संस्थाहरूलाई तीन वर्षसम्म आयकरमा निश्चित प्रतिशत छुट प्रदान गर्ने विशेष सहुलियत प्याकेज तयार गर्न सुझाव दिएको छ। यसका अतिरिक्त, सहकारी संस्थाका पदाधिकारी, सञ्चालक तथा व्यवस्थापन तहका कर्मचारीहरूका लागि सहकारितासम्बन्धी नियमित तालिमको व्यवस्था गर्नुपर्ने समेत कार्यदलका प्रमुख सिफारिसहरूमा समावेश छन्।

यस प्रदेशमा आर्थिक वर्ष २०७९/८० सम्म वचत तथा ऋण सहकारी संस्थाको सङ्ख्या १३६, वहुउद्धेश्यीय ११८, कृषिसँग सम्बन्धित ७५, ग्रामीण विद्युतसँग सम्बन्धित १८, दुग्घ संस्थानसँग सम्बन्धित १०, श्रमिकसम्बन्धी १, स्वास्थ्यसम्बन्धी ४, जडिबुटीसम्बन्धी ३, सञ्चारसम्बन्धी ४, उपभोक्तासम्बन्धी ७, मौरीपालनसम्बन्धी १, वातावरणसम्बन्धी १ र सुदूरपश्चिम थोक उपभोक्ता विशिष्टकृत सहकारी सङ्घ १ गरी कुल ३७९ रहेका छन्।

**तालिका ५.१ : सहकारीसम्बन्धी सङ्क्षिप्त विवरण**

| क्र.सं. | जिल्ला/प्रदेश | सहकारी सङ्घ/संस्था | सहकारी सङ्घ | |
|---|---|---|---|---|
| | | | सङ्ख्या | आवद्ध संस्था सङ्ख्या |
| १ | सुदूरपश्चिम | प्रदेश वचत तथा ऋण सहकारी सङ्घ कैलाली | १ | ५३ |
| २ | सुदूरपश्चिम | सुदूरपश्चिम थोक उपभोक्ता विशिष्टकृत सहकारी सङ्घ कैलाली | १ | २५ |
| ३ | कैलाली | १०५ | ४ | ५४० |
| ४ | कञ्चनपुर | ९६ | ५ | ८० |
| ५ | डडेलधुरा | २५ | ४ | ५१ |
| ६ | बैतडी | ३४ | ३ | ८० |
| ७ | दार्चुला | २४ | २ | ७७ |
| ८ | बझाङ्ग | १८ | २ | ३७ |
| ९ | डोटी | १० | २ | ८४ |
| १० | अछाम | ३४ | २ | ८५ |
| ११ | बाजुरा | ३३ | ३ | २३ |
| | **जम्मा** | **३७९** | **२९** | **११३५** |

**स्रोतः** सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, सुदूरपश्चिम प्रदेश धनगढी कैलाली, वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका आ.व. २०७९/८०।

सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट सहकारी सञ्चालक र कर्मचारीलाई सहकारी लेखापालन तथा वित्तीय विश्लेषण, सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस), नेतृत्व विकास, नियमन, अनुगमन र प्रबर्धन र सहकारी शेयर सदस्यहरूलाई पूर्व सहकारी शिक्षासम्बन्धी तालिम तथा अभिमुखीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

## ५.४.३ मुख्य सवाल तथा चुनौती

१. **बचत सङ्कलन तथा ऋण प्रवाहः** सदस्यको बचतको उचित परिचालन गर्नु, उच्च जोखिमयुक्त क्षेत्रमा ऋण प्रवाह नियन्त्रण गर्नु, ऋण चुक्ता अनुशासन बलियो बनाई गैरसञ्चालित कर्जा (नन-पर्फर्मिङ्ग लोन-एनपिएल) कम गर्नु, व्यक्तिगत पहुँच र दबाबका आधारमा अस्वस्थ ऋण स्वीकृति नियन्त्रण गर्नु, ऋण प्रयोजनअनुसार अनुगमन गर्नु र ऋण दुरुपयोग रोक्नु, तरलता व्यवस्थापन बलियो बनाएर समयमा बचत फिर्ता गर्नु र पर्ल्स सूचाङ्क र वित्तीय मापदण्डको व्यवहारिक रूपमा प्रयोगमा ल्याउनु।

२. **आन्तरिक सुशासन व्यवस्थापनः** सञ्चालक समिति र व्यवस्थापन तहबीच भूमिका र जिम्मेवारी स्पष्ट पार्नु, आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाई पारदर्शीता सुनिश्चित गर्नु, वार्षिक साधारणसभा, लेखापरीक्षण र प्रतिवेदनमा औपचारिकता मात्र पूरा गर्ने प्रवृत्ति नियन्त्रण गर्नु, स्वार्थको द्वन्द्व, नातावाद र व्यक्तिगत लाभमुखी अभ्यास रोक्नु, सदस्यहरूमा सूचना र उत्तरदायित्व बोध गराउनु।

३. **सदस्य, पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकासः** सहकारी, वित्त, जोखिम व्यवस्थापन र कानूनी पक्षसम्बन्धी प्राविधिक ज्ञान उपलब्ध गराउनु, तालिमलाई औपचारिकता मात्रका रूपमा लिने प्रवृत्ति न्यून गर्नु, दक्ष जनशक्तिको उच्च आवागमन रोक्नु, क्षमता विकासका लागि निरन्तर सिकाइ र प्रोत्साहन प्रणालीको विकास गर्नु; सदस्य, पदाधिकारी तथा कर्मचारीबीच ज्ञान र जिम्मेवारीको सन्तुलन कायम गर्नु।

४. **समन्वय तथा सहजीकरणः** सङ्घ, प्रदेश र स्थानीय तहबीच भूमिका र अधिकारको थप स्पष्टता गर्नु, नियामक निकायहरूबीच समन्वय स्थापित गर्नु, सहकारी, बैंक तथा निजी क्षेत्रबीच कार्यगत सहकार्य स्थापित गर्नु, एकीकरण र संरचनागत सुधारमा प्राविधिक सहजीकरण गर्नु र स्थानीय तहले सहकारीलाई नीतिगत रूपमा प्राथमिकतामा राख्नु।

५. **नियमन, अनुगमन तथा मूल्याङ्कनः** नियामक निकायमा जनशक्ति व्यवस्थापन र प्राविधिक क्षमता अभिवृद्धि गर्नु, जोखिममा आधारित अनुगमन भन्दा घटनापछि मात्र हस्तक्षेप गर्ने परिपाटीलाई परिवर्तन गर्नु, कोपोमिस प्रणालीलाई पूर्णरूपमा प्रयोगमा ल्याउनु, फोरेन्सिक अडिट जस्ता उपकरणको प्रयोग गर्नु, अनुगमन प्रतिवेदनका आधारमा कारबाहीका सिफारिस कार्यान्वयन गर्नु र राजनीतिक तथा स्थानीय दबाबबाट मुक्त गराउनु।

## ५.४.४ उद्देश्य

१. सहकारीमार्फत वित्तीय पहुँच वृद्धि गरी गरिबी निवारणमा योगदान गर्नु।
२. सहकारी उद्यम र सेवा व्यवसायको विकासद्वारा आर्थिक-सामाजिक प्रगति हासिल गर्नु।
३. सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप वित्तीय सुशासन कायम गर्नु।

## ५.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सहकारीमार्फत वित्तीय पहुँच वृद्धि गरी गरिबी निवारणमा योगदान गर्नु ।** | |
| १. सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा क्रियाशील गराउने। | १.१ उत्पादनशील रोजगारी सिर्जना तथा आयआर्जन हुने कृषि, उद्योग, सेवा र उद्यमशीलता क्षेत्रमा लगानी गर्ने सहकारी संस्थाहरूलाई प्रोत्साहन गर्ने नीति कार्यान्वयन गरिनेछ।<br>१.२ व्यक्ति तथा सहकारीमार्फत उत्पादन भएका वस्तु तथा सेवाको बजारसम्म सहज पहुँच सुनिश्चित गर्ने स्थानीय तथा क्षेत्रीय सङ्कलन केन्द्र र बजार सूचना प्रणालीको विकास गरिनेछ। |
| २. सहकारी संस्थाहरूको क्षमता विकासका लागि सहजीकरण गर्ने। | २.१ ग्रामीण तथा कृषिमा आधारित सहकारी संस्थाहरूलाई मल, विउ, मेशिनरी, औजार, प्रशोधन उपकरण तथा अन्य पूँजीगत खर्चमा अनुदान तथा सहुलियतपूर्ण सहयोग उपलब्ध गराइनेछ।<br>२.२ सहकारीका बचतकर्ताहरूको बचत सुरक्षालाई सुनिश्चित गर्न बचत सुरक्षा बीमा प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ सहकारी क्षेत्रको विकास र प्रबर्द्धनका लागि आवश्यक भौतिक पूर्वाधार, प्रविधि तथा उपकरण सुविधाहरू चरणबद्ध रूपमा उपलब्ध गराइनेछ।<br>२.४ उत्कृष्ट कार्यसम्पादन गर्ने सहकारी पहिचान गरी पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ। |
| **उद्देश्य २ : सहकारी उद्यम र सेवा व्यवसायको विकासद्वारा आर्थिक-सामाजिक प्रगति हासिल गर्नु ।** | |
| १. सहकारी उद्यमको उत्पादनशील क्षमता र प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने। | १.१ कृषि, पशुपालन, पर्यटन, कुटीर तथा साना उद्योग जस्ता उत्पादनशील क्षेत्रमा सहकारीलाई लगानी गर्न प्रोत्साहन गरिनेछ।<br>१.२ सहकारीका पदाधिकारी र सदस्यलाई उद्यम विकास, वित्तीय व्यवस्थापन, बजारीकरण तथा प्रविधि प्रयोगसम्बन्धी तालिम प्रदान गरिनेछ।<br>१.३ निजी क्षेत्र र स्थानीय तहसँग सहकार्य गरी सहकारी उद्यमको उत्पादन, प्रशोधन र बजार पहुँच विस्तार गरिनेछ।<br>१.४ साना किसानलाई कृषि सहकारी वा समुहमार्फत उत्पादनमा आबद्ध गरी "बाई ब्याक ग्यारेन्टी" प्रणाली विकास गरी बजार सुनिश्चित गरिनेछ। |
| २. सहकारीमार्फत समावेशी र गुणस्तरीय सेवा व्यवसाय विस्तार गर्ने। | २.१ बचत, ऋण, बीमा, स्वास्थ्य, शिक्षा र उपभोक्ता सेवा जस्ता क्षेत्रमा सहकारी सेवा विस्तार गरिनेछ।<br>२.२ महिला, दलित, अपाङ्गता भएका व्यक्ति, युवा तथा विपन्न समुदायलाई लक्षित गरी सहकारी सेवामा पहुँच सुनिश्चित गरिनेछ।<br>२.३ सहकारी सेवा व्यवसायका लागि न्यूनतम सेवा मापदण्ड निर्धारण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।<br>२.४ सहकारीमार्फत डिजिटल भुक्तानी, मोबाइल बैंकिङ, MIS तथा अनलाइन सेवा प्रणाली विकास गरी सेवा सरल, छिटो र पारदर्शी बनाउन पहल गरिनेछ।<br>२.५ सहकारी क्षेत्रको तथ्याङ्कीय व्यवस्थापन र पारदर्शिता अभिवृद्धिका लागि कोपोमिस (COPOMIS) प्रणालीमा सबै सहकारी संस्थाहरूको आबद्धता अनिवार्य गराउन पहल गरिनेछ।<br>२.६ goAML System (Production Environment) मा रजिष्टर्ड भई (STR/SAR/TTR) को रिपोर्टङ्ग Web/XML माध्यमबाट गर्ने कार्य सम्बन्धमा सबै सहकारीहरूलाई अनुशिक्षण गरी अनिवार्य बनाईनेछ।<br>२.७ सहकारीहरूलाई नगदरहित कारोबार र डिजिटल ट्रान्जेक्सन गर्न आवश्यक सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरूप वित्तीय सुशासन कायम गर्नु ।** | |
| १. सहकारी संस्थामा पारदर्शी, उत्तरदायी र जवाफदेही वित्तीय प्रणाली विकास गर्ने। | १.१ सहकारी संस्थाहरूको सुशासन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धिसम्बन्धी सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।<br>१.२ सहकारी संस्थामा सुशासन, आन्तरिक नियन्त्रण प्रणाली, नियमित लेखापरीक्षण तथा सूचना प्रवाहलाई प्रभावकारी बनाइनेछ। |
| २. सहकारी नेतृत्व, व्यवस्थापन र सदस्यको वित्तीय क्षमता साक्षरता अभिवृद्धि गर्ने। | २.१ सहकारीका सञ्चालक समिति, लेखा समिति तथा कर्मचारीलाई वित्तीय व्यवस्थापन, वित्तीय साक्षरता र सहकारी मूल्यबारे नियमित अभिमुखीकरण गरिनेछ। |
| ३. सहकारी नियमनकारी संस्थाको क्षमता विकास गर्ने । | ३.१ सहकारी अनुगमन तथा नियमनका लागि आवश्यक परिमाणमा जनशक्ति व्यवस्थापन गरिनेछ।<br>३.२ सहकारी रजिष्ट्रार कार्यालयका जनशक्तिको सहकारी अनुगमन तथा नियमनसम्बन्धी क्षमता विकास गरिनेछ।<br>३.३ सहकारी अनुगमन तथा नियमनमा सूचना प्रविधिको उपयोग बढाइनेछ। |

### ५.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. सहकारी नीति तर्जुमा,
२. कृषि सामग्रीको (विउ, मल, ऋण, औजार आदि) बिक्री वितरण,
३. बजार सूचना प्रणालीको विकास र कृषि उपज खरिद,
४. सहकारी अनुदान तथा सहुलियतपूर्ण सहयोग,
५. सहकारी सेवा व्यवसायका लागि न्यूनतम सेवा मापदण्ड निर्धारण,
६. अभिमुखीकरण तथा क्षमता विकास,
७. आन्तरिक अनुगमन तथा अनुपालन,
८. डिजिटल प्रणाली तथा अभिलेख व्यवस्थापन,
९. सहकारी आचारसंहिता कार्यान्वयन सुदृढीकरण,
१०. अनुगमन, मूल्याङ्कन तथा समीक्षा,
११. सचेतना तथा सदस्य शिक्षा
१२. सम्मान तथा प्रोत्साहन।

## ५.५ पर्यटन

### ५.५.१ पृष्ठभूमि

यो प्रदेश सभ्यता र संस्कृतिमा अत्यन्तै सम्पन्न छ। यहाँका प्रत्येक जिल्लामा विशिष्ट धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन्, जसको आफ्नै ऐतिहासिक र सांस्कृतिक महत्त्व छ। यी गन्तव्यहरूलाई व्यावसायिक रूपमा प्रबर्द्धन गर्न सके प्रदेशको आर्थिक समृद्धिमा उल्लेख्य टेवा पुग्ने देखिन्छ। ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्त्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रबर्द्धन एवम् प्रचारप्रसारमार्फत अर्थतन्त्रको महत्त्वपूर्ण आधारमा रूपमा पर्यावरण अनुकुल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवम् नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति नेपालको संविधानमा रहेको छ। पर्यटनसम्बन्धी जिम्मेवारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको छ। यस मन्त्रालयमा पर्यटन क्षेत्र हेर्ने गरी प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई रहेको छ। प्रदेशको कार्यविभाजन नियमावली, २०८१, अनुसार पर्यटन नीति, कानून, योजना, पूर्वाधार विकास, प्रबर्द्धन र नियमन, पर्यटक प्रहरी, पर्यटकीय होटल, दक्ष जनशक्ति व्यवस्थापन र नियमनसम्बन्धी काम गर्ने जिम्मेवारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको छ। सुदूरपश्चिम प्रदेशले "सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७" लागू गरेको छ, जसले प्रदेशको पर्यटन क्षेत्रलाई कानूनी आधार र नियमन संरचना प्रदान गरेको छ। यो ऐनले पर्यटनसम्बन्धी अधिकार, दायित्व, व्यवस्थापन, प्रोत्साहन तथा गुणस्तर सुनिश्चित गर्ने प्रावधानहरू समावेश गरेको छ। यसैगरी प्रदेश सरकारले सुदूरपश्चिम प्रदेशको पर्यटन गुरुयोजना २०७९/८०-२०८९/९० समेत तर्जुमा गरेको छ, जसले आगामी दशकभर पर्यटनको साहित्यिक दृष्टिकोण, लक्ष्य, रणनीति र प्राथमिकता क्षेत्रहरू उल्लेख गरेको छ। यो गुरुयोजना प्रदेशको पर्यटन विकास नीतिको व्यवहारिक कार्ययोजनाको रूपमा लिइएको छ।

### ५.५.२ विद्यमान अवस्था

पर्यटनसम्बन्धी विषय तीनै तहका सरकारको अधिकार क्षेत्रभित्र रहेको छ। नेपाल सरकारले तर्जुमा गरेको षर्यटन नीति, २०८२ ले सङ्घ, प्रदेश र स्थानीय तहका नीति कानून तथा योजनाहरूमा पर्यटन क्षेत्रलाई प्राथमिकता दिने र पर्यटन क्षेत्रमा उत्पादकत्व बढाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने र स्थानीय कला, संस्कृति र साहित्यको जगेर्ना गर्न प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्ने जस्ता रणनीतिहरू लिएको छ। सुदूरपश्चिम प्रदेश पर्यटनका दृष्टिले अझै अपरिचित तर अत्यन्त सम्भावनायुक्त क्षेत्र हो। यहाँ प्राकृतिक, धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनका धेरै आयामहरू एकै ठाउँमा भेटिन्छन्। धार्मिक तथा आध्यात्मिक पर्यटनका लागि खप्तड बाबाको आश्रमलाई ध्यान, योग र आध्यात्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न सकिने, त्रिपूरा सुन्दरी, निङगलाशयनी, डिलाशयनी, मेलौली, उग्रतारा, शैलेश्वरी, वडिमालिका भगवति मन्दिर, बैजनाथ, सिद्धनाथ मन्दिर, शुक्लाफाँटा क्षेत्रका धार्मिक स्थलहरूको प्रबर्द्धन गर्न सकिने र धार्मिक पदयात्रा र वार्षिक धार्मिक मेलालाई व्यवस्थित गरी पर्यटनसँग जोड्न सकिने अवसरहरू प्रशस्त रहेका छन्। यसै गरी साहसिक पर्यटन विकासका लागि अपी-नाम्पा, सैपाल क्षेत्रमा ट्रेकिङ, हिमाल आरोहण र क्याम्पिङ पर्यटन विकास गर्ने सम्भावना रहेको छ। महाकाली र सेती नदीमा ऱ्याफ्टिङ, कायाकिङ र साहसिक खेल प्रबर्द्धन गर्ने अवसर छ भने ग्रामीण तथा दुर्गम भू-भागमा पदयात्रा, होमस्टे र साहसिक अनुभवमा आधारित पर्यटन विस्तार गर्ने सम्भावना यस प्रदेशमा रहेको छ। यसका अतिरिक्त देउडा गीत-नृत्य, स्थानीय भाषा, भेषभूषा र परम्परागत जीवनशैलीलाई सांस्कृतिक पर्यटनसँग जोड्ने तथा थारू, डोटेली,

बैतडेली र अछामी संस्कृति, जात्रा, पर्व, मेला र स्थानीय खानालाई पर्यटन उत्पादनका रूपमा विकास गर्ने सम्भावना प्रवल रहेको छ। यसरी नै इको पर्यटन तथा दिगो पर्यटनका रूपमा वन, वन्यजन्तु र जैविक विविधता संरक्षणसँग जोडिएको इको-पर्यटन प्रबर्द्धन, कम कार्बन, वातावरणमैत्री र स्थानीय स्रोतमा आधारित पर्यटन मोडल विकास गर्ने र संरक्षण र जीविकोपार्जनलाई सँगसँगै अघि बढाई दिगो पर्यटन विकास गर्न सकिने सम्भावना पनि यहाँ देखिन्छ। साथै, गाउँमा आधारित होमस्टे कार्यक्रम विस्तार गरी स्थानीय रोजगारी र आय सिर्जना गर्ने, कृषि, पशुपालन र परम्परागत जीवनशैली अनुभव गराउने "अनुभवात्मक पर्यटन" विकास गर्न महिला, युवा र सीमान्तकृत समुदायको सहभागितामा समावेशी पर्यटन विकास गर्न सकिन्छ। पर्यटनका मुख्य गन्तव्य स्थलहरू खप्तड, वडीमालीका, रामारोशन, बैधनाथ धाम, शैलेश्वरी, सुर्मादिवि, उग्रतारा, चिसापानी, राजकाँडा, शुक्लाफाँटा, बतासे झरना, परशुराम धाम, घोडाघोडी, बेहडाबाबा, भम्केनी धाम, अजयमेरु कोट, महाभारत लेक, टिकापुर पार्क, भागेश्वर धाम, अपि हिमाल, सैपाल हिमाल, जालपादेवी, मालिकार्जुन धाम, मेलौली, त्रिपूरासुन्दरीलगायत पर्यटकीय सम्भावना भएका क्षेत्रहरूमा पर्यटन पूर्वाधारको विकास, विस्तार र प्रबर्द्धन गरी पर्यटन क्षेत्रको विकास गर्न जरुरी छ।

यस प्रदेशमा पर्यटनसम्बन्धी केही नीतिगत व्यवस्थाहरू भएका छन्। जस अन्तरगत सुदूरपश्चिम प्रदेश पर्यटन ऐन, २०७७, खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७५, बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७, बैद्यनाथ क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७, रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७६ आदि रहेका छन। मन्त्रालय मातहत पर्यटन क्षेत्रको विकाससम्बन्धी कार्य गर्ने गरी प्रदेश पर्यटन विकास कार्यक्रम कार्यान्वयन ईकाइ रहेको छ।

पर्यटन पूर्वाधार अन्तरगत खप्तड र बडिमालिकामा पर्यटकीय पदमार्ग निर्माणको क्रममा रहेको, अपि वेसक्याम्पमा आवास गृह निर्माण भएको, डडेलधुरादेखि खप्तड त्रिवेणीधामसम्म अन्तर्राष्ट्रियस्तरको साइकल यात्रा कार्यक्रम सञ्चालन भएको, कैलाली जिल्लाको घोडाघोडी नगरपालिकामा अवस्थित चिडियाताल वरिपरि पदमार्ग निर्माण तथा ताल संरक्षणका कार्यक्रमहरू भएका छन्।

यस प्रदेशको पर्यटन विकासका क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला तथा कार्यान्वयनकर्ता निकायहरूमा नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) सुदूरपश्चिम क्षेत्रीय सङ्घ, पर्यटन विकास समाज, डडेलधुरा, बैतडी, डोटी र अछाम जिल्लाका व्यावसायिक होटल सङ्घहरू, चार जिल्लाका उद्योग वाणिज्य सङ्घ (चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज), पश्चिम नेपाल पर्यटन गठबन्धन र रामारोशन पर्यटन विकास तथा व्यवस्थापन समिति आदि रहेका छन।

### ५.५.३ मुख्य सवाल तथा चुनौती

१. **पर्यटन सम्पदाको पहिचान, संरक्षण र व्यवस्थापनः** पर्यटन सम्पदाको व्यवस्थित सूचीकरण गर्नु, संरक्षण योजना र एकीकृत व्यवस्थापन संरचनाको विकास गर्नु, स्थानीय तहमा आवश्यक प्राविधिक क्षमता र स्रोत साधनको व्यवस्थापन गर्नु।

२. **प्रदेशलाई सुरक्षित, आकर्षक र प्रतिस्पर्धी पर्यटकीय गन्तव्यको पहिचानः** पर्यटन क्षेत्रको ब्रान्डिङ, प्रचार-प्रसार र बजार व्यवस्थापन गर्नु, सुदूरपश्चिमको पर्यटन छवि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रभावकारी रूपमा स्थापित गराउनु।

३. **पर्यटन उत्पादनको विविधीकरण र दिगो विकासः** पर्यटन उत्पादन बढाउनु, नवप्रवर्तन र नयाँ गन्तव्य विकासमा लगानी तथा प्राविधिक सहयोग जुटाउनु, स्थानीय सरोकारवालाहरूको सहकार्यलाई प्रोत्साहन गर्नु।

४. **पर्यटन पूर्वाधार र पहुँच विस्तारः** पहुँच मार्ग, यातायात, आवास, सूचना केन्द्र, सरसफाइ तथा सुरक्षा जस्ता आधारभूत पर्यटन पूर्वाधार निर्माण गर्नु।

५. **स्थानीय समुदायको सहभागिता र लाभांश वितरणः** स्थानीय समुदाय, विशेषगरी महिला, युवा, दलित तथा सीमान्तकृत समुहको सहभागिता बढाउनु, पर्यटन क्षेत्रको लाभ न्यायोचित रूपमा वितरण गर्नु।

६. **वातावरणीय र सांस्कृतिक सन्तुलनः** पर्यटन गतिविधिका सम्भावित नकारात्मक वातावरणीय प्रभाव न्यूनीकरण गर्नु, सांस्कृतिक क्षयीकरण र जलवायु परिवर्तनका जोखिम व्यवस्थापनका लागि स्पष्ट मापदण्ड लागू गर्नु र कार्यान्वयन क्षमता बढाउनु।

७. **बहुपक्षीय सहकार्य र साझेदारीः** सार्वजनिक-निजी-समुदाय साझेदारीको स्पष्ट ढाँचा, समन्वय संयन्त्र बनाउनु, एक आपसमा आपसी विश्वास बढाउनु, तीन तहको सरकार, निजी क्षेत्र, समुदाय र गैरसरकारी क्षेत्रबीच सहकार्य गर्नु।

८. **नीति, संस्थागत क्षमता र जनशक्ति विकासः** पर्यटनसम्बन्धी नीति, कानून र संस्थागत संरचना कार्यान्वयनमुखी बनाउनु, दक्ष मानव स्रोतको व्यवस्थापन गर्नु, पर्यटन गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्नु।

### ५.५.४ उद्देश्य

१. प्रदेशलाई सुरक्षित तथा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु।
२. पर्यटन विकासमा सीमान्तकृत समुदायको समावेशी सहभागिता र लाभको न्यायोचित बाँडफाँट सुनिश्चित गर्नु।
३. निजी क्षेत्र र स्थानीय समुदायको सहकार्यमा वातावरणीय तथा सांस्कृतिक सम्पदामैत्री पर्यटन पूर्वाधारको विकास गर्नु।
४. दिगो पर्यटन विकासका लागि नीति, संस्थागत संरचना र दक्ष जनशक्ति सुदृढ गर्नु।

### ५.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशलाई सुरक्षित तथा आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नु ।** | |
| १ पर्यटकीय सम्पदाको समग्र पहिचान, वर्गीकरण र प्राथमिकता निर्धारण गर्दै संरक्षण र प्रबर्द्धनलाई एकीकृत रूपमा अघि बढाउने। | १.१ प्रदेशभरका पर्यटकीय सम्पदाको सूचीकरण, नक्साङ्कन र डिजिटल अभिलेख तयार गरिनेछ।<br>१.२ उच्च सम्भावना भएका पर्यटकीय गन्तव्यको संरक्षण, पुनःस्थापना र व्यवस्थापन मापदण्ड लागू गरिनेछ।<br>१.३ सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाको संरक्षणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनेछ।<br>१.४ पर्यटकीय गन्तव्यको ब्रान्डिङ, प्रचार-प्रसार र सूचना सामग्री विकास गरिनेछ।<br>१.५ सङ्घ, प्रदेश, स्थानीय तह र निजीक्षेत्रको समन्वय र सहभागितामा पर्यटन महोत्सवको आयोजना गरिनेछ।<br>१.६ खप्तड क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरको गल्फखेल, स्केटिङ्गको सम्भावना अध्ययनका साथै योग र ध्यानशालाका रूपमा विकास गरी पर्यटन प्रबर्द्धन गरिनेछ।<br>१.७ डडेल्धुराको जोगबुढा क्षेत्रमा अवस्थित धार्मिक स्थल महाकाली नदी नजिक रहेको पर्शुरामधामको प्रबर्द्धनलाई प्राथमिकता दिइनेछ।<br>१.८ बाजुरामा अवस्थित विश्वकै सबैभन्दा अग्लो उचाइमा रहेको बुढीनन्दा काललाई अन्तर्राष्ट्रिय सम्पदा सूचीमा राख्न सङ्घ सरकारसँग पहल गरिनेछ। |
| **उद्देश्य २ : पर्यटन विकासमा सीमान्तकृत समुदायको समावेशी सहभागिता र लाभको न्यायोचित बाँडफाँट सुनिश्चित गर्नु ।** | |
| १. पर्यटनमा आधारित रोजगारीको प्रबर्द्धन गर्ने। | १.१ होमस्टे, सामुदायिक पर्यटन र स्थानीय उद्यम प्रबर्द्धन गरिनेछ।<br>१.२ खेल र स्वास्थ्य पर्यटनको सम्भाव्यता अध्ययन गरी प्रबर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ पहाडमा रिसोर्ट तथा यातायात र सञ्चार सुविधाको प्रभावकारी व्यवस्थापन गरी छिमेकी देशबाट पर्यटक आकर्षित गर्ने वातावरण सिर्जना गरिनेछ।<br>१.४ महिला, युवा, दलित तथा सीमान्तकृत समुदायलाई लक्षित सीप विकास र उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ स्थानीय उत्पादन, हस्तकला, स्थानीय जीवनशैली तथा पर्यटन गतिविधिलाई जोड्दै कृषि पर्यटन प्रबर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.६ पर्यटनबाट प्राप्त लाभको स्थानीय स्तरमा न्यायोचित बाँडफाँटको व्यवस्था गरिनेछ।<br>१.७ पर्यटकीय स्थलहरूमा प्रदेशमा उत्पादित बस्तुलाई प्याकेजिङ्ग गरी सहकारी र निजी क्षेत्रको सहकार्यमा "कोसेली घर" सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।<br>१.८ हस्तकला उद्योगलाई प्रबर्द्धन गरी ग्रामीण पर्यटनलाई प्रबर्द्धन गरिनेछ।<br>१.९ पर्यटन स्टार्टअप तथा नवप्रवर्तन व्यवसायलाई प्रोत्साहन गरिनेछ। |
| **उद्देश्य ३ : निजी क्षेत्र र स्थानीय समुदायको सहकार्यमा वातावरणीय तथा सांस्कृतिक सम्पदामैत्री पर्यटन पूर्वाधारको विकास गर्नु ।** | |
| १. सार्वजनिक-निजी-सामुदायिक साझेदारीमार्फत दिगो र समावेशी पर्यटन पूर्वाधार विकास गर्ने। | १.१ पर्यटकीय स्थलसम्म पहुँच मार्ग, सूचना केन्द्र, विश्रामस्थल र आधारभूत सेवा विकास गरिनेछ।<br>१.२ निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन नीति र सहजीकरण व्यवस्था गरिनेछ।<br>१.३ वातावरणीय तथा सांस्कृतिक प्रभाव न्यूनीकरण मापदण्ड लागू गरिनेछ।<br>१.४ स्थानीय तहसँग समन्वय गरी पूर्वाधारको सञ्चालन र मर्मत व्यवस्था सुदृढ गरिनेछ।<br>१.५ सुदूरपश्चिम प्रदेश लगानी तथा विकास सम्मेलन आयोजना गरी लगानी प्रबर्द्धनको वातावरण सिर्जना गरिनेछ।<br>१.६ धार्मिक, प्राकृतिक र पूरातात्त्विक सम्पदाको परिपथ (पर्यटन सर्किट), द ग्रेट हिमालयन ट्रेल (कञ्चनजङ्गादेखि दार्चुलासम्म) को निर्माण गर्न सम्भाव्यता अध्ययन तथा समन्वय गरिनेछ।<br>१.७ खप्तड, बडिमालिका, दार्चुला मालिकार्जुन शिखर, सिगासधाम, रामारोशनलगायतका महत्त्वपूर्ण पर्यटकीय स्थलहरूमा केवुलकार स्थापनाका लागि निजी क्षेत्रको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।<br>१.८ खप्तड, बडिमालिका, मालिकार्जुनलाई धार्मिक तथा पर्यटकीय स्थलका रूपमा विकास गरिनेछ।<br>१.९ राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्यापर्यटनको विकास गरी स्थानीय बासिन्दालाई व्यवसाय गर्न सहुलियत उपलब्ध (पार्क पिपुल रिलेसन) गराइनेछ।<br>१.१० खप्तडलगायत पर्यटकीय क्षेत्रहरूमा वातावरणमैत्री सवारी साधन (विद्युतीय सवारी साधन) सञ्चालनको व्यवस्था गरिनेछ।<br>१.११ पर्यटन मूल्य श्रृङ्खला विकासमा आधारित एक स्थानीय तह एक नयाँ पर्यटकीय गन्तव्य पहिचान गरी पूर्वाधार विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ४ : दिगो पर्यटन विकासका लागि नीति, संस्थागत संरचना र दक्ष जनशक्ति सुदृढ गर्नु ।** | |
| १. पर्यटन शासन प्रणाली, संस्थागत क्षमता र मानव स्रोत विकासमा जोड दिने। | १.१ प्रदेशस्तरीय पर्यटन नीति, नियमावली र कार्यविधि तर्जुमा तथा कार्यान्वयन गरिनेछ।<br>१.२ पर्यटन ऐनलाई समसामयिक, व्यावसायिक र पर्यटनमैत्री बनाउन सरोकारवालाहरूसमेतको परामर्शमा आवश्यक संशोधन गरिनेछ।<br>१.३ पर्यटनसम्बन्धी निकाय र संयन्त्रबीच समन्वय र कार्यक्षमता अभिवृद्धि गरिनेछ।<br>१.४ सङ्घीय सरकारसँग समन्वय गरी पर्यटन तालिम केन्द्रको शाखाको रूपमा प्रदेशमा होटल तथा पर्यटन तालिम केन्द्रको शाखा स्थापना गरी दक्ष जनशक्ति उत्पादनका साथै युवाहरूका लागि रोजगारीका अवसर सिर्जना गरिनेछ।<br>१.५ पर्यटन व्यवसायी, कर्मचारी र स्थानीय जनशक्तिका लागि तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.६ अनुगमन, मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गरिनेछ।<br>१.७ प्रादेशिक पर्यटन बोर्ड स्थापनाका लागि आवश्यक कानूनी व्यवस्था मिलाइनेछ।<br>१.८ पर्यटन डिजिटल पोर्टल सञ्चालन गरिनेछ।<br>१.९ देवाटन धार्मिक पर्यटन र पर्या-पर्यटनको लागी पर्यटन सर्किटको सम्भाव्यता अध्ययन गरिनेछ।<br>१.१० पर्यटनसम्बन्धी सेवा प्रवाह गर्नका लागि स्थायी संस्थागत संरचनाको स्थापना गरी सञ्चालनमा ल्याइनेछ।<br>१.११ नेपाल सरकारसँगको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्य वरिपरिका क्षेत्रहरूलाई स्याटेलाइट पर्यटन गन्तव्यका रूपमा विकास गरिनेछ। |
| २. आरोग्य पर्यटन प्रबर्द्धन गर्ने। | २.१ योग, ध्यान, आयुर्वेद तथा प्राकृतिक उपचारमा आधारित आरोग्य पर्यटन प्रबर्द्धन गरी पर्यटन गतिविधिलाई अभिवृद्धि गरिनेछ।<br>२.२ उपलब्ध प्राकृतिक चिकित्सा, आयुर्वेद, योग, र ध्यान जस्ता सेवाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विकास गरिनेछ।<br>२.३ विश्व आरोग्य दिवस मनाउन स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय गरी जनचेतना तथा स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। |

### ५.५.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेशस्तरीय पर्यटकीय सम्पदा पहिचान, सूचीकरण तथा नक्साङ्कन,

२. प्राकृतिक, सांस्कृतिक, धार्मिक, खेल तथा ऐतिहासिक सम्पदा संरक्षण तथा पुनःस्थापना,

३. पर्यटकीय गन्तव्य व्यवस्थापन तथा मापदण्ड कार्यान्वयन,

४. पर्यटन ब्रान्डिङ, प्रचार-प्रसार तथा सूचना विकास,
५. डिजिटल पर्यटन सूचना प्रणाली (वेबसाइट, एप, डिजिटल कन्टेन्ट) विकास,
६. प्राकृतिक, धार्मिक, साहसिक, वन्यजन्तु, जलचर तथा समुदायमा आधारित पर्यटन उत्पादन विकास,
७. नयाँ पर्यटकीय गन्तव्य, ट्रेल र सर्किट पहिचान तथा विकास,
८. वातावरणमैत्री र जलवायु अनुकूल पर्यटन अभ्यास प्रबर्द्धन,
९. होमस्टे तथा सामुदायिक पर्यटन प्रबर्द्धन,
१०. महिला, युवा, दलित तथा सीमान्तकृत समुदाय लक्षित पर्यटन सीप विकास,
११. स्थानीय उत्पादन, हस्तकला तथा परम्परागत सेवाको पर्यटनसँग एकीकरण,
१२. पर्यटकीय स्थलसम्म पहुँच मार्ग तथा आधारभूत पूर्वाधार विकास,
१३. पर्यटक सूचना केन्द्र, विश्रामस्थल र सेवा सुविधा विस्तार,
१४. सार्वजनिक-निजी-सामुदायिक साझेदारीमार्फत पर्यटन पूर्वाधार विकास,
१५. प्रदेशस्तरीय पर्यटन नीति, नियमावली तथा निर्देशिका तर्जुमा,
१६. पर्यटनसम्बन्धी संस्थागत संरचना र समन्वय संयन्त्र सुदृढीकरण,
१७. पर्यटन सुशासन, सेवा मापदण्ड तथा नियमन सुदृढीकरण,
१८. पर्यटन व्यवसायी, होटल, गाइड र स्थानीय जनशक्तिका लागि तालिम,
१९. स्थानीय तहका कर्मचारी तथा सरोकारवालाको क्षमता विकास,
२०. पर्यटन कार्यक्रमको परिणाममा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास,
२१. पर्यटन तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन,
२२. पर्यटकीय मेला महोत्सव सञ्चालन,
२३. खेल पर्यटन प्रबर्द्धन,
२४. विश्व आरोग्य दिवस र आरोग्य पर्यटन प्रबर्द्धन,
२५. राम्रो/उत्कृष्ट अभ्यास सङ्कलन र विस्तार।

## ५.६ उद्योग

### ५.६.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको आर्थिक संरचना मुख्यतया कृषि र सेवा क्षेत्रमा आधारित रहेको छ भने उद्योग क्षेत्रको योगदान तुलनात्मक रूपमा न्यून रहेको छ। प्रदेशको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको हिस्सा सीमित भए पनि रोजगारी सिर्जना, स्थानीय स्रोतसाधनको उपयोग, मूल्य अभिवृद्धि तथा गरिबी न्यूनीकरणमा उद्योग क्षेत्रको सम्भावना उल्लेखनीय रहेको छ। सङ्घीय संरचनाको कार्यान्वयनपछि प्रदेश सरकारले उद्योग विकासलाई आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा अघि बढाउने अवसर प्राप्त गरेको छ।प्रदेशमा हाल घरेलु, लघु, साना तथा केही मध्यमस्तरका उद्योगहरू सञ्चालनमा रहेका छन्। यस्ता उद्योगहरू मुख्यतया कृषि तथा वनजन्य उत्पादनमा आधारित प्रशोधन उद्योग, हस्तकला तथा परम्परागत सीपमा आधारित घरेलु उद्योग, निर्माण सामग्री उत्पादन, दुग्ध तथा खाद्य प्रशोधन, जडीबुटी र पर्यटनसँग सम्बन्धित सेवामूलक उद्योगमा केन्द्रित छन्। यद्यपि उद्योगहरूको भौगोलिक वितरण असन्तुलित रहेको र अधिकांश उद्योगहरू सहरी तथा पहुँचयुक्त क्षेत्रमा सीमित रहेको अवस्था देखिन्छ।

सुदूरपश्चिम प्रदेश प्राकृतिक स्रोतसाधनले समृद्ध छ। कृषि उत्पादन, वनजन्य स्रोत, जडीबुटी, जलस्रोत, श्रमशक्ति तथा सीमावर्ती बजारको पहुँच प्रदेशका महत्त्वपूर्ण सम्भावना हुन्। भारतसँगको खुला सिमाना र अन्तरप्रदेश व्यापारको सम्भावनाले यहाँ उत्पादित वस्तुहरूको बजार विस्तार गर्न सकिने अवस्था छ। तर यी सम्भावनाको प्रभावकारी उपयोगका लागि आवश्यक पूर्वाधार, प्रविधि, लगानी र बजार संयन्त्र अझै सुदृढ हुन सकेको छैन।

उद्योग विकासका लागि आवश्यक पूर्वाधार जस्तैः औद्योगिक क्षेत्र, औद्योगिक ग्राम, ऊर्जा, सडक, ढुवानी, सञ्चार तथा पानीको पहुँच पर्याप्त रूपमा विस्तार हुन नसकेको अवस्था छ। वित्तीय संस्थामा पहुँच सीमित हुनु, कर्जा प्राप्तिमा कठिनाइ, आधुनिक प्रविधि तथा सीपको अभावले उद्योग क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको छ। साथै भौगोलिक विकटता, उच्च उत्पादन लागत, आपूर्ति श्रृङ्खलाको कमजोरी र बजार सुनिश्चितताको अभाव उद्योग सञ्चालनका प्रमुख चुनौतीका रूपमा देखिएका छन्।

नीतिगत तथा संस्थागत दृष्टिले सङ्घीय, प्रादेशिक र स्थानीय तहमा उद्योगसम्बन्धी ऐन, नीति तथा कार्यक्रमहरू तर्जुमा भएका छन्। प्रदेश सरकारले उद्योग दर्ता, सहजीकरण, प्रबर्द्धन तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिँदै आएको छ। तथापि नीतिको प्रभावकारी कार्यान्वयन, संस्थागत समन्वय तथा सेवा प्रवाहको क्षमता अभिवृद्धि अझै चुनौतीपूर्ण रहेको छ।

विगतका योजना तथा कार्यक्रमबाट उद्योग प्रबर्द्धनका केही सकारात्मक प्रयासहरू भए तापनि अपेक्षित परिणाम हासिल हुन सकेका छैनन्। यसबाट प्राप्त सिकाइका आधारमा आगामी दोस्रो पञ्चवर्षीय योजनामा स्थानीय स्रोतमा आधारित, रोजगारमूलक, समावेशी, वातावरणमैत्री तथा दिगो उद्योग विकासलाई केन्द्रमा राख्नु आवश्यक देखिन्छ। महिला, युवा, दलित, पिछडिएका तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय उत्पादन र स्थानीय बजार प्रबर्द्धनमार्फत प्रदेशको आर्थिक रूपान्तरणमा उद्योग क्षेत्रलाई प्रभावकारी ढंगले परिचालन गर्नु आजको आवश्यकता रहेको छ।

### ५.६.२ विद्यमान अवस्था

प्रदेशको अर्थतन्त्रको महत्त्वपूर्ण मेरुदण्डका रूपमा उद्योगलाई लिन सकिन्छ। नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रबर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने, उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रबर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई विकासमा उपयोग गर्ने नीति लिएको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ ले उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा उद्योगलाई ऊर्जामूलक, उत्पादनमूलक, कृषि तथा वन पैदावारमा आधारित, खनिज, पूर्वाधार, पर्यटन, सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसार प्रविधिमा आधारित र सेवामूलकका रूपमा वर्गीकरण गरेको छ। उक्त ऐनले सुदूरपश्चिम प्रदेशका दार्चुला, बझाङ्ग, अछाम, बैतडी, बाजुरा र डोटी जिल्लाहरूलाई अति अविकसित क्षेत्र, डडेलधुरा जिल्लालाई अविकसित र कञ्चनपुर र कैलाली जिल्लालाई कम विकसित क्षेत्रका रूपमा पहिचान गरेको छ। मन्त्रालय मातहत उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय रहेको छ। जस अन्तरगत ९ वटा घरेलु तथा साना उद्योग

कार्यालयहरू रहेका छन् तर कैलाली र कञ्चनपुर बाहेक पहाडी ७ जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरू अस्थायी कार्यालयको रूपमा रहनुका साथै जनशक्तिसमेत पर्याप्त आपूर्ति नहुँदा उद्योग तथा वाणिज्यसम्बन्धी कार्यलाई प्रभावकारी तथा नतिजामूखी बनाउन कठिन भएको छ ।

प्रदेश सरकारले यस क्षेत्रको विकासका लागि विभिन्न किसिमका कानूनी व्यवस्था गरेको छ। जस अन्तरगत सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५, साझेदारी व्यवसाय ऐन, २०७६, निजी व्यवसाय ऐन, २०७६, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६, सुदूरपश्चिम प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६ आदि रहेका छन्।

यस प्रदेशमा उद्योगहरूको संरचनालाई हेर्दा कृषि तथा वनजन्य उद्योगहरूको बाहुल्य रहेको देखिन्छ। उद्योगको प्रकृतिअनुसार प्रदेशमा कृषि तथा वनजन्य उद्योगका अतिरिक्त उत्पादनमूलक, ऊर्जामूलक, पर्यटनमूलक, खनिजजन्य, सेवामूलक, पूर्वाधार तथा सूचना र प्रविधिसँग सम्बन्धित उद्योगहरू दर्ता हुँदै आएका छन्। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशमा कुल २ हजार ४ सय १३ उद्योग दर्ता भएका थिए। तीमध्ये सबैभन्दा बढी १ हजार २ सय ५५ कृषि तथा पशुजन्य उद्योग र ८०१ सेवामूलक उद्योग दर्ता भएका थिए। सो अवधिमा ऊर्जाजन्य तथा खनिजजन्य प्रकृतिका कुनै पनि उद्योग दर्ता भएनन्।

यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा कुल १ हजार ९ सय ६४ उद्योग दर्ता भएका छन्। यस अवधिमा कृषि तथा वनजन्य उद्योगहरूको सङ्ख्या सबैभन्दा बढी (८९९) रहेको छ भने सेवामूलक ७१६ उद्योगहरू दर्ता भएका थिए। ऊर्जासँग सम्बन्धित कुनै पनि उद्योगहरू दर्ता भएनन् भने पर्यटनसँग सम्बन्धित ६४ उद्योगहरू दर्ता भए। तुलनात्मक रूपमा सबैभन्दा कम सूचना प्रविधिसँग सम्बन्धित केवल ६ उद्योग र पूर्वाधारसँग सम्बन्धित २२ उद्योग मात्र दर्ता भएका छन्, जसले आधुनिक तथा पूँजीप्रधान उद्योगहरूको उपस्थिति न्यून रहेको तथ्य उजागर गर्दछ।

लगानी तथा रोजगारीको दृष्टिले हेर्दा, आर्थिक वर्ष २०८०/८१ मा प्रदेशमा कुल रु. ३ अर्ब ९५ करोड ५९ लाख लगानी भएको थियो, जसबाट ७ हजार ६ सय ६९ जनाले रोजगारी प्राप्त गरेका थिए। त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ चैत्र मसान्तसम्म रु. २ अर्ब ६४ करोड ६१ लाख लगानी भई ५ हजार ७ सय ७७ जनालाई रोजगारी सिर्जना भएको देखिन्छ। यी तथ्याङ्कहरूले प्रदेशको उद्योग संरचना अझै पनि प्राथमिक उत्पादनमा आधारित रहेको तथा ऊर्जा, खनिज, सूचना प्रविधि र पूर्वाधारजस्ता उच्च मूल्य अभिवृद्धि गर्ने उद्योगहरूको विकासका लागि थप नीति, पूर्वाधार र लगानीमैत्री पहल आवश्यक रहेको स्पष्ट देखाउँछन्।

हाल सुदूरपश्चिम प्रदेशमा उद्योगसम्बन्धी कार्यालयहरू कैलाली र कञ्चनपुर जिल्लामा मात्र सीमित रहेका छन्, जसका कारण अन्य जिल्लामा उद्योग विकास, सहजीकरण तथा प्रबर्द्धनसम्बन्धी सेवा प्रभावकारी रूपमा विस्तार हुन सकेको छैन। यस अवस्थालाई सुधार गर्न उद्योग विकास समितिलाई संस्थागत रूपमा सुदृढ गरी कार्यालयको रूपमा रूपान्तरण गर्दै उद्योग क्षेत्रको समग्र विकासमा सक्रिय भूमिका निर्वाह गराउनु आवश्यक देखिन्छ। प्रदेशमा उपलब्ध वन स्रोत, कच्चा पदार्थ तथा भौगोलिक विशेषताका आधारमा वनमा

आधारित ठूला उद्योग सञ्चालन गर्ने प्रवल सम्भावना रहेको छ। यस्ता उद्योगहरूको विकासका लागि निजी क्षेत्रसँगको सहकार्य (सार्वजनिक-निजी साझेदारी) मार्फत लगानी, प्रविधि तथा बजार पहुँच विस्तार गर्न सकिने अवस्था छ। यसका साथै, उद्योग क्षेत्रमै समर्पित दक्ष जनशक्ति तथा प्राविधिक कर्मचारीहरूको व्यवस्था गरी नीतिगत सहजीकरण, लगानी प्रबर्द्धन र उद्योग सञ्चालनमा आवश्यक सेवा प्रदान गर्न सकेमा प्रदेशमा ठूला तथा मध्यमस्तरका उद्योगहरूको स्थापना र सञ्चालन सम्भव देखिन्छ। यसबाट प्रदेशभर रोजगारीका अवसरहरू सिर्जना भई आयआर्जनमा वृद्धि, औद्योगिक उत्पादनको विस्तार तथा समग्र आर्थिक विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ।

राष्ट्रिय आर्थिक गणना २०१८ (सन्) अनुसार, सुदूरपश्चिम प्रदेशमा उर्जा तथा वातावरणसम्बन्धी उद्योग अन्तरगत ११६ वटा खनिज तथा खानी उद्योग सञ्चालनमा छन्, जुन नेपालको कुल सङ्ख्या को १७.५ प्रतिशत हो। त्यस्तै, विद्युत्, ग्यास, बाफ/वाष्प तथा वातानुकूलन सेवासम्बन्धी उद्योगको सङ्ख्या १९५ रहेको छ, जसले नेपालभरको कुल उद्योगको १५.७ प्रतिशत प्रतिनिधित्व गर्छ। यसैगरी, खानेपानी आपूर्ति, ढल व्यवस्थापन, फोहोरमैला व्यवस्थापन र पुनःप्राकृतिकरण सेवासम्बन्धी उद्योगको सङ्ख्या ८६ रहेको छ, जुन देशमा रहेको कुल उद्योगहरूको तुलनामा ३.४ प्रतिशत हो। यी तथ्याङ्कहरूले प्रदेशमा उर्जा, वातावरण र जल व्यवस्थापनसँग सम्बन्धित उद्योगको सापेक्षित उपस्थिती र योगदान स्पष्ट देखाउँछन्।

उत्पादनमूलक उद्योगमा मुख्यतया पहिरन (लुगाफाटा) सामग्री, खाद्यान्न, फर्निचर, धातु प्रशोधित उत्पादन, अन्य उत्पादन तथा विविध उद्योगहरू पर्दछन्। यस प्रदेशमा सञ्चालनमा रहेका कुल उत्पादनमूलक उद्योगहरूमध्ये, खाद्यान्न उद्योगको हिस्सा ३०.९ प्रतिशत, पहिरन तथा लुगाफाटासँग सम्बन्धित उद्योगको हिस्सा ३९.८ प्रतिशत, धातु प्रशोधित उत्पादन उद्योगको हिस्सा ११.९ प्रतिशत, फर्निचर उद्योगको हिस्सा ३.१ प्रतिशत, अन्य उद्योगको हिस्सा ७.९ प्रतिशत र विविध उद्योगको योगदान ६.४ प्रतिशत रहेको छ। यस प्रदेशमा सुर्तीजन्य उत्पादन, विद्युतीय सामग्री उत्पादन, कम्प्युटर, इलेक्ट्रिकल, अप्टिकसम्बन्धी र औषधि उत्पादनसम्बन्धी उद्योगहरू सञ्चालनमा छैनन्। यसैगरी यस प्रदेशमा १०० जनाभन्दा बढीलाई रोजगारी दिने उद्योगको सङ्ख्या ३३ रहेको छ भने सबैभन्दा बढी १ देखि २ जनासम्मलाई रोजगारी दिने उद्योगको सङ्ख्या ५ हजार ५ सय ५९ रहेको छ। यसैगरी ५० देखि ९९ जनासम्मलाई रोजगारी दिने उद्योगको सङ्ख्या २५ रहेको छ।

## ५.६.३ मुख्य सवाल तथा चुनौती

१. **ठूला उद्योगको स्थापना र लगानी विस्तारः** पर्याप्त पूँजी, दीर्घकालीन वित्तीय स्रोत र लगानी सुरक्षा सुनिश्चित गर्नु, आवश्यक पूर्वाधार (ऊर्जा, सडक, जग्गा) समयमै उपलब्ध गराउनु र लगानीमैत्री नीतिगत स्पष्टता र स्थिरता कायम गर्नु।

२. **दक्ष कर्मचारीको व्यवस्थापनः** उद्योग क्षेत्रमै आवश्यक सीपयुक्त तथा प्राविधिक जनशक्ति उत्पादन गर्नु, दक्ष जनशक्तिलाई प्रदेशमै आकर्षित गरी टिकाइ राख्नु र तालिम, क्षमता विकास र करियर (पेशा/व्यवसाय) विकासका अवसर व्यवस्थित गर्नु।

३. **निजी क्षेत्रसँगको सहकार्यः** सार्वजनिक-निजी साझेदारीसम्बन्धी स्पष्ट नीति र कार्यविधि प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, निजी क्षेत्रको विश्वासमा दीर्घकालीन सहकार्य विकास गर्नु, जोखिम बाँडफाँट र लाभ साझेदारीको स्पष्ट मोडेल (ढाँचा) कार्यान्वयनमा ल्याउनु।

४. **प्रदेशको अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वृद्धिः** उद्योगक्षेत्रको उत्पादनशीलता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको मूल्य अभिवृद्धि गर्नु, उद्योग र बजारबीचको समन्वय सुदृढ गर्नु।

५. **काष्ठजन्य उद्योगको स्थापना र व्यवस्थापनः** वनस्रोतको दिगो व्यवस्थापन र कच्चा पदार्थको नियमित आपूर्ति सुनिश्चित गर्नु, वातावरणीय मापदण्ड र कानूनी प्रक्रिया सरल र स्पष्ट बनाउनु, आधुनिक प्रविधि र लगानी आकर्षित गर्नु।

६. **घरेलु, साना तथा मझौला उद्योग विकास र प्रबर्द्धनः** वित्तीय पहुँच, सहुलियत कर्जा र बीमा सुविधा विस्तार गर्नु, प्रविधि, बजार सूचना र व्यवसाय विकास सेवा पर्याप्त रूपमा उपलब्ध गराउनु, घरेलु तथा साना उद्योगलाई औपचारिक अर्थतन्त्रमा समावेश गर्नु।

७. **स्थानीय सीप, प्रविधि र पूँजीको समयानुकूल उपयोगः** स्थानीय सीप र परम्परागत ज्ञानलाई आधुनिक प्रविधिसँग जोड्नु, स्थानीय पूँजीलाई उत्पादनमूलक उद्योगतर्फ आकर्षित गर्नु र समयानुकूल प्रविधि अवलम्बन र नवप्रवर्तन प्रबर्द्धन गर्नु।

## ५.६.४ उद्देश्य

१. औद्योगिक विकासका लागि लगानीमैत्री वातावरण सुनिश्चित गर्नु।
२. स्थानीयस्तरमै दिगो रोजगारीका अवसरहरू सिर्जना गर्नु।
३. उद्योगहरूको स्थापना, प्रबर्द्धन तथा सञ्चालनको वातावरण बनाउनु।

## ५.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : औद्योगिक विकासका लागि लगानीमैत्री वातावरण सुनिश्चित गर्नु ।** | |
| १. औद्योगिक पूर्वाधारको योजनाबद्ध विकास र विस्तार गर्ने। | १.१ "एक पालिकाः एक औद्योगिक ग्राम", औद्योगिक क्षेत्र तथा प्रशोधन केन्द्र स्थापना र स्तरोन्नति गरिनेछ।<br>१.२ उद्योग सञ्चालनका लागि आवश्यक ऊर्जा, सडक, पानी र सञ्चार पूर्वाधारमा प्राथमिकताका साथ लगानी बढाइनेछ।<br>१.३ स्थानीयस्तरमा रहेका लघु तथा साना जलविद्युत/वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन र प्रबर्द्धन गरिनेछ।<br>१.४ नेपाल सरकारको समन्वयमा दैजीछेला औद्योगिक क्षेत्रमा उद्योगहरू स्थापना गर्न आवश्यक पूर्वतयारी जस्तैः छपान तथा कटान कार्य र जग्गा प्राप्ति गरिनेछ।<br>१.५ डुडेझारीमा औद्योगिक क्षेत्र स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.६ कञ्चनपुरको दैजीछेला र कैलालीको हरैया क्षेत्रलाई औद्योगिक करिडोर वा विशेष आर्थिक क्षेत्रका रूपमा सञ्चालन गरिनेछ।<br>१.७ दोधारा-चाँदनीको सुख्खाबन्दरगाह सञ्चालनमा ल्याउन सङ्घ सरकारसँग समन्वय गरिनेछ। |
| २. उद्योगसम्बन्धी नीतिगत, कानूनी तथा प्रक्रियागत सुधार गर्ने। | २.१ उद्योग दर्ता, नवीकरण, अनुमति र अनुगमन प्रक्रियालाई एकद्वार प्रणालीमार्फत सरल बनाइनेछ।<br>२.२ उद्योगसम्बन्धी प्रचलित ऐन, नियम तथा कार्यविधिको समीक्षा गरी समयानुकुल सुधार गरिनेछ।<br>२.३ प्रदेश उद्योग नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.४ युवा पुस्तालाई लक्षित गरी स्टार्टअप उद्यमलाई प्रबर्द्धन गर्न उद्यम सम्बर्द्धन केन्द्र (Business Incubation Center) को सञ्चालन गरिनेछ।<br>२.५ उद्योग तथा लगानी प्रबर्द्धन समितिलाई प्रभावकारी र क्रियाशील बनाई उद्योग प्रबर्द्धनलाई सवलीकरण गरिनेछ।<br>२.६ प्रदेश लगानी बोर्ड स्थापना गरी प्रदेश औद्योगिक तथा लगानी प्रबर्द्धन गरिनेछ।<br>२.७ जिल्ला उद्योग प्रबर्द्धन समन्वय समितिलाई प्रभावकारी र क्रियाशील बनाई स्थानीय तहमा उद्योग प्रबर्द्धन कार्यलाई सवलीकरण गरिनेछ। |
| ३. उद्योग प्रशासन र सेवा प्रवाहलाई सरल, छरितो र प्रभावकारी बनाउने। | ३.१ जिल्लास्तरमा उद्योगसम्बन्धी कार्य गर्न स्थायी संस्थागत संरचनाको स्थापना र सञ्चालन गरिनेछ।<br>३.२ उद्योग प्रशासनमा दक्ष तथा प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ। |
| **उद्देश्य २ : स्थानीयस्तरमै दिगो रोजगारीका अवसरहरू सिर्जना गर्नु ।** | |
| १. कृषि, वन तथा स्थानीय स्रोतमा आधारित उद्योगहरूको प्रबर्द्धन गर्ने। | १.१ कृषि, वन, जडीबुटी तथा पशुजन्य वस्तुमा आधारित प्रशोधन उद्योग स्थापना र विस्तारमा सहजीकरण गरिनेछ।<br>१.२ रोजिन टर्पेन्टाइन जस्ता स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने उद्योगलाई प्राथमिकता दिई प्रोत्साहन प्रदान गरिनेछ।<br>१.३ "गरौं उत्पादन, राखौं पहिचान" नारालाई सार्थक बनाउन स्थानीय सीप र प्रविधिको प्रयोगलाई जोड दिइनेछ।<br>१.४ उद्यमशीलता विकासका लागि आवश्यक क्षमता विकास प्रबर्द्धनमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित साना उद्योगहरूको स्थापना, सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ।<br>१.६ कृषि औद्योगिकीकरणका लागि आवश्यक पूर्वाधार विकासलाई जोड दिइनेछ। |
| २. लघु, घरेलु, साना तथा मध्यम उद्योगहरूको विकासका लागि सहजीकरण गर्ने। | २.१ उद्योग क्लस्टर र उत्पादनमा आधारित औद्योगिक ग्रामको विकासमा जोड दिइनेछ।<br>२.२ सहकारी र स्थानीय वित्तीय संस्थामार्फत उद्योगमा पूँजी परिचालनका लागि प्रोत्साहन गरिनेछ।<br>२.३ स्वरोजगार विकास कोषमार्फत गरिब, असहाय र सीमान्तकृत वर्गका लागि स्वरोजगार र उद्यमशीलतासम्बन्धी सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान कार्यलाई विस्तार गर्दै लगिनेछ।<br>२.४ दशरथ चन्द सीपमूलक एवम् क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिँदै लक्षित वर्गको आर्थिक एवम् सामाजिक विकासका क्षेत्रमा जोड दिइनेछ। |
| ३. मूल्य श्रृङ्खला विकासमार्फत स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता बढाउने। | ३.१ सीप विकास, प्रविधि हस्तान्तरण र उद्यमशीलता तालिम सञ्चालन गरिनेछ।<br>३.२ उद्योग क्लस्टर र औद्योगिक ग्राममार्फत स्थानीय रोजगारी विस्तार गरिनेछ।<br>३.३ उत्पादन, प्रशोधन, भण्डारण र बजारलाई जोड्ने मूल्य श्रृङ्खला विकास गरिनेछ।<br>३.४ जडिबुटीको पकेट क्षेत्र, प्रशोधन केन्द्र, अनुसन्धान र प्रमाणीकरण केन्द्र स्थापना गरी मूल्य श्रृङ्खला निर्माण गरिनेछ। |
| **उद्देश्य ३ : उद्योगहरूको स्थापना, प्रबर्द्धन तथा सञ्चालनको वातावरण बनाउनु ।** | |
| १. ठूला उद्योगहरू स्थापना गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने। | १.१ वन, कृषि, सूचना प्रविधि, उर्जा तथा जलविद्युत र पर्यटनसँग सम्बन्धित ठूला उद्योगहरूको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।<br>१.२ उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.३ प्रदेश लगानी तथा विकास सम्मेलन आयोजना गरी लगानी प्रबर्द्धनमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ गैरआवासीय नेपाली एवम् वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सीप, पूँजी र क्षमताको सदुपयोग गरी लगानी र उत्पादन विस्तारमा जोड दिइनेछ।<br>१.५ ठूला उद्योगहरूमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>१.६ उद्योग स्थापनाका लागि आवश्यक जग्गा, पूर्वाधार र कच्चा पदार्थको उपलब्धता सुनिश्चित गरिनेछ।<br>१.७ सञ्चालनमा रहेका उद्योगहरूको संरक्षण र सम्बर्धनमार्फत क्षमता अभिवृद्धि गर्न आवश्यक सहजीकरण गरिनेछ। |
| २. लगानी जोखिम न्यूनीकरण र प्रोत्साहन संयन्त्र विकास गर्ने। | २.१ कर छुट, सहुलियत कर्जा, विद्युत महसुल अनुदान र अन्य लगानी प्रोत्साहन प्याकेज लागू गरिनेछ।<br>२.२ संवाद संयन्त्र स्थापना गरी नियमित रूपमा निजी क्षेत्रसँग छलफल तथा अन्तरक्रिया गरिनेछ।<br>२.३ लगानी जोखिम न्यूनीकरणका लागि आवश्यक सहजीकरण र ग्यारेन्टी संयन्त्र विकास गरिनेछ। |

### ५.६.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. उद्योग क्षेत्रको विकाससम्बन्धी नीतिगत व्यवस्था,
२. औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास सहजीकरण,
३. उद्योग एकद्वार सेवा तथा नीतिगत सुधार,
४. उद्योग कार्यालय सुदृढीकरण तथा सेवा विस्तार,
५. औद्योगिक पूर्वाधार विकास,
६. कृषि तथा वनजन्य उद्योग प्रबर्द्धन,
७. स्थानीय स्रोतमा आधारित उद्योग क्लस्टर विकास,
८. उद्यमशीलता, सीप तथा प्रविधि विकास,
९. रोजगारी सिर्जनामूलक लघु तथा साना उद्योग प्रबर्द्धन एवम् परम्परागत उद्योगलाई आधुनिक उद्योगमा स्तरीकरण (घरेलु सेरामिक्स उद्योगलगायत)
१०. ठूला उद्योग लगानी प्रबर्द्धन,
११. निजी क्षेत्र साझेदारी तथा सहलगानी सहजीकरण,
१२. लगानी प्रोत्साहन तथा जोखिम न्यूनीकरण,
१३. स्टार्टअप उद्यम प्रबर्द्धन,
१४. होटल व्यवसाय प्रबर्द्धन।

## ५.७ वाणिज्य तथा आपूर्ति

### ५.७.१ पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहअस्तित्वमा आधारित समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेको छ। यस सन्दर्भमा वाणिज्य तथा आपूर्ति क्षेत्रले उत्पादन, वितरण र उपभोगलाई सन्तुलित बनाउँदै आर्थिक क्रियाकलापलाई गतिशील बनाउने महत्त्वपूर्ण भूमिका खेल्दछ। यसैगरी, संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने र गुणस्तरहीन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था रहेको छ।
सङ्घीय संरचना लागू भएपछि प्रदेश सरकारलाई आन्तरिक व्यापार, बजार अनुगमन, उपभोक्ता संरक्षण, उद्योग-वाणिज्य प्रबर्द्धन तथा अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापन जस्ता जिम्मेवारीहरू प्राप्त भएका छन्। सोही अनुरूप सुदूरपश्चिम प्रदेशले आफ्नो पहिलो आवधिक योजनामार्फत वाणिज्य तथा आपूर्ति क्षेत्रलाई आर्थिक रूपान्तरणको सहायक क्षेत्रका रूपमा लिएको थियो। अब दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको चरणमा प्रवेश गर्दा यस क्षेत्रलाई अझै सुदृढ, व्यवस्थित र प्रविधिमैत्री बनाउने आवश्यकता देखिएको छ।

सुदूरपश्चिम प्रदेश भौगोलिक दृष्टिले भारतसँग खुला सीमाना जोडिएको प्रदेश हो। भारतसँगको सीमावर्ती व्यापार, स्थानीय हाटबजार, कृषि उपजको अन्तरजिल्ला व्यापार, उपभोक्ता वस्तुको आयात तथा निर्माण सामग्रीको आपूर्ति प्रदेशको व्यापार संरचनाका प्रमुख आधार हुन्। तर प्रदेशमा उत्पादन आधार कमजोर हुँदा आयातमा आधारित उपभोग संरचना हावी छ, जसले व्यापार घाटा र मूल्य अस्थिरता बढाउने जोखिम सिर्जना गरेको छ।

त्यसैगरी, बजार व्यवस्थापन, गुणस्तर नियन्त्रण, नापतौल प्रणाली, भण्डारण क्षमता, शीतभण्डार, थोक बजार संरचना तथा डिजिटल व्यापार प्रणालीको अभावले व्यापार क्षेत्रलाई प्रतिस्पर्धी र व्यवस्थित बनाउन चुनौती देखिएको छ। त्यसैले आवधिक योजनाले वाणिज्य तथा आपूर्ति क्षेत्रलाई उत्पादन-वितरण-उपभोग चक्रसँग समन्वित गर्दै आर्थिक आत्मनिर्भरता र उपभोक्ता हित संरक्षणमा केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ।
सुदूरपश्चिम प्रदेशको वाणिज्य तथा आपूर्ति क्षेत्र हाल संक्रमणकालीन अवस्थामा रहेको छ। यसमा एकातिर परम्परागत खुद्रा व्यापार प्रणाली र आयात-निर्भर संरचना रहेको छ भने अर्कोतिर डिजिटल, व्यवस्थित र प्रतिस्पर्धी बजारतर्फ उन्मुख हुने सम्भावना पनि त्यत्तिकै रहेको छ। आवधिक योजनाले यस क्षेत्रलाई उत्पादनसँग जोडेर मूल्य-श्रृङ्खला विकास, गुणस्तर सुनिश्चितता, आपूर्ति श्रृङ्खला सुदृढीकरण, उपभोक्ता संरक्षण र सीमावर्ती व्यापार प्रबर्द्धनमा केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको छ।

### ५.७.२ विद्यमान अवस्था

गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण, हकको प्रचलनका लागि न्यायिक उपचारको व्यवस्था तथा उपभोक्तालाई हुन सक्ने हानि-नोक्सानी वापत क्षतिपूर्ति सुनिश्चित गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ लागू गरिएको छ।

प्रदेश सरकारको कार्यजिम्मेवारी नियमावली, २०८१ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सार्वजनिक सेवा, अत्यावश्यक सेवा तथा वस्तुको माग-आपूर्ति व्यवस्थापन र सूचना प्रणाली

सञ्चालन, मौज्दात व्यवस्थापन, उपभोक्ता हक अधिकार संरक्षण तथा उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता अदालतसम्बन्धी कार्य, मूल्य नियन्त्रण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, हानिकारक पदार्थको नियमन, मापदण्ड निर्धारण, वर्गीकरण, गुणस्तर परीक्षण तथा नियमन, साथै लक्षित वर्गका लागि वस्तु तथा सेवामा प्रादेशिक अनुदान तथा नियमनसम्बन्धी कार्यहरू गर्ने जिम्मेवारी प्रदान गरिएको छ।

सुदूरपश्चिम प्रदेशको वाणिज्य तथा आपूर्ति क्षेत्र हाल मिश्रित प्रकृतिको संरचनामा आधारित रहेको छ, जहाँ परम्परागत खुद्रा व्यापार प्रणाली, सीमित औपचारिक थोक संरचना र आयात-निर्भर उपभोग ढाँचाले प्रमुख स्थान ओगटेको छ। प्रदेशको आन्तरिक उत्पादन आधार अपेक्षाकृत कमजोर भएकाले दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, औद्योगिक कच्चा पदार्थ, पेट्रोलियम पदार्थ तथा औषधिजन्य सामग्रीको आपूर्ति बाह्य प्रदेश र भारतबाट हुने आयातमा निर्भर रहेको छ।यसले प्रदेशको व्यापार सन्तुलन, मूल्य स्थायित्व र आपूर्ति सुरक्षामा दीर्घकालीन प्रभाव पारिरहेको छ।

भारतसँग खुला सीमाना जोडिएको यस प्रदेशमा सीमावर्ती व्यापार आर्थिक गतिविधिको महत्त्वपूर्ण अङ्गका रूपमा विकसित भएको छ। गड्डाचौकी, झुलाघाटलगायतका नाकाहरूबाट वस्तु आवागमन हुने गरेको भए तापनि निर्यातको तुलनामा आयातको मात्रा उल्लेख्य रूपमा बढी रहेको देखिन्छ। स्थानीय उत्पादनको ब्राण्डिङ, गुणस्तर प्रमाणीकरण र बजार विस्तारको अभावका कारण प्रदेशका कृषि, जडीबुटी, वनजन्य तथा हस्तकला उत्पादनहरूले सम्भावित बजार अवसरको पूर्ण उपयोग गर्न सकेका छैनन्।

प्रदेशभित्र सञ्चालनमा रहेका हाटबजार, खुद्रा पसल तथा साना थोक व्यवसायहरूले स्थानीय अर्थतन्त्र चलायमान बनाइरहेका छन्।तथापि, व्यवस्थित थोक बजार, सङ्कलन केन्द्र, शीतभण्डार, गोदाम गृह तथा गुणस्तर परीक्षण प्रयोगशाला जस्ता आधारभूत पूर्वाधारहरूको कमीले आपूर्ति श्रृङ्खला प्रभावकारी र प्रतिस्पर्धी बन्न सकेको छैन। विशेषगरी पहाडी तथा दुर्गम जिल्लाहरूमा उच्च ढुवानी लागतका कारण वस्तुको मूल्य तुलनात्मक रूपमा महँगो पर्न गएको अवस्था छ।

अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापन मुख्यतः सङ्घीय संयन्त्रमार्फत सञ्चालन भइरहे पनि प्रदेशस्तरमा रणनीतिक भण्डारण र वैकल्पिक आपूर्ति संयन्त्रको विकास पर्याप्त रूपमा हुन सकेको छैन। विपद्, प्राकृतिक प्रकोप वा यातायात अवरोध जस्ता अवस्थाहरूमा आपूर्ति श्रृङ्खला प्रभावित हुने जोखिम उच्च देखिन्छ। यसले आपूर्ति व्यवस्थापनलाई अझ सुदृढ, विकेन्द्रीकृत र पूर्व तयारीयुक्त बनाउने आवश्यकता देखाएको छ।

बजार अनुगमन तथा उपभोक्ता संरक्षणका क्षेत्रमा कानूनी तथा संस्थागत संरचना विद्यमान रहे पनि जनशक्ति, प्राविधिक उपकरण र नियमित अनुगमन प्रणालीको अभावका कारण प्रभावकारिता अपेक्षित स्तरमा पुग्न सकेको छैन। कृत्रिम अभाव, म्याद गुज्रेका वस्तुको बिक्री, नापतौलमा असमानता तथा अस्वाभाविक मूल्य वृद्धि जस्ता समस्या समय-समयमा देखिने गरेका छन्। उपभोक्ता सचेतना कार्यक्रम सीमित दायरामा केन्द्रित हुँदा अधिकार उपयोग र गुनासो व्यवस्थापन प्रणाली पूर्ण रूपमा सुदृढ हुन सकेको छैन।

डिजिटल प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै गए पनि ई-कमर्स, डिजिटल भुक्तानी प्रणाली र अनलाइन व्यापारिक सञ्जाल ग्रामीण तथा दुर्गम क्षेत्रमा पर्याप्त रूपमा विस्तार हुन सकेको छैन। व्यापार दर्ता, नवीकरण, सूचना प्रणाली तथा तथ्याङ्क व्यवस्थापनमा समेत एकीकृत डिजिटल प्रणालीको आवश्यकता महसुस गरिएको छ। निजी क्षेत्र, उद्योग वाणिज्य सङ्घ, सहकारी संस्था तथा व्यावसायिक सङ्घसंस्थाहरू प्रदेशको व्यापार प्रबर्द्धनमा सक्रिय रहे पनि प्रदेशस्तरमा दीर्घकालीन रणनीतिक साझेदारी, निर्यात प्रबर्द्धन कार्यक्रम तथा मूल्य श्रृङ्खला विकासका समन्वित पहलहरू अझ सुदृढ हुनुपर्ने देखिन्छ। अन्तरप्रदेशीय व्यापार विस्तार र स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने क्षेत्रमा संरचनागत सुधारको आवश्यकता विद्यमान छ।

समग्रमा हेर्दा सुदूरपश्चिम प्रदेशको वाणिज्य तथा आपूर्ति क्षेत्र सम्भावना र चुनौती दुवैको संगममा रहेको छ। एकातर्फ आयात-निर्भरता, कमजोर पूर्वाधार र सीमित गुणस्तर संरचना जस्ता संरचनागत कमजोरीहरू छन् भने अर्कोतर्फ सीमावर्ती व्यापार, स्थानीय उत्पादनको विविधता, डिजिटल प्रविधिको विस्तार र निजी क्षेत्रको सक्रियता जस्ता अवसरहरू उपलब्ध छन्। चाँदनी-दोधारामा निर्माणाधीन ड्राइपोर्ट र एशियन हाइवेलाई लक्षित गरी निर्माण गरिएको पुलले मालसामानको आयात निर्यातका साथै कनेक्टिभिटिमा पनि सहयोग पुग्ने थप अवसर सिर्जना हुने छन्। तसर्थ, आगामी आवधिक योजनाले यस क्षेत्रलाई उत्पादनसँग समन्वित, प्रतिस्पर्धी, सुरक्षित र उपभोक्तामैत्री व्यापार प्रणालीतर्फ रूपान्तरण गर्ने दिशामा स्पष्ट रणनीतिक हस्तक्षेप गर्नु आवश्यक देखिन्छ।

यस प्रदेशका प्रमुख व्यापारिक स्थलहरूमध्ये खरङ्गा, गोकुलेश्वर, देहीमाण्डौं, गोठालापानी, शाहीलेक, झुलाघाट, पाटन, खोड्पे, मार्तडी, कोल्टी, साफे बगर, मंगलसेन, कमलबजार, विनायक, जयगढ-तल्सिङ्गढी, राजपुर पिपल्ला, विपीनगर, बुडर, गैरा, बागबजार, पोखरा, भातकाँडा, अनारीखोली, जोगबुढा, महेन्द्रनगर, बेलौरी, भीमदत्तनगर, झलारी, दैजी, गुलरिया, धनगढी, अत्तरिया, सहजपुर, टिकापुर, मसुरिया, सुख्खड, लम्की तथा चिसापानी रहेका छन्।

## ५.७.३ मुख्य सवाल तथा चुनौती

१. **निर्यातजन्य उत्पादनको आधार वृद्धिः** आन्तरिक उत्पादन वृद्धि गरी दैनिक उपभोग्य वस्तु, निर्माण सामग्री, लयायत वस्तुको आयात निर्भरता कम गर्नु, निर्यातको तुलनामा आयात कम गरी व्यापार घाटा घटाउनु र स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ्ग, गुणस्तर प्रमाणीकरण र बजार विस्तार गर्नु।

२. **सीमावर्ती व्यापार व्यवस्थापन र सन्तुलनः** भारतसँग खुला सीमाना हुँदा अनौपचारिक व्यापार र राजस्व चुहावट नियन्त्रण गर्नु, सीमावर्ती नाकाबाट आयात न्यून गरी निर्यात उच्च गर्नु र भन्सार पूर्वाधार, परीक्षण तथा प्रमाणीकरण प्रणाली सुदृढीकरण गर्नु।

३. **बजार पूर्वाधार र आपूर्ति श्रृङ्खलाको व्यवस्थापनः** व्यवस्थित थोक बजार, सङ्कलन केन्द्र, शीतभण्डार र गोदामको व्यवस्था गर्नु, दुर्गम क्षेत्रमा हुने उच्च ढुवानी लागत कम गर्नु र गुणस्तर परीक्षण प्रयोगशाला र मापदण्ड कार्यान्वयन गर्नु।

४. **उपभोक्ता संरक्षण र बजार अनुगमनः** अनुगमनका लागि जनशक्ति र प्राविधिक साधनको पर्याप्त मात्रामा व्यवस्थापन गर्नु, कृत्रिम अभाव, कालोबजारी, म्याद गुज्रेका वस्तु बिक्री जस्ता समस्याको भरपर्दो निगरानी गर्नु र उपभोक्ता सचेतना र गुनासो व्यवस्थापन प्रणाली बलियो बनाउनु।

५. **रणनीतिक भण्डारण र आपूर्ति सुरक्षाः** विपद् वा यातायात अवरोधमा आपूर्ति श्रृङ्खला अवरुद्ध हुने जोखिमलाई न्यूनीकरण गर्नु र प्रदेशस्तरमा रणनीतिक मौज्दात र वैकल्पिक आपूर्ति संयन्त्रको सुनिश्चितता गर्नु।

६. **मूल्य श्रृङ्खला विकास र निजी क्षेत्रसँग समन्वयः** कृषि, जडीबुटी, वनजन्य तथा हस्तकला उत्पादनको मूल्य श्रृङ्खला विकास गर्नु, प्रदेशमा जडीबुटीको प्रशोधन नगरी कच्चा पदार्थ निर्यात हुनु, प्रदेशस्तरमा निर्यात प्रवर्द्धन रणनीति र निजी-सहकारी-सार्वजनिक समन्वय मजबुत बनाउनु र अन्तरप्रदेशीय व्यापार विस्तारका लागि उद्योग तथा व्यापारसँग सम्बन्धित सङ्घ संस्थाहरूसँगको सहकार्य स्थापित गर्नु।

## ५.७.४ उद्देश्य

१. प्रतिस्पर्धी व्यापार तथा आपूर्ति प्रणालीको विकास गर्नु।

२. अत्यावश्यक वस्तुको नियमित र सन्तुलित आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नु।

३. उपभोक्ता अधिकार संरक्षण गर्नु ।

## ५.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रतिस्पर्धी व्यापार तथा आपूर्ति प्रणालीको विकास गर्नु ।** | |
| १. बजार पूर्वाधार सुदृढीकरण गर्ने। | १.१ प्रमुख व्यापारिक केन्द्रहरूमा व्यवस्थित थोक बजार, सङ्कलन केन्द्र र गोदाम गृह स्थापना तथा स्तरोन्नति गरिनेछ।<br>१.२ अन्तरप्रदेश तथा सीमावर्ती व्यापार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ प्रदेशमा नै जडीबुटी, तरकारी, फलफूलको प्रशोधन उद्योग स्थापना गरी प्रशोधन पश्चात मात्र निकासी गरिनेछ।<br>१.४ शीतभण्डार तथा ढुवानी पूर्वाधार विस्तारमा सार्वजनिक-निजी साझेदारी मोडेल अपनाइनेछ। |
| २. गुणस्तर सुनिश्चितता र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने। | २.१ प्रदेशस्तरमा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना तथा स्तरोन्नति गरिनेछ।<br>२.२ नेपाल सरकारसँग समन्वय गरी नापतौल प्रणाली आधुनिकीकरण र नियमित प्रमाणीकरण सुनिश्चित गरिनेछ।<br>२.३ स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ।<br>२.४ निर्यात सम्भावित वस्तुको पहिचान गरी प्रविधि तथा बजारीकरणमा सहयोग उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : अत्यावश्यक वस्तुको नियमित र सन्तुलित आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नु ।** | |
| १. रणनीतिक भण्डारण र आपूर्ति श्रृङ्खला सुदृढीकरण गर्ने। | १.१ प्रदेशस्तरमा खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तुको रणनीतिक भण्डारण प्रणाली स्थापना गरिनेछ।<br>१.२ दुर्गम तथा पहाडी जिल्लाका लागि ढुवानी सहुलियत वा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ आपतकालीन अवस्थाका लागि पूर्वतयारी आपूर्ति योजना (Contingency Supply Plan) तयार गरिनेछ।<br>१.४ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा आपूर्ति व्यवस्थाको प्रभावकारी अनुगमन गरिनेछ। |
| २. आपूर्ति व्यवस्थापनमा प्रविधिको प्रयोग गर्ने। | २.१ आपूर्ति श्रृङ्खलाको डिजिटल अनुगमन तथा ट्र्याकिङ प्रणाली विकास गरिनेछ।<br>२.२ अत्यावश्यक वस्तुको मूल्य र उपलब्धताको अवस्था जानकारी लिन दिन थोक तथा खुद्रा रूपमा नियमित सार्वजनिक बजार सूचना प्रणाली सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३ : उपभोक्ता अधिकार संरक्षण गर्नु ।** | |
| १. बजार अनुगमनलाई थप प्रभावकारी बनाउने। | १.१ नियमित र प्रविधिमैत्री बजार अनुगमन प्रणाली लागू गरिनेछ।<br>१.२ उपभोक्ता गुनासो व्यवस्थापनका लागि हेल्पलाइन तथा अनलाइन प्रणाली सञ्चालन गरिनेछ।<br>१.३ कृत्रिम अभाव, अस्वाभाविक मूल्य वृद्धि र गुणस्तरहीन वस्तु बिक्री विरुद्ध कडाइ गरिनेछ। |
| २. उपभोक्ताहरूमा सचेतना अभिवृद्धि गर्ने। | २.१ उपभोक्ता सचेतना अभिवृद्धिका लागि विद्यालय, समुदाय र व्यावसायिक सङ्घ संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>२.२ उपभोक्ता हक अधिकार संरक्षण तथा उपभोक्ता जागरणसम्बन्धी कार्य गरिनेछ। |
| ३. डिजिटल तथा आधुनिक व्यापार प्रशासन विकास गर्ने। | ३.१ व्यापार दर्ता, नवीकरण र अनुमतिलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ।<br>३.२ ई-कमर्स र डिजिटल भुक्तानी प्रणाली विस्तारका लागि निजी क्षेत्रलाई प्रोत्साहन र सहजीकरण गरिनेछ।<br>३.३ व्यापार तथ्याङ्क व्यवस्थापनका लागि एकीकृत सूचना प्रणाली विकास गरिनेछ। |

## ५.७.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेशस्तरीय व्यवस्थित थोक बजार तथा सङ्कलन केन्द्र स्थापना (प्रमुख व्यापारिक केन्द्रहरूमा थोक बजार, कृषि सङ्कलन केन्द्र तथा गोदाम गृह स्थापना/स्तरोन्नति)

२. रणनीतिक खाद्यान्न तथा अत्यावश्यक वस्तु भण्डारण सुदृढीकरण (प्रदेशस्तरमा रणनीतिक भण्डारण गृह निर्माण, दुर्गम जिल्लामा मिनी-गोदाम तथा भण्डारण विन्दु स्थापना, आपतकालीन आपूर्ति पूर्वतयारी योजना कार्यान्वयन)
३. जडीबुटी, फलफूल तथा तरकारी प्रशोधन उद्योग स्थापना र सञ्चालन
४. दुर्गम क्षेत्र ढुवानी सहुलियत तथा आपूर्ति पहुँच विस्तार (पहाडी तथा हिमाली जिल्लाका लागि ढुवानी अनुदान, नियमित आपूर्ति निगरानी प्रणाली सञ्चालन)
५. गुणस्तर परीक्षण प्रयोगशाला तथा नापतौल आधुनिकीकरण (प्रदेशस्तरमा गुणस्तर परीक्षण प्रयोगशाला स्थापना/स्तरोन्नति, डिजिटल नापतौल प्रमाणीकरण प्रणालीको व्यवस्था)
६. स्थानीय उत्पादन ब्राण्डिङ, प्याकेजिङ तथा निर्यात प्रबर्द्धन (निर्यात सम्भावित वस्तु पहिचान, ब्राण्ड विकास, लेबलिङ र बजार जडान सहयोग, अन्तरप्रदेशीय तथा सीमावर्ती व्यापार मेला आयोजना)
७. डिजिटल व्यापार प्रशासन तथा सूचना प्रणाली विकास (व्यापार दर्ता, नवीकरण र अनुमतिलाई पूर्ण डिजिटल प्रणालीमा रूपान्तरण, एकीकृत व्यापार सूचना व्यवस्थापन प्रणाली (Trade MIS) स्थापना)
८. बजार अनुगमन तथा उपभोक्ता संरक्षण सुदृढीकरण (जोखिम-आधारित नियमित बजार अनुगमन, उपभोक्ता हेल्पलाइन र अनलाइन गुनासो प्रणाली सञ्चालन,उपभोक्ता सचेतना अभियान)
९. आपूर्ति पूर्वाधार विस्तार (गोदाम तथा ढुवानी व्यवस्थापन सुधार)
१०. सीमावर्ती तथा अन्तरप्रदेशीय व्यापार सहजीकरण (सीमावर्ती नाकामा व्यापार सहजीकरण डेस्क स्थापना, भारतसँगको स्थानीय स्तरको व्यापार समन्वय संयन्त्र, व्यापार सहजीकरण संवाद तथा साझेदारी)
११. ई-कमर्स तथा डिजिटल भुक्तानी प्रबर्द्धन (व्यवसायीलाई डिजिटल कारोबार तालिम, ग्रामीण क्षेत्रमा डिजिटल भुक्तानी विस्तार सहयोग, स्थानीय उत्पादनलाई अनलाइन बजारसँग आवद्धता, उपभोक्ता गुनासो सम्बोधन)।

## ५.८ निजी क्षेत्र

### ५.८.१ पृष्ठभूमि

नेपालको संविधानले समाजवाद उन्मुख, मिश्रित अर्थतन्त्रको अवधारणा अङ्गीकार गरेको छ, जहाँ सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच सहअस्तित्व र सहकार्य रहने व्यवस्था गरेको छ।निजी क्षेत्रलाई लगानी, उत्पादन, रोजगारी सिर्जना र आर्थिक विकासको महत्त्वपूर्ण साझेदारका रूपमा संवैधानिक मान्यता दिइएको छ। नेपालको संविधानले अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने नीति लिएको छ।सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा गर्दा निजी क्षेत्रको योगदान र सहकार्यलाई स्पष्ट रूपमा समेट्न आवश्यक छ।सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएसँगै प्रदेश सरकार विकासका प्रमुख जिम्मेवार निकायका रूपमा स्थापित भएको हो।आर्थिक विकास, रोजगारी सिर्जना र उत्पादन वृद्धि जस्ता लक्ष्य हासिल गर्न सरकारी प्रयास मात्र पर्याप्त हुँदैन। यसका लागि निजी क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य हुन्छ।

नेपाल सरकारको सोह्रौं योजना (आ.व. २०८१/८२-२०८५/८६) ले निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख चालकका रूपमा स्वीकार गरेको छ।उक्त योजनाले उद्योग, कृषि, पर्यटन, ऊर्जा, सेवा र पूर्वाधार

क्षेत्रमा निजी लगानी वृद्धि गर्ने, सार्वजनिक-निजी साझेदारीलाई प्रबर्द्धन गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने र रोजगारी सिर्जना गर्ने दिशामा विशेष जोड दिएको छ।यसले सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच सहकार्यलाई दिगो विकासको आधार मानेको छ।यस राष्ट्रिय नीति र दिशानिर्देशलाई आधार मानी सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा पनि निजी क्षेत्रलाई विकासको साझेदारका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता छ। प्रदेशमा कृषि, पर्यटन, जलस्रोत, जडीबुटी, वनजन्य उत्पादन, लघु तथा साना उद्योग, यातायात,सेवा र व्यापार क्षेत्र जस्ता सम्भावनायुक्त क्षेत्रमा निजी लगानी आकर्षित गरी उत्पादन र रोजगारी वृद्धि गर्न सकिन्छ। विशेषगरी सीमावर्ती प्रदेश भएकाले व्यापार, पर्यटन र औद्योगिक गतिविधि विस्तारमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसैले, प्रदेश सरकारले स्पष्ट नीति, सरल प्रशासनिक प्रक्रिया, पारदर्शी नियमन र लगानीमैत्री वातावरण सुनिश्चित गर्दै निजी क्षेत्रसँग सहकार्य गर्ने आधार तयार गर्नु आवश्यक हुन्छ। यसरी सङ्घीय योजनासँग सामञ्जस्य राखी निजी क्षेत्रको योगदानलाई योजनाबद्ध रूपमा समेटेर सुदूरपश्चिम प्रदेशको आर्थिक विकास, रोजगारी विस्तार र समग्र समृद्धिमा महत्त्वपूर्ण योगदान पुग्न सक्ने अपेक्षा गरिएको छ।

### ५.८.२ विद्यमान अवस्था

निजी क्षेत्रको प्रबर्द्धन, लगानी आकर्षण, उद्योग विकास तथा उपभोक्ता संरक्षणका लागि नेपाल सरकारले विभिन्न कानूनी व्यवस्थाहरू लागू गरेको छ। विदेशी लगानीलाई आकर्षित गर्न, प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्न तथा विदेशी पूँजीको सहज प्रवेश-निकास सुनिश्चित गर्न नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ जारी गरेको छ। औद्योगिक उत्पादनको विस्तार, उद्योग स्थापना तथा अनुमति प्रक्रियालाई सरल, पूर्वानुमानयोग्य र निजी क्षेत्रमैत्री बनाउन औद्योगिक व्यवसाय ऐन, २०७६ कार्यान्वयनमा रहेको छ।त्यस्तै, कम्पनी दर्ता, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानूनी संरचना प्रदान गर्ने उद्देश्यले कम्पनी ऐन, २०६३ लागू रहेको छ।

सार्वजनिक-निजी साझेदारीमार्फत पूर्वाधार तथा सेवा क्षेत्रमा लगानी र परियोजना सञ्चालनलाई सहजीकरण गर्न सार्वजनिक निजी साझेदारी ऐन, २०७५ जारी गरिएको छ। औद्योगिक उत्पादन तथा निर्यात प्रबर्द्धनका लागि विशेष क्षेत्र निर्धारण गरी कर तथा अन्य प्रोत्साहन उपलब्ध गराउने कानूनी आधारका रूपमा विशेष आर्थिक क्षेत्र ऐन, २०७३ लागू गरिएको छ।

गुणस्तर सुनिश्चितता र समरूपता परीक्षण गर्ने संस्थाको सक्षमता निर्धारण तथा तेस्रो पक्षद्वारा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्न प्रत्यायन ऐन, २०७९ कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी, मालवस्तुको आयात अनियमित वा अस्वाभाविक रूपमा वृद्धि भई वा सामान्य मूल्यभन्दा कम मूल्यमा आयात भई वा सहुलियतप्राप्त वस्तुको अत्यधिक आयातका कारण स्वदेशी उद्योगमा गम्भीर हानि पुगेको वा पुग्ने आशङ्का भएमा त्यस्तो हानि रोक्न सेफगार्ड, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ जारी गरिएको छ।

यसै गरी सुदूरपश्चिम प्रदेश सरकारले सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५, साझेदारी व्यवसाय ऐन, २०७६ र निजी व्यवसाय ऐन, २०७६ जारी गरेको छ।उल्लेखित कानूनी व्यवस्थाहरूले

निजी क्षेत्रको विकास, औद्योगिक प्रबर्द्धन, लगानी सुरक्षा, प्रतिस्पर्धात्मक बजार व्यवस्था तथा उपभोक्ता हित संरक्षणका लागि समग्र आधार प्रदान गरेका छन्।

यस प्रदेशमा निजी क्षेत्रको प्रतिनिधित्व गर्ने ९ वटा जिल्ला र १० वटा नगरस्तरीय उद्योग वाणिज्य सङ्घहरु रहेका छन्। जसमा डोटी उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, १७०५), बझाङ उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, २९००), कैलाली उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, ७३३४), कञ्चनपुर उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, ३०००), अछाम उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, ८३२), डडेलधुरा उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, १६६३), दार्चुला उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, २२४८), वैतडी उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, ४५०), बाजुरा उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, २४३८), गौरिगंगा उद्योग वाणिज्य सङ्घ, घोडाघोडि उद्योग वाणिज्य सङ्घ, जोगबुडा उद्योग वाणिज्य सङ्घ, कमलबजार उद्योग वाणिज्य सङ्घ, लम्कीचुहा उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, २०२०), पुनर्वास उद्योग वाणिज्य सङ्घ, शुक्लाफाटा उद्योग वाणिज्य सङ्घ, टिकापुर उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, १२८०), अत्तरिया उद्योग वाणिज्य सङ्घ (सदस्य सङ्ख्या, २०१४) र बेलौरी उद्योग वाणिज्य सङ्घहरु रहेका छन्। यस प्रदेशमा कमोडिटी एसोसियसनका रूपमा रहेका नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ, सुदूरपश्चिम प्रदेश; नेपाल सुनचाँदि व्यवसायी महासङ्घ, सुदूरपश्चिम प्रदेश र नाट्टा सुदूरपश्चिम प्रदेश रहेका छन्। यसै गरी, नेपाल उद्योग वाणिज्य महासङ्घ सुदूरपश्चिममा विभिन्न ३६ वटा एसोसियट सदस्यहरु आवद्ध रहेका छन् (स्रोतः https://sudurpaschim.fncci.org/member/dmlcci, and https://fncci.org/member/membersFilter)।

## ५.८.३ मुख्य सवाल तथा चुनौती

१. **नीतिगत स्थायित्व सुनिश्चितताः** निजी क्षेत्रसम्बन्धी नीति नियमहरूलाई स्थायित्व दिनु, प्रोत्साहन र सहजीकरण प्रणालीलाई संस्थागत गर्नु, उद्योग, लगानी प्रबर्द्धन तथा सार्वजनिक निजी साझेदारी परियोजना व्यवस्थापनमा दक्षता वृद्धि गर्नु, नीतिनियम सबै क्षेत्रमा समान रूपमा लागू गर्नु।

२. **निजी क्षेत्रमैत्री प्रशासन सेवाको व्यवस्थापनः** उद्योग दर्ता, लाइसेन्स र इजाजत प्रक्रियामा सरल र सहज बनाउनु, जग्गा अधिग्रहण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई सरलीकृत गर्नु, दक्ष कर्मचारीको व्यवस्थापन गर्नु, कार्यरत कर्मचारीहरूलाई कार्यजिम्मेवारीप्रति अभिप्रेरित गर्नु ।

३. **पूर्वाधार विकास र विस्तारः** सडक, विद्युत्, सूचना प्रविधि, ढल निकास आदिको सुविधा विस्तार गर्नु।

४. **सुरक्षा सुनिश्चितता सुदृढीकरणः** उद्योग तथा व्यवसायमा चोरी, तोडफोड र आपराधिक गतिविधिबाट हुने जोखिम घटाउनु, लगानीमैत्री र सुरक्षित वातावरण सिर्जना गर्नु, साइबर सुरक्षा प्रणाली मजबुत बनाउनु, सुरक्षा निकाय र निजी क्षेत्रबीच समन्वय र सहकार्य बढाउनु।

## ५.८.४ उद्देश्य

१. निजी क्षेत्र लगानीमैत्री वातावरण निर्माण गर्नु।

२. निजी क्षेत्रको लगानी विस्तार गरी वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु।

### ५.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : निजी क्षेत्र लगानीमैत्री वातावरण निर्माण गर्नु ।** | |
| १. लगानीमैत्री तथा व्यवसाय अनुकूल नीतिगत र कानूनी व्यवस्था गर्ने। | १.१ प्रदेशस्तरमा निजी क्षेत्र प्रबर्द्धन नीति तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ उद्योग, व्यापार, पर्यटन, कृषिमा आधारित उद्यमलगायत क्षेत्रगत ऐन/नियमावलीलाई समयानुकूल परिमार्जन गरिनेछ।<br>१.३ निजी क्षेत्रको लगानी प्रबर्द्धनका लागि आवश्यक आधार र मापदण्ड तर्जुमा गरी कर छुट, कर्जा, बीमालगायत अन्य सहुलियत प्रदान गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.४ पर्यटन, सूचना/प्रविधि, ऊर्जा जस्ता विशिष्ट क्षेत्रलाई आकर्षक बनाउँदै निजी लगानी वृद्धि गर्ने नीति लिइनेछ। |
| २. उद्योग व्यवसायसम्बन्धी प्रशासनलाई छिटो छरितो बनाउने। | २.१ एकद्वार सेवा प्रणाली स्थापना गरी दर्ता, स्वीकृति तथा अनुमति प्रक्रियालाई सरल र छरितो बनाइनेछ।<br>२.२ अनलाइन दर्ता, नवीकरण र इजाजत प्रणाली लागू गरी प्रशासनिक झन्झट न्यूनीकरण गरिनेछ।<br>२.३ जग्गा अधिग्रहण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियालाई सरलीकृत गरी निजी क्षेत्रलाई सहजीकरण गरिनेछ।<br>२.४ निजी क्षेत्रसँग नियमित नीति-संवाद कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. संस्थागत सुदृढीकरण र सहकार्य अभिवृद्धि गर्ने। | ३.१ प्रदेश लगानी बोर्ड/लगानी प्रबर्द्धन इकाइ गठन वा सुदृढीकरण गरिनेछ।<br>३.२ उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्स, घरेलु तथा साना उद्योग महासङ्घ, सहकारी तथा बैंकिङ क्षेत्रलगायतका उद्योग वाणिज्य क्षेत्रका छाता सङ्गठनहरूसँग सहकार्य गरिनेछ।<br>३.३ सार्वजनिक-निजी साझेदारीसम्बन्धी स्पष्ट मापदण्ड र मार्गदर्शन तयार गरी कार्यान्वयन गरिनेछ।<br>३.४ लगानी सुरक्षा, विवाद समाधान तथा मध्यस्थता संयन्त्र स्थापना गरिनेछ।<br>३.५ व्यवसायमैत्री सुशासन प्रबर्द्धनका लागि पारदर्शिता र जवाफदेहिता प्रणाली सुदृढ गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : निजी क्षेत्रको लगानी विस्तार गरी वस्तु तथा सेवाको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।** | |
| १. लगानी विस्तार र उत्पादनमूलक क्षेत्रको प्रबर्द्धन गर्ने। | १.१ कृषि, पर्यटन, ऊर्जा, जडीबुटी, खानी तथा काष्ठजन्य उद्योग जस्ता सम्भावनायुक्त क्षेत्रमा लगानी प्रोत्साहन प्याकेज तयार गरी लगानी गर्न प्रोत्साहन गरिनेछ।<br>१.२ औद्योगिक क्षेत्र प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ उत्पादनमूलक उद्योग स्थापना गर्न कर छुट, अनुदान वा सहुलियतपूर्ण कर्जा व्यवस्थाका लागि सहजीकरण गरिनेछ।<br>१.४ निर्यात प्रबर्द्धन तथा आयात प्रतिस्थापन कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।<br>१.५ स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित उद्योग प्रबर्द्धन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ। |
| २. उत्पादकत्व वृद्धि र प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने। | २.१ प्रविधि हस्तान्तरण, आधुनिकीकरण तथा नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।<br>२.२ दक्ष जनशक्ति उत्पादनका लागि सीप विकास तथा प्राविधिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ उद्यमशीलता विकास कार्यक्रम तथा स्टार्टअप प्रबर्द्धन कोष स्थापना गरिनेछ।<br>२.४ बजार पहुँच विस्तारका लागि डिजिटल मार्केटिङ, ई-कमर्स तथा ब्रान्डिङ कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. उद्योगी व्यवसायी र श्रमिकबीचको सम्बन्ध सुधार गर्न सहजीकरण गर्ने। | ३.१ श्रम ऐन तथा श्रमिक अधिकारसम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गरिनेछ।<br>३.२ श्रम विवाद समाधानका लागि मध्यस्थता तथा मेलमिलाप संयन्त्रलाई सुदृढ गरिनेछ।<br>३.३ श्रमिकको हित संरक्षणका लागि सामाजिक सुरक्षा तथा कल्याणकारी कार्यक्रमका लागि सहजीकरण गरिनेछ। |

### ५.८.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेशस्तरमा निजी क्षेत्र प्रबर्द्धन नीति कार्यान्वयन कार्ययोजना निर्माण र कार्यान्वयन,

२. सम्बन्धित ऐन/नियमावलीको समीक्षा तथा परिमार्जन,

३. सरोकारवालासँग नियमित नीति-संवाद,

४. उद्योग तथा लगानी दर्ताका लागि एकद्धार सेवा केन्द्र स्थापना र सुदृढीकरण,

५. अनलाइन दर्ता, नवीकरण तथा अनुमति प्रणाली सञ्चालन,

६. लगानीकर्ता सहजीकरण डेस्क सञ्चालन,

७. परियोजनाको पहिचान र कार्यान्वयन,
८. सार्वजनिक-निजी साझेदारीसम्बन्धी मापदण्ड, निर्देशिका तथा नमूना सम्झौता निर्माण,
९. निजी क्षेत्रसँग संयुक्त पूर्वाधार विकास कार्यक्रम (जस्तैः औद्योगिक क्षेत्र, कृषि बजार, पर्यटन पूर्वाधार),
१०. कृषि, पर्यटन, जडीबुटी, ऊर्जा, खानी तथा काष्ठजन्य उद्योगमा विशेष लगानी प्रोत्साहन,
११. औद्योगिक ग्राम/औद्योगिक क्षेत्र स्थापना तथा विस्तार सहजीकरण,
१२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग प्रबर्द्धन,
१३. निर्यात प्रबर्द्धन तथा आयात प्रतिस्थापन सहजीकरण,
१४. नवप्रवर्तन तथा प्रविधि हस्तान्तरण,
१५. प्राविधिक तथा व्यावसायिक सीप, उद्यशीलता विकास तालिम,
१६. उद्योग-शैक्षिक संस्था सहकार्य र समन्वय,
१७. प्रविधि आधुनिकीकरण अनुदान,
१८. गुणस्तर मापदण्ड तथा प्रमाणीकरण,
१९. प्रदेशस्तरीय उत्पादनको ब्रान्ड विकास,
२०. डिजिटल मार्केटिङ तथा इ-कमर्स प्रबर्द्धन,
२१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला/प्रदर्शनी आयोजना,
२२. निर्यात क्षमता अभिवृद्धि तालिम,
२३. लगानी वातावरण सुधार सर्वेक्षण तथा मूल्याङ्कन,
२४. व्यवसायमैत्री सुशासन प्रबर्द्धन,
२५. वित्तीय पहुँच विस्तार (बैंक/सहकारी सहकार्य)।

## ५.९ खानी तथा खनिज सम्पदा

### ५.९.१ पृष्ठभूमि

नेपालको संविधानले प्राकृतिक स्रोतहरूको दिगो उपयोग र व्यवस्थापनलाई सङ्घीय शासन प्रणालीको महत्त्वपूर्ण आधारका रूपमा परिकल्पना गरेको छ। खानी तथा खनिज स्रोतको सन्दर्भमा उत्खनन् सम्बन्धी मूल अधिकार नेपाल सरकारलाई प्रदान गरिएको भए पनि अन्वेषण, प्रारम्भिक अध्ययन तथा व्यवस्थापनसम्बन्धी जिम्मेवारी प्रदेश सरकारलाई प्रदान गरिएको छ। साथै सङ्घ र प्रदेशको साझा अधिकार सूचीमा खनिज स्रोतको विषय समावेश गरिएको छ, जसले सङ्घ-प्रदेश समन्वयमा आधारित व्यवस्थापनको आवश्यकता औंल्याउँछ।

कार्यविस्तृतीकरण प्रतिवेदनले खानी तथा खनिज सम्बन्धमा रेडियोधर्मी, पेट्रोलियम, प्राकृतिक ग्यास र सुन, प्लेटिनम, फलाम, तामालगायतका नोबल मेटलका साथै स्लेट ढुङ्गाको खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, रेडियोधर्मी, पेट्रोलियम, प्राकृतिक ग्यास र सुन, प्लेटिनमलगायतका नोबल मेटलका खानी तथा खनिज पदार्थसम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, खानी तथा खनिज अनुसन्धान एवम् उत्खननसम्बन्धी वैदेशिक लगानी र प्रविधि, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी, खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखीकरण र खानी तथा खनिज

अनुसन्धान एवम् उत्खननसम्बन्धी राष्ट्रिय प्रयोगशाला स्थापना, खनिज विकाससम्बन्धी भौतिक पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन र सञ्चालन गर्ने जिम्मेवारी नेपाल सरकारलाई सुम्पिएको छ।

यसैगरी उक्त प्रतिवेदनले प्रदेश सरकारलाई खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, सङ्घको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनिज पदार्थ सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन् र व्यवस्थापन, सङ्घको कार्यक्षेत्र भित्रका र साधारण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनिज पदार्थ सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखीकरण, भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी, खानी तथा खनिज अनुसन्धान एवम् उत्खनन सम्बन्धी प्रादेशिक प्रयोगशाला स्थापना र सञ्चालन अनि उद्योग तथा खनिज सम्बन्धी भौतिक पूर्वाधार विकासको योजना कार्यान्वयन गर्ने जिम्मेवारी दिएको छ।

प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०८१ बमोजिम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई खानी तथा खनिज पदार्थसम्बन्धी नीति निर्माण, योजना तर्जुमा, पूर्वाधार विकास, नियमन तथा अनुगमन, अनुसन्धान तथा प्राविधिक समन्वय गर्ने जिम्मेवारी तोकिएको छ। यसअन्तर्गत खनिज स्रोतको पहिचान, भौगर्भिक अध्ययन, अनुसन्धान, नक्साङ्कन, प्रयोगशाला सञ्चालन तथा गुणस्तर परीक्षणसम्बन्धी कार्यहरूसमेत मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछन्।

सुदूरपश्चिम प्रदेश भौगोलिक विविधताले सम्पन्न प्रदेश हो, जहाँ नदीजन्य पदार्थ, निर्माणजन्य ढुङ्गा-गिट्टी-बालुवा, स्लेट, चुनढुङ्गा, तामा, फलामजस्ता सम्भावित खनिज स्रोतहरूको उपलब्धताको सम्भावना रहेको छ। खनिज स्रोतहरूको वैज्ञानिक पहिचान, संरक्षण र दिगो उपयोगले प्रदेशको औद्योगिक विकास, पूर्वाधार निर्माण तथा राजस्व अभिवृद्धिमा योगदान पुऱ्याउन सक्छ। यस सन्दर्भमा आवधिक योजनाले खनिज स्रोतको वैज्ञानिक अन्वेषण, दिगो उपयोग, वातावरणीय संरक्षण र स्थानीय आर्थिक विकासबीच सन्तुलन कायम गर्ने दिशामा स्पष्ट रणनीतिक हस्तक्षेप आवश्यक देखिन्छ।

### ५.९.२ विद्यमान अवस्था

खानी तथा खनिज ऐन, २०४२ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२) ले खनिज सम्बन्धी कार्य गर्ने एकाधिकार नेपाल सरकारलाई हुने व्यवस्था गरेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ४ अनुसार नेपाल सरकारले खानी तथा खनिज पदार्थबाट सङ्कलन गरेको रोयल्टीको २५ प्रतिशत हिस्सा प्रदेश सरकारले प्राप्त गर्ने कानूनी व्यवस्था छ। सोही व्यवस्था अनुसार प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रदेश सरकारलाई वर्षेनी रोयल्टी उपलब्ध गराउँदै आएको छ। सुदूरपश्चिम प्रदेशमा खानी तथा खनिज क्षेत्रको विकास हाल प्रारम्भिक अवस्थामै रहेको देखिन्छ। प्रदेशभित्र स्लेट ढुङ्गा र नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को उत्खनन र बिक्री प्रमुख गतिविधिका रूपमा रहेको छ, जसले स्थानीय तहको राजस्व सङ्कलनमा योगदान पुऱ्याइरहेको छ। तर खनिज स्रोतको वैज्ञानिक अन्वेषण, भौगर्भिक अध्ययन तथा विस्तृत सम्भाव्यता परीक्षण कार्य पर्याप्त रूपमा हुन सकेको छैन।

प्रदेशस्तरमा खानी तथा खनिजसम्बन्धी विशिष्ट नीति, तथ्याङ्क प्रणाली र प्राविधिक पूर्वाधारको विकास सीमित रहेको छ। प्रयोगशाला सुविधा, नमूना परीक्षण, गुणस्तर प्रमाणीकरण तथा नक्साङ्कन कार्यका लागि आवश्यक जनशक्ति र उपकरणको अभाव रहेको अवस्था छ। यसका कारण खनिज स्रोतको वास्तविक सम्भावना, भण्डारण क्षमता तथा आर्थिक मूल्याङ्कन स्पष्ट रूपमा निर्धारण हुन सकेको छैन। नदीजन्य पदार्थको उत्खननमा वातावरणीय प्रभाव, अवैज्ञानिक दोहन, मापदण्ड उल्लङ्घन तथा अनुगमन कमजोरी जस्ता चुनौतीहरू देखिएका छन्। दिगो उत्खनन, वातावरणीय प्रभाव न्यूनीकरण र पारदर्शी राजस्व व्यवस्थापनका लागि प्रभावकारी नियमन र अनुगमन संयन्त्र सुदृढ गर्नुपर्ने आवश्यकता विद्यमान छ।

सङ्घीय संरचना अनुरूप अधिकार बाँडफाँट भए तापनि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र भूमिकाको स्पष्ट कार्यान्वयन अझ सुदृढ हुन बाँकी छ। निजी क्षेत्रको लगानी प्रबर्द्धन, खनिज सम्भाव्यता अध्ययन तथा मूल्य श्रृङ्खला विकासमा पनि संरचनागत पहल सीमित देखिन्छ। समग्रमा, सुदूरपश्चिम प्रदेशको खानी तथा खनिज क्षेत्र सम्भावनायुक्त भए तापनि वैज्ञानिक अन्वेषण, नीति-संरचना विकास, प्राविधिक क्षमता अभिवृद्धि तथा दिगो व्यवस्थापन प्रणाली सुदृढीकरणको आवश्यकता स्पष्ट देखिन्छ। आगामी पञ्चवर्षीय योजनाले यस क्षेत्रलाई आर्थिक रूपान्तरण, औद्योगिक विकास र स्थानीय राजस्व सुदृढीकरणसँग जोड्दै वातावरणीय सन्तुलन कायम गर्ने दिशामा नीतिगत र कार्यक्रमगत हस्तक्षेप सुनिश्चित गर्नुपर्ने देखिन्छ।

## ५.९.३ मुख्य सवाल तथा चुनौती

१. **नीतिगत तथा संस्थागत सुदृढीकरणः** सङ्घीय कानून अनुकूल हुने गरी प्रदेश कानून निर्माण गरी कार्यान्वयन गर्नु, स्थानीय समुदायको हित र दिगोपनलाई समेट्ने स्पष्ट नीति तयार गरी कार्यान्वयनमा ल्याउनु, नियमन तथा अनुगमन संयन्त्र सक्षम बनाउनु।

२. **भौगर्भिक तथ्याङ्क र अनुसन्धानः** प्रदेशभित्र सम्भावित खनिज स्रोत (नदीजन्य पदार्थ, स्लेट, चुनढुङ्गा, तामा, फलाम आदि) को व्यवस्थित भौगर्भिक सर्वेक्षण, सम्भाव्यता अध्ययन र प्रमाणित तथ्याङ्क तयार गर्नु, विस्तृत भौगर्भिक नक्साङ्कन तथा सर्वेक्षण गर्नु, आधुनिक प्रविधि (GIS, Remote Sensing) को प्रयोग गर्नु, वैज्ञानिक आधारमा खनिज स्रोत पहिचान र प्रमाणीकरण गर्नु।

३. **लगानी तथा प्रविधिको उपयोगः** निजी तथा वैदेशिक लगानी आकर्षित गर्नु, जोखिम न्यूनीकरण गर्नु, आधुनिक उत्खनन र प्रशोधन प्रविधि प्रयोग गर्नु, लगानीमैत्री वातावरण, सार्वजनिक निजी साझेदारी।

४. **प्राविधिक जनशक्ति तथा प्रयोगशाला पूर्वाधार विकासः** खनिज परीक्षण, नमूना विश्लेषण, जिआइएस/नक्साङ्कन र गुणस्तर प्रमाणीकरणका लागि आवश्यक जनशक्ति र उपकरणको व्यवस्थापन गर्नु, खनिज स्रोतहरूको वैज्ञानिक पहिचान, संरक्षण र दिगो उपयोग गर्नु, प्रदेशस्तरमा परीक्षण प्रयोगशाला निर्माण गर्नु।

५. **नदीजन्य पदार्थको अवैज्ञानिक दोहन नियन्त्रणः** ढुङ्गा-गिट्टी-बालुवा जस्ता नदीजन्य पदार्थ तथा वनजन्य काष्ठ तथा गैरकाष्ठको अत्यधिक तथा अवैज्ञानिक उत्खनन् र दोहन वा अवैध कटानले वातावरणीय क्षति, नदी कटान, जैविक विविधतामा असर तथा पूर्वाधार जोखिम न्यूनीकरण गर्नु र मापदण्डको कार्यान्वयन प्रभावकारी र अनुगमन गर्नु।

## ५.९.४ उद्देश्य

१. खनिज स्रोतहरूको वैज्ञानिक अन्वेषण, पहिचान र दिगो व्यवस्थापन सुनिश्चित गर्नु।
२. प्रदेशको राजस्व अभिवृद्धि र औद्योगिक विकासमा योगदान पुऱ्याउनु।
३. खनिज स्रोत उपयोगमा वातावरणीय सन्तुलन, पारदर्शिता र प्रभावकारी नियमन सुदृढ गर्नु।

## ५.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : खनिज स्रोतहरूको वैज्ञानिक अन्वेषण, पहिचान र दिगो व्यवस्थापन सुनिश्चित गर्नु ।** | |
| १. खनिज स्रोतको वैज्ञानिक अन्वेषण र तथ्याङ्क व्यवस्थापन सुदृढीकरण गर्ने। | १.१ सम्भावित खनिज क्षेत्रहरूको प्रारम्भिक सर्वेक्षण तथा भौगर्भिक अध्ययन सञ्चालन गरिनेछ।<br>१.२ खनिज स्रोतको डिजिटल तथ्याङ्क प्रणाली (Geo-Database) विकास गरिनेछ।<br>१.३ सङ्घीय निकायसँग समन्वय गरी विस्तृत सम्भाव्यता अध्ययन अघि बढाइनेछ।<br>१.४ प्राविधिक जनशक्ति क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग सहकार्य गरिनेछ। |
| २. प्रयोगशाला तथा प्राविधिक पूर्वाधार विकास गर्ने। | २.१ प्रदेशस्तरमा खनिज परीक्षण प्रयोगशाला स्थापना/स्तरोन्नति गरिनेछ।<br>२.२. नमूना परीक्षण, गुणस्तर विश्लेषण र प्रमाणीकरण प्रणाली विकास गरिनेछ।<br>२.३ भौगर्भिक नक्साङ्कन तथा भौगर्भिक सूचना प्रणाली विकास गरिनेछ। |
| **उद्देश्य २ : प्रदेशको राजस्व अभिवृद्धि र औद्योगिक विकासमा योगदान पुऱ्याउनु ।** | |
| १. दिगो उत्खनन र राजस्व सुदृढीकरण गर्ने। | १.१ नदीजन्य पदार्थ उत्खननका लागि वैज्ञानिक मापदण्ड कार्यान्वयन गरिनेछ।<br>१.२ खनिज दोहनमा पारदर्शी इजाजत प्रणाली विकास गरिनेछ।<br>१.३ निजी क्षेत्र लगानी प्रबर्द्धनका लागि नीतिगत सहजीकरण गरिनेछ। |
| २. मूल्य श्रृङ्खला विकास र औद्योगिक उपयोग गर्ने। | १.१ स्थानीय स्तरमै खनिज प्रशोधन उद्योग प्रबर्द्धन गरिनेछ।<br>१.२ खनिजमा आधारित साना तथा मझौला उद्योग विकासमा प्रोत्साहन गरिनेछ।<br>१.३ सम्भावित निर्यातयोग्य खनिज वस्तुको पहिचान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : खनिज स्रोत उपयोगमा वातावरणीय सन्तुलन, पारदर्शिता र प्रभावकारी नियमन सुदृढ गर्नु।** | |
| १. वातावरणीय संरक्षण र प्रभावकारी अनुगमन गर्ने। | १.१ उत्खनन् पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन (EIA/IEE) कडाइका साथ कार्यान्वयन गरिनेछ।<br>१.२ अवैध उत्खनन् नियन्त्रणका लागि संयुक्त अनुगमन संयन्त्र विकास गरिनेछ।<br>१.३ उत्खनन् पश्चात पुनर्स्थापना (Rehabilitation) कार्यक्रम लागू गरिनेछ। |
| २. सङ्घ-प्रदेश-स्थानीय तह समन्वय सुदृढीकरण गर्ने। | २.१ अधिकार बाँडफाँट स्पष्ट गर्दै कार्यान्वयन मार्गदर्शन तयार गरिनेछ।<br>२.२ नियमित समन्वय बैठक तथा सूचना आदान-प्रदान प्रणाली विकास गरिनेछ। |

## ५.९.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. नीति, कानून र मापदण्ड विकास (प्रादेशिक खानी तथा खनिज नीति तर्जुमा तथा परिमार्जन, प्रदेश खानी नियमावली, कार्यविधि तथा मापदण्ड निर्माण, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन (ESIA) मापदण्ड विकास, खानी सुरक्षा, श्रम सुरक्षा र दिगोपन सम्बन्धी निर्देशिका निर्माण, स्थानीय तहसँग समन्वय संयन्त्र स्थापना)।

२. सर्वेक्षण, अन्वेषण तथा उत्खनन प्रबर्द्धन (प्राथमिक भौगर्भिक नक्साङ्कन तथा सम्भाव्यता अध्ययन, सम्भावित खनिज क्षेत्रको पहिचान र ब्लक निर्धारण, पाइलट प्रोजेक्टमार्फत परीक्षण उत्खनन, निजी क्षेत्र तथा सहकारीसँग सहकार्यमा अन्वेषण कार्यक्रम, खानी क्षेत्रको GIS आधारित डिजिटल नक्सा प्रणाली विकास)।

३. दर्ता, अनुमति र नियमन सुदृढीकरण (एकद्वार प्रणाली स्थापना, अनलाइन दर्ता तथा अनुमति प्रणाली विकास, नियमित अनुगमन तथा निरीक्षण कार्यक्रम, गैरकानूनी उत्खनन नियन्त्रण अभियान, नवीकरण र राजस्व व्यवस्थापन प्रणाली सुदृढीकरण)।

४. लगत सङ्कलन तथा अभिलेखीकरण (प्रदेशस्तरीय खनिज सूचना बैंक स्थापना, उत्पादन, राजस्व र भण्डारणको डिजिटल डाटाबेस विकास, वार्षिक खनिज तथ्याङ्क प्रकाशन, भौगर्भिक तथा खनिजसम्बन्धी अभिलेख संरक्षण केन्द्र स्थापना)।

५. भौगर्भिक अध्ययन तथा अनुसन्धान (विश्वविद्यालय तथा अनुसन्धान संस्थासँग सहकार्य, आधुनिक प्रविधि (Remote Sensing, GIS) प्रयोग, सम्भावित पेट्रोलियम, प्राकृतिक ग्यास र धातुजन्य खनिज अध्ययन, जलवायु र वातावरणीय प्रभाव अध्ययन)।

६. प्रादेशिक प्रयोगशाला स्थापना तथा सञ्चालन (खनिज परीक्षण तथा गुणस्तर प्रमाणीकरण प्रयोगशाला स्थापना, आधुनिक उपकरण खरिद तथा जनशक्ति विकास, गुणस्तर प्रमाणीकरण सेवा विस्तार, निजी क्षेत्रलाई परीक्षण सेवा उपलब्ध गराउने व्यवस्था)

७. उद्योग तथा भौतिक पूर्वाधार विकास (खानी क्षेत्रमा सडक, विद्युत् र सञ्चार पूर्वाधार विस्तार, खनिज प्रशोधन उद्योग स्थापना प्रोत्साहन, औद्योगिक क्षेत्र/खनिज क्लस्टर विकास, सार्वजनिक-निजी साझेदारी मोडेल प्रबर्द्धन, स्थानीय रोजगारी र सीप विकास कार्यक्रम सञ्चालन)।

# परिच्छेद - छ
# सामाजिक विकास

नेपालको संविधानले सामाजिक विकासका क्षेत्रहरूलाई सर्वाधिक महत्त्व प्रदान गरी व्यक्तिको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। साथै, संविधानको अनुसूची-६ अन्तरगत प्रदेशको अधिकारको सूचिभित्र शान्ति सुरक्षा, प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय, प्रदेश तथ्याङ्क, स्वास्थ्य सेवा, खानेपानी सेवा, भूमि व्यवस्थापन, वातावरण व्यवस्थापन तथा भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण तथा प्रयोग जस्ता विषय समावेश गरिएका छन्। यसका अतिरिक्त, अनुसूची-७ मा रहेको सङ्घ र प्रदेशको साझा अधिकारको सूचि अन्तरगत पारिवारिक मामिला, परिवार नियोजन, जनसङ्ख्या र व्यवस्थापन, औषधि, सामाजिक सुरक्षा र रोजगारी, खानेपानी, सरसफाइ, खेलकुद, गरिबी निवारण, वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास, रोजगारी जस्ता सामाजिक विकासका विषयवस्तु राखिएका छन्। त्यस्तै, अनुसूची-९ अन्तरगत सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचिमा स्वास्थ्य, शिक्षा, खेलकुद, सामाजिक सुरक्षा, गरिबी निवारण, पूरातत्त्व, प्राचीन स्मारक, सङ्ग्रहालय जस्ता कुराहरूको उल्लेख गरिएको छ। यिनै विविध पक्षलाई प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले सामाजिक विकासका क्षेत्रहरूसित समायोजन गरेको छ। नेपालको सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) मा उल्लेख भएका सामाजिक विकासका क्षेत्रहरूलाई समेत आत्मसात् गरी प्रदेशको योजनामा अनुकूलन गरिएको छ।

यस परिच्छेदअन्तर्गत सुदूरपश्चिम प्रदेशको आवश्यकता प्रतिबिम्बित हुने गरी सामाजिक विकाससित सम्बन्धित १२ वटा क्षेत्रहरू पहिचान गरिएका छन्। जस अन्तरगत शिक्षा तथा विज्ञान र प्रविधि, स्वास्थ्य तथा पोषण, जनसङ्ख्या तथा बसाइसराइ, महिला सशक्तीकरण तथा लैङ्गिक समानता, बालबालिका तथा किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिक पर्दछन्। साथै, सामाजिक विकासका विषय क्षेत्रसित सम्बन्धित लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा तथा खेलकुद, भाषा, संस्कृति, साहित्य, कला, रीतिरिवाज, पूरातात्त्विक सम्पदाका साथै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सामाजिक सुरक्षा तथा संरक्षण जस्ता महत्त्वपूर्ण पक्षहरू यो परिच्छेदमा समाविष्ट छन्। उपर्युक्त क्षेत्रहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## ६.१ शिक्षा तथा विज्ञान प्रविधि

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षालाई तीनै तहका सरकारको दायित्वभित्र रहने गरी अनुसूची ५, ६, ७, ८ र ९ अन्तरगत अधिकारहरूको सूचि समावेश गरेको छ। कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ अनुसार शिक्षाको प्रादेशिक नीति, कानून, मापदण्ड, निर्धारण कार्यान्वयन र नियमन, प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, प्रदेश स्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण र उत्पादन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन, विद्यालय तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण

र नियमन, माध्यमिक तहको कक्षा १० को परीक्षा व्यवस्थापन, उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन, प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन जस्ता जिम्मेवारी प्रदेश सरकारमा रहेको छ।

यस अधिकार क्षेत्रभित्र रहेर सुदूरपश्चिम प्रदेश सरकारले शिक्षा तथा विज्ञान प्रविधि क्षेत्रमा पुस्तकालय, सङ्ग्रहालय तथा अभिलेखालयसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा नियमन जस्ता कार्य गर्दै आएको छ। शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय मानव संसाधन आवश्यकताको प्रक्षेपण गर्नुका साथै शैक्षिक योजना निर्माण र कार्यान्वयन, शिक्षक सेवा सर्त तथा व्यवस्थापन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, प्राज्ञिक अनुसन्धान प्रबर्द्धन तथा शैक्षिक तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राविधिक तथा व्यावसायिक तालिमका पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री निर्माण, उत्पादन तथा वितरण गर्न तालिम प्रदायक सङ्घ-संस्थासँग समन्वय र सहकार्य गरी तालिमको गुणस्तर र पहुँच विस्तारमा विशेष जोड दिँदै आएको छ। सङ्घ र स्थानीय सरकारसँग आवश्यक समन्वय र सहकार्य कायम राख्दै प्रदेशले उच्च शिक्षाका क्षेत्रमा प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, योजना कार्यान्वयन तथा नियमन, छात्रवृत्ति वितरण तथा अध्ययन, अनुसन्धान र तथ्याङ्क व्यवस्थापन गर्दै आएको छ।

यसै गरी प्रदेशले विशेष शिक्षाका क्षेत्रमा सङ्घ तथा स्थानीय सरकारसँगको समन्वयमा विशेष शिक्षासम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गरी योजना कार्यान्वयन तथा नियमन गर्दै आएको छ। यसले विशेष शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सिकाइ सामग्री, तालिम, अध्ययन, अनुसन्धान र तथ्याङ्क व्यवस्थापनका कार्यहरू निरन्तर सञ्चालन गर्दै आएको छ। यस क्षेत्रको योजना तर्जुमा गर्दा विविधता, समावेशिता, समता, सदाचार, विद्यार्थी केन्द्रित, सुशासन र निष्पक्षता जस्ता निर्देशक सिद्धान्तलाई अवलम्बन गरिएको छ।

### ६.१.२ विद्यमान अवस्था

शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहहरूसँग समन्वय गर्दै विद्यालय सुधार योजनामार्फत शैक्षिक गुणस्तर सुधारका क्षेत्रमा काम गर्दै आएको छ। नीतिगत रूपमा सुदूरपश्चिम प्रदेश शैक्षिक परामर्श सेवा तथा भाषा प्रशिक्षण सम्बन्धी निर्देशिका, २०८२ र प्रदेश निर्वाचन क्षेत्र नमूना विद्यालय छनौट निर्देशिका तर्जुमा गरी सो बमोजिम कार्य सम्पादन हुँदै आएको छ। यसैगरी एकीकृत छात्रवृति व्यवस्थापन (छैटौं संशोधन) निर्देशिका, २०८१ तर्जुमा भएको छ। शैक्षिक गुणस्तरलाई दिर्घकालीन रूपमा सुधार ल्याउन दश (१०) वर्षे शिक्षा योजनाको मस्यौदा तयार भई पारित गर्ने चरणमा रहेको छ। साथै राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्दै आएको छ। विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रलाई प्रबर्द्धन गर्न डिजिटल सेवा विस्तार र अनुसन्धान-विकासका कार्यक्रम अगाडि बढाइएका छन्। नवप्रवर्तन तथा आधुनिक प्रविधिको प्रयोगले कृषि, उद्योग र प्रशासनिक कार्यमा सुधार आएको छ। शिक्षाका लागि प्रत्येक जिल्लामा अभिभावकविहीन बालबालिकाहरूको लागि

आवासीय सुविधासहितको विद्यालय स्थापना गर्ने क्रममा हालसम्म ६ वटा जिल्लामा एक एक वटा छात्राबास सञ्चालन गरिएको छ। प्राविधिक धार सञ्चालन गरिरहेका शिक्षालयहरूलाई प्रयोगशाला, कार्यशाला जस्ता पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउँदै आएको छ। राष्ट्रिय सीप परीक्षण समितिमार्फत पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षण सम्बन्धी कार्य गर्दै आएको छ। प्रदेश भित्र सञ्चालनमा रहेका प्राविधिक शिक्षालयहरूको गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र निजी क्षेत्रसँग सहकार्य गरी औद्योगिक प्रशिक्षार्थी तालिम सञ्चालन गरिरहेको छ। शिक्षा तालिम केन्द्रमार्फत विद्यालय तहका शिक्षकहरूको लागि पेशागत विकासलगायत अन्य विभिन्न कस्टमाइज्ड तालिमहरू नियमित रूपमा सञ्चालन गरिरहेको छ। स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरूसँग सहकार्य गरिरहेको छ। त्यसै गरी उच्च शिक्षा तर्फ उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको भौतिक पूर्वाधार निर्माणमा सहयोग, विज्ञान तथा प्रविधि विषय अध्यापन हुने क्याम्पसहरूलाई अनुदान, सामुदायिक क्याम्पसहरूलाई सञ्चालन तथा व्यवस्थापन अनुदानलगायतका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन विश्वविद्यालयसँग सहकार्य गरिरहेको छ।

यस प्रदेशको पुरुष साक्षरता दर ८५.४ प्रतिशत र महिला साक्षरता दर ६८.२ प्रतिशत तथा समग्र साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। प्रदेशको आर्थिक सर्वेक्षण, २०८२ अनुसार सामुदायिक विद्यालयमा हाल ७६.०५ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। सामुदायिक विद्यालय गाभिने प्रवृत्ति बढ्दै गएकोले सामुदायिक विद्यालयको सङ्ख्या शैक्षिक वर्ष २०७९ बाट २०८१ मा आइपुग्दा ३.६३ प्रतिशतले घटेको छ भने अर्कोतिर सोही अवधिमा संस्थागत विद्यालयको सङ्ख्या भने ३.८९ ले वृद्धि भएको छ। कुल शिक्षकहरूमध्ये ७६ प्रतिशत सामुदायिक र २४ प्रतिशत संस्थागत विद्यालयमा कार्यरत छन्। लैङ्गिक दृष्टिले सामुदायिक विद्यालयमा महिला शिक्षकको अनुपात ६६.१२ प्रतिशत र संस्थागत विद्यालयमा ३३.८८ प्रतिशत रहेको छ।

विद्यार्थी सङ्ख्या तुलनात्मक रूपमा अध्ययन गर्दा शैक्षिक सत्र २०८० मा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या २.६ प्रतिशतले घटेको छ। विगत तीन शैक्षिक सत्रमा छात्रातर्फ ९.७ प्रतिशत र छात्रतर्फ ६.८ प्रतिशतले घट्दै गएको छ। शैक्षिक शत्र २०८० को तुलनामा २०८१ मा माध्यमिक तह (कक्षा ९-१०) मा ११.३५ प्रतिशत, कक्षा ११-१२ मा ३.३२ प्रतिशत र समग्र कक्षा ९-१२ मा ५.१९ प्रतिशतले विद्यार्थी सङ्ख्या घट्दै गएको छ। विद्यार्थी भर्ना दरको दृष्टिले शैक्षिक सत्र २०८१ मा आधारभूत तह (कक्षा १-५) मा ९४.३ प्रतिशत, आधारभूत तह (कक्षा १-८) मा ९४.० प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा ५६.४ प्रतिशत रहेको छ। यसले आधारभूत तहमा भर्ना दर सन्तोषजनक भए तापनि कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूले माध्यमिक तहसम्म टिक्ने दर कमजोर देखिन्छ।

शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालय तर्फ आधारभूत तह (कक्षा १-५) का १,८१०, आधारभूत तह (कक्षा १-८) का ६२५, माध्यमिक तह (कक्षा १-१०) का ४४९ र माध्यमिक तह (कक्षा ११-१२) का ४५८ विद्यालय रहेका छन्। संस्थागत विद्यालयतर्फ आधारभूत तह (कक्षा १-५) का २१८, आधारभूत तह (कक्षा १-८) का २७३, माध्यमिक तह (कक्षा १-१०) का १७८ र माध्यमिक

तह (कक्षा ११-१२) का ७८ विद्यालय रहेका छन्। संस्थागत विद्यालयहरू आधारभूत तहदेखि माध्यमिक तहसम्म विद्यालय विस्तार हुँदै गएको छ भने सामुदायिक विद्यालयमा आधारभूत तहमा कमि र माध्यमिक तह (कक्षा ११-१२) मा भने केही वृद्धि भएको छ।

सुदुरपश्चिम प्रदेश आर्थिक सर्वेक्षण, २०८२ का अनुसार उच्च शिक्षातर्फ क्याम्पस सङ्ख्या शैक्षिक सत्र २०७८/७९ मा ९५ रहेकोमा २०७९/८० मा सञ्चालनमा रहेका क्याम्पसको सङ्ख्या ८७ मा झरेको छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पस सङ्ख्या घट्दो क्रममा रहे तापनि सुदूरपश्चिम विश्वविद्यालयमा यो अवधिमा एक क्याम्पस थपिएको छ। हालसम्म यस प्रदेशमा सुदूरपश्चिम विश्वविद्यालय र शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय गरी दुईवटा विश्वविद्यालयहरू रहेका छन्। प्रदेश भित्र हाल ५ वटा विश्वविद्यालयअन्तर्गतका आंगिक सम्बन्धन प्राप्त निजी र सामुदायिक क्याम्पसहरू सञ्चालनमा रहेका छन्। एस.इ.इ.परीक्षा २०८१ मा प्रदेशका ४६,३७८ परीक्षार्थी सहभागी भएका थिए। प्राप्त नतिजालाई विश्लेषण गर्दा जिपिए ३.६ वा सो भन्दा माथि प्राप्त गर्ने विद्यार्थी २.६० प्रतिशत मात्र रहेका छन् भने ५७.८७ प्रतिशत विद्यार्थीले ग्रेड प्राप्त गर्न सकेका छैनन्। यसले प्रदेशको शैक्षिक उपलब्धि राष्ट्रिय औसतभन्दा कमजोर रहेको देखिन्छ। छात्रवृत्ति कार्यक्रममार्फत प्रत्येक वर्ष ९ जनाका दरले शैक्षिक वर्ष २०८२ सम्म चिकित्सा शिक्षाको एम.वि.वि.एस. तर्फ ५३ जनाले छात्रवृत्ति प्राप्त गरेका छन। यसैगरी बादी समुदाय छात्रवृत्तिअन्तर्गत विद्यालय तहमा हालसम्म १७२८ जना र उच्च शिक्षामा ३७ जनालाई छात्रवृत्ति प्रदान गरिएको छ। यसैगरी प्राविधिक शिक्षा डिप्लोमा अध्ययन छात्रवृत्ति १८३ जनालाई प्रदान गरिएको छ।

विश्वविद्यालय अनुदान आयोगको उच्च शिक्षा व्यवस्थापन सूचना प्रणाली अनुसार २०८१/८२ मा यस प्रदेश भित्र सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूमा १६,८७५ पुरुष र ३१,७५२ महिला गरी जम्मा ४८,६२७ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने शिक्षालयहरूको सङ्ख्या २१८ रहेको छ। यी मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आङ्गिक शिक्षालय ६ वटा, साझेदारी ३ वटा, टेक्स कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरू १२९ वटा र सम्बन्धन प्राप्त निजी शिक्षालयहरू २७ वटा रहेका छन्। यसैगरी प्राविधिक धार (कक्षा ९-१२) अन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको सङ्ख्या ५३ वटा रहेका छन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा तर्फ भर्नाको अवस्था शैक्षिक वर्ष २०८२ मा स्वास्थ्य संकायमा भर्ना दर ८७.१२ प्रतिशत रहेको छ। कृषि संकायतर्फ ९.२९ प्रतिशत भर्ना दर रहेको छ। होटल व्यवस्थापन संकायमा भर्ना दर ३५ प्रतिशत रहेको छ। होटल व्यवस्थापनको औद्योगिक प्रशिक्षार्थी तालिममा भने भर्ना दर ९० प्रतिशत भन्दा वढी रहेको छ। यसले पर्यटन तथा सेवा क्षेत्रसम्बन्धी कार्यक्रमहरूमा स्थिर माग र स्वीकार्य शैक्षिक सफलता पुष्टि गर्दछ। समग्रमा सबै संकायमा भर्ना र उत्तीर्ण दर उच्च रहनुले प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी सहभागिता र शैक्षिक नतिजा बीच सकारात्मक सम्बन्ध रहेको देखाउँछ।

नमुना विद्यालय कार्यक्रमअन्तर्गत ३२ सामुदायिक विद्यालयमा पूर्वाधार, व्यवस्थापन र शिक्षक क्षमता सुधारका साथै आवासीय सुविधा उपलब्ध गराउँदै आएको छ। यस कार्यक्रमले शैक्षिक गुणस्तर सुधार,

विद्यार्थी संरक्षण र स्थानीय शिक्षा पहुँच विस्तारमा योगदान पुऱ्याएको छ। साथै, कानून र नीति निर्माणले विद्यालय सञ्चालनलाई थप व्यवस्थित र दिगो बनाउँदै लगेका छन्। यसैगरी महाकाली मा.वि. बेलौरीमा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि एउटा आवासीय विद्यालयको स्थापनाको पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। प्रत्येक स्थानीय तहमा एक-एक वटा नमूना बाल विकास केन्द्रको स्थापना गर्न स्थानीय तहहरूसँग सहकार्य गरिँदै आएको छ।

## ६.१.३ मुख्य सवाल तथा चुनौती

१ **नीतिगत तथा कानूनी व्यवस्थाः** प्रादेशिक शिक्षासम्बन्धी नीति तथा ऐनको प्रभावकारी कार्यान्वयन गर्नु, सङ्घीय संरचनाअनुसार शिक्षा क्षेत्रको अधिकार तीन तहकै सरकारमा बाँडफाँट भएअनुसारको प्रदेश तहमा स्पष्ट कानूनी आधार तयार गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र नियमनकारी संयन्त्र निर्माण गरी कार्यान्वयन गर्नु, शैक्षिक परामर्श सेवा प्रदायक संस्थाहरूको नियमन गर्नु।

२. **माध्यमिक तथा उच्च शिक्षामा विद्यार्थी टिकाउः** माध्यमिक तहमा (विशेषतः कक्षा ९ देखि १२ सम्म) विद्यार्थी सङ्ख्या वृद्धि गर्नु, विद्यार्थी टिकाउ दर बढाउनु, बजारको माग बमोजिम प्राविधिक तथा सीपमूलक शिक्षा उपलब्ध गराउनु, उच्च शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउनु, विद्यार्थीहरूको रुची र बजारको माग अनुसारका प्राविधिक विषयहरूको अध्ययनको अवसर प्रदेश भित्रै सृजना गरी विद्यार्थी पलायन रोक्नु, विश्वविद्यालयलाई प्रतिस्पर्धी बनाउनु, जलवायु परिवर्तन र महामारीमा शैक्षिक निरन्तरता कायम गर्नु, उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउनु। ।

३. **समतामूलक र समावेशी व्यवस्थापन तथा पहुँच सुनिश्चितताः** गुणस्तरीय शिक्षामा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका बालबालिका तथा युवायुवतीहरूलाई समान अवसर र पहुँच सुनिश्चित गर्नु र प्रदेशका लागि आवश्यक सक्षम मानव पूँजी निर्माण गर्नु।

४. **शिक्षक व्यवस्थापन र गुणस्तर सुधारः** गुणस्तर अभिवृद्धि गर्दै सिकाइ उपलब्धिको स्तर सुधार गर्नु, शिक्षालाई व्यावसायिक तथा रोजगारीमुखी बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई समयानुकूल बनाउँदै विपन्न वर्गसम्म यसको पहुँच विस्तार गर्नु तथा विद्यालयहरूमा आवश्यकताअनुसार विषयगत शिक्षक उपलब्धता सुनिश्चित गर्नु, कक्षा १० र १२ का परीक्षाफल सुधार गर्नु, विषयगत दक्षता बढाइ शैक्षिक गुणस्तरमा सुधार ल्याउनु, शिक्षक व्यवस्थापन, तालिम, कार्यसम्पादन मूल्याङ्कन र उत्तरदायित्व प्रणाली सुदृढ गर्नु।

५. **शैक्षिक पूर्वाधार, प्रविधि तथा सामग्रीको व्यवस्थापनः** आवश्यकताअनुसार कक्षा कोठाको व्यवस्थापन, प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि सामग्री तथा सिकाइ स्रोतहरूको उपलब्धता सुनिश्चित गर्नु, सबै विद्यालयमा आवश्यकता अनुसारको विषयगत शिक्षक र शैक्षिक सामग्रीहरू उपलब्ध गराउनु, विद्यमान जनशक्तिको स्तरोन्नति गरी क्षमता अभिवृद्धि गर्नु।

६. **भर्ना दर र शैक्षिक निरन्तरताको सुनिश्चितताः** बाल बिकास तथा आधारभूत तहमा भर्ना दर वृद्धि गर्नु, आर्थिक, सामाजिक, लैङ्गिक र भौगोलिक कारणले गर्दा विद्यालय छाड्न बाध्य हुने विद्यार्थीहरूलाई उच्च शिक्षासम्म टिकाउनु।

७. **प्राविधिक तथा व्यावसायिक शिक्षामा आकर्षणः** प्राविधिक तथा व्यावसायिक शिक्षामा भर्ना दर वृद्धि गर्नु, श्रम बजारको माग अनुसारका दक्ष र सीपयुक्त जनशक्ति विकास गर्नु, गुणस्तरीय प्राविधिक शिक्षामा सबै वर्ग र समुदायका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्नु।

## ६.१.४ उद्देश्य

१. गुणस्तरीय, समावेशी, अनुसन्धानमूलक तथा रोजगारउन्मुख उच्च शिक्षाको विकास गरी विश्वविद्यालय शिक्षालाई आर्थिक-सामाजिक विकासमा आवद्ध गर्नु।
२. विद्यालय उमेरका सबै बालबालिकाको गुणस्तरीय र सर्वसुलभ शिक्षामा पहुँच सुनिश्चित गर्नु।
३. विद्यालयमा भर्ना दर, टिकाउ दर तथा उत्तीर्ण दर अभिवृद्धि गर्नु।
४. श्रम बजार उन्मुख प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणाली विकास गर्नु।

## ६.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : गुणस्तरीय, समावेशी, अनुसन्धानमूलक तथा रोजगारउन्मुख उच्च शिक्षाको विकास गरी विश्वविद्यालय शिक्षालाई आर्थिक-सामाजिक विकासमा आवद्ध गर्नु।** | |
| १. विश्वविद्यालय तथा उच्च शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, अनुसन्धानमुखी र प्रतिस्पर्धी बनाउने। | १.१ विश्वविद्यालय तथा आंगिक क्याम्पसहरूमा आधुनिक पूर्वाधार, डिजिटल शिक्षण प्रणाली, प्रयोगशाला र अनुसन्धान केन्द्रहरूको विकास तथा विस्तार गरिनेछ।<br>१.२ प्रदेशको आवश्यकता अनुसार कृषि, वन, पर्यटन, स्वास्थ्य, सूचना प्रविधि तथा उद्यमशीलतासम्बन्धी रोजगारमुखी र अनुसन्धानमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. उच्च शिक्षामा पहुँच विस्तार तथा समावेशी अवसर सुनिश्चित गर्ने। | २.१ अपाङ्गता भएका व्यक्ति, उत्पीडित, दलित, विपन्न तथा पछाडि परेका वा पारिएका परिवारका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।<br>२.३ चिकित्साशास्त्र तथा इन्जिनियरिङ्ग विषय अध्ययन गर्ने सिमान्तकृत वर्गका जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी अध्ययनपश्चात निश्चित समय अनिवार्य सेवा गर्ने व्यवस्था मिलाइनेछ।<br>२.४ उच्च शिक्षा अध्ययन गर्न अवसर नपाएका कामकाजी व्यक्तिहरूलाई खुला तथा वैकल्पिक माध्यमबाट अध्ययन गर्ने अवसर प्रदान गर्न खुला विश्वविद्यालयसँग आवश्यक समन्वय गरिनेछ।<br>२.५ दुर्गम तथा पहुँचभन्दा टाढा रहेका क्षेत्रमा उच्च शिक्षा सञ्चालन गर्न सकिने सम्भावनाको अध्ययन गरी सम्भावना भएका क्षेत्रमा आवश्यक संस्थागत व्यवस्था तथा अनुदान उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ दृष्टिविहीन विद्यार्थीहरूका लागि ब्रेल लिपीमा आधारित अध्ययन-अध्यापन तथा आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गरिनेछ।<br>२.७ सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा चिकित्सा शिक्षाका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ।<br>२.८ विश्वविद्यालय, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा उद्योग-व्यवसायबीच सहकार्य विस्तार गरी शैक्षिक सुशासन, नवप्रवर्तन र रोजगारको अवसर प्रबर्द्धन गरिनेछ। |
| ३. सूचना प्रविधि र डिजिटल नवप्रवर्तनमार्फत उच्च शिक्षाको गुणस्तर, अनुसन्धान र शैक्षिक पूर्वाधार सुदृढ गर्ने। | ३.१ विज्ञान विषय सञ्चालनमा रहेका क्याम्पसहरूमा प्रयोगात्मक कक्षाका लागि आवश्यक उपकरण तथा सामग्री उपलब्ध गराइनेछ।<br>३.२ स्नातक तथा स्नात्तकोत्तर तहका विद्यार्थीहरूका लागि इन्टर्नशिप तथा कार्य क्षेत्रमा गई सिकाइका अवसर वृद्धि गर्न विश्व विद्यालयहरूलाई सहयोग गरिनेछ।<br>३.३ उच्च शिक्षालाई खोजमूलक तथा अनुसन्धानमूलक बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.४ प्रदेश भित्र सञ्चालित उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको पूर्वाधार सुधारमा सहयोग गरिनेछ।<br>३.५ डिजिटल साक्षरता, इन्डष्ट्री-एकेडेमिया र कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टलिजेन्स) सिकाइ प्रणालीको विकास गरिनेछ। |
| **उद्देश्य २ः विद्यालय उमेरका सबै बालबालिकाको गुणस्तरीय र सर्वसुलभ शिक्षामा पहुँच सुनिश्चित गर्नु।** | |
| १. विद्यालयमा गुणस्तरीय शिक्षाको पहुँचका लागि समन्वय गर्ने। | १.१ विद्यालय उमेरका विद्यालय बाहिर रहेका बालबालिकालाई लक्षित गरी विशेष भर्ना अभियान सञ्चालनमा स्थानीय तहलाई सहयोग गरिनेछ।<br>१.२ लक्षित वर्ग तथा अति विपन्न वर्गका विद्यार्थीलाई भर्ना पश्चात टिकाई राख्न विद्यालय खाजा वा ती वर्गको विद्यालय छोड्नाको कारण पहिल्याई सो अनुसारका प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>१.३ शुक्रबारलाई पुस्तक रहित दिनका रूपमा अघि बढाउन विविध किसिमका सीपमूलक अतिरिक्त क्रियाकलाप सञ्चालनको लागि स्थानीय तहसँग आवश्यक समन्वय गरिनेछ।<br>१.४ स्थानीय तहसँग सहकार्य गरी आवश्यकता अनुसार नमूना बालविकास केन्द्रहरू स्थापना गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई शैक्षिक अवस्था सुधारका लागि आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.६ विद्यालय तहमा विषयगत शिक्षकको सुनिश्चतताको लागि स्वयम् सेवक शिक्षकको व्यवस्था गर्न विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ।<br>१.७ दुर्गमका विद्यालयहरूमा बिषयगत (गणित, विज्ञान, अंग्रेजी जस्ता) शिक्षक नभएको विद्यालयमा अनलाइन कक्षा र तदनुसारको सामग्री उपलब्ध गराइनेछ। |
| २. शैक्षिक पूर्वाधारको व्यवस्थापन तथा गुणस्तर सुधार गर्ने। | २.१ प्राविधिक विषयका लागि आवश्यक पर्ने आधुनिक उपकरण, प्रयोगशाला तथा सिकाइ सामग्रीको उपलब्धता एवम् फिल्डकार्यका लागि प्लटको उपलब्धता वा परियोजनासँगको सहकार्य सुनिश्चित गरिनेछ।<br>२.२ शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| **उद्देश्य ३ : विद्यालयमा भर्ना दर, टिकाउ दर तथा उत्तीर्ण दर अभिवृद्धि गर्नु ।** | |
| १. अध्ययन निरन्तरता तथा उत्तीर्ण दर सुधार गर्ने। | १.१ कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि अतिरिक्त कक्षा तथा अन्य सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ कमजोर आर्थिक अवस्था भएका बालबालिकाका लागि शैक्षिक सामग्री, पोशाक तथा विद्यालयबाट टाढा रहेका विद्यार्थीका लागि छात्रावासको व्यवस्था मिलाइनेछ।<br>१.३ विद्यार्थी उत्तीर्ण दरमा सुधार ल्याउन कमजोर विद्यार्थीका अभिभावकको पारिवारिक पृष्ठभूमि अध्ययन गरी आवश्यक कदम चालिनेछ। |
| २. माध्यमिक तथा उच्च तहमा विद्यार्थी टिकाउ दर प्रबर्द्धन गर्ने। | २.१ आर्थिक अभावका कारणले विद्यालय छाड्न वाध्य भएका दुर्गम, पिछडिएका तथा विपन्न समुदायका विद्यार्थीका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम विस्तार गरिनेछ।<br>२.२ बाल विवाहका कारण विद्यालय छाड्ने दर उच्च भएका क्षेत्र तथा समुदायमा बाल विवाहका नकारात्मक असरहरूसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सम्बन्धित सङ्घ संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ कामकाजी तथा अवसर नपाएका व्यक्तिका लागि काम गर्दै पढ्दै कार्यक्रम सञ्चालन गर्न निजी क्षेत्रसँग समन्वय गरिनेछ।<br>२.४ विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी आवश्यकताअनुसार मनोसामाजिक परामर्श, व्यावसायिक सीप तथा पुनः विद्यालय भर्ना गर्न स्थानीय तहसँग समन्वय गरिनेछ। |
| **उद्देश्य ४ : श्रम बजार उन्मुख प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणाली विकास गर्नु ।** | |
| १. राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसारको प्राविधिक र व्यावसायिक दक्ष जनशक्ति तयार गर्ने। | १.१ श्रम बजारको मागअनुसार सान्दर्भिक पाठ्यक्रम र पाठ्यसामग्री विकास, कार्यान्वयन तथा नियमित रूपमा अद्यावधिक गरिनेछ।<br>१.२ विद्यालय तह तथा उच्च शिक्षामा एआई-मैत्री सिकाई प्रणालीको प्रबर्द्धन गरिनेछ।<br>१.३ गुणस्तरीय प्रशिक्षणका लागि प्रशिक्षक र प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।<br>१.४ उद्योग-साझेदारी कार्यक्रममार्फत विद्यार्थीलाई व्यवहारिक अनुभव र इन्टर्नसिप अवसर उपलब्ध गराइनेछ।<br>१.५ तालिम प्राप्त जनशक्तिको रोजगारी र उद्यमशीलता अनुगमन प्रणाली विकास गरिनेछ।<br>१.६ बजारको मागका आधारमा तालिम प्राप्त जनशक्तिलाई सीप प्रमाणपत्र उपलब्ध गराई बजारसँग जोड्ने काम गरिनेछ। |
| २. तालिम प्रणालीलाई गुणस्तरीय, सान्दर्भिक र पहुँचयोग्य बनाउँदै दक्ष जनशक्ति उत्पादन तथा व्यवस्थापन सुदृढ गर्ने। | २.१ प्रादेशिक आवश्यकताअनुसार प्राविधिक शिक्षा तथा तालिमका नीति, मापदण्ड निर्माण र नियमन तथा समयानुकूल परिमार्जन गरिनेछ।<br>२.२ लक्षित वर्ग (महिला, दलित, विपन्न, पिछडिएका क्षेत्र) का लागि छात्रवृत्ति प्रणालीलाई पारदर्शी, न्यायोचित र प्रभावकारी बनाइनेछ।<br>२.३ प्राविधिक शिक्षासम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र व्यवस्थापन प्रणाली विकास गरी प्रमाणमा आधारित नीति निर्माणलाई प्रोत्साहन गरिनेछ। |

### ६.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन,

२. विश्वविद्यालय तथा आंगिक क्याम्पसहरूमा आधुनिक पूर्वाधार, डिजिटल शिक्षण प्रणाली, प्रयोगशाला र अनुसन्धान केन्द्रहरूको विकास,

३. चिकित्साशास्त्र तथा इन्जिनियरिङ्ग विषयमा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति,

४. सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई सहयोग,

५. चिकित्सा शिक्षा-एम.बि.बि.एस.लगायत प्राविधिक विषयहरूमा बहिष्कृत र सीमान्तकृत समुदायहरूलाई छात्रवृत्ति,
६. टीकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना,
७. उच्च शिक्षामा विज्ञान तथा प्राविधिक प्रयोगशाला सुदृढीकरण (विज्ञान, इन्जिनियरिङ तथा प्राविधिक विषयका लागि प्रयोगशाला तथा उपकरण व्यवस्थापन),
८. खुल्ला तथा वैकल्पिक उच्च शिक्षा पहुँच विस्तार (खुल्ला विश्वविद्यालयसँग समन्वय गरी कामकाजी तथा अवसर नपाएका व्यक्तिका लागि शिक्षा),
९. बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि प्रदेशस्तरीय आवासीय विद्यालयको स्थापना र सञ्चालन,
१०. उच्च शिक्षा छात्रवृत्ति तथा समावेशी पहुँच विस्तार (अपाङ्गता भएका, दलित, विपन्न तथा सीमान्तकृत वर्गका विद्यार्थीका लागि छात्रवृत्ति),
११. उच्च शिक्षामा विज्ञान तथा प्राविधिक प्रयोगशाला सुदृढीकरण (विज्ञान, इन्जिनियरिङ तथा प्राविधिक विषयका लागि प्रयोगशाला तथा उपकरण व्यवस्थापन),
१२. प्रदेश सभा निर्वाचन क्षेत्र नमूना विद्यालय,
१३. अपाङ्गता भएका बालबालिकाहरूका लागि स्रोत कक्षा सुदृढीकरण,
१४. प्रत्येक जिल्लामा नमूना क्यापम्सको स्थापना र सञ्चालन,
१५. कक्षा ८ र १० का लागि खुल्ला विद्यालय सञ्चालन,
१६. सामुदायिक क्याम्पस सुदृढीकरण,
१७. विद्यालय बाहिर रहेका बालबालिकाको भर्ना तथा पहुँच विस्तार (विशेष भर्ना अभियान तथा छात्रवृत्ति र प्रोत्साहन),
१८. विद्यालय शिक्षा गुणस्तर सुधार तथा शैक्षिक पूर्वाधार सुदृढीकरण (विद्यालय भवन, प्रयोगशाला, उपकरण, सिकाइ सामग्री तथा प्रविधिको व्यवस्था),
१९. शिक्षक तथा शैक्षिक जनशक्ति क्षमता अभिवृद्धि (तालिम, अभिमुखीकरण तथा पेशागत विकास),
२०. विद्यार्थी टिकाउ तथा सिकाइ उपलब्धि सुधार (पूरक कक्षा, सिकाइ सहयोग, छात्रावास तथा शैक्षिक सामग्री सहयोग),
२१. बालविवाह न्यूनीकरण तथा शिक्षा निरन्तरता प्रबर्द्धन (अभिमुखीकरण, सामाजिक सचेतना तथा संस्थागत समन्वय),
२२. प्राविधिक, व्यावसायिक तथा श्रम बजार उन्मुख शिक्षा विकास (प्राविधिक विश्वविद्यालय स्थापना, उद्योगसँग सहकार्य, कार्यमा आधारित सिकाइ),
२३. प्राविधिक शिक्षालय विस्तार,
२४. सामुदायिक तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण,
२५. बालिका तथा समावेशी शिक्षा सुदृढीकरण,
२६. विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम प्रबर्द्धन,
२७. एक पालिका एक नमुना विद्यालय सञ्चालन सहयोग,
२८. खप्तडमा योग, ध्यान तथा आध्यात्मिक शिक्षा,
२९. स्थानीय तहको प्रत्येक वडामा एक-एक वटा नमूना बालविकास केन्द्र स्थापना,

२९. अनाथ, विपन्न र सिमान्तकृत समुहका विद्यार्थीहरूको लागि छात्रावास,
३०. डिजिटल सिकाइ तथा साक्षरता,
३१. छोरी शिक्षा सुरक्षा वचत।

## ६.२ स्वास्थ्य तथा पोषण

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ र सङ्घीय शासन प्रणाली अनुसार स्वास्थ्य क्षेत्रका विभिन्न कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरिएको छ। यस सन्दर्भमा, प्रदेश सरकारको अधिकार क्षेत्रभित्र स्वास्थ्य सेवा व्यवस्थापन, नियमन तथा गुणस्तर सुनिश्चितता प्रमुख जिम्मेवारीका रूपमा रहेको छ। कार्यविस्तृतिकरण प्रतिवेदन, २०७३ अनुसार प्रदेश सरकारले स्वास्थ्यसेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानून, गुणस्तर, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ (प्रशामक) स्वास्थ्य सेवाको व्यवस्थापन, स्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन, अनुमति र नियमन, राष्ट्रिय मापदण्ड बमोजिम औषधि जन्य तथा स्वास्थ्य प्रविधि सामग्री उत्पादन, संचय, अधिकतम खुद्रा मूल्य, अन्तिम विसर्जन सम्बन्धी गुणस्तर मापदण्ड, दर्ता, सञ्चालन अनुमति र नियमन, राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरूको दर्ता, सञ्चालन अनुमति र नियमन, खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवम् गुणस्तरको मापदण्ड र कार्यान्वयन, राष्ट्रिय मापदण्डबमोजिम स्वास्थ्य बीमालगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन, औषधि निगरानी, औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधन प्रतिरोध न्यूनीकरण, खोप र परिवार नियोजनलगायतका गुणस्तर संवेदनशील औषधि तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन, आयुर्वेद र अन्य प्रचलित स्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय मापदण्ड र व्यवस्थापन, जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स), निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार, जनस्वास्थ्य आपत्कालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन, सरुवा र नसर्ने रोग नियन्त्रण तथा रोकथाम, आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाहलगायतका जिम्मेवारीहरू प्रदेश सरकारमा पर्दछन्। यी सेवाहरू सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थामार्फत राष्ट्रिय मापदण्ड अनुसार प्रदान हुँदै आएका छन्।

जनस्वास्थ्यका व्यापक आयामहरूअन्तर्गत वातावरणीय तथा सामुदायिक स्वास्थ्य व्यवस्थापन पनि प्रदेश सरकारको जिम्मेवारी भित्र पर्दछ। आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा औषधि र स्वास्थ्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन पनि प्रदेश सरकारको महत्त्वपूर्ण दायित्व हो। प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थाहरूको सुदृढीकरणका लागि भौतिक पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन, उपकरण तथा औषधि आपूर्ति, न्यूनतम सेवा मापदण्ड कार्यान्वयन जस्ता कार्यहरू निरन्तर रूपमा अगाडि बढाइँदै आएका छन्।

पोषणलाई मानव विकासको आधारभूत अवयवका रूपमा स्वीकार गर्दै संविधानले यसलाई राज्यको दायित्वका रूपमा परिभाषित गरेको छ। स्वास्थ्य, शिक्षा, उत्पादकत्व तथा जीवनस्तरसँग प्रत्यक्ष सम्बन्धित पोषण क्षेत्रमा प्रदेशले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने सम्भावना रहेको छ। यसअन्तर्गत कुपोषण न्यूनीकरण, मातृ तथा शिशु पोषण सुदृढीकरण, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त आहार प्रवर्द्धन तथा बहुक्षेत्रीय समन्वयमार्फत दिगो विकास लक्ष्यहरू हासिल गर्न सकिने आधारहरू विद्यमान छन्।

यस पृष्ठभूमिमा, सुदूरपश्चिम प्रदेश सरकारले स्वास्थ्य तथा पोषण क्षेत्रलाई एकीकृत, बहुक्षेत्रीय तथा जीवनचक्रमा आधारित दृष्टिकोणबाट अघि बढाउँदै गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्नुका साथै मानव पूँजी निर्माण गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

### ६.२.२ विद्यमान अवस्था

नेपालको संविधानले सङ्घीय शासन प्रणाली अनुसार स्वास्थ्य क्षेत्रका अधिकार र जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट रूपमा बाँडफाँट गरेको छ। संविधानका अनुसूची ६,७ र ९ अनुसार प्रदेश सरकारलाई स्वास्थ्यसम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ। शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ जारी भइ कैलालीको गेटामा विश्वविद्यालय सञ्चालन गर्ने कानूनी आधार तयार भएको छ। यही संवैधानिक आधारमा प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ र प्रदेश स्वास्थ्य नीति, २०७८ तर्जुमा गरी गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच विस्तार गर्ने लक्ष्य सहित कार्यान्वयनमा ल्याइएको छ। साथै, प्रादेशिक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य रणनीतिक योजना (२०८२/०८३-२०८७/८८), मानसिक स्वास्थ्य तथा मनोपरामर्श रणनीतिक कार्ययोजना (२०८२-२०८७) र प्रादेशिक सुरक्षित गर्भपतन निर्देशिका, २०८२ लगायतका नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएका छन्।

प्रदेश सरकारले निजी तथा सामुदायिक अस्पतालहरूलाई आवश्यक सहजीकरण प्रदान गर्दै सामाजिक उत्तरदायित्व सुनिश्चित हुने गरी नियमन गर्दै आएको छ। प्रदेशअन्तर्गतका अस्पतालहरूमा फिजियोथेरापी सेवा विस्तार गरिएको छ भने सेती, महाकाली र टिकापुर अस्पतालमा मानसिक स्वास्थ्य इकाई स्थापना गरी सेवा सञ्चालनमा ल्याइएको छ।

आधारभूत स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न ९ वटै जिल्लाका ८८ स्थानीय तहसँग समन्वय गरी १२३ वटा प्रसूति केन्द्र, ६६ वटा सहरी स्वास्थ्य केन्द्र र ६३ वटा सामुदायिक स्वास्थ्य इकाई गरी जम्मा २५२ वटा भवन निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गरिएको छ। हाल प्रदेशमा ५९ अस्पताल, १३ प्राथमिक स्वास्थ्य केन्द्र, ३७१ स्वास्थ्य चौकी, २८३ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १७२ सामुदायिक स्वास्थ्य इकाई, १०४ सहरी स्वास्थ्य केन्द्र र ३३ आयुर्वेदिक औषधालयहरूबाट सेवा प्रवाह भइरहेको छ। साथै, सेती प्रादेशिक अस्पतालको नयाँ भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ।

मानव स्रोत र सेवा विस्तार तर्फ ९ वटै जिल्लामा विद्यालय नर्स कार्यक्रम लागू गरिएको छ। प्राविधिक सुदृढीकरणका रूपमा डोटीमा प्रदेशस्तरीय बायोमेडिकल इन्जिनियरिङ्ग प्रयोगशाला स्थापना भई सञ्चालनमा आएको छ। अस्पतालहरूमा आकस्मिक सेवा, शल्यक्रिया, सघन उपचार कक्ष, फार्मेसी, रेडियोलोजी, फिजियोथेरापी, टेलिहेल्थ, इलेक्ट्रोनिक मेडिकल रेकर्ड, अनलाइन टिकट प्रणाली तथा अन्य डिजिटल प्रणालीहरू लागू गरिएका छन्। महामारी, आपतकालीन अवस्था र संक्रामक रोग नियन्त्रणका लागि बहुपक्षीय सहकार्य र कानूनी व्यवस्था कार्यान्वयन गरिएको छ। प्रदेशले विशेषज्ञ स्वास्थ्य सेवाको विकेन्द्रीकरण गर्दै निःशुल्क रक्तसञ्चार सेवा, क्यान्सरको स्क्रिनिंग, आनुवंशिक रोग परीक्षणलगायत सेवा विस्तार गरेको छ। महाकाली प्रादेशिक अस्पतालमा आकस्मिक उपचार कक्षको भवन, टिकापुर अस्पतालअन्तर्गत सरुवा रोग अस्पतालको भवन, जिल्ला अस्पताल डोटी तथा स्वास्थ्य कार्यालय बाजुराका भवनहरू निर्माण भई सेवा प्रवाहका लागि भौतिक पूर्वाधार सुदृढ गरिएको छ। सेती प्रादेशिक अस्पतालबाट क्यान्सर रोगको स्क्रिनिङ तथा IUF सेवा सुरु भएको छ। जिल्ला अस्पतालहरूमा विशेषज्ञ चिकित्सकहरूको नियमित सेवा सुनिश्चित गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ। प्रदेशअन्तर्गतका सबै अस्पताल र स्वास्थ्य कार्यालयमा अत्यावश्यक औषधि खरिदका लागि वार्षिक बजेट विनियोजन गरी आपूर्ति श्रृङ्खलालाई मजबुत बनाइएको छ। स्वास्थ्य सेवाको पहुँच र समावेशितालाई बलियो बनाउने उद्देश्यले प्रदेश स्वास्थ्य बीमा बोर्डसँगको सहकार्यमा स्वास्थ्य बीमा विस्तार गरिएको छ।

सेती प्रादेशिक अस्पतालअन्तर्गत टेलिमेडिसिन सेवा केन्द्र स्थापना भई जिल्ला अस्पतालहरूबाट सेवा सञ्चालनका लागि पूर्वाधार निर्माण गरिएको छ। सेती प्रादेशिक अस्पतालबाट विस्तारित सेवा, टिकापुर अस्पतालमा डायलाइसिस सेवा तथा सेती, महाकाली र टिकापुर अस्पतालमा सिकलसेल एनेमिया र थालेसिमिया रोगको निःशुल्क उपचारको व्यवस्थाले जोखिममा रहेका समुदायको उपचार पहुँच सुदृढ गरेको छ। कैलालीमा प्रादेशिक आयुर्वेद चिकित्सालय स्थापना भई सेवा सञ्चालनमा आएको छ भने महाकाली र डोटीका आयुर्वेद केन्द्रमा योग हल निर्माण सम्पन्न भएको छ। साथै, कल्पसनद चिकित्सा पद्धतिको सम्भाव्यता अध्ययन सम्पन्न भई थप अनुसन्धानको आवश्यकता देखिएको छ।

मातृ शिशु स्वास्थ्यका सन्दर्भमा नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण, २०२२ र मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ को नतिजा अनुरुप ४ पटकभन्दा बढी गर्भ जाँच गर्ने महिला ९० प्रतिशत, संस्थागत रूपमा दक्ष स्वास्थ्यकर्मीद्वारा सुत्केरी हुने महिलाको प्रतिशत ८७.८ र प्रदेशको मातृ मृत्यु दर प्रति १ लाख जीवित जन्ममा १३० रहेको देखिन्छ। त्यसैगरी पाँच वर्षमुनिका बालबालिकामा स्टन्टिङ्ग दर २८.४ प्रतिशत र प्रति एक हजार जीवित जन्ममा नवजात शिशु मृत्यु दर २७ जना रहेको छ। समग्र रूपमा सुदूरपश्चिम प्रदेशको स्वास्थ्य क्षेत्रले सेवाको पहुँच विस्तार गरे तापनि स्वास्थ्य परिणाम अपेक्षितस्तरमा पुग्न सकेको छैन। त्यसैले आगामी नीतिगत सुधारमा तथ्याङ्कको नियमित विश्लेषण, अन्तर-प्रदेश सिकाइ, मातृ तथा शिशु स्वास्थ्यमा लक्षित लगानी, मानव शक्ति सन्तुलन र समुदायस्तरीय सचेतनालाई केन्द्रमा राख्नु अपरिहार्य देखिन्छ।

बहुक्षेत्रीय पोषण योजनाको दोस्रो र तेस्रो चरणको प्रभावकारी कार्यान्वयनका लागि नीति, योजना आयोग तथा सरोकारवालासँग समन्वय गरिएको छ। सेती प्रादेशिक अस्पताल र जिल्लाका पोषण पुनर्स्थापना

गृहलाई वार्षिक बजेट विनियोजन गरी सेवा सञ्चालनमा सहयोग गरिएको छ। मुख्यमन्त्री पोषण सुधार कार्यक्रमअन्तर्गत गर्भवती, सुत्केरी महिला र वृद्धवृद्धाहरूको पोषण स्थितिमा सुधार ल्याउने उद्देश्यले पोषणयुक्त खानेकुरा वितरण गरिएको छ, जसले प्रदेशमा पोषणस्तर सुधार र जोखिम समुहको स्वास्थ्य सुरक्षा दुवैमा योगदान पुऱ्याएको देखिन्छ।

### ६.२.३ मुख्य सवाल तथा चुनौती

१. **गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँचको सुनिश्चितताः** सबै समुदाय, वर्ग र विकट भौगोलिक क्षेत्रसम्म गुणस्तरीय स्वास्थ्य सेवामा समान पहुँच पुऱ्याउनु, दुर्गम क्षेत्र तथा सीमान्तकृत वर्गमा नियमित, प्रभावकारी र गुणस्तरीय सेवा सञ्चालन गर्नु, आवश्यकता अनुसार विशेषज्ञ सेवा, आकस्मिक उपचार तथा गुणस्तरीय सेवा उपलब्ध गराउनु।

२. **भौतिक पूर्वाधार विकास र व्यवस्थापनः** अस्पताललगायत अन्य सबै स्वास्थ्य संस्थाहरूमा भवन तथा प्रयोगशालाको पूर्वाधार विकास गर्नु, अस्पताल तथा स्वास्थ्य केन्द्रका लागि आवश्यक प्रविधि तथा उपकरणको व्यवस्थापन गर्नु।

३. **मानव स्रोत विकास र व्यवस्थापनः** दक्ष जनशक्ति व्यवस्थापन गर्नु, दक्ष जनशक्तिलाई ग्रामीण तथा दुर्गम क्षेत्रमा टिकाइ राख्नु, मानव स्रोतको योजना, व्यवस्थापन र कार्यसम्पादन मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागू गर्नु, स्वास्थ्यसँग सम्बन्धित नीति र कानूनको प्रभावकारी कार्यान्वयन गर्नु।

४. **औषधि तथा उपकरण आपूर्ति व्यवस्थापनः** स्वास्थ्य संस्थाहरूका लागि आवश्यक उपकरण, औषधि र निःशुल्क वितरण गर्ने औषधिको नियमित आपूर्ति गर्नु, बिरामीको आवश्यकता अनुसारका औषधि स्वास्थ्य संस्थामा उपलब्ध गराउनु, आवश्यक मात्रामा अन्य औषधिहरू खरीद गरी म्याद भित्रै खपत हुने व्यवस्था मिलाउनु, सबै रोगको औषधि निःशुल्क रूपमा वितरण गर्नु।

५. **रोग नियन्त्रण, निगरानी र डिजिटल स्वास्थ्य प्रणालीको व्यवस्थापनः** नसर्ने रोगको भारलाई न्यूनीकरण गर्नु, सर्ने तथा नसर्ने रोगहरूको नियन्त्रण, व्यवस्थापन र निगरानी प्रणाली प्रभावकारी बनाउनु, डिजिटल स्वास्थ्य, टेलिमेडिसिन तथा प्रविधिको प्रयोग बढाउनु, दुर्गम क्षेत्रमा विशेषज्ञ सेवा विस्तार गर्नु, स्वास्थ्य सूचना प्रणाली सुदृढ गरी तथ्याङ्कमा आधारित सेवा प्रवाह गर्नु, स्वास्थ्य सचेतना अभिवृद्धि गर्नु।

६. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सेवा सुदृढीकरणः** दक्ष प्रसूति, प्रजनन तथा खोप र पोषण सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, मातृ तथा शिशु मृत्युदरमा दिगो विकासको लक्ष्य हासिल गर्नु, स्वास्थ्य सचेतना अभिवृद्धि गर्नु।

७. **स्वास्थ्य सचेतना तथा डिजिटल स्वास्थ्य साक्षरता अभिवृद्धिः** समुदायमा स्वास्थ्य सचेतना बढाउनु, डिजिटल स्वास्थ्य साक्षरतालाई उच्च स्तरमा पुऱ्याउनु, जनस्वास्थ्यमा दीर्घकालीन असर पार्ने कारकहरूको न्यूनीकरणका लागि समुदाय-केन्द्रित कार्यक्रम वृद्धि गर्नु।

८. **कुपोषण न्यूनीकरण तथा पोषण सुधारः** प्रदेशमा बालबालिका, गर्भवती तथा सुत्केरी महिला, किशोरी तथा सीमान्तकृत समुदायमा रहेको कुपोषणको अन्त्य गर्नु, खाद्य सुरक्षा, आहारमा विविधता, स्वच्छ पानी, सरसफाइ, स्वास्थ्य सेवा र पोषण शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनु, स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी तथा सरसफाइ र सामाजिक संरक्षणको प्रभावकारी समन्वय गरी पोषणमैत्री नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नु।

### ६.२.४ उद्देश्य

१. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्नु।
२. सबै नागरिकका लागि समतामूलक, गुणस्तरीय र सुलभ आधारभूत स्वास्थ्य सेवा र विशेषज्ञ सेवा सुनिश्चित गर्नु।
३. मातृ तथा बाल स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण गर्नु।
४. परिवार योजना, यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्नु।
५. नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रबर्द्धन, स्वास्थ्य सुरक्षा तथा आपतकालीन तयारी सुदृढीकरण गर्नु।
६. आयुर्वेद र वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गर्नु।
७. पोषण सेवालाई सुदृढीकरण गर्नु।

### ६.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्नु।** | |
| १. प्रदेशस्तरीय स्वास्थ्य सेवामा गुणस्तर, पहुँच, दक्ष जनशक्ति तथा प्रविधिमैत्री सेवा प्रणाली सुदृढ गर्ने। | १.१ प्रदेश अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्य पूर्वाधार, उपकरण, औषधि आपूर्ति र विशेषज्ञ स्वास्थ्य जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास गरिनेछ।<br>१.२ डिजिटल स्वास्थ्य प्रणाली, गुणस्तर मापन तथा अनुगमन प्रणाली विस्तार गरी नागरिकमैत्री, प्रभावकारी र उत्तरदायी स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ। |
| **उद्देश्य २ : सबै नागरिकका लागि समतामूलक, गुणस्तरीय र सुलभ आधारभूत स्वास्थ्य सेवा र विशेषज्ञ सेवा सुनिश्चित गर्नु ।** | |
| १. निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने। | १.१ सबै लिङ्ग, वर्ग, समुदायका नागरिकको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउन आवश्यक नीति, नियम, कार्यविधि र मापदण्ड तत्काल लागू गरिनेछ।<br>१.२ सङ्घ र स्थानीय तहसँग समन्वय गरी स्थानीय तहहरूमा १५ शय्याका अस्पताल निर्माण तथा सञ्चालनमा सहजीकरण गरिनेछ।<br>१.३ स्वास्थ्य संस्थाका भवन, उपकरण तथा औषधि आपूर्ति सुदृढ गरिनेछ।<br>१.४ दुर्गम क्षेत्रका रणनीतिक स्थानहरूमा भएका पूर्वाधारयुक्त स्वास्थ्य संस्थामा मोबाइल तथा स्मार्ट स्वास्थ्य सेवा विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ प्रादेशिक अस्पताललाई सुविधा सम्पन्न र विशेषज्ञ जनशक्तिको व्यवस्थापन गरी पहुँचयोग्य सेवा उपलब्ध गराइनेछ।<br>१.६ स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई सेवामा टिकाइ राख्न विशेष प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.७ डिजिटल स्वास्थ्यका माध्यमद्धारा नागरिकको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ। |
| २. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा प्रभावकारी व्यवस्थापन गर्ने। | २.१ सबै स्थानीय तहअन्तर्गतका आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने संस्थाहरूको (आधारभूत अस्पतालसमेत) न्यूनतम सेवा मापदण्ड र गुणस्तर सुनिश्चित गरिनेछ।<br>२.२ स्वास्थ्य सेवा प्रवाहमा व्यवस्थापकीय जिम्मेवारी र जवाफदेही प्रणाली सुदृढ गरिनेछ।<br>२.३ स्वास्थ्य मानवशक्तिको सन्तुलन कायम गर्दै दक्षता अभिवृद्धि, तालिम कार्यक्रम सञ्चालन तथा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी टिकाइ राख्न विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>२.४ ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम, विद्यालय मानसिक स्वास्थ्य कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। |
| ३. विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको विकास, विस्तार र व्यवस्थापन गर्ने। | ३.१ सेती प्रादेशिक अस्पतालमा शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको सेवा विस्तारका लागि नेपाल सरकारसँग आवश्यक सवन्वय र सहकार्य गरिनेछ।<br>३.२ विशिष्टीकृत सेवाको लागि नेपाल सरकारसँग समन्वय गर्दै स्थानीयस्तरमा आधाभूत अस्पताल तथा प्रदेशस्तरमा जनरल र विशेषज्ञ चिकित्सकीय सेवा व्यवस्थापन गरिनेछ।<br>३.३ प्रदेशभित्रका अस्पतालहरूमा टेलिमेडिसिन, जेरियाट्रीक सेवा, फिजियोथेरापी, मुख स्वास्थ्य, मानसिक स्वास्थ्य तथा आँखाको प्राथमिक स्वास्थ्यलगायतका सेवाको प्रावधान राखिनेछ।<br>३.४ विशिष्टीकृत सेवामा सहज पहुँचका लागि प्रसूति तथा बालरोग, सर्ने तथा नसर्ने रोग, मृगौला रोग र ट्रमा व्यवस्थापनसम्बन्धी अस्पतालको स्थापना तथा सञ्चालन गरिनेछ।<br>३.५ सङ्घ तथा स्थानीय तहसँग समन्वय गरी उपचारात्मक सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन न्यूनतम सेवा मापदण्ड सुनिश्चित गरी स्वास्थ्य संस्थामा एम्बुलेन्स, एक्स-रे, प्रयोगशाला र फार्मेसी सेवाको विकास तथा विस्तार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.६ आकस्मिक स्वास्थ्य अवस्थामा रहेका नागरिकको शीघ्र स्वास्थ्य उपचारका लागि निश्चित मापदण्ड बनाई "एयर एम्वुलेन्स" सेवा उपलब्ध गराउन सङ्घीय सरकारसँग सवन्वय र सहकार्य गरिनेछ।<br>३.७ प्रदेशभित्र स्वास्थ्य सेवाको सहज पहुँचमा नरहेका नागरिकहरूलाई आवश्यकताअनुसार विशेषज्ञ सेवा सहितको घुम्ती शिविरहरू सञ्चालन गरी सेवा पुऱ्याइनेछ। |
| ४. स्वास्थ्य क्षेत्रअन्तर्गत दक्ष जनशक्तिको उत्पादन गर्ने। | ४.१ प्रदेशमा स्वास्थ्य जनशक्ति विकासको दीर्घकालीन योजना तर्जुमा गरी विशेषज्ञ, प्राविधिक र सहयोगी जनशक्तिको कोटा निर्धारण र उत्पादन प्रणाली सुदृढ गरिनेछ।<br>४.२ मेडिकल, नर्सिङ, पब्लिक हेल्थ, फार्मेसी र अन्य स्वास्थ्य शिक्षण संस्थाको गुणस्तर बढाइ उपकरण, प्रयोगशाला र प्रशिक्षक व्यवस्थापन सुदृढ गरिनेछ।<br>४.३ दुर्गम क्षेत्रका विद्यार्थीका लागि छात्रवृत्ति र सेवा-करार कार्यक्रम सञ्चालन गर्दै पेशागत विकास र पुनर्ताजगी तालिम दिइनेछ।<br>४.५ डिजिटल स्वास्थ्य, टेलिमेडिसिन र आपतकालीन सेवामा दक्षता बढाउने कार्यक्रम सञ्चालन गरी स्वास्थ्य जनशक्तिको तथ्याङ्क व्यवस्थापनका लागि एकीकृत सूचना प्रणाली विकास गरिनेछ। |
| **उद्देश्य ३ : मातृ तथा बाल स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण गर्नु ।** | |
| १. मातृ शिशु स्वास्थ्य सुधार गर्ने। | १.१ उच्च जोखिमयुक्त जिल्लामा विशेष लक्षित कार्यक्रम सञ्चालन गरी मातृ शिशु स्वास्थ्य, पोषण तथा आकस्मिक उपचारको पहुँच बढाइनेछ।<br>१.२ दुर्गम क्षेत्रमा दक्ष स्वास्थ्यकर्मी, आधारभूत सेवा केन्द्र र स्वास्थ्य संस्थाहरूबाट निःशुल्क रूपमा पाइने औषधिको प्रकार थप गरी आपूर्ति व्यवस्था सुदृढ गरिनेछ।<br>१.३ नवजात, शिशु तथा बाल स्वास्थ्यसम्बन्धी तथ्याङ्क सङ्कलन, अनुगमन र मूल्याङ्कन प्रणाली सुदृढ गरिनेछ।<br>१.४ बालबालिकाको सघन उपचार सेवा, मातृ स्वास्थ्य सेवाको विस्तार गरी सेवा प्रभावकारी बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य सेवाको गुणस्तर र पहुँच विस्तार गर्ने। | २.१ गर्भावस्था, सुत्केरी तथा प्रसूति पछिको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न सुरक्षित मातृत्व सेवा विस्तार गरिनेछ।<br>२.२ स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा सुनिश्चित गर्न दक्ष स्वास्थ्यकर्मी, उपकरण तथा आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।<br>२.३ मातृ तथा शिशु पोषण सुधारका लागि पोषण कार्यक्रम, सचेतना तथा सामुदायिक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ गर्भवती तथा सुत्केरी महिलाको नियमित स्वास्थ्य जाँच, पोषण परामर्श तथा जोखिम पहिचानका कार्यक्रम सुदृढ गरिनेछ।<br>२.५ मातृ तथा बाल मृत्यु दर घटाउन स्थानीय तहसँग समन्वय गरी समुदायस्तरमा स्वास्थ्य सचेतना तथा निगरानी प्रणाली सुदृढ गरिनेछ।<br>२.६ ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई प्रभावकारी रूपमा समुदायस्तरमा विस्तार गरिनेछ। |
| **उद्देश्य ४ : परिवार योजना, यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्नु ।** | |
| १. यौन तथा प्रजनन, परिवार योजना र किशोर किशोरी स्वास्थ्य सेवालाई समय सापेक्ष विस्तार गर्ने। | १.१ आधुनिक गर्भनिरोधक उपायहरूको पहुँच विस्तार गरी परिवार योजना र सुरक्षित गर्भपतन सेवालाई क्रमशः विस्तार गरिनेछ।<br>१.२ प्रत्येक पालिकामा कम्तीमा एक किशोरकिशोरीमैत्री स्वास्थ्य संस्थाको स्थापना गरिनेछ।<br>१.३ शिक्षा क्षेत्रसँग समन्वय गरी वृहत यौनिकता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरी यौन तथा प्रजनन स्वास्थ्य, पोषण र सुरक्षित व्यवहारसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि गर्ने। | २.१ यौन तथा प्रजनन स्वास्थ्य, पोषण र सुरक्षित व्यवहारसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ बालविवाह रोकथाम तथा किशोर-किशोरी स्वास्थ्य अधिकार संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ किशोरी आमा तथा जोखिममा रहेका किशोर-किशोरीका लागि समुदाय र विद्यालयमा सामाजिक समर्थन तथा परामर्श प्रणाली सुदृढ गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ लिङ्गको आधारमा गरिएको गर्भपतनलाई निरुत्साहित गर्दै, छाउपडी, उमेर नपुग्दै हुने विवाह र गर्भधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक अभ्यासलाई सम्बोधन गर्न लक्षित कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिनेछ। |
| **उद्देश्य ५ : नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रबर्द्धन, स्वास्थ्य सुरक्षा तथा आपतकालीन तयारी सुदृढीकरण गर्नु ।** | |
| १. नसर्ने रोग नियन्त्रण तथा व्यवस्थापन गर्ने। | १.१ क्यान्सर, मधुमेह, मृगौला तथा मुटु रोग जस्ता नसर्ने रोगहरूको पहिचान, निदान, उपचार, परामर्श तथा प्रेषणको लागि गाउँ तहसम्म समुदायमा आधारित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।<br>१.२ महिलाहरूको पाठेघरको मुख र स्तन क्यान्सरको नियमित परीक्षण सेवा विस्तार गरिनेछ।<br>१.३ समुदाय-केन्द्रित सचेतना कार्यक्रममार्फत महिलालगायत सम्पूर्ण वर्गमा स्वास्थ्य शिक्षा कार्यक्रम विस्तार गरिनेछ।<br>१.४ प्रयोगशाला तथा परीक्षण क्षमता अभिवृद्धि, संक्रमण ट्र्याकिङ र निगरानी प्रणाली सुदृढ गर्दै आकस्मिक सेवा तथा व्यक्तिगत सुरक्षात्मक सामग्री (पर्सोनल प्रोटेक्टिभ इक्यूप्मेण्ट) को आपूर्ति सुनिश्चित गरिनेछ।<br>१.५ बहुक्षेत्रीय सहकार्यमा सुर्तीजन्य पदार्थ, मदिरा तथा लागू पदार्थको विक्री वितरण तथा प्रयोगलाई नियन्त्रण एवम् नियमन गरिनेछ ।<br>१.६ सरकारी कार्यालयमा स्वस्थकर जीवनशैली प्रबर्द्धन गर्न योग, ध्यानलाई बढावा दिँदै तनाव व्यवस्थापन तथा शारीरिक क्रियाकलापका लागि आवश्यक स्थान र उपकरणको व्यवस्था गरिनेछ।<br>१.७ सिकलसेल एनेमिया तथा थालेसेमिया जस्ता आनुवंशिक रोगहरूको रोकथाम र निःशुल्क उपचारको लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ।<br>१.८ नसर्ने रोगहरूसम्बन्धी अध्ययन अनुसन्धान गरी सामुदायिक र संस्थागतस्तरमा गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवाको कार्ययोजना बनाई लागू गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.९ स्थानीय तहको सहकार्यमा स्वस्थ शहर (Healthy City Initiative), स्वस्थ गाउँपालिका/नगरपालिका अभियानलाई क्रमशः लागू गरी विस्तार गरिनेछ। |
| २. मानसिक स्वास्थ्यलाई प्राथमिकीकरण गर्दै समतामूलक सेवाको सर्वसुलभता र उपयोग सुनिश्चित गर्ने। | २.१ मानसिक स्वास्थ्य प्रबर्द्धन तथा मानसिक रोग र समस्याका बारेमा विद्यमान अन्धविश्वास, भ्रम, सामाजिक लाञ्छना हटाउन जनचेतना अभिवृद्धि गरिनेछ।<br>२.२ मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा प्रवाहका लागि आवश्यक जनशक्ति, औषधि तथा औषधिजन्य सामग्री, औजार, उपकरणलगायत सम्पूर्ण संयन्त्रको व्यवस्थापन गरिनेछ।<br>२.३ मानसिक स्वास्थ्य सेवासँग सम्बन्धित सूचना प्रणालीलाई थप व्यवस्थित गरी अध्ययन अनुसन्धानको दायरालाई फराकिलो बनाइनेछ।<br>२.४ मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्याको जोखिम तथा जटिलता न्यूनीकरण गर्न समयमा नै पहिचान, व्यवस्थापन, प्रेषण तथा पुनर्स्थापना गरिनेछ।<br>२.५ प्रत्येक विद्यालयमा एकजना मनोपरामर्श तालिम प्राप्त शिक्षकको व्यवस्था गरिनेछ।<br>२.६ मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवासम्बन्धी पुनर्स्थापना र परामर्श सेवालाई विस्तार गरिनेछ।<br>२.७ आकस्मिक तथा विपद्को अवस्थामा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>२.८ मानसिक स्वास्थ्य सेवासँग सम्बन्धित सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ। |
| ३. स्वास्थ्य सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउने। | ३.१ सङ्घ तथा स्थानीय तहको समन्वयमा विपन्न, अपाङ्गता भएका व्यक्तिलगायतका नागरिकहरूलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरी स्वास्थ्य बीमा कार्यक्रमलाई प्रदेशभरि लागू गरिनेछ।<br>३.२ सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागि सञ्चालित स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन सङ्घ तथा स्थानीय सरकारसँग सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.३ श्रमिकहरूको स्वास्थ्य सुरक्षा गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण र रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सेवाको निःशुल्क उपलब्धता र पहुँचमा सुनिश्चितता गरिनेछ। |
| ४. स्वास्थ्य क्षेत्रमा देखा पर्ने आपतकालीन अवस्था, विपद् र महामारीको प्रभावकारी नियन्त्रण तथा व्यवस्थापन गर्ने। | ४.१ महामारीले स्वास्थ्य क्षेत्रमा पार्न सक्ने प्रभावलाई न्यूनीकरण गर्न प्रादेशिक पूर्वएकीकृत तयारी र प्रतिकार्य रणनीति एवम् कार्ययोजना तयार गरिनेछ।<br>४.२ सम्भावित विपद् तथा महामारीको अवस्थालाई मध्यनजर गर्दै रणनीतिक स्थान तथा स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधिलगायतका स्वास्थ्य एवम् पोषण सामग्री भण्डारणको व्यवस्था गरिनेछ।<br>४.३ प्रदेश तथा स्थानीय तहहरूमा द्रूत प्रतिकार्य टोली तथा आकस्मिक चिकित्सकीय टोली, आकस्मिक मेडिकल परिचालन टोलीको गठन तथा क्षमता अभिवृद्धि गरिनेछ। |
| **उद्देश्य ६ : आयुर्वेद र वैकल्पिक चिकित्सा पद्धतिको विकास तथा विस्तार गर्नु ।** | |
| १. आयुर्वेद र वैकल्पिक उपचार पद्धतिको विकास र विस्तार गर्ने। | १.१ प्रत्येक स्थानीय तहमा आयुर्वेद स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य सेवासँगै एकीकृत रूपमा सञ्चालन गरिनेछ।<br>१.२ योग तथा प्राकृतिक चिकित्सा पद्धतिलाई विस्तार गर्न योग तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना गरिनेछ।<br>१.३ जडिबुटी खेतीलाई प्रोत्साहन गरी यसबाट उत्पादन गरिने औषधिको प्रयोग सम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ।<br>१.४ आयुर्वेद अनुसन्धान केन्द्र, प्रयोगशाला र औषधालयको पहुँच विस्तार गरिनेछ। |
| **उद्देश्य ७ : पोषण सेवालाई सुदृढीकरण गर्नु ।** | |
| १. समुदायमा पोषणको स्थितिमा सुधार गर्ने। | १.१ बहुक्षेत्रीय पोषण योजनाको वार्षिक नीति तथा कार्यक्रममार्फत योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरिनेछ।<br>१.२ विद्यालय र समुदायमा पोषण सम्बन्धी पाठ्यक्रम र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ स्थानीय पोषण समितिको समन्वयमा पोषण अभियान तथा खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ बहु-क्षेत्रीय पोषणका लागि बहुसरोकारवाला निकायहरूबीच समन्वय र साझेदारी प्रबर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सङ्घ तथा स्थानीय तहसँगको समन्वयमा बालबालिका र मातृ पोषण स्वास्थ्य सेवालाई सुदृढीकरण गर्ने। | २.१ प्रभावकारी स्क्रिनिङमार्फत कुपोषित बालबालिकाको पहिचान गरी उपचार व्यवस्था गरिनेछ।<br>२.२ गर्भवती महिलालाई पोषिलो खाना र पोषण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.३ मातृ-शिशु पोषण सम्बन्धी तालिम र क्षमता अभिवृद्धि कार्यक्रम समय सापेक्ष सञ्चालन गरिनेछ। |

### ६.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. स्वास्थ्य पूर्वाधार, उपकरण, औषधि आपूर्ति,
२. डिजिटल स्वास्थ्य प्रणाली,
३. मुख्यमन्त्री स्वास्थ्य सुधार तथा पोषण,
४. स्वास्थ्यमा प्रविधि समृद्धिमा गति,
५. सबै आमाको हक-सुरक्षित गर्भ-सुरक्षित जीवन,
६. प्रादेशिक अस्पतालहरूमा निःशुल्क डायलाइसिस सेवा सञ्चालन,
७. जिल्ला अस्पताल सुदृढीकरण,
८. नमूना स्वास्थ्य संस्थाको विकास,
९. आयुर्वेद अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रको स्तरोन्नति तथा सेवा विस्तार,
१०. प्रादेशिक अस्पतालको जनशक्ति व्यवस्थापन तथा क्षमता विकास,
११. जनसङ्ख्या व्यवस्थापन, किशोरी स्वास्थ्य तथा यौन तथा प्रजनन स्वास्थ्य प्रबर्द्धन,
१२. स्वास्थ्य मानव स्रोत विकास तथा क्षमता अभिवृद्धि,
१३. एक स्थानीय तह एक जनस्वास्थ्य अधिकृतको व्यवस्थापन,
१४. स्वास्थ्य संस्था स्तरोन्नति तथा शैक्षिक पूर्वाधार सुदृढीकरण,
१५. बहुक्षेत्रीय पोषण सुधार तथा कुपोषण न्यूनीकरण,
१६. आहार, आनीबानी सम्बन्धी सचेतना, जङ्कफुड (पत्रु खाना) दुरुत्साहन,
१७. नसर्ने रोग पहिचान तथा उपचार सेवा विस्तार,
१८. समुदायमा स्वास्थ्य शिक्षा तथा सचेतना अभिवृद्धि,
१९. स्वास्थ्य आपतकालीन तयारी तथा स्वास्थ्य सुरक्षा सुदृढीकरण,
२०. समतामूलक तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवा पहुँच विस्तार,
२१. दुर्गम क्षेत्र लक्षित मोबाइल तथा टेलिमेडिसिन स्वास्थ्य सेवा विस्तार,
२२. विद्यालय शिक्षकको लागि मनोपरामर्श तालिम सञ्चालन,
२३. बिरामीहरूको विद्युतीय अभिलेखन प्रणाली विकास,
२४. मनोपरामर्श सेवा सञ्चालन,
२५. अत्यावश्यक उपकरण सहितको एम्बुलेन्स सेवा विस्तार,
२६. तराईमा एक स्थानीय तह एक सर्पदंश सेवा व्यवस्थापन,
२७. तहगत निकायहरूबीच समन्वय र सहकार्य,

२८. स्वास्थ्य सेवामा पहुँच कार्यक्रम (स्वास्थ्यकर्मीलाई LGBTIQ+ संवेदनशीलता तालिम, मानसिक स्वास्थ्य सेवा विस्तार, यौन तथा प्रजनन स्वास्थ्य सेवा, सुरक्षित यौन व्यवहारबारे जानकारी र सामग्री, ट्रान्सजेन्डर व्यक्तिका लागि हर्मोनथेरापी सम्बन्धी सेवा, स्वास्थ्य नीतिमा LGBTIQ+ मैत्री प्रावधान समावेश, भेदभाव विरुद्ध कडा कानूनी कार्यान्वयन, नागरिक पहिचान (ID) अनुसार सेवा पाउने सुनिश्चितता),
२९. ट्रमा केयर नेटवर्क,
३०. पोषण बैंक।

## ६.३ जनसङ्ख्या तथा बसाइसराइ

### ६.३.१ पृष्ठभूमि

कुनै निश्चित समयमा कुनै निश्चित स्थानमा बसोबास गर्ने मानिसहरूको कुल सङ्ख्या नै उक्त स्थानको जनसङ्ख्या हो। बसाइसराइ मानिसहरू एक स्थानबाट अर्को स्थानमा सर्ने प्रक्रिया हो, यसले आर्थिक, सामाजिक तथा वातावरणीय पक्षमा प्रत्यक्ष प्रभाव पार्छ। जनसङ्ख्या र बसाइसराइबीच घनिष्ठ र प्रत्यक्ष सम्बन्ध हुन्छ। बसाइसराइले कुनै क्षेत्रको जनसङ्ख्याको आकार, संरचना र वितरणमा ठूलो परिवर्तन ल्याउँछ। बराइसराइको मुख्य कारणका रूपमा रोजगारीको अभाव, शिक्षा तथा स्वास्थ्य सेवाको कमि रहेका छन्। हाल सुदूरपश्चिम प्रदेशमा विशेष गरी हिमाली भेग-पहाडबाट तराई, ग्रामीण क्षेत्रबाट सहरी तथा वैदेशिक रोजगारीतर्फ मौसमी र अस्थायी/स्थायी बसाइसराइ बढ्दो रूपमा रहेको छ।

सुदूरपश्चिम प्रदेशको जनसङ्ख्या र बसाइसराइको पृष्ठभूमि प्रदेशको सामाजिक, आर्थिक र स्वास्थ्य नीतिसँग प्रत्यक्ष सम्बन्धित छ। नेपालको संविधान, २०७२ मा साझा अधिकार अन्तरगत प्रदेशले जनसङ्ख्या व्यवस्थापन, भौगोलिक वितरण र आधारभूत जनसांख्यिक तथ्याङ्क सङ्कलनको जिम्मेवारी पाएको छ। यसअन्तर्गत प्रदेशस्तरमा जनगणना, नागरिक दर्ता, बसाइसराइ र बसोबासको मापदण्ड निर्माण गर्नु, स्थानीय तहमा तथ्याङ्क पहुँच र तथ्याङ्कको उपयोग सुनिश्चित गर्नु मुख्य कानूनी र प्रशासनिक कार्यअन्तर्गत पर्दछन्।

यस जिम्मेवारीअन्तर्गत स्थानीय तहसँग समन्वय गरेर नागरिकको स्थायी तथा अस्थायी बसोबास, आवासीय संरचना, प्रवासी कामदारको सङ्ख्याको अभिलेख राखी स्वास्थ्य, शिक्षा, रोजगार, सामाजिक सुरक्षा र पूर्वाधार योजना निर्माणका लागि आधार तयार गर्ने रहेको छ। जनसङ्ख्या र बसाइसराइको विश्लेषणले प्रदेशका विकास योजनामा प्राथमिकता निर्धारण, स्वास्थ्य सेवा वितरण, शिक्षा र रोजगारीको पहुँच, बालविवाह रोकथाम र परिवार नियोजनमा लक्षित कार्यक्रम निर्माणमा मद्दत पुऱ्याउँछ। स्थायी तथ्याङ्क र प्रवृत्तिको आधारमा प्रदेशले दुर्गम क्षेत्र स्वास्थ्य पहुँच, रोजगार अवसर सिर्जना, श्रम वितरण, आपतकालीन राहत योजना र सामाजिक सुरक्षा कार्यक्रममा सुधार गर्न सक्छ।

सम्भावना र अवसरका दृष्टिले, सुदूरपश्चिम प्रदेशको युवा जनसङ्ख्या, आन्तरिक तथा अन्तर्राष्ट्रिय प्रवास र गाउँ-शहरको बसोबास गतिशीलताले श्रमशक्ति व्यवस्थापन, दक्ष जनशक्तिको विकास, स्वास्थ्य र शिक्षा योजना लक्षित गर्ने र आपतकालीन सेवामा सुधार गर्ने अवसर प्रदान गर्दछ। साथै, तथ्याङ्कमा आधारित नीति

निर्माण, भौगर्भिक सूचना प्रणाली तथा डिजिटल नागरिक दर्ता प्रणालीको प्रयोगले प्रदेशमा प्लानिङ, अनुगमन र संसाधन व्यवस्थापनलाई प्रभावकारी बनाउने अवसर प्रदान गर्दछ।

### ६.३.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार सामाजिक विकास मन्त्रालयले जनसङ्ख्या तथा बसाइसराइ सम्बन्धी नीति, कानून, योजना, अध्ययन अनुसन्धान, सूचना प्रणाली स्थापना, सञ्चालन, क्षमता अभिवृद्धि, राष्ट्रिय संस्थाहरूसँग सम्पर्क तथा समन्वय गर्ने गरी जिम्मेवारी पाएको छ। जनसङ्ख्या र बसाइसराइ व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएको छ।

जनगणना २०७८ अनुसार उमेर समुह अनुसारको जनसङ्ख्याको विश्लेषण गर्दा यस प्रदेशमा कामकाजी उमेरका मानिसहरू सबैभन्दा बढी रहेका छन्। कुल जनसङ्ख्या २६ लाख ९४ हजार ७८३ मध्ये ०-१४ वर्ष उमेर समुहका (बालबालिका) को हिस्सा ३१.१ प्रतिशत, १५-५९ वर्ष उमेर समुहका (कामकाजी उमेर) ५९.५४ प्रतिशत र ६०- देखि माथिको उमेर समुह (ज्येष्ठ नागरिक) को अनुपात ९.४५ प्रतिशत रहेको छ।

बालबालिकाको लागि राज्यले शिक्षा, पोषण र बाल सेवा उपलब्ध गराउनु पर्छ। कामकाजी उमेर समुहका लागि रोजगारी, सीप विकास र वैदेशिक रोजगारीसँग सम्बन्धित सेवा उपलब्ध गराउनु पर्ने हुन्छ भने ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा एकल महिलाका लागि सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र मानव अवस्था अनुसारको पूर्वाधार उपलब्ध गराउनु पर्दछ। समग्रतामा प्रदेश सरकारले सबै उमेर समुहका लागि विकास निर्माणदेखि शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिँचाइ, विद्युत, शान्ति सुरक्षा, रोजगारीलगायतका सेवा उपलब्ध गराउनु पर्छ।

प्रदेशले स्थानीय तहसँग समन्वय गरेर स्थायी र अस्थायी बसोबास, प्रवासी, आवासीय संरचना, ग्रामीण–सहरी वितरणलगायत तथ्याङ्क सङ्कलन र विश्लेषण गरेको छ। यसले स्वास्थ्य, शिक्षा, रोजगार, सामाजिक सुरक्षा र पूर्वाधार योजनामा लक्षित नीति निर्माणमा मद्दत पुऱ्याएको छ। प्रदेशले स्थानीय तहको सहकार्यमा नागरिक दर्ता प्रणाली कार्यान्वयन, तथ्याङ्कमा आधारित स्वास्थ्य र शिक्षा योजना निर्माण, परिवार नियोजन तथा बालविवाह रोकथाम कार्यक्रम सञ्चालनजस्ता उपलब्धि हासिल गरेको देखिन्छ। तुलनात्मक हिसाबले अन्य प्रदेशसँग तुलना गर्दा सुदूरपश्चिम प्रदेशमा आबादी घनत्व कम, सीमित जनशक्ति र प्रवासी सङ्ख्या उच्च रहेको देखिन्छ, जसले सेवा वितरणमा चुनौती र अवसर दुवै सिर्जना गरेको छ।

### ६.३.३ मुख्य सवाल तथा चुनौती

१. **जनसङ्ख्या सम्बन्धी विश्वसनीय तथ्याङ्कको व्यवस्थापनः** प्रदेशमा स्थायी तथा अस्थायी बसोबाससम्बन्धी तथ्याङ्क नियमित रूपमा अद्यावधिक गर्नु, यथार्थ तथ्याङ्कको अभावका कारण स्वास्थ्य, शिक्षा, खानेपानी, पूर्वाधार तथा सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्नु, वास्तविक तथ्याङ्कको अभावमा स्रोत विनियोजन र सेवा विस्तारमा समानता कायम गर्नु।

२. **प्रवासी कामदार तथा श्रमगतिशीलताको विवरणको व्यवस्थापनः** वैदेशिक रोजगारीमा गएका र आन्तरिक रूपमा बसाइँ सर्ने श्रमिकहरूको समग्र विवरण अद्यावधिक गर्नु, श्रम गतिशीलताको स्पष्ट अभिलेखिकरण गरी सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, शिक्षा पहुँच तथा विपद् व्यवस्थापन कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, श्रम बजार योजना र सीप विकास कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्नु।

३. **स्थानीय तहको क्षमता र स्रोत परिचालनः** तथ्याङ्क सङ्कलन, भण्डारण तथा विश्लेषण कार्यका लागि स्थानीय तहमा पर्याप्त जनशक्ति, प्राविधिक दक्षता र स्रोतको परिचालन गर्नु।

४. **डिजिटल तथ्याङ्क प्रणाली र भौगोलिक सूचना प्रणालीको प्रयोगः** डिजिटल अभिलेख प्रणाली तथा भौगोलिक सूचना प्रणालीको प्रयोग गरी तथ्याङ्क सङ्कलन, विश्लेषण र निर्णय प्रक्रियालाई छिटो छरितो बनाउनु, तत्कालिक तथ्याङ्क व्यवस्थापन गरी सेवा वितरण, पूर्वाधार योजना र विपद् पूर्वतयारीमा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नु, आधुनिक प्रविधिको प्रभावकारी प्रयोगमार्फत प्रमाणमा आधारित नीति निर्माण गर्नु।

५. **बसाइसराइको समुचित व्यवस्थापनः** वैदेशिक रोजगारीमा जाने युवाशक्तिलाई मुलुक भित्रै रोजगारीको अवसर सिर्जना गरी आकर्षित गर्नु, हिमाल तथा पहाडका ग्रामीण क्षेत्रमा आवश्यक सेवा सुविधा र रोजगारीका अवसरहरूको सिर्जना गरी सोही स्थानलाई बस्नयोग्य बनाउनु, बसाइसराइ प्रभावित क्षेत्रमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, पूर्वाधार सेवा विस्तार गर्नु, फिर्ती बसाइसराइलाई प्रोत्साहन गर्नु।

## ६.३.४ उद्देश्य

१. जनसाङ्ख्यिक लाभांशको उपयोग र ब्यवस्थित बसाइसराइ सुनिश्चित गर्नु।

## ६.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जनसाङ्ख्यिक लाभांशको उपयोग र ब्यवस्थित बसाइसराइ सुनिश्चित गर्नु।** | |
| १. बस्ती विकास र जनसङ्ख्या व्यवस्थापनमा सुधार गर्ने। | १.१ जनसङ्ख्या र विकास बीच सन्तुलन एवम् व्यवस्थित गरी जनसाङ्ख्यिक लाभांश उपयोग गर्न जनसङ्ख्या नीति तर्जुमा गरिनेछ।<br>१.२ स्थानीय तहसँग समन्वय गरी स्थायी र अस्थायी बसोबास तथ्याङ्क अद्यावधिक गर्ने र भौगोलिक सूचना प्रणालीको प्रयोग गरी व्यवस्थापनमा सुधार गरिनेछ।<br>१.३ रोजगारीका लागि भारत तथा अन्य मुलुकमा जाने श्रमिकहरूको तथ्याङ्क अद्यावधिक गरी सो बमोजिम आवश्यक नीति तथा योजना निर्माण गरिनेछ। यसरी तथ्याङ्क सङ्कलन-विश्लेषण गर्दा मौसमी र अस्थायी/स्थायी रूपमा जानेहरूको छुट्टा-छुट्टै तयार गरिनेछ।,<br>१.४ स्वास्थ्य, शिक्षा, रोजगार, सामाजिक सुरक्षा र आपतकालीन तयारीमा तथ्याङ्कको उपयोग सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. बसाइसराइ व्यवस्थापन तथा सन्तुलित जनसङ्ख्या वितरण प्रबर्द्धन गर्ने। | २.१ बसाइसराइ प्रभावित क्षेत्रहरूको जनसाङ्ख्रिकीय अध्ययन तथा नक्साङ्कन (mapping) गरिनेछ।<br>२.२ दुर्गम तथा बसाइसराइ प्रभावित क्षेत्रमा आवश्यक पूर्वाधार तथा आधारभूत सेवा सुविधाको पहुँच विस्तार गरी आन्तरिक बसाइसराइलाई व्यवस्थित गरिनेछ।<br>२.३ स्थानीय तहसँग समन्वय गरी सन्तुलित बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ फिर्ती बसाइसराइलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.५ आप्रवासनबाट फर्केका युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. बसाइसराइ प्रभावित क्षेत्रमा आर्थिक गतिविधि विस्तार गरी स्थानीय रोजगारी सिर्जना गर्ने। | ३.१ कृषि, पर्यटन, जडीबुटी तथा साना उद्योगको स्थानीय सम्भावनामा आधारित विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ दुर्गम क्षेत्रमा पूर्वाधार, बजार पहुँच तथा उत्पादनमूलक गतिविधि प्रबर्द्धन गरिनेछ।<br>३.३ प्रदेश तथा स्थानीय तहको सहकार्यमा ग्रामीण आर्थिक विकास कार्यक्रम सञ्चालन गरिनेछ। |

### ६.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. जनसङ्ख्या नीति तर्जुमा
२. एकीकृत र सन्तुलित बस्ती विकास तथा व्यवस्थापन.
३. भौगोलिक सूचना प्रणालीमा आधारित बस्ती तथा जनसङ्ख्या व्यवस्थापन,
४. बसाइसराइ (मौसमी र अस्थायी-स्थायीसमेत) तथा श्रम आप्रवासन तथ्याङ्क अद्यावधिक र सूचना व्यवस्थापन,
५. तथ्याङ्कमा आधारित स्वास्थ्य, शिक्षा तथा सामाजिक सुरक्षा योजना सुदृढीकरण,
६. बसाइसराइ प्रभावित क्षेत्रको जनसाङ्ख्रिकीय अध्ययन तथा नक्साङ्कन,
७. दुर्गम तथा बसाइसराइ प्रभावित क्षेत्रमा पूर्वाधार तथा आधारभूत गुणस्तरीय सेवा विस्तार,
८. स्थानीय तहको तथ्याङ्क सङ्कलन तथा योजना निर्माण क्षमता अभिवृद्धि,
९. ग्रामीण आर्थिक विकास तथा स्थानीय रोजगारी सिर्जना प्रबर्द्धन,
१०. फिर्ती बसाइसराइलाई प्रोत्साहन,
११. सीप/उद्यमशिलता विकास तथा रोजगार प्रबर्द्धन,
१२. जनसङ्ख्यासम्बन्धी नीति निर्माण,
१३. छोरी जन्मदर वृद्धि प्रोत्साहन,
१४. मौसमी र अस्थायी/स्थायीरूपमा भारत जाने जनसङ्ख्याको तथ्याङ्क व्यवस्थापन,
१५. जनसङ्ख्या, बसाइसराइ र ठीक (अप्टिमम) परिवारसम्बन्धी अध्ययन तथा अनुसन्धान।

# ६.४ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

## ६.४.१ पृष्ठभूमि

महिला सशक्तीकरण भन्नाले महिलालाई आर्थिक, सामाजिक, राजनीतिक तथा व्यक्तिगत रूपमा सक्षम, आत्मनिर्भर र निर्णय लिन सक्ने बनाउने प्रक्रिया हो। यसले महिलालाई आफ्ना अधिकार प्रयोग गर्न, अवसरहरूमा पहुँच पाउन र समाजमा समान रूपमा सहभागिता जनाउन सक्षम बनाउँछ। यसैगरी लैङ्गिक समानता भन्नाले महिला, पुरुष तथा अन्य लैङ्गिक पहिचान भएका सबै व्यक्तिलाई समान अधिकार, अवसर, जिम्मेवारी र व्यवहार प्रदान गरिने अवस्था हो।

नेपालको संविधानले महिला सशक्तीकरण तथा लैङ्गिक समानतालाई मौलिक हक, राज्यका नीति तथा समावेशी प्रतिनिधित्वमार्फत सुनिश्चित गरेको छ। संविधानको समानताको हक (धारा १८) अनुसार सबै नागरिक कानूनको दृष्टिमा समान हुने, लैङ्गिक आधारमा कुनै पनि प्रकारको भेदभावको निषेध गर्ने र महिलाको सशक्तीकरणका लागि विशेष व्यवस्था गर्न राज्यलाई अधिकार दिएको छ। महिलाको हक (धारा ३८) मा प्रत्येक महिलालाई समान वंशीय हक (पैतृक सम्पत्तिमा समान अधिकार), शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा समान पहुँच, महिलाविरुद्ध हिंसा, शोषण, दुर्व्यवहार निषेध, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित र राज्यका निकायमा समावेशी प्रतिनिधित्वको हकको सुनिश्चित गरेको छ। भेदभावविरुद्धको हकसम्बन्धी लैङ्गिक आधारमा हुने कुनै पनि भेदभाव गैरकानूनी हुने र राज्यले महिलाको हितमा विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तहमा महिलाको अनिवार्य सहभागिता सुनिश्चित गर्ने र स्थानीय तहमा उपप्रमुख/उपाध्यक्ष पदमा महिला अनिवार्य हुने व्यवस्था रहेको छ। राज्यका नीति तथा दायित्व (निर्देशक सिद्धान्त) मा महिलाको सशक्तीकरण, समान सहभागिता र नेतृत्व विकास गर्ने नीति र लैङ्गिक समानता कायम गर्न विशेष कार्यक्रम र कानून निर्माण गर्ने दायित्व राज्यको हुने कुरा सुनिश्चित गरेको छ।

## ६.४.२ विद्यमान अवस्था

यससम्बन्धी सङ्घीय कानून मुलुकी देवानी संहिता, २०७४ ले छोरीलाई सम्पत्तिमा समान अधिकारको सुनिश्चितता गरेको छ भने विवाह, सम्बन्धविच्छेद, सम्पत्ति बाँडफाँटमा समान अधिकार हुने व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता, २०७४ ले बलात्कार, यौन हिंसा, घरेलु हिंसा, मानव बेचबिखनलाई अपराध घोषणा गरेको छ भने महिलाविरुद्ध हिंसामा कडा सजाय हुने व्यवस्था गरेको छ। लैङ्गिक समानता ऐन, २०६३ अनुसार विद्यमान कानूनहरूमा भएका लैङ्गिक विभेद हटाउने र महिला सहभागिता र समान अवसर प्रबर्द्धन गर्ने कुरामा जोड दिएको छ। घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ ले घरेलु हिंसालाई स्पष्ट रूपमा परिभाषित गरी पीडितलाई संरक्षण, क्षतिपूर्ति र कानूनी उपचार गर्ने व्यवस्था गरेको छ। राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले राष्ट्रिय महिला आयोगलाई कानूनी आधार दिएको छ भने महिलाको अधिकार संरक्षण, अनुगमन र सिफारिस गर्ने व्यवस्था उक्त कानूनले आयोगलाई दिएको छ। यसैगरी लैङ्गिक समानता नीति, २०७८ (२०२१) ले राज्यका सबै क्षेत्रमा लैङ्गिक मूलप्रवाहिकरण गर्ने र महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणमा जोड दिने कुरा गरेको छ।

राज्यका नीति तथा कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने व्यवस्था गरिएको छ यसको प्रबर्द्धन र नियमनका लागि महिला, बालबालिका तथा सामाजिक विकास मन्त्रालय एवम् राष्ट्रिय महिला आयोग जस्ता संस्थागत संरचना रहेका छन्। राष्ट्रियस्तरमा समावेशी विकास नीति र लैङ्गिक उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा रहेका छन्। अन्तरराष्ट्रिय रूपमा नेपालले दिगो विकास लक्ष्य (SDGs), महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW), बेइजिङ कार्ययोजना (बेइजिङ कार्यमञ्च) लगायतका अन्तरराष्ट्रिय सन्धि तथा प्रतिबद्धतामा हस्ताक्षर गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रबर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ। यी प्रतिबद्धताले विकास योजना तथा कार्यक्रमहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्न मार्गनिर्देशन प्रदान गरेका छन्। नेपालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा केही महत्त्वपूर्ण प्रगति भएका छन्। राजनीतिक प्रतिनिधित्वमा महिलाको सहभागिता वृद्धि भएको छ र स्थानीय तहमा कम्तीमा ४० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित भएको छ भने प्रदेश तथा सङ्घीय संसदमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ। शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षाका क्षेत्रमा समेत पछाडि पारिएका समुदायको पहुँच विस्तार हुँदै गएको छ। सामाजिक-आर्थिक सूचकहरूमा अझै पनि लैङ्गिक र सामाजिक समुहबीच अन्तर देखिन्छ। यस परिप्रेक्ष्यमा विकासका सबै क्षेत्र र कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मुख्यधारमा समेटी समतामूलक र समावेशी विकास सुनिश्चित गर्नु आवश्यक देखिन्छ।

सुदूरपश्चिम प्रदेशमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१, सामाजिक परीक्षण कार्यविधि, २०८०, महिला सशक्तीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ र महिला उद्यमी पुरस्कार छनोट कार्यविधि, २०८० निर्माण गरी कार्यान्वयनमा ल्याइएका छन् भने लैङ्गिक हिंसा निवारण ऐन हाल अन्तिम चरणमा रहेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रबर्द्धन गर्ने व्यवस्था गरिएको छ। यी कानूनी तथा नीतिगत व्यवस्थाले विकासका सबै क्षेत्र र कार्यक्रमहरूमा समावेशी सहभागिता, समान अवसर तथा सामाजिक न्याय सुनिश्चित गर्ने आधार प्रदान गरेका छन्।

हाम्रो समाजमा महिला त्यसमाथि दलित महिलाको अवस्था पुरुषको तुलनामा कमजोर रहेको छ। यसै तथ्यलाई मध्यनजर गरी सुदूरपश्चिम प्रदेशमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रबर्द्धनका अन्तरगत प्रदेश सरकारले छाउपडी, जातीय विभेद जस्ता कुप्रथा अन्त्य तथा विभेद न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरूसमेत सञ्चालन गर्दै आएको छ। यति हुँदा हुँदै पनि यहाँ बालविवाह, घरेलु हिंसा र सामाजिक परम्परा (जस्तैः छाउपडी) जस्ता अभ्यासले हिंसालाई निरन्तरता दिएको देखिन्छ। कम उमेरमा विवाह भएका महिलाहरूमा हिंसाको जोखिम बढी हुने गरेको छ। यहाँ यूएनएफपिए, यूनिसेफलगायत संस्थाहरूले हिंसा रोकथाम कार्यक्रम, पीडितका लागि स्वास्थ्य र कानूनी सहयोग सेवा तथा सामाजिक सोच परिवर्तन अभियान सञ्चालन गरिरहेका छन्। सरोकारवाला नागरिकलाई लक्षित गरी समुदायस्तरमा सचेतना र व्यवहार परिवर्तन कार्यक्रम सञ्चालन भएका छन्।

शैक्षिक दृष्टिकोणले लैङ्गिक असमानताको अवस्था विश्लेषण गर्दा छात्राहरूतर्फको विद्यालय र कलेजमा उपस्थितिदर उनीहरू १८ देखि १९ वर्षमा पुग्दा तीव्र गतिले घटेको देखिन्छ। यसका पछाडि चाँडो विवाह,

पारिवारिक दायित्व वहन र उच्च शिक्षामा उनीहरूको सीमित पहुँच कारक रहेको विश्वास गरिन्छ। स्थानीय विकासमा पछि परेका स्थानीय तहहरूमा छात्रहरूको तुलनामा छात्राहरू विद्यालयभन्दा बाहिर रहने गुञ्जायस अधिकतर रहेको छ। समग्रमा बलियो विद्यालय उपस्थितिदर रहेका क्षेत्रमा लैङ्गिक असमानता पनि न्यून नै रहेको अवस्था छ। सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरूमा विद्यालयस्तरीय शिक्षा हासिल गर्ने सवालमा निकै ठुलो लैङ्गिक असमानता विद्यमान रहेको अवस्था छ। मधेश, कर्णाली र सूदुरपश्चिम प्रदेशमा लैङ्गिक असमानता अझै गहिरो रहको छ (NSO, NPHC, Education and Inclusion in Nepal)। त्यसैगरी सूदुरपश्चिम प्रदेशका ३१.१ प्रतिशत महिलाहरू जीवनमा कहिल्यै पनि विद्यालय नगएको देखिन्छ भने २९.६ प्रतिशत पहाडी दलित महिलाहरूले पनि विद्यालय जानबाट वन्चित रहेको देखिन्छ (NSO)।

## ६.४.३ मुख्य सवाल तथा चुनौती

१. **सामाजिक तथा सांस्कृतिक सशक्तीकरणः** पितृसत्तात्मक सोच र बलियो परम्परागत मान्यतालाई न्यूनीकरण गर्नु, छाउपडी, बालविवाह जस्ता कुप्रथाको अन्त्य गर्नु, महिलाको भूमिकालाई घरायसी काममा सीमित गर्ने प्रवृत्तिलाई अन्त्य गर्नु, लैङ्गिक विभेदलाई सामाजिक रूपमा स्वीकार गर्ने अवस्थालाई निरुत्साहित गर्नु, महिलाको हितमा बनेका कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्नु।

२. **आर्थिक सशक्तीकरणः** महिलालाई आयआर्जनका अवसरहरू प्रदान गर्नु, सम्पत्तिमा पहुँच र स्वामित्व सुनिश्चित गर्नु, स्वरोजगार तथा उद्यमशीलतामा सहभागिता बढाउनु, आर्थिक निर्भरता (पुरुषमा निर्भरता) न्यून गर्नु।

३. **शिक्षा तथा सचेतनाः** महिला साक्षरता दर अपेक्षाकृत वृद्धि गर्नु, उच्च शिक्षा तथा प्राविधिक शिक्षामा पहुँच बढाउनु, अधिकार र कानूनबारे पर्याप्त सचेतना अभिवृद्धि गर्नु, ग्रामीण क्षेत्रमा सूचना तथा सचेतना कार्यक्रमहरू पुऱ्याउनु।

४. **स्वास्थ्य सेवामा पहुँच वृद्धिः** प्रजनन् तथा मातृ स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नु, दुर्गम क्षेत्रका महिलाहरूलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउनु, मानसिक स्वास्थ्य सेवा सुधार गर्नु, हिंसा पीडितका लागि समुचित सेवा उपलब्ध गराउनु।

५. **छाउपडी तथा लैङ्गिक हिंसा न्यूनीकरणः** घरेलु हिंसा, यौन हिंसा, बालविवाहको दर घटाउनु, हिंसासम्बन्धी घटनाको रिपोर्टिङलाई संस्थागत गर्नु, पीडितलाई सामाजिक दबाब र डर मुक्त गराउनु, न्यायिक प्रक्रियामा पहुँच र विश्वास अभिवृद्धि गर्नु, छाउपडी प्रथा पूर्णरूपमा निर्मुल गर्नु।

६. **राजनीतिक तथा निर्णय प्रक्रियामा सहभागिताः** नेतृत्व तहमा महिलाको वास्तविक सहभागिता सुनिश्चित गर्नु, निर्णय प्रक्रियामा महिलाको प्रभावकारी भूमिका सुनिश्चित गर्नु।

७. **प्रविधि र डिजिटल पहुँचः** महिलाहरूको डिजिटल साक्षरता बढाउनु, विशेषगरी ग्रामीण क्षेत्रमा इन्टरनेट र प्रविधिमा पहुँच विस्तार गर्नु, अनलाइन सेवाहरू (e-governance, digital finance) प्रयोगलाई सहज बनाउनु, डिजिटल प्लेटफर्ममा साइबर हिंसा र दुर्व्यवहारको जोखिम न्यूनीकरण गर्नु।

८. **श्रम आप्रवासन र सामाजिक संरचनाः** पुरुष वैदेशिक रोजगारीमा जाँदा महिलामाथि थपिएको जिम्मेवारी कम गर्नु, महिलाहरू वैदेशिक रोजगारीमा जाँदा हुन सक्ने जोखिम कम गर्नु, महिलाको हितमा आर्थिक पहुँच विस्तार गर्नु।

## ६.४.४ उद्देश्य

१. महिलाहरूको आर्थिक-सामाजिक सशक्तीकरण र लैङ्गिक असमानता न्यूनीकरण गर्नु।

२. महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा र शोषण न्यूनीकरण गर्नु।

## ६.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : महिलाहरूको आर्थिक-सामाजिक सशक्तीकरण र लैङ्गिक असमानता न्यूनीकरण गर्नु ।** | |
| १ महिलाको सामाजिक रूपान्तरणका लागि सचेतना अभिवृद्धि गर्ने। | १.१ लैङ्गिक समानता र महिला अधिकार सम्बन्धमा सामुदायस्तरमा सचेतना अभियान सञ्चालन गरिनेछ।<br>१.२ छाउपडी, बालविवाह, लैङ्गिक विभेद जस्ता कुप्रथाविरुद्धका कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ पुरुष तथा किशोरहरूलाई लक्षित गरी व्यवहार परिवर्तनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.४ न्यायमा महिलाको पहुँच अभिवृद्धिसम्बन्धी निरोधात्मक र संरक्षणात्मक उपायहरू कार्यान्वयनमा ल्याइनेछ।<br>१.५ लैङ्गिक असमानता न्यूनीकरणका लागि व्यवस्था गरिएका नीति, कानून तथा कार्यक्रमहरूको प्रभावकारिता अध्ययन गरिनेछ। |
| २. आर्थिक सशक्तीकरण तथा रोजगारी प्रबर्द्धन गर्ने। | २.१ महिलाका लागि सीप विकास तथा उद्यमशीलता तालिम सञ्चालन गरिनेछ।<br>२.२ महिलाको नाममा सञ्चालन हुने उद्यम व्यवसायको लागि सहुलियतपूर्ण ऋण, अनुदान तथा कर छुटको व्यवस्था मिलाइनेछ।<br>२.३ वित्तीय पहुँच विस्तार गरी महिलाहरूका लागि उद्यमशीलता विकास गरेर एकिकृत र समन्वित रूपमा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्न सहजीकरण गरिनेछ।<br>२.४ सम्पत्तिमा महिलाको स्वामित्व बढाउन नीतिगत एवम् कार्यक्रमगत व्यवस्था गरिनेछ।<br>२.५ दलित एवम् विपन्न महिलाहरूमा उद्यमशीलता प्रबर्द्धन गर्न अनुदान वा बिना ब्याजको ऋण र कर दस्तुरमा छुटको व्यवस्था मिलाइनेछ।<br>२.६ महिलाहरूको कार्यबोझ कम गर्न पारिवारिक परामर्श सेवा सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. शिक्षा, स्वास्थ्य सेवामा पहुँच सुदृढीकरण गर्ने। | ३.१ बालिका तथा महिलाको शिक्षामा पहुँच र निरन्तरता सुनिश्चित गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>३.२ महिलाहरूको उच्च शिक्षाको लागि छात्रवृत्ति तथा अन्य आवश्यक सुविधामा वृद्धि गरिनेछ र सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ।<br>३.३ प्रजनन तथा मातृ स्वास्थ्य सेवाको गुणस्तर र पहुँच सुधार गरिनेछ।<br>३.४ दुर्गम क्षेत्रका गर्भवती महिलाहरूको जीवन रक्षाको लागि उद्धारको व्यवस्था गरिनेछ।<br>३.५ प्रजनन् स्वास्थ्यलाई ध्यानमा राखी चेतना अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>३.६ एकल महिला खासगरी विधवा तथा अपाङ्गता भएका महिला लक्षित साक्षरता, वित्तीय साक्षरता र उद्यमशीलताका तालिम कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| **उद्देश्य २ : महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा र शोषण न्यूनीकरण गर्नु ।** | |
| १. लैङ्गिक हिंसा र शोषण न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने। | १.१ घरेलु तथा लैङ्गिक हिंसाविरुद्ध कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रहरी, न्यायिक निकाय र सेवा प्रदायकलाई लैङ्गिक संवेदनशील तालिम दिइनेछ।<br>१.३ हिंसा घटनाको रिपोर्टिङ प्रणाली र गोपनीयता संरक्षणलाई सुदृढ गरिनेछ।<br>१.४ हिंसा पीडित महिलाहरूका लागि एकीकृत सेवा सुदृढ गरी सेवा विस्तार गरिनेछ।<br>१.५ स्थानीय तह, प्रहरी, न्यायिक निकाय र महिलाको क्षेत्रमा काम गर्ने सङ्घसंस्थाहरूसँगको समन्वय र सहकार्यमा लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ। |
| २. लिङ्गका आधारमा हुने हिंसा र शोषणविरुद्ध नीतिगत र संस्थागत प्रवन्ध सुदृढ गर्ने। | २.१ स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालनका लागि सहजीकरण गरिनेछ।<br>२.२ नीति तथा बजेटमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली प्रभावकारी रूपमा लागू गरिनेछ।<br>२.३ प्रदेश तथा स्थानीय तहका महिला जनप्रतिनिधिहरूको क्षमता विकास र नेतृत्व सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.४ पीडितका लागि कानूनी सहायता, सुरक्षित आवास र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ महिलाहरूका लागि समान कामका लागि समान ज्यालाको सुनिश्चितता गरिनेछ।<br>२.६ यौन शोषणमा परेका महिलाहरूका लागि कानूनी सहायताको व्यवस्था मिलाइनेछ।<br>२.७ नीति निर्माणमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चत गर्न नीतिगत व्यवस्था गरिनेछ।<br>२.८ बालविवाहमा योगदान गर्ने सामाजिक र आर्थिक कारकहरूलाई सम्बोधन गर्ने नीति र कार्यक्रमहरूको प्रवन्ध गरिनेछ।<br>२.९ महिलाहरूको विभिन्न समुहहरू निर्माण र परिचालनमा आर्थिक तथा परामर्श सेवाहरू उपलब्ध गराइनेछ।<br>२.१० सेवाप्रदायक निकायहरूको लागि लैङ्गिक सम्वेदनशीलता र क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। |

### ६.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **लैङ्गिक समानता तथा सचेतना अभियानः** समुदायस्तरमा लैङ्गिक समानता, महिला अधिकार र हिंसाविरुद्ध जनचेतना अभिवृद्धि।

२. **सीप विकास तथा उद्यमशीलता प्रबर्द्धनः** सीपमूलक तालिम (सिलाइ, कृषि, साना उद्योग) र स्वरोजगार अवसर सिर्जना, प्राविधिक शिक्षामा महिलाको पहुँच वृद्धि।

३. **सहुलियतपूर्ण वित्तीय पहुँच तथा महिला उद्यम प्रबर्द्धनः** महिलाका लागि सहुलियतपूर्ण ऋण, अनुदान र वित्तीय साक्षरता।

४. **बालविवाह तथा अन्य कुप्रथा अन्त्यका लागि सचेतनाः** छाउपडी, दाइजो प्रथा, बालविवाह विरुद्ध अभियान र निगरानी।

५. **लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकारः** हिंसा रोकथाम, उजुरी दर्ता प्रणाली र पीडित संरक्षण सेवा।

६. **महिला स्वास्थ्य तथा पोषण सुधारः** प्रजनन स्वास्थ्य, मातृ स्वास्थ्य र पोषणसम्बन्धी सेवा विस्तार।

७. **बालिका शिक्षा प्रबर्द्धनः** छात्रवृत्ति, विद्यालय भर्ना तथा निरन्तरता सुनिश्चित।

८. **नेतृत्व तथा क्षमता विकासः** निर्वाचित महिला प्रतिनिधि र युवतीहरूको नेतृत्व विकास।

९. **डिजिटल साक्षरता तथा प्रविधि पहुँचः** महिलालाई आइसिटी तालिम, अनलाइन सेवा प्रयोगसम्बन्धी क्षमता अभिवृद्धि।

१०. **सुरक्षित आप्रवासन तथा परिवार सुदृढीकरणः** वैदेशिक रोजगारीमा जाने परिवारका महिलाका लागि सुरक्षा, अधिकार र समर्थन, वित्तीय साक्षरता।

११. **सेवा प्रवाह तथा संरक्षणः** लैङ्गिकमैत्री सेवा केन्द्र स्थापना तथा सञ्चालन, हिंसापीडितका लागि कानूनी सहायता तथा मनोसामाजिक परामर्श कार्यक्रम, सुरक्षित आश्रय सञ्चालन, स्वास्थ्य संस्थामा लैङ्गिक संवेदनशील सेवा विस्तार।

१२. **सचेतना तथा व्यवहार परिवर्तनः** समुदायस्तरमा लैङ्गिक समानता र हिंसा न्यूनीकरण अभियान, विद्यालय तथा कलेजमा लैङ्गिक समानता शिक्षा कार्यक्रम, पुरुष तथा किशोरहरू लक्षित सहभागिता, सञ्चार माध्यम (रेडियो, टिभी, सामाजिक सञ्जाल) मार्फत जनचेतना अभिवृद्धि।

## ६.५ बालबालिका तथा किशोर किशोरी

### ६.५.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले बाल अधिकार, लैङ्गिक समानता तथा सामाजिक न्यायलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। संविधानले बालबालिकाको संरक्षण, विकास र सहभागितालाई राज्यको प्रमुख दायित्वका रूपमा परिभाषित गर्दै महिला सहित दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत र विपन्न वर्गको सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेको छ।

संवैधानिक व्यवस्था अनुरूप सुदूरपश्चिम प्रदेश सरकारले बाल अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। बालमैत्री शासकीय प्रबन्ध तथा बालमैत्री विद्यालय, सामाजिक समावेशीकरण, लैङ्गिक समानता प्रबर्द्धन, बालश्रम तथा बालविवाह न्यूनीकरणका साथै जोखिममा परेका तथा अभिभावकविहीन बालबालिकाको संरक्षण र पुनर्स्थापनालाई प्रदेशको सामाजिक विकास एजेन्डाको महत्त्वपूर्ण अङ्गका रूपमा लिइएको छ।

प्रदेशमा विद्यमान सामाजिक, आर्थिक तथा भौगोलिक विविधताका कारण बालबालिका तथा लक्षित वर्गहरू अझै पनि विभिन्न किसिमका जोखिम, विभेद र सेवामा पहुँचको अभाव झेलिरहेका छन्। यस सन्दर्भमा बाल अधिकारको संरक्षण र सामाजिक न्याय सुनिश्चित गर्न प्रभावकारी र परिणाममुखी हस्तक्षेप आवश्यक रहेको छ।

### ६.५.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार ५ वर्ष उमेर समुहका बालबालिकाको सङ्ख्या २,३९,१३९ (८.८७ प्रतिशत) रहेको छ। समग्रमा नेपालमा १८ वर्ष उमेर समुहको जनसङ्ख्या ३६.२७ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा उक्त उमेर समुहको जनसङ्ख्या १०,८७,४४० (४०.३५ प्रतिशत) रहेको छ। बालबालिका र किशोर किशोरीका क्षेत्रमा यस प्रदेशमा विभिन्न किसिमका कानूनी आधारहरू तयार भएका छन्। जसअन्तर्गत, सुदूरपश्चिम प्रदेश लैङ्गिक समानता तथा सामाजिक परीक्षण कार्यविधि, २०८०, सुदूरपश्चिम प्रदेश महिला उद्यमी पुरस्कार छनौट कार्यविधि, २०८०, बालबालिका तथा समावेशी शिक्षा सम्बन्धी रणनीति, २०८२, सुदूरपश्चिम प्रदेश बालबालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन कार्यविधि, २०८२, सुदूरपश्चिम बालकोष सञ्चालन कार्यविधि, २०८२, सुदूरपश्चिम प्रदेश प्रारम्भिक बालविकास तथा शिक्षा प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२, विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ पारित भई कार्यान्वयनमा रहेका छन्।

यस प्रदेशमा बाल अधिकार संरक्षण र सामाजिक न्याय प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालनमा रहेका छन्। बाल सुधार गृह डोटीमा रहेका ५५ जना बालकहरूलाई सकारात्मक सोच, जीवनोपयोगी सीप तथा कम्प्युटर सम्बन्धी तालिम प्रदान गरिएको छ। साथै ३,४५३ जना किशोरीहरूलाई आत्मरक्षासम्बन्धी अभिमुखीकरण गरिएको छ। **"सानै छु, म बढ्न देऊ, विवाह होइन पढ्न देऊ"** अभियानअन्तर्गत बालविवाहविरुद्ध सचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालनमा रहेका छन्।

बालश्रम न्यूनीकरणका लागि ३१० जना उद्योग-व्यवसायी, बाल सञ्जाल, बाल क्लब तथा स्थानीय तहका पदाधिकारीहरूलाई समेटी अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरिएको छ। अभिभावकविहीन तथा जोखिममा रहेका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रदेशका ६ वटा जिल्लामा आवासीय सुविधा सहित छात्रावास सञ्चालनमा रहेका छन् भने बाँकी ३ जिल्लामा सञ्चालनको चरणमा रहेका छन्। शिक्षाको गुणस्तर र भविष्यप्रतिको तयारीका लागि कक्षा ९ र १० मा अध्ययनरत बालबालिकालाई लक्षित गरी वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी निर्देशिका निर्माण भई कार्यान्वयनमा रहेको छ। प्राविधिक धार सञ्चालन गरिरहेका शिक्षालयहरूलाई प्रयोगशाला, कार्यशाला तथा पूर्वाधार निर्माणमा सहयोग प्रदान गरिएको छ। स्वास्थ्य तथा सामाजिक सुरक्षाको क्षेत्रमा दुर्गम तथा पहाडी क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको जीवन रक्षा गर्न हवाई उद्धार कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म सुदूरपश्चिम प्रदेशका १० जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरिएको छ।

## ६.५.३ मुख्य सवाल तथा चुनौती

१. **सामाजिक कुरीतिको अन्त्यः** लैङ्गिक विभेद र छोरीप्रतिको नकारात्मक सामाजिक धारणालाई निर्मुल पार्नु, बालबालिकाविरुद्ध हिंसा तथा दुर्व्यवहारको अन्त्य गर्नु, जातीय विभेद, छाउपडीलगायतका सामाजिक कुप्रथा र विभेदजन्य व्यवहारलाई निर्मुल गर्नु।

२. **बालविवाह र बालश्रमको अन्त्यः** बालविवाह तथा बालश्रम न्यूनीकरणका लागि प्रभावकारी अभियान र कार्यक्रम सञ्चालन गर्नु, बालबालिकालाई विद्यालयबाट टाढा राख्ने र प्रारम्भिक उमेरमै विवाह गराउने प्रवृत्ति निर्मुल पार्नु, कमजोर आर्थिक अवस्थाका कारण बालबालिकालाई श्रममा लगाउने प्रवृत्तिलाई कम गर्नु, बालअधिकारबारे पर्याप्त जनचेतना जगाउनु, बालविवाह तथा बालश्रम निषेध सम्बन्धी कानूनको प्रभावकारी अनुगमन गरी कार्यान्वयनमा ल्याउनु, बाल संरक्षणका कार्यक्रम सञ्चालनमा विभिन्न निकायबीच पर्याप्त र आवश्यक समन्वय गर्नु, बालविवाह र बालश्रमको वास्तविक अवस्था पहिचान गर्न अद्यावधिक तथ्याङ्क तथा प्रभावकारी अनुगमन प्रणालीको विकास गर्नु।

३. **जोखिममा रहेका बालबालिकाको संरक्षण र पुनर्स्थापनाः** अभिभावकविहीन, सडक बालबालिका, हिंसा तथा दुर्व्यवहारका शिकार भएका बालबालिकाको संरक्षण, पुनर्स्थापना तथा मनोसामाजिक सहयोग सेवाहरूलाई पर्याप्त रूपमा विस्तार गर्नु, जिल्लामा सञ्चालनमा रहेका आवासीय सुविधासहितका छात्रावासहरूमा सबै आवश्यकतामुखी सेवा उपलब्ध गराउनु, दुर्गम तथा पहुँच बाहिरका क्षेत्रहरूमा समेत बाल संरक्षण सेवा, पुनर्स्थापना केन्द्र, परामर्श तथा मनोसामाजिक सहयोग सेवाहरूको विस्तार गर्नु, बालअधिकार तथा बाल संरक्षण सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन तथा अनुगमनलाई सुदृढ बनाउनु, जोखिममा रहेका बालबालिकाहरू जस्तैः बालश्रम, मानव बेचबिखन, यौन शोषण, दुर्व्यवहार तथा लागूऔषधको जोखिममा परेका बालबालिकाको अवस्थाको पहिचान गरी

यसको न्यूनीकरण तथा समाधानका लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु, बालबालिकाको पहिचान, अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापन प्रणालीलाई सुदृढ र प्रभावकारी बनाइउनु।

४. **संस्थागत क्षमता र मानव संसाधनको विकासः** बाल अधिकार तथा सामाजिक न्यायसम्बन्धी नीति, कानून तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु, बालमैत्री स्थानीय तहको प्रबर्द्धन गर्नु, आवश्यक संस्थागत संरचना, दक्ष मानव संसाधन र प्राविधिक ज्ञानको विस्तार गर्नु, अनुगमन, मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गरी कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्नु।

५. **बहुक्षेत्रीय समन्वय र दीर्घकालीन हस्तक्षेपः** बाल अधिकार तथा सामाजिक न्याय सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक संरक्षण, कानूनी सेवा र स्थानीय तहबीच प्रभावकारी समन्वय गर्नु, बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउनु, दीर्घकालीन व्यवहार परिवर्तन, चेतना अभिवृद्धि र समुदाय-केन्द्रित कार्यक्रमलाई सुदृढ बनाई दिगो रूपमा सुधार गर्नु।

### ६.५.४ उद्देश्य

१. **बालबालिका र किशोर किशोरी समुहको गुणस्तरीय शिक्षा, स्वास्थ्य, संरक्षण तथा पहुँच सुनिश्चित गर्नु।**

२. **जोखिममा रहेका बालबालिकाको संरक्षण र पुनर्स्थापनाका लागि आवश्यक कार्य गर्नु।**

### ६.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : बालबालिका र किशोर किशोरी समुहको गुणस्तरीय शिक्षा, स्वास्थ्य, संरक्षण तथा पहुँच सुनिश्चित गर्नु ।** | |
| १. बालबालिका तथा किशोर किशोरीका लागि शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवामा समान र समावेशी पहुँच विस्तार गर्ने। | १.१ दुर्गम, पहाडी तथा भौगोलिक रूपमा विकट क्षेत्रका बालबालिका तथा लक्षित समुहलाई शिक्षा, स्वास्थ्य, संरक्षण तथा सामाजिक सेवामा पहुँच विस्तार गरिनेछ।<br>१.२ छात्रावास, आवासीय सुविधा तथा मनोसामाजिक सहयोग कार्यक्रम विस्तार गरी बालबालिका तथा किशोर किशोरीलाई गुणस्तरीय सेवा उपलब्ध गराइनेछ।<br>१.३ बालबालिका तथा किशोर किशोरीको शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न स्थानीय तह तथा सम्बन्धित संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ। |
| २. बाल अधिकार संरक्षण तथा सामाजिक समानता प्रबर्द्धन गर्ने। | २.१ बालविवाह, बालश्रम न्यूनीकरण तथा लैङ्गिक समानता प्रबर्द्धनका लागि सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।<br>२.२ बाल अधिकार तथा सामाजिक न्यायसम्बन्धी नीति, कानून तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि दक्ष मानव संसाधन तथा प्राविधिक क्षमता विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी बाल अधिकारसम्बन्धी निगरानी, अनुगमन तथा तथ्याङ्कमा आधारित निर्णय प्रणाली सुदृढ गरिनेछ।<br>२.४ स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रबर्द्धनमा आवश्यक प्राविधिक सहयोग पुऱ्याइनेछ। |
| **उद्देश्य २ : जोखिममा रहेका बालबालिकाको संरक्षण र पुनर्स्थापनाका लागि आवश्यक कार्य गर्नु ।** | |
| १. जोखिममा रहेका बालबालिकाको पहिचान, संरक्षण तथा पुनर्स्थापना प्रणाली सुदृढ गर्ने। | १.१ सडक बालबालिका उद्धार, बालविवाह अन्त्य, बालश्रम नियन्त्रणलगायत सामाजिक हानीकारक अभ्यास अन्त्य गर्न स्थानीय तहसँगको समन्वयमा अभियान सञ्चालन गरिनेछ।<br>१.२ स्थानीय तहसँग समन्वय गरी जोखिममा रहेका बालबालिकाको पहिचान, अभिलेखीकरण तथा नियमित अनुगमन प्रणाली विकास गरिनेछ।<br>१.३ बाल हेल्पलाइन, बाल संरक्षण समिति तथा अन्य संयन्त्रलाई सुदृढ बनाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।<br>१.४ बालबालिकाको क्षेत्रमा काम गर्ने सम्बन्धित सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी बालबालिकाको संरक्षण र पुनर्स्थापनालाई प्रभावकारी बनाइनेछ। |
| २. बाल संरक्षण सेवाको पहुँच विस्तार गर्ने। | २.१ जोखिममा रहेका बालबालिकाका लागि अस्थायी आश्रय, परामर्श, मनोसामाजिक सेवा तथा पुनर्स्थापना केन्द्र सञ्चालन र विस्तार गरिनेछ।<br>२.२ शिक्षा, स्वास्थ्य, पोषण तथा सामाजिक सुरक्षा कार्यक्रममार्फत बालबालिकाको आधारभूत सेवामा पहुँच सुनिश्चित गरिनेछ। |
| ३. परिवार र समुदायमा पुनःएकीकरण तथा सशक्तीकरणलाई प्रबर्द्धन गर्ने। | ३.१ परिवारमा पुनः एकीकरणका लागि आर्थिक तथा सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ स्थानीय तहसँगको समन्वयमा समुदायमा बालअधिकार, बाल संरक्षण तथा दुर्व्यवहार विरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। |

## ६.५.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. बालविवाह न्यूनीकरणका लागि समुदायमा सचेतना, जनचेतना कार्यक्रम र परामर्श सेवामार्फत अभियान सञ्चालन,

२. बाल अधिकार र सामाजिक न्यायसम्बन्धी शिक्षक, स्वास्थ्यकर्मी, नागरिक समाज र स्थानीय तहका कर्मचारीको क्षमता विकास,

३. बाल हेल्पलाइन,बाल संरक्षण समिति र जोखिममा रहेका बालबालिकाको अभिलेखीकरण तथा अनुगमन प्रणाली सुदृढीकरण,
४. जोखिममा रहेका बालबालिकाका लागि सुरक्षित आश्रय, परामर्श, मनोसामाजिक सेवा तथा पुनर्स्थापना केन्द्र सञ्चालन,
५. परिवारको आर्थिक-सामाजिक सशक्तीकरण तथा बालअधिकार र दुर्व्यवहार विरुद्ध समुदायमा सचेतना अभिवृद्धि,
६. बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, सूचक विकास, रिपोर्टिङ तथा अनुगमन प्रणाली निर्माण र अद्यावधिक,
७. स्थानीय तह, सरकारी निकाय, गैरसरकारी संस्था र समुदायबीच बालअधिकार, संरक्षण तथा शिक्षा-स्वास्थ्य सेवामा समन्वय र साझेदारी सुदृढीकरण,
८. विद्यालयमा लागू औषध नियन्त्रण,
९. असहाय, अभिभावक विहीन बालबालिकाका लागि सुरक्षित आवास, शिक्षा र स्वास्थ्यसम्बन्धी व्यवस्था,
१०. बालक्लब निर्माण, सञ्जालीकरण र अनुभव आदान प्रदान संस्कृति प्रबर्द्धन,
११. किशोरी आत्मरक्षा कार्यक्रम सञ्चालन,
१२. बालमैत्री स्थानीय शासन प्रबर्द्धन।

## ६.६ अपाङ्गता भएका व्यक्ति

### ६.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानता, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकार सुनिश्चित गरेको छ। संविधानको मर्मअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक जीवनको मूलधारमा समावेश गर्न राज्यका सबै तह जिम्मेवार रहेका छन्। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ ले शिक्षा, रोजगार, स्वास्थ्य, पहुँच योग्यता र सामाजिक सुरक्षा सुनिश्चित गर्ने र आरक्षण व्यवस्था, सरकारी सेवा तथा निर्णय प्रक्रियामा सहभागी बनाउने व्यवस्था गरेको छ। उक्त ऐनले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन असर तथा कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई अपाङ्ङ्गता भएका व्यक्तिहरू भनी परिभाषित गरेको छ। यसका आधारमा नेपालमा विभिन्न १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरू रहेका छन। जसअनुसार, शारीरिक अपाङ्गता (स्पाइनल कर्ड इन्जुरीसमेत), दृष्टिसम्बन्धी अपाङ्गता (दृष्टि विहीन, दृष्टि विहीनता, न्यून दृष्टियुक्त र पूर्ण दृष्टि विहीन), सुनाइ सम्बन्धी अपाङ्गता (बहिरा, सुस्तश्रवण), श्रवण दृष्टिविहीन अपाङ्गता, स्वर र बोलाइसम्बन्धी अपाङ्गता, मानसिक वा मनोसामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गता, अनुवांशिक रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, अटिज्मसम्बन्धी अपाङ्गता र बहु-अपाङ्गता अपाङ्गता रहेका छन्।

त्यसैगरी अपाङ्गता प्रमाणपत्र तथा सुविधा सम्बन्धी नियमावली, २०७६ ले अपाङ्गताको वर्गीकरण र प्रमाणपत्र जारी गर्ने र विशेष सुविधा, अनुदान र सामाजिक सुरक्षा लाभको प्रक्रिया निर्धारण गरेको छ। शिक्षा

ऐन, २०५८ र नियमावलीले विशेष शिक्षा, समावेशी शिक्षा र सहायक उपकरणमार्फत अपाङ्गता भएका विद्यार्थीको पहुँच सुनिश्चित गरेको छ भने रोजगारी ऐन, २०६३ र सम्बन्धित आरक्षण नीतिले सरकारी तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षणको व्यवस्था सुनिश्चित गरेको छ। यसैगरी सामाजिक सुरक्षा कार्यक्रम ऐन, २०७५ ले अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य र शिक्षा सुविधा दिने व्यवस्था गरेको छ। साथै नीतिगत संरचनाअन्तर्गत राष्ट्रिय अपाङ्गता आयोग ऐन, २०७४ लागू गरेको छ।

यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, सशक्तीकरण र समावेशी विकासलाई संस्थागत गर्न नीतिगत तथा संरचनागत सुधारहरू अघि बढाएको छ। प्रादेशिक तहमा नीति, कानून, संस्थागत संयन्त्र तथा कार्यक्रममार्फत अपाङ्गता भएका व्यक्तिको जीवनस्तर सुधार गर्ने दीर्घकालीन लक्ष्यसहित अगाडि बढेको अवस्था छ।

### ६.६.२ विद्यमान अवस्था

यस प्रदेशमा शारीरिक रूपमा अशक्त तथा अपाङ्गता भएको जनसङ्ख्या २.६ प्रतिशत रहेको छ, जबकि नेपाल भरको औसत २.२ प्रतिशत रहेको छ। कुल २.६ प्रतिशतमध्ये अपाङ्गता भएको पुरुष २.९ प्रतिशत र महिला २.३ प्रतिशत रहेको छ (सुदूरपश्चिम प्रदेशको तथ्याङ्कीय झलक, २०८०)। सुदूरपश्चिम प्रदेशमा अपाङ्गता प्रादेशिक निर्देशन समिति गठन कार्यविधि, २०७६ कार्यान्वयनमा रही संस्थागत समन्वयको व्यवस्था गरिएको छ भने प्रादेशिक अपाङ्गता नीति, २०८१ तर्जुमा भई नीतिगत मार्गदर्शनको आधार तयार भएको छ। अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सशक्तीकरणका लागि २८७ जनालाई आयआर्जन तथा सीपमूलक तालिम प्रदान गरिएको छ भने ४६ जनालाई साङ्केतिक भाषाका लागि दोभाषे तालिम दिइएको छ। अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक सहायक सामग्री सहयोग उपलब्ध गराइएको छ।

स्वास्थ्य सेवामा पहुँच विस्तारका लागि सेती, महाकाली र टीकापुर अस्पतालमार्फत 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ। साथै, १५ जना दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूलाई कम्प्युटरसम्बन्धी तालिम प्रदान गरिएको छ।

शिक्षा क्षेत्रतर्फ बौद्धिक अपाङ्गता भएका २०० जना बालबालिकाका लागि कञ्चनपुरको बेलौरीमा आवासीय विद्यालय सञ्चालन गर्न भौतिक पूर्वाधार निर्माण सम्पन्न हुने चरणमा रहेको छ। योजना सुरु भएको आधार वर्षदेखि नै अपाङ्गता भएका बालबालिका अध्ययनरत स्रोत कक्षा र विशेष कक्षा सञ्चालन भएका विद्यालयहरूलाई नियमित अनुदान उपलब्ध गराइदै आएको छ। बहिरा बालबालिकाका लागि सञ्चालनमा रहेको दक्षिणकाली आधारभूत विद्यालयमा ४ कोठे छात्रावास भवन निर्माण सम्पन्न भएको छ।

### ६.६.३ मुख्य सवाल तथा चुनौती

१. **सेवा पहुँच विस्तारः** अपाङ्गता भएका व्यक्तिहरूका लागि नीति तथा कार्यक्रमले सम्बोधन गर्नु, दुर्गम तथा ग्रामीण क्षेत्रका व्यक्तिहरूका लागि शिक्षा, स्वास्थ्य, सीप विकास र रोजगारी जस्ता क्षेत्रमा पहुँच विस्तार गर्नु, घरमै बसेर सेवा लिन सकिने व्यवस्थाको विकास गर्नु, मनोसामाजिक अपाङ्गता

भएका व्यक्तिहरूका लागि आवश्यक औषधि तथा परामर्श सेवा उपलब्ध गराउनु, जनयुद्धका क्रममा घाइते भइ अपाङ्गता भएका व्यक्तिहरूका लागि पर्याप्त र प्रभावकारी स्वास्थ्य उपचारको व्यवस्था गर्नु, सहज तथा पहुँचयुक्त सार्वजनिक सवारी साधन उपलब्ध गराउनु, सवारी भाडामा अपाङ्गता छुटको कानूनी व्यवस्था प्रभावकारी कार्यान्वयनका लागि यातायात व्यवसायीसँग समन्वय गर्नु, बहिरा व्यक्तिहरूका लागि अस्पतालमा सांकेतिक भाषा दोभाषे सेवा उपलब्ध गराउनु, सेवा उपयोगमा समान अवसर सुनिश्चित गर्नु, आवश्यकता अनुसार व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउनु।

२. **अपाङ्गमैत्री भौतिक संरचना निर्माण र गुणस्तरीय समावेशी शिक्षामा पहुँच विस्तारः** सबै विद्यालय, स्वास्थ्य संस्था, यातायात साधन, कार्यालय तथा सार्वजनिक संरचनाहरूलाई पूर्ण रूपमा अपाङ्गमैत्री बनाउनु, सडक पेटी तथा सार्वजनिक संरचनाको निर्माण तथा स्तरोन्नति गर्नु, भवनको बाहिरी तथा भित्री संरचना दुवै अपाङ्गमैत्री बनाउनु, विशेष तथा समावेशी शिक्षाको विस्तार गरी दक्ष शिक्षक र सहायक जनशक्तिको व्यवस्था गर्नु, अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँच विस्तार गर्नु, विद्यालयहरूमा नर्स तथा मनोसामाजिक सेवा उपलब्ध गराउनु, अटिजम भएका बालबालिकाका लागि अनुकूल सिकाइ वातावरण सिर्जना गर्नु, आवश्यकता अनुसार सहायक सामग्री उपलब्ध गराउनु।

३. **सीप विकास र रोजगारीबीचको तादात्म्यताः** सीप, तालिम, उद्यमशीलता विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गरी सीपअनुसार दिगो रोजगारी सृजना गर्नु, उद्यमशीलतालाई बजारसँग प्रभावकारी रूपमा जोड्नु, तालिमपछि रोजगारी सिर्जना, लगानी पहुँच, बजार विस्तार तथा परामर्श सेवा उपलब्ध गराउनु, बिना धितो सहुलियत ऋणको व्यवस्था गर्नु, दक्षता अनुसार रोजगारी वा आवश्यकताअनुसार जीवन निर्वाह भत्ता उपलब्ध गराउनु, निजी क्षेत्रमा वा सञ्चालित संस्थामा आरक्षणको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु, कृषि, पशुपन्छी साना तथा सेवा उद्योगमा संलग्न अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित सीप तथा तालिम प्रदान गर्नु, खेलकुदलगायत विभिन्न क्षेत्रमा सहभागिता र रोजगारीका अवसर विस्तार गर्नु।

४. **सहायक सामग्रीको उपलब्धता र पहुँचको सुनिश्चितता :** अपाङ्गताको अवस्था अनुसारका सहायक सामग्री (जस्तैः ह्वील चेयर, श्रवणयन्त्र, दृष्टि सहायक उपकरण आदि) माग अनुसार उपलब्ध गराउनु, प्रयोगकर्ताको शारीरिक अनुकूलता अनुसार नापजाँच गरी सामग्री वितरण गर्नु, गुणस्तरीय सहायक सामग्रीको सुनिश्चित आपूर्ति गर्नु, सहायक सामग्रीको नियमित आपूर्ति र स्थानीय स्तरमै सहज पहुँच सुनिश्चित गर्नु, स्थानीय स्तरमै उत्पादन तथा आपूर्ति प्रणाली विकास गर्नु, सहायक सामग्री मर्मत केन्द्र स्थापना तथा सञ्चालन गर्नु।

६. **संस्थागत क्षमता र समन्वयः** अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक अवस्था र सेवामा पहुँचसम्बन्धी तथ्याङ्क अद्यावधिक गरी एकीकृत व्यवस्थापन गर्नु, तथ्याङ्कमा आधारित योजना तथा निर्णय प्रणाली विकास गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु, संस्थागत संरचना सुदृढ बनाउनु, सङ्घ-प्रदेश-स्थानीय तहबीच प्रभावकारी समन्वय स्थापित गर्नु, नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, गैरसरकारी संस्थाहरूलाई ग्रामीणमुखी बनाउँदै सेवा पहुँच विस्तार गर्नु, अस्पताललगायत संवेदनशील स्थानहरूमा दोभाषे तथा हेल्प डेस्कको व्यवस्था गर्नु, विज्ञमार्फत नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ बनाउनु।

७. **सामाजिक सुरक्षा र अधिकारः** अपाङ्गता भएका व्यक्तिहरूको प्रकृतिका आधारमा सामाजिक सुरक्षा प्रदान गर्नु, स्पाइनल कर्ड इन्जुरी भएका व्यक्तिहरूका लागि विशेष उपचार, पुनर्स्थापना तथा सहायताका

कार्यक्रम सञ्चालन गर्नु, अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका उद्यम व्यवसायमा कर छुट तथा अन्य आर्थिक सहुलियतहरू प्रदान गरी प्रोत्साहन गर्नु, अपाङ्गता भएका महिलाहरूका लागि प्रजनन स्वास्थ्य तथा सुरक्षा सेवा उपलब्ध गराउनु, यौन हिंसा तथा शोषणको जोखिम न्यूनीकरणका लागि विशेष संरक्षण, सुरक्षा, सचेतना तथा सहायता प्रणाली सुदृढ बनाउनु, मापदण्डका आधारमा सहयोगी आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी सहयोगीको जीविकोपार्जनको व्यवस्था गर्नु।

### ६.६.४ उद्देश्य

१. अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, सीप र रोजगारीमा समावेशी, जीवनचक्रमैत्री र गुणस्तरीय पहुँच सुनिश्चित गर्नु।

२. अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सामाजिक सशक्तीकरण गर्नु।

### ६.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, सीप र रोजगारीमा समावेशी, जीवनचक्रमैत्री र गुणस्तरीय पहुँच सुनिश्चित गर्नु ।** | |
| १. समावेशी शिक्षा र क्षमता विकास सुनिश्चित गर्ने। | १.१ विशेष विद्यालय, स्रोत कक्षा र आवासीय शिक्षालाई प्राथमिकतामा राखेर भौतिक पूर्वाधार, जनशक्ति र शैक्षिक सामग्री सुदृढ गरिनेछ।<br>१.२ सीपमूलक तालिमलाई उद्यमशीलता, सहुलियत ऋण र बजार पहुँचसँग जोडिनेछ।<br>१.३ अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य र सीपलाई आपसमा अन्तर-सम्बन्धित गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ विद्यालय नर्स तथा मनोसामाजिक परामर्श सेवा सबै विद्यालयमा विस्तार गरिनेछ।<br>१.५ अटिजम तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि अनुकूल सिकाइ वातावरण विकास गरिनेछ। |
| २. अधिकार र पहुँच सुनिश्चित गर्न व्यवस्थागत सुधार गर्ने। | २.१ नीति, कानून र संस्थागत संरचनालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>२.२ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरिनेछ।<br>२.३ तथ्याङ्क प्रणाली, अनुगमन तथा मूल्याङ्कनलाई डिजिटल र परिणाममुखी बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ स्वास्थ्य सेवामा पहुँच विस्तारका लागि निःशुल्क र सहायक सेवाहरूलाई संस्थागत गरिनेछ।<br>२.५ सार्वजनिक सेवामा दोभाषे तथा हेल्पडेस्क व्यवस्था गरिनेछ।<br>२.६ मनोसामाजिक अपाङ्गता भएका व्यक्तिका लागि औषधि तथा परामर्श सेवा स्वास्थ्य बीमामा समावेश गरिनेछ।<br>२.७ सबै सार्वजनिक संरचनामा अपाङ्गमैत्री मापदण्ड अनिवार्य गरिनेछ। |
| **उद्देश्य २ : अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक सामाजिक सशक्तीकरण गर्नु ।** | |
| १. आर्थिक अवसर र रोजगारी सुनिश्चित गरी आत्मनिर्भरता प्रबर्द्धन गर्ने। | १.१ सरकारी तथा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षण र रोजगारी सुनिश्चित गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ।<br>१.२ अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी व्यवसाय विकास, स्वरोजगार, सिप प्रशिक्षण तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ बैंक, सहकारी र वित्तीय संस्थासँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरूका लागि अनुदान, बिना धितो सहुलियत कर्जा र वित्तीय पहुँच विस्तारमा जोड दिइनेछ।<br>१.४ तालिमसँगै अनुदान, बजार पहुँच र व्यवसाय परामर्श सुनिश्चित गरिनेछ।<br>१.५ खेलकुद तथा अन्य क्षेत्रमा प्रतिभा विकासका कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. सामाजिक सहभागिता, पहुँच र अधिकार सुनिश्चित गर्ने। | २.१ अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य, शिक्षा, पहुँचयोग्यता र सामाजिक सुरक्षामा समावेशी सेवा सुनिश्चित गरिनेछ।<br>२.२ सामुदायिक चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेर सामाजिक भेदभाव घटाउने र समानता प्रबर्द्धन गर्न स्थानीय तहहरूसँग सहकार्य गरिनेछ।<br>२.३ नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिनेछ।<br>२.४ लैङ्गिक दृष्टिकोणबाट अपाङ्गता भएका महिलाको प्रजनन अधिकार र सुरक्षा सेवा सुनिश्चित गरिनेछ।<br>२.५ अपाङ्गताको प्रकृति अनुसार सामाजिक सुरक्षा भत्ता पुनरावलोकनका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ। |

### ६.६.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. नीति निर्माण तथा कार्यान्वयन,
२. आयआर्जन, सीपमूलक तथा उद्यमशीलता विकास तथा रोजगार/स्वरोजगार प्रबर्द्धन,
३. साङ्केतिक भाषा दोभाषे, हेल्पडेस्क तथा दृष्टिविहीनका लागि सूचना/प्रविधि तालिम तथा पहुँचयोग्य सेवा विस्तार,
४. सहायक सामग्री नापजाँच, वितरण, मर्मत सेवा केन्द्र स्थापना तथा निःशुल्क स्वास्थ्य सेवा,
५. पुनर्स्थापना, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा विस्तार,
६. मानसिक अस्पताल स्थापना,
७. बौद्धिक तथा बहिरा अपाङ्गता भएका बालबालिकाका लागि आवासीय विद्यालय, स्रोत कक्षा, छात्रावास सञ्चालन तथा शैक्षिक जनशक्ति/सामग्री सुदृढीकरण,
८. अपाङ्गता सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन, अभिलेख व्यवस्थापन, अनुगमन तथा अपाङ्गता समावेशी (डिस्एबिलिटी अडिट) प्रणाली विकास,
९. सामुदायिक चेतना अभिवृद्धि, भेदभाव न्यूनीकरण तथा बाल/महिला/अपाङ्गता समावेशी शासन प्रबर्द्धन,
१०. अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सुरक्षा, सामाजिक सहभागिता, नीति/कानूनमा पहुँच सुदृढीकरण,
११. अपाङ्गमैत्री भौतिक पूर्वाधार (सडक, भवन, यातायात) निर्माण तथा सुधार,
१२. बिना धितो सहुलियत ऋण, लघु उद्यम तथा वित्तीय पहुँच विस्तार,
१३. अपाङ्गता भएका महिलाको स्वास्थ्य, सुरक्षा तथा अधिकार प्रबर्द्धन,
१४. खेलकुद तथा प्रतिभा विकास (अपाङ्गता भएका व्यक्तिका लागि),
१५. वकालति, पैरवी (यातायात भाडा सहुलियत, निजीक्षेत्र रोजगारी आरक्षण, विपन्न वर्ग अपाङ्गता भएका व्यक्ति लक्षित, अपाङ्गतामध्ये पनि समावेशीताका लागि प्राथमिकता, सेवा गुणस्तर र सहभागिता आदि),
१६. वैयक्तिक कानूनी सहायता,
१७. अभिभावक रोजगारी प्रबर्द्धन,
१८. काउन्सेलिङ, मनोचिकित्सा, औषधि, सामाजिक समर्थन।

## ६.७ ज्येष्ठ नागरिक

### ६.७.१ पृष्ठभूमि

नेपालको संविधान र ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा राज्यले ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानजनक रूपमा जीवनयापन गर्न पाउने अवसर दिनुपर्ने व्यवस्था रहेको छ। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउँदै आएको छ भने स्वास्थ्य सेवा तथा सहुलियत सम्बन्धी प्रावधानहरूसमेत लागू गरिएका छन्। तथापि, सुदूरपश्चिम प्रदेशका हिमाली तथा दुर्गम जिल्लाहरूमा स्वास्थ्य सेवाको सीमित पहुँच, आवश्यक पूर्वाधारको अभाव, विशेषज्ञ सेवाको कमी तथा यातायात सेवाको असुविधाका कारण ज्येष्ठ नागरिकहरूले गुणस्तरीय सेवा पाउन कठिनाइ भएको छ।

धेरैजसो ज्येष्ठ नागरिकहरू आर्थिक दृष्टिले परिवारमा आश्रित रहने अवस्था छ। विशेष गरी गरिब, दलित तथा दुर्गम क्षेत्रका ज्येष्ठ नागरिकहरू थप जोखिममा रहेका छन्। सामाजिक तथा सांस्कृतिक रूपमा सम्मानको परम्परा रहे तापनि व्यवहारमा केही स्थानहरूमा उपेक्षा, भेदभाव तथा दुर्व्यवहारका घटनाहरू पनि हुने गरेका छन्। साथै, ज्येष्ठ नागरिकमैत्री पूर्वाधार,यातायात सुविधा, दिवा सेवा केन्द्र, मनोरञ्जन तथा सामाजिक सहभागिताका अवसरहरू न्यून रहेका छन्। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा ज्येष्ठ नागरिकहरूको सम्मानजनक, सुरक्षित र सक्रिय जीवनयापन सुनिश्चित गर्न सामाजिक सुरक्षा सुदृढीकरण, स्वास्थ्य सेवा पहुँच विस्तार, समुदायमा आधारित हेरचाह प्रणाली विकास, ज्येष्ठ नागरिकमैत्री पूर्वाधार निर्माण एवम् यातायात र स्वास्थ्य सेवामा तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरू एवम् ज्येष्ट नागरिकको अनुभव, सीप र विद्वतालाई उपयोग गर्ने अवसरको स-सम्मान उपयोगमा प्राथमिकता दिन आवश्यक देखिन्छ।

नेपालको संविधान, २०७२ ले ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र विशेष संरक्षणको अधिकार सुनिश्चित गरेको छ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले ज्येष्ठ नागरिकको सम्मान, स्याहार, स्वास्थ्य र सामाजिक सहभागिता सुनिश्चित गर्न नीतिगत तथा कार्यक्रमगत पहलहरू अघि बढाउँदै आएको छ। अन्तर-पुस्ता सम्बन्ध सुदृढ गर्दै ज्ञान, सीप र अनुभवको हस्तान्तरणमार्फत सामाजिक एकता प्रबर्द्धन गर्ने गरिएको छ।

### ६.७.२ विद्यमान अवस्था

नेपालीको औसत आयु वृद्धिसँगै ज्येष्ठ नागरिकहरूको सङ्ख्या क्रमशः बढ्दै गएको छ। सुदूरपश्चिम प्रदेशमा पनि ६० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिकहरूको अनुपात (हाल १४.५३ प्रतिशत रहेको) वृद्धि हुँदै गएको पाइन्छ, जसले सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र हेरचाहसम्बन्धी आवश्यकतामा थप दबाब सिर्जना गरेको छ। परम्परागत रूपमा परिवारमुखी संरचना बलियो भए तापनि पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारी, आन्तरिक बसाइसराइ तथा परिवार संरचनामा आएको परिवर्तनका कारण ज्येष्ठ नागरिकहरू एक्लोपन, हेरचाह अभाव तथा सामाजिक असुरक्षाको जोखिममा परिरहेका छन्।

यस कुरालाई सम्बोधन गर्न स्वस्थ, बालबालिका सबल महिला र सम्मानित ज्येष्ठ नागरिक सुदूरपश्चिमको प्रतिबद्धता भन्ने नाराका साथ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक दशक (२०८२-२०९२) कार्यक्रम सञ्चालनका लागि कार्यविधि निर्माण गरिएको छ। प्रदेशमा अन्तरपुस्ता ज्ञान तथा सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरी ज्येष्ठ नागरिकको अनुभव र ज्ञानलाई नयाँ पुस्तासँग जोड्ने प्रयास गर्दै आएकोछ। ज्येष्ठ नागरिक स्याहार कार्यक्रमअन्तर्गत बृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू सञ्चालनका लागि सहयोग प्रदान गर्दै आएको छ। यसले एक्ला, असहाय तथा संरक्षण आवश्यक पर्ने ज्येष्ठ नागरिकलाई आधारभूत सेवा र स्याहार उपलब्ध गराएको छ। स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि सेती, महाकाली र टीकापुर अस्पतालमा जेरियाट्रिक इकाइहरूको स्तरोन्नति गरिएको छ। साथै ज्येष्ठ नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य परीक्षण र निःशुल्क औषधिको व्यवस्था गरिएको छ, जसले वृद्धावस्थामा देखिने स्वास्थ्य समस्याको व्यवस्थापनमा सहयोग पुऱ्याएको छ।

### ६.७.३ मुख्य सवाल तथा चुनौती

१. **दीर्घकालीन स्याहार तथा स्वास्थ्य सेवाको विस्तारः** ज्येष्ठ नागरिकको सङ्ख्या निरन्तर वृद्धि हुँदै जाँदा दीर्घकालीन स्याहार, नियमित स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श उपलब्ध गराउनु, उमेरसँग सम्बन्धित दीर्घरोग, शारीरिक अशक्तता तथा मानसिक स्वास्थ्य समस्या भएकाहरूलाई भरपर्दो सेवा प्रदान गर्नु, दुर्गम तथा ग्रामीण क्षेत्रका ज्येष्ठ नागरिकहरूलाई नियमित स्वास्थ्य सेवा, स्याहार कार्यक्रम तथा सामाजिक सुरक्षामा समान पहुँच सुनिश्चित गर्नु।

२. **वृद्धाश्रम तथा सेवा केन्द्र व्यवस्थापनः** वृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूलाई स्थानीय तहसम्म विस्तार गर्न स्रोतसाधन, पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, उपलब्ध केन्द्रहरूमा गुणस्तर सेवा उपलब्ध गराउनु, सेवा केन्द्रहरूमा प्रदान गरिने सेवालाई निरन्तरता दिनु, पारिवारिक तथा सामुदायिक सहयोग परिचालन गर्नु।

३. **जेरियाट्रिक सेवा व्यवस्थापनः** अस्पतालस्तरमा जेरियाट्रिक सेवाका लागि विशेषज्ञ चिकित्सक, प्रशिक्षित नर्स तथा आवश्यक उपकरणको व्यवस्था गर्नु, सेवा गुणस्तर कायम राख्न नियमित तालिम, उपकरण मर्मत-सम्भार तथा वित्तीय व्यवस्थापन सुदृढ गर्नु।

### ६.७.४ उद्देश्य

१. ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गर्दै सम्मान, सुरक्षा तथा सक्रिय सहभागिता अभिवृद्धि गर्नु।
२. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्नु।

### ६.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : ज्येष्ठ नागरिकको अधिकार सुनिश्चित गर्दै सम्मान, सुरक्षा तथा सक्रिय सहभागिता अभिवृद्धि गर्नु ।** | |
| १. ज्येष्ठ नागरिकलाई सामाजिक सम्मान प्रदान गर्ने। | १.१ विद्यालय, समुदाय र परिवारस्तरमा अन्तरपुस्ता संवाद तथा सहकार्य प्रबर्द्धन गरिनेछ।<br>१.२ ज्येष्ठ नागरिकको सामाजिक भूमिका र योगदानलाई सार्वजनिक रूपमा सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. ज्येष्ठ नागरिक स्याहार, संरक्षण तथा सेवा पहुँच सुदृढ गर्ने। | २.१ ज्येष्ठ नागरिक स्याहार तथा संरक्षण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय तहहरूसँग समन्वय गरिनेछ।<br>२.२ वृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्रको भौतिक पूर्वाधार, जनशक्ति र व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ।<br>२.३ वृद्धाश्रम तथा सेवा केन्द्रलाई गुणस्तरीय र पहुँचयोग्य बनाउन अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाइनेछ।<br>२.४ सङ्घ र स्थानीय तहसँगको सवन्वयमा ज्येष्ठ नागरिकका लागि सम्मानजनक जीवनयापन, स्वास्थ्यसेवा र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. स्वास्थ्य सेवामा विशेष पहुँच सुनिश्चित गर्ने। | २.१ अस्पतालस्तरमा जेरियाट्रिक इकाइ स्तरोन्नति गरी आवश्यक विशेषज्ञ सेवा विस्तार गरिनेछ।<br>२.२ ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण कार्यक्रम नियमित र संस्थागत रूपमा सञ्चालन र आवश्यकता अनुसार सम्बन्धित पालिकाको सहयोगसमेत लिई विस्तार गरिनेछ।<br>२.३ समुदायस्तरमा स्वास्थ्य सचेतना, नियमित परीक्षण र रेफरल प्रणाली सुदृढ बनाइनेछ। |
| **उद्देश्य २ : ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्नु ।** | |
| १. अनुभव, ज्ञान र सीपको सदुपयोग गर्दै सामाजिक योगदान प्रबर्द्धन गर्ने। | १.१ पुस्ताबीच ज्ञान, सीप र अनुभव आदान-प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ ज्येष्ठ नागरिकको अनुभव, सीप एवम् वौद्धिकताको सम्मानजनक उपयोग गरिनेछ।<br>१.३ स्थानीय तह र समुदायसँग समन्वय गरी ज्येष्ठ नागरिकलाई परामर्शदाता, प्रशिक्षक वा प्रशिक्षक सहायकको रूपमा सहभागी गराइनेछ।<br>१.४ अनुभव सम्पन्न ज्येष्ठ नागरिकलाई समुदाय, विद्यालय, उद्यम र सामाजिक कार्यक्रममा ज्ञान हस्तान्तरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ ज्येष्ठ नागरिकको सामाजिक-आर्थिक सहभागिता सुनिश्चित गर्न स्थानीय कार्यक्रम, सहकारी तथा सामाजिक उद्यमसँग जोडिनेछ। |

## ६.७.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. महिला बालबालिका तथा ज्येष्ठ नागरिक दशक,

२. अन्तरपुस्ता ज्ञान आदान-प्रदान कार्यक्रम (विद्यालय, समुदाय र परिवारस्तरमा पुस्ताबीच ज्ञान, सीप र अनुभवको आदान-प्रदान),

३. अन्तरपुस्ता संवाद तथा सहकार्य (समुदायमा सामाजिक एकता र अन्तरपुस्ता संवाद प्रबर्द्धन),

४. ज्येष्ठ नागरिक सम्मान (सार्वजनिक कार्यक्रममा ज्येष्ठ नागरिकको योगदान र सामाजिक भूमिका सम्मान),

५. ज्येष्ठ नागरिकमैत्री पार्कको व्यवस्था,

६. ज्येष्ठ नागरिकहरूका लागि दिवा हेरचाह र मनोरञ्जन केन्द्रको व्यवस्था,

७. स्याहार र संरक्षण (वृद्धाश्रम, ज्येष्ठ नागरिक सेवा केन्द्रमा सेवा सुधार, पहुँच र गुणस्तरीय व्यवस्थापन),

८. गुणस्तरीय वृद्धाश्रम तथा सेवा केन्द्र अनुगमन (पूर्वाधार, जनशक्ति र व्यवस्थापन क्षमता अभिवृद्धि तथा मापदण्ड कार्यान्वयन),
९. जेरियाट्रिक स्वास्थ्य सेवा विस्तार (अस्पतालस्तरमा विशेषज्ञ सेवा, निःशुल्क स्वास्थ्य परीक्षण, औषधि वितरण र रेफरल प्रणाली सुदृढीकरण),
१०. स्वास्थ्य सचेतना र नियमित परीक्षण (समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि र नियमित स्वास्थ्य जाँच),
११. परामर्शदाता र प्रशिक्षक सहभागिता (स्थानीय तह र समुदायसँग समन्वय गरी ज्येष्ठ नागरिकलाई परामर्शदाता वा प्रशिक्षक सहायकको रूपमा सहभागी गराउने),
१२. ज्ञान हस्तान्तरण (अनुभव सम्पन्न ज्येष्ठ नागरिकलाई समुदाय, विद्यालय, उद्यम र सामाजिक कार्यक्रममा ज्ञान हस्तान्तरण),
१३. सीप विकास र सामाजिक-आर्थिक सहभागिता (हस्तकला, उद्यमशीलता, स्वरोजगार तालिम, सहकारी तथा सामाजिक उद्यमसँग ज्येष्ठ नागरिकको सहभागिता)।

## ६.८ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

### ६.८.१ पृष्ठभूमि

नेपालको संविधानको धारा १२ मा नागरिकलाई आफ्नो पहिचान अनुसार नागरिकता पाउने अधिकार सुनिश्चित गरेको छ। यसैगरी धारा १८ अनुसार लैङ्गिक तथा यौनिक पहिचानका आधारमा भेदभाव गर्न नपाइने र धारा ४२ ले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई राज्यका अवसरमा समावेशी सहभागिता सुनिश्चित गर्ने व्यवस्था गरेको छ।यस सम्बन्धी छुट्टै सङ्घीय ऐन नभए तापनि मुलुकी अपराध संहिता, २०७४ ले लैङ्गिक पहिचान र यौनिक अभिमुखीकरणका आधारमा हुने भेदभाव र हिंसाका विषयलाई समेटेको छ। त्यसैगरी मुलुकी देवानी संहिता, २०७४ ले व्यक्तिको पहिचान र व्यक्तिगत अधिकारलाई स्वीकार गर्ने र लैङ्गिक पहिचानलाई सम्मान गर्ने आधार तयार गरेको छ।नेपालको सर्वोच्च अदालतले पनि तेश्रो लिङ्गी र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यको अवधारणालाई स्पष्ट रूपमा स्थापित गरेको छ।

लैङ्गिक अल्पसङ्ख्यक भन्नाले ती व्यक्ति वा समुहलाई जनाइन्छ, जसको लैङ्गिक पहिचान, यौनिक अभिविन्यास वा सामाजिक भूमिका मुख्यधारको पुरुष-महिला वर्गीकरणसँग मेल खाँदैन। यसमा लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेंडर, क्वियर, इन्टरसेक्स र अन्य LGBTQI++ समुदायका सदस्यहरू पर्दछन्।

संविधान, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता (CEDAW लगायत) तथा राष्ट्रिय नीति-कानूनहरूको मर्मअनुसार महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई राज्यको विकास प्रक्रियाको केन्द्रीय अङ्गका रूपमा लिइएको छ।संविधानको धारा १८ ले राज्यले कुनै पनि नागरिकलाई लैङ्गिक पहिचान वा यौनिक अल्पसङ्ख्यकका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ।संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलाई संरक्षित समुहको रूपमा मान्यता दिएको छ।यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्थासमेत संविधानले गरेको छ।नागरिकता, राहदानीलगायत कागजातमा "अन्य (Other)" वा तेस्रोलिङ्गी श्रेणी प्रयोग गर्ने कानूनी व्यवस्था गरिएको छ।जनगणनामा पनि तेस्रो लिङ्गी पहिचान समेटिएको छ।यसरी हेर्दा नेपाल

दक्षिण एशियामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार मान्यता दिने प्रगतिशील देशमध्ये एक मानिन्छ। संविधान, सर्वोच्च अदालतका निर्णय र प्रशासनिक व्यवस्थाबाट तेस्रोलिङ्गी पहिचान, भेदभाव निषेध र कानूनी मान्यता प्रदान गरिएको छ, तर व्यवहारिक कार्यान्वयन र केही अधिकार (जस्तैः विवाह) अझै पूर्ण रूपमा सुनिश्चित हुन बाँकी छन्।

## ६.८.२ विद्यमान अवस्था

प्रदेशमा महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनको कार्य अघि बढाइएको छ। महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन तथा अनुसन्धानमार्फत प्रमाणमा आधारित नीति निर्माणतर्फ प्रयास भइरहेको छ। लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण प्रणाली कार्यान्वयनमा ल्याई बजेट तथा कार्यक्रमहरूमा महिला र पुरुषमाथि पर्ने प्रभावको विश्लेषण गरिँदै आएको छ। द्वारिका देवी ठकुरानी महिला आत्मनिर्भरता एवम् सशक्तीकरण कार्यक्रमअन्तर्गत ९ वटै जिल्लाका सामाजिक विकास कार्यालयमार्फत कार्यक्रम सञ्चालन भइरहेका छन्। लैङ्गिक हिंसा प्रभावितका लागि घटना व्यवस्थापन तथा प्रेषण प्रक्रिया निर्देशिकाको मस्यौदा निर्माण भएको छ।

लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन हुँदै आएको छ भने पीडितको संरक्षण, उद्धार, उपचार तथा लैङ्गिक हिंसा पीडितहरूका लागि अल्पकालीन सेवा केन्द्र सञ्चालनमा सहयोग गर्दै आएको छ। साथै, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताहरूको कार्यान्वयनलाई प्रदेशस्तरमा संस्थागत गर्ने प्रयास भइरहेको छ। महिला, लैङ्गिक समानता र सामाजिक न्यायसम्बन्धी विषयमा राष्ट्रिय तथा प्रादेशिक निकाय, सङ्घसंस्था र विकास साझेदारहरूसँग सम्पर्क, समन्वय र सहकार्य कायम गरिएको छ। शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनको कार्य पनि नियमित रूपमा हुँदै आएको छ।

सन् २००१ देखि नेपालमा ब्ल्यू डाइमण्ड सोसाइटीले एलजीबीटीआईक्यू+ व्यक्तिहरूको मानव अधिकार, समानता, सामाजिक न्याय र गरिमाका लागि काम गर्दै आएका छन। यस क्षेत्रमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको महासङ्घले छाता सङ्गठनका रूपमा क्रियाशील रही पैरवी, स्वास्थ्य सेवामा पहुँच र जनचेतना अभिवृद्धिमा काम गर्दै आएको छ। यस प्रदेशमा एकता नेपाल, सुदूरपश्चिम समाज, सहयात्रा नेपाल, मितिनी नेपाललगायतका सङ्घ संस्थाहरूले विविध कार्यहरू गर्दै आइरहेका भए तापनि नेपालमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (LGBTIQ++) व्यक्तिहरूले बहुआयामिक चुनौतीहरू भोगिरहेका छन्। सामाजिक, कानूनी, आर्थिक, स्वास्थ्य र मनोवैज्ञानिक क्षेत्रमा उनीहरूले समस्याहरू भोग्दै आएका छन्। बजेट अभावका कारण बजेट कटौती गर्दा यी समुदायको बजेट कटौती हुने गरेको देखिन्छ। नागरिकतामा लिङ्ग नछुट्टिँदा भत्ता प्राप्त गर्न कठिनाइ हुने गरेको छ। आफ्नो पहिचान लुकाएर बस्नुपर्दा मानसिक रोगको शिकार भई अभिभावकहरूबाट झारफुक विधि जस्ता अन्धविश्वासमा लाग्नु परेको देखिन्छ। सार्वजनिक स्थलमा शौचालय प्रयोग गर्दा महिला पुरुषको अलग अलग शौचालय हुँदा प्रयोग गर्न कठिनाइ हुने गरेको छ।

नेपाल सरकारले पहिलो पटक LGBTIQ समुदायलाई गणनामा समेटेर गरेको जनगणना, २०७८ को नतिजा अनुसार नेपालको कुल जनसङ्ख्यामध्ये अन्य लिङ्गीको जनसङ्ख्या २,९२८ रहेको छ जुन कुल

जनसङ्ख्याको ०.०१ प्रतिशत हुन आउँछ। कुल अन्य लिङ्गी मध्ये सुदूरपश्चिम प्रदेशमा १९९ (६.८ प्रतिशत) रहेको छ। LGBTIQ अधिकारकर्मी तथा संस्थाहरूको अनुमानमा सामाजिक रूपमा बहिष्कृत हुने डरले खुल्ला रूपमा पहिचान दिन नसक्दा धेरै जनसङ्ख्या गणना भन्दा बाहिर रहेका छन्।

### ६.८.३ मुख्य सवाल तथा चुनौती

१. **सामाजिक व्यवहार तथा चालचलनमा सुधारः** परिवार तथा समाजबाट हुने भेदभावको न्यूनीकरण गर्नु, उनीहरूमाथि हुने दुर्व्यवहार र मानसिक यातनाको अन्त्य गर्नु, सार्वजनिक कार्यक्रमहरूमा समान रूपमा समावेश हुने वातावरण सिर्जना गर्नु, सार्वजनिक स्थलमा खुलेर पहिचान स्वीकार गर्न सक्ने अवस्थामा सुधार ल्याउनु, मानव अधिकारको संरक्षण गर्नु, उनीहरूलाई समाजमा मर्यादित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु, नागरिकतामा पहिचान खुलाएर सहज रूपमा नागरिकताको प्रमाणपत्र उपलब्ध गराउनु।

२. **आयआर्जन र रोजगारीको सुनिश्चितताः** स्वरोजगार र उद्यमशिलता कार्यक्रममा पहुँच विस्तार गर्नु, रोजगारीमा समान अवसर उपलब्ध गराउनु, तालिम प्राप्त व्यक्तिहरूका लागि बीउ पूँजीको व्यवस्था गर्नु।

३. **नीति निर्माण तहमा सहभागिताः** यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई निर्णय प्रक्रियामा समान रूपमा सहभागी हुने अवसर प्रदान गर्नु, लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक परीक्षण प्रणालीमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई पूर्ण रूपमा सम्बोधन गर्नु।

### ६.८.४ उद्देश्य

१. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार, सामाजिक सहभागिता, आर्थिक स्वतन्त्रता र नीति/निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्नु।

### ६.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार, सामाजिक सहभागिता, आर्थिक स्वतन्त्रता र नीति/निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्नु ।** | |
| १. सामाजिक समावेशीकरण र व्यवहार सुधारमा जोड दिने। | १.१ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको पहिचान गरी उनीहरूको सीप विकास, उद्यमशिलता र सामाजिक-आर्थिक शसक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ स्थानीय तहसँगको समन्वयमा परिवार, विद्यालय र समुदायमा LGBTIQ+ अधिकार र समानताको बारेमा सामुदायिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ समुदाय र परिवारमा हुने दुर्व्यवहार रोक्न सचेतना तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ सार्वजनिक स्थल, कार्यक्रम, यातायात र संस्थाहरूमा खुला पहिचान र समावेशी वातावरण सुनिश्चित गर्ने सम्बन्धी नीतिगत व्यवस्था गरिनेछ। |
| २. आयआर्जन, रोजगार र आर्थिक सशक्तीकरण गर्ने। | २.१ सीप विकास, व्यवसाय सञ्चालन, वित्तीय पहुँच र उद्यमशीलता कार्यक्रम सञ्चालन गरी स्वरोजगार सिर्जना गरिनेछ।<br>२.२ सरकारी र निजी क्षेत्रमा LGBTIQ++ लक्षित आरक्षण, जागिरमा पहुँच र लैङ्गिक उत्तरदायी रोजगारी नीति कार्यान्वयनमा ल्याइनेछ।<br>२.३ LGBTIQ++ समुदायको आर्थिक अवस्था सुदृढीकरणका लागि स्थानीय सरकारहरूसँग समन्वय गरिनेछ। |
| ३. नीति निर्माण र निर्णय प्रक्रियामा सहभागिता बढाउने। | ३.१ LGBTIQ+ समुदायका प्रतिनिधिहरूलाई निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गरिनेछ।<br>३.२ LGBTIQ++ समुदायका युवाहरू र प्रतिनिधिहरूलाई नेतृत्व, परामर्श र क्षमता विकास तालिम उपलब्ध गराइनेछ। |
| ४. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री सेवा विस्तार गर्ने। | ४.१ लैङ्गिक अल्पसङ्ख्यकलाई यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।<br>४.२ स्वास्थ्यकर्मीलाई लैङ्गिक अल्पसङ्ख्यकसम्बन्धी अभिमुखीकरण गरी क्षमता विकास गरिनेछ।<br>४.३ लैङ्गिक अल्पसङ्ख्यकहरूका लागि मानसिक स्वास्थ्यसम्बन्धी निःशुल्क सेवा उपलब्ध गराईनेछ।<br>४.४ सार्वजनिक स्थलहरूमा लैङ्गिकमैत्री शौचालयको व्यवस्था गरिनेछ। |

### ६.८.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **सामुदायिक सचेतना र भेदभाव न्यूनीकरणः** परिवार, विद्यालय, समुदायमा LGBTIQ++ अधिकार, समानता र समावेशी व्यवहार प्रबर्द्धन, यौन तथा प्रजनन र मानसिक स्वास्थ्य सेवा, परामर्श सेवा,

२. **सार्वजनिक पहुँच र खुला पहिचानः** सार्वजनिक स्थल, यातायात, सरकारी कार्यालय तथा कार्यक्रमहरूमा LGBTIQ++ सदस्यहरूको सुरक्षित र समान सहभागिता, लैङ्गिकमैत्री शौचालय,

३. **स्वरोजगार तथा उद्यमशीलता तालिमः** व्यवसाय, सीप विकास, वित्तीय पहुँच र स्वरोजगार,

४. **रोजगारीमा समान अवसरः** सरकारी र निजी क्षेत्रमा लक्षित आरक्षण,

५. **सहकारी र सामाजिक उद्यममा सहभागिताः** LGBTIQ++ सदस्यहरूको आर्थिक सशक्तीकरण र समुह/सहकारी/सामाजिक उद्यम,

६. **नीति/कानून निर्माण,**

७. **नेतृत्व विकास र क्षमता अभिवृद्धिः** LGBTIQ++ समुदायका युवाहरूलाई नेतृत्व, परामर्शदाता वा प्रशिक्षण,

८. **स्वास्थ्य सेवामा पहुँच वृद्धिः** स्वास्थ्यकर्मीलाई LGBTIQ+ संवेदनशीलता तालिम, मानसिक स्वास्थ्य सेवा विस्तार, यौन तथा प्रजनन् स्वास्थ्य सेवा, सुरिक्षित यौन व्यवहारबारे जानकारी र सामग्री, ट्रान्सजेण्डर व्यक्तिका लागि हर्मोन थेरापीसम्बन्धी सेवा,

९. लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुह/समिति निर्माण, तथ्याङ्क सङ्कलन तथा सचेतना।

## ६.९ युवा तथा खेलकुद

### ६.९.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले युवा तथा खेलकुद क्षेत्रलाई सामाजिक, शैक्षिक र आर्थिक विकासको महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट अधिकार र जिम्मेवारी बाँडफाँट गरेको छ। संविधान अनुसार सङ्घ सरकारले राष्ट्रिय नीति निर्माण, खेलकुद मापदण्ड निर्धारण तथा अन्तर्राष्ट्रिय सहभागिता व्यवस्थापन गर्ने भूमिका निर्वाह गर्दछ भने प्रदेश सरकारलाई प्रदेशस्तरीय युवा तथा खेलकुद विकास, खेल संरचना सञ्चालन, प्रतियोगिता आयोजना तथा युवा कार्यक्रमको समन्वय र विस्तारको जिम्मेवारी प्रदान गरिएको छ। स्थानीय तहले खेलकुद गतिविधि, युवा क्लब, प्रशिक्षण केन्द्र तथा सामुदायिक कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्दछन्।

देशको आर्थिक तथा सामाजिक परिवर्तनको प्रमुख संवाहक युवा शक्ति हो, र आज विकसित तथा विकासशील अवस्थासम्म पुगेका देशहरूको प्रगतिमा युवाको मात्रात्मक तथा गुणात्मक योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ। यद्यपि युवाको परिभाषा अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा एकरूप पाइँदैन; संयुक्त राष्ट्रसङ्घ र विश्व बैंकले १५ देखि २४ वर्ष उमेर समुहलाई युवा मानेका छन् भने नेपालमा राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र राष्ट्रिय युवा नीति, २०७२ ले १६ देखि ४० वर्ष उमेर समुहलाई युवा मानेको छ, साथै यूथ भिजन २०२५ ले यस समुहलाई १६-२४ र २५-४० गरी दुई वर्गमा विभाजन गरेको छ। नेपालको संविधानमा रहेको सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिले राष्ट्रिय विकासमा युवाको सक्रिय सहभागितालाई जोड दिएको छ र सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा खेलकुदलाई समावेश गरी युवाको समग्र विकासलाई प्राथमिकता दिइएको छ। अन्तर्राष्ट्रिय सन्दर्भमा संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५० तथा युथ भिजन २०२५ ले युवाको सहभागिता र नेतृत्वलाई प्रबर्द्धन गरेका छन् भने दिगो विकास लक्ष्य ८ ले युवा, अपाङ्गता भएका व्यक्तिलगायत सबैका लागि पूर्ण, उत्पादनशील रोजगारी, मर्यादित काम र समान पारिश्रमिक सुनिश्चित गर्ने लक्ष्य लिएको छ। तथापि, नेपालमा रोजगारी नपाएका, शिक्षा वा तालिममा सम्लग्न नभएका युवाहरूको अनुपात अझै उच्च रहेकोले उक्त अनुपात घटाउनु दिगो विकास लक्ष्य प्राप्तिका लागि महत्त्वपूर्ण चुनौतीका रूपमा रहेको छ।

खेलकुद विकास ऐन, २०७७ ले शारीरिक तथा मानसिक क्षमता, सिप र प्रतिस्पर्धात्मक सहभागितामार्फत व्यक्तिगत तथा समुहगत रूपमा नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापलाई खेलकुदका रूपमा परिभाषित गरेको छ, जसअन्तर्गत व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरूसमेत समेटिएका छन्। नेपालको संविधानले खेलकुदलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा व्यवस्था गरेको छ भने उक्त ऐनले प्रदेशस्तरमा खेलकुद पूर्वाधार निर्माणको जिम्मेवारी प्रदेश सरकारलाई तोकेको छ। साथै, खेलकुदको विकास, व्यवस्थापन तथा प्रतियोगिता सञ्चालनका लागि तीनै तहबीच

सहकार्य र समन्वय आवश्यक हुने व्यवस्था गरिएको छ। प्रदेश खेल सङ्घ गठन गर्न सकिने कानूनी प्रावधानसमेत रहेको छ र राष्ट्रिय खेलकुद सम्मान कार्यविधि, २०८० हाल कार्यान्वयनमा रहेको छ।

सुदूरपश्चिम प्रदेशमा युवा जनसङ्ख्या उच्च रहेको सन्दर्भमा युवा शक्ति परिचालन, खेलकुद विकास, स्वस्थ जीवनशैली प्रबर्द्धन, सामाजिक समावेशीता र रोजगारी सिर्जनाका लागि युवा तथा खेलकुद क्षेत्र रणनीतिक महत्त्वको विषय बनेको छ। उपलब्ध नीतिगत अधिकार, संस्थागत संरचना र नवप्रवर्तनशील अवसरहरूको प्रभावकारी उपयोगमार्फत प्रदेशको समग्र विकासमा युवालाई केन्द्रमा राख्ने पृष्ठभूमि विद्यमान छ।

## ६.९.२ विद्यमान अवस्था

संवैधानिक तथा कानूनी आधारअनुसार सुदूरपश्चिम प्रदेश सरकारले युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्दै आएको छ। खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण गरी खेलकुद पूर्वाधार विकास, खेल प्रशासन सुदृढीकरण तथा खेल सङ्घसंस्थासँग समन्वय र नियमनको कार्य अघि बढाइएको छ। प्रदेशमा युवालाई लक्षित गरी सीपमूलक तालिम, रोजगारी अभिमुखीकरण कार्यक्रम, उद्यमशीलता प्रबर्द्धन, स्टार्टअप विकास तथा युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। यी कार्यक्रमहरूले युवाको सृजनशीलता, नवप्रवर्तन क्षमता र प्रतिस्पर्धात्मक दक्षता अभिवृद्धि गर्न सहयोग पुऱ्याएका छन्। यस्ता कार्यक्रमबाट विशेष गरी एथलेटिक्स र टाइक्वान्दो विधामा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरू उत्पादन भएका छन्। त्यसै गरी क्रिकेट र भलिबल जस्ता खेलहरूमा राष्ट्रियस्तरका दक्ष खेलाडीहरू उत्पादन भई यस खेलजगतमा उल्लेखनीय योगदान पुगेको छ। यसले प्रदेशमा खेलकुद प्रतिभाको राम्रो आधार रहेको र उचित लगानी, प्रशिक्षण तथा पूर्वाधार विकासमार्फत अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अझ सुदृढ बनाउन सकिने सम्भावना रहेको छ।

खेलकुद क्षेत्रतर्फ प्रदेशका सबै जिल्लामा कम्तीमा एक प्रादेशिक खेलकुद केन्द्र सञ्चालनमा रहेका छन्। जिल्ला स्तरमा खेलकुद प्रशिक्षण कार्यक्रम, विद्यालय खेलकुद प्रतियोगिता तथा सामुदायिक युवा क्लबहरूको सङ्ख्या वृद्धि भएको छ। बालबालिका तथा युवालाई लक्षित खेल प्रशिक्षण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन भइरहेका छन्। यस प्रदेशमा १६ देखि २४ वर्ष उमेरका युवाहरूको सङ्ख्या ४९१,४९१ (१८.२४ प्रतिशत) र १६ देखि ४० वर्ष उमेरका युवाहरूको सङ्ख्या ११,१६,००२ (४१.४१ प्रतिशत) रहेको छ।

खेलकुदका पूर्वाधार निर्माणका लागि कैलाली जिल्लामा १५ बिघा, ६ कट्ठा, २ धुर; बैतडी जिल्लामा ३ रोपनी; दार्चुलामा १ रोपनी; डोटीमा ३ रोपनी; अछाममा १५ रोपनी; डडेलधुरामा २ रोपनी; बझाङमा ५ रोपनी; र बाजुरा ३ रोपनी जग्गा खेलकुद प्रयोजनको लागि उपलब्ध छ। सो मध्ये अछामको १५ रोपनी जग्गामा मङ्गलसेन नगरपालिकाले निर्माण सम्पन्न पश्चात् खेलकुद परिषद्लाई हस्तान्तरण गर्ने गरी खेल मैदान निर्माणका लागि सम्झौता भएको छ। डडेलधुराको ३ रोपनी जग्गामा प्रदेश सरकारद्वारा कभर्ड हल निर्माण गरेको छ। बाजुराको ३ रोपनी जग्गामा कभर्ड हल निर्माण भइरहेको छ।

खेलकुद मैदान, तालिम केन्द्र र संरचना विस्तार भए तापनि सबै जिल्लामा खेल सामग्री, आधुनिक उपकरण, दक्ष प्रशिक्षक र प्रशिक्षणको गुणस्तर समान रूपमा उपलब्ध छैन।

## ६.९.३ मुख्य सवाल तथा चुनौती

१. **सीप, रोजगारी र उद्यमशीलताबीचको अन्तर-सम्बन्धः** सबै युवा जनसङ्ख्याका लागि सीपमूलक तालिम, रोजगारी तथा उद्यमशीलताबीच प्रभावकारी सम्बन्ध स्थापित गर्नु, बजारको मागअनुसार तालिम उपलब्ध गराउनु, रोजगारी सिर्जना तथा उद्यम सञ्चालनका लागि सहज वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउनु, युवामा बेरोजगारी न्यूनीकरण गर्नु, स्वदेशमै रोगजारी सिर्जना गरी वैदेशिक रोजगारीको निर्भर कम गर्नु।

२. **खेलकुद पूर्वाधार निर्माण र गुणस्तर वृद्धिः** प्रदेशमा सम्भावना भएका खेलकुदका लागि गुणस्तरीय प्रशिक्षणको व्यवस्था गर्नु, आवश्यक खेल सामग्री दक्ष प्रशिक्षकको उपलब्धता सुनिश्चितता गर्नु, दीर्घकालीन खेल विकासका लागि आवश्यक संरचना, लगानी र योजनाबद्ध कार्यक्रम सञ्चालन गर्नु, अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गर्नु, सबै जिल्लाहरूमा जिल्लास्तरीय खेलकुद समिति गठन गर्नु, खप्तड जस्ता घाँसेमैदान भएको स्थानमा गल्फ क्लब, स्केटिङ्गको लागि सम्भाव्यता अध्ययन गर्नु, हिमाली म्याराथुन आयोजनाका लागि सम्भावित मार्ग निर्धारण र पूर्वाधार निर्माण गर्नु, प्रत्येक विद्यालयमा खेल मैदान निर्माण गर्नु, प्रत्येक पालिकामा कभर्डहल र जिल्लामा उच्च क्षमता भएको इनडोर/आउटडोर खेलकुद सञ्चालनका लागि पूर्वाधार निर्माण गर्नु र वार्षिक रूपमा प्रतियोगिता सञ्चालन गर्न गराउन पालिकालाई आवश्यक सहयोग पुऱ्याउनु।

३. **प्रतिभा पहिचान र निरन्तर प्रशिक्षण प्रणालीको विकासः** खेलाडी तथा युवा प्रतिभा पहिचान गर्ने प्रणाली संस्थागत गर्नु, प्रारम्भिक तहदेखि नियमित प्रशिक्षण, प्रतिस्पर्धा सहभागिता र क्यारियर विकास मार्ग स्पष्ट गर्नु, खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रसँग सहकार्य बढाउनु, खेल क्षेत्रलाई व्यावसायिकता प्रदान गरी खेलाडीको जीविकोपार्जनसँग आबद्ध गर्नु।

४. **डिजिटल प्रणाली र तथ्याङ्क व्यवस्थापनः** डिजिटल प्रविधिलाई प्रयोगमा ल्याउनु, युवासम्बन्धी तथ्याङ्क व्यवस्थापन गरी अद्यावधिक गर्नु, खेलाडी अभिलेख प्रणाली तथा अन्तर तह समन्वय प्रभावकारी रूपमा संस्थागत गर्नु, नीति कार्यान्वयनको परिणाममूलक अनुगमन गर्नु।

## ६.९.४ उद्देश्य

१. उद्यमशीलता, आत्मनिर्भर, स्वस्थ र नैतिकवान युवा जनशक्ति उत्पादन गर्नु।

२. खेलकुदका क्षेत्रमा युवाहरूलाई प्रतिस्पर्धी र सक्षम बनाउनु।

## ६.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : उद्यमशीलता, आत्मनिर्भर, स्वस्थ र नैतिकवान युवा जनशक्ति उत्पादन गर्नु।** | |
| १. सीप, रोजगारी र उद्यमशीलता प्रवर्द्धन गर्ने। | १.१ युवाका लागि बजारमुखी सीपमूलक तालिम र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ सीप तालिमलाई रोजगारी तथा स्वरोजगार अवसरसँग आबद्ध गरी रोजगार सिर्जना गरिनेछ।<br>१.३ सहुलियतपूर्ण वित्त, प्राविधिक परामर्श सेवामार्फत युवा उद्यम प्रवर्द्धन गरिनेछ।<br>१.४ युवा प्रतिभा पहिचान गरी प्रवर्द्धन गरिनेछ। |
| २. युवाहरूको प्रतिभा प्रस्फूटन र नेतृत्व क्षमता विकास गर्ने। | २.१ प्रदेश युवा परिषद्मार्फत युवाहरूलाई अनुसन्धान कार्यमा परिचालन गरिनेछ।<br>२.२ नमूना युवा संसद कार्यक्रम सञ्चालन गरी नवयुवा तथा युवाहरूको नेतृत्व क्षमता विकास गरिनेछ।<br>२.३ युवा वैज्ञानिक सम्मेलनको आयोजना गरी नविन आविष्कार तथा नवप्रवर्तन प्रबर्द्धन गरिनेछ।<br>२.४ युवाहरूलाई नैतिकवान, चरित्रवान र अनुशासित बनाउन उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.५ लागू औषध दुर्व्यसन विरुद्ध अभियान सञ्चालनका लागि युवाहरू परिचालन गरिनेछ।<br>२.६ प्रदेशको सामाजिक र आर्थिक क्षेत्रको रुपान्तरणका लागि युवाहरूको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।<br>२.७ सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको प्रभावकारी परिचालन गरी युवा स्वरोजगारी प्रबर्द्धन गरिनेछ। |
| **उद्देश्य २ : खेलकुदका क्षेत्रमा युवाहरूलाई प्रतिस्पर्धी र सक्षम बनाउनु।** | |
| १. खेलकुद र डिजिटल प्लेटफर्ममार्फत युवा क्षमता विकास गर्ने। | १.१ खेलकुद प्रशिक्षक क्षमता अभिवृद्धि र प्रतिभा पहिचान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ विद्यालय र समुदायस्तरमा खेलकुद गतिविधि विस्तार गरी प्रतिस्पर्धात्मक खेल विकास गरिनेछ।<br>१.३ डिजिटल प्लेटफर्ममार्फत खेलकुदसम्बन्धी युवा नेटवर्क सुदृढ, अनलाइन तालिम तथा प्रतिभा पहिचान प्रणाली विकास गरिनेछ।<br>१.४ युवाहरूलाई व्यावसायिक खेलकुदमा सम्लग्न हुन प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ प्रदेश तथा राष्ट्रियस्तरका विभिन्न खेलकुद प्रतियोगिताहरू क्यालेण्डर बनाई नियमित रूपमा सञ्चालन गरिनेछ। |
| २. खेलकुद पूर्वाधारको विकास गर्ने। | २.१ प्रिमियर लिगको लागि आवश्यक खेल मैदान निर्माण गरिनेछ।<br>२.२ राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका ठूलो क्षमताका रङ्गशालाहरू निर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।<br>२.३ एथलेटिक्स, टाइक्वान्दो, बक्सिङ्ग, क्रिकेट, भलिवल, फुटबललगायतका खेलहरूका लागि खेल मैदान तथा कभर्डहलहरू निर्माण गरिनेछ।<br>२.४ सबै जिल्ला एवम् स्थानीय तहहरूमा आवश्यकता अनुसारको खेलकुदका पूर्वाधारहरू निर्माण गर्न स्थानीय तहहरूसँग सहकार्य गरिनेछ।<br>२.५ टीकापुरमा रहेको अन्तर्राष्ट्रिय स्तरको खेलकुद प्रतिष्ठानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। |
| ३. खेलाडीहरूको जीविकोपार्जनमा सहयोग गर्ने। | ३.१ युवाहरूको व्यावसायिक खेलकुद विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरिनेछ।<br>३.२ युवाहरूलाई व्यावसायिक खेलकुदमा सम्लग्न हुन प्रोत्साहन गरिनेछ।<br>३.३ मापदण्डका आधारमा खेलाडीलाई मासिक प्रोत्साहनको व्यवस्था गरिनेछ। |

### ६.९.५ प्रमुख कार्यक्रम तथा आयोजना

१. युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा र कार्यान्वयन,
२. युवा प्रतिभा पहिचान,
३. नमूना युवा संसद,
४. सीपमूलक तालिम, रोजगारी अभिमुख तथा उद्यमशीलता प्रबर्द्धन,
५. युवा वैज्ञानिक तथा नवप्रवर्तन प्रोत्साहन,
६. लोकराज ढकाल युवा सशक्तीकरण तथा लागू औषध दुर्व्यसन नियन्त्रण,
७. लागू औषध ओसारपसार तथा प्रयोग न्यूनीकरण,
८. प्रदेश निर्वाचन क्षेत्र स्तरीय सुधार गृह सञ्चालन,
९. लागू औषधविरुद्ध सिमा सचेतना अभिवृद्धि,
१०. खेलकुद पूर्वाधार विकास : कभर्ड हल, रङ्गशाला, एक जिल्ला-एक क्रिकेट मैदान,
११. प्रदेशस्तरीय स्पोटर्स स्कुल स्थापना,
१२. फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण,
१३. एक स्थानीय तह एक मिनी कभर्ड हल र रङ्गशाला निर्माण,
१४. स्थानीय तह खेलकुद समितिका लागि सशक्तीकरण,

१५. एथलेटिक्स, टाइक्वान्दो, बक्सिङ्ग, क्रिकेट, भलिवल, फुटवललगायतका खेलहरूका लागि आवश्यक मैदान, कभर्ड हल, प्रशिक्षण केन्द्र आदिको निर्माण तथा सुधार,
१६. विद्यालय, जिल्ला तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन,
१७. खेलकुद प्रशासन, सङ्घसंस्था समन्वय तथा अभिलेख व्यवस्थापन सुदृढीकरण,
१८. उच्चस्तरीय प्रशिक्षण तथा प्रतिभा विकास : अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका खेलाडीहरूका लागि नियमित प्रशिक्षण, कोचिङ क्याम्प तथा प्रतिभा पहिचान,
१९. प्रतियोगिता तथा प्रोत्साहन : प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरू आयोजना गर्ने तथा उत्कृष्ट खेलाडीलाई पुरस्कार, छात्रवृत्ति र प्रोत्साहन,
२०. एक स्थानीय तह एक खेल मैदान,
२१. प्रदेशको उच्च भागमा गल्फ खेलको आयोजना तथा साहसिक खेल प्रबर्द्धन,
२२. खेलाडीको खेल दुर्घटना बीमा।

## ६.१० भाषा, संस्कृति, साहित्य, कला, रीतिरिवाज, पूरातात्त्विक सम्पदा

### ६.१०.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश भाषा, संस्कृति, लोकसाहित्य, कला, रीतिरिवाज तथा परम्परागत ज्ञान-प्रणालीका दृष्टिले समृद्ध र बहुआयामिक पहिचान बोकेको प्रदेश हो। यहाँ डोट्याली, नेपाली, थारू, बैतडेली, अछामी, बझाङ्गी, मगर, बाजुरेली, दार्चुलेली, ब्यासी, तिंकरीलगायतका विभिन्न भाषा तथा बोलीहरू प्रचलनमा रहेका छन्, जसले प्रदेशको सांस्कृतिक विविधता र ऐतिहासिक निरन्तरतालाई प्रतिबिम्बित गर्दछन्। थारू, पहाडी तथा हिमाली समुदायहरूको सहअस्तित्वले यस क्षेत्रलाई बहुसांस्कृतिक स्वरूप प्रदान गरेको छ, जहाँ विविध जातजाति, धर्म र परम्पराहरूको समन्वय देखिन्छ। प्रदेशमा लोकसाहित्यको धनी परम्परा रहेको छ, जसअन्तर्गत देउडा, भजन, होली/फागु, लोकगीत, कथा, उखान-टुक्का, लोककथाहरू आदि समावेश छन्। विशेष गरी देउडा संस्कृतिले सुदूरपश्चिमको सामाजिक जीवन, पर्व-उत्सव र सामूहिक पहिचानलाई सशक्त बनाएको छ। यहाँका कला र परम्परागत सीपहरू जस्तैः हस्तकला, काष्ठकला, धातुकला, वस्त्रकला स्थानीय जीवनशैली, धार्मिक आस्था तथा सांस्कृतिक अभ्याससँग नजिकबाट जोडिएका छन्।

सुदूरपश्चिम प्रदेशका विभिन्न रीतिरिवाज, पर्व-उत्सव तथा संस्कारहरूले सामाजिक एकता, सहकार्य र पहिचानलाई सुदृढ बनाएका छन्। गौरापर्व, देउडा खेल, भोटे तथा थारू संस्कृतिका चाडपर्वहरू यस क्षेत्रका विशिष्ट सांस्कृतिक सम्पदा हुन्। साथै, यहाँको जीवनदर्शन परम्परागत ज्ञान, प्रकृतिसँगको सहअस्तित्व, आध्यात्मिकता र सामूहिक जीवनशैलीमा आधारित रहेको छ। प्रदेशमा महत्त्वपूर्ण पूरातात्त्विक तथा ऐतिहासिक सम्पदाहरू रहेका छन्, जसले यस क्षेत्रको ऐतिहासिक गौरव र सांस्कृतिक निरन्तरतालाई उजागर गर्छन्। प्राचीन मन्दिर, दरबार, किल्ला, शिलालेख, धार्मिक स्थल तथा सांस्कृतिक सम्पदाहरू संरक्षण र प्रबर्द्धनका दृष्टिले महत्त्वपूर्ण छन्। यस्ता सम्पदाहरू पर्यटन विकाससँग पनि प्रत्यक्ष रूपमा जोडिएका छन्।
ललितकलाका क्षेत्रमा पनि प्रदेशमा चित्रकला, मूर्तिकला, हस्तकलालगायतका विविध अभ्यासहरू रहेका छन्, तर ती अझै व्यवस्थित रूपमा संरक्षण, अभिलेखीकरण तथा व्यावसायीकरण हुन सकेका छैनन्। आधुनिकताको प्रभाव, बसाइसराइ, पुस्तान्तरणमा कमी तथा बजार अभावका कारण परम्परागत कला, भाषा र संस्कृति संरक्षणमा चुनौतीहरू देखा परिरहेका छन्। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेशमा भाषा,

संस्कृति, लोकसाहित्य, कला, रीतिरिवाज, पहिचान, दर्शन तथा पुरातात्त्विक सम्पदाको संरक्षण, प्रबर्द्धन र दिगो उपयोग सुनिश्चित गर्न नीति तथा कार्यक्रमहरू आवश्यक रहेका छन्। साथै, सांस्कृतिक सम्पदालाई पर्यटन, रोजगारी र आर्थिक विकाससँग जोड्दै स्थानीय पहिचान र मौलिकताको संरक्षणमा जोड दिनुपर्ने आवश्यकता रहेको छ।

नेपाल बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय देश हो, जहाँ भाषा, साहित्य, कला र सांस्कृतिक सम्पदाले राष्ट्रिय पहिचानको आधार तयार पारेको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई मातृभाषा र सांस्कृतिक अधिकारको संरक्षण गर्ने कानूनी आधार प्रदान गरेको छ भने प्रदेश सरकारलाई आफ्नो क्षेत्रभित्रका भाषागत, साहित्यिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाको संरक्षण, प्रबर्द्धन र व्यवस्थापन गर्ने जिम्मेवारी तोकेको छ।

## ६.१०.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशमा भाषा, संस्कृति, लोकसाहित्य, कला तथा परम्परागत अभ्यासहरूको समृद्ध आधार भए तापनि यसको संरक्षण, अभिलेखीकरण र प्रबर्द्धनका प्रयासहरू अझै पर्याप्त रूपमा संस्थागत हुन सकेका छैनन्। प्रदेशमा डोटेली, थारू, नेपालीलगायतका भाषा तथा बोली दैनिक जीवनमा प्रयोगमा रहे पनि औपचारिक शिक्षा, प्रशासन र सञ्चार माध्यममा नेपाली भाषाको प्रयोग बढी रहेकोले अन्य स्थानीय भाषाहरूको प्रयोग क्रमशः कम हुदै गएका छन्।लोकसाहित्यका दृष्टिले देउडा, लोकगीत, लोककथा, उखान-टुक्का, भजन आदि अझै जीवित परम्पराका रूपमा रहँदै आएका छन्, तर पुस्तान्तरणमा कमी, आधुनिक सञ्चार माध्यमको प्रभाव तथा युवापुस्ताको घट्दो चासोका कारण यी परम्पराहरू संरक्षणमा चुनौती रहेको छ।कला तथा ललितकलाका क्षेत्रमा हस्तकला, काष्ठकला, धातुकला, वस्त्रकलालगायतका परम्परागत सीपहरूको व्यावसायीकरण, बजार पहुँच तथा प्रबर्द्धन गर्न अझै काम गर्नु पर्ने देखिन्छ।

प्रदेशका विभिन्न रीतिरिवाज, चाडपर्व र सांस्कृतिक अभ्यासहरू समुदायस्तरमा सक्रिय रहेका छन् र यी सामाजिक एकता तथा पहिचानको आधार बनेका छन्। तथापि, बसाइसराइ, सहरीकरण तथा बाह्य संस्कृतिको प्रभावका कारण मौलिक संस्कृतिमा क्रमशः परिवर्तन हुँदै गएको छ। प्रदेशमा पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाहरू जस्तैः मन्दिर, दरबार, किल्ला, शिलालेख तथा धार्मिक स्थलहरू विद्यमान भए तापनि तिनीहरूको संरक्षण, मर्मत, अभिलेखीकरण र व्यवस्थापनमा आवश्यक लगानी तथा प्राविधिक क्षमताको अभाव देखिन्छ। धेरै सम्पदाहरू जीर्ण अवस्थामा रहेका छन् र व्यवस्थित सूचीकरणसमेत पूर्ण रूपमा हुन सकेको छैन।

दर्शन तथा परम्परागत ज्ञान प्रणालीका सन्दर्भमा प्रकृतिसँग सहअस्तित्व, धार्मिक आस्था र सामुदायिक जीवनशैलीमा आधारित अभ्यासहरू अझै कायम रहेका छन्, तर तिनको दस्तावेजीकरण र औपचारिक मान्यता दिन सकिएको छैन।समग्रमा, सुदूरपश्चिम प्रदेश भाषा, संस्कृति, कला र सम्पदामा धनी भए तापनि तिनको संरक्षण, संस्थागत विकास, अभिलेखीकरण, प्रबर्द्धन तथा व्यवसायीकरण गर्न सकिएको छैन। यसले गर्दा मौलिक पहिचान संरक्षण र दिगो उपयोगमा चुनौतीहरू रहेका छन्।

थारू संग्रहालय तथा झुसे दमाइ प्रतिष्ठान हाल निर्माणाधीन अवस्थामा रहेका छन्। यी सांस्कृतिक संरचनाहरू हालसम्म नत विश्वसम्पदा सूचीमा सूचीकृत भएका छन्, नत राष्ट्रिय सम्पदा सूचीमा नै समावेश छन्। यद्यपि, तिनको ऐतिहासिक, सामाजिक र सांस्कृतिक महत्त्वलाई ध्यानमा राखी ऐतिहासिक तथा पूरातात्त्विक सम्पदाको प्रोफाइल तयार गरिएको छ, जसले भविष्यमा संरक्षण, अभिलेखीकरण र औपचारिक सूचीकरणका लागि आधार तयार गरेको छ।

बडघर-भलमान्सा थारू समुदायको परम्परागत सामाजिक नेतृत्व तथा स्वशासन प्रणाली हो। बडघरले गाउँस्तरको नेतृत्व गर्दै सामाजिक एकता कायम गर्ने, परम्परागत नियम-कानूनको पालना गराउने र समुदायभित्र देखिने विवादलाई मेलमिलापका माध्यमबाट समाधान गर्ने भूमिका निर्वाह गर्छन्। भलमान्साले बडघरलाई सहयोग गर्दै सांस्कृतिक, धार्मिक तथा सामाजिक गतिविधिको समन्वय र व्यवस्थापनमा योगदान पुऱ्याउँछन्। यो प्रणाली थारू समुदायको सामुदायिक सहकार्य, अनुशासन र सांस्कृतिक पहिचानको महत्त्वपूर्ण आधारका रूपमा स्थापित छ।

नेपालको सुदूरपश्चिम प्रदेश कला, संस्कृति, भाषा तथा मौलिक जीवनशैलीका दृष्टिले अत्यन्त समृद्ध र विशिष्ट पहिचान बोकेको क्षेत्र हो। ऐतिहासिक कत्युरी र मल्लकालीन सभ्यताको प्रभावले यस प्रदेशको सामाजिक तथा सांस्कृतिक संरचनालाई गहिरो रूपमा प्रभावित गरेको छ। यहाँको संस्कृति प्रकृति, धर्म, परम्परा र लोक जीवनसँग घनिष्ठ रूपमा जोडिएको छ। भाषिक दृष्टिले डोटेली यस प्रदेशको प्रमुख साझा भाषा हो, जसलाई नेपालको संविधानले राष्ट्रिय भाषाको मान्यता प्रदान गरेको छ। खस-जुम्ली भाषाबाट विकसित डोटेलीका बैतडीले, अछामी र बझाङीजस्ता उपभाषाहरू प्रचलनमा छन्। त्यस्तै, कैलाली र कञ्चनपुरका तराई क्षेत्रमा बसोबास गर्ने राना तथा डगौरा थारू समुदायका आफ्नै विशिष्ट भाषा र सांस्कृतिक अभिव्यक्ति रहेका छन्।

सुदूरपश्चिमको सांस्कृतिक पहिचान गौरा पर्व, विशुपर्व र भुओ पर्वजस्ता मौलिक चाडपर्वहरूले थप सुदृढ बनाएका छन्। विशेष गरी गौरा पर्व यस क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण सांस्कृतिक उत्सवका रूपमा परिचित छ। लोकसंस्कृतिको अभिन्न पक्षका रूपमा देउडा नृत्यले सुदूरपश्चिमलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराएको छ। साथै हुड्केली, पुतला नाच तथा थारू समुदायका सखिया, झुम्रा र लठ्ठी नाचले स्थानीय सांस्कृतिक विविधतालाई जीवन्त बनाएका छन्। धार्मिक तथा ऐतिहासिक दृष्टिले पनि सुदूरपश्चिम महत्त्वपूर्ण क्षेत्र मानिन्छ। "७ बहिनी भगवती र ९ भगवतीका मन्दिरहरूको भूमि" भनेर चिनिने यस प्रदेशमा उग्र तारा, शैलेश्वरी, बडिमालिका, गहनान धाम र त्रिपूरासुन्दरीजस्ता धार्मिक स्थलहरूले प्राचीन कला, वास्तुकला तथा शिल्प परम्परालाई प्रतिबिम्बित गर्छन्।

यस प्रदेशको सांस्कृतिक विविधतामा थारू सभ्यताको योगदान विशेष उल्लेखनीय छ। यस प्रदेशको तराई भूभाग (मुख्यतः कैलाली र कञ्चनपुर) मा परापूर्वकालदेखि बसोबास गर्दै आएको थारू समुदाय यहाँको भूमिपुत्र र एक समृद्ध सभ्यताको संवाहक हो। इतिहासकारहरूका अनुसार यो समुदाय औलो (मलेरिया) विरुद्ध प्रतिरोधात्मक क्षमता भएका र यहाँको घना जङ्गललाई आफ्नो कठोर श्रमले खेतीयोग्य जमिनमा बदल्ने आदिवासी हुन्। सुदूरपश्चिम क्षेत्रमा मुख्य रूपमा दुई प्रकारका थारूहरूको बसोबास रहेको छः

**रानाथारू** र **डंगौरा थारू**। यी दुवै उप-जातिको भाषा, पहिरन र केही सांस्कृतिक चालचलनमा आफ्नै विशिष्ट मौलिकता छ। रानाथारूहरू विशेष गरी कञ्चनपुर र कैलालीको दक्षिणी क्षेत्रमा केन्द्रित छन्, जसको पहिरन र गहना अत्यन्तै भड्किलो र आकर्षक हुन्छ भने डंगौरा थारूहरूको बसोबास कैलाली र दाङ क्षेत्रसँग जोडिएको छ।

यो समुदाय समग्रमा श्रम, सहकारिता र प्रकृतिपूजक संस्कृतिमा आधारित छ। उनीहरू आफ्नो सामाजिक, न्यायिक र प्रशासनिक व्यवस्था चलाउन लोकतान्त्रिक पद्धतिबाट गाउँको मुखियाका रूपमा 'भलमनसा' वा 'मटाँवा' चुन्ने गर्छन्, जसले समाजलाई व्यवस्थित राख्न मुख्य भूमिका खेल्छ। थारू समुदायको सबैभन्दा ठूलो चाड 'माघी' (माघ संक्रान्ति) हो, जसलाई उनीहरू नयाँ वर्षका रूपमा हर्षोल्लासका साथ मनाउँछन् र यसै अवसरमा सखिया, मघौटा तथा झुम्रा जस्ता परम्परागत नृत्यहरू गरिन्छ। माटो, बाँस र खरको प्रयोग गरेर बनाइने लहरै मिलेका परम्परागत घरहरू, भित्तामा कोरिने मौलिक चित्रकला, र खानपानमा घोंघी, ढिक्री (चामलको पिठोको परिकार) तथा स्थानीय मौलिक उत्पादनहरूको प्रयोगले उनीहरूको जीवन्त सभ्यतालाई झल्काउँछ। आधुनिकताको तीव्र प्रभावका बीच पनि सुदूरपश्चिमका थारूहरू आफ्नो ऐतिहासिक पहिचान, भाषा र समृद्ध परम्परालाई जगेर्ना गर्दै अगाडि बढिरहेका छन्।

समग्रमा, सुदूरपश्चिम प्रदेशको कला, संस्कृति र सभ्यताले भाषा, परम्परा, प्रकृति तथा सामूहिक जीवनशैलीको अनुपम सङ्गम प्रस्तुत गरेको छ, जसले नेपालको सांस्कृतिक विविधता र राष्ट्रिय पहिचानलाई थप समृद्ध बनाएको छ।

सुदूरपश्चिम प्रदेश गर्व दरबार, अजयमेरुकोट, उकू महल जस्ता ऐतिहासिक किल्ला र सांस्कृतिक धरोहरहरूले भरिएको एक महत्त्वपूर्ण पूरातात्त्विक क्षेत्र र त्रिपूरासुन्दरी, निङ्गलाशयनी, उग्रतारा, शैलेश्वरी, बडीमालिका, मालिकार्जुन मन्दिर, जगन्नाथ मन्दिर, वैद्यनाथ, गहनान धाम र सिद्धनाथ धाम जस्ता ऐतिहासिक एवम् पौराणिक महत्त्वका प्रसिद्ध धार्मिक शक्तिपीठहरूले सुसज्जित पवित्र भूमि हो। यसैगरी खप्तड राष्ट्रिय निकुञ्जभित्र रहेको खप्तड बाबा आश्रम आध्यात्मिक र ऐतिहासिक शान्तिका लागि परिचित छ। कैलाली र कञ्चनपुरमा बसोबास गर्ने थारू समुदायको प्राचीन कला र संस्कृति संरक्षणका लागि थारू सांस्कृतिक सङ्ग्रहालयहरू रहेका छन।

## ६.१०.३ मुख्य सवाल तथा चुनौती

१. **स्थानीय भाषाको संरक्षणः** स्थानीय भाषाहरूलाई लोप हुनबाट जोगाउनु, नयाँ पुस्तामा मातृभाषाको प्रयोग बढाउनु, औपचारिक शिक्षामा मातृभाषाहरूलाई समावेश गरी प्रयोगमा ल्याउनु।

२. **वित्तीय स्रोत र दक्ष जनशक्ति व्यवस्थापनः** सांस्कृतिक सम्पदाको संरक्षण, पुनःनिर्माण तथा प्रबर्द्धनका लागि आवश्यक बजेटको व्यवस्था गर्नु, प्राविधिक जनशक्ति र विशेषज्ञता अभिवृद्धि गर्नु, ऐतिहासिक, पूरातात्त्विक तथा धार्मिक स्थलहरूको व्यवस्थापन र दीर्घकालीन संरक्षण योजना बनाई कार्यान्वयन गर्नु।

३. **विकास र संरक्षणबीच सन्तुलनः** ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षणमा आधुनिक पूर्वाधार विकास र वातावरणीय दबाबबीच सन्तुलन कायम गर्नु, अव्यवस्थित सहरीकरण, प्राकृतिक विपद् तथा पर्यावरणीय प्रभावले सम्पदाको मौलिकता र दिगोपनामा आउने आँचलाई न्यूनीकरण गर्नु।

४ **सांस्कृतिक कार्यक्रम र पर्यटनबीच समन्वयः** सांस्कृतिक कार्यक्रमलाई पर्यटनसँग जोड्नु, सामाजिक तथा आर्थिक लाभ सुनिश्चित गर्न सांस्कृतिक सम्पदालाई पर्यटन विकाससँग एकीकृत गर्नु।

५. **अन्तरप्रदेशीय अनुभव आदान-प्रदान र नीतिगत सुधारः** अन्य प्रदेशसँग अनुभव आदानप्रदान, असल अभ्यास साझेदारी तथा नीतिगत सुधार गर्नु, सांस्कृतिक संरक्षण र प्रबर्द्धन कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्नु, समन्वय र नवीन दृष्टिकोण सहितको दिगो तथा परिणाममुखी उपलब्धि हासिल गर्नु।

## ६.१०.४ उद्देश्य

१. प्रदेशको भाषा, संस्कृति तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रबर्द्धन गर्नु।
२. धार्मिक-सांस्कृतिक पर्यटनमार्फत सामाजिक आर्थिक लाभ अभिवृद्धि गर्नु।

## ६.१०.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशको भाषा, संस्कृति तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रबर्द्धन गर्नु ।** | |
| १. भाषा, संस्कृति तथा ऐतिहासिक सम्पदाको संरक्षण र संस्थागत सुदृढीकरण गर्ने। | १.१ प्रदेश प्रज्ञा प्रतिष्ठान र विश्वविद्यालयसँग सहकार्य गरी भाषिक, सांस्कृतिक तथा ऐतिहासिक स्रोतहरूको तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा अद्यावधिक गर्दै लक्ष्यनिर्धारित संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ विश्वसम्पदा सूचीमा परेका स्मारक तथा पूरातात्त्विक स्थलहरूको मर्मत, सुरक्षा र संरक्षणका लागि आवश्यक बजेट, दक्ष जनशक्ति तथा प्राविधिक सहयोग सुनिश्चित गरिनेछ।<br>१.३ सङ्ग्रहालय, अभिलेखालय तथा सांस्कृतिक केन्द्रहरूको स्थापना तथा स्तरोन्नति गरी डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ।<br>१.४ विभिन्न विधाका कलाकारहरूको विकास तथा उत्प्रेरणाका लागि कलाकेन्द्रहरूको संरक्षण एवम् प्रबर्द्धन गरिनेछ।<br>१.५ भाषा, लिपि, संस्कृति, साहित्य र कला संरक्षण तथा सम्बर्धन सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.६ ललितकला, चित्रकला र वास्तुकलाको संरक्षण र प्रबर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. प्रदेशमा निर्मित सङ्ग्रहालयहरूको संरक्षण र आवश्यकता अनुसार निर्माण गर्ने। | २.१ स्थानीय तहहरूसँग समन्वय गरी गहनान धामलगायत सम्पूर्ण पूरातात्त्विक, साँस्कृतिक सम्पदा तथा सङ्ग्रहालयहरूको संरक्षणको व्यवस्था गरिनेछ।<br>२.२ आवश्यकता अनुसार नयाँ सङ्ग्रहालयहरूको स्थापना गरी सञ्चालन गरिनेछ।<br>२.३ उपयुक्त स्थान पहिचान गरी सहिद दशरथचन्द, भिमदत्त पन्तलगायत सुदूरपश्चिमका ऐतिहासिक व्यक्तित्वहरूको स्मारक पार्क निर्माण गरिनेछ। |
| **उद्देश्य २ : धार्मिक-सांस्कृतिक पर्यटनमार्फत सामाजिक आर्थिक लाभ अभिवृद्धि गर्नु ।** | |
| १. सांस्कृतिक परम्परा संरक्षण तथा पर्यटनसँग एकीकरण गर्ने। | १.१ स्थानीय समुदायसँग समन्वय गरी जात्रा, पर्व, परम्परा तथा गुठी प्रणालीको संरक्षण, दस्तावेजीकरण तथा प्रबर्द्धन गरिनेछ।<br>१.२ सांस्कृतिक स्थल तथा सम्पदाहरूलाई पर्यटन विकाससँग आबद्ध गर्दै स्थानीय उत्पादन र सेवामार्फत सामाजिक-आर्थिक लाभ अभिवृद्धि गरिनेछ।<br>१.३ सांस्कृतिक पर्यटन प्रबर्द्धनका लागि समन्वित नीति, प्रचार-प्रसार तथा अन्तरप्रदेशीय अनुभव आदान-प्रदान सुदृढ गरिनेछ।<br>१.४ विविध संस्कृति र मौलिक परम्पराहरूसँग सम्बन्धित श्रव्यदृश्य सामग्री उत्पादन गरी प्रचारप्रसार गरिनेछ।<br>१.५ धार्मिक-सांस्कृतिक पर्यटन प्रबर्द्धनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। |

### ६.१०.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. भाषा, संस्कृति तथा ऐतिहासिक सम्पदाको एकीकृत तथ्याङ्क सङ्कलन तथा डिजिटल अभिलेखीकरण,
२. पूरातात्त्विक स्थल, मन्दिर, दरबार तथा ऐतिहासिक संरचनाको संरक्षण, मर्मत तथा पुनःस्थापना,
३. सङ्ग्रहालय, अभिलेखालय तथा सांस्कृतिक केन्द्र स्थापना तथा स्तरोन्नति,
४. डिजिटल अभिलेख व्यवस्थापन, प्रणाली विकास तथा कार्यान्वयन,
५. जात्रा, पर्व, गुठी तथा परम्परागत संस्कृतिको संरक्षण र प्रबर्द्धन,
६. सांस्कृतिक पर्यटन प्रबर्द्धन तथा प्रचार-प्रसार,
७. सांस्कृतिक सम्पदासँग आबद्ध स्थानीय उत्पादन तथा सेवामार्फत आय-आर्जन प्रबर्द्धन,
८. अन्तरप्रदेशीय तथा अन्तर्राष्ट्रिय सांस्कृतिक अनुभव आदान-प्रदान तथा सहकार्य,
९. नयाँ सङ्ग्रहालय स्थापना तथा विद्यमान सङ्ग्रहालय संरक्षण र व्यवस्थापन सुदृढीकरण,
१०. प्रदेशस्तरीय ललितकला, चित्रकला, वास्तुकला प्रदर्शन,

११. प्रदेशस्तरीय साहित्यिक महोत्सव आयोजना,
१२. विभिन्न विधामा श्रष्टा सम्मान,
१३. प्रदेशस्तरीय नाट्यशाला स्थापना र सञ्चालन,
१४. लोकसँस्कृति सम्बन्धी अध्ययन, अनुसन्धान र प्रचारप्रसार,
१५. आदिवासी जनजातिसम्बन्धी सङ्ग्रहालय निर्माण तथा व्यवस्थापन।

## ६.११ मानव बेचविखन तथा ओसारपसार नियन्त्रण

### ६.११.१. पृष्ठभूमि

नेपालमा मानव बेचबिखन र ओसार–प्रसार ठूलो सामाजिक समस्या हो, जसले व्यक्तिको जीवन, स्वास्थ्य, सुरक्षा र सामाजिक संरचनामा नकारात्मक प्रभाव पार्दछ। नेपालको संविधान र सम्बन्धित कानूनहरूले प्रत्येक नागरिकलाई मानव बेचबिखनबाट सुरक्षित राख्ने कानूनी आधार प्रदान गरेका छन्। प्रदेश सरकारको जिम्मेवारीमा मानव बेचबिखन रोकथाम, पीडितको संरक्षण, उपचार तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नु पर्दछ। यसले स्थानीय स्तरमा सामाजिक सुरक्षाको सुनिश्चितता र आर्थिक अवसर सृजनामा योगदान पुऱ्याउँछ।

मानव बेचबिखन तथा ओसारपसार मानवअधिकारको गम्भीर उल्लङ्घन मात्र नभई आधुनिक दासत्वको रूप हो र नेपाल जस्तो विकासोन्मुख मुलुकमा गरिबी, बेरोजगारी, अशिक्षा, लैङ्गिक असमानता तथा वैदेशिक रोजगारीको आकर्षणका कारण यो समस्या जटिल रूपमा विद्यमान रहेको छ। नेपाललाई मानव बेचबिखनको उत्पत्ति, मार्ग र गन्तव्य तीनै प्रकारको मुलुकको रूपमा चिनिन्छ भने खुला नेपाल-भारत सीमा, कमजोर निगरानी प्रणाली तथा सामाजिक-आर्थिक असमानताले यसको जोखिम अझ बढाएको छ। राष्ट्रिय स्तरमा ठूलो जनसङ्ख्या मानव बेचबिखनको जोखिममा रहेको र प्रत्येक वर्ष विशेषगरी महिला, बालिका तथा श्रमिक वर्ग यसबाट प्रभावित हुने गरेका छन्। यौन शोषण, जबर्जस्ती श्रम, वैदेशिक रोजगारीका नाममा ठगी तथा अंग व्यापार जस्ता स्वरूपहरू प्रमुख रूपमा देखिन्छन्। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लगायतका कानूनी व्यवस्था, राष्ट्रिय कार्ययोजना तथा विभिन्न संस्थागत प्रयासहरू भए तापनि समस्या पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

सुदूरपश्चिम प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार सामाजिक विकास मन्त्रालयमा लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संबर्द्धनात्मक उपाय एवम् पुनःस्थापना गर्ने जिम्मेवारी रहेको छ।

### ६.११.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशमा मानव बेचबिखनको रोकथामका लागि केही नीतिगत कार्यक्रम र अभियानहरू सञ्चालनमा छन्। स्थानीय तह र सङ्घीय कार्यक्रमसँग समन्वय गरी रोजगारी र आर्थिक अवसर सिर्जना गर्न प्रयास भइरहे पनि, पीडितको उपचारात्मक र पुनःस्थापना कार्यक्रम सीमित स्रोत, जनशक्ति र क्षमता कारण पूर्ण

प्रभावकारी हुन सकेको छैन। साथै, निगरानी तथा नियन्त्रण प्रणाली कमजोर रहँदा जोखिम क्षेत्र र पीडित हुने सम्भाव्यता अझै उच्च रहेको छ।

सुदूरपश्चिम प्रदेशको सन्दर्भमा हेर्दा मानव बेचबिखन तथा ओसारपसारको जोखिम उच्च रहेको पाइन्छ, जसका प्रमुख कारणहरूमा भारतसँगको खुला सीमा, विशेषगरी कैलाली र कञ्चनपुर जिल्लाबाट हुने आवागमन, गरिबी, बेरोजगारी, न्यून शिक्षा तथा वैदेशिक रोजगारीप्रतिको निर्भरता रहेका छन्। यस प्रदेशमा पछिल्ला वर्षहरूमा मानव बेचबिखनका घटनाहरू वृद्धि हुने प्रवृत्ति देखिएको छ र सीमा नाकाहरूबाट विशेष गरी महिला तथा बालिकाहरू उद्धार हुने क्रम जारी रहेको छ। साथै, सामाजिक सञ्जालमार्फत प्रलोभन देखाएर वा वैदेशिक रोजगारीको अवसरको बहानामा व्यक्तिहरूलाई ओसारपसार गर्ने नयाँ प्रवृत्तिहरू पनि बढ्दै गएका छन्। हराइरहेका व्यक्तिहरूको सङ्ख्या पनि उच्च रहेको छ, जसमा महिला र बालिकाको हिस्सा उल्लेखनीय रहेको पाइन्छ।

प्रदेशमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय तह तथा माईती नेपाल जस्ता गैरसरकारी संस्थाहरूले सीमा निगरानी, उद्धार, परामर्श तथा पुनःस्थापना सम्बन्धी कार्यहरू सञ्चालन गरिरहेका छन्। तथापि, यस्ता प्रयासहरूमा स्रोत साधनको अभाव, संस्थागत समन्वयको कमजोरी, तथ्याङ्क व्यवस्थापनमा असङ्गठित अवस्था तथा पीडितहरूको दिगो पुनःएकीकरणमा चुनौतीहरू विद्यमान छन्। समग्रमा सुदूरपश्चिम प्रदेशमा मानव बेचबिखन तथा ओसारपसार समस्या वृद्धि हुने क्रममा रहेको, महिला तथा बालिकामा बढी केन्द्रित रहेको, सीमा क्षेत्रसँग सम्बन्धित र सामाजिक-आर्थिक कारणहरूले प्रेरित जटिल समस्याका रूपमा रहेको देखिन्छ, जसलाई प्रदेशको आवधिक योजनामा बहुआयामिक दृष्टिकोणबाट सम्बोधन गर्न आवश्यक रहेको छ।

सुदूरपश्चिम प्रदेशमा माइती नेपालले मानव बेचबिखन नियन्त्रण, जोखिममा रहेका महिला र बालिकाको उद्धार, सुरक्षित आवास र स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, पुनःस्थापना तथा सीप विकास तालिम, जनचेतना कार्यक्रम, हराइरहेका व्यक्तिको खोजी र परिवारसँग पुनर्मिलन, साथै सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी परामर्श र सम्बन्धित सरकारी निकायसँग समन्वयमार्फत काम गर्दै आएको छ। यसैगरी नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, बाल संरक्षण समिति, स्थानीय तह, अन्य गैरसरकारी संस्था जस्तैः सेभ द चिल्ड्रेन नेपाल; अन्तर्राष्ट्रिय निकायहरू जस्तैः यूनिसेफ नेपाल आदिले निगरानी, अनुसन्धान, तालिम, नीति सहयोग, जनचेतना र पीडितको दिगो पुनःस्थापनामा समन्वय गर्दै काम गरिरहेका छन्।

मानव अधिकार आयोगको प्रतिवेदन, २०७९ अनुसार मानव बेचबिखन तथा ओसारपसार अनुसन्धान ब्युरोबाट प्राप्त आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को अवस्था हेर्दा २५७ जना व्यक्तिहरू आन्तरिक मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावित भएको देखिन्छ। जसमा महिला ६१.४ प्रतिशत, पुरुष २.३ प्रतिशत, बालिका ३६.३ प्रतिशत र बालक शुन्य प्रतिशत रहेको छ।

आर्थिक वर्ष २०७६/७७ मा सुदूरपश्चिम प्रदेशको मानव बेचबिखन सम्बन्धी १९ वटा जाहेरीमा २५ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ। २५ जना महिलामा ४

जना जनजाति, १३ जना क्षेत्री, ६ जना दलित र २ जना ठकुरी रहेको देखिन्छ। यसैगरी आर्थिक वर्ष २०७७/७८ सुदूरपश्चिम प्रदेशको मानव बेचबिखन सम्बन्धी २५ वटा जाहेरीमा ३५ जना महिला मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेको देखिन्छ। ३५ जना महिलामा ८ जना जनजाति, १६ जना ब्राह्मण, ६ जना क्षेत्री, ३ जना दलित र २ जना ठकुरी रहेको देखिन्छ।

## ६.११.३ मुख्य सवाल तथा चुनौती

१. **नीतिगत तथा संस्थागत अवस्थामा सुधारः** मानव बेचबिखन रोकथामका लागि कानूनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि संस्थागत संरचना, समन्वय संयन्त्र तथा स्पष्ट जिम्मेवारी बाँडफाँट गर्नु, रोकथाम, उद्धार, संरक्षण तथा पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउनु।

२. **आर्थिक अवसरको सिर्जना र जनचेतना अभिवृद्धिः** विपन्न र बेरोजगार समुदायलाई रोजगारी सिर्जना गरी आर्थिक अवसर उपलब्ध गराउनु, विपन्न तथा जोखिममा रहेका व्यक्तिहरूलाई बेचबिखनको जोखिमका बारेमा आवश्यक जनचेतना जगाउनु।

३. **निगरानी र प्रारम्भिक रोकथाम प्रणालीको सुदृढीकरणः** सीमा क्षेत्र, श्रम आपूर्ति क्षेत्र तथा जोखिमयुक्त समुदायमा प्रभावकारी निगरानी गर्नु, सूचनाको आदान-प्रदान र प्रारम्भिक चेतावनी प्रणाली कार्यान्वयनमा ल्याउनु, समयमै जोखिम पहिचान र हस्तक्षेपकारी भूमिका खेली जोखिम न्यूनीकरण गर्नु।

४. **उपचारात्मक तथा पुनःस्थापना सेवा विस्तारः** पीडितहरूलाई उद्धारपश्चात उपलब्ध गराइने उपचार, मनोसामाजिक परामर्श, कानूनी सहायता तथा पुनःस्थापना कार्यक्रमका लागि आवश्यक वित्तीय स्रोत जुटाउनु, उद्धारपश्चात पीडितलाई प्रभावकारी परामर्श उपलब्ध गराउन दक्ष जनशक्तिहरूको व्यवस्था गर्नु, दीर्घकालीन सामाजिक तथा आर्थिक पुनःएकीकरण सुनिश्चित गर्नु।

## ६.११.४ उद्देश्य

१. मानव बेचबिखन रोकथाम, जोखिम न्यूनीकरण र पीडितको सुरक्षा तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनु।

## ६.११.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : मानव बेचबिखन रोकथाम, जोखिम न्यूनीकरण र पीडितको सुरक्षा तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनु ।** | |
| १. मानव बेचबिखन रोकथाम र जोखिम न्यूनीकरणका लागि नीतिगत व्यवस्था र समन्वय प्रणाली सुदृढ गर्ने। | १.१ स्पष्ट नीति तथा कानूनी व्यवस्था गरी प्रादेशिक तथा स्थानीय निकायबीच समन्वय संरचना सुदृढ गरिनेछ।<br>१.२ जोखिम क्षेत्रमा निगरानीका लागि स्थानीय तह, सुरक्षा निकाय, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय साझेदारहरूसँग प्रभावकारी समन्वय र कानूनी प्रविधि सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ मानव अधिकार आयोग, केन्द्रीय अनुसन्धान व्यूरो, माइती नेपाललगायतका संस्थाहरूसँग समन्वय र सहकार्य गरी मानव बेचबिखन रोकथाम र जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. मानव बेचबिखनका पीडितको सुरक्षा, पुनःस्थापना र आर्थिक सशक्तीकरण प्रबर्द्धन गर्ने। | २.१ पीडितका लागि स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श, शिक्षा तथा सामाजिक पुनःस्थापना कार्यक्रम सुदृढ गरिनेछ।<br>२.२ पीडित तथा जोखिममा रहेका व्यक्तिहरूका लागि रोजगारी, स्वरोजगार र सीप विकास तालिममार्फत आर्थिक अवसर सिर्जना गरिनेछ। |
| ३ उद्धार, सुरक्षा र पुनःस्थापनालाई प्रभावकारी बनाउने। | ३.१ पीडितको उद्धार, अस्थायी/सुरक्षित आवास (सेफ हाउस), स्वास्थ्य सेवा र मनोसामाजिक परामर्श सुनिश्चित गरिनेछ।<br>३.२ दिगो पुनःस्थापना र परिवारसँग पुनर्मिलनका लागि शिक्षा, सीप विकास तालिम, आयआर्जन अवसर र सामाजिक पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ मानव बेचबिखनका जोखिम न्यूनीकरण, सुरक्षित वैदेशिक रोजगारी र सामाजिक सुरक्षा सम्बन्धी समुदाय र विद्यालयस्तरमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। |

## ६.११.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **सीमा क्षेत्र एकीकृत निगरानी तथा उद्धारः** सीमा नाकामा निगरानी, चेकपोस्ट सुदृढीकरण र जोखिममा रहेका व्यक्तिको तत्काल उद्धार,

२. **मानव बेचबिखन विरुद्ध जनचेतना तथा विद्यालय अभियानः** समुदाय र विद्यालयस्तरमा सचेतना, जीवनोपयोगी शिक्षा र सुरक्षित आप्रवासनसम्बन्धी जानकारी प्रवाह,

३. **सुरक्षित वैदेशिक रोजगारी सूचना तथा परामर्श सेवाः** वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई पूर्वसूचना, कानूनी प्रक्रिया र जोखिमबारे परामर्श,

४. **एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणाली विकासः** मानव बेचबिखनसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र तथ्याङ्क तयारी,

५. **पीडित उद्धार, सुरक्षित आवास तथा संरक्षण सेवाः** उद्धारपछि अस्थायी आवास, स्वास्थ्य सेवा र मनोसामाजिक परामर्श,

६. **पुनःस्थापना तथा सामाजिक पुनःएकीकरणः** पीडितलाई परिवारसँग पुनर्मिलन, शिक्षा र समाजमा पुनःएकीकरण सहयोग,

७. **सीप विकास तथा आर्थिक सशक्तीकरणः** पीडित तथा जोखिम समुहका लागि तालिम, स्वरोजगार र आयआर्जनका अवसर सिर्जना,

८ **संस्थागत समन्वय तथा क्षमता विकासः** स्थानीय तह, सुरक्षा निकाय र सरोकारवालाहरूको क्षमता अभिवृद्धि र समन्वय सुदृढीकरण,

९ **कानूनी सहायता तथा न्याय पहुँच सुदृढीकरणः** पीडितलाई निःशुल्क कानूनी सहयोग, मुद्दा व्यवस्थापन र न्यायमा पहुँच सुनिश्चित,

१०. **अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन, नीति सुधार र प्रमाणमा आधारित निर्णय प्रणाली विकास,

११. **समन्वय र सहकार्यः** मानव अधिकार आयोग, केन्द्रीय अनुसन्धान व्यूरो, माइती नेपाललगायतका संस्थाहरूसँग समन्वय र सहकार्य।

## ६.१२ सामाजिक सुरक्षा तथा संरक्षण

### ६.१२.१ पृष्ठभूमि

नेपालमा सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी कानूनी व्यवस्था संविधान, ऐन तथा नीतिगत प्रबन्धमार्फत स्थापित गरिएको छ। नेपालको संविधानले नागरिकलाई सामाजिक सुरक्षाको हक मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको छ। सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार ज्येष्ठ नागरिक, आर्थिक रूपमा विपन्न, असक्त र असहाय अवस्थामा रहेका व्यक्ति, अपाङ्गता भएका, असहाय एकल महिला, बालबालिका, आफ्नो हेरचाह आफैं गर्ने नसक्ने, दलित र एकल ज्येष्ठ नागरिक, अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पूरा नगरेका बालबालिका, विपन्न वर्ग, लोपोन्मुख जाति आदिलाई राज्यले सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ।

निश्चित उमेर समुहका ज्येष्ठ नागरिक, एकल महिला, आर्थिक रुपले विपन्न, अशक्त र असहाय, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने सम्भावित जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सहयोग पुर्याउने उद्देश्यले नेपाल सरकारबाट सञ्चालित गैर योगदानमूलक कार्यक्रमलाई सामाजिक सुरक्षा कार्यक्रमका रूपमा कार्यान्वयनमा ल्याइएको छ। सामाजिक सुरक्षा ऐन अनुसार "अशक्त र असहाय" अवस्थामा रहेका भन्नाले आर्थिक रूपमा विपन्न, शारीरिक वा मानसिक रूपमा श्रम गर्न अशक्त भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्तिलाई बुझाउँछ। यसैगरी "अपाङ्गता भएका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेयरमेन्ट) वा विद्यमान अवरोधका कारण अन्य सामान्य व्यक्तिसरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिलाई मानेको छ, भने **"आर्थिक रूपमा विपन्न"** भन्नाले जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको, नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका व्यक्तिलाई मानेको छ। ऐनअनुसार सामाजिक सुरक्षा भन्नाले सामाजिक सुरक्षा भत्ता पाउने नागरिकलाई दिइने नगद, भत्ता वा सहायतालाई मानेको छ।

त्यस्तै, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मार्फत औपचारिक क्षेत्रका श्रमिकहरूका लागि पेन्सन, औषधि उपचार, मातृत्व, दुर्घटना तथा आश्रित सुविधा सुनिश्चित गरिएको छ। यी कानूनी व्यवस्थालाई कार्यान्वयन गर्न सामाजिक सुरक्षा कोष स्थापना गरिएको छ, जसले श्रमिक र रोजगारदाताबाट योगदान

सङ्कलन गरी विभिन्न सुविधा प्रदान गर्दछ। साथै, ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता, बाल पोषण अनुदान जस्ता कार्यक्रमहरू स्थानीय तहमार्फत सञ्चालन भइरहेका छन्। स्थानीय तहले तोकिएको ढाँचामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिलाई परिचयपत्र दिने गरेका छन्।

नेपालमा सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीले जोखिममा रहेका नागरिक, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई आधारभूत सामाजिक संरक्षण प्रदान गर्ने जिम्मेवारी लिएको छ। प्रदेश सरकारले विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीको नियमित मूल्याङ्कन गर्दै आवश्यक सुधार गर्ने, सङ्घ र स्थानीय तहसँग समन्वय गरी सेवाको पहुँच र प्रभावकारिता अभिवृद्धि गर्ने तथा प्रणालीलाई सहज, छरितो, दक्ष र नागरिकमैत्री बनाउने कार्यमार्फत सामाजिक न्याय र समावेशी विकासलाई सुदृढ बनाउने जिम्मेवारी निर्वाह गर्दछ। सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक कार्यहरू गर्ने गरी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ ले सामाजिक विकास मन्त्रालयलाई जिम्मेवारी प्रदान गरेको छ।

### ६.१२.२ विद्यमान अवस्था

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले जुनसुकै समयमा आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा गएर सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९ को अनुसूची १ अनुसार तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ। योग्य लाभग्राहीले दिएको निवेदनको विवरण छानविन गरी विभागको अनलाइन प्रणालीमा प्रविष्ट गराइन्छ र त्यसपछि अर्को महिनाबाट भत्ता प्राप्त गर्न सकिने कानूनी व्यवस्था छ। नवीकरण छुटेका लाभग्राहीले सम्बन्धित वडा कार्यालयमा गएर नयाँ लाभग्राहीको रूपमा नाम दर्ता गराउन सक्नेछन्। ज्येष्ठ नागरिक (९० वर्षमाथि), पूर्ण अपाङ्ग व्यक्ति वा आफ्नो हेरचाह आफैं गर्न नसक्ने लाभग्राहीको हकमा संरक्षक, माथवर वा हेरचाह गर्ने व्यक्तिले निवेदन दिन सक्ने व्यवस्था छ। लाभग्राहीको अनुरोध अनुसार संरक्षकको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्न सकिनेछ, र यदि संयुक्त खाता सम्भव नभएमा संरक्षकको एकल दस्तखतमार्फत पनि भत्ता प्राप्त गर्न सकिने व्यवस्था रहेको छ।

सुदूरपश्चिम प्रदेशमा सामाजिक सुरक्षा तथा संरक्षणको कार्य भइरहेको छ। जसअन्तर्गत वृद्धभत्ता, बालभत्ता तथा विपन्न वर्गका लागि सहायता कार्यक्रम सञ्चालनमा छन्। सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली प्रदेशभर विस्तार भई लक्षित वर्गसम्म पहुँच पुगेको छ र स्थानीय तहहरूले भुक्तानी प्रणालीलाई केही हदसम्म व्यवस्थित बनाएका छन्। दुर्गम भूगोल, गरिबी, सूचना अभाव तथा प्रशासनिक क्षमताको सीमितताका कारण सबै लक्षित वर्गले समयमै सेवा पाउन सकेको अवस्था छैन। योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली अझै औपचारिक क्षेत्रमै सीमित रहेको र ठूलो सङ्ख्यामा रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरू यसबाट वञ्चित रहेका छन्। सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा तथ्याङ्क व्यवस्थापन कमजोर हुनु, दोहोरो लाभग्राहीको समस्या, पारदर्शिता र अनुगमनमा कमी जस्ता चुनौतीहरू पनि विद्यमान छन्। सङ्घीय, प्रदेश र स्थानीय तहबीचको समन्वय पूर्ण रूपमा प्रभावकारी हुन नसक्दा सेवा प्रवाहमा दोहोरोपन र केही खाडल देखिएका छन्। सामाजिक सुरक्षा प्रणालीलाई अझ प्रभावकारी, छरितो र नागरिकमैत्री बनाउन सकेमा लाभग्राहीहरूको सङ्ख्या वृद्धि हुनुका साथै सेवाको प्रभावकारिता पनि उल्लेखनीय रूपमा बढाउन सकिने देखिन्छ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई त्रुटिरहित बनाउन नेपाल सरकारले लाभग्राहीको विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्ने व्यवस्था गरेको छ। यसैगरी नेपाल सरकारले तोकेका क्षेत्र तथा जिल्ला र देशभरिका दलित समुदायका पाँच वर्षभन्दा मुनिका एक आमाबाट जन्मिएका बढीमा दुई सन्तानले सामाजिक सुरक्षा भत्ता पाउने नीति अनुसार बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९ (नमूना) बनाई सबै स्थानीय तहहरूमा पठाएको छ। उक्त मापदण्ड स्थानीय तहहरूले आवश्यकता अनुसार कार्यान्वयन गर्न नेपाल सरकारले सबैलाई पत्राचारसमेत गरेको छ।

समग्रमा नेपालमा सामाजिक सुरक्षा तथा संरक्षणका लागि पर्याप्त कानूनी आधार तयार भए तापनि सुदूरपश्चिम प्रदेशमा यसको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत क्षमता अभिवृद्धि, पहुँच विस्तार, लक्षित समुहको पहिचान र अनौपचारिक क्षेत्रलाई समेट्ने नीति आवश्यक रहेको देखिन्छ।

## ६.१२.३ मुख्य सवाल तथा चुनौती

१. **पहुँच विस्तार र प्रभावकारिता वृद्धिः** सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, कार्यक्रममा सबैको पहुँच सुनिश्चित गर्नु, वास्तविक आवश्यकता भएका विपन्न, दलित, आदिवासी र अशक्त व्यक्तिको पहिचान गरी सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्नु।

२. **अनुगमन तथा प्रभाव मूल्याङ्कनको व्यवस्थापनः** सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता मापन र प्रतिवेदन प्रणाली बलियो बनाउनु, नियमित अनुगमन, प्रभाव मूल्याङ्कन तथा परिणाममूलक विश्लेषण गर्नु।

३. **अन्तर तह समन्वयः** सामाजिक सुरक्षा कार्यक्रम योजना, बजेट विनियोजन र कार्यान्वयनमा विभिन्न तहबीच प्रभावकारी समन्वय स्थापित गर्नु, नीति र कार्यक्रममा एकरूपता ल्याउनु।

## ६.१२.४ उद्देश्य

१. सामाजिक सुरक्षा कार्यक्रममा सबैको पहुँच सुनिश्चित गर्नु।

## ६.१२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सामाजिक सुरक्षा कार्यक्रममा सबैको पहुँच सुनिश्चित गर्नु ।** | |
| १. सामाजिक सुरक्षामा सबै विपन्न वर्गको सहभागिता सुनिश्चित गर्ने। | १.१ सबै समुदायहरूमा सामाजिक सुरक्षा कार्यक्रमको पहुँच सुनिश्चित गर्न तथ्याङ्क प्रणालीलाई प्रभावकारी बनाउन स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>१.२ विपन्न, दलित, आदिवासी, अशक्त व्यक्तिहरूको पहिचान गर्न नियमित सामाजिक सर्वेक्षण, स्थानीय समाजसेवी संस्था र नागरिक सहभागिता सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. अनुगमन, मूल्याङ्कन र अन्तर तह समन्वय प्रभावकारी बनाउने। | २.१ सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता र परिणाम मापन गर्न नियमित अनुगमन र मूल्याङ्कन प्रणाली लागू गरिनेछ।<br>२.२ सामाजिक सुरक्षा कार्यक्रमबाट निकासा भएको सुबिधा लाभान्वित समुहमा पुगे नपुगेको र त्यसको सदुपयोगिताबारे अध्ययन गरिनेछ।<br>२.३ नीति, योजना र बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय सुनिश्चित गर्न अन्तर तह समन्वय बलियो बनाइनेछ। |

### ६.१२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **सामाजिक सुरक्षा लाभार्थी पहिचान र दर्ताः** विपन्न, दलित, आदिवासी, अशक्त र वास्तविक आवश्यकता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन र डिजिटल दर्ता प्रणाली सञ्चालन,

२. **सामाजिक सुरक्षा अनुदान/भत्ता वितरणः** वृद्धभत्ता, अपाङ्गता भत्ता, बाल संरक्षण भत्ता, विपन्न परिवारलाई प्रत्यक्ष अनुदान वितरण, सुनिश्चित पारदर्शिता र डिजिटल ट्र्याकिङ,

३. **अनुगमन र मूल्याङ्कनः** सामाजिक सुरक्षा कार्यक्रमको प्रभाव र परिणाम मापन गर्ने नियमित अनुगमन, तथ्याङ्क सङ्कलन र विश्लेषण, प्रयोगबाट फाइदाको अध्ययन र दुरुपयोग नियन्त्रण,

४. **अन्तर तह समन्वय र क्षमता सुदृढीकरणः** सङ्घीय, प्रदेश र स्थानीय तहबीच नीति, योजना, बजेट र कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य,

५. **जनचेतना र पहुँच वृद्धिः** सामाजिक सुरक्षा कार्यक्रमहरूको बारेमा जनचेतना फैलाउने, समुदायमा सूचना/सहभागिता सुनिश्चित गर्ने र पहुँच विस्तार।

## परिच्छेद - सात

# पूर्वाधार विकास

पूर्वाधार विकास क्षेत्रअन्तर्गत सडक, जलमार्ग तथा जल पर्यटन, झोलुङ्गे पुल, रज्जु मार्ग, केबलकार, नवीन प्रविधिमा आधारित यातायात तथा हवाई यातायात जस्ता उपक्षेत्रहरूको विस्तृत विश्लेषण यस परिच्छेदमा गरिएको छ। यी उपक्षेत्रहरू भौगोलिक रूपमा कठिन र दुर्गम क्षेत्रहरूमा समेत पहुँच विस्तार गर्ने प्रमुख माध्यमका रूपमा रहेका छन्। सडक सञ्जालको विस्तारले स्थानीय तथा क्षेत्रीय बजार बीचको आवागमन सहज बनाउने मात्र होइन, उत्पादन र आपूर्तिको शृङ्खलालाई समेत प्रभावकारी बनाउँछ। त्यस्तै, जलमार्ग तथा जल पर्यटनको विकासले पर्यटन क्षेत्रको विविधीकरण गर्दै स्थानीय अर्थतन्त्रमा नयाँ अवसर सिर्जना गर्ने सम्भावना बोकेको छ। झोलुङ्गे पुल, रज्जु मार्ग र केबलकार जस्ता वैकल्पिक यातायात पूर्वाधारहरूले पहाडी तथा हिमाली भेगमा सुरक्षित र दिगो आवागमन सुनिश्चित गर्दै सामाजिक तथा आर्थिक समावेशिता बढाउन सहयोग पुऱ्याउँछन्। नवीन प्रविधिमा आधारित यातायात प्रणाली र हवाई यातायातले दुर्गम क्षेत्रलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जालसँग जोड्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्, जसले सेवा प्रवाह, आपत्कालीन उद्धार र व्यापारिक गतिविधिलाई समेत सहज बनाउँछ।

त्यसै गरी जलविद्युत तथा वैकल्पिक/नवीकरणीय ऊर्जा, आवास, भवन, बस्ती तथा सहरी विकास, खानेपानी तथा सरसफाइ, सिँचाइ, जल उत्पन्न प्रकोप नियन्त्रण र सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपक्षेत्रहरूको पनि गहन विश्लेषण गरिएको छ। यी उपक्षेत्रहरू सामाजिक सेवा प्रवाह, जीवनस्तर सुधार र दिगो विकासका आधार स्तम्भका रूपमा रहेका छन्। जलविद्युत तथा नवीकरणीय ऊर्जाको विस्तारले ऊर्जा आत्मनिर्भरता वृद्धि गर्नुका साथै हरित विकासलाई प्रबर्द्धन गर्छ। आवास, भवन तथा व्यवस्थित बस्ती विकासले सुरक्षित, समावेशी र योजनाबद्ध सहरीकरणलाई टेवा दिन्छ। खानेपानी तथा सरसफाइ सेवाको सुदृढीकरणले जनस्वास्थ्य सुधारमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ भने सिँचाइ प्रणालीको विस्तारले कृषि उत्पादन र उत्पादकत्व बढाउन सहयोग गर्छ। जल उत्पन्न प्रकोप नियन्त्रणका उपायहरूले जोखिम न्यूनीकरण गर्दै जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्छन्। साथै, सूचना तथा सञ्चार प्रविधिको विकासले शासन प्रणालीलाई प्रभावकारी, पारदर्शी र सेवा केन्द्रित बनाउँदै समग्र आर्थिक तथा सामाजिक रूपान्तरणलाई गति दिने आधार तयार गरेको छ।

## ७.१ सडक

### ७.१.१ पृष्ठभूमि

प्रदेशको समृद्धि र आर्थिक विकासका लागि मानव, वस्तु र सवारी साधनहरूको द्रुत तथा सुरक्षित आवागमनको भूमिका महत्त्वपूर्ण हुन्छ। यसले सेवा सुविधामा पहुँच बढाउनका साथै सेवा हस्तान्तरणमा सहजतासमेत पुऱ्याई माग र आपूर्ति सेवा प्रवाहको लागतमा कमी ल्याउन मद्दतसमेत पुऱ्याउन सहयोगी हुन्छ। लगानी आकर्षित गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने तथा प्रदेशको प्रतिस्पर्धात्मक क्षमता

बढाउने कार्यमा सडक पूर्वाधारको विकासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। सडक सञ्जालले मात्र प्रदेशका विभिन्न भौगोलिक क्षेत्रहरू, आर्थिक केन्द्रहरू, धार्मिक तथा पर्यटकीय स्थलहरूलाई आपसमा जोड्न सकिन्छ, जसले समग्र प्रदेशको आर्थिक गतिविधिलाई चलायमान बनाउँछ। सडक यातायातले सामाजिक एकता कायम राख्न तथा भेदभाव र कुरीति हटाउनसमेत मद्दत पुऱ्याएको हुन्छ।

खप्तड, बडीमालिका, परशुराम, रामारोशनलगायत प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूलाई जोड्ने सडक निर्माणबाट प्रदेशको आन्तरिक पर्यटन, आर्थिक गतिविधि तथा पहुँच विस्तारमा थप योगदान पुग्ने सम्भावना छ। प्रदेशका मुख्य आर्थिक केन्द्रहरू (धनगढी, टीकापुर, दिपायल, अत्तरिया, भीमदत्तनगर) लाई जोड्ने सडक सञ्जालले औद्योगिक कोरिडोरको विकासमा सहयोग पुऱ्याउने सम्भावना छ। यस प्रदेश भारतको उत्तराखण्ड र उत्तर प्रदेश राज्यहरूसँग जोडिएको हुँदा यसले अन्तर्राष्ट्रिय व्यापार र पारवहनको सम्भावना बोकेको छ। सीमावर्ती क्षेत्रहरूमा सडक सञ्जालको विस्तारले द्विपक्षीय व्यापार प्रबर्द्धनमा सहयोग पुग्नेछ।

भौगोलिक जटिलता चिर्दै यात्राको दूरी, समय र लागत घटाउन सुरुङ मार्गलाई सुरक्षित, आधुनिक र दिगो पूर्वाधारका रूपमा विकास गर्न नेपाल सरकारसँगको समन्वयमा सम्भाव्यता अध्ययनलाई अगाडि बढाउन आवश्यक देखिन्छ। यसका साथै सङ्घीय र स्थानीय सरकारबाट सञ्चालनमा आएका वा सञ्चालन हुने सडकसँग दोहोरो नपर्ने गरी सडक पूर्वाधारको कार्यान्वयन गरिनुका साथै उक्त सडकमा बन्ने पुल, पुलेसासमेत सम्पन्न गरी सर्वयाम यातायात सञ्चालनमा विशेष ध्यान पुऱ्याउनु पर्ने समेत देखिन्छ। हाल सञ्चालनमा रहेका कतिपय सडक इन्जिनियरिङ मापदण्ड पूरा नगरी यातायातका साधनसमेत सञ्चालनमा आएबाट सडक दुर्घटना अति नै बढेको देखिएकोले सडक सुरक्षालाई प्रथम ध्यानमा राखु पर्ने पनि जरुरी देखिएको छ।

आर्थिक सर्वेक्षण २०८१/८२ ले प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा पूर्वाधार क्षेत्रको योगदान ७.०३ प्रतिशत रहेको उल्लेख गरेको छ, जसमा सडक क्षेत्रको हिस्सा उल्लेखनीय छ।

### ७.१.२ विद्यमान अवस्था

सडक क्षेत्र यस प्रदेशको पूर्वाधार विकासको प्रमुख आधार स्तम्भ हो, जसले आर्थिक वृद्धि, सामाजिक समावेशीकरण र दिगो विकासलाई सहयोग पुऱ्याउँछ। नेपालको संविधानअनुसार सङ्घीय संरचनामा प्रदेश सरकारलाई सडक पूर्वाधारको विकास, निर्माण र व्यवस्थापनको जिम्मेवारी दिइएको छ, जसले स्थानीय तहसम्म पहुँच विस्तार गर्न मद्दत गर्दछ। सडक पूर्वाधारले कृषि उत्पादनको बजार पहुँच, पर्यटन प्रबर्द्धन, रोजगारी सिर्जना र बसाइसराइ नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्छ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहबीच सडक पूर्वाधारको विकास र व्यवस्थापनसम्बन्धी अधिकार र जिम्मेवारीहरू स्पष्ट रूपमा वर्गीकरण गरेको छ। संविधानको अनुसूची ५ (सङ्घको अधिकारको सूची) मा रणनीतिक महत्त्वका राजमार्गहरू (पूर्व-पश्चिम राजमार्ग, मध्य पहाडी लोक मार्ग, हुलाकी राजमार्ग, उत्तर-दक्षिण कोरिडोरहरू) तथा अन्तर्राष्ट्रिय स्तरका सडक सञ्जालहरू सङ्घको अधिकार क्षेत्रभित्र रहेका

छन्। अनुसूची ६ (प्रदेशको अधिकारको सूची) को क्रमाङ्क १४ मा "प्रदेश राजमार्ग तथा प्रदेश स्तरका सडक पूर्वाधार" प्रदेश सरकारको अधिकार क्षेत्रमा रहेको उल्लेख छ। यसै गरी, अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) मा ग्रामीण सडक, कृषि सडक तथा स्थानीय स्तरका सडक पूर्वाधार स्थानीय तहको अधिकार क्षेत्रमा रहेको व्यवस्था छ। साझा अधिकारको सूची (अनुसूची ७) मा सडक यातायात तथा सुरक्षा, यातायात व्यवस्थापनलगायतका विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीमा रहेका छन्।

सडक क्षेत्रलाई व्यवस्थित गर्न प्रदेश सरकारले विभिन्न नीतिगत तथा संस्थागत व्यवस्था गरेको छ । सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८१ (दोस्रो संशोधन) जारी भएको छ भने प्रदेशको सडक सञ्जाल गुरुयोजनाअन्तर्गत प्रदेशका ७० वटा लोक मार्ग, ११९ वटा सहायक मार्ग तथा अन्य विशेष उद्देश्यका सडक सम्बन्धी विस्तृत विवरण सहितको सुदूरपश्चिम प्रादेशिक सडक सञ्जाल गुरुयोजना, २०८२ तयार भएको छ।

सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक क्षेत्रको मुख्य जिम्मेवारी वहन गर्दछ। यसमा प्रादेशिक सडकहरूको योजना तर्जुमा, निर्माण, स्तरोन्नति, मर्मत र अनुगमन समावेश छन्। मन्त्रालयअन्तर्गत यातायात पूर्वाधार निर्देशनालय, डोटी, पूर्वाधार विकास कार्यालयहरू (कैलाली, कञ्चनपुर, बैतडी, डडेलधुरा,अछाम र बझाङ), यातायात व्यवस्था कार्यालय (कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी) रहेका छन्। प्रदेशले नेपाल सरकारसँग समन्वय गरी राष्ट्रिय राजमार्गहरू (जस्तैः महाकाली राजमार्ग) मा सहयोग गर्दछ। यसबाहेक, स्थानीय तहसँग साझेदारीमा ग्रामीण सडकहरूको विकास र विपद् व्यवस्थापनमा जोड दिएको छ । प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले सडकलाई गुणस्तरीय पूर्वाधार विस्तारको रणनीतिमा समावेश गरेको छ, जसमा वातावरणमैत्री सडक, जलवायु अनुकूलन र सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकता दिइएको छ। दोस्रो पञ्चवर्षीय योजना (२०८३/८४-२०८७/८८) को अवधारणा-पत्रले सडकलाई प्रदेश रूपान्तरणको संवाहक मानेको छ, जसमा दिगो विकास लक्ष्यसँग जोडेर नीति निर्माण गरिएको छ।

प्रदेशमा सडक पूर्वाधार क्षेत्रका ९ वटा प्रदेश गौरवका योजनाहरू सञ्चालनमा रहेका छन्। खप्तड-मार्तडी, सदबाज - श्रीभावर - हाट - दार्चुला, चिसापानी - ऋषिदह - बडीमालिका, दैजी - पोखरा - ढुङ्गाड - बझाङ, दिपायल - साइपाल, सहजपुर - बोक्टान - दिपायल, बेलौरी - कलुवापुर - नाइल - बुडर, भजनी छोटी भन्सार - खेमडी - ठुलीगाडलगायतका सडक आयोजनाहरूले प्रदेशको सडक सञ्जाल विस्तारमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

प्रादेशिक सडक सञ्जालअन्तर्गत पर्ने पक्की पुलहरूको निर्माण सम्पन्न भई भौतिक पहुँच, दिगोपन तथा यातायात सुरक्षामा उल्लेखनीय सुधार आएको छ। खप्तड, बडीमालिका, परशुराम, रामारोशनलगायत प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरूलाई जोड्ने सडक निर्माण कार्य भइरहेको छ, जसले प्रदेशको आन्तरिक पर्यटन, आर्थिक गतिविधि तथा पहुँच विस्तारमा योगदान पुगेको छ। साथै प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रममार्फत मुख्य सहरहरू र स्थानीय तहका प्रशासनिक केन्द्रहरू जोड्ने सडकहरूको पहिचान,

प्राथमिकीकरण तथा निर्माण कार्य सुरु भइसकेको छ, जसले प्रदेशभित्रको समग्र यातायात संरचना बलियो बनाइरहेको छ। प्रदेश सरकारले ७ वर्षको अवधिमा कुल ३,३३२ किलोमिटर सडक निर्माण गरेको छ।

## ७.१.३ मुख्य सवाल तथा चुनौती

१. **एकीकृत सडक पूर्वाधार योजना र तहगत समन्वयः** सडक पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय तथा अन्तरआबद्धता कायम गर्नु, सडक निर्माण तथा मर्मतको जिम्मेवारी विभिन्न तहमा विकेन्द्रीकृत भए तापनि ती तहहरूका बीचमा प्रभावकारी समन्वय स्थापित गर्नु, एकीकृत यातायात पूर्वाधार नीति र योजना तर्जुमा गरी प्रदेश लोकमार्ग र सहायक मार्गहरूलाई सङ्घीय राजमार्ग तथा स्थानीय सडक सञ्जालसँग जोड्नु, अन्तर प्रदेश सडक यातायात अन्तर-आवद्धता विस्तार गर्नु ।

२. **सडक पूर्वाधार निर्माण र स्तरोन्नतिः** प्रदेशमा सडक पूर्वाधारको बढ्दो आवश्यकता अनुसार स्रोत परिचालन गर्नु, बहुवर्षीय ठेक्का बन्दोबस्ती गरिएका सडकको समयमै निर्माण तथा गुणस्तर बढाउनु, आयोजनाको प्राथमिकीकरण, स्रोतको विनियोजन र कार्यान्वयन क्षमताबीच सन्तुलन कायम गर्नु, आयोजनाको पूर्व तयारी, स्रोत सुनिश्चितता र कार्यान्वयन क्षमताका आधारमा मात्र नयाँ आयोजना अघि बढाउने नीति अवलम्बन गर्नु, सुरुङमार्ग निर्माण गरी सडक सञ्जाललाई छोटो, सुरक्षित तथा भरपर्दो बनाउनु, अधुरा आयोजनाहरूलाई प्राथमिकतामा राखी सम्पन्न गर्नु।

३. **सडक निर्माण तथा मर्मत आयोजना व्यवस्थापनः** जग्गा अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रियालाई सहज बनाउनु, वन क्षेत्रको उपयोगमा देखिने कानूनी झन्झटलाई न्यूनीकरण गर्नु, निर्माण व्यवसायीहरूको कार्यान्वयनमा बिशेष ध्यान पुऱ्याउन निर्माण तालिका बमोजिम कार्य भए नभएको अनुगमन गर्नु ।प्रभावकारी नियमन गर्नु र उनीहरूको क्षमता अभिवृद्धि गर्नु, चिसापानी-बडिमालिका, दैजी-बझाङ, सहजपुर-दिपायल जस्ता प्रदेश गौरवका आयोजनाहरूलाई निर्धारित समयमा सम्पन्न गर्नु, सञ्चालनमा रहेका सडकको निर्माण कार्य सम्पन्न नगरी अन्य सडकमा रकम लगानी गर्नु, आयोजना प्रमुखको कार्यकाल सुनिश्चित गरी जिम्मेवार बनाउनु।

४. **निर्मित सडक पूर्वाधारको दीर्घकालीन संरक्षण तथा मर्मत-सम्भारः** निर्माण गरिएका सडकहरूको नियमित मर्मत-सम्भार र दिगोपनाको व्यवस्था गर्नु, स्रोत परिचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाई सडक पूर्वाधारको दीर्घकालीन संरक्षण गर्नु, नियमित मर्मत सम्भार समुह निर्देशिका (RMG Guideline ) कार्यान्वयनमा ल्याउनु, सडकको दिगो व्यवस्थापन गर्न सडक मर्मत रणनीति तयार गरी कार्यान्वयन गर्नु, सडक सम्पत्ति व्यवस्थापन प्रणाली (Road Asset Management System) लागू गर्नु।

५ **सडक सुरक्षा तथा विपद् उत्थानशीलताको सुनिश्चितताः** सडक निर्माण गर्दा सुरक्षा मापदण्ड तथा विपद् उत्थानशीलताका पक्षहरूलाई ध्यान पुऱ्याउनु, सडक दुर्घटना तथा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्नु, प्रदेशको भौगोलिक विकटता तथा जोखिमयुक्त भू-बनोट अनुरुप सडक डिजाइन र निर्माण गर्नु, राष्ट्रिय सडक सुरक्षा योजनालाई प्रदेशको सन्दर्भमा पुनरावलोकन गरी कार्यान्वयन गर्नु, सडकमा आवश्यक सुरक्षा संरचनाहरू (बोर्ड, साइनेज, स्पीड ब्रेकर) को व्यवस्था गर्नु, जलवायु अनुकूलन र उत्थानशील सडक पूर्वाधार विकास गर्नु, मापदण्ड पूरा नगर्ने सडकमा यातायातका साधनको इजाजत दिनु।

६. **धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक सञ्जाल निर्माणः** खप्तड, बढीमालिका, परशुराम, रामारोशनलगायत प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू जोड्ने निर्मित सडकहरूको स्तरोन्नति तथा वर्षभरि सञ्चालन हुने अवस्था सिर्जना गर्नु, पर्यटकीय गन्तव्यहरूमा सडक पहुँच विस्तारसँगै आवश्यक अन्य पूर्वाधारहरू (पार्किङ, शौचालय, सूचना केन्द्र) को विकास गर्नु, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडकहरूलाई प्राथमिकता दिई स्तरोन्नति गर्नु, पर्यटकीय पूर्वाधार विकाससँग सडक विकासलाई अन्तर-आबद्ध गर्नु।

७. **प्रदेशस्तरीय सडक मापदण्ड तथा प्रविधिको विकासः** प्रदेशस्तरका सडकहरूको निर्माणमा एकरूप मापदण्ड तथा आधुनिक प्रविधिको प्रयोग गर्नु, भौगोलिक विविधता अनुसार फरक-फरक सडक मापदण्डहरूको निर्माण गरी कार्यान्वयन गर्नु, सडक निर्माणमा नवीनतम् प्रविधि (जस्तैः भू-प्राविधिक सर्वेक्षण, जियो-टेक्स्टाइल, स्लोप स्टेबिलाइजेसन, वातावरणमैत्री) को प्रयोग बढाउनु, प्रदेशको भौगोलिक अवस्थिति अनुकूल सडक मापदण्ड तथा डिजाइन मापदण्डहरू विकास गर्नु, सडक निर्माणमा गुणस्तर नियन्त्रण प्रणाली स्थापित गर्नु, नवीनतम् प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नु।

८. **सार्वजनिक यातायातको उचित व्यवस्थापनः** सडक पूर्वाधारको विकाससँगै सार्वजनिक यातायात सेवाको व्यवस्थापन प्रभावकारी बनाउनु, प्रदेशवासीलाई सुरक्षित तथा मर्यादित यातायात सेवा उपलब्ध गराउनु, सवारी चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नियमनलगायतका सेवाहरू पूर्णरूपमा डिजिटल प्रणालीमा ल्याउनु, प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८१ (दोस्रो संसोधन) को प्रभावकारी कार्यान्वयन गर्नु, सवारी भार बहन क्षमता भन्दा बढि भार तथा सीट सङ्ख्या भन्दा बढि सवारी राख्ने प्रवृति रोक्नु, सवारी चालक अनुमतिपत्र वितरणमा देखिएको जटिलता, सवारी साधन दर्ता प्रक्रियामा हुने गरेको ढिलाइलाई नियन्त्रण गर्नु, यातायात नियमन प्रणालीलाई प्रभावकारी बनाउनु, विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्नु।

९. **स्रोत परिचालनमा सार्वजनिक-निजी साझेदारी नीतिको कार्यान्वयनः** ठूला सडक पूर्वाधार आयोजनाहरूको निर्माण तथा सञ्चालनमा सार्वजनिक-निजी साझेदारी नीतिको प्रभावकारी उपयोग गर्नु, पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, सार्वजनिक-निजी साझेदारीमा सडक पूर्वाधार आयोजनाहरू सञ्चालन गर्न आवश्यक नीतिगत व्यवस्था गर्नु, निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्नु, पूर्वाधार विकासमा वैकल्पिक वित्तीय स्रोत (हरित बण्ड, जलवायु वित्त) को परिचालन गर्नु।

१० **क्षमता विकास तथा सामाजिक सुरक्षाः** निजी क्षेत्र, निर्माण व्यवसायी/ठेकेदार, उपभोक्ता समिति र निर्माण मजदुरको क्षमता विकास, निर्माण मजदुर/कामदारका लागि दुर्घटना बीमा, सामाजिक सुरक्षा कोषमा आवद्धता।

## ७.१.४ उद्देश्य

१. गुणस्तरीय, दिगो तथा उत्थानशील सडक पूर्वाधारको विकास गर्नु।
२. धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक सञ्जालको विस्तार र स्तरोन्नति गर्नु।
३. प्रदेशस्तरीय सडक सञ्जाललाई सङ्घीय तथा स्थानीय सडक सञ्जालसँग एकीकृत र अन्तरआबद्ध गर्नु।

## ७.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : गुणस्तरीय, दिगो तथा उत्थानशील सडक पूर्वाधारको विकास गर्नु ।** | |
| १. प्राथमिकताका आधारमा गुरुयोजना तयार गरी दिगो र गुणस्तरीय सडक सञ्जाल विस्तार गर्ने। | १.१ सडक निर्माणमा अन्तर्राष्ट्रिय मापदण्ड तथा गुणस्तर मापदण्डको पालना तथा प्रादेशिक सडक सञ्जाल गुरुयोजना, २०८१ को प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.२ भौगोलिक अवस्थिति अनुकूल सडक डिजाइन तथा प्रविधिको प्रयोग एवम् निर्माणमा गुणस्तर नियन्त्रण प्रणाली स्थापित गरी सडकलाई वातावरणमैत्रीरूपमा निर्माण गरिनेछ।<br>१.३ प्रदेश गौरवका सडक आयोजना समयै सम्पन्न गर्न कार्ययोजनामा आधारित स्रोत सुनिश्चित गरिनेछ। |
| २. वर्षभरि सञ्चालनयोग्य सुरक्षित र भरपर्दो सडक सञ्जाल विकास तथा विस्तार गर्ने। | २.१ कालोपत्रे, ग्राभेल र माटे सडक निर्माणलाई सन्तुलित रूपमा अघि बढाइ सडकको नियमित मर्मत-सम्भारका लागि पृथक व्यवस्था गरिनेछ।<br>२.२ सडक सुरक्षालाई उच्च महत्त्व दिई सञ्चालनको नीति लिइने र मापदण्ड अनुसार निर्माण गरिएका सडकमा यातायात इजाजत नदिइने नीति लिइनेछ।<br>२.३ सडक सम्पत्ति व्यवस्थापन प्रणाली (Road Asset Management System) लागू गरिनेछ।<br>२.४ प्रादेशिक सडक सञ्जालको नियमित मर्मत सम्भार समुह निर्देशिका (RMG Guidelines) कार्यान्वयन गरिनेछ।<br>२.५ बुडर-जोगबुढा र दैजी-जोगबुढा सडक स्तरोन्नती गरिनेछ।<br>२.६ महाकाली-कपालीगाड-गौरीघाट मोटरेबल पुल र पन्तुरा-सारगौडा पुललाई सञ्चालनमा ल्याउन नेपाल सरकारसँग समन्वय गरिनेछ। |
| ३. सडक पुल निर्माणमार्फत सडक सञ्जाललाई सुदृढ गर्ने। | ३.१ रणनीतिक महत्त्वका सडक पुलहरूको निर्माणलाई प्राथमिकता दिई सडक पुल निर्माणमा आधुनिक प्रविधि तथा गुणस्तरीय सामग्रीको प्रयोग सुनिश्चित गरिनेछ।<br>३.२ सडक पुलको नियमित मर्मत-सम्भार र अवस्था मूल्याङ्कनको प्रणाली विकास गरिनेछ।<br>३.३ राष्ट्रिय सडक सञ्जाल निर्माण तथा विस्तार गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ः धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक सञ्जालको विस्तार र स्तरोन्नति गर्नु।** | |
| १. धार्मिक, पर्यटकीय तथा आर्थिक केन्द्रहरू जोड्ने सडक निर्माण गर्ने। | १.१ खप्तड, बडीमालिका, परशुराम, रामारोशनलगायत पर्यटकीय स्थल जोड्ने सडकहरू निर्माण तथा स्तरोन्नति गरिनेछ।<br>१.२ प्रदेशका मुख्य आर्थिक केन्द्र तथा औद्योगिक क्षेत्र जोड्ने सडकको विकास एवम् पर्यटकीय पूर्वाधार विकाससँग सडक विकासलाई अन्तर आबद्ध गर्ने कार्यलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ। |
| २. प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रममार्फत स्थानीय तहको केन्द्र जोड्ने सडकहरूको निर्माण तथा स्तरोन्नती गर्ने । | २.१ प्रदेशअन्तर्गतका स्थानीय तह प्रशासनिक केन्द्रहरू जोड्ने सडक निर्माण तथा स्तरोन्नती गरी स्थानीय बजार तथा सेवा केन्द्र जोड्ने सडक निर्माण गरिनेछ।<br>२.२ स्थानीय तहसँगको समन्वयमा ग्रामीण कृषि उपज केन्द्रहरूलाई बजार केन्द्रसँग जोड्ने सडक पूर्वाधार निर्माण गरिनेछ।<br>२.३ लामो र घुमाउरो सडकको विकल्पमा छोटो र सीधा सुरुङमार्ग निर्माण गरी इन्धन र समयको बचत गर्ने नीति लिइनेछ।<br>२.४ सडक निर्माणका लागि स्थानीय तहसँग समन्वय, सहकार्य र साझेदारी गरी स्थानीय कच्चा पदार्थ प्रयोगलाई प्राथमिकता दिइनेछ।<br>२.५ प्रदेश गौरवका सडक आयोजनाहरूको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ। |
| ३. बहुवर्षीय ठेक्का बन्दोबस्तीमार्फत सडक आयोजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने। | ३.१ बहुवर्षीय ठेक्का बन्दोबस्तीको दायरा विस्तार गरी आयोजनाको पूर्व तयारी तथा विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) को गुणस्तर सुनिश्चित गरिनेछ।<br>३.२ बहुवर्षीय आयोजनाको लागि दीर्घकालीन स्रोत सुनिश्चितता गरी आयोजना कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ। |
| **उद्देश्य ३ : प्रदेशस्तरीय सडक सञ्जाललाई सङ्घीय तथा स्थानीय सडक सञ्जालसँग एकीकृत र अन्तर-आबद्ध गर्नु ।** | |
| १. सडक सम्पत्तिको उचित व्यवस्थापन र सञ्चालनका लागि नीतिगत, संस्थागत र प्रविधिगत व्यवस्था गर्ने। | १.१ प्रदेश सडक सम्पत्ति व्यवस्थापन प्रणाली विकास गरी आवश्यकता पहिचानका आधारमा सडकको आवधिक तथा नियमित मर्मत-सम्भार गरिनेछ।<br>१.२ सडकको र सडक दाँयाबाँया सडक सीमामा पर्ने जग्गाको लगत कट्टा गरी प्रदेश राजपत्रमा प्रकाशित गरी सम्पत्तिका रूपमा आम्दानीको लगत राखिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ नियमित मर्मत सम्भार समुह निर्देशिका पूर्ण रूपमा कार्यान्वयन गर्न सडक मर्मत पृथक कोषको व्यवस्था गरिनेछ र सडकबोर्ड नेपालसँग समेत समन्वय गरिनेछ। |
| २. प्रदेशका सडक सञ्जाललाई राजमार्ग तथा स्थानीय सडकसँग अन्तरआबद्ध गर्ने। | २.१ प्रदेश लोकमार्ग तथा प्रदेश सहायक मार्गलाई राजमार्ग र स्थानीय सडक जोड्ने सम्पर्क मार्गहरूको रूपमा विकास गरिनेछ।<br>२.२ प्रदेश सडक सञ्जाल गुरुयोजनाका आधारमा राजमार्ग, प्रदेश लोक मार्ग र प्रदेश सहायक राजमार्ग तथा स्थानीय सडक बीचको अन्तरसम्बन्ध सुनिश्चित गर्दै प्राथमिकताका आधारमा सडक विस्तार, स्तरोन्नति र नयाँ सडक निर्माण गरिनेछ।<br>२.३ सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य सुदृढ गर्दै महत्त्वपूर्ण सडक खण्डहरूको स्तरोन्नति, मर्मतसम्भार तथा आवश्यक पुल-पुलेसा निर्माण गरी सडक सञ्जालको प्रभावकारी अन्तर आबद्धता कायम गरिनेछ। |
| ३. सडक सुरक्षा तथा विपद् उत्थानशीलताको प्रबर्द्धन गर्ने। | ३.१ राष्ट्रिय सडक सुरक्षा योजनालाई प्रदेशको सन्दर्भमा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ।<br>३.२ प्रदेश लोकमार्ग तथा प्रदेश सहायक मार्गमा आवश्यक सुरक्षा संरचनाहरू (बोर्ड, साइनेज, स्पीड ब्रेकर) को व्यवस्था गरिनेछ।<br>३.३ जलवायु अनुकूलन तथा उत्थानशील सडक पूर्वाधार विकासका लागि सडकको डिजाइन गर्दा नै वातावरणीय पक्ष ध्यान दिइनेछ र पहिरो नियन्त्रण तथा सडक संरक्षणका उपायहरू अवलम्बन गरिनेछ । |
| ४. सार्वजनिक यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउने। | ४.१ प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८१ (दोस्रो संशोधन) को प्रभावकारी कार्यान्वयन गरी विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।<br>४.२ प्रदेशभित्र सवारी दर्ता तथा नवीकरण र सवारी चालक अनुमति पत्र जारी तथा नवीकरण प्रक्रियालाई थप सहज, प्रविधिमैत्री र व्यवस्थित बनाइनेछ।<br>४.३ सवारी दर्ता अनुमतिअनुसार यातायातका साधन सञ्चालन गरे नगरेको नियमित नियमन गरिनेछ र कानून उल्लङ्घन गरी सवारी चलाएमा जरिवाना वा कानूनबमोजिम कार्यस्थलमा नै खटिएको कर्मचारीले सजाय गर्न सक्ने गरी जिम्मेवारी तोकिनेछ। यसका लागि यातायात प्रहरीसँग समन्वयमा कार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.४ यातायात व्यवस्था कार्यालयको क्षमता विकास गरी प्रभावकारी सेवा प्रवाह गरिनेछ।<br>४.५ वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रबर्द्धन गर्दै सबैका लागि सुरक्षित र समावेशी पहुँच सुनिश्चित गरिनेछ।<br>४.६ हिमाली तथा पहाड क्षेत्रमा भारी निर्माण यन्त्र (डोजर, रोलर, ग्रेडर आदि) को अत्यधिक प्रयोग रोकथाम र पहाड मैत्री हल्का उपकरण यन्त्रको प्रयोगलाई प्रबर्द्धन गरिनेछ।<br>४.७ प्रदेश भित्र यातायात सुरक्षा सुनिश्चित गर्न र सवारी प्रदूषणलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>४.८ प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण गर्ने र यसको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ।<br>४.९ सडक तथा यातायात व्यवस्थासम्बन्धी कानूनहरूलाई समय सापेक्ष सुधार गर्दै लगिनेछ।<br>४.१० सडक सुरक्षासम्बन्धी गुनासो वा सुझाव संवोधनका लागि सडक सुरक्षा एप तयार गरी कार्यान्वयन गरिनेछ। |
| ५. सडक पूर्वाधार विकासमा सार्वजनिक-निजी साझेदारी तथा वैकल्पिक वित्तीय स्रोतको परिचालन गर्ने। | ५.१ सार्वजनिक-निजी साझेदारीमा सडक आयोजना सञ्चालनका लागि नीतिगत व्यवस्था गरी ठूला सडक आयोजनाका लागि बहुपक्षीय वित्तीय संस्थासँग सहकार्य गरिनेछ।<br>५.२ पूर्वाधार विकासमा वैकल्पिक वित्तीय स्रोतको परिचालनका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |

## ७.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **स्थानीय तहका केन्द्र जोड्ने सडक सञ्जाल विस्तारः** सडक सञ्जालसँग नजोडिएका बाँकी स्थानीय तहको केन्द्रसम्म सडक पहुँच विस्तार तथा स्तरोन्नति।

२. **सडक सञ्जाल विकास तथा स्तरोन्नतिः** कालोपत्रे सडक निर्माण तथा स्तरोन्नति, दुर्गम क्षेत्रहरूमा आधारभूत सडक पहुँच विस्तार, रणनीतिक महत्त्वका नदी तथा खोलाहरूमा सडक पुल निर्माण, सडक मर्मत-सम्भार तथा पुनर्निर्माण, बहुवर्षीय ठेक्का बन्दोबस्तीमार्फत सडक आयोजना कार्यान्वयन।

३. **प्रदेश गौरवका सडक आयोजनाः** सतबाज-श्रीभावर-हाट दार्चुला सडक, बैतडी, चिसापानी-ऋषिदह-बडिमालिका सडक, दैजी-पोखरा-ढुङ्गाड-बझाङ सडक, दिपायल-साइपाल सडक, सहजपुर-बोक्टान-दिपायल सडक, बेलौरी-कलुवापुर-नाइल-बुडर सडक, भजनी छोटी भन्सार-खेमडी-ठुलीगाड सडक

आयोजना, द्रुतमार्गका रूपमा रहेको सेती लोकमार्ग (कैलाली-डोटी-अछाम-बाजुरा, दिपायल-मेल्लेक-सायल-पातिहाल्ले, बझाङ्ग सडक)।

४. **राष्ट्रिय सडक आयोजनाः** चिसापानी-गड्डचौकीसम्मको छ लेन सडकको विस्तार, कैलालीको अत्तरियादेखि डोटी बाजुराहुँदै हिमाली क्षेत्र जोड्ने सेती लोकमार्ग, कञ्चनपुरदेखि दार्चुलासम्मको महाकाली लोकमार्ग, पुष्पलाल (मध्यपहाडी लोकमार्ग), खुटीया-दिपायल-चैनपुर-ताक्लाकोट उत्तर दक्षिण जोड्ने रणनीतिक मार्ग, सुख्खा बन्दरगाह, ब्रह्मदेव, जोगबुडा, पंचेश्वर, झुलाघाट, लाली, उकु, दार्चुला-तींकर सडक, कर्णाली चिसापानी-जङ्गलघाट-कालेगाड-हिल्सासम्मको सडक।

५. **धार्मिक तथा पर्यटकीय सडक पूर्वाधार विकासः** खप्तड पहुँच सडक स्तरोन्नति कार्यक्रम, बढीमालिका पहुँच सडक स्तरोन्नति, परशुराम धाम पहुँच सडक निर्माण तथा स्तरोन्नति, रामारोशन पहुँच सडक स्तरोन्नति, अन्य धार्मिक तथा पर्यटकीय स्थल जोड्ने सडक पहिचान तथा विकास, पर्यटकीय स्थलहरूमा पार्किङ, शौचालय तथा सूचना केन्द्र निर्माण, पर्यटकीय मार्गहरूमा सडक सुरक्षा संरचना निर्माण।

६. **सडक मर्मत-सम्भार तथा सम्पत्ति व्यवस्थापनः** नियमित मर्मत सम्भार समुह सञ्चालन, सडक सम्पत्ति (सडक दायाँ-बायाँ (राइट अफ वे) भित्र पर्ने जग्गासमेत) व्यवस्थापन प्रणाली स्थापना तथा सञ्चालन, आवधिक मर्मत-सम्भार कार्यक्रम, सडक पुल मर्मत तथा पुनर्निर्माण, सडक मर्मत प्रविधि तथा सीप विकास तालिम ।

७. **सडक सुरक्षा तथा विपद् व्यवस्थापनः** सुरक्षित तथा विपद् उत्थानशील सडक पूर्वाधार निर्माण, प्रादेशिक सडक सुरक्षा योजना कार्यक्रम, सडकमा सुरक्षा संरचना (वोर्ड, साइनेज, स्पीड ब्रेकर) निर्माण, पहिरो नियन्त्रण तथा सडक संरक्षण, जलवायु अनुकूलन सडक डिजाइन तथा निर्माण, सडक दुर्घटना अध्ययन तथा विश्लेषण, सडक सुरक्षा सचेतना अभियान, विपद् पूर्व तयारी तथा प्रतिकार्य।

८. **यातायात व्यवस्थापन प्रविधिमैत्रीः** यातायात व्यवस्था कार्यालयलाई प्रविधिमैत्री बनाउने, विद्युतीय सवारी साधन प्रबर्द्धन, सवारी चालक अनुमतिपत्र वितरण केन्द्र विस्तार तथा स्तरोन्नति, यातायात नियमन तथा अनुगमन प्रणाली सुदृढीकरण, सार्वजनिक यातायात सेवा गुणस्तर सुधार, प्रदेश यातायात सूचना प्रणाली विकास, सडक सुरक्षा एप निर्माण।

९. **सार्वजनिक-निजी साझेदारी तथा लगानी प्रबर्द्धनः** सार्वजनिक-निजी साझेदारीमा सडक आयोजना पहिचान तथा विकास, पूर्वाधार विकासमा वैकल्पिक वित्तीय स्रोत परिचालन, निर्माण व्यवसायी क्षमता अभिवृद्धि तालिम, लगानी सम्मेलन तथा अन्तरक्रिया, सडक पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन तथा प्रबर्द्धन, निजी क्षेत्रको लगानीमा टोल-रोड सञ्चालन सम्भाव्यता अध्ययन।

१०. **स्थानीय तह सडक समन्वय तथा सहकार्यः** प्रदेश-स्थानीय तह सडक समन्वय समिति सञ्चालन, स्थानीय तहका सडक आयोजनालाई प्राविधिक सहयोग, सडक सञ्जाल डिजिटल म्यापिङ तथा सूचना आदान-प्रदान, संयुक्त सडक सर्वेक्षण तथा योजना निर्माण कार्यक्रम, स्थानीय तहको सडक मर्मत क्षमता अभिवृद्धि कार्यक्रम, तहगत समन्वयमा सडक पुल निर्माण कार्यक्रम।

११. **सडक क्षेत्रमा रोजगारी तथा सीप विकासः** सडक निर्माण तथा मर्मतमा स्थानीय रोजगारी प्रबर्द्धन, सडक निर्माण तथा मर्मतमा स्थानीय जनशक्ति परिचालन, सडक निर्माण प्रविधि तथा सीप विकास तालिम (स्थानीय युवालाई), वैदेशिक रोजगारीबाट फर्केका युवालाई सडक निर्माण व्यवसायमा आबद्ध गर्ने कार्यक्रम, सडक निर्माण तथा मर्मतमा महिला सहभागिता प्रबर्द्धन कार्यक्रम, सडक

निर्माण सम्बन्धी घरेलु तथा साना उद्यम प्रबर्द्धन कार्यक्रम, स्थानीय स्तरमा सडक मर्मत समुह गठन तथा सञ्चालन कार्यक्रम ।

१२. **अध्ययन, अनुसन्धान तथा क्षमता विकासः** सडक क्षेत्रको अध्ययन, अनुसन्धान तथा संस्थागत क्षमता विकास, सडक पूर्वाधार सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन निर्माण कार्यक्रम, सडक निर्माण प्रविधि अनुसन्धान तथा विकास कार्यक्रम, भौतिक पूर्वाधार मन्त्रालय तथा मातहत कार्यालयको क्षमता विकास कार्यक्रम, सडक क्षेत्रका प्राविधिक जनशक्तिको दक्षता अभिवृद्धि तालिम, सडक निर्माण सामग्री परीक्षण प्रयोगशाला स्तरोन्नति कार्यक्रम, सडक पूर्वाधारसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यास अध्ययन तथा अनुशरण।

## ७.२ जलमार्ग तथा जलपर्यटन

### ७.२.१ पृष्ठभूमि

जलमार्ग भन्नाले नदी, ताल, नहर वा अन्य जलस्रोतको माध्यमबाट मानिस तथा वस्तुको आवतजावत र ढुवानीका लागि प्रयोग गरिने प्राकृतिक वा कृत्रिम मार्गलाई जनाउँछ। यो यातायात प्रणालीको एक महत्त्वपूर्ण अंग हो, जसले लागत-प्रभावी तथा वातावरणमैत्री परिवहनको विकल्प प्रदान गर्दछ। जल पर्यटन भन्नाले नदी, ताल, झरना वा अन्य जलस्रोतमा आधारित मनोरञ्जन, अवलोकन तथा साहसिक गतिविधिहरू समेटिएको पर्यटनलाई बुझिन्छ। यसअन्तर्गत बोटिङ, र्‍याफ्टिङ, कयाकिङ, जलक्रीडालगायतका गतिविधिहरू पर्दछन्, जसले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

जलमार्ग यातायातको एक महत्त्वपूर्ण तथा लागत प्रभावी माध्यम हो। सडक तथा रेल यातायातको तुलनामा जलमार्गले ठूलो परिमाणको सामान ढुवानी गर्न सक्ने, कम लागतमा यातायात सुविधा उपलब्ध गराउन सक्ने, तथा वातावरणमैत्री हुने जस्ता विशिष्ट फाइदाहरू उपलब्ध गराउँछ। नेपालको सन्दर्भमा जलमार्ग विकासले आन्तरिक तथा अन्तरदेशीय व्यापार, पर्यटन विकास, तथा दुर्गम क्षेत्रमा पहुँच विस्तारमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्ने सम्भावना रहेको छ।

सुदूरपश्चिम प्रदेश जलस्रोतको दृष्टिले अत्यन्त सम्भावना युक्त प्रदेश हो। प्रदेशमा बग्ने महाकाली, कर्णाली, सेतीलगायतका नदीहरूले जलमार्ग विकासको प्रचुर सम्भावना बोकेका छन्। यी नदीहरूमध्ये कर्णाली र महाकाली जस्ता ठूला नदीहरूले नेपाल-भारत सीमावर्ती क्षेत्रमा अन्तरदेशीय जलमार्गको सम्भावनासमेत प्रदान गर्दछन्।

प्रदेशको प्रथम आवधिक योजनाले जलमार्गलाई वैकल्पिक यातायातको माध्यमको रूपमा पहिचान गरेको छ। सोह्रौं योजनाले समेत जलमार्ग विकासलाई रणनीतिक प्राथमिकताको क्षेत्रको रूपमा अङ्गीकार गरेको छ। नेपाल सरकारको जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत नेपाल जलमार्ग विकास समितिले मोहना नदीको प्रारम्भिक अध्ययन गरी स्थानीय स्तरमा जलयातायातको सम्भावना, सेती नदीको प्रारम्भिक सम्भाव्यता अध्ययन गरी साना जलयान सञ्चालनको सम्भावना तथा कर्णाली र महाकाली नदीको विस्तृत सम्भाव्यता अध्ययन गरी क्रमशः जलयान सञ्चालनको प्राविधिक सम्भावना, सीमापार व्यापारको अवसर तथा अन्तरदेशीय जलमार्गको उच्च सम्भावना रहेको निष्कर्ष निकालेको छ। प्रदेशमा परम्परागतरूपमा

साना नदी तथा खोलाहरूमा डुङ्गा तथा फेरी सेवा सञ्चालनमा रहेका छन्।यी सेवाहरू व्यवस्थित नभई अनौपचारिक रूपमा सञ्चालित छन्।

महाकाली र कर्णाली नदी नेपाल-भारत सीमावर्ती क्षेत्रमा बग्ने प्रमुख नदीहरू हुन्। यी नदीहरूलाई जलमार्गको रूपमा विकास गर्दा भारतको गङ्गा नदी प्रणालीमा जोडिन सक्ने सम्भावना रहेको छ। यसले नेपालको तेस्रो देश (बङ्गलादेश) सम्म जलमार्गमार्फत व्यापारिक पहुँच स्थापना गर्न मद्दत पुऱ्याउनेछ। सन् २०२३ मा नेपाल-भारतबीच नयाँ जलमार्ग सम्झौता भए पश्चात् यस क्षेत्रको सम्भावना थप बढेको छ।

जलमार्गमार्फत यात्रु तथा सामान ढुवानीले व्यापारिक गतिविधि प्रबर्द्धन गर्न सक्नेछ। यसका अतिरिक्त, नदी सौन्दर्यीकरण, जलयात्रा (रिभर क्रुज), ऱ्याफ्टिङ्ग, कायकिङ जस्ता पर्यटकीय क्रियाकलापहरूको विकासले प्रदेशको पर्यटन क्षेत्रमा समेत योगदान पुऱ्याउन सक्ने सम्भावना रहेको छ। जलमार्गको विकास तथा सञ्चालनले नदीमा यातायात सेवा, टर्मिनल व्यवस्थापन, माल सामान ढुवानी, पर्यटन सेवालगायतका क्षेत्रमा रोजगारी सिर्जना गर्ने सम्भावना रहेको छ। स्थानीय स्तरमा जलमार्गसँग आबद्ध उद्यमशीलता विकासको अवसरसमेत रहेको छ। भारतसँगको सीमावर्ती नदीहरू (महाकाली, कर्णाली) मा जलमार्ग विकास गर्दा सीमापार व्यापार सहजीकरण, भन्सार प्रक्रियामा सरलीकरण तथा पारवहन सुविधा विस्तारमा सहयोग पुऱ्याउन सक्ने सम्भावना पनि उत्तिकै रहेको छ।

### ७.२.२ विद्यमान अवस्था

नेपालको संविधान, २०७२ ले जलमार्ग तथा जलयातायातसम्बन्धी अधिकार र जिम्मेवारीहरू सङ्घ, प्रदेश र स्थानीय तहबीच वर्गीकरण गरेको छ। संविधानको अनुसूची ५ (सङ्घको अधिकारको सूची) मा अन्तर्देशीय नदीको उपयोग, राष्ट्रिय स्तरका जलमार्ग, बहुउद्देश्यीय आयोजना तथा अन्तर्राष्ट्रिय जलयातायात सङ्घको अधिकारक्षेत्रभित्र रहेका छन्। अनुसूची ६ (प्रदेशको अधिकारको सूची) को क्रमांक १३ मा "प्रदेशस्तरका नदी तथा जलमार्गको विकास र व्यवस्थापन" प्रदेश सरकारको एकल अधिकारक्षेत्रमा रहेको उल्लेख छ।यसैगरी, प्रदेशभित्रका साना नदीहरूको जलमार्ग विकास, आन्तरिक जलयातायातको व्यवस्थापन तथा नदी किनारा संरक्षणसमेत प्रदेशको जिम्मेवारीमा रहेको छ।

अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) मा स्थानीयस्तरका नदी व्यवस्थापन, साना नदीहरूमा डुङ्गा घाट तथा फेरी सेवा स्थानीय तहको अधिकारक्षेत्रमा रहेको छ। साझा अधिकारको सूची (अनुसूची ७) मा जलस्रोतको उपयोग, नदी बेसिन विकास, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीमा रहेका छन्।

प्रदेशस्तरका जलमार्ग आयोजनाहरूको योजना, अध्ययन, निर्माण, सञ्चालन तथा व्यवस्थापन, आन्तरिक जलयातायात सेवाको नियमन, अनुगमन तथा प्रबर्द्धन, नदी किनारा संरक्षण, गेग्रान व्यवस्थापन तथा जलमार्ग सुरक्षा, जलमार्ग विकासका लागि अध्ययन, अनुसन्धान तथा सम्भाव्यता मूल्याङ्कन, नेपाल सरकारसँगको समन्वयमा अन्तरदेशीय जलमार्ग विकासमा सहजीकरण, स्थानीय तहसँगको समन्वयमा साना जलमार्ग आयोजनाहरू सञ्चालन, जलमार्गबाट हुने पर्यटन प्रबर्द्धन तथा जलक्रीडा सेवाको व्यवस्थापनलगायतका

प्रमुख कार्यजिम्मेवारीहरू सुदूरपश्चिम प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहेका छन्। जलाशयमा आधारित जल विद्युत तथा सिँचाइ योजनामा समेत आवतजावत तथा पर्यटन प्रबर्द्धन गर्न जलयानहरू सञ्चालनको सम्भावना रहेकोछ।

प्रथम पञ्चवर्षीय योजनाले जलमार्गलाई वैकल्पिक यातायातको माध्यमको रूपमा पहिचान गरी "वैकल्पिक मार्गका रूपमा जलमार्गको विकास गर्ने" र "निजी क्षेत्रसँगको सहकार्यमा जल यातायात सेवा सञ्चालनका लागि प्राथमिकता दिने" रणनीति अवलम्बन गरे तापनि यस क्षेत्रमा कुनै कार्य हुन नसकेको अवस्था छ। राष्ट्रिय सोह्रौं योजनाले जलमार्ग विकासलाई रणनीतिक प्राथमिकताको क्षेत्रको रूपमा अङ्गीकार गरेको छ। योजनाले अन्तरदेशीय जलमार्ग विकास, बहुउद्देश्यीय जलमार्ग आयोजना तथा जलयातायात सेवा प्रबर्द्धनलाई प्राथमिकता दिएको छ।

## ७.२.३ मुख्य सवाल तथा चुनौती

१. **नीतिगत तथा संस्थागत संरचना सुधारः** जलमार्ग विकासका लागि प्रदेशस्तरीय ऐन, नियमावली, निर्देशिका तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहबीच जलमार्ग विकाससम्बन्धी कार्यजिम्मेवारीको स्पष्ट विभाजन तथा प्रभावकारी समन्वय संयन्त्रको विकास गर्नु, जलमार्ग विकासको लागि छुट्टै प्रादेशिक निकाय वा प्राधिकरणको स्थापना गर्नु।

२. **लगानी तथा वित्तीय स्रोतको व्यवस्थापनः** जलमार्ग विकास (सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, पूर्वाधार निर्माण) का लागि आवश्यक ठूलो पूँजीगत लगानी जुटाउनु, निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने नीतिगत व्यवस्था, प्रोत्साहन प्याकेज, सार्वजनिक-निजी साझेदारी मोडेलको विकास गर्नु, जलमार्ग विकासको लागि हरित बण्ड, जलवायु वित्त, पूर्वाधार बण्ड जस्ता वैकल्पिक वित्तीय उपकरणको परिचालन गर्नु।

३. **अन्तरदेशीय समन्वय तथा कूटनीतिक पहलः** नेपाल-भारत सीमावर्ती नदीहरू (महाकाली, कर्णाली) मा अन्तरदेशीय जलमार्ग विकासका लागि आवश्यकता अनुसार द्विपक्षीय समन्वय तथा कूटनीतिक पहल गर्नु, महाकाली र कर्णाली जस्ता सीमावर्ती नदीहरूमा अन्तरदेशीय जलमार्ग विकासका लागि नेपाल-भारतबीच विस्तृत द्विपक्षीय सम्झौता, सहमति तथा कार्यान्वयन संयन्त्रको विकास गर्नु, जलमार्ग विकास सम्बन्धी द्विपक्षीय कूटनीतिक पहलमा प्रदेश सरकारको भूमिका वृद्धि गर्नु ।

## ७.२.४ उद्देश्य

१. अन्तरदेशीय तथा आन्तरिक जलमार्गको विकास गर्नु।

२. जलमार्ग विकासका लागि नीतिगत, संस्थागत तथा प्राविधिक पूर्वाधारको सुदृढीकरण गर्नु।

### ७.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अन्तरदेशीय तथा आन्तरिक जलमार्गको विकास गर्नु ।** | |
| १. अन्तरदेशीय जलमार्ग विकासका लागि द्विपक्षीय समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने। | १.१ नेपाल-भारत सीमावर्ती नदीहरू (सेती, महाकाली, कर्णाली) मा अन्तरदेशीय जलमार्ग विकासका लागि नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>१.२ सङ्घीय सरकारसँग समन्वय गरी भारतीय जलमार्ग प्रणालीसँग नेपाली जलमार्ग जोड्ने सम्भाव्यता अध्ययन गरिनेछ।<br>१.३ द्विपक्षीय जलमार्ग सम्झौता तथा कार्यान्वयन संयन्त्र स्थापनाका लागि आवश्यक समन्वय र पहल गरिनेछ। |
| २. जलपर्यटन प्रबर्द्धन गर्ने। | २.१ कर्णाली, सेती, महाकाली नदीमा रिभर क्रुज, र्‍याफ्टिङ, कायकिङ, नदी सौन्दर्यीकरण जस्ता पर्यटकीय गतिविधि विकासको सम्भाव्यता अध्ययन गरिनेछ।<br>२.२ जलमार्गसँग आबद्ध पर्यटन व्यवसाय (रिभर क्रुज, र्‍याफ्टिङ, कायकिङ र साहसिक खेल) को प्रबर्द्धन गरिनेछ।<br>२.३ जलमार्ग सेवा सञ्चालनमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनमूलक नीति अवलम्बन गरिनेछ। |
| **उद्देश्य २ : जलमार्ग विकासका लागि नीतिगत, संस्थागत तथा प्राविधिक पूर्वाधारको सुदृढीकरण गर्नु।** | |
| १. जलमार्ग विकासका लागि नीतिगत तथा कानूनी संरचनाको विकास एवम् संस्थागत संरचना सुदृढीकरण गर्ने। | १.१ प्रदेशस्तरीय जलमार्ग विकास नीति, सञ्चालन, नियमन सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरिनेछ।<br>१.२ जलमार्गको वर्गीकरण, जलयान दर्ता, सञ्चालन अनुमति, सुरक्षा प्रमाणीकरण, कर तथा महसुल निर्धारणसम्बन्धी मापदण्ड विकास गरिनेछ।<br>१.३ जलमार्ग सेवा सञ्चालन गर्ने निजी क्षेत्र, सहकारी, सामुदायिक संस्थाको दर्ता, अनुगमन, नियमनका लागि व्यवस्था गरिनेछ।<br>१.४ जलमार्ग विकासका लागि छुट्टै प्रादेशिक जलमार्ग विकास प्राधिकरण वा निकाय स्थापना गरी प्रदेशस्तरीय प्राविधिक समिति गठन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. जलमार्ग/जलपर्यटनका लागि अध्ययन, अनुसन्धान तथा तथ्याङ्क प्रणाली विकास गर्ने। | २.१ कर्णाली, महाकाली, सेतीलगायतका नदीहरूको विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।<br>२.२ नदीको डिजिटल म्यापिङ तथा जीआईएस डाटाबेस विकास गरिनेछ।<br>२.३ जलमार्ग/जलपर्यटनको आर्थिक व्ययभार, लागत-लाभ विश्लेषण, व्यापार सम्भावना, पर्यटकीय महत्त्वको अध्ययन गरिनेछ। |
| ३. जलमार्ग/जलपर्यटन विकासमा लगानी प्रबर्द्धन तथा वित्तीय स्रोत परिचालन गर्ने। | ३.१ सार्वजनिक-निजी साझेदारी मोडेलमा जलमार्ग तथा जलपर्यटनका आयोजना सञ्चालनको व्यवस्था गरिनेछ।<br>३.२ जलमार्ग/जलपर्यटन सम्बन्धी आयोजनाका लागि नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदानको प्रभावकारी उपयोग गरिनेछ।<br>३.३ हरित बण्ड, जलवायु वित्त, पूर्वाधार बण्ड जस्ता वैकल्पिक वित्तीय उपकरणको परिचालनका लागि सङ्घ सरकारसँग समन्वय गरिनेछ।<br>३.४ जलमार्ग/जलपर्यटन सेवा सञ्चालनमा लगानी गर्ने निजी क्षेत्रलाई आवश्यकता अनुसार कर छुट, अनुदान, सहुलियतपूर्ण ऋणको व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वय गरिनेछ। |

## ७.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **जलपर्यटन तथा व्यापार प्रबर्द्धनः** जलमार्गको वर्गीकरण, जलयान दर्ता, सञ्चालन अनुमति, सुरक्षा प्रमाणीकरण, कर तथा महसुल निर्धारण मापदण्ड विकास, जल यातायातका लागि आवश्यक डुङ्गा घाट, टर्मिनल र सिग्नलिङ प्रणाली विकास, नदी सौन्दर्यीकरण, साहसिक खेल केन्द्र विकास, नदी किनारामा पार्क, हरियाली, पैदल मार्ग, विश्राम स्थल, फोटो विन्दु विकास, प्रदेशमा उत्पादित वस्तुहरूको जलमार्गमार्फत निर्यात तथा आन्तरिक व्यापार प्रबर्द्धन।

२. **जलमार्ग/जलपर्यटन विकास नीति, कानून तथा संस्थागत संरचना विकासः** प्रदेशस्तरीय जलमार्ग विकासका लागि आवश्यक नीति, कानून तथा संस्थागत संरचनाहरू निर्माण, जलमार्गको वर्गीकरण, जलयान दर्ता, सञ्चालन अनुमति, सुरक्षा प्रमाणीकरण, कर तथा महसुल निर्धारण मापदण्ड विकास, जलमार्ग विकासका लागि छुट्टै प्रादेशिक जलमार्ग विकास प्राधिकरण स्थापना, सङ्घ, प्रदेश र स्थानीय तहबीच जलमार्ग विकास सम्बन्धी समन्वय संयन्त्र स्थापना, नेपाल जलमार्ग विकास समितिसँग प्रभावकारी समन्वय संयन्त्र विकास।

३. **अन्तरदेशीय तथा आन्तरिक जलमार्ग पूर्वाधार विकासः** कर्णाली, महाकाली र सेती नदीमा अन्तरदेशीय तथा आन्तरिक जलमार्गको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार, डिजिटल म्यापिङ तथा जीआईएस डाटाबेस विकास।

४. **अन्तरदेशीय जलमार्ग विकास तथा द्विपक्षीय समन्वयः** महाकाली नदीमा नेपाल-भारत संयुक्त जलमार्ग सम्भाव्यता अध्ययन, कर्णाली नदीमा नेपाल-भारत संयुक्त जलमार्ग सम्भाव्यता अध्ययन, भारतीय राष्ट्रिय जलमार्गसँग नेपाली जलमार्ग जोड्ने सम्भाव्यता अध्ययन, नेपाल-भारत जलमार्ग सम्झौता तथा कार्यान्वयन संयन्त्र स्थापनाका लागि पहल, सीमापार जलमार्ग सञ्चालनका लागि भन्सार सहजीकरण, पारवहन अधिकार, पारपत्र व्यवस्था सम्बन्धी समन्वय, अन्तरदेशीय जलमार्गका लागि संयुक्त नेभिगेसन प्रणाली, पूर्व सूचना प्रणाली विकास।

५. **जलमार्ग/जलपर्यटनमा लगानी प्रबर्द्धन तथा वित्तीय स्रोत परिचालनः** सार्वजनिक-निजी साझेदारी मोडेलमा जलमार्ग आयोजना सञ्चालन सम्भाव्यता अध्ययन, जलमार्ग विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न कर छुट, अनुदान, सहुलियतपूर्ण ऋण प्रोत्साहन, हरित बण्ड, जलवायु वित्त, पूर्वाधार बण्ड जस्ता वैकल्पिक वित्तीय उपकरण परिचालन, नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदानको प्रभावकारी उपयोग, विकास साझेदार (विश्व बैंक, एशियाली विकास बैंक) सँगको सहकार्य तथा लगानी सम्मेलन आयोजना, जलमार्ग सेवा सञ्चालनका लागि सामुदायिक सहकारी तथा उपभोक्ता समिति गठन।

६. **पाइलट परियोजना सञ्चालनः** महाकाली वा कर्णाली नदीको एक खण्डमा प्रयोगात्मक रूपमा जल यातायात सेवा सञ्चालन।

७. जलमार्ग/जलपर्यटन सुरक्षा तथा जोखिम न्यूनीकरण व्यवस्थापन।

## ७.३ झोलुङ्गेपुल

### ७.३.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको भौगोलिक संरचना (पहाडी र हिमाली क्षेत्रहरूमा नदी, खोंच र दुर्गम भूभाग) का कारण झोलुङ्गे पुलहरू यातायात पूर्वाधारको महत्त्वपूर्ण हिस्साका रूपमा रहेका छन्। यी पुलहरूले दुर्गम गाउँहरू जोडेर स्थानीय बासिन्दाको दैनिक आवतजावत, शिक्षा, स्वास्थ्य, व्यापार र कृषि उत्पादनको बजार पहुँचलाई सहज बनाएको छ। प्रदेशको विकासमा झोलुङ्गे पुलहरूले सामाजिक समावेशीकरण र गरिबी न्यूनीकरणमा योगदान दिएका छन्।

सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्यमार्फत झोलुङ्गे पुल निर्माण कार्य निरन्तर रूपमा सञ्चालन भइरहेको छ। बहुस्तरीय समन्वयका कारण दुर्गम तथा नदी खोला पार गर्न कठिन स्थानीय बस्तीहरू झोलुङ्गे पुलबाट जोडिँदै गएपछि सर्वसाधारणको दैनिक आवागमन सहज, छिटो तथा सुरक्षित बन्ने आधार तयार भएको छ। प्रदेशमा झोलुङ्गे पुलको निर्माण भौगोलिक आवश्यकतामा आधारित देखिन्छ जसले शिक्षा र स्वास्थ्य पहुँच बढाएका छन्। प्रदेशका हिमाली र पहाडी जिल्लाहरू (जस्तैः दार्चुला, बैतडी, बझाङ, अछाम) मा नदीहरूको बहुलता भएकोले झोलुङ्गे पुलहरूले दुर्गम क्षेत्रहरूमा कनेक्टिभिटी बढाउन सक्छन्। यसले पर्यटन (ट्रेकिङ रुटहरू, सांस्कृतिक स्थलहरू जस्तैः रामारोशन, खप्तड) विकास, कृषि

उत्पादनको यातायात र स्थानीय रोजगारी सिर्जनामा सम्भावना बोकेको छ। झोलुङ्गे पुलहरू स्थानीय सामग्री र प्रविधिमा आधारित भएकोले लागत-प्रभावी र वातावरणमैत्री छन्।

राष्ट्रिय ट्रेल ब्रिज कार्यक्रमसँग समन्वय गरी अन्तर्राष्ट्रिय विकास साझेदारहरू (जस्तैः स्विस सरकारको सहयोग) बाट सहायता प्राप्त गर्ने, सार्वजनिक-निजी साझेदारी मोडेलबाट लगानी आकर्षित गर्दै झोलुङ्गे पुलहरूलाई पर्यटन कोरिडोरसँग जोड्ने, जलवायु परिवर्तन अनुकूलित पुल निर्माणबाट विपद् जोखिम न्यूनीकरण र दिगो विकास लक्ष्य हासिल गर्ने अवसर, भारतसँगको सीमा नजिकका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय व्यापार र पर्यटनका लागि पुल विस्तारले अवसर प्रदान गर्दछ। राष्ट्रिय स्तरमा सोह्रौं योजनाले झोलुङ्गे पुलहरूको सङ्ख्या १०,५०८ बाट १४,००० पुऱ्याउने लक्ष्य राखेको छ, जसमा सडक पुलहरूको साथमा झोलुङ्गे पुलहरूलाई पनि प्राथमिकता दिइएको छ।

### ७.३.२ विद्यमान अवस्था

नेपालको संविधान २०७२ ले सङ्घीय संरचनामा झोलुङ्गे पुल जस्ता स्थानीय पूर्वाधारहरूलाई तीन तहमा विभाजन गरेको छ। अनुसूची ६ मा प्रदेश सरकारको एकल अधिकारमा प्रादेशिक स्तरका सडक र पुलहरू (झोलुङ्गे पुल सहित) समावेश छन्। अनुसूची ८ मा स्थानीय तहको अधिकारमा स्थानीय स्तरका झोलुङ्गे पुलहरू छन् भने अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारमा राष्ट्रिय महत्त्वका पुलहरू छन्। राष्ट्रिय स्तरमा स्थानीय पूर्वाधार विभागअन्तर्गत ट्रेल ब्रिज कार्यक्रमले झोलुङ्गे पुलहरूलाई नियमन गर्दछ।

सुदूरपश्चिम प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले झोलुङ्गे पुल क्षेत्रको मुख्य जिम्मेवारी वहन गर्दछ। यसमा प्रादेशिक स्तरका झोलुङ्गे पुलहरूको योजना तर्जुमा, निर्माण, स्तरोन्नति, मर्मत र अनुगमन समावेश छन्। मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालयहरू (बैतडी, दार्चुला, अछाम) ले जिल्लास्तरीय पुल आयोजनाहरू सञ्चालन गर्छन्। प्रदेशले नेपाल सरकारको ट्रेल ब्रिज कार्यक्रमसँग समन्वय गरी राष्ट्रिय मापदण्डअनुसार पुल निर्माण गर्दछ। यसबाहेक, स्थानीय तहसँग साझेदारीमा दुर्गम क्षेत्रका पुलहरूको विकास र विपद् व्यवस्थापन (बाढी/पहिरोबाट क्षति रोक्ने) मा जोड दिइन्छ। स्थानीय समुदायको सहभागितामा प्रदेशले वार्षिक बजेटमार्फत पुल निर्माणमा लगानी गर्दछ।

प्रदेशको पहिलो पञ्चवर्षीय योजनाले झोलुङ्गे पुलहरूलाई गुणस्तरीय पूर्वाधार विस्तारको रणनीतिमा समावेश गरेको छ, जसमा वातावरणमैत्री निर्माण, जलवायु अनुकूलन र सार्वजनिक-निजी साझेदारीलाई प्राथमिकता दिइएको छ। दोस्रो पञ्चवर्षीय योजना (२०८३/८४-२०८७/८८) को अवधारणा-पत्रले झोलुङ्गे पुलहरूलाई प्रदेश रूपान्तरणको संवाहक मानेको छ, जसमा दिगो विकास लक्ष्यसँग जोडेर नीति निर्माण गरिएको छ। सोह्रौं योजनाले झोलुङ्गे पुलहरूलाई सडक पुलहरूसँगै प्राथमिकता दिई, दुर्गम क्षेत्रहरूमा कनेक्टिभिटी बढाउने रणनीति अपनाएको छ।

प्रदेश स्थापनादेखि गत आर्थिक वर्षसम्म सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा २३६ वटा झोलुङ्गे पुल निर्माण भएका छन्, साथै प्रदेशको आफ्नै बजेटबाट ३४ वटा र स्थानीय तहबाट २९ वटा सम्पन्न भई कुल २९९ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन्।

### ७.३.३ मुख्य सवाल तथा चुनौती

१. **झोलुङ्गे पुल निर्माण तथा मर्मतको लागि दीर्घकालीन स्रोत व्यवस्थापनः** प्रदेशको दुर्गम भौगोलिक अवस्थितिलाई ध्यानमा राख्दा झोलुङ्गे पुलहरूको सङ्ख्यात्मक आवश्यकता उच्च रहे तापनि निर्माण तथा मर्मतका लागि दीर्घकालीन स्रोत सुनिश्चित गर्नु, विकास साझेदार (जस्तैः स्विस सरकार) को सहायता निर्भरता न्यून गर्नु, दीर्घकालीन योजना बनाई झोलुङ्गे पुल निर्माण तथा मर्मतको दिगोपना सुनिश्चित गर्नु, दीर्घकालीन वित्तीय रणनीति तर्जुमा गर्नु, विकास साझेदारहरूसँगको सहकार्यलाई निरन्तरता दिनु।

२. **तहगत समन्वय तथा कार्यजिम्मेवारीको स्पष्टताः** प्रदेशस्तरका झोलुङ्गे पुल, स्थानीय तहस्तरका पुल तथा राष्ट्रिय महत्त्वका पुलबीच स्पष्ट वर्गीकरण तथा समन्वय संयन्त्रको अभावमा पूर्वाधार विकासमा एकरूपता कायम गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यजिम्मेवारी तथा समन्वय संयन्त्र विकास गर्नु, प्रादेशिक झोलुङ्गे पुल गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्नु, तहगत समन्वय समिति गठन गरी क्रियाशील बनाउनु।

३. **निर्माणपछिको नियमित मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापनः** निर्माण सम्पन्न भएका झोलुङ्गे पुलहरूको नियमित मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापनको दीर्घकालीन प्रणाली विकास गर्नु, पुलहरूको नियमित अनुगमन, मर्मत-सम्भार तथा सुरक्षा मापदण्डको पालना भए/नभएको अवस्थाबारे यकिन तथ्याङ्क उपलब्ध गराउनु, स्थानीय समुदायको सहभागितामा पुल संरक्षण तथा मर्मतको संयन्त्र विकास गर्नु।

४. **जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनः** बाढी, पहिरो तथा बाढी-पहिरोजन्य घटनाहरू वृद्धि हुँदा नदी तथा खोलाहरूमा निर्मित झोलुङ्गे पुलहरूको उच्च जोखिम न्यून गर्नु, प्रदेशका हिमाली तथा पहाडी जिल्लाहरू (दार्चुला, बैतडी, बझाङ, अछाम) मा नदीहरूको बहुलता रहेकाले यी क्षेत्रमा बाढी तथा पहिरोबाट पुल क्षति हुने सम्भावनालाई न्यूनीकरण गर्नु, पुल निर्माणमा जलवायु अनुकूलन तथा विपद् उत्थानशीलताका पक्षहरूलाई व्यवहारमा उतार्नु, जलवायु परिवर्तन अनुकूलित झोलुङ्गे पुल डिजाइन तथा निर्माण मापदण्ड विकास गर्नु।

५. **झोलुङ्गे पुलको रणनीतिक उपयोगः** झोलुङ्गे पुलहरूलाई पर्यटन प्रवर्द्धन, आर्थिक विकास तथा सामाजिक रूपान्तरणको संवाहकको रूपमा उपयोग गर्नु, रामारोशन, खप्तड, बढीमालिका जस्ता पर्यटकीय तथा धार्मिक स्थलहरू जोड्ने पदमार्गहरूमा पर्याप्त झोलुङ्गे पुल निर्माण गर्नु, भारतसँगको सीमा नजिकका क्षेत्रहरूमा अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटन प्रवर्द्धनका लागि झोलुङ्गे पुलको रणनीतिक उपयोग गर्नु।

६. **स्थानीय प्रविधि, सीप तथा सामग्रीको उपयोगः** झोलुङ्गे पुल निर्माणमा स्थानीय सामग्री, सीप तथा प्रविधिको उपयोग गरी लागत-प्रभावी तथा वातावरणमैत्री पूर्वाधार विकास गर्नु, परम्परागत ज्ञान तथा सीपलाई आधुनिक प्रविधिसँग जोडेर झोलुङ्गे पुल निर्माण गर्नु, स्थानीय स्तरमा झोलुङ्गे पुल निर्माण तथा मर्मतका लागि दक्ष जनशक्ति उत्पादन तथा व्यवस्थापनमा ध्यान दिनु।

७. **तथ्याङ्क तथा सूचना व्यवस्थापनः** प्रदेशमा निर्मित झोलुङ्गे पुलहरूको एकीकृत तथ्याङ्क विकास गर्नु, पुलहरूको भौगोलिक अवस्थिति, प्राविधिक विवरण, निर्माण मिति, मर्मत इतिहासलगायतका विवरण समेटिएको डिजिटल डाटाबेस तयार गर्नु।

८. **झोलुङ्गे पुल र एकीकृत सडक सञ्जालः** सबै झोलुङ्गे पुलहरूलाई मुख्य सडक सञ्जालसँग उचित रूपमा जोड्नु, पुलको दुवैतर्फ पहुँच मार्गको व्यवस्थापन गर्नु, पुलको नियमित मर्मत सम्भार गर्नु।

## ७.३.४ उद्देश्य

१. दुर्गम तथा विपन्न बस्तीहरूमा झोलुङ्गे पुलमार्फत आधारभूत सेवामा पहुँच अभिवृद्धि गर्नु।
२. पर्यटकीय, धार्मिक तथा सांस्कृतिक पदमार्गहरूमा झोलुङ्गे पुल निर्माण गरी पर्यटन विकास प्रबर्द्धन गर्नु।
३. झोलुङ्गे पुलहरूको दीर्घकालीन संरक्षण, मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापन प्रणाली सुदृढ गर्नु।

## ७.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : दुर्गम तथा विपन्न बस्तीहरूमा झोलुङ्गे पुलमार्फत आधारभूत सेवामा पहुँच अभिवृद्धि गर्नु।** | |
| १. दुर्गम बस्तीहरूको पहिचान तथा प्राथमिकीकरण गरी झोलुङ्गे पुल निर्माण गर्ने। | १.१ प्रदेशका हिमाली तथा पहाडी जिल्लाहरू (दार्चुला, बैतडी, बझाङ, अछाम, डोटी, बाजुरा) र तराइका जिल्लाहरू (कैलाली र कञ्चनपुर) मा नदी तथा खोलाहरू पार गर्न कठिनाइ भइरहेका बस्तीहरूको अध्ययन तथा सूचीकरण गरिनेछ।<br>१.२ बस्तीको जनसङ्ख्या, विद्यालय तथा स्वास्थ्य संस्थाको पहुँच, वार्षिक आवागमन अवरोधको अवधि जस्ता मापदण्डका आधारमा पुल निर्माणको प्राथमिकता निर्धारण गरिनेछ।<br>१.३ हिमाल, पहाड र तराईमा कति दूरीमा पुल वा झोलुङ्गेपुल राख्ने स्पष्ट मापदण्ड बनाई तदनुसार कार्यान्वयन गरिनेछ।<br>१.४ स्थानीय तहसँगको समन्वयमा झोलुङ्गे पुल आवश्यकता सर्वेक्षण तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।<br>१.५ झोलुङ्गे पुल निर्माण गर्दा वन, जङ्गल कटानको सम्भावना बढ्ने र पुलमा राखिएको फलाम चोरी बढेको हुँदा त्यसलाई न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिनेछ। |
| २. झोलुङ्गे पुल निर्माणमा तहगत समन्वय तथा साझेदारी प्रबर्द्धन गर्ने। | २.१ सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कार्यजिम्मेवारी तथा समन्वय संयन्त्र विकास गरिनेछ।<br>२.२ राष्ट्रिय ट्रेल ब्रिज कार्यक्रमसँग समन्वय गरी राष्ट्रिय मापदण्डअनुसार पुल निर्माण गरिनेछ।<br>२.३ विकास साझेदार (स्विस सरकार, अन्य अन्तर्राष्ट्रिय संस्था) सँगको सहकार्यलाई निरन्तरता दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ झोलुङ्गेपुलको लट्ठा, सडक पुलको फलामे सामग्री, ग्रिप, नट, बोल्ट आदिको समान खरिद बल्कमा गर्दा किफायत हुने हुँदा सङ्घ र स्थानीय तहसँग समन्वय गरी एकमुष्ट खरिद योजना स्वीकृत गराई खरिद व्यवस्थापनका लागि पहल गरिनेछ।<br>२.५ स्थानीय तहसँगको साझेदारीमा दुर्गम क्षेत्रका पुलहरूको विकास गरिनेछ। |
| ३. झोलुङ्गे पुल निर्माणमा स्थानीय सीप तथा प्रविधिको उपयोग प्रबर्द्धन गर्ने। | ३.१ परम्परागत ज्ञान तथा सीपलाई आधुनिक प्रविधिसँग जोडेर स्थानीय जनशक्तिलाई झोलुङ्गे पुल निर्माण तथा मर्मत तालिम प्रदान गरिनेछ। |
| ४. पुललाई सडक सञ्जाल तथा पहुँचमार्गसँग एकीकृत गर्ने। | ४.१ झोलुङ्गे पुल निर्माणलाई सडक सञ्जाल विकाससँग एकीकृत गरी स्थानीय यातायात सञ्जालसँग झोलुङ्गे पुललाई जोडिनेछ। |
| **उद्देश्य २ : पर्यटकीय, धार्मिक तथा सांस्कृतिक पदमार्गहरूमा झोलुङ्गे पुल निर्माण गरी पर्यटन विकास प्रवर्द्धन गर्नु ।** | |
| १. पर्यटकीय तथा धार्मिक पदमार्गहरूमा झोलुङ्गे पुल निर्माण गर्ने। | १.१ पर्यटकीय पदमार्गहरूमा पर्ने नदी तथा खोलाहरूमा झोलुङ्गे पुल निर्माणको सम्भाव्यता अध्ययन तथा ट्रेकिङ रुटहरूमा आकर्षक डिजाइनका झोलुङ्गे पुल निर्माण गरी पर्यटकीय आकर्षण बढाइनेछ। |
| २. झोलुङ्गे पुललाई पर्यटन प्रबर्द्धनसँग जोड्ने । | २.१ झोलुङ्गे पुललाई पर्यटन कोरिडोरसँग जोड्ने एकीकृत योजना तर्जुमा गरिनेछ।<br>२.२ पर्यटकीय पदमार्गहरूमा झोलुङ्गे पुल निर्माणलाई प्राथमिकता दिई झोलुङ्गे पुल वरपर पर्यटकीय पूर्वाधार (विश्राम स्थल, हेराइ-स्थल, फोटो विन्दु) को विकास गरिनेछ।<br>२.३ झोलुङ्गे पुललाई स्थानीय होमस्टे तथा पर्यटकीय सेवासँग जोडिनेछ। |
| **उद्देश्य ३ः झोलुङ्गे पुलहरूको दीर्घकालीन संरक्षण, मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापन प्रणाली सुदृढ गर्नु।** | |
| १. झोलुङ्गे पुल मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापनको दीर्घकालीन प्रणाली विकास गर्ने। | १.१ झोलुङ्गे पुल मर्मत-सम्भार तथा सुरक्षा व्यवस्थापन निर्देशिका तर्जुमा गरिनेछ।<br>१.२ झोलुङ्गे पुलको आवधिक निरीक्षण प्रणाली विकास (वार्षिक, द्विवार्षिक तथा पञ्चवार्षिक निरीक्षण) गरिनेछ।<br>१.३ झोलुङ्गे पुल मर्मतका लागि पृथक वार्षिक बजेट व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ स्थानीय तहको समन्वयमा पुल आसपासका स्थानीय समुदायलाई पुल मर्मत तथा संरक्षणमा परिचालन गरी झोलुङ्गे पुल संरक्षण गरिनेछ। |
| २. झोलुङ्गे पुल सूचना व्यवस्थापन प्रणाली विकास तथा सञ्चालन गर्ने। | २.१ प्रदेशभर निर्मित झोलुङ्गे पुलहरूको एकीकृत तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।<br>२.२ सबै पुलहरूको डिजिटल म्यापिङ तथा जियो-ट्यागिङ गरी अभिलेख अध्यावधिक गरिनेछ। |
| ३. झोलुङ्गे पुल सुरक्षा मापदण्ड तथा गुणस्तर नियन्त्रण सुनिश्चित गर्ने। | ३.१ झोलुङ्गे पुल निर्माणमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डको पालना सुनिश्चित गरी निर्माणका क्रममा गुणस्तर नियन्त्रण (क्वालिटी कन्ट्रोल) को प्रभावकारी व्यवस्था गरिनेछ।<br>३.२ निर्माणपछि भार परीक्षण (लोड टेस्टिङ) अनिवार्य गरिनुको साथै आवधिक रूपमा पुलको सुरक्षा अवस्थाको मूल्याङ्कन तथा आवश्यक सुधार गरिनेछ। |

### ७.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **दुर्गम बस्ती जोड्ने झोलुङ्गे पुल निर्माणः** स्थानीय तहहरूसँग समन्वय गरी प्रदेशभरि मुख्यमार्ग, सहायक मार्ग र अन्तरराष्ट्रिय सिमामा झोलुङ्गे पुलको आवश्यकता पहिचान विस्तृत सर्वेक्षण, नक्साङ्कन, झोलुङ्गे पुल निर्माण।

२. **निर्माण तथा अनुगमन कार्यक्रमः** १२० मिटरसम्मको पुल स्थानीय तहले र १२०–३५० मिटरसम्मका पुल प्रदेश सरकारले र ३०० मिटर भन्दा माथिको सङ्घीय सरकारसँगको समन्वयमा निर्माण, निर्माण कार्यको नियमित अनुगमन तथा गुणस्तर परीक्षण।

३. **स्थानीय जनशक्ति विकास तथा रोजगारी कार्यक्रमः** वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित पुल निर्माण तथा मर्मतसम्भार सम्बन्धी प्राविधिक तालिम (मिस्त्री, वेल्डर, फेब्रिकेसन) र आईटीआई तथा प्राविधिक शिक्षालयहरूसँग सहकार्य।

४. **झोलुङ्गे पुल मर्मत, संरक्षण तथा सुदृढीकरण कार्यक्रमः** प्रदेशका सम्पूर्ण झोलुङ्गे पुलहरूको अभिलेख र डिजिटल प्लेटफर्म विकास, जीर्ण पुलहरूको पहिचान गरी मर्मत, संरक्षण तथा सुदृढीकरण, पुलको आयु वृद्धि गर्न आवश्यक स्तरोन्नति जस्तैः पिलर सुदृढीकरण, डेक मर्मत, पुलहरूमा नियमित सुरक्षा अडिट, आवश्यक स्थानमा सुरक्षा जाली, चेतावनी बोर्ड,चोरी हुने स्थान पहिचान र सामुदायिक हेरालु व्यवस्था तथा प्रकाश व्यवस्था जडान।

## ७.४ रज्जुमार्ग, केबलकार, नवीन प्रविधिमा आधारित यातायात र हवाई यातायात

### ७.४.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेशको करिब ७५.१४ प्रतिशत भू-भाग पहाडी तथा हिमाली क्षेत्रले ओगटेको छ। यहाँका धेरै विकट बस्तीहरूमा सडक यातायात पुऱ्याउन ठूलो लगानी, समय र वातावरणीय चुनौतीहरू रहेका छन्। यस्तो अवस्थामा रज्जुमार्ग र केबलकारले छोटो दुरीमा छिटो, सुरक्षित र कम लागतमा सामान तथा मानिस ओसारपसार गर्न प्रभावकारी भूमिका खेल्न सक्छन्। नवीन यातायात प्रविधि (विद्युतीय यातायात पूर्वाधार, ट्राम, ट्रली) मार्फत धार्मिक तथा पर्यटकीय पहुँच विस्तारमार्फत खप्तड, बडीमालिका, अपि तथा सैपाल हिमालका आधार शिविर जस्ता प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थलहरूमा केबलकार निर्माण गरी पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढाउन सकिने प्रचुर सम्भावना छ। पहाडी भेगमा उत्पादित सुन्तला, स्याउ र जडिबुटी, दुध एवम् दुग्ध पदार्थ जस्ता नगदे बालीहरूलाई मुख्य सडक वा बजारसम्म पुऱ्याउन 'कार्गो रज्जुमार्ग' (Gravity Goods Ropeway) को प्रयोग गरी ढुवानी लागत घटाउन सकिने देखिन्छ । पहाडी क्षेत्रमा सडक खन्दा हुने भू-क्षय र वातावरणीय विनाशलाई कम गर्न रज्जुमार्ग र केबलकार स्वच्छ र पर्यावरणमैत्री विकल्प हुन सक्छन् भने वर्षायाममा सडक अवरुद्ध हुने ठाउँहरूमा अत्यावश्यक सामग्री र औषधि ढुवानीका लागि साना रज्जुमार्गहरू भरपर्दो माध्यम बन्न सक्छन्।यसका साथै ड्रोनको उपयोग गरी औषधि, बिउ, बिजन तथा अन्य जरुरी उपकरणहरूसमेत किफायतिरूपमा ढुवानी गर्न सकिने सम्भावना रहेको छ। पर्यटकीय महत्त्वका केबलकार आयोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गरी प्रदेशको राजस्व र रोजगारी वृद्धि गर्ने अवसरसमेत उत्तिकै देखिन्छ। प्रदेशमा उत्पादित जलविद्युतको उपयोग गरी विद्युतीय केबलकार र रज्जुमार्ग सञ्चालन गर्दा इन्धन आयात प्रतिस्थापनमा सहयोग पुग्नेछ ।

ऐतिहासिक रूपमा यस प्रदेशमा तुइनको विस्थापन गरी झोलुङ्गे पुल निर्माणमा प्रगति भए पनि आधुनिक रज्जुमार्गको प्रयोग अझै व्यावसायिक बन्न सकेको छैन।दोस्रो पञ्चवर्षीय योजनाले सडक पुग्न नसकेका वा सडकभन्दा केबलकार किफायती हुने पर्यटकीय र व्यापारिक क्षेत्रमा यसलाई प्राथमिकतामा राखेको छ भने विद्युतीय यातायातको प्रबर्द्धनमार्फत सार्वजनिक यातायात तथा पर्यटकीय क्षेत्रहरूमा विद्युतीय बस सेवा सञ्चालन गरी खनिज इन्धनको खपत न्यूनीकरण गर्ने तथा वातावरण संरक्षणमा योगदान पुऱ्याउने सम्भावना रहेको छ ।

बडिमालिका मन्दिर (बाजुरा) जाने तीर्थयात्री तथा पर्यटकहरूका लागि बामका बजार (बुढीगंगा नदी पार) देखि त्रिवेणीधाम हुँदै मन्दिरसम्म झण्डै १२ किलोमिटर लामो केबलकार निर्माणको लागि लगानी प्रतिबद्धता भइसकेको छ। यस आयोजनाले बडिमालिका वर्षभरिको पर्यटकीय गन्तव्यको रूपमा विकास हुने र करिब २५ लाख आगन्तुक भित्र्याउने लक्ष्य राखिएको छ । त्यसैगरी, कैलाली जिल्लाको कर्णाली चिसापानीमा आइएमई समुहको लगानीमा ३.१ किलोमिटर लामो जल्पादेवी केबलकार निर्माणाधीन अवस्थामा रहेको छ। यस केबलकारमार्फत १० मिनेटको अवधिमा चिसापानीको तातो हावापानीबाट रजकाँडाको शीतल हावापानीमा पुग्न सकिनेछ र त्यहाँ होटल, रिसोर्ट, जिपलाइन, स्काई साइकललगायतका मनोरञ्जनात्मक पूर्वाधारहरू निर्माण हुने अपेक्षा गरिएको छ। जसले गर्दा प्रदेशको साहसिक तथा मनोरञ्जनात्मक पर्यटन प्रबर्द्धन हुने देखिन्छ। यी केबलकार आयोजनाहरूले स्थानीय स्तरमा हजारौंको सङ्ख्यामा प्रत्यक्ष र

अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने अपेक्षा गरिएको छ भने स्थानीय स्तरमा उत्पादन, होमस्टे तथा पर्यटन व्यवसायलाई समेत प्रोत्साहन गर्नेछ।

## ७.४.२ विद्यमान अवस्था

नेपालको संविधानको अनुसूची ६ बमोजिम प्रदेशभित्रका साना जलविद्युत र यातायात सम्बन्धी पूर्वाधार (केबलकार र रज्जुमार्गसमेत) को व्यवस्थापन प्रदेशको एकल अधिकार क्षेत्रमा पर्दछ । कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ मा प्रदेश सरकारले राष्ट्रिय जलस्रोत नीति, सङ्घीय कानून तथा बेसिन योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोगसम्बन्धी आयोजना पहिचान, अध्ययन, निर्माण, सञ्चालन, व्यवस्थापन र नियमन गर्ने व्यवस्था उल्लेख छ। त्यसैगरी आन्तरिक जलमार्गसम्बन्धी सम्भाव्यता अध्ययन, सञ्चालन तथा व्यवस्थापन गर्ने र रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रबर्द्धन, योजना तथा आयोजना कार्यान्वयनको जिम्मेवारी प्रदेशलाई दिएको छ।

सुदूरपश्चिम प्रदेश सरकारले 'सवारी तथा यातायात व्यवस्था ऐन २०७९ र सुदुरपश्चिम प्रदेश यातायात व्यवस्था नियमावली, २०८१ (दोस्रो संशोधन) मार्फत यातायात क्षेत्रलाई नियमन गरेको छ । केबलकार उद्योग दर्ताका लागि सङ्घीय सरकारको औद्योगिक व्यवसाय ऐन र प्रदेशको पर्यटन तथा वन सम्बन्धी नीतिहरूसँग समन्वय गर्नुपर्ने प्रावधान छ। यातायातका यस्ता माध्यमहरूको विकास र नियमनको अधिकार प्रदेश सरकारलाई सुम्पेको छ। प्रदेशको 'पर्यटन गुरुयोजना (२०७९/८०-२०८९/९०) र प्रथम पञ्च वर्षीय योजनाले दुर्गम पर्यटकीय स्थलहरूमा पहुँच बढाउन केबुलकारलाई प्राथमिकताको क्षेत्रका रूपमा अङ्गीकार गरेको छ ।

प्रदेशस्तरीय यातायात गुरुयोजनामा केबलकार र रज्जुमार्गलाई समावेश गरी सम्भाव्यता अध्ययन र निर्माणको अनुमति दिने, पहाडी तथा हिमाली क्षेत्रका दुर्गम बस्तीहरूमा सामान ढुवानीका लागि किफायती 'कार्गो रज्जुमार्ग, ड्रोन प्रविधिको प्रयोग प्रबर्द्धन गर्ने, केबलकार आयोजनाहरूका लागि जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को सहजीकरण र निजी लगानीकर्ताका लागि सुरक्षाको प्रत्याभूति दिनेलगायतका कार्य जिम्मेबारी प्रदेश सरकारको रहेको छ।

अछाम र बाजुराका केही स्थानमा कृषि उपज (सुन्तला, स्याउ) ढुवानीका लागि साना घिर्लिङ, 'ग्राभिटी रज्जुमार्ग' प्रयोगमा आए पनि यिनीहरूको व्यावसायिक र व्यवस्थित विस्तार हुने क्रममा रहेको छ। हाल प्रदेशमा विद्युतीय सवारी साधनको सङ्ख्यामा ४.१२ प्रतिशतले वृद्धि भएको छ, जसले केबलकार जस्ता विद्युतीय प्रविधिमा आधारित यातायातका लागि भविष्यमा दक्ष जनशक्ति र पूर्वाधारको आधार तयार पार्दैछ।

नेपाल सरकारले सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता जनाएको सन्दर्भमा वातावरणमैत्री एवम् हरित अर्थतन्त्रको अवधारणामा आधारित विद्युतीय रेल, मोनोरेल, केबलकार तथा रज्जुमार्गलगायतका अत्याधुनिक यातायात प्रविधिहरूको विकासले ऊर्जा दक्षता र वातावरण संरक्षणमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। साथै, सूचना प्रविधिको विकाससँगै यातायात क्षेत्रमा पनि स्मार्ट प्रणाली (जस्तैः जिपिएस

ट्र्याकिङ, अनलाइन टिकेटिङ, सवारी साधन डिजिटल रेकर्ड) को प्रयोगले सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउन सक्दछ ।

### ७.४.३ मुख्य सवाल तथा चुनौती

१. **रज्जुमार्ग, ड्रोन प्रविधि तथा केबलकार विकासको लागि नीतिगत तथा संस्थागत संरचनाः** रज्जुमार्ग तथा केबलकारको विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत संरचना पूर्ण रूपमा विकास गर्नु, प्रदेशस्तरीय रज्जुमार्ग तथा केबलकार विकास गुरुयोजना, प्राथमिकीकरण मापदण्ड, निर्माण तथा सञ्चालन निर्देशिका, सुरक्षा मापदण्ड तथा नियमन संयन्त्र विकास गर्नु, सङ्घीय सरकारको औद्योगिक व्यवसाय ऐन, वन ऐन, वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) निर्देशिका तथा प्रदेशको पर्यटन तथा यातायात सम्बन्धी नीतिहरूबीच एकरूपता कायम गरी लगानीकर्ताहरूको अनुमति प्रक्रियालाई सहज बनाउनु।

२. **ठूलो पूँजी लगानी तथा वित्तीय स्रोतको व्यवस्थापनः** प्रदेशका सम्भावित केबलकार आयोजनाहरू (खप्तड, अपि तथा सैपाल हिमालको आधार शिविर, उग्रतारा) का लागि आवश्यक लगानी जुटाउनु, ठूलो पूँजी लगानी आवश्यक हुने र लामो समयपछि मात्र प्रतिफल प्राप्त हुने जस्ता परियोजनामा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, विकास साझेदार तथा बहुराष्ट्रिय वित्तीय संस्थाहरूको लगानी भित्र्याउन आवश्यक पूर्वाधार तयारी, सम्भाव्यता अध्ययन तथा परियोजना प्रतिवेदन निर्माण गर्नु।

३. **जग्गा प्राप्ति तथा वन क्षेत्रको उपयोगः** पहाडी तथा हिमाली क्षेत्रमा केबलकार निर्माणका लागि वन क्षेत्रको उपयोग गर्नु, जग्गा अधिग्रहण तथा मुआब्जा वितरण गर्नु, स्थानीय समुदायको चासो तथा सरोकारको सम्बोधन गर्नु।

४. **प्राविधिक जनशक्ति तथा मर्मत-सम्भार क्षमताः** रज्जुमार्ग, ड्रोन प्रविधि तथा केबलकार जस्ता जटिल प्रविधिमा आधारित यातायात पूर्वाधारको निर्माण, सञ्चालन तथा मर्मत-सम्भारका लागि आवश्यक प्राविधिक जनशक्ति तथा संस्थागत क्षमता बढाउनु, प्रदेशभित्र दक्ष इन्जिनियर, प्राविधिक तथा मर्मतकर्मीको उपलब्धता वृद्धि गर्नु, निर्माणपछिको नियमित मर्मत-सम्भार तथा सुरक्षा निरीक्षणको दीर्घकालीन प्रणाली विकास गर्नु।

५. **कार्गो रज्जुमार्गको व्यावसायिक विकास तथा विस्तारः** साना ग्राभिटी रज्जुमार्गलाई व्यावसायिक रूपमा विस्तार गर्नु, पहाडी भेगमा उत्पादित नगदे बाली, फलफूल, जडीबुटीहरूलाई मुख्य सडक वा बजारसम्म पुर्‍याउन कार्गो रज्जुमार्गको प्रयोग बढाउनु, स्थानीय उत्पादक तथा उद्यमीहरूमा रज्जुमार्गको प्रविधिप्रति चासो र चेतना बढाउनु।

६. **वातावरणीय प्रभाव मूल्याङ्कन तथा सामाजिक स्वीकार्यताः** केबलकार तथा रज्जुमार्गले पार्ने वातावरणीय तथा सामाजिक प्रभावलाई न्यून गर्नु, वन्यजन्तुको मार्ग, जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा स्थानीय समुदायको जीवनशैलीमा पर्न सक्ने प्रभावको विषयमा पर्याप्त जानकारी गराउनु।

७. **विद्युतीय यातायात प्रबर्द्धनः** दुर्गम क्षेत्रहरूमा हरित अर्थतन्त्र तथा शून्य कार्बन उत्सर्जन न्यूनीकरणका लागि विद्युतीय यातायात प्रबर्द्धन गर्न आवश्यक पूर्वाधार (चार्जिङ् स्टेसन, मर्मत केन्द्र) निर्माण गर्नु, सार्वजनिक यातायात तथा पर्यटकीय क्षेत्रहरूमा विद्युतीय बस सेवा सञ्चालन गर्न आवश्यक नीति, प्रोत्साहन तथा पूर्वाधारको व्यवस्था गर्नु।

८. **स्मार्ट यातायात प्रविधिको प्रयोगः** यातायात क्षेत्रमा सूचना प्रविधिको विकाससँगै आएका स्मार्ट प्रणाली जस्तैः जीपीएस ट्र्याकिङ, अनलाइन टिकेटिङ, सवारी साधन डिजिटल रेकर्डको प्रयोग गर्नु, केबलकार तथा रज्जुमार्गमा आधुनिक निगरानी तथा सुरक्षा प्रणाली, स्वचालित नियन्त्रण प्रणाली, अनलाइन बुकिङ तथा भुक्तानी प्रणालीको विकास, सेवा प्रवाहलाई चुस्त, पारदर्शी तथा प्रभावकारी बनाउनु।

९. **प्रदेशको हवाई यातायात सेवा सुदृढीकरणः** भौगोलिक विकटता तथा सडक पूर्वाधारको कमजोर अवस्थामा रहेका हिमाली जिल्लाहरू बाजुरा, बझाङ, दार्चुलामा हवाई यातायातको सेवा पहुँच विस्तार गर्नु, प्रदेशअन्तर्गतका हिमाली जिल्लामा हवाई सेवा प्रदायक तथा सङ्घ सरकारसँग समन्वय गरी प्रदेश राजधानी (धनगढी) बाट प्रत्यक्ष उडान नियमित तथा कम खर्चिलो बनाउनु, सुदूरपश्चिमका हिमाली जिल्लाका विमानस्थलहरू (कोल्टी, साँफेबगर) को भौतिक पूर्वाधार स्तरोन्नतिका लागि सङ्घ सरकारसँग समन्वय गर्नु।

### ७.४.४ उद्देश्य

१. रज्जुमार्ग, ड्रोन प्रविधि तथा केबलकार पूर्वाधारको विकास गरी पर्यटन प्रबर्द्धन र स्थानीय आर्थिक गतिविधि विस्तार गर्नु।

२. यातायात व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउनु।

३. हरित ऊर्जामा आधारित वैकल्पिक यातायात प्रणालीको विकास र प्रबर्द्धन गर्नु।

४. सहज, सुरक्षित र भरपर्दो हवाई यातायात सेवाको विस्तार गर्नु।

### ७.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : रज्जुमार्ग, ड्रोन प्रविधि तथा केबलकार पूर्वाधारको विकास गरी पर्यटन प्रबर्द्धन र स्थानीय आर्थिक गतिविधि विस्तार गर्नु ।** | |
| १. केबलकार तथा रज्जुमार्ग आयोजनाको सम्भाव्यता अध्ययन, प्रबर्द्धन तथा निर्माणलाई प्राथमिकता दिने। | १.१ सम्भाव्यता अध्ययन गरिएका आयोजनाहरूको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>१.२ बडीमालिका केबलकार आयोजना (बामका बजार-त्रिवेणीधाम-मन्दिर) र जल्पादेवी केबलकार (कर्णाली चिसापानी) निर्माण सम्पन्न गर्न समन्वय गरिनेछ।<br>१.३ निजी क्षेत्रलाई केबलकार निर्माण तथा सञ्चालनमा आकर्षित गर्न 'सार्वजनिक-निजी साझेदारी' ऐन तथा कार्यविधि निर्माण गरी लागू गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. केबलकार आयोजनाको नियमन तथा अनुगमनको प्रभावकारी संयन्त्र विकास गर्ने । | २.१ आयोजनाको नियमित अनुगमन तथा सुरक्षा मापदण्डको पालना सुनिश्चित गर्न संयन्त्र स्थापना गरिनेछ।<br>२.२ आयोजनाले स्थानीय तहलाई उपलब्ध गराउने रोयल्टी तथा करको रकम पारदर्शी रूपमा परिचालन गर्ने नीति कार्यन्वयनमा ल्याइनेछ। |
| ३. केबलकार आयोजनालाई स्थानीय उत्पादन, रोजगारी तथा पर्यटनसँग एकीकृत गर्ने । | ३.१ केबलकार स्टेसन वरपर स्थानीय हाटबजार, हस्तकला पसल, होटल/रिसोर्ट सञ्चालनलाई प्रोत्साहन गर्दै ती क्षेत्रलाई पर्यटकीय हबको रूपमा विकास गरिनेछ।<br>३.२ केबलकार आयोजनाको निर्माण तथा सञ्चालनमा स्थानीय जनशक्तिलाई प्राथमिकता दिई आवश्यक सीपमूलक तालिम उपलब्ध गराइनेछ।<br>३.३ केबलकार, साना घिर्लिङ्ग, ड्रोनमार्फत स्थानीय कृषि उपज तथा जडीबुटीको ढुवानी सहज बनाई बजारीकरणमा सहयोग पुऱ्याइनेछ। |
| **उद्देश्य २ : यातायात व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गरी सेवा प्रवाहलाई चुस्त, पारदर्शी र प्रभावकारी बनाउनु ।** | |
| १. यातायात व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा आबद्ध गर्ने। | १.१ सवारी चालक अनुमतिपत्र (लाइसेन्स), सवारी साधन दर्ता तथा नवीकरण, रुट पर्मिट, प्रदूषण जाँच जस्ता सम्पूर्ण सेवाहरूको लागि एकीकृत डिजिटल पोर्टल (स्मार्ट यातायात व्यवस्थापन प्रणाली) विकास गरी कार्यन्वयनममा ल्याइनेछ।<br>१.२ सार्वजनिक यातायातका साधनहरूमा जीपीएस ट्र्याकिङ प्रणाली अनिवार्य गरी यात्रुहरूले आफ्नो मोबाइल एपमार्फत सवारी साधनको अवस्था ट्र्याक गर्न सक्ने व्यवस्था गरिनेछ।<br>१.३ यातायात सेवासँग सम्बन्धित भुक्तानी (रुट पर्मिट शुल्क, कर) अनलाइन माध्यमबाट गर्न सक्ने प्रणाली कार्यान्वयन गरिनेछ। |
| २. यातायात क्षेत्रको अनुगमन तथा नियमनका लागि प्रविधिमैत्री संयन्त्र स्थापना गर्ने। | २.१ ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनलाई स्वचालित रूपमा कारबाही गर्न 'रेड लाइट भायोलेसन डिटेक्सन' तथा 'स्पीड डिटेक्सन क्यामेरा' जडान गरी कार्यन्वयनमा ल्याइनेछ।<br>२.२ प्रदेश यातायात कार्यालयमा डिजिटल ड्यासबोर्ड तथा मुख्यमन्त्री एक्सन रूम स्थापना गरी यातायात क्षेत्रको वास्तविक समस्याहरुको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ यातायात क्षेत्रको समग्र तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदन तयार गर्ने प्रणाली विकास गरिनेछ। |
| ३. यातायात क्षेत्रका सेवाग्राहीलाई प्रविधिमैत्री सेवा प्रदान गर्न सचेतना तथा क्षमता विकास गर्ने। | ३.१ नयाँ प्रविधिमा आधारित यातायात सेवाको प्रयोगबारे सर्वसाधारणलाई जानकारी दिन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ यातायात कार्यालयका कर्मचारीहरूलाई डिजिटल प्रणाली सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ।<br>३.३ डिजिटल प्रविधिमा पहुँच नभएका वा जानकारी नभएका नागरिकहरूको लागि सहायता डेस्कको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ३ : हरित ऊर्जामा आधारित वैकल्पिक यातायात प्रणालीको विकास र प्रबर्द्धन गर्नु ।** | |
| १. विद्युतीय सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने। | १.१ प्रदेशका प्रमुख सहरी केन्द्र (धनगढी, महेन्द्रनगर, अत्तरिया, गोदावरी, टीकापुर) तथा पर्यटकीय क्षेत्रहरूमा विद्युतीय यातायात सेवा सञ्चालनको सम्भाव्यता अध्ययन गरी पाइलट प्रोजेक्ट सञ्चालन गरिनेछ।<br>१.२ विद्युतीय सवारी साधन (ई-रिक्सा, ई-बस, ई-ट्याक्सी) खरिद तथा सञ्चालनका लागि कर छुट, सहुलियतपूर्ण कर्जा तथा अनुदानको व्यवस्था गरिनेछ।<br>१.३ विद्युतीय सवारी साधन सञ्चालनको लागि आवश्यक चार्जिङ पूर्वाधार (चार्जिङ स्टेसन) को विकासलाई प्रोत्साहन गर्न नीतिगत व्यवस्था कार्यन्वयनमा ल्याइनेछ। |
| २. जैविक इन्धनमा आधारित यातायातको प्रयोग न्यूनीकरण गर्दै वातावरण संरक्षणमा योगदान पुऱ्याउने। | २.१ पूराना तथा प्रदूषण फैलाउने सवारी साधनलाई विस्थापित गर्दै विद्युतीय सवारी साधनमा रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ।<br>२.२ यातायात क्षेत्रबाट हुने कार्बन उत्सर्जनमा कमी ल्याउन हरित ऊर्जाको प्रयोगलाई प्रबर्द्धन गरिनेछ।<br>२.३ यातायात क्षेत्रमा वातावरणीय सन्तुलन कायम राख्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४ : सहज, सुरक्षित र भरपर्दो हवाई यातायात सेवाको विस्तार गर्नु।** | |
| १. नीति निर्माणमा सहजीकरणको भूमिका खेल्ने। | १.१ प्रदेशस्तरमा हवाई सेवा प्रबर्द्धन नीति/कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक वातावरण सिर्जना गरिनेछ।<br>१.३ प्रक्रिया र अनुमति सरलीकरण गर्न आवश्यक सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. समन्वय र सहकार्यको भूमिका खेल्ने। | २.१ सङ्घीय निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरणसँग नियमित समन्वय र सहकार्य गरिनेछ।<br>२.२ प्रदेशका प्राथमिकतामा परेका विमानस्थल र रुटहरू सङ्घीय योजनामा समावेश गराउन पहल गरिनेछ।<br>२.३ अन्तर-सरकारी समन्वय संयन्त्रलाई सक्रिय बनाई हवाई यातायात सेवा विस्तारलाई जोड दिइनेछ। |
| ३. पूर्वाधारमा सह-लगानी गर्ने। | ३.१ विमानस्थल आसपासका सहायक पूर्वाधार (सडक पहुँच, विद्युत, पानी, सुरक्षा) निर्माण गरिनेछ।<br>३.२ सङ्घीय सरकारसँग साझेदारीमा विमानस्थल स्तरोन्नतिमा सह-लगानीको नीति अवलम्बन गरिनेछ।<br>३.३ आवश्यक जग्गा अधिग्रहण र व्यवस्थापनमा सहयोग र सहजीकरण गरिनेछ।<br>३.४ कोल्टी, साँफेबगर, गोकुलेश्वर विमानस्थलको भौतिक पूर्वाधार स्तरोन्नतिका लागि सङ्घ सरकारसँग समन्वय गरिनेछ। |
| ४. सेवा सञ्चालनका लागि प्रोत्साहन गर्ने। | ४.१ दुर्गम र कम नाफामूलक रुटमा उडान गर्ने एयरलाइन्सलाई सब्सिडी वा प्रोत्साहन दिइनेछ।<br>४.२ यात्रु प्रवाह बढाउन पर्यटन, व्यापार तथा सेवासँग जोडेर माग सिर्जना गर्न पहल गरिनेछ।<br>४.३ कार्गो सेवा विस्तारका लागि सहजीकरण गरिनेछ। |
| ५. पर्यटन र आर्थिक गतिविधि विस्तार गर्ने। | ५.१ हवाई सेवासँग जोडिने गरी पर्यटन गन्तव्य (खप्तड, अपि-नम्पा आदि) को विकासमा जोड दिइनेछ।<br>५.२ कृषि, जडीबुटी, हस्तकला जस्ता उत्पादनको ढुवानीमा रज्जुमार्ग र केवलकार जस्ता साधनको प्रयोगलाई प्रोत्साहन गरिनेछ। |

## ७.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **केबलकार, ड्रोन तथा रज्जुमार्ग पूर्वाधार विकास तथा प्रबर्द्धनः** खप्तड राष्ट्रिय निकुञ्ज, शिवालिक क्षेत्र, अपि नाम्पालगायत अन्य सम्भावित धार्मिक तथा पर्यटकीय स्थलहरूमा केबलकार, ड्रोन तथा रज्जुमार्गको सम्भाव्यता अध्ययन गर्न निजी क्षेत्र तथा विकास साझेदारसँग सहकार्य; केबलकार तथा रज्जुमार्ग आयोजनामा लगानी आकर्षित गर्न 'सार्वजनिक-निजी साझेदारी ऐन तथा कार्यविधि निर्माण गरी एकद्वार सेवा, कर छुट तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था; केबलकार निर्माण तथा सञ्चालनमा संलग्न हुन चाहने स्थानीय युवाहरू (विशेष गरी वैदेशिक रोजगारीबाट फर्केकाहरू) का लागि प्राविधिक तथा व्यवस्थापकीय तालिम सञ्चालन, केबलकार स्टेसन वरपर होटल/रिसोर्ट, स्थानीय

हाटबजार, हस्तकला पसल, मनोरञ्जनात्मक पार्क (स्काईवाक, जिपलाइन, स्काई साइकलको विकास) ।

२. **केबलकार निर्माणः** दार्चुला-मालिकार्जुन केवलकार, बाजुरा-बडिमालिका केवलकार र मकरीगाड-अपी बेश क्याम्प केवलकार, दिपायल-खप्तड केवलकार आयोजना, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन, आयोजना स्थलसम्म पहुँच मार्ग, विद्युत् लाइन तथा अन्य आधारभूत पूर्वाधार निर्माण, केबलकार सञ्चालनसँगै आउने पर्यटकलाई लक्षित गरी स्थानीय उत्पादन (कृषि, हस्तकला) को बिक्री तथा व्यवसाय सञ्चालनका लागि सीपमूलक तालिम तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था, वृक्षारोपण, फोहोर व्यवस्थापन।

३. **स्मार्ट यातायात व्यवस्थापन प्रणाली विकासः** सवारी चालक अनुमतिपत्र (लाइसेन्स), सवारी साधन दर्ता तथा नवीकरण, रुट पर्मिट, प्रदूषण जाँच, कर भुक्तानी जस्ता सम्पूर्ण सेवा एकै स्थानबाट अनलाइन उपलब्ध गराउने प्रणाली विकास, प्रदेशका प्रमुख सहरी केन्द्र तथा राजमार्ग खण्डहरूमा रेड लाइट भायोलेसन डिटेक्सन, स्पीड डिटेक्सन क्यामेरा जडान गरी स्वचालित रूपमा ट्राफिक नियम उल्लङ्घन जाँच गर्ने प्रणाली स्थापना, प्रदेश यातायात कार्यालय (धनगढी) मा डिजिटल ड्यासबोर्ड सहितको एकीकृत अनुगमन तथा डाटा विश्लेषण केन्द्र स्थापना तथा सञ्चालन, यातायात कार्यालयका कर्मचारी तथा सरोकारवाला यातायात व्यवसायी र चालकलाई डिजिटल प्रणालीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी तालिम, सेवाग्राही सहायता।

४. **विद्युतीय यातायात प्रबर्द्धन तथा पूर्वाधार विकासः** विद्युतीय बस सेवा सञ्चालनको सम्भाव्यता अध्ययन, विद्युतीय सवारी साधन (ई-रिक्सा, ई-टेम्पो, ई-बस) खरिद अनुदान, विद्युतीय सवारी चार्जिङ स्टेसन स्थापना तथा विस्तार।

५. **हरित यातायात प्रबर्द्धन तथा जनचेतना "स्वच्छ यातायात, स्वस्थ जीवन" अभियानः** यातायात क्षेत्रबाट हुने वायु प्रदूषण न्यूनीकरण सम्बन्धी विद्यालय, कलेज तथा सार्वजनिक स्थानहरूमा जनचेतना अभिवृद्धि, निर्धारित उमेर पार गरेका पूराना तथा प्रदूषण फैलाउने सवारी साधनलाई हटाई विद्युतीय सवारी साधन किन्न प्रोत्साहन, प्रदेशमा विद्युतीय यातायातको प्रबर्द्धन तथा नियमनका लागि छुट्टै नीति तथा कार्यविधि तर्जुमा।

६. **क्षेत्रीय विमानस्थल पूर्वाधार सह-विकासः** विमानस्थलसम्म पहुँच सडक, विद्युत, पानी तथा सुरक्षा पूर्वाधार विकास, रनवे मर्मत तथा स्तरोन्नतिमा सङ्घसँग सह-लगानी, आवश्यक जग्गा व्यवस्थापन तथा स्थानीय सहजीकरण।

७. **दुर्गम हवाई सेवा प्रबर्द्धन तथा प्रोत्साहनः** कम नाफामूलक रुटमा उडानका लागि एयरलाइन्सलाई सहुलियत/प्रोत्साहन, नियमित उडान सुनिश्चित गर्न समन्वय र सहजीकरण, हवाई भाडामा लक्षित सहुलियत।

८. **पर्यटन तथा आर्थिक गतिविधिसँग हवाई सेवा एकीकरणः** प्रमुख पर्यटकीय क्षेत्रलाई हवाई सेवासँग जोड्ने पहल, कृषि, जडीबुटी तथा स्थानीय उत्पादनको हवाई ढुवानी प्रबर्द्धन, पर्यटन प्रबर्द्धनमार्फत यात्रु माग सिर्जना गर्ने।

९. **आपतकालीन हवाई सेवा तथा समन्वय सुदृढीकरणः** एयर एम्बुलेन्स सेवा सञ्चालन/सहयोग, विपद् व्यवस्थापनका लागि हवाई सेवा तयारी र अभ्यास, सङ्घीय निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणसँग समन्वय प्रणाली सुदृढ।

## ७.५ जलविद्युत

### ७.५.१ पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश जलस्रोतको धनी प्रदेश हो। यहाँका प्रमुख नदी प्रणालीहरू महाकाली, सेती, कर्णाली र तिनका सहायक नदीहरू जलविद्युत उत्पादनका लागि मुख्य स्रोत हुन्। प्रदेशको आर्थिक समृद्धिको मुख्य संवाहकको रूपमा जलविद्युतलाई लिइएको छ। उर्जाको पहुँच विस्तारले औद्योगिक विकास, आधुनिक कृषि र नागरिकको जीवनस्तर सुधारमा प्रत्यक्ष योगदान पुऱ्याउँछ।

यस प्रदेशमा करिब १८,००० मेगावाट भन्दा बढी जलविद्युत उत्पादन गर्न सकिने प्राविधिक सम्भावना रहेको अध्ययनहरूले देखाएका छन् । पश्चिम सेती (७५० मे.वा.), पञ्चेश्वर (६,४८० मे.वा.), र एसआर-६ (४५० मे.वा.) जस्ता ठूला आयोजनाहरूले प्रदेशको मात्र नभई राष्ट्रकै अर्थतन्त्रमा कायापलट गर्न सक्ने अवसर छ। उत्पादित विद्युत छिमेकी मुलुक भारत र बङ्गलादेशसम्म निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्ने प्रचुर सम्भावना रहेको छ । औद्योगिकीकरण र रोजगारीः सस्तो र सुलभ विद्युत उपलब्ध गराएर प्रदेशभित्र सिमेन्ट, जडिबुटी प्रशोधन र कृषिमा आधारित उद्योगहरू सञ्चालन गरी व्यापक रोजगारी सिर्जना गर्न सक्ने अवसर देखिनुका साथै जलविद्युत आयोजनाका लागि निर्माण गरिने ठूला जलाशयहरूमा जलयात्रा (बोटिङ्ग), फिसिङ र रिसोर्टहरू सञ्चालन गरी 'जल पर्यटन' को समेत विकास गर्न सकिन्छ। जैविक इन्धनलाई विस्थापित गरी स्वच्छ उर्जाको प्रयोग बढाउँदा अन्तर्राष्ट्रिय कार्बन व्यापारबाट लाभ लिन सकिने अवसर छ। प्रदेश सरकारले सङ्घीय सरकारसँगको समन्वयमा अपर सुर्नयागाड माथिल्लो बैतडी (७.७१ मेगावाट), सुर्नयागाड तल्लो बैतडी (७.७५ मेगावाट) तथा दार्चुला स्थित नौगाड (६.९७ मेगावाट) जलविद्युत् आयोजनाहरूको विस्तृत अध्ययन सम्पन्न गरिसकेको छ। यी आयोजनाहरूको विकासका लागि प्राविधिक स्पष्टता, सम्भाव्यता मूल्याङ्कन तथा भविष्यको लगानी व्यवस्थापनको आधार तयार भइसकेको छ।

### ७.५.२ विद्यमान अवस्था

नेपालको संविधानको अनुसूची ६ बमोजिम प्रदेशस्तरीय जलविद्युत आयोजनाहरूको व्यवस्थापन प्रदेशको एकल अधिकार क्षेत्रमा पर्दछ। साथै, अनुसूची ९ बमोजिम जलस्रोत र उर्जा सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा रहेका छन्। सङ्घीय विद्युत ऐन, २०४९ र विद्युत नियमावली, २०५० लाई आधार मानिएको छ। कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३ अनुसार प्रदेश सरकारमा प्रदेशस्तरको विद्युत सम्बन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, सम्भार तथा व्यवस्थापन गर्ने र विद्युत वितरण तथा सेवाको गुणस्तर नियमन गर्ने जिम्मेवारी रहेको छ।

सुदूरपश्चिम प्रदेशको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार प्रदेशको ऊर्जा तथा विद्युत सम्बन्धी नीति, कानून, गुरुयोजना, अध्ययन, अनुसन्धान, आयोजना निर्माण, सञ्चालन, मर्मत सम्भार, समन्वय, नियमन, सेवाको गुणस्तर, शुल्क निर्धारण, निजीक्षेत्रको लगानी सम्बन्धी कार्य गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जिम्मेवारी दिइएको छ। नेपाल सरकारले बनाएको आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० अनुसार प्रदेश सरकारलाई १ भन्दा वढी २० मेगावाटसम्मको जलविद्युत वा १ मेगावाटसम्मको सौर्य र वायु उर्जा उत्पादन गर्न सक्ने र ११ केभी क्षमताको प्रसारण लाईनको जिम्मेवारी किटान गरेको छ।

प्रदेशभित्रका साना जलविद्युत आयोजना र वैकल्पिक उर्जा (सौर्य, वायु, जैविक) को प्रबर्द्धन गर्ने, प्रदेशस्तरीय विद्युत उत्पादन, प्रसारण र वितरणको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने, ग्रामीण विद्युतीकरणका लागि राष्ट्रिय प्रसारण लाइन नपुगेका ठाउँमा लघु जलविद्युत र सौर्य प्रणाली विस्तार गर्नेलगायतका कार्यजिम्मेबारी प्रदेश सरकारको रहेको छ। 'जलविद्युत विकास नीति, २०५८' र 'डिजिटल नेपाल फ्रेमवर्क' अन्तर्गतका उर्जा क्षेत्रका लक्ष्यहरूलाई प्रदेशको आवधिक योजनाले अङ्गीकार गरेको छ। प्रदेशका प्रमुख जलविद्युत सम्भावनाका क्षेत्रमा आवश्यक नीति नियम निर्माण तथा लगानी आकर्षणका लागि पूर्वतयारी प्रक्रियाहरू अगाडि बढाएको छ।

प्रदेशका ८६.६ प्रतिशत घरपरिवारमा विद्युत सेवा पुगेको छ। सुदूरपश्चिममा हालसम्म करिब १७१ मेगावाट जलविद्युत उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। चमेलिया (३० मे.वा.), माथिल्लो कालङ्गा (३८.४ मे.वा.), अप्पर चमेलिया (४० मे.वा.) र मकरीगाड (१० मे.वा.) सञ्चालनमा रहेका मुख्य आयोजनाहरू हुन्। यसका अतिरिक्त निजी र सरकारी क्षेत्रबाट साना तथा ठूला १०८ जलविद्युत आयोजनाहरू (कुल ८,२४१ मेगावाट क्षमता) निर्माणको चरणमा रहेका छन्। ग्रामीण क्षेत्रमा लघु जलविद्युत, सौर्य उर्जा र सुधारिएको चुलो जस्ता प्रविधिहरूमार्फत उर्जाको पहुँच पुऱ्याइएको छ।

सुदूरपश्चिम प्रदेशको कुल जलविद्युत उत्पादन क्षमता १८,१४९ मेगावाट (मुलुकको कुल क्षमताको २२ प्रतिशत) भए तापनि हालसम्मको उत्पादन १६७ मे.वा. (प्रदेश आर्थिक सर्भेक्षण २०८१/८२) अन्य प्रदेशको तुलनामा न्यून छ। अन्य प्रदेशको तुलनामा सुदूरपश्चिममा उत्पादित विद्युतको औद्योगिक खपत न्यून छ, जसले गर्दा उर्जालाई आर्थिक उत्पादनसँग जोड्न सकिएको छैन।

### ७.५.३ मुख्य सवाल तथा चुनौती

१. **जलविद्युत आयोजनाहरूको कार्यान्वयनः** ठूला जलविद्युत् आयोजनाहरू समयमै सम्पन्न गर्नु, वन क्षेत्र उपयोग, जग्गा अधिग्रहण, मुआब्जा वितरण, स्थानीय विवाद समयमा समाधान गर्नु, जलविद्युत आयोजनाहरूबाट उत्पादित विद्युतलाई राष्ट्रिय प्रसारण प्रणालीमा जडान गर्न आवश्यक प्रसारण लाइनको विकास गर्नु।
२. **लगानी तथा वित्तीय स्रोत व्यवस्थापनः** विस्तृत अध्ययन सम्पन्न भएका सुर्नयागाड माथिल्लो (७.७१ मे. वा.), सुर्नयागाड तल्लो (७.७५ मे. वा.) तथा नौगाड (६.९७ मे. वा.) जस्ता आयोजनाहरूका लागि निजी क्षेत्रसँगको साझेदारीमा स्वदेशी तथा वैदेशिक लगानी जुटाउनु, लगानी सम्बन्धी नीतिगत र कानूनी अड्चनहरू हटाउनु।
३. **जलविद्युत परियोजनाको दिगोपनाः** जलवायु परिवर्तनका कारणले जलविद्युत परियोजनामा पर्ने असर न्यूनीकरण गर्नु, बाढी पहिरो जस्ता प्रकोप तथा विपद्जन्य घटनाहरूबाट हुने क्षति न्यूनीकरण गर्नु।
४. **प्राविधिक जनशक्ति तथा संस्थागत क्षमताः** जलविद्युत आयोजनाहरूको अध्ययन, डिजाइन, निर्माण, सञ्चालन तथा मर्मत-सम्भारका लागि आवश्यक प्राविधिक जनशक्ति तथा संस्थागत क्षमता बढाउनु, प्रदेशस्तरीय ऊर्जा विकासको लागि छुट्टै निकाय (प्रदेश विद्युत् विकास कम्पनी) स्थापना गरी कार्यान्वयनमा ल्याउनु, जलविद्युत् आयोजनाको प्रबर्द्धन, नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउनु।

५. **वैकल्पिक ऊर्जाको सम्भावनाको उपयोगः** प्रचुर सम्भावना रहेका जलविद्युतका अतिरिक्त सौर्य ऊर्जा, वायु ऊर्जा तथा लघु जलविद्युतलाई आवश्यकता अनुसार उपयोगमा ल्याउनु, दुर्गम तथा विकट बस्तीहरूमा विद्युतको पहुँच विस्तार गर्नु।

### ७.५.४ उद्देश्य

१. जलविद्युत उत्पादन वृद्धि र उर्जा सुरक्षा सुनिश्चित गर्नु।
२. उर्जाको पहुँच विस्तार र वितरण प्रणालीमा सुधार गर्नु।
३. विद्युत खपत वृद्धि र आर्थिक समृद्धिसँग आबद्ध गर्नु।

### ७.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जलविद्युत उत्पादन वृद्धि र ऊर्जा सुरक्षा सुनिश्चित गर्नु ।** | |
| १. विद्युत् आयोजनाको शीघ्र विकास, सञ्चालन र उत्पादनलाई प्राथमिकता दिने। | १.१ प्रदेशको अधिकार क्षेत्र भित्रका जलस्रोत, जलविद्युत् तथा ऊर्जा सम्बन्धी आयोजनाको शीघ्र विकास, सञ्चालन, समन्वय र नियमनका लागि प्रदेशस्तरमा उपयुक्त संरचना (ऊर्जा विकास समिति) स्थापना गरिनेछ।<br>१.२ छिट्टै निर्माण गर्न सकिने साना तथा मझौला जलविद्युत् आयोजनाको पहिचान गरी ती आयोजना निजी क्षेत्रसँगको साझेदारीमा निर्माण गर्न प्रोत्साहन गरिनेछ।<br>१.३ वातावरणीय अध्ययन एवम् विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार भएका जलस्रोत तथा जलविद्युत् आयोजनाहरू जस्तैः सुर्नयागाड, नौगाडको तत्काल निर्माण प्रारम्भ गर्न आवश्यक पहल, समन्वय र पैरवी गरिनेछ।<br>१.४ विद्युत उत्पादनमा प्रदेश सरकार र निजी क्षेत्रको लगानी सुनिश्चित गर्न नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरी सार्वजनिक निजी सहकार्यलाई प्रोत्साहन गरिनेछ। |
| २. जलाशययुक्त तथा बहुउद्देश्यीय आयोजनाको विकास गर्ने। | २.१ वर्षभरि विद्युत उत्पादन सुनिश्चित गर्न तथा सुक्खा याममा समेत आपूर्ति कायम राख्न जलाशययुक्त र बहुउद्देश्यीय सिँचाइ, पर्यटन, मत्स्यपालन, मनोरञ्जन तथा पिकनिक स्थल आयोजनाको पहिचान र विकासमा जोड दिइनेछ।<br>२.२ जलाशययुक्त आयोजनालाई दीर्घकालीन रणनीतिक आयोजनाको रूपमा अघि बढाउन अन्तर-सरकारी समन्वय र सहलगानीको मोडेल अवलम्बन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ मुगु कर्णाली, कर्णाली चिसापानी, पश्चिम सेती, माथिल्लो सेती, तल्लो सेती, बेतन कर्णाली, बुढीगङ्गा र महाकाली (पंचेश्वर) जलविद्युत आयोजना कार्यान्वयनमा ल्याउन सङ्घ सरकारसँग समन्वय गरिनेछ। |
| ३. जलविद्युत आयोजनामा स्थानीय लगानी तथा सहभागिता प्रबर्द्धन गर्ने। | ३.१ "सुदूरपश्चिमको पानी, जनताको लगानी" कार्यक्रम लागू गरी प्रदेशस्तरीय जलविद्युत् आयोजना निर्माणमा स्थानीय नागरिक, गैरआवासीय सुदूरपश्चिमी तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई शेयर लगानीका लागि प्राथमिकता र प्रोत्साहन दिइनेछ।<br>३.२ जलविद्युत आयोजनाबाट प्रभावित क्षेत्रका स्थानीय समुदायलाई आयोजनाको सेयर, रोजगारी र अन्य सामाजिक उत्तरदायित्वमार्फत लाभान्वित गराउने नीतिगत व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ : ऊर्जाको पहुँच विस्तार र वितरण प्रणालीमा सुधार गर्नु ।** | |
| १. प्रदेशभित्र प्रसारण तथा वितरण लाइनको सञ्जाल विस्तार र सुदृढीकरण गर्ने । | १.१ राष्ट्रिय प्रसारण लाइन (ग्रीड) नपुगेका क्षेत्रहरूमा सब-स्टेशन तथा वितरण लाइन विस्तारका लागि नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ।<br>१.२ पूराना र जीर्ण वितरण लाइनहरूको स्तरोन्नति गरी प्राविधिक चुहावट न्यूनीकरण गर्दै भरपर्दो विद्युत आपूर्ति सुनिश्चित गरिनेछ।<br>१.३ नयाँ आर्थिक करिडोर तथा औद्योगिक क्षेत्रहरूमा विशेष प्रसारण पूर्वाधार विकासको योजना बनाइनेछ। |
| २. "उज्यालो सुदूरपश्चिम" अभियानलाई तीव्रता दिने। | २.१ हालसम्म विद्युत पहुँच नपुगेका अति दुर्गम बस्तीहरूमा राष्ट्रिय प्रसारण लाइन विस्तारको सम्भावना नभएसम्म सौर्य मिनी-ग्रिड, लघु जलविद्युत जस्ता वैकल्पिक ऊर्जा प्रविधिहरूमार्फत विद्युतीकरण गरिनेछ।<br>२.२ सार्वजनिक संस्थाहरू विद्यालय, स्वास्थ्य चौकी, पालिका केन्द्रलाई निःशुल्क वा सहुलियतमा सौर्य ऊर्जा प्रणाली जडान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. विद्युत सेवाको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्ने । | ३.१ स्मार्ट ग्रिड प्रणालीको अवधारणा अनुसार विद्युत वितरण प्रणालीलाई स्वचालित र प्रविधिमैत्री बनाइनेछ।<br>३.२ विद्युत प्रशारणमा सामुदायिक सहभागितासमेत जुटाई वितरणको व्यवस्था मिलाइनेछ।<br>३.३ उपभोक्ताको गुनासो सुन्न र समाधान गर्न प्रभावकारी संयन्त्र जस्तैः हेल्पलाइन, अनलाइन पोर्टलको विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : विद्युत खपत वृद्धि र आर्थिक समृद्धिसँग आबद्ध गर्नु ।** | |
| १. कृषि क्षेत्रमा विद्युत खपत प्रबर्द्धन गर्ने। | १.१ सिँचाइका लागि विद्युत पम्प तथा लिप्ट प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्न विद्युत महसुलमा सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ।<br>१.२ कृषि उपज प्रशोधन (धान कुटानी, पिसानी, जडीबुटी प्रशोधन) मा विद्युत आधारित मेशिनरीको प्रयोगलाई बढावा दिइनेछ। |
| २. उद्योग तथा पर्यटन क्षेत्रमा विद्युत खपत वृद्धि गर्ने। | २.१ प्रदेशभित्र सञ्चालन हुने उद्योगहरूलाई विश्वसनीय र किफायती विद्युत आपूर्तिको सुनिश्चितता गरी उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।<br>२.२ पर्यटकीय स्थलहरूमा विद्युतीय सवारी साधन तथा केबलकार सञ्चालनलाई प्रबर्द्धन गर्न आवश्यक पूर्वाधार र प्रोत्साहन उपलब्ध गराइनेछ। |
| ३. स्वच्छ ऊर्जा प्रयोगलाई प्रोत्साहन गर्दै आयात प्रतिस्थापन गर्ने। | ३.१ ऊर्जा दक्षता तथा संरक्षण अभियान सञ्चालन गरी उद्योग तथा घरायसी प्रयोगमा ऊर्जा बचत गर्ने प्रविधि र अभ्यासहरू प्रबर्द्धन गरिनेछ।<br>३.२ विद्युतीय चुलो, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्दै आयातित पेट्रोलियम पदार्थ तथा एलपी ग्यास तथा दाउराको खपत क्रमशः न्यूनीकरण गर्न नीतिगत व्यवस्था (जस्तैः कर छुट, सहुलियतपूर्ण कर्जा) गरिनेछ।<br>३.३ विद्युत खपत बढाई हरियाली बढाएबापत कार्बन उत्सर्जनमा सहयोग पुऱ्याई कार्बन व्यापारबाट प्राप्त रकम थप स्वच्छ उर्जा उत्पादनमा खर्च गरिनेछ।<br>३.४ बढी भएको विद्युत राष्ट्रिय प्रसारण लाइनमार्फत निर्यात गर्ने रणनीति बनाई सोही अनुरूप उत्पादन र प्रसारण पूर्वाधार विकास गरिनेछ। |

### ७.५.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **प्रदेश जलविद्युत विकास तथा लगानी प्रबर्द्धनः** प्रदेशका नदी बेसीहरूमा नयाँ साना, मझौला तथा जलाशययुक्त आयोजनाहरूको पहिचान, अध्ययन र डिपिआर तयार गर्न नेपाल सरकार तथा विकास साझेदारसँग सहकार्य, जलविद्युत आयोजनामा लगानी आकर्षित गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी सम्मेलन र इजाजतपत्र प्रक्रियालाई सहज एवम् एकद्वार प्रणालीमार्फत व्यवस्थित गर्न सहजीकरण, "सुदूरपश्चिमको पानी, जनताको लगानी" अभियानमा स्थानीयवासी, गैरआवासीय सुदूरपश्चिमेली र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई सहुलियतमा सेयर उपलब्ध गराउने नीतिगत तथा कानूनी व्यवस्थाका लागि सहजीकरण, सुर्नयागाड जलविद्युत आयोजनालगायतका आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन।

२. **"उज्यालो सुदूरपश्चिम" राष्ट्रिय प्रसारण लाइन विस्तार तथा सुदृढीकरणः** जग्गा अधिग्रहण, स्थानीय विवाद समाधानमा सक्रिय समन्वय, मुख्य प्रसारण लाइनबाट जिल्ला तथा पालिका केन्द्रहरूमा विद्युत पुऱ्याउन सब-स्टेशन र फिडर लाइन विस्तारका लागि नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा लगानी।

३. **दुर्गम क्षेत्र वैकल्पिक ऊर्जा विद्युतीकरणः** दुर्गम बस्तीहरूमा सामुदायिक ऊर्जा प्रणाली जडानका लागि अनुदान तथा सहुलियत, सञ्चालनमा नरहेका साना तथा लघु जलविद्युत आयोजनाहरूको मर्मत र पुनः सञ्चालन, दुर्गम क्षेत्रमा स्वच्छ ऊर्जा प्रविधि (सौर्य, वायु, सुधारिएको चुलो) को प्रयोगका लागि जनचेतना, तालिम।

४. **उत्पादनमूलक क्षेत्रमा विद्युत खपत प्रबर्द्धनः** कृषि पम्प, लिप्ट सिँचाइ, धान कुटानी केन्द्र, चिस्यान केन्द्र, जडीबुटी प्रशोधन उद्योगमा विद्युत जडानका लागि सहुलियत महसुल र अनुदानको व्यवस्था, प्रदेशका प्रमुख सहर तथा पर्यटकीय क्षेत्रमा विद्युतीय सार्वजनिक बस सेवा सञ्चालन, विद्युतीय चार्जिङ स्टेसन तथा रिफ्रेशमेण्ट सेन्टरको सम्भाव्यता अध्ययन तथा स्थापना, र विद्युतीय सवारी साधन खरिदमा कर छुट जस्ता प्रोत्साहन, प्रमुख पर्यटकीय स्थल (खप्तड, अपि नाम्पा, शिवालिक) मा विश्वसनीय विद्युत आपूर्ति, विद्युतको खपत बढाउन र एलपिजि ग्यासको विस्थापन तथा दाउराको खपत घटाई हरियाली प्रबर्द्धनबाट कार्बन उत्सर्जन न्यूनीकरण गर्ने जस्ता कार्यक्रमका लागि विद्युतीय चुलो, इन्डक्सन चुलो सहुलियत दरमा बिक्री वितरण।

५ **ऊर्जा दक्षता तथा स्वच्छ ऊर्जा उपयोगः** "मेरो चुलो, स्वच्छ चुलो" अभियान सञ्चालन, साना तथा मझौला उद्योग सञ्चालक, होटल व्यवसायी र आम उपभोक्तालाई ऊर्जा बचत गर्ने उपाय तथा प्रविधि सम्बन्धी तालिम।

## ७.६ वैकल्पिक/नवीकरणीय ऊर्जा

### ७.६.१ पृष्ठभूमि

वैकल्पिक तथा नवीकरणीय ऊर्जाले प्रदेशको ऊर्जा सुरक्षा र दिगो विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने क्षमता राख्दछ। राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएका दुर्गम तथा विकट बस्तीहरूमा यस क्षेत्रले आधारभूत ऊर्जा आवश्यकता परिपूर्ति गर्ने मात्र नभई जीविकोपार्जनमा समेत सकारात्मक प्रभाव पार्न सक्दछ । नेपाल सरकारले सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जन गर्ने प्रतिबद्धता जनाएको सन्दर्भमा वातावरणमैत्री एवम् हरित अर्थतन्त्रको अवधारणामा आधारित वैकल्पिक ऊर्जाको विकास र विस्तार अझ बढी सान्दर्भिक भएको छ।

भौगोलिक रूपमा उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा वर्षभरि पर्याप्त घाम लाग्ने हुँदा सौर्य ऊर्जा उत्पादनको अपार सम्भावना छ भने तराईका जिल्लाहरू कैलाली र कञ्चनपुरमा ठूला सौर्य फार्महरू स्थापना, सिँचाइ नहर माथि प्यानल जडान गरी राष्ट्रिय ग्रिडमा जोड्न सकिने उच्च सम्भावना छ। राष्ट्रिय प्रसारण लाइन विस्तार गर्न कठिन रहेका दार्चुला, बाजुरा र बझाङका दुर्गम बस्तीहरूमा लघु जलविद्युत र सौर्य मिनि-ग्रिड स्थापना गरी तत्काल उज्यालो पुऱ्याउने अवसर छ। अछाम, डोटी र बाजुराका कतिपय डाँडाहरूमा वायु ऊर्जा उत्पादनको सम्भावना देखिएको छ, जसलाई सौर्य ऊर्जासँग मिलाएर 'हाइब्रिड प्रणाली' सञ्चालन गर्न सकिन्छ। सौर्य पम्पिङमार्फत बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषि उत्पादन बढाउने

अवसर छ ।तराईमा उपलब्ध कृषि अवशेष र सहरी क्षेत्रको फोहोरबाट ऊर्जा उत्पादन गरी एलपी ग्यासको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना छ ।नवीकरणीय ऊर्जाको प्रयोग बढाएर अन्तर्राष्ट्रिय जलवायु वित्त र कार्बन क्रेडिटबाट थप स्रोत जुटाउन सकिन्छ।

सुदूरपश्चिम प्रदेशको भौगोलिक विविधता तथा प्राकृतिक स्रोतको प्रचुरताले वैकल्पिक तथा नवीकरणीय ऊर्जाका लागि विभिन्न सम्भावना र अवसरहरू प्रदान गर्दछ जसले गर्दा यस क्षेत्रलाई **"हरित ऊर्जा प्रदेश"** को रूपमा विकास गर्न सकिने ठोस आधारहरूसमेत देखिन्छ।

### ७.६.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशको भौगोलिक विकटता र छरिएर रहेका बस्तीहरूका कारण राष्ट्रिय प्रसारण लाइन पुग्न नसकेका स्थानमा नवीकरणीय ऊर्जा (लघु जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा र वायु ऊर्जा) जीवनस्तर सुधारको मुख्य आधार बनेको छ।

नेपालको संविधानले ऊर्जा तथा वैकल्पिक ऊर्जाको विकास र नियमनलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीको रूपमा परिभाषित गरेको छ ।संविधानको अनुसूची ५ (सङ्घीय अधिकारको सूची) मा विद्युत् प्रसारण लाइन र अन्तरदेशीय विद्युत् व्यापार, अनुसूची ६ (प्रदेश अधिकारको सूची) मा प्रदेशभित्रको जलविद्युत् तथा वैकल्पिक ऊर्जा आयोजनाको विकास र वितरण, तथा अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) मा लघु जलविद्युत्, सौर्य ऊर्जा तथा अन्य वैकल्पिक ऊर्जा प्रविधिहरूको प्रबर्द्धन समावेश छ।प्रदेश सरकारको यस क्षेत्रमा नीति निर्माण, योजना तर्जुमा, साना तथा मझौला वैकल्पिक ऊर्जा आयोजनाहरूको प्रबर्द्धन, लगानी प्रोत्साहन र नियमन गर्ने अधिकार रहेको छ । प्रदेशले सङ्घीय सरकार (विशेष गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र) र स्थानीय तहहरूसँग समन्वय गरी यी जिम्मेवारीहरू निर्वाह गर्दछ।

सुदूरपश्चिम प्रदेशले 'प्रदेश वातावरण संरक्षण ऐन, २०७७' मार्फत वातावरणीय दिगोपन र नवीकरणीय ऊर्जाको प्रबर्द्धनलाई कानूनी आधार प्रदान गरेको छ । सङ्घीय स्तरमा प्रस्तावित 'नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८१' ले प्रदेशलाई थप नीतिगत स्पष्टता दिने अपेक्षा गरिएको छ । राष्ट्रिय ऊर्जा नीति, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना र 'डिजिटल सुदूरपश्चिम' को अवधारणाले नवीकरणीय ऊर्जालाई दुर्गमको विद्युतीकरण र आधुनिक चुलो विस्तारमा केन्द्रित गरेको छ भने वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (फिट्टा), २०७५ ले वैकल्पिक ऊर्जा क्षेत्रमा वैदेशिक लगानीको लागि मार्ग प्रशस्त गरेको छ।

वैकल्पिक उर्जाको विकास र प्रबर्द्धनको लागि तीन वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ भने एउटा परियोजनाको पूर्व सम्भाव्यता अध्ययन गरिएको छ। डोटीको बोगटान फुडसिल गाउँपालिका र बैतडीको डिलासैनी गाउँपालिकामा सोलार मिनिग्रीड जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेको छन् । यी परियोजनाहरूले दुर्गम बस्तीमा भरपर्दो र नवीकरणीय ऊर्जा पहुँच बलियो बनाउँदै स्थानीय जीवनस्तर, सेवासुविधा तथा आर्थिक क्रियाकलाप सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएका छन्।प्रदेशमा

जडीबुटी प्रशोधनलगायतका उत्पादनमूलक कार्यमा ऊर्जा प्रयोग गर्न सकिने सम्भावनाको खोजी भइरहेको छ।

प्रदेश सरकारले नवीकरणीय ऊर्जा विकासमा अन्तर्राष्ट्रिय सहकार्यलाई समेत प्राथमिकता दिएको छ । मुख्यमन्त्रीको नेतृत्वमा भारतको एनएचपीसीसँग भएको छलफलले आगामी दिनमा ठूला परियोजनामा सहकार्यको सम्भावना देखाएको छ भने यूएनडीपी र नर्वेजियन राजदूतावासको साझेदारीमा सञ्चालित आरईआरएएस परियोजनाले बाजुरा जिल्लामा नवीकरणीय ऊर्जा प्रविधिहरू (ड्रिप सिँचाइ, पोलिहाउस) मार्फत कृषि उत्पादकत्व वृद्धि र खाद्य सुरक्षामा योगदान पुऱ्याइरहेको छ।

## ७.६.३ मुख्य सवाल तथा चुनौती

१. **गुणस्तरीय ऊर्जाको पहुँच विस्तारः** हिमाली तथा दुर्गम पहाडी जिल्लाहरू बाजुरा, बझाङ र दार्चुलाका सबै घरपरिवारलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्नु, वैकल्पिक ऊर्जा (सौर्य, लघु जलविद्युत) को माध्यमबाट सबै बस्तीहरूमा भरपर्दो र गुणस्तरीय सेवा पुऱ्याउनु, विद्युत सेवाको गुणस्तर र विश्वसनीयता बढाउनु।

२. **वैकल्पिक ऊर्जा प्रविधिको दिगो सञ्चालन तथा व्यवस्थापनः** सौर्य मिनी-ग्रिड, लघु जलविद्युत, बायोग्यास प्लान्ट जस्ता वैकल्पिक ऊर्जा आयोजनाहरूको निर्माणपश्चात् तिनको दिगो सञ्चालन, नियमित मर्मतसम्भार र प्रभावकारी व्यवस्थापन गर्नु, स्थानीय समुदायमा प्राविधिक जनशक्तिको व्यवस्था गर्नु, आयोजना व्यवस्थापन समितिको क्षमता वृद्धि गर्नु र पार्टपुर्जा तथा प्राविधिक सेवाको सहज उपलब्धता गराउनु।

३. **वैकल्पिक उर्जाको प्रयोगः** कृषि सिँचाइ (सौर्य पम्प), कृषि उपज प्रशोधन (धान कुटानी, जडीबुटी प्रशोधन), लघु उद्योग, तथा पर्यटन व्यवसाय (होटल, रिसोर्ट) जस्ता उत्पादन तथा सेवामूलक क्षेत्रमा वैकल्पिक उर्जाको उपयोग गर्नु, सौर्य ऊर्जाबाहेक अन्य वैकल्पिक ऊर्जाका स्रोतहरू (वायु ऊर्जा, जैविक ऊर्जा, भू-तापीय ऊर्जा) को सम्भाव्यता अध्ययन गर्नु, उच्च हिमाली भेगमा वायु ऊर्जाको सम्भावनालाई उपयोगमा ल्याउनु, तराई क्षेत्रमा ठूला बायोग्यास प्लान्ट सञ्चालनमा ल्याउनु।

४. **वैकल्पिक ऊर्जामा लगानी तथा स्रोत व्यवस्थापनः** वैकल्पिक ऊर्जा विकासका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु, आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु र क्षमता अभिवृद्धि गर्नु, निजी क्षेत्रलाई आकर्षित गर्नु, तहगत सरकारबीच प्रभावकारी समन्वय तथा सहकार्य बढाउनु।

## ७.६.४ उद्देश्य

१. वैकल्पिक तथा नवीकरणीय ऊर्जामा आत्मनिर्भर हुनु।
२. उत्पादनमूलक क्षेत्रमा वैकल्पिक ऊर्जाको प्रयोग बढाउनु।
३. वैकल्पिक तथा नवीकरणीय ऊर्जाको दिगो व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउनु।

## ७.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : वैकल्पिक तथा नवीकरणीय ऊर्जामा आत्मनिर्भर हुनु ।** | |
| १. दुर्गम तथा विद्युत पहुँच नपुगेका बस्तीहरूमा वैकल्पिक ऊर्जा प्रणाली विस्तार गर्ने। | १.१ प्रदेशका सबै स्थानीय तहहरूमा विद्युत पहुँचको अवस्थाको विस्तृत अध्ययन र नक्साङ्कन गरी वैकल्पिक ऊर्जाको आवश्यकता पहिचान गरिनेछ।<br>१.२ राष्ट्रिय प्रसारण लाइन विस्तारको सम्भावना नभएका स्थानहरूमा सौर्य मिनी-ग्रिड, लघु जलविद्युत तथा वायु ऊर्जा प्रणालीहरूको निर्माण र जडानलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>१.३ अति दुर्गम तथा छरिएर रहेका बस्तीहरूमा घरेलु सौर्य ऊर्जा प्रणाली वितरणलाई निरन्तरता दिँदै गुणस्तर सुनिश्चित गरिनेछ। |
| २. वैकल्पिक ऊर्जा प्रविधिको विविधीकरण र प्रबर्द्धन गर्ने। | २.१ प्रदेशको सम्भाव्यताअनुसार सौर्य ऊर्जासँगै वायु ऊर्जा, बायोग्यास तथा भू-तापीय ऊर्जाको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ।<br>२.२ वैकल्पिक ऊर्जाका नवीनतम् प्रविधिहरू जस्तैः सौर्य-वायु हाइब्रिड प्रणालीको प्रयोग र हस्तान्तरणका लागि सङ्घीय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गरिनेछ। |
| ३. वैकल्पिक ऊर्जा आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापन सुनिश्चित गर्ने। | ३.१ वैकल्पिक ऊर्जा आयोजनाको सञ्चालन तथा मर्मतसम्भारका लागि स्थानीय समुदायस्तरमा प्राविधिक जनशक्ति उत्पादन गर्न क्षमता विकास र तालिम कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ आयोजनाको नियमित अनुगमन, मर्मत तथा पार्टपुर्जा उपलब्धताको लागि एकीकृत संयन्त्र (जस्तैः पालिकास्तरीय ऊर्जा सेवा केन्द्र) विकास गरिनेछ। |
| **उद्देश्य २ : उत्पादनमूलक क्षेत्रमा वैकल्पिक ऊर्जाको प्रयोग बढाउनु ।** | |
| १. कृषि क्षेत्रमा वैकल्पिक ऊर्जाको प्रयोग प्रबर्द्धन गर्ने। | १.१ सौर्य सिँचाइ पम्प तथा लिफ्ट सिँचाइ प्रणालीको जडानलाई प्रोत्साहन गर्न अनुदान तथा सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ।<br>१.२ कृषि उपज प्रशोधनका लागि सौर्य तथा विद्युतमा आधारित मिल तथा चिस्यान केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।<br>१.३ "स्वच्छ ऊर्जा, हरित कृषि" अभियानमार्फत कृषकहरूलाई व्यावसायिक कृषिमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रयोगबारे तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ कृषि र पशुपन्क्षीबाट उत्पादित जैविक पदार्थ/ फोहरको उपयोग गरी ठूला क्षमताका बायोग्यास प्लाण्ट स्थापनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ वैकल्पिक उर्जालाई सहरी क्षेत्रमा विस्तार गरिनेछ। |
| २. लघु, घरेलु तथा पर्यटन उद्योगमा ऊर्जा खपत वृद्धि गर्ने। | २.१ घरेलु तथा साना उद्योग (दीप प्रशोधन, अत्तर बनाउने, पेस्ट्री) सञ्चालनका लागि सौर्य तथा विद्युतीय उपकरण प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>२.२ पर्यटकीय गन्तव्यहरू खप्तड, अपि नाम्पामा होटल, रिसोर्ट तथा स्थानीय व्यवसायलाई स्वच्छ ऊर्जा (सौर्य, बायोग्यास) मा जान प्रेरित गर्न "हरित होटल" अवधारणा अघि सारिनेछ।<br>२.३ वैकल्पिक ऊर्जामा आधारित साना उद्यम सञ्चालनका लागि उद्यमीहरूलाई सीप विकास तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ। |
| ३. वैकल्पिक ऊर्जालाई विद्युतीय यातायातसँग आबद्ध गर्ने। | ३.१ प्रदेशका प्रमुख सहरी केन्द्र (धनगढी, गोदावरी, टीकापुर) तथा पर्यटकीय क्षेत्रहरूमा विद्युतीय सार्वजनिक बस सेवा सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ।<br>३.२ सौर्य ऊर्जाबाट सञ्चालित विद्युतीय सवारी साधन चार्जिङ स्टेसनहरूको स्थापनालाई प्रोत्साहन गरिनेछ।<br>३.३ विद्युतीय दुईपाङ्ग्रे तथा तीनपाङ्ग्रे सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न कर तथा दर्ता शुल्कमा छुट दिने नीति अवलम्बन गरिनेछ। |
| **उद्देश्य ३ : वैकल्पिक तथा नवीकरणीय ऊर्जाको दिगो व्यवस्थापन र वातावरण संरक्षणमा योगदान पुऱ्याउनु ।** | |
| १. परम्परागत ऊर्जाको प्रयोग घटाई स्वच्छ ऊर्जाको प्रयोग बढाउने। | १.१ "मेरो घर, स्वच्छ ऊर्जा" अभियानमार्फत परम्परागत दाउरामा आधारित चुलोलाई सुधारिएको चुलो, बायोग्यास तथा विद्युतीय चुलोमा रूपान्तरण गर्न अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>१.२ सार्वजनिक संस्थाहरू विद्यालय, स्वास्थ्य चौकी, सरकारी कार्यालयमा सौर्य ऊर्जा प्रणाली जडान अनिवार्य गर्दै लैजाने नीति कार्यान्वयन गरिनेछ।<br>१.३ सामुदायिक वन उपभोक्ता समुहहरूसँगको सहकार्यमा दाउराको विकल्पको रूपमा बायोग्यास र सुधारिएको चुलो प्रबर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत तथा संस्थागत संरचना सुदृढ गर्ने । | २.१ वैकल्पिक तथा नवीकरणीय ऊर्जा प्रबर्द्धनका लागि आवश्यक नीति, तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>२.२ वैकल्पिक ऊर्जा विकासका लागि अनुदान तथा सहुलियतपूर्ण कर्जा प्रवाहको व्यवस्था गरिनेछ।<br>२.३ वैकल्पिक उर्जा प्रबर्द्धनका लागि निजी क्षेत्र, सहकारी तथा सामुदायिक संस्थाहरूको लगानी तथा सहभागिता बढाउन सार्वजनिक-निजी-साझेदारीको अवधारणा अघि बढाइनेछ। |

### ७.६.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **"हरित बस्ती उज्यालो" दुर्गम क्षेत्र विद्युतीकरणः** हिमाली तथा पहाडी जिल्लाका बस्तीमा विकेन्द्रित सौर्य मिनी-ग्रिड निर्माण, लघु जलविद्युत आयोजना पुनरुत्थान तथा निर्माण, दुर्गम क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी, तथा पालिका भवनहरूमा सौर्य ऊर्जा प्रणाली जडान, स्थानीय ऊर्जा सेवा प्रदायक क्षमता विकास, मिनी-ग्रिड सञ्चालन तथा व्यवस्थापनका लागि स्थानीय युवाहरूलाई प्राविधिक तथा व्यवस्थापकीय तालिम।

२. **प्रदेश सौर्य ऊर्जा विस्तारः** सहुलियतपूर्ण घरेलु सौर्य प्रणाली वितरण, सौर्य प्रविधि जनचेतना तथा प्रदर्शनी, सौर्य ऊर्जाका विभिन्न प्रयोग (प्रकाश, सिँचाइ, खाना पकाउने) बारे जिल्ला तथा पालिकास्तरमा अन्तरक्रिया तथा प्रदर्शनी, सौर्य प्रणाली जडान, मर्मत र सेवा प्रदान गर्न सक्ने स्थानीय प्राविधिक उत्पादन गर्न आईटीआई तथा अन्य प्राविधिक शिक्षालयहरूसँग सहकार्य।

३. **"ऊर्जा-कृषि-उद्यम" एकीकृत विकासः** कृषियोग्य जमिनमा सौर्य तथा विद्युत पम्पमार्फत सिँचाइ सुविधा विस्तार, तरकारी, फलफूल, जडीबुटी भण्डारण तथा प्रशोधनका लागि सौर्य चिस्यान केन्द्र र मिल स्थापनामा अनुदान तथा प्राविधिक सहयोग, उद्यम सञ्चालनका लागि विशेष तालिम, सीप विकास तथा बजारीकरण सहयोग।

४. **"हरित पर्यटन तथा यातायात" प्रबर्द्धनः** प्रमुख पर्यटकीय गन्तव्य तथा सहरी केन्द्रहरू केन्द्रित हरित होटल अवधारणा प्रचारप्रसार, खप्तड राष्ट्रिय निकुञ्ज, अपि नाम्पा संरक्षण क्षेत्रलगायतका पर्यटकीय स्थलहरूमा सञ्चालित होटल तथा रिसोर्टहरूलाई सौर्य ऊर्जा, बायोग्यास, ऊर्जा-कुशल उपकरणमा अनुदान तथा प्राविधिक सहयोग, धनगढी उपमहानगरपालिका तथा गोदावरी नगरपालिकामा विद्युतीय सार्वजनिक यातायात सञ्चालन, प्रदेशका प्रमुख सहर, पर्यटकीय स्थल तथा राजमार्ग किनारमा सौर्य ऊर्जाबाट सञ्चालित विद्युतीय सवारी चार्जिङ स्टेसनहरू स्थापना।

५. **स्वच्छ घर तथा स्वस्थ समाजः** "मेरो चुलो, स्वच्छ चुलो" प्रबर्द्धन (सुधारिएको चूलो, इन्डक्सन चूलो, गोवरग्यास आदि), लक्षित समुदाय (विशेष गरी दलित, गरिब, सीमान्तकृत) लाई अनुदान तथा प्राविधिक सहयोग), घरायसी तथा व्यावसायिक प्रयोगमा ऊर्जा बचत गर्ने उपायका बारे जनचेतना अभिवृद्धि।

६. **वैकल्पिक ऊर्जा नीति तथा संस्थागत सुदृढीकरणः** प्रदेश वैकल्पिक तथा नवीकरणीय ऊर्जा विकासका लागि आवश्यक नीति कार्यविधि तथा मापदण्ड निर्माण।

## ७.७ आवास, भवन, बस्ती तथा सहरी विकास

### ७.७.१ पृष्ठभूमि

आवास, भवन र सहरी विकास मानवीय सभ्यताको आधारभूत आवश्यकता र गुणस्तरीय जीवनको सूचक हो। प्रदेशको कुल जनसङ्ख्याको ठूलो हिस्सा सहर उन्मुख क्षेत्रमा बसोबास गर्ने गरेको देखिन्छ। यो सङ्ख्या दिन प्रतिदिन उल्लेख्य रूपमा बढ्दै गएको छ। गरिब, विपन्न र आवास विहीन परिवारका लागि सरकारी तवरबाट आवास निर्माण गर्ने कार्यहरू भइरहेका छन्। सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेश सरकारले आफ्नै प्रशासनिक भवनहरूको निर्माणलाई तीव्रता दिएको छ। रणनीतिक सडकका किनारा र व्यापारिक केन्द्रहरूमा साना सहरहरू विकसित भइरहेका छन्।

धनगढी, भीमदत्त र अत्तरिया जस्ता ठूला सहरहरूलाई 'स्मार्ट सिटी' का रूपमा विकास गरी आधुनिक सेवा सुविधाहरू (ढल निकास, पार्किङ, खुला क्षेत्र) विस्तार गर्ने अवसर छ। छरिएर रहेका पहाडी बस्तीहरूलाई एकीकृत गरी आधारभूत सेवा (खानेपानी, विद्युत, शिक्षा) पुऱ्याउन 'एकीकृत बस्ती विकास' मोडेल कार्यान्वयन गर्ने सम्भावना छ। प्रदेशको उच्च भूकम्पीय जोखिमलाई मध्यनजर गर्दै भवन संहिता कडाइका साथ लागू गरी सुरक्षित र उत्थानशील आवास निर्माण गर्ने अवसर छ। गोदावरी नगरपालिकामा तोकिएको प्रदेश राजधानीलाई वातावरणीय हिसाबले दिगो र अत्याधुनिक पूर्वाधारयुक्त 'ग्रीन सिटी' को रूपमा विकास गर्ने ऐतिहासिक अवसरसमेत देखिन्छ। महाकाली र सेती लोकमार्गका छेउछाउमा रहेका साना बजारहरूलाई व्यवस्थित सहरकारूपमा विकास गर्ने सम्भावना छ।

### ७.७.२ विद्यमान अवस्था

नेपालको संविधानको धारा ३७ ले "उपयुक्त आवासको हक" लाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। अनुसूची ६ र ९ बमोजिम आवास र सहरी विकास प्रदेश र सङ्घको साझा तथा एकल अधिकार क्षेत्रमा पर्दछ। प्रदेश सरकारले 'जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५' मार्फत विपन्न वर्गका लागि आवास निर्माणलाई कानूनी रूप दिएको छ। साथै, बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लाई आधार मानी भवन संहिता कार्यान्वयन गरिँदै आएको छ। राष्ट्रिय सहरी नीति, २०६४ र सहरी विकास रणनीति, २०७२ को मर्म अनुरूप प्रदेशले आफ्नो नीति तथा कार्यक्रमहरू तर्जुमा गरेको छ।

प्रदेश मातहतका सरकारी र सामुदायिक भवनहरूको निर्माण, मर्मत र सम्भार गर्ने, कैलाली, डोटी र बैतडीमा रहेका सहरी विकास तथा भवन निर्माण कार्यालयमार्फत योजनाहरू कार्यान्वयन गर्ने, व्यवस्थित सहरीकरणका लागि पूर्वाधार निर्माण र एकीकृत बस्ती विकासको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गर्नेलगायतका कार्यहरू प्रदेश सरकारको कार्य जिम्मेवारी भित्र रहेको छ।

'जनता आवास कार्यक्रम' मार्फत हालसम्म कुल ३,६५८ वटा सुरक्षित निजी आवास निर्माण सम्पन्न भएका छन्। सरकारी सेवा प्रवाहलाई प्रभावकारी बनाउन हालसम्म ४८० वटा सामुदायिक तथा सरकारी भवनहरू निर्माण सम्पन्न भइसकेका छन्। प्रदेशको ६२.४ प्रतिशत घरपरिवार नगरपालिका क्षेत्रमा बसोबास गर्दछन्, जसले सुदूरपश्चिम प्रदेशमा तीव्र सहरीकरण रहेको सङ्केत गर्दछ।

सुदूरपश्चिममा अझै पनि कच्ची घरमा बसोबास गर्नेको सङ्ख्या उल्लेख्य छ। भौगोलिक विकटताका कारण निर्माण सामग्री ढुवानी लागत उच्च हुँदा पहाडी जिल्लामा आवास निर्माण खर्चिलो छ। कैलाली र कञ्चनपुरमा रहेको सुकुम्बासी र अव्यवस्थित बसोबासको समस्या अन्य प्रदेशको तुलनामा सुदूरपश्चिममा जटिल प्रकृतिको रहेको छ।

## ७.७.३ मुख्य सवाल तथा चुनौती

१. **व्यवस्थित सहरीकरण तथा योजनाबद्ध विकासः** प्रदेशका प्रमुख सहरी केन्द्रहरू धनगढी, टीकापुर, भीमदत्त, दिपायल, अत्तरियामा सहरीकरणलाई व्यवस्थित गर्नु, पूर्वाधार विकास हुनु भन्दा पहिले नै विकास भएको बस्तीहरूको व्यवस्थापन गर्नु, सार्वजनिक स्थलहरू (मनोरञ्जन स्थल, साँस्कृतिक केन्द्र, पार्क, खुला स्थान, सामुदायिक भवन) को पहिचान, संरक्षण र व्यवस्थापन गर्नु, सहरी पूर्वाधार (कभर्ड हल, खेल मैदान, पार्क, बसपार्क) को पर्याप्त व्यवस्था गर्नु, सहरी पूर्वाधार विकासका लागि आवश्यक बजेट तथा स्रोत साधनको प्रवन्ध गर्नु।

२. **एकीकृत बस्ती विकासः** छरिएर रहेका साना बस्तीहरूलाई एकीकृत गर्नु, छरिएर रहेका बस्तीहरूमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक जस्ता आधारभूत सेवा पुऱ्याउनु, एकीकृत बस्ती विकासका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नु, बस्तीहरूलाई बाढी पहिरो जस्ता विपद्जन्य जोखिमबाट बचाउनु।

३. **सबैका लागि सुरक्षित आवासः** सबै विपन्न, भूमिहीन, सुकुम्बासी तथा विपद्बाट प्रभावित परिवारहरूका लागि सुरक्षित आवासको व्यवस्था गर्नु, लक्षित वर्गको लागि आवास निर्माणका लागि आवश्यक स्रोत र जग्गाको व्यवस्था गर्नु, भवनहरू निर्माणमा राष्ट्रिय भवन संहिताको पालना गराउनु, ग्रामीण क्षेत्रहरूमा भूकम्प प्रतिरोधी मापदण्डको पालना गराउनु।

४. **सरकारी तथा सामुदायिक भवनको व्यवस्थापनः** सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक संस्थाहरूका लागि आवश्यकताअनुसार भवनको व्यवस्था गर्नु, सार्वजनिक भवनहरूको नियमित मर्मत-सम्भार गर्नु, सार्वजनिक भवनहरूको व्यवस्थित अभिलेखीकरण गर्नु, भवन निर्माणको अनुगमन तथा नियमनका लागि आवश्यक प्राविधिक जनशक्तिको परिपूर्ति गर्नु, जेन्जी आन्दोलनबाट क्षति भएका सरकारी संरचनाहरूको पुर्ननिर्माण गर्नु, सार्वजनिक भवनहरूको उद्धेश्यमूलक उपयोग/प्रयोग बढाउनु।

६. **भू-उपयोग नीति तथा योजनाको कार्यान्वयनः** कृषियोग्य भूमिको संरक्षण गर्नु, जोखिमयुक्त क्षेत्रमा रहेका बस्तीहरूको स्थानान्तरण गर्नु, भू-उपयोग योजनाको प्रभावकारी कार्यान्वयन गर्नु।

## ७.७.४ उद्देश्य

१. योजनाबद्ध, सुरक्षित र दिगो सहरीकरणको प्रबर्द्धन गर्नु।
२. सुरक्षित, किफायती र समावेशी आवासको पहुँच सुनिश्चित गर्नु।
३. बस्ती विकास र व्यवस्थित भू-उपयोग प्रणाली लागू गर्नु

### ७.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : योजनाबद्ध, सुरक्षित र दिगो सहरीकरणको प्रबर्द्धन गर्नु ।** | |
| १. सहरहरूको आधुनिकीकरण र योजनाबद्ध पूर्वाधार विकास गर्ने। | १.१ प्रदेशका सम्पूर्ण नगरपालिकाको एकीकृत सहरी विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ सहरी क्षेत्रहरूमा एकीकृत उपयोगिता कोरिडोर (यूटिलिटी कोरिडोर) को विकास गर्दै भूमिगत बिजुली, ढल तथा सञ्चार लाइनहरूको व्यवस्था गरिनेछ।<br>१.३ सहरी सडकहरूमा फुटपाथ, साइकल लेन, सडक बत्ती, पार्किङ व्यवस्था र हरियाली प्रबर्द्धन गरिनेछ। |
| २. नयाँ सहर तथा आर्थिक केन्द्रहरूको पहिचान र विकास गर्ने। | २.१ प्रदेशका रणनीतिक स्थानहरू जस्तैः प्रस्तावित रेलवे स्टेशन, मुख्यराजमार्गका चोक, प्रमुख व्यापारिक केन्द्र वरपर नयाँ सहर विकासको सम्भाव्यता अध्ययन गरिनेछ।<br>२.३ प्रदेश राजधानी गोदावरी तथा प्रमुख नगरपालिका धनगढी, टीकापुर, दिपायल सिलगढी एवम् पाटन नगरपालिकालाई व्यवस्थित सहरको रूपमा विकास गरिनेछ।<br>२.४ सामूहिक आवास निर्माण गर्दा साझा प्रयोगका लागि सामुदायिक भवन, खानेपानी, सरसफाइ जस्ता पूर्वाधारको समुचित व्यवस्था गरिनेछ।<br>२.५ सेवा केन्द्रको रूपमा रहेका गाउँपालिकाका केन्द्रहरूमा आधुनिक पूर्वाधारको विकास गरिनेछ।<br>२.६ नगरपालिकाहरूलाई स्मार्ट सिटी र गाउँपालिकाका सदरमुकामहरूलाई सहरोन्मुख बस्ती विकास गर्ने नीति लिइनेछ। |
| **उद्देश्य २ : सुरक्षित, किफायती र समावेशी आवासको पहुँच सुनिश्चित गर्नु ।** | |
| १. विपन्न, लोपोन्मुख तथा विपद् प्रभावित परिवारका लागि आवास व्यवस्था गर्ने। | १.१ जनता आवास कार्यक्रम तथा विपन्नको लागि घर कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।<br>१.२ भूमिहीन तथा सुकुम्बासी समस्या समाधानका लागि स्थानीय तहसँगको सहकार्यमा दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिनेछ।<br>१.३ विपद् बाट प्रभावित परिवारहरूको पुनर्स्थापनाका लागि तत्काल र दीर्घकालीन आवास निर्माणको व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. सबै प्रकारका भवन निर्माणमा गुणस्तर, मापदण्ड तथा सुरक्षा सुनिश्चित गर्ने। | २.१ राष्ट्रिय भवन संहिता तथा स्थानीय स्तरमा निर्धारित मापदण्डको पालना नगरी निर्माण भएका संरचनालाई कानूनी मान्यता नदिने नीति अवलम्बन गरिनेछ।<br>२.२ भवन निर्माण अनुमति तथा अनुगमनको कार्यलाई प्रभावकारी कार्यन्वयन गर्न स्थानीय तहको क्षमता विकास गरिनेछ। |
| ३. सरकारी भवन/ संरचनाको पुनर्निर्माण गर्ने। | ३.१ तीनै तहको सरकारको समन्वयनमा जेन्जी आन्दोलनका क्रममा आंशिक र पूर्ण क्षति भएका सरकारी भवन/संरचना पुनर्निर्माण कार्यलाई तीव्रता दिइनेछ।<br>३.२ सार्वजनिक भवनहरूको उद्धेश्यमूलक उपयोग/प्रयोग गरी पूर्णरूपमा सदुपयोग गरिनेछ।<br>३.३ जेन्जी आन्दोलनका क्रममा आंशिक र पूर्ण क्षति भएका सवारी साधन र अन्य भौतिक सम्पत्ति पुनःस्थापना कार्यका लागि आवश्यक वित्तीय स्रोत जुटाई तीन वर्ष भित्र कार्यसम्पन्न गरिनेछ। |
| **उद्देश्य ३ : बस्ती विकास र व्यवस्थित भू-उपयोग प्रणाली लागू गर्नु ।** | |
| १. छरिएका तथा जोखिमयुक्त बस्तीहरूको एकीकरण तथा स्थानान्तरण गर्ने। | १.१ भौगोलिक रूपमा विकट, पहिरो तथा बाढीको उच्च जोखिममा रहेका बस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा एकीकृत बस्ती विकासका लागि गुरुयोजना तयार गरिनेछ।<br>१.२ एकीकृत बस्तीमा विद्यालय, स्वास्थ्य चौकी, खानेपानी, सडक, सञ्चारलगायतका आधारभूत पूर्वाधारहरूको एकै पटक विकास गरिनेछ।<br>१.३ स्थानान्तरण हुने परिवारलाई आर्थिक पुनर्स्थापनाका लागि व्यावसायिक, बीउ पूँजी तथा सामूहिक खेतीका लागि जग्गा उपलब्ध गराइनेछ। |
| २. भू-उपयोग नीति तथा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | २.१ स्थानीय तहहरूलाई उनीहरूको भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्न प्राविधिक तथा आवश्यक स्रोत साधन उपलब्ध गराइनेछ।<br>२.२ कृषियोग्य जमिनलाई गैर-कृषि प्रयोजनमा रूपान्तरण गर्न रोक लगाउने तथा खण्डीकरण नियन्त्रण गर्ने कानूनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।<br>२.३ भू-उपयोग योजनालाई स्थानीय विकास योजनासँग एकीकृत गरी सहरी तथा ग्रामीण क्षेत्रको सन्तुलित विकास सुनिश्चित गरिनेछ। |

### ७.७.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **प्रदेश राजधानी तथा प्रमुख सहर पूर्वाधार विकासः** गोदावरी, धनगढी, टीकापुर, दिपायल सिलगढी, बैतडीपाटनलगायतका प्रमुख नगरपालिकाहरूमा केन्द्रित दीर्घकालीन, विपद् उत्थानशील र वातावरणमैत्री गुरुयोजना तर्जुमा, स्मार्ट सडक तथा उपयोगिता करिडोर निर्माण अन्तरगत प्रमुख सहरी सडकहरूमा, ढल, फुटपाथ, साइकल लेन र हरियाली सहितको एकीकृत पूर्वाधार विकास, सहरी सौन्दर्यीकरण तथा खुला स्थान संरक्षण अन्तरगत नदी किनार, पार्क, पोखरी तथा सार्वजनिक स्थलहरूको संरक्षण, पुनरुत्थान र विकास।

२. **नयाँ सहर विकासः** रणनीतिक महत्त्वका स्थानहरू जस्तैः महेन्द्र राजमार्गका चोकहरू, प्रस्तावित पूर्वाधार आयोजना वरपर नयाँ सहर विकासको सम्भाव्यता अध्ययन र गुरुयोजना निर्माण, विशिष्टिकृत आर्थिक केन्द्र निर्माण अन्तरगत प्रदेशको मौलिकताअनुसार धनगढीलाई व्यापारिक हब, गोदावरीलाई शैक्षिक तथा प्रशासनिक हब, विशिष्ट पहिचान सहितको आर्थिक केन्द्र विकास, स्मार्ट सिटी र ग्रामीण सहरीकरण विकास।

३. **सुरक्षित आवास तथा एकीकृत बस्ती विकासः** स्थानीय तहसँगको साझेदारीमा भूमिहीन, दलित, विपन्न, सुकुम्बासी तथा विपद् प्रभावित परिवार लक्षित जनता आवास तथा विपन्नको घर निर्माण, जोखिमयुक्त बस्तीहरूको पहिचान गरी सुरक्षित स्थानमा एकीकृत बस्ती निर्माण, आवास लाभग्राहीका लागि आय-आर्जन तथा सीप विकास सहायता ।

४. **गुणस्तरीय भवन निर्माण प्रबर्द्धनः** स्थानीय तहका प्राविधिक जनशक्तिलाई भवन संहिता कार्यान्वयन र अनुगमन सम्बन्धी तालिम, भूकम्पीय जोखिम न्यूनीकरण, भवन संहिताको महत्त्व र सुरक्षित निर्माण अभ्यासहरू बारे आम नागरिक र घरधनीहरूलाई सचेतना अभियान।

५. **भू-उपयोग योजना कार्यान्वयन तथा जग्गा व्यवस्थापनः** स्थानीय तहको भू-उपयोग योजना तर्जुमा तथा अद्यावधिकका लागि प्राविधिक तथा वित्तीय सहयोग, सार्वजनिक स्वामित्वका जग्गाहरूको अभिलेखीकरण र अतिक्रमण नियन्त्रण र सहजीकरण।

६. **ग्रामीण बजार तथा सेवा केन्द्र विकासः** ग्रामीण क्षेत्रमा साना बजार केन्द्र, कृषि उपज सङ्कलन केन्द्र, भण्डारण गृह तथा हाटबजार निर्माण, नमूना ग्रामीण बस्ती विकासका लागि ग्रामीण बस्तीहरूमा योजनाबद्ध पूर्वाधार विकास, गाउँपालिकाका केन्द्रहरूमा सडक, खानेपानी, ढल तथा अन्य सार्वजनिक पूर्वाधारको निर्माण।

७. **एकीकृत सुरक्षा जाँच चौकी निर्माण।**

८. **सार्वजनिक भवनहरूको उद्देश्यमूलक उपयोग/प्रयोग।**

## ७.८ खानेपानी तथा सरसफाइ

### ७.८.१ पृष्ठभूमि

स्वच्छ खानेपानी र सरसफाइ नागरिकको मौलिक हक मात्र नभई मानव विकास र समृद्धिको आधारभूत सूचक पनि हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारले "एक घर, एक धारा" को लक्ष्यसहित खानेपानी पूर्वाधार विकासलाई समेत प्राथमिकता दिँदै आएको छ। प्रदेशको भौगोलिक विविधता (तराई, पहाड र हिमाल) का कारण खानेपानी आपूर्तिमा फरक-फरक चुनौती र सम्भावनाहरू रहेका छन्।

सुदूरपश्चिम प्रदेशमा खानेपानी तथा सरसफाइको क्षेत्रमा क्रमिक सुधार भइरहेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनले आधारभूत स्तरको खानेपानी पहुँचमा वृद्धि भएको देखिन्छ। प्रदेशमा 'एक घर, एक धारा' कार्यक्रममार्फत सेवाको गुणस्तर र स्तरवृद्धिको प्रयास जारी रहेको छ। भौगोलिक जटिलताका आधारमा पहाडी क्षेत्रमा लिफ्टिङ प्रविधि र तराई क्षेत्रमा डिप ट्युबेल एवम् ओभरहेड ट्याङ्की प्रणालीबाट खानेपानी वितरण भइरहेको छ।

प्रदेशमा बग्ने सेती, महाकाली, कर्णाली, चौधर, बुढीगंगालगायतका नदी तथा खोलाहरू, तराई क्षेत्रमा भूमिगत जलस्रोत, पहाडी क्षेत्रमा मुहान तथा कुवाहरू रहेका छन्। यी स्रोतहरूको दिगो व्यवस्थापन तथा उपयोग गरी खानेपानी सेवा विस्तार गर्न सकिने ठूलो सम्भावना रहेको छ।सरसफाइ अन्तरगत मानव स्वास्थ्य, वातावरण र जीवनस्तर सुधारसँग सम्बन्धित विभिन्न विषयहरू पर्छन्।

व्यक्तिगत सरसफाइ अन्तरगत हात धुने (खाना खानु अघि/पछि, शौचपछि), दाँत माझ्ने, नुहाउने, सफा कपडा लगाउने, नङ काट्ने, कपाल सफा राख्ने विषयहरू पर्दछन् भने घरायसी सरसफाइ अन्तरगत घरभित्र र वरिपरि सफा राख्ने , भान्सा र खानेकुरा सफा राख्ने र फोहोरको उचित व्यवस्थापन पर्दछन्।यसैगरी खानेपानी र सरसफाइ अन्तरगत सुरक्षित र शुद्ध खानेपानी प्रयोग, पानी उमाल्ने वा फिल्टर गर्ने , पानीका स्रोतको संरक्षण आदि पर्छन्।शौचालय व्यवस्थापन अन्तरगत खुला दिसा त्याग गर्ने, शौचालयको प्रयोग र सफाइ, बालमैत्री तथा अपाङ्गमैत्री शौचालयको व्यवस्थापन पर्दछन्।यसैगरी फोहर व्यवस्थापन अन्तरगत घर तथा समुदायको फोहोर छुट्याउने (जैविक/अजैविक), पुनः प्रयोग र पुनर्चक्रण र सुरक्षित रूपमा फोहोर फाल्ने काम पर्दछन्।ढल तथा नाली व्यवस्थापन र वातावरणीय सरसफाइका विषयहरूलाई संबोधन गर्नु पर्दछ।

## ७.८.२ विद्यमान अवस्था

नेपालको संविधानले खानेपानी तथा सरसफाइ सम्बन्धी अधिकार र जिम्मेवारीहरू स्पष्ट रूपमा वर्गीकरण गरेको छ । संविधानको भाग ३ अन्तर्गत मौलिक हकको धारा ३५ (४) मा "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइको हक हुनेछ" भनी उल्लेख गरिएको छ । यसले खानेपानी तथा सरसफाइलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। संविधानको अनुसूची ५ (सङ्घको अधिकारको सूची) मा अन्तर्राष्ट्रिय स्तरका ठूला खानेपानी आयोजना, अन्तरदेशीय नदीको पानीको उपयोग तथा गुणस्तर निर्धारण सङ्घको अधिकार क्षेत्रभित्र रहेका छन्। अनुसूची ६ (प्रदेशको अधिकारको सूची) को क्रमाङ्क १४ मा "प्रदेशस्तरका खानेपानी तथा सरसफाइ सेवा" प्रदेश सरकारको एकल अधिकार क्षेत्रमा रहेको छ। यसैगरी, प्रदेशभित्र खानेपानी स्रोतको संरक्षण, गुणस्तर नियन्त्रण तथा सरसफाइ सेवाको विस्तारसमेत प्रदेशको जिम्मेवारीमा रहेको छ। अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) मा स्थानीयस्तरका खानेपानी तथा सरसफाइ आयोजना, साना खानेपानी प्रणाली, सामुदायिक शौचालय तथा फोहोर व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ। साझा अधिकारको सूची (अनुसूची ७) मा खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन, जलस्रोतको उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीमा रहेका छन्।

सुदूरपश्चिम प्रदेशको खानेपानी ऐनको मस्यौदा तयार भएको छ। प्रदेश सरकारले खानेपानी सेवालाई योजनाबद्ध रूपमा अगाडि बढाउन प्रादेशिक खानेपानी सरसफाइ तथा स्वच्छता योजना (P-WASH Plan) तर्जुमाको कार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ। अधिकांश स्थानीय तहहरूमा पालिकागत WASH Plan कार्यहरू तर्जुमा भई खानेपानी, सरसफाइ एवम् स्वच्छताको विद्यमान अवस्था र भावी आवश्यकताको ढाँचा तयार भएको छ। सङ्घीय सरकारबाट प्रदेशको फोहोरमैला व्यवस्थापनको लागि गोदावरी र शुक्लाफाटा नगरपालिकामा एकीकृत फोहोरमैला केन्द्र निर्माणको कार्य अघि बढेको छ। तराईका जिल्लाहरूमा आर्सेनिक मुक्त खानेपानी र पहाडी जिल्लाहरूमा लिफ्टिङ तथा सौर्य ऊर्जामा आधारित खानेपानी प्रणालीहरूमार्फत सेवा विस्तार भइरहेको छ। यद्यपि, अझै पनि ठूलो जनसङ्ख्यालाई मध्यम तथा उच्च स्तरको गुणस्तरीय खानेपानी सेवा पुऱ्याउनु, पूराना प्रणालीहरूको मर्मत-सम्भार गरी दिगोपन कायम गर्नु, गुणस्तर सुधारका लागि आवश्यक पूर्वाधारहरूको निर्माण र जलवायु परिवर्तनका कारण सुक्दै गएका मुहानहरूको संरक्षण गर्नु यस प्रदेशको मुख्य कार्यभार रहेको छ।

सुदूरपश्चिम प्रदेशमा खानेपानीको पहुँचको अवस्थालाई हेर्दा, खानेपानी तथा सरसफाइ तर्फ नयाँ तथा पुनर्निर्माण गरी १,०११ वटा आयोजनाहरू सम्पन्न भई आधारभूतस्तरको सेवाबाट २,३३,५२२ र मध्यमस्तरको सेवाबाट ५९,३०३ गरी कुल २,९२,८२५ जना स्वच्छ खानेपानीको सेवाबाट लाभान्वित भएका छन् (भौतिक पूर्वाधार मन्त्रालय वार्षिक प्रगति प्रतिवेदन, २०८१)।

खानेपानी क्षेत्र व्यवस्थापन तथा पूर्वाधार आयोजना विश्व बैंकले र सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाअन्तर्गत कञ्चनपुर बर्दगोरिया, जानकी गाउँपालिका कैलाली र दिपायल सिलगढी नगरपालिकालगायतका क्षेत्रमा एशियाली विकास बैंकले आयोजना सञ्चालन गरिरहेको छ ।नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा यी आयोजनाहरू सञ्चालन भइरहेका छन्। देशमा परम्परागत, नौला तथा मुहानको संरक्षण र पुनर्स्थापनामा विशेष पहल भएको छ। देशको ८ जिल्लामा RVWRMP परियोजनाले नाउला तथा मुहान संरक्षणमा "रिचार्ज, रिटेन एण्ड रियुज (३R)" अवधारणा लागू गरी जलस्रोतको दिगो व्यवस्थापन गरिरहेको छ। यसले जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा समेत योगदान पुऱ्याएको छ। एशियाली विकास बैंकको अनुदान र ऋणबाट बझाङ र बाजुरा जिल्लास्थित पालिकाहरूमा जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन खानेपानी आयोजना कार्यान्वयनको प्रक्रिया प्रारम्भ भएको छ।

सुदूरपश्चिम प्रदेशका सबै जिल्लाहरू खुला दिसामुक्त घोषणा भइसकेका छन्।हाल पूर्ण सरसफाइ तर्फका क्रियाकलापहरू र व्यवहार परिवर्तनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।सहरी क्षेत्रहरूमा ढल व्यवस्थापन र फोहोरमैला व्यवस्थापनका लागि केही पूर्वाधारहरू निर्माणको प्रक्रियामा रहे पनि दिसाजन्य लेदो व्यवस्थापन अझै चुनौती पूर्ण अवस्थामा छ।

### ७.८.३ मुख्य सवाल तथा चुनौती

१. **आधारभूत खानेपानी सेवाको दिगोपन र गुणस्तर सुनिश्चितताः** आधारभूत खानेपानी प्रणालीहरूको दिगो सञ्चालन र मर्मत सम्भार गर्नु, नियमित रूपमा खानेपानी सेवा उपलब्ध गराउनु, मापदण्डअनुसार खानेपानीको गुणस्तर कायम राख्नु, नियमित रूपमा पानीको परीक्षण गर्ने संयन्त्रको विकास गर्नु।

२. **उच्च तथा मध्यम स्तरको खानेपानी सेवा विस्तारः** मध्यम तथा उच्च स्तरको खानेपानी सेवाको पहुँच विस्तार गर्नु, 'एक घर, एक धारा' को अवधारणालाई मूर्तरूप दिन आवश्यक लगानी जुटाउनु, भौगोलिक जटिलताका कारण सबै बस्तीमा पाइप प्रणाली पुऱ्याउनु, बढ्दो सहरीकरणसँगै सहरी क्षेत्रमा व्यवस्थित ढल निकास र खानेपानी वितरण प्रणालीको आधुनिकरण गर्नु।

३. **जलवायु अनुकूलित र विपद् प्रतिरोधी पूर्वाधार एवम् नवीन प्रविधिको उपयोगः** जलवायु परिवर्तन अनुकूल पानीका मुहान संरक्षण गर्नु, तराई भू-भागमा पानी रिचार्ज वा भरणका लागि चुरेको फेदमा पोखरी निर्माण गरी पानी भरण गर्नु, चुरे विनासको रोकथामका लागि वन तथा वातावरण मन्त्रालयसँग समन्वय गर्नु, साबिकका पानी पोखरीहरूको स्रोत संरक्षण तथा पानी भरण गर्नु, पहाडी डाँडाका बस्तीहरूमा आकासे पानी सङ्कलन, प्रशोधन र वितरण व्यवस्था गर्नु, वर्षायाममा बाढी पहिरोले खानेपानीका संरचनामा पुऱ्याएको क्षति न्यूनीकरण गर्नु, खानेपानी आयोजनाहरूलाई जलवायु अनुकूलित र विपद् प्रतिरोधी बनाउनु, वैकल्पिक मुहानहरूको खोजी गर्नु र वर्षातको पानी सङ्कलन जस्ता नवीन प्रविधिको प्रबर्द्धन गर्नु, सतहगत र भूमिगत पानीका स्रोतहरूको उचित संरक्षण गर्नु।

४. **सरसफाइ तथा पूर्ण सरसफाइको दिगोपनाः** खुला दिसामुक्त क्षेत्र घोषणा गरिएका पालिकाहरूमा सरसफाइ सुविधाहरूको दिगो प्रयोग र पूर्ण सरसफाइको सुनिश्चितता गर्नु, सार्वजनिक स्थान, विद्यालय र स्वास्थ्य संस्थाहरूमा आवश्यकताअनुसारका अपाङ्गतामैत्री र लैङ्गिकमैत्री शौचालयहरू निर्माण गर्नु, फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त प्रविधि र पूर्वाधारको निर्माण गर्नु, सहरी क्षेत्र र सहर उन्मुख क्षेत्रहरूमा ढल निकास तथा फोहोरको उचित व्यवस्थापन गर्नु, नविनतम प्रविधिहरूको प्रयोग गरी फोहोरबाट उर्जा तथा कृषि उत्पदानका लागि मलको रूपमा प्रयोग गर्नु।

५. **नीतिगत, कानूनी र संस्थागत समन्वयः** खानेपानी तथा सरसफाइ क्षेत्रको कार्यजिम्मेवारीलाई थप व्यवस्थित र स्पष्ट बनाउनु, तीनै तहका सरकारहरूबीच लगानी र जिम्मेवारीमा समन्वय गर्नु, उपभोक्ता समितिहरूको क्षमता विकास गरी खानेपानी तथा सरसफाइका क्षेत्रमा सहज सेवा उपलब्ध गराउनु, खानेपानी तथा सरसफाइ स्वच्छता योजनालाई पूर्ण रूपमा कार्यान्वयन गर्नु।

### ७.८.४ उद्देश्य

१. सबै नागरिकलाई आधारभूत, सुरक्षित तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नु।

२. उच्च तथा मध्यम स्तरका गुणस्तरीय खानेपानी सेवा तथा पूर्वाधारको विकास, विस्तार र सुदृढीकरण गर्नु।

३. सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, पूर्वाधार र व्यवहार परिवर्तन कार्यक्रमहरूको विकास तथा विस्तार गर्नु।

## ७.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सबै नागरिकलाई आधारभूत, सुरक्षित तथा स्वच्छ खानेपानी र सरसफाइ सेवामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नु ।** | |
| १. खानेपानी सुविधाको विकास, विस्तार र पहुँच वृद्धि गर्ने । | १.१ "एक घर एक धारा र एक चर्पी" नीतिलाई प्रभावकारी बनाउन नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा सबै बस्ती र सहरमा आधारभूत खानेपानी सेवा सुनिश्चित गरिनेछ।<br>१.२ डिजिटल प्रणालीमा आधारित वासप्लान कार्यान्वयनमा सहजीकरण गरी सोही योजनाका आधारमा आयोजनाहरूको विकास, निर्माण र सञ्चालन गरिनेछ।<br>१.३ सबै खानेपानी प्रणालीलाई N-WASH MIS प्रणालीमा अभिलेखीकरण गरी नियमित अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइनेछ।<br>१.४ प्रदेश खानेपानी ऐन तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |
| २. खानेपानी सेवाको स्तर वृद्धि र गुणस्तर सुनिश्चित गर्ने । | २.१ मौजुदा खानेपानी सेवालाई क्रमिक रूपमा मध्यम तथा उच्च स्तरमा स्तरोन्नति गरिनेछ।<br>२.२ ठूला तथा सहरी खानेपानी आयोजनाहरूमा अनिवार्य रूपमा पानी प्रशोधन प्रणाली निर्माण गरिनेछ।<br>२.३ खानेपानी सुरक्षा योजनालाई आयोजनाको अभिन्न अङ्गको रूपमा कार्यान्वयन गरी स्वच्छ र सुरक्षित खानेपानी वितरण गरिनेछ।<br>२.४ समुदायमा आधारित खानेपानी आयोजनाहरू, विद्यालय, स्वास्थ्य तथा सार्वजनिक संस्थाहरूमा खानेपानी गुणस्तर सुधार तथा आर्सेनिक जोखिम न्यूनीकरण कार्यलाई प्राथमिकता दिइनेछ। |
| **उद्देश्य २ : उच्च तथा मध्यमस्तरका गुणस्तरीय खानेपानी सेवा तथा पूर्वाधारको विकास, विस्तार र सुदृढीकरण गर्नु ।** | |
| १. नवीन प्रविधिको उपयोग र दिगो मर्मत सम्भार सुनिश्चित गर्ने। | १.१ स्रोतको अभाव भएका स्थानमा वर्षातको पानी सङ्कलन, लिफ्टिङ्ग र पहाडी भूमिगत बोरिङ्ग जस्ता नयाँ प्रविधिको प्रयोग गरिनेछ।<br>१.२ आयोजना तर्जुमा गर्दा निर्धारित मापदण्ड र लाभ-लागत विश्लेषणका आधारमा सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ।<br>१.३ आयोजनाको दिगोपनका लागि उपभोक्ता समितिहरूको क्षमता विकास गरी प्रभावकारी मर्मत सम्भारको व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. जलस्रोत, मुहान तथा जलाधार क्षेत्रको संरक्षण र पुनर्भरण गर्ने। | २.१ परम्परागत र पूरातात्त्विक महत्त्वका मुहान, ढुङ्गेधारा, ताल, पोखरी र नदी नालाको पहिचान तथा संरक्षण गरिनेछ ।<br>२.२ जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न पुनर्भरण पोखरी निर्माण, चुरे क्षेत्रमा पानी पुनर्भरणका लागि तलाउ, पोखरी निर्माण, हरियाली प्रबर्द्धन र सतही तथा भूमिगत जलस्रोतको एकीकृत उपयोगलाई प्रोत्साहन गरिनेछ।<br>२.३ जलस्रोतको बहु उपयोग र पुनः प्रयोग गर्ने अभ्यासलाई प्रबर्द्धन गरिनेछ। |
| **उद्देश्य ३ : सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा, पूर्वाधार र व्यवहार परिवर्तन कार्यक्रमहरूको विकास तथा विस्तार गर्नु।** | |
| १. सरसफाइ र स्वच्छतालाई अभियानकै रूपमा प्रविधि मैत्री बनाउने । | १.१ पूर्ण सरसफाइ अभियानलाई निरन्तरता दिँदै पर्यटकीय र सार्वजनिक क्षेत्रमा अपाङ्गता तथा लैङ्गिक मैत्री शौचालय र ढल निकास प्रणालीको विकास गरिनेछ ।<br>१.२ उपयुक्त प्रविधिको प्रयोग गरी मलमूत्र र फोहोर पानी प्रशोधन गर्ने र उत्पादित प्राङ्गारिक मललाई अर्गानिक कृषिमा प्रयोग गर्न स्थानीय समुदायसँग साझेदारी गरिनेछ । |
| २. फोहोरमैला व्यवस्थापनमा सहकार्य र साझेदारी प्रबर्द्धन गर्ने। | २.१ "फोहोरलाई मोहरमा" परिणत गर्ने गरी स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा फोहोर मैला सङ्कलन र व्यवस्थापनका पूर्वाधार निर्माण गरिनेछ ।<br>२.२ फोहोर मैलाको पुनः प्रयोग, बायोग्यास उत्पादन र जैविक मल उत्पादन जस्ता बहुउपयोगी आयोजनाहरू सहकारी र समुदायमार्फत सञ्चालन गरिनेछ ।<br>२.३ सुरक्षित र शुद्ध खानेपानी प्रयोग, पानी उमाल्ने वा फिल्टर गर्ने जस्ता विषयमा स्थानीय तहसँगको सहकार्यमा सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। |

## ७.८.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **एक घर, एक धारा एक चर्पी' विस्तार तथा सुदृढीकरणः** अधुरा तथा रुग्ण आयोजनाहरूको पुनरुत्थान, आधारभूत स्तरको सेवा पुगेका क्षेत्रमा चौबिसै घण्टा पानी आपूर्ति हुने गरी सेवाको स्तर वृद्धि, सहरी क्षेत्रमा पानी वितरण प्रणालीलाई डिजिटल सेन्सर र अटोमेसनमा आधारित बनाउने।

२. **जलवायु अनुकूलित तथा नवीन प्रविधि खानेपानीः** सौर्य ऊर्जामा आधारित लिफ्टिङ, वर्षातको पानी सङ्कलन तथा पुनर्भरण, आकासे पानी सङ्कलन र जमिनमुनिको पानी रिचार्ज गर्ने संरचना निर्माण, भूमिगत बोरिङ वितरण, ग्राभिटी प्रणालीबाट खानेपानी वितरण, लिफ्टिङ र भूमिगत बोरिङ्ग प्रविधिबाट खानेपानी वितरण।

३. **खानेपानी गुणस्तर सुधार आयोजनाः** 'पूर्ण सुरक्षित खानेपानी बस्ती' अभियान, खानेपानी सुरक्षा योजना (WSPA) लागू भएका बस्तीहरूलाई सुरक्षित घोषणा, पानीको नियमित भौतिक, रासायनिक र जैविक परीक्षणका लागि प्रादेशिक प्रयोगशालाको स्थापना, कैलाली र कञ्चनपुरका आर्सेनिक प्रभावित क्षेत्रमा विशेष प्रशोधन प्लान्ट जडान।

४. **पूर्ण सरसफाइ तथा फोहोरमैला व्यवस्थापनः** स्थानीय तहसँगको साझेदारीमा फोहोरको वर्गीकरण, पुनर्चक्रण र कम्पोस्ट मल उत्पादन गर्ने केन्द्रहरू स्थापना, सहरी र अर्ध-सहरी क्षेत्रमा दिसाजन्य लेदो सङ्कलन र प्रशोधन केन्द्र निर्माण, राजमार्ग, पर्यटकीय क्षेत्र र बजार केन्द्रहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री आधुनिक शौचालयहरूको निर्माण।

५. **संस्थागत क्षमता विकास तथा दिगो सञ्चालनः** प्रदेश खानेपानी ऐन तर्जुमा र कार्यान्वयन सहजीकरण, आयोजनाको दिगो सञ्चालन र मर्मत-सम्भारका लागि उपभोक्ता समितिहरूलाई प्राविधिक र व्यवस्थापकीय तालिम, डिजिटल तथ्याङ्कका आधारमा आयोजनाहरूको छनोट र अनुगमन गर्ने प्रणालीको विकास, मर्मत-सम्भार कोष स्थापना र परिचालन।

## ७.९ सिँचाइ

### ७.९.१ पृष्ठभूमि

सिँचाइ पूर्वाधार कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धिको आधारशिला हो । नेपालको संविधानले कृषि योग्य भूमिको संरक्षण, सिँचाइ सुविधाको विकास तथा कृषि उत्पादन वृद्धिलाई राज्यको नीतिको रूपमा अङ्गीकार गरेको छ । सिँचाइ सुविधाले कृषिलाई मौसमी निर्भरताबाट मुक्त गराई वर्षभरि उत्पादन गर्न सक्षम बनाउँदछ, जसले खाद्य सुरक्षा, कृषकको आयस्तर वृद्धि तथा समग्र आर्थिक विकासमा योगदान पुर्‍याउँछ ।सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धिका लागि सिँचाइ एक आधारभूत पूर्वाधार हो ।कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी प्रदेशको अर्थतन्त्रलाई बलियो बनाउन भरपर्दो सिँचाइ सुविधाको महत्त्वपूर्ण भूमिका रहन्छ। प्रदेशमा सतह सिँचाइ, भूमिगत सिँचाइ र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीहरूमार्फत कृषि भूमिमा पानी पुर्‍याउने कार्य भइरहेको छ।

प्रदेशमा बग्ने महाकाली, सेती, कर्णाली, बुढीगङ्गा, चौलानी, कान्द्रा, कटैनी, बनरा, शिवगङ्गा जस्ता ठूला र साना नदीहरूलाई सिँचाइको मुख्य स्रोतको रूपमा उपयोग गर्न सकिने प्रचुर सम्भावना छ । तराईका जिल्लाहरू कैलाली र कञ्चनपुरमा भूमिगत जलको भण्डार रहेकाले स्यालो तथा डिप ट्युबेल मार्फत बाह्रै महिना सिँचाइ सुनिश्चित गर्ने अवसर छ । पहाडी जिल्लाहरू बैतडी, डडेल्धुरा, अछाम, डोटी, बझाङ, बाजुरा, दार्चुलामा नदी तथा खोलाहरूबाट लिफ्ट सिँचाइ प्रविधि मार्फत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउन सकिने ठूलो सम्भावना रहेको छ ।त्यस्तै, थोपा सिँचाइ, फोहोरा सिँचाइ जस्ता नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीहरूलाई साना किसान र तरकारी खेतीमा विस्तार गरी पानीको मितव्ययी प्रयोग गर्ने अवसर रहेको छ । नदी नियन्त्रण तथा तटबन्ध निर्माणमार्फत कटान रोकी उकास गरिएको जमिनमा थप सिँचाइ सुविधा पुर्‍याएर कृषियोग्य बनाउन सकिन्छ ।जलविद्युतका लागि अध्ययन भइरहेका नौगाड, सुर्नयागाड जस्ता आयोजनाहरूलाई सिँचाइसँग जोडेर बहुउद्देश्यीय रूपमा विकास गर्न सकिन्छ।

सोह्रौं योजनाले लिफ्ट सिँचाइबाट सिञ्चित क्षेत्रफल २ हजार १ सय १९ हेक्टरबाट बढाएर २७ हजार १ सय १९ हेक्टर पुऱ्याउने लक्ष्य राखे पनि यसको प्राप्तिका लागि आवश्यक पूर्वाधार तथा पर्याप्त लगानीको व्यवस्था हुन सकेको छैन।

## ७.९.२ विद्यमान अवस्था

नेपालको संविधानले सिँचाइ पूर्वाधारको विकास तथा व्यवस्थापनसम्बन्धी अधिकार र जिम्मेवारीहरू सङ्घ, प्रदेश र स्थानीय तहबीच वर्गीकरण गरेको छ। संविधानको अनुसूची ५ (सङ्घको अधिकारको सूची) मा अन्तर्राष्ट्रिय स्तरका ठूला सिँचाइ आयोजना, बहुउद्देश्यीय आयोजना तथा राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरू जस्तैः रानीजमरा कुलरिया सिँचाइ परियोजना, महाकाली सिँचाइ आयोजनाहरू सङ्घको अधिकारक्षेत्रभित्र रहेका छन् । अनुसूची ६ (प्रदेशको अधिकारको सूची) को क्रमाङ्क १३ मा "प्रदेशस्तरका सिँचाइ आयोजना तथा नदी नियन्त्रण" प्रदेश सरकारको एकल अधिकारक्षेत्रमा रहेको छ ।यसैगरी, प्रदेशभित्र सिँचाइ प्रणालीको विकास, सञ्चालन तथा व्यवस्थापनसमेत प्रदेशको जिम्मेवारीमा रहेको छ । अनुसूची ८ (स्थानीय तहको अधिकारको सूची) मा स्थानीयस्तरका साना सिँचाइ आयोजना, कुलो तथा नहरको मर्मत-सम्भार स्थानीय तहको अधिकारक्षेत्रमा रहेको छ। साझा अधिकारको सूची (अनुसूची ७) मा जलस्रोतको उपयोग, वातावरणीय प्रभाव मूल्याङ्कन तथा नदी बेसिन विकासलगायतका विषयहरू सङ्घ, प्रदेश र स्थानीय तहको साझा जिम्मेवारीमा रहेका छन् ।सुदूरपश्चिम प्रदेशको (कार्यविभाजन नियमावली), २०८१ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यजिम्मेवारीमा सिँचाइ सम्बन्धी नीति, कानून, गुरुयोजना, अध्ययन, अनुसन्धान, आयोजना निर्माण, सञ्चालन, मर्मत सम्भार, समन्वय, नियमन, सेवाको गुणस्तर, शुल्क निर्धारण, निजीक्षेत्रको लगानी सम्बन्धी कार्यहरू रहेका छन्।

प्रदेशको कृषियोग्य भूमिको अधिकतम उपयोग गर्न, उत्पादकत्व वृद्धि गर्न तथा कृषकलाई मौसमी जोखिमबाट संरक्षण गर्न सिँचाइ पूर्वाधारको विकास अपरिहार्य छ। प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेशस्तरको सिँचाइ व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमनको जिम्मेवारी वहन गर्दछ। सुदूरपश्चिम प्रदेश सरकारले वातावरण संरक्षण ऐन, २०७७ मार्फत जलस्रोतको दिगो व्यवस्थापन, वातावरणीय प्रदूषण नियन्त्रण तथा प्राकृतिक स्रोतको संरक्षणको व्यवस्था गरेको छ। यस ऐनले जलस्रोतको प्रदूषण नियन्त्रण, वातावरणीय प्रभाव मूल्याङ्कन तथा सिँचाइ आयोजनाहरूले पार्न सक्ने वातावरणीय प्रभावको न्यूनीकरणका लागि कानूनी आधार प्रदान गरेको छ।

नीतिगत रूपमा प्रदेशले जलस्रोतको दिगो र बहुआयामिक विकासका लागि जलस्रोत सम्बन्धी नीतिको मस्यौदा तयार गर्ने प्रक्रिया अगाडि बढाएको छ। यद्यपि, भौगोलिक जटिलताका कारण पहाडी क्षेत्रमा सिँचाइ आयोजनाहरूको लागत बढी हुनु र नदीजन्य प्रकोपका कारण निर्मित संरचनाहरूमा क्षति पुग्नु यस क्षेत्रका प्रमुख चुनौतीहरूका रूपमा रहेका छन्। समग्रमा, प्रदेशले आफ्नो कुल गार्हस्थ्य उत्पादनमा सिँचाइ र जलस्रोत क्षेत्रको योगदान बढाउन रणनीतिक योजनाहरूका साथ काम गरिरहेको देखिन्छ।

हाल जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू प्रदेश भित्रका नौ जिल्लाहरू : कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, बैतडी, दार्चुला, बझाङ, अछाम तथा बाजुराका जलस्रोत तथा सिँचाइ विकास सव-डिभिजन कार्यालय मातहत रहेका छन्। यसका साथै, प्रदेश भित्रका नौ वटै जिल्लाहरू कार्यक्षेत्र रहने गरी सुदूरपश्चिम प्रदेशबाट स्थायी रूपमा स्वीकृत गरी भूमिगत जलस्रोत तथा सिँचाइ विकास कार्यालय स्थापना गरिएको छ। साथै पथरैया मोहना सिँचाइ क्षेत्रको कमाण्डभित्र मर्मत सम्भार तथा सेवाको निरन्तरताका लागि पथरैया मोहना सिँचाइ व्यवस्था कार्यालय, कैलालीसमेतको स्थापना गरिएको छ।

प्रदेशमा हाल सतह सिँचाइ, भूमिगत सिँचाइ र नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीहरूमार्फत कृषि भूमिलाई सिञ्चित गर्ने कार्य भइरहेको छ। पछिल्लो तथ्याङ्कअनुसार प्रदेश सरकारको पहलमा हालसम्म २,०७४ किलोमिटर पक्की कुलो र २९८ किलोमिटर कच्ची कुलो निर्माण सम्पन्न भएको छ (प्रदेशको आर्थिक सर्वेक्षण २०८१)। भूमिगत सिँचाइतर्फ तराईका जिल्लाहरूमा २,३८१ वटा डिप तथा स्यालो ट्युबेलहरू जडान गरी सिँचाइ सेवा उपलब्ध गराइएको छ। यी पूर्वाधारहरूमार्फत कुल १८,१२८ हेक्टर नयाँ क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ भने पूराना आयोजनाहरूको मर्मत सम्भार र पुनः निर्माणबाट थप १३,५४७ हेक्टर क्षेत्रफलमा सेवा सुदृढीकरण गरिएको छ।

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशमा कुल सिंचित क्षेत्रफल ०.९६ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ४.१४ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ४१.९८ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिंचित क्षेत्रफलमध्ये २९.०१ प्रतिशत कुलो र ६८.३७ प्रतिशत नहरबाट सिंचित भएको छ भने पोखरीबाट २.१६ प्रतिशत तथा बोरिङ्गबाट ०.४६ प्रतिशत सिँचाइ भएको देखिन्छ (सुदुर पश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन २०८१ नेपाल राष्ट्र बैंक) ।

प्रदेशमा रानीजमरा कुलरिया सिँचाइ परियोजना तथा महाकाली सिँचाइ आयोजना जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू रहेका छन् । रानीजमरा कुलरिया सिँचाइ परियोजनाले कूल ३८ हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ भने महाकाली सिँचाइ आयोजनाले ३३ हजार ५२० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ । यी आयोजनाहरू सम्पन्न भएमा तराई क्षेत्रको कृषि उत्पादकत्वमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ।

### ७.९.३ मुख्य सवाल तथा चुनौती

१. **सिँचाइ पूर्वाधार विकास र आयोजना कार्यान्वयनः** कृषियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउनु, रानीजमरा कुलरिया सिँचाइ परियोजना (कैलाली) तथा महाकाली जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू लक्षित समयमा सम्पन्न गर्नु, आयोजना कार्यान्वयनमा देखिने ढिला-सुस्ती, बजेटको अपर्याप्तता, जग्गा अधिग्रहण तथा पुनः स्थापना जस्ता समस्याहरूलाई समयमै समाधान गर्नु, वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रक्रियाको जटिलतालाई न्यूनीकरण गर्नु, स्थानीय विवाद समाधान गरी निर्धारित समयमा सिँचाइ पूर्वाधार निर्माण कार्य सम्पन्न गर्नु।

२. **सिँचाइ प्रणालीको दिगो व्यवस्थापन तथा मर्मत-सम्भारः** निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूको नियमित मर्मत-सम्भार तथा दिगो व्यवस्थापन गर्नु, सिँचाइ उपभोक्ता समितिहरू सक्रिय बनाई परिचालन गर्नु, सिँचाइ पूर्वाधार मर्मतसम्भारका लागि पर्याप्त बजेटको व्यवस्थापन गर्नु।

३. **जलस्रोतको दिगो व्यवस्थापनः** जलवायु परिवर्तनका कारण जलस्रोतमा पर्ने असर न्यूनीकरण गर्नु, भूमिगत जलस्रोतको अत्यधिक दोहन नियन्त्रण गर्नु, पुनर्भरणको उचित व्यवस्था गर्नु, वन विनाश, चुरे क्षेत्रको अतिक्रमण तथा नदी जन्य सामग्रीको अव्यवस्थित उत्खनन् नियन्त्रण गरी जलस्रोतको दिगोपना कायम गर्नु, वन, वातावरण, खानेपानीसँग सम्बन्धित मन्त्रालयहरूसँगको समन्वयमा पानीभरण योजना कार्यान्वयन गर्नु।

४. **सतह सिँचाइ, भूमिगत सिँचाइ तथा लिफ्ट सिँचाइको सन्तुलित विकासः** भौगोलिक अवस्था (तराई, पहाड, हिमाल) अनुसारको प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गर्नु, सतह सिँचाइ, भूमिगत सिँचाइ तथा लिफ्ट सिँचाइको सन्तुलित विकास गर्नु, तराई क्षेत्रमा हुने भूमिगत जलस्रोतको दोहन रोक्नु, पहाडी क्षेत्रमा लिफ्ट सिँचाइ आयोजनाको निर्माण तथा सञ्चालन लागत घटाउनु, विद्युत् आपूर्ति नियमित गर्नु।

५. **सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यः** सिँचाइ आयोजनाहरूको विकासमा सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय तथा सहकार्य गरी स्रोतको दोहोरोपना नियन्त्रण गर्नु, आयोजना कार्यान्वयनमा हुने ढिलाइ न्यूनीकरण गरी जनअपेक्षा पूरा गर्नु, बहुउद्देश्यीय, जलाशययुक्त तथा अन्तर जलाधार आयोजनाहरूको विकास गरी बाह्रै महिना सिँचाइ सुविधा विस्तार गर्नु, प्रदेश सरकारले तयार गरेको सिँचाइ गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्नु।

६. **सिँचाइ परियोजनाका लागि लगानी तथा वित्तीय स्रोतः** ठूला सिँचाइ आयोजनाहरूलाई आवश्यक लगानीको व्यवस्था गर्नु, साना सिँचाइ आयोजनाहरूको निर्माण तथा मर्मतसंभारमा समुदायको सहभागिता वृद्धि गर्नु, सिँचाइ आयोजनामा सङ्घीय सरकारको योगदान वृद्धि गर्नु।

## ७.९.४ उद्देश्य

१. सिँचाइ सुविधाको विस्तार गर्नु।
२. नवीन प्रविधि र बहुआयामिक जल उपयोगलाई प्रबर्द्धन गर्नु।
३. एकीकृत जलस्रोत व्यवस्थापन र संस्थागत सुधार गर्नु।

## ७.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सिँचाइ सुविधाको विस्तार गर्नु ।** | |
| १. एकीकृत जलस्रोत तथा दिगो सिँचाइ रूपान्तरण गर्ने। | १.१ "मुहानदेखि खेतसम्म" अभियानमार्फत सबै कृषि योग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा सुनिश्चित गरिनेछ।<br>१.२ जलविद्युत र सिँचाइलाई जोडेर बहुउद्देश्यीय ठूला आयोजनाहरूको विकासमा जोड दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ परम्परागत सिँचाइलाई आधुनिक प्रविधिमा आधारित डिजिटल र स्वचालित प्रणालीमा रूपान्तरण गरिनेछ। |
| २. सिँचाइ पूर्वाधारको विस्तार र सुदृढीकरण गर्ने। | २.१ राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरू (रानीजमरा-कुलरिया सिँचाइ र महाकाली सिँचाइ) लाई समयमै सम्पन्न गर्न नेपाल सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।<br>२.२ अधुरा र निर्माणाधीन सतह तथा भूमिगत सिँचाइ आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ।<br>२.३ ठूला नदीहरूबाट लिफ्ट सिँचाइ र डाइभर्सन आयोजनाहरू सञ्चालन गर्न सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>२.४ पहाडी जिल्लाहरूमा साना सिँचाइ र कुलोहरूलाई पक्की बनाइनेछ।<br>२.५ विद्यमान नहर र कुलोहरूको नियमित मर्मत सम्भार र पुनस्र्थापना गरिनेछ।<br>२.६ तराईका कैलाली र कञ्चनपुरमा गहिरो र सतही ट्युबेल भूमिगत सिँचाइको विस्तार गरिनेछ।<br>२.७ पहाडी जिल्लाहरू बैतडी, डडेल्धुरा, अछाम, डोटी, बझाङ, बाजुरा, दार्चुलामा लिफ्ट सिँचाइ आयोजना निर्माणलाई प्राथमिकता दिइनेछ।<br>२.८ सिँचाइ नहरको माथि सौर्य उर्जाका प्यानल राखी विद्युतीकरणमा सहयोग पुऱ्याइनेछ र लिफ्ट योजना प्रयोग गर्न सापटी दिइनेछ। |
| **उद्देश्य २ : नवीन प्रविधि र बहुआयामिक जल उपयोगलाई प्रबर्द्धन गर्नु ।** | |
| १. नयाँ प्रविधि र जलवायु उत्थानशील सिँचाइको प्रबर्द्धन गर्ने। | १.१ सुख्खाग्रस्त र पहाडी क्षेत्रमा थोपा, फोहोरा र सोलार लिफ्ट सिँचाइ प्रविधिलाई विस्तार गरिनेछ।<br>१.२ प्लास्टिक पोखरी र आकासे पानी सङ्कलन प्रविधिलाई साना किसानसम्म पुऱ्याइनेछ।<br>१.३ नदी किनाराका उब्जाउ फाँटमा लिफ्ट सिचाईलाई प्रोत्साहन गरिनेछ।<br>१.४ जलवायु परिवर्तनको असर थेग्न सक्ने गरी मजबुत र दिगो सिँचाइ संरचनाहरू निर्माण गरिनेछ।<br>१.५ सिँचाइ आयोजनाको विकासका लागि उपलब्ध नवीन प्रविधिको उपयोगलाई जोड दिइनेछ। |
| **उद्देश्य ३ : एकीकृत जलस्रोत व्यवस्थापन र संस्थागत सुधार गर्नु ।** | |
| १. सिँचाइ परियोजनामा लगानी प्रबर्द्धन तथा स्रोत परिचालन गर्ने। | १.१ सार्वजनिक-निजी-सामुदायिक साझेदारी मोडेलमा सिँचाइ आयोजना सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>१.२ जलवायु वित्त तथा हरित बण्ड जस्ता नयाँ वित्तीय उपकरणको परिचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ विकास साझेदार (विश्व बैंक, एशियाली विकास बैंकसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।<br>१.४ सिँचाइ सेवा उपयोगकर्ताबाट समेत लागत साझेदारीको व्यवस्था गरिनेछ।<br>१.५ विकास साझेदार (विश्व बैंक, एशियाली विकास बैंकसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।<br>१.६ सिँचाइ सेवा उपयोगकर्ताबाट समेत लागत साझेदारीको व्यवस्था गरिनेछ। |
| २. संस्थागत सुदृढीकरण र उपभोक्ता सहभागितामा वृद्धि गर्ने। | २.१ सिँचाइ उपभोक्ता समितिहरूको क्षमता विकास गरी सञ्चालन र मर्मतमा उनीहरूको सक्रियता बढाइनेछ।<br>२.२ सिँचाइ सेवा शुल्क र व्यवस्थापनमा पारदर्शिता कायम गरिनेछ।<br>२.३ उपभोक्ता समुहको सक्रियतामा सिँचाइ योजनाको मर्मतसंभारको व्यवस्था मिलाई सिँचाइ सेवाशुल्कबाट उठेको रकम प्रयोगमा ल्याउन कार्यविधी तर्जुमा गरी लागू गरिनेछ। |
| ३. सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने। | ३.१ प्रदेश जलस्रोत नीति र नियमावली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>३.२ सिँचाइ आयोजनाको विकासमा अन्तर-सरकारी समन्वय संयन्त्र सुदृढ गरिनेछ ।<br>३.३ प्रादेशिक सिँचाइ गुरुयोजना तयार गरी कार्यान्वयनमा सहकार्य गरिनेछ। |

### ७.९.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **"मुहानदेखि खेतसम्म" एकीकृत सिँचाइः** पूराना कुलोहरूलाई मर्मत सम्भार तथा पानीको स्रोत संरक्षण गरी सतह सिँचाइ सुविधाको व्यवस्था, नदी छेउका अग्ला टार तथा पहाडी भू-भागमा लिफ्ट आयोजनाहरू सञ्चालन, सिँचाइ र जलविद्युत दुवै लाभ लिने गरी साना तथा मझौला जलाशयहरूको बहुउद्देश्यीय जलाशय आयोजना निर्माण।

२. **तराई-पहाड भूमिगत जल सिँचाइ विशेष कार्यक्रमः** साना किसानहरूलाई लक्षित गरी सामूहिक स्यालो तथा डिप ट्युबेल जडान, ट्युबेल सञ्चालनका लागि कृषि विद्युतीकरणमा अनुदान, भूमिगत जलस्तर स्थिर राख्न वर्षातको पानी सङ्कलन र पुनर्भरण, नदी किनारका फाँटहरूमा लिफ्ट योजना सञ्चालन गरी सर्बयाम सिँचाइ सुविधाको उपलब्धता।

३. **जलवायु अनुकूलित तथा प्रविधिमैत्री सिँचाइः** थोपा सिँचाइ र फोहोरा सिँचाइ प्रविधिमा ५० प्रतिशत देखि ७५ प्रतिशतसम्म अनुदान, आकाशे पानी सङ्कलन गरी हिउँदे खेतीका लागि प्रयोग गर्ने प्लास्टिक पोखरी तथा ट्याङ्की निर्माण (पानीको बहाव मापनलाई स्वचालित बनाउने डिजिटल सिँचाइ व्यवस्थापन ।

४. **नदी व्यवस्थापन तथा कृषि भूमि संरक्षणः** जग्गा उकास र एकीकृत खेती , तटबन्धबाट उकास भएको जमिनमा सिँचाइ पुऱ्याई सामूहिक खेती वा भूमिसुधार, बाँस रोपण र बायो-इन्जिनियरिङमार्फत ससाना खहरे खोलाहरूको नियन्त्रण, "सिँचाइ पुगेको ठाउँ, उत्पादनमा सघाउ" अभियान, सिँचाइ पूर्वाधार निर्माण, स्थानीय युवाहरूका लागि रोजगारी र व्यावसायिक खेती प्रबर्द्धन।

५. **सिँचाइ प्रणाली व्यवस्थापन तथा सुदृढीकरणः** सिँचाइ उपभोक्ता समितिहरूलाई आयोजना सञ्चालन र साधारण मर्मत सम्भार सम्बन्धी तालिम, प्रदेशभरका सिँचाइ आयोजनाहरूको तथ्याङ्क र अवस्था ट्र्याक गर्न सिँचाइ सूचना प्रणालीको प्रयोग गरी डिजिटल प्रोफाइल तयार, 'सिँचाइसँगै कृषि' प्याकेजअन्तर्गत बीउ, मल र प्राविधिक सहयोगका लागि कृषि मन्त्रालयसँग सहकार्य, बाढीले क्षतिग्रस्त सिँचाइ आयोजनाहरूको तत्काल मर्मतका लागि विपद् प्रतिकार्य।

## ७.१० जलउत्पन्न प्रकोप नियन्त्रण

### ७.१०.१ पृष्ठभूमि

जलउत्पन्न प्रकोप नियन्त्रण भनेको बाढी, पहिरो, डुबान, कटान र हिमताल विष्फोट जस्ता पानीबाट उत्पन्न हुने विपद्हरूको जोखिमलाई पहिले नै रोकथाम गर्ने, क्षति कम गर्ने (न्यूनीकरण गर्ने) र विपद् आएको अवस्थामा प्रभावकारी रूपमा व्यवस्थापन गर्ने समग्र प्रक्रिया हो।यसअन्तर्गत मुख्य रूपमा नदी नियन्त्रण, तटबन्ध निर्माण, नाला व्यवस्थापन जस्ता पूर्वाधारका विषयहरू पर्दछन् भने जोखिम क्षेत्र पहिचान, पूर्वसूचना प्रणाली, जनचेतना जस्ता पूर्वतयारीका उपायहरू अवलम्बन गर्ने विषय र विपद्को समयमा उद्धार, राहत र पुनःस्थापना जस्ता व्यवस्थापकीय कार्यहरू समावेश हुन्छन्, जसले मानव जीवन, सम्पत्ति र वातावरणलाई सुरक्षित राख्न मद्दत गर्छ।

सुदूरपश्चिम प्रदेश भौगोलिक रूपमा विविधतायुक्त हुनुका साथै यहाँका ठूला नदीहरू महाकाली, सेती, कर्णाली र पहाडी खोल्साहरूले वर्षायाममा ठूलो जनधनको क्षति पुऱ्याउने गरेका छन्। मुख्यतया बाढी, पहिरो, नदी कटान र डुबानलगायतका जलउत्पन्न प्रकोपले सुदुरपश्चिम प्रदेशलाई दुःख दिने गरेको देखिन्छ। सुदूरपश्चिम प्रदेशमा पहाडमा पहिरो र तराईका कैलाली तथा कञ्चनपुरमा नदी कटान र डुबानको दोहोरो चुनौती थपेको छ। यस प्रदेशको ठूलो हिस्सा नदी किनारा र भिरालो जमिनमा रहेकाले दिगो विकासका लागि प्रकोप नियन्त्रण एक अनिवार्य पूर्वाधार बनेको छ। प्रदेश सरकारले स्थापना कालदेखि नै नदी नियन्त्रण र जग्गा संरक्षणलाई उच्च प्राथमिकता दिँदै आएको छ।

नदी नियन्त्रणमार्फत उकास गरिएको जमिनलाई चक्लाबन्दी गरी आधुनिक र व्यावसायिक कृषिका लागि ठूलो क्षेत्रफल उपलब्ध गराउने अवसर छ। खर्चिलो पक्की तटबन्धको विकल्पमा स्थानीय सामग्री र वनस्पति जस्तैः बाँस, अम्रिसोको प्रयोग गरी जैविक इन्जिनियरिङमार्फत कम लागतमा प्रभावकारी नियन्त्रण गर्ने प्रचुर सम्भावना छ। नदी नियन्त्रणले जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित बनाई व्यवस्थित सहरीकरण र एकीकृत बस्ती विकासको मार्ग प्रशस्त गर्दछ। पर्यटन र हरित क्षेत्रः तटबन्ध गरिएका नदी किनाराहरूमा वृक्षारोपण गरी 'ग्रीन बेल्ट' निर्माण गर्ने र यसलाई पर्यटकीय पदमार्ग वा मनोरञ्जन क्षेत्रको रूपमा विकास गर्ने अवसर छ। प्रकोप नियन्त्रणलाई सिँचाइ र वातावरण संरक्षणसँग जोडेर एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणा कार्यान्वयन गर्ने सम्भावना रहेको छ।

## ७.१०.२ विद्यमान अवस्था

नेपालको संविधानको अनुसूची ६ र ९ बमोजिम जलस्रोत व्यवस्थापन, नदी नियन्त्रण र विपद् व्यवस्थापन प्रदेश र सङ्घको साझा तथा एकल अधिकार क्षेत्रभित्र पर्दछ। सुदूरपश्चिम प्रदेशले "प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" र "प्रदेश विपद् व्यवस्थापन तथा राहत वितरण निर्देशिका, २०७६" जारी गरी कानूनी आधार तयार गरेको छ। सङ्घीयस्तरको "जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०७२" र "नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८०" लाई प्रदेशले मुख्य मार्गनिर्देशक नीतिका रूपमा लिएको छ। प्रदेशले जलस्रोतको दीगो र बहुआयामिक विकास सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संरचनागत सुधारको पहल अगाडि बढाएको छ। यसअन्तर्गत जलस्रोतसम्बन्धी नीति मस्यौदा तयार गरिएको छ, जसले स्रोतको व्यवस्थापन, दिगोपन र समग्र विकासका लागि स्पष्ट दिशानिर्देश प्रदान गर्नेछ।

प्रदेश भित्रका साना तथा मझौला नदीहरूको तटबन्ध निर्माण, पहिरो नियन्त्रण, जग्गा उकास र जलजन्य विपद् (बाढी, पहिरो, डुबान) को न्यूनीकरण गर्ने जिम्मेवारी प्रदेश सरकारको रहेको छ। जलस्रोतको बहुआयामिक उपयोग र एकीकृत जलाधार व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ। नदी नियन्त्रण कार्यलाई केवल सुरक्षाका रूपमा मात्र नहेरी 'जग्गा उकास र उत्पादकत्वसँग जोड्ने नीति लिइएको छ। प्रदेशका विभिन्न नदी तथा जलस्रोतमा डुबान, बाढी र पहिरोको जोखिम न्यूनीकरण तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने कार्यहरू अगाडि बढिरहेका छन्। यसअन्तर्गत कान्द्रानदी र काडा नदी (कैलाली), बुढिगंगा नदी र कैलास खोला (अछाम), सेती नदी (डोटी, बझाङ, बैतडी), चौधर र दोदा नदी (कञ्चनपुर), रंगुन खोला (डडेल्धुरा) लगायतका नदीहरूमा डुबान तथा बाढी पहिरोजन्य विपद्को व्यवस्थापन कार्य सञ्चालन भइरहेको छ। यी कार्यहरूले नदी संरक्षण, जोखिम न्यूनीकरण र स्थानीय बस्तीहरूको सुरक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्।

सुदूरपश्चिम प्रदेशमा बाढी, पहिरो र नदी कटान जस्ता जलउत्पन्न प्रकोप जोखिम न्यूनीकरणका लागि प्रदेश सरकारले नदी नियन्त्रण तथा तटबन्ध निर्माण कार्यलाई उच्च प्राथमिकता दिँदै आएको छ। पछिल्लो तथ्याङ्कअनुसार प्रदेशका विभिन्न जोखिमयुक्त नदीहरूमा कुल १९२ किलोमिटर नदी नियन्त्रण तथा तटबन्ध (प्रोटेक्सन) को कार्य सम्पन्न भइसकेको छ। यी संरचनाहरूले बस्ती सुरक्षा मात्र नगरी कुल ३,६७१ हेक्टर कृषियोग्य जमिन उकास र कटानबाट जोगाउन महत्त्वपूर्ण भूमिका खेलेका छन्। बाढी र पहिरोबाट हुने तत्कालको क्षति न्यून गर्न आकस्मिक तटबन्ध र जैविक इन्जिनियरिङका कार्यहरूलाई पनि तीव्रता दिइएको छ। यसका साथै प्रदेश राजधानी तोकिएको क्षेत्र (गोदावरी पुल देखि ५ कि.मि. तल्लो तटीय क्षेत्र) मा नदी नियन्त्रणका लागि विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। यद्यपि, भौगोलिक जटिलता र ठूला नदीहरूको बहावका कारण अझै पनि तटबन्ध निर्माण र मर्मत सम्भारमा ठूलो लगानीको आवश्यकता रहेको छ।

## ७.१०.३ मुख्य सवाल तथा चुनौती

१. **पूर्वाधार निर्माण तथा नयाँ प्रविधिको प्रयोगः** पहाडी जिल्लाहरूमा भिरालो भू-बनोटका कारण पहिरो नियन्त्रण र नदी किनारमा गरिने तटबन्ध निर्माण कार्य कम खर्चिलो र चुनौती मुक्त बनाउनु,

आधुनिक र दिगो इन्जिनियरिङ प्रविधि प्रयोग गरी ग्याबियन, बालुवा वा माटोको प्याकिङ्ग र ढुङ्गाका तटबन्ध निर्माण गर्ने कार्यलाई सहज बनाउनु, खोला किनारमा बाँस, निङ्गालो, अम्रिसो, केतुकी रोपण गर्नु, निर्माण गरिएका तटबन्धलाई नियमित मर्मत सम्भार गर्नु, पूराना संरचनाहरूलाई क्षतिग्रस्त हुनबाट जोगाउनु।

२. **वातावरणीय प्रभाव र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणः** जलवायु परिवर्तनका कारण हुने 'क्लाउड ब्रस्ट' र आकस्मिक बाढीले गर्दा पूर्व-अनुमान, निर्मित संरचनाहरूलाई क्षतिग्रस्त हुनुबाट जोगाउनु, पहाडी क्षेत्रमा जथाभावी सडक खन्ने र वन विनासका कारण तल्लो तटीय क्षेत्रमा ढुङ्गा, बालुवा थुप्रिएर नदीको सतह बढ्ने प्रक्रिया रोक्नु, बाढीको जोखिम कम गर्नु, जलवायु परिवर्तनका कारण वर्षाको प्रकृतिमा आएको फेरबदलले संरचनाहरूमा क्षति पुग्ने जोखिम कम गर्नु, जैविक इन्जिनियरिङको प्रयोग गर्नु।

३. **जग्गा संरक्षण र उपयोग व्यवस्थापनः** नदी नियन्त्रणबाट उकास भएको जमिनको उचित स्वामित्व वितरण गर्नु, उकास क्षेत्रलाई कृषि उत्पादनमा जोड्न स्पष्ट कार्यविधिको निर्माण गरी कार्यान्वयन गर्नु, तराईका कैलाली र कञ्चनपुरमा नदी किनारका अव्यवस्थित बस्ती र प्राकृतिक निकास थुनिएका कारण हुने डुबान समस्या समाधान गर्नु, नदी उकास जमिनमा रोपण गरिएका बोट विरुवाको बिक्रीबाट प्राप्त हुने आयको व्यावसायिक उपयोगका लागि स्पष्ट कार्यविधि तयार गर्नु, वन र कृषिसँगको अन्तर-निकाय समन्वय गर्नु।

४. **नीतिगत तथा संस्थागत जिम्मेबारी एवम् पहलकदमीः** नदी नियन्त्रण, वन संरक्षण र कृषि विकास बीच एकीकृत समन्वय गरी निर्माण भएका तटबन्धहरूको बहुआयामिक लाभ (जस्तैः जग्गा उकास पछिको खेती) उपयोग गर्नु, नदीको बहाव परिवर्तन र जोखिमको वस्तुपरक तथ्याङ्क तथा विस्तृत सम्भाव्यता अध्ययनको आधारमा बजेट विनियोजन गर्नु।

५. **ठूला नदी व्यवस्थापनका लागि वित्तीय स्रोत र अन्तरदेशीय समन्वयः** महाकाली, सेती र कर्णाली जस्ता ठूला नदीहरूमा गरिने दीर्घकालीन तटबन्धका लागि प्रदेशको आवश्यक स्रोत व्यवस्थापन गर्नु, सङ्घ सरकार तथा दातृ निकायसँगको निर्भरता कम गर्नु, नेपाल-भारत सीमा क्षेत्रका नदीहरूमा हुने डुबान र कटान समस्या समाधानका लागि हुने कुटनीतिक पहलमा प्रदेश सरकारको भूमिका बढाउनु, महाकाली जस्ता अन्तरदेशीय सीमा नदीहरू र सेती जस्ता ठूला नदीहरूको व्यवस्थापनमा सङ्घीय सरकारसँगको समन्वय गरी लगानी सुनिश्चित गर्नु।

६. **जल उत्पन्न प्रकोप व्यवस्थापनः** जोखिम संवेदनशीलता अध्ययन तथा नक्साङ्कन सहित जलउपयोग गुरुयोजना तर्जुमा गर्नु, जोखिमपूर्ण भूसंवेदनशील भू-उपयोग योजनाअनुसार खेतीयोग्य जमिन, गाउँ/बस्ती, बजार, विद्युत्, खानेपानी र सडकलगायत विकासका पूर्वाधारको संरक्षण र दिगो सञ्चालन गर्नु, जलस्रोत तथा सिँचाइ संरचना निर्माण आयोजनासँगै जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि बाँध तथा जैविक प्रविधिबाट संरक्षण र व्यवस्थापन गर्नु।

## ७.१०.४ उद्देश्य

१. जनधन र भौतिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्नु।
२. दिगो र प्रविधिमैत्री प्रकोप नियन्त्रण प्रणालीको विकास गर्नु।
३. नदी उकास जमिनको संरक्षण र उत्पादनशील उपयोग गर्नु।

## ७.१०.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जनधन र भौतिक पूर्वाधारको सुरक्षा सुनिश्चित गर्नु ।** | |
| १. नदी नियन्त्रण तथा तटबन्ध पूर्वाधारको सुदृढीकरण गर्ने। | १.१ नदी कटानको उच्च जोखिम भएका नदीहरू जस्तैः रंगुन खोला, महाकाली, सेती, कर्णाली, कान्द्रा, बुढीगंगामा दीर्घकालीन प्रकृतिका तटबन्ध निर्माणका लागि सङ्घीय सरकारसँग समन्वय गरिनेछ।<br>१.२ निर्माणाधीन र अधुरा तटबन्ध आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरी बस्ती र कृषियोग्य जमिनको सुरक्षा गरिनेछ।<br>१.३ नदीको बहाव क्षेत्र पहिचान गरी जोखिमका आधारमा प्राथमिकता प्राप्त आयोजनाहरू सञ्चालन गरिनेछ।<br>१.४ पहाडमा पहिरो नियन्त्रण र तराईमा नदी कटान नियन्त्रणलाई एकै सूत्रमा जोड्न 'रिभर बेसिन' अवधारणा लागू गरिनेछ।<br>१.५ बाढी तथा जग्गा कटान न्यूनीकरणका लागि सङ्घीय र स्थानीय सरकारसँग सहकार्य गरी चुरे-भावर क्षेत्र संरक्षण गरिनेछ। |
| २. सुरक्षित र उत्थानशील जलाधार एवम् जग्गा उकास अभियान सञ्चालन गर्ने। | २.१ नदी नियन्त्रण कार्यलाई केवल तटबन्धमा सीमित नगरी 'जग्गा उकास र व्यावसायिक कृषि' सँग एकीकृत गरी सञ्चालन गरिनेछ।<br>२.२ नदी किनारमा आयमूलक वृक्षारोपण गरी नदी किनारको संरक्षण गरिनेछ।<br>२.३ "प्रकोप मुक्त बस्ती र उत्पादनशील बगर" को अवधारणा अनुरूप ठूला नदीहरूको गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ।<br>२.४ परम्परागत प्रविधिलाई आधुनिक इन्जिनियरिङ र जैविक प्रविधिसँग सम्मिश्रण गरी दिगोपन सुनिश्चित गरिनेछ। |
| **उद्देश्य २ : दिगो र प्रविधिमैत्री प्रकोप नियन्त्रण प्रणालीको विकास गर्नु ।** | |
| १. जैविक इन्जिनियरिङ र प्रकृतिमा आधारित समाधान कार्यान्वयन गर्ने । | १.१ जलवायु परिवर्तनका कारण उत्पन्न हुने आकस्मिक बाढी र विषम मौसमी घटनाहरूलाई सहन सक्ने गरी जलवायु उत्थानशील (Climate Resilient) पूर्वाधारहरूको विकास गरिनेछ।<br>१.२ कम लागतमा नदी किनार संरक्षण गर्न स्थानीय वनस्पतिको प्रयोग गरी जैविक इन्जिनियरिङलाई व्यापक बनाइनेछ।<br>१.३ उपल्लो तटीय क्षेत्रमा भू-क्षय रोक्न वृक्षारोपण र जलाधार संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.४ नदी किनारमा 'ग्रीन बेल्ट' निर्माण गरी वातावरणीय सन्तुलन कायम गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. विपद् पूर्व-तयारी र संस्थागत क्षमता विकास कार्यक्रम लागू गर्ने। | २.१ प्रकोपको पूर्वानुमान र पूर्व-सूचना प्रणालीलाई सुदृढ गर्दै विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तह र समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>२.२ नदीहरूमा पूर्व-सूचना प्रणाली जडान गरी जनधनको क्षति न्यूनीकरण गरिनेछ।<br>२.३ जलउत्पन्न प्रकोप सम्बन्धी विस्तृत तथ्याङ्क बैंक र डिजिटल नक्साङ्कन तयार गरिनेछ।<br>२.४ उपभोक्ता समिति र स्थानीय तहको क्षमता अभिवृद्धि गरी आकस्मिक मर्मत सम्भारमा उनीहरूको सक्रियता बढाइनेछ।<br>२.५ ठूला र सीमावर्ती नदीहरूको व्यवस्थापनका लागि सङ्घीय सरकार र दातृ निकायसँगको साझेदारीलाई मजबुत बनाइनेछ।<br>२.६ नदीको धार परिवर्तन हुने प्रवृत्तिको अध्ययन गरी सोहीअनुसारका लचिलो र किफायती संरचनाहरू निर्माण गरिनेछ। |
| **उद्देश्य ३ः नदी उकास जमिनको संरक्षण र उत्पादनशील उपयोग गर्नु ।** | |
| १. उकास जमिनको व्यवस्थापन र उपयोग कार्यक्रम सञ्चालन गर्ने । | १.१ नदी नियन्त्रणबाट उकास भएको जमिनको उत्पादकत्व बढाउन चक्लाबन्दी र एकीकृत सिँचाइ प्याकेज लागू गरिनेछ।<br>१.२ उकास जमिनको स्वामित्व र उपयोग सम्बन्धी स्पष्ट कार्यविधि बनाई भूमिहीन र साना किसानलाई कृषि कार्यमा सहभागी गराइनेछ।<br>१.३ नदी उकासमा खेती गर्ने सिमान्तकृत किसानहरूलाई जैविक (अर्गानिक) खेती गर्न प्रोत्साहन गरिनेछ। |

## ६.१०.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **प्रादेशिक गौरवको नदी नियन्त्रण तथा जग्गा उकासः** महाकाली, सेती, कर्णाली, कान्द्रा, कटैनी, चमेलिया, बुढीगंगा, चौधार र बनरा जस्ता ठूला तथा साना नदीहरूमा गुरुयोजनाअनुसार पक्की तटबन्ध निर्माण, तटबन्धबाट उकास भएको जमिनलाई चक्लाबन्दी गरी 'भूमिहीन लक्षित सामूहिक खेती' प्रबर्द्धन, तटबन्धको माथिल्लो भागमा सडक निर्माण, नदी उकास भएको बालुवायुक्त जमिनमा खरबुजा, तरकारी र घाँस खेती प्रोत्साहन।

२. **हरित तटबन्ध तथा जैविक इन्जिनियरिङः** ग्याबियन जालीसँगै स्थानीय बाँस, बेत, केतुकी र अम्रिसो प्रयोग गरी जैविक तटबन्ध निर्माण, नदी किनारमा वृक्षारोपण गरी भू-क्षय रोकथाम र वातावरण संरक्षण, भिरालो जमिन संरक्षण अन्तरगत पहाडी जिल्लाहरूमा पहिरो नियन्त्रणका लागि साना चेक ड्याम र बायो-इन्जिनियरिङ कार्य।

३. **विपद् उत्थानशील बस्ती तथा पूर्वाधार सुरक्षाः** बाढी र डुबानको उच्च जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण, तटबन्ध निर्माण, आकस्मिक प्रकोप मर्मत कोष निर्माण, बाढीले क्षतिग्रस्त बनाएका तटबन्ध र सिँचाइ संरचनाहरूको तत्काल पुनःनिर्माणका लागि 'द्रुत परिचालन इकाइ' गठन, सार्वजनिक पूर्वाधार सुरक्षा अन्तरगत पुल, सडक र खानेपानीका मुहानहरूलाई जलजन्य प्रकोपबाट जोगाउन विशेष संरक्षण कार्य।

४. **स्मार्ट पूर्व-सूचना तथा प्रविधि विस्तारः** डिजिटल बाढी पूर्वानुमान प्रणाली अन्तरगत विपद् पूर्व सूचना प्रणाली स्थापना र व्यवस्थापन, नदीको माथिल्लो तटीय क्षेत्रमा जलस्तर मापन केन्द्र स्थापना गरी तल्लो तटीय बस्तीमा 'एसएमएस' वा साइरनमार्फत सूचना दिने प्रणाली विकास, प्रदेशका सबै नदीहरूको जोखिम क्षेत्र र तटबन्धको अवस्था झल्कने डिजिटल प्रोफाइल तयारी, नदीको धार परिवर्तन र जलवायु परिवर्तनको प्रभाव अध्ययन गर्न प्राविधिक अध्ययन, खतरा एवम् जोखिम नक्साङ्कन (Hazard and risk Mapping) कार्यक्रम।

५. **सामुदायिक सहभागिता र जनचेतनाः** प्रकोप प्रतिकार्य स्वयंसेवक परिचालन अन्तरगत स्थानीय युवाहरूलाई प्रकोप उद्धार र तटबन्ध मर्मत सम्बन्धी तालिम 'विपद् प्रतिकार्य दस्ता' तयार, उपभोक्ता समिति सुदृढीकरण अन्तरगत तटबन्धको नियमित रेखदेख र मर्मतका लागि स्थानीय उपभोक्ता समितिहरूलाई अनुदान र प्राविधिक सहयोग, बाढी र पहिरोबाट बच्ने उपायबारे विद्यालय र समुदायमा सचेतना कार्यक्रम, "आफ्नो तटबन्ध आफैं जोगाऔं" कार्यक्रम अन्तरगत तटबन्धको संरक्षणमा खटिने स्थानीय बासिन्दा वा समुहलाई पुरस्कृत गर्ने र मर्मत सम्भारमा रोजगारी सिर्जना।

## ७.११ सूचना तथा सञ्चार प्रविधि

### ७.११.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचना सङ्कलन, भण्डारण, प्रशोधन, आदान-प्रदान तथा प्रसारण गर्न प्रयोग हुने प्रविधि र उपकरणहरूको समष्टिलाई जनाउँछ। यसमा कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाइल, सफ्टवेयर, नेटवर्क प्रणाली आदि समावेश हुन्छन्। प्रविधिको माध्यमबाट सूचना छिटो, सजिलो र प्रभावकारी रूपमा आदान-प्रदान गर्ने प्रणाली नै सञ्चार हो। सूचना तथा सञ्चार प्रविधि आधुनिक विकासको मेरुदण्ड र सुशासनको आधारभूत औजार हो। सुदूरपश्चिम प्रदेशले डिजिटल साक्षरता र सञ्चार पहुँचलाई प्राथमिकता दिँदै यस क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सञ्चार क्षेत्रको योगदान वृद्धि गर्ने लक्ष्यका साथ विभिन्न पूर्वाधारहरूको विस्तार भइरहेको छ।

प्रदेशका सबै भौगोलिक क्षेत्र, विशेष गरी ग्रामीण र दुर्गम भेगमा उच्च गतिको ब्रोडब्याण्ड इन्टरनेट र किफायती सञ्चार सेवाको विस्तार गरी डिजिटल विभाजन कम गर्ने र नागरिकको सञ्चारको हक प्रत्याभूत गरी "डिजिटल नेपाल फ्रेम वर्क" सँग सामञ्जस्यता कायम गर्दै प्रदेशका सरकारी सेवाहरूलाई 'अनलाइन' र 'पेपरलेस' बनाउने प्रचुर सम्भावना छ। दुर्गम क्षेत्रका विद्यालयहरूमा ई-लर्निङ र स्वास्थ्य केन्द्रहरूमा टेलिमेडिसिन सेवा विस्तार गरी गुणस्तरीय सेवा पुऱ्याउने अवसर छ। नागरिकको डिजिटल दक्षता अभिवृद्धि गर्दै सूचना प्रविधिलाई शिक्षा, स्वास्थ्य र कृषिसँग जोड्न तथा यस क्षेत्रमा नवप्रवर्तन र रोजगारीका अवसरहरू सिर्जना गरी प्रदेशको अर्थतन्त्रमा सञ्चार क्षेत्रको योगदान वृद्धि गर्न सकिन्छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सञ्चार क्षेत्रको योगदान बढाएर थप रोजगारी र उद्यमशीलता सिर्जना गर्न सकिन्छ। प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरूमा उच्च गतिको इन्टरनेट सुविधा पुऱ्याई **"डिजिटल टुरिजम"** को रूपमा विकास गर्ने अवसर छ। अति विकट हिमाली तथा पहाडी जिल्लाका दुर्गम स्थानका बासिन्दालाई ड्रोन प्रविधिसमेत अङ्गाली सम्भाव्यता अध्ययन, औषधि एवम् बिउबिजनको आपूर्ति, रोगीहरूको रगत तथा खकार सङ्कलन जस्ता कार्यहरू गर्न सकिने अवसर पनि रहेको छ। स्थानीय तहसम्म सूचना प्रविधिको सञ्जाल विस्तार गरी सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जबाफदेहता सुनिश्चित गर्ने सम्भावना छ।

## ७.११.२ विद्यमान अवस्था

नेपालको संविधानले सूचनाको हक (धारा २७) र सञ्चारको हक (धारा १९) लाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानको अनुसूची ६ र ९ बमोजिम सूचना तथा सञ्चार प्रविधि र आमसञ्चार सम्बन्धी व्यवस्था प्रदेश र सङ्घको साझा तथा एकल अधिकार क्षेत्रमा पर्छन्। यस क्षेत्रको प्रबर्द्धनका लागि नेपाल सरकारले विभिन्न किसिमका कानूनी व्यवस्थाहरू गरेको छ।जसअनुसार रेडियो ऐन २०१४, हुलाक ऐन २०१९, राष्ट्रिय समाचार समिति ऐन २०१९, सञ्चार संस्थान ऐन, २०२८, राष्ट्रिय प्रसारण ऐन २०४९, सूचनाको हक सम्बन्धी ऐन २०६४ आदि मुख्य रहेका छन्।यसैगरी सङ्घीय सरकारको "सूचना तथा सञ्चार प्रविधि नीति, २०७२" र "डिजिटल नेपाल फ्रेमवर्क, २०७६" लाई मुख्य मार्गनिर्देशक नीतिका रूपमा लिइएको छ। प्रदेशले सूचना तथा सञ्चारलाई व्यवस्थित गर्न 'प्रदेश रेडियो एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७७' जारी गरेको छ, जसले अनलाइन पत्रकारिता, आमसञ्चार माध्यमको दर्ता र नियमनका लागि सञ्चार रजिष्ट्रारको कार्यालयको व्यवस्था गरेको छ।

प्रदेशभित्रका आमसञ्चार माध्यम (एफ.एम., टेलिभिजन, अनलाइन) को इजाजत, नवीकरण र नियमन गर्ने तथा सरकारी सेवामा सूचना प्रविधिको प्रयोग (इ-गभर्नेन्स) मार्फत सुशासन प्रबर्द्धन गर्ने जिम्मेवारी प्रदेशको रहेको छ। सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, प्रभावकारी र कागजविहीन बनाउने तथा दुर्गम क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्ने नीति प्रदेशले लिएको छ। यसबाहेक, डिजिटल विभेद कम गर्न ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार, साइबर सुरक्षा र सूचना प्रसारणको दायित्व छ।

सुदूरपश्चिम प्रदेशमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकास सकारात्मक देखिन्छ।नेपाल राष्ट्र बैंकको एक अध्ययनका अनुसार गत आर्थिक वर्षसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकम तथा एनसेलबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको सङ्ख्या गत वर्षको तुलनामा ३.७० प्रतिशत वृद्धि भई ३४ लाख २५ हजार ८ सय ४२ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको सङ्ख्यामा ३.६९ प्रतिशतले वृद्धि भई ३५ लाख ८४ हजार ५ सय ३ पुगेको छ।

प्रदेशमा हालसम्म ८४ वटा एफ.एम. र सञ्चार क्षेत्र तथा ५ वटा टेलिभिजन प्रसारण कम्पनीहरू दर्ता भई सञ्चालनमा रहेका छन्।सरकारी सेवालाई प्रविधिमैत्री बनाउन कर्मचारीहरूका लागि सूचना प्रविधिसम्बन्धी तालिम र सफ्टवेयरहरूको प्रयोग सुरु गरिएको छ।कैलाली र कञ्चनपुर जिल्ला अदालतमा भिडियो कन्फरेन्स सञ्चालन, सार्वजनिक शौचालयमा सञ्चार सुरक्षा सचेतना, लोककल्याणकारी सामग्री प्रसारण र पत्रकार प्रशिक्षणलगायतका डिजिटल साक्षरताका कार्यक्रमहरू पनि सञ्चालनमा छन्।

अन्य प्रदेशको तुलनामा सुदूरपश्चिम प्रदेशमा इन्टरनेट र डिजिटल साक्षरताको दर अझै न्यून रहेको छ। सुदूरपश्चिमका पहाडी र दुर्गम जिल्लाहरूमा अप्टिकल फाइबर विस्तार र मोबाइल नेटवर्कको गुणस्तर कायम गर्नु प्रमुख भौगोलिक चुनौतीका रूपमा रहेको छ ।

### ७.११.३ मुख्य सवाल तथा चुनौती

१. **पूर्वाधार विकास र डिजिटल पहुँच विस्तारः** पहाडी र हिमाली दुर्गम जिल्लाहरूमा अप्टिकल फाइबर विस्तार गर्नु, मोबाइल टावरहरू स्थापना गर्न उच्च लागत व्यवस्थापन र प्राविधिक सेवा उपलब्ध गराउनु, सहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा अझै पनि गुणस्तरीय ब्रोडब्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउनु, दुर्गम क्षेत्रमा नियमित विद्युत सेवा नहुँदा सञ्चारका उपकरण र टावरहरूको नियमित सञ्चालन गर्नु, आईटी पूर्वाधार निर्माण गर्नु, ड्रोन प्रविधिको विकास तथा सुरक्षा कार्यमा प्रयोग बढाउनु।

२. **डिजिटल साक्षरता र जनशक्ति व्यवस्थापनः** प्रदेशमा सबैलाई इन्टरनेट सेवा उपलब्ध गराउनु, सबै सरकारी निकायहरूमा सूचना प्रविधि विज्ञको व्यवस्थापन गर्नु र दक्ष जनशक्तिलाई प्रदेशमा टिकाइ राख्नु।

३. **सुशासन र ई-गभर्नेन्सको सुनिश्चितताः** परम्परागत फाइल प्रणालीलाई कम गरी सरकारी सेवाहरूलाई पूर्ण रूपमा 'पेपरलेस' बनाउनु, विभिन्न सरकारी निकायहरूले प्रयोग गर्ने सफ्टवेयरहरू बीच अन्तर-आबद्धता कायम गरी सेवाग्राहीलाई सहजरूपमा सेवा उपलब्ध गराउनु, अनलाइन सेवालाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउनु, विश्वसनिय डाटावेश निर्माण गर्नु।

४. **नियमन र साइबर सुरक्षाः** सूचना प्रविधिको तिब्र विकासअनुसार कानूनको निर्माण गरी कार्यान्वयन गर्नु, डिजिटल प्रणालीको प्रयोग बढ्दै जाँदा डेटा गोपनीयता र साइबर सुरक्षाको सुनिश्चितता गर्नु, दर्ता भएका एफ.एम. रेडियो र टेलिभिजनहरूको दिगो सञ्चालन र गुणस्तर नियमन गर्नु, विभिन्न निकायहरूबीचको भूमिकालाई स्पष्ट गरी कार्यान्वयन गर्नु, डिजिटल सेवा प्रदायक निजी क्षेत्रको नियमन गर्नु, नियामक निकायको क्षमता अभिवृद्धि गरी थप जिम्मेवार बनाउनु, डिजिटल सेवामा नागरिकको पूर्ण विश्वास जित्नु आदि।

५. **आर्थिक लगानी र प्रतिफलः** कुल गार्हस्थ्य उत्पादनमा सञ्चार क्षेत्रको योगदान वृद्धि गर्नु, निजी लगानी आकर्षित गर्न आवश्यक सहुलियत र पूर्वाधारको विकास गर्नु, सूचना प्रविधिको क्षेत्रमा नयाँ खोज, अनुसन्धान र स्टार्टअप सम्बन्धी ठोस कार्यक्रम सञ्चालन गर्नु।

### ७.११.४ उद्देश्य

१. डिजिटल पूर्वाधारको विस्तार र पहुँच सुनिश्चित गर्नु।
२. सार्वजनिक सेवा प्रवाहमा 'ई-गभर्नेन्स' र सुशासन प्रवर्द्धन गर्नु।
३. डिजिटल साक्षरता र सूचना प्रविधिमा आधारित उद्यमशीलता विकास गर्नु।

## ७.११.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : डिजिटल पूर्वाधारको विस्तार र पहुँच सुनिश्चित गर्नु ।** | |
| १. डिजिटल सुदूरपश्चिम र प्रविधिमा आधारित सुशासन कायम गर्ने । | १.१ "डिजिटल सुदूरपश्चिम फ्रेमवर्क" तर्जुमा गरी सबै सरकारी सेवालाई अनलाइन र एकीकृत प्रणालीमा आबद्ध गरिनेछ।<br>१.२ डिजिटल डिभाइड न्यूनीकरणका लागि पिछडिएको वर्ग र क्षेत्रका लागि प्रविधिमा पहुँच बढाउन 'डिजिटल इन्क्लुजन' प्याकेज ल्याइनेछ।<br>१.३ "एक वडा, एक उच्च गतिको इन्टरनेट केन्द्र" अभियानमार्फत ग्रामीण डिजिटल पहुँच सुनिश्चित गरिनेछ।<br>१.४ सार्वजनिक प्रशासनलाई कागजविहीन बनाउन डिजिटल हस्ताक्षर र ई-हाजिरी प्रणालीलाई अनिवार्य गरिनेछ ।<br>१.५ सुदूरपश्चिम प्रदेशभित्र सञ्चालनमा रहेका आमसञ्चार माध्यमको लागि लोक कल्याणकारी विज्ञापनको निर्माण, प्रकाशन, प्रसारण गर्ने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन प्रसारण कार्यविधि, २०८१ को कार्यान्वयन गरिनेछ।<br>१.६ विकास र शान्ति सुरक्षा कार्यमा ड्रोन प्रविधिको प्रयोग गरिनेछ। |
| २. डिजिटल पूर्वाधारको सघन विस्तार गरी पहुँच सुनिश्चित गर्ने। | २.१ प्रदेशका दुर्गम र पहाडी क्षेत्रमा अप्टिकल फाइबर र ब्रोडब्याण्ड इन्टरनेटको सञ्जाल विस्तार गर्न दूरसञ्चार प्रदायकहरूसँग साझेदारी गरिनेछ।<br>२.२ मोबाइल नेटवर्क नभएका 'डेड जोन' हरूमा टावर निर्माण र फ्रिक्वेन्सी व्यवस्थापनमा पहल गरिनेछ।<br>२.३ सार्वजनिक स्थान, अस्पताल, स्वास्थ्य संस्था जस्ता क्षेत्र, अति आवश्यकीय सेवा एवम् पर्यटकीय क्षेत्र र शिक्षण संस्थाहरूमा निःशुल्क वा सहुलियतपूर्ण 'वाइफाइ हटस्पट' निर्माण गरिनेछ। |
| **उद्देश्य २ : सार्वजनिक सेवा प्रवाहमा 'ई-गभर्नेन्स' र सुशासन प्रबर्द्धन गर्नु ।** | |
| १. डिजिटल साक्षरता र जनशक्ति विकास गर्ने। | १.१ विद्यालय र समुदाय स्तरमा "डिजिटल साक्षरता अभियान" सञ्चालन गरी नागरिकको प्रविधि प्रयोग क्षमता बढाइनेछ।<br>१.२ सरकारी कर्मचारीहरूका लागि सूचना प्रविधि सम्बन्धी विशेष तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.३ स्थानीय युवाहरूलाई आइटी क्षेत्रमा उद्यमशीलता र स्वरोजगारका लागि प्रोत्साहन र सहुलियत दिइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ नागरिकको डिजिटल दक्षता अभिवृद्धि गर्दै सूचना प्रविधिलाई शिक्षा, स्वास्थ्य र कृषिसँग जोडिनेछ। |
| २. ई-गभर्नेन्स र डिजिटल सेवा प्रवाह प्रणाली विकास गर्ने। | २.१ 'प्रदेश पोर्टल' मार्फत सबै सरकारी सूचना र सेवाहरूलाई एकै ठाउँबाट प्राप्त हुने व्यवस्था मिलाइनेछ।<br>२.२ स्वास्थ्यमा 'टेलिमेडिसिन' र शिक्षामा 'ई-लर्निङ' प्लेटफर्महरूलाई ग्रामीण भेगसम्म विस्तार गरिनेछ।<br>२.३ स्थानीय तहका सेवाहरूलाई पूर्ण रूपमा सफ्टवेयरमा आधारित (इ-स्थानीय सरकार) बनाउन प्राविधिक सहयोग गरिनेछ।<br>२.४ विकासका अन्य क्षेत्रहरू (कृषि, सिँचाइ, सडक) तथा पूर्व सूचना केन्द्र प्रणालीमा सूचना प्रविधिलाई 'क्रस-कटिङ' औजारको रूपमा प्रयोग गरिनेछ। |
| **उद्देश्य ३ : डिजिटल साक्षरता र सूचना प्रविधिमा आधारित उद्यमशीलता विकास गर्नु ।** | |
| १. साइबर सुरक्षा, नियमन र आमसञ्चार विकास गर्ने। | १.१ प्रदेशको डाटा सेन्टरको सुरक्षाका लागि 'साइबर सेक्युरिटी प्रोटोकल' तयार गरी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेश आमसञ्चार ऐन बमोजिम सञ्चार माध्यमहरूको दर्ता, नवीकरण र नियमनलाई व्यवस्थित र डिजिटल बनाइनेछ।<br>१.३ प्रदेशको पर्यटन र सांस्कृतिक पहिचान प्रबर्द्धन गर्न डिजिटल मिडियाको अधिकतम उपयोग गरिनेछ।<br>१.४ स्थानीय आवश्यकताअनुसारका मोबाइल एप र सफ्टवेयर विकास गर्न 'आईटी हब' वा 'इन्नोभेसन सेन्टर' को प्रबर्द्धन एवम् स्थापना गरिनेछ। |

## ७.११.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **"डिजिटल सुदूरपश्चिम" सुशासन प्रबर्द्धनः** प्रदेशका सबै मन्त्रालय र निकायमा पेपरलेस प्रशासनको नीतिअनुसार हाजिरी, डिजिटल हस्ताक्षर र एकीकृत सरकारी फाइल व्यवस्थापन प्रणालीको कार्यान्वयन, सबै सरकारी सेवा, सूचना र गुनासो सुनुवाइलाई एउटै मोबाइल एप र वेबसाइटमा आबद्ध गरी प्रदेश एकीकृत पोर्टल निर्माण, "हेलो मुख्यमन्त्री" डिजिटल डेस्क सञ्चालन।

२. **ब्रोडब्याण्ड पहुँच र डिजिटल पूर्वाधार विस्तारः** "एक वडा, एक फ्रि-वाइफाइ जोन घोषणा, ग्रामीण क्षेत्रका वडा कार्यालय, स्वास्थ्य चौकी र सामुदायिक भवनहरूमा उच्च गतिको इन्टरनेट सुविधा विस्तार, अप्टिकल फाइबर ब्याकबोन विस्तार, सडक र विद्युत पूर्वाधारसँग समन्वय गरी मुख्य राजमार्ग र जिल्ला सदरमुकाम जोड्ने फाइबर जडान, 'डेड जोन' अन्त्यका लागि दुर्गम क्षेत्रमा टावर निर्माण तथा ड्रोन प्रविधिको प्रयोग।

३. **डिजिटल साक्षरता तथा मानव संशाधन विकासः** घर-घरमा डिजिटल साक्षरता अन्तरगत महिला, ज्येष्ठ नागरिक र पिछडिएका वर्गलाई लक्षित गरी आधारभूत मोबाइल र अनलाइन बैंकिङ सम्बन्धी तालिम, आईटी फेलोसिप र इन्टर्नसिप अन्तरगत आइटी पढेका युवाहरूलाई प्रदेशका सरकारी निकायमा प्रविधि सहयोगका लागि परिचालन, शिक्षक-विद्यार्थी ई-लर्निङ प्याकेज अन्तरगत सामुदायिक विद्यालयका शिक्षकहरूलाई सूचना प्रविधि तालिम र ल्यापटप खरिदमा सहुलियत।

४. **आईटी उद्यमशीलता र नवप्रवर्तनः** सुदूरपश्चिम आइटी हब निर्माणका लागि धनगढी र मुख्य सहरहरूमा 'को-वर्किङ स्पेस' र 'इन्क्युबेसन सेन्टर' स्थापना गरी आइटी स्टार्टअप प्रोत्साहन, अनलाइन माध्यमबाट काम गर्ने युवाहरूका लागि उच्च गतिको इन्टरनेट र निर्बाध विद्युत सुविधा भएका सेन्टरहरू निर्माण, स्थानीय भाषा र आवश्यकताअनुसारका कृषि, पर्यटन र स्वास्थ्य सम्बन्धी एपहरू विकासमा अनुदान, स्मार्ट टुरिजम अन्तरगत खप्तड, शुक्लाफाँटा र रामारोशन जस्ता पर्यटकीय क्षेत्रमा पर्यटकको सहजताका लागि डिजिटल म्यापिङ र सूचना केन्द्र स्थापना ।

५. **सञ्चार माध्यम सुदृढीकरण र साइबर सुरक्षाः** सञ्चार रजिष्ट्रार कार्यालय सुदृढीकरण, एफएम रेडियो, टेलिभिजन र अनलाइन मिडियाको दर्ता र नवीकरणलाई पूर्णतः अनलाइन बनाउने, साइबर सुरक्षा सचेतना अभियान अन्तरगत अनलाइन ठगी र साइबर अपराधबाट बच्न सुरक्षा निकायको समन्वयमा जनचेतना कार्यक्रम, सञ्चार माध्यम लोककल्याणकारी विज्ञापन अन्तरगत स्थानीय मिडियाको क्षमता विकास र सरकारी सूचनाहरूको समानुपातिक वितरण।

## परिच्छेद - आठ

# वन तथा वातावरण

यस परिच्छेदनमा वन तथा वातावरण क्षेत्र अन्तरगत वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापन, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, भू-संरक्षण तथा जलाधार व्यवस्थापन, र जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धी उपक्षेत्रगत विश्लेषण तल गरिएको छ। वन तथा वातावरण क्षेत्र देशको दिगो विकास, प्राकृतिक स्रोतको संरक्षण तथा भविष्यको पारिस्थितिक सन्तुलन कायम राख्न अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो। यसले वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापनले प्राकृतिक सम्पदाको दिगो उपयोग; वनस्पति तथा वन्यजन्तुको संरक्षण र पारिस्थितिक प्रणालीको सुदृढीकरणमा योगदान पुऱ्याउँछ। साथै वातावरण संरक्षण तथा फोहोर मैला व्यवस्थापनले सहरी तथा ग्रामीण क्षेत्रको स्वच्छता, सार्वजनिक स्वास्थ्य र वातावरणीय गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसै गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापनले माटो कटान, बाढी-पहिरो जस्ता प्राकृतिक जोखिम न्यूनीकरण गर्दै जलस्रोतको दिगो उपयोग सुनिश्चित गर्दछ, जसले कृषि, जलविद्युत र समग्र जीविकोपार्जन प्रणालीलाई प्रत्यक्ष प्रभाव पार्दछ।

जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन यस क्षेत्रको थप महत्त्वपूर्ण आयाम हो, जसले बढ्दो जलवायु जोखिम, तापक्रम वृद्धि, अनियमित वर्षा तथा प्रतिकूल मौसमी घटनाहरूबाट उत्पन्न असरलाई घटाउने र समुदाय तथा प्रणालीलाई अनुकूल बनाउन केन्द्रित गर्दछ। यी सबै उपक्षेत्रहरूको समन्वित कार्यान्वयनले पर्यावरणीय सन्तुलन कायम राख्दै दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने मात्र होइन, स्थानीय तथा राष्ट्रिय स्तरमा दीर्घकालीन वातावरणीय सुरक्षा सुनिश्चित गर्दछ। यसरी वन, वातावरण, जलाधार र जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूको एकीकृत विश्लेषण र व्यवस्थापनले समग्र विकास प्रक्रियालाई हरित, उत्थानशील र दिगो बनाउन आधार प्रदान गर्दछ।

## ८.१ वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापन

### ८.१.१ पृष्ठभूमि

वन संरक्षण अन्तरगत मुख्यतः अवैध कटानी रोक्ने, वन्यजन्तु संरक्षण गर्ने, जैविक विविधता जोगाउने, वन अतिक्रमण नियन्त्रण गर्ने विषयहरू पर्दछन् भने वन व्यवस्थापनमा दिगो रूपमा काठ, घाँस, जडीबुटीको उपयोग गर्ने, वन स्याहार (थिनिङ) गर्ने, वृक्षारोपण र पुनःवनरोपण र वन आगलागी नियन्त्रण जस्ता विषयहरू पर्दछन्। यसै गरी जैविक विविधता संरक्षण भन्नाले जैविक विविधतालाई नोक्सानी, लोप र विनाशबाट जोगाउने प्रक्रियालाई बुझाउँछ। यसमा लोपोन्मुख प्रजातिको संरक्षण, राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्र स्थापना, अवैध सिकार तथा व्यापार नियन्त्रण र जनचेतना अभिवृद्धिका कार्यक्रमहरू पर्दछन्। यसै गरी जैविक विविधता व्यवस्थापन भन्नाले विविधतालाई जोगाउँदै त्यसको उपयोग गर्ने विषय

पर्दछ। जसमा, विभिन्न प्रजातिको पहिचान र अभिलेखीकरण गर्ने, वासस्थानको व्यवस्थापन गर्ने, जडीबुटी, वन स्रोतको दिगो उपयोग गर्ने, संरक्षण क्षेत्रको योजना र सञ्चालन गर्ने विषयहरू पर्दछन्।
नेपालको संविधानअनुसार राष्ट्रिय वनको व्यवस्थापनसम्बन्धी अधिकार प्रदेशलाई प्रदान गरिएको छ। प्रदेशको अधिकार क्षेत्रभित्र प्रदेशभित्र रहेका राष्ट्रिय वन तथा अन्तरप्रदेशीय राष्ट्रिय वन, जल उपयोग र वातावरण व्यवस्थापन पर्दछन्। साथै सङ्घ र प्रदेशको साझा सूचीमा वातावरण संरक्षण, जैविक विविधता, अन्तरप्रदेशीय रूपमा फैलिएका वन तथा हिमाली क्षेत्रको संरक्षण र जल उपयोगसम्बन्धी विषयहरू समावेश छन्। यी संवैधानिक दायित्व प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रदेशमा मन्त्रालय, वन निर्देशनालय, वन डिभिजन कार्यालयहरू तथा वन अनुसन्धान केन्द्र स्थापना गरी संस्थागत संरचना व्यवस्थित गरिएको छ।

वन सुदूरपश्चिम प्रदेशका लागि मात्र नभई समग्र नेपालकै एक महत्त्वपूर्ण प्राकृतिक सम्पत्ति हो। प्रदेशको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार यहाँको कुल भू-भागको ५३.५६ प्रतिशत क्षेत्र वनले ढाकिएको छ। विविध हावापानी, समृद्ध जैविक विविधता, वनस्पति, वन्यजन्तु तथा नदीजन्य स्रोतका कारण यो प्रदेश प्राकृतिक स्रोतको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। वन क्षेत्रबाट प्राप्त हुने काष्ठ तथा गैर काष्ठ वन पैदावारले ऊर्जा, निर्माण सामग्री, पशु आहार तथा विभिन्न वातावरणीय सेवामार्फत प्रदेश तथा देशका अन्य भागलाई समेत सहयोग पुऱ्याउँदै आएको छ। हाल वनबाट उत्पादित काष्ठजन्य पैदावार मुख्यतः फर्निचर उद्योग र निर्माण क्षेत्रमा प्रयोग भइरहेको छ। तथापि, नियन्त्रणमुखी वन नीति र कडा कानूनी प्रबन्धका कारण वनको वैज्ञानिक तथा दिगो व्यवस्थापन पर्याप्त रूपमा हुन सकेको छैन। परिणामस्वरूप स्वदेशी काठले आन्तरिक माग धान्न नसक्ने, वनभित्र काठ कुहिएर नष्ट हुने तथा विदेशबाट काठ आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ, जुन प्रदेश र देश दुवैका लागि विडम्बनापूर्ण विषय हो।

प्रदेशको आधाभन्दा बढी भू-भाग वनले ढाकेको सन्दर्भमा वनको समुचित तथा वैज्ञानिक व्यवस्थापन गर्न सकिएमा यसले प्रदेशको समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउन सक्छ। दिगो वन व्यवस्थापनमार्फत वनमा आधारित उद्योग तथा व्यापार प्रबर्द्धन, पर्यटन विकास, रोजगारी सिर्जना तथा वैदेशिक रोजगारीमा निर्भरता न्यूनीकरण गर्न सकिने प्रचुर सम्भावना छ। साथै वन क्षेत्रको कार्बन सञ्चिति (कार्बन स्टक) व्यवस्थापन तथा कार्बन व्यापारबाट पनि प्रदेशले महत्त्वपूर्ण आर्थिक लाभ हासिल गर्न सक्ने अवसर रहेको छ।

## ८.१.२ विद्यमान अवस्था

प्रदेशको कार्यविभाजन नियमावली, २०८१ अनुसार वन क्षेत्रसम्बन्धी सम्पूर्ण जिम्मेबारी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत तोकिएको छ। उक्त नियमावलीले मन्त्रालयलाई वन संरक्षण तथा दिगो व्यवस्थापन, काष्ठ तथा गैरकाष्ठ वन पैदावारको दिगो उपयोग र प्रबर्द्धन, संरक्षण क्षेत्र तथा चरन क्षेत्र व्यवस्थापन, वन तथा वन्यजन्तु सम्बन्धी कार्य सञ्चालन तथा गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्ने अधिकार प्रदान गरेको छ। साथै वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको पहिचान, अभिलेखीकरण, अनुसन्धान, संरक्षण र व्यवस्थापन, संग्रहालय तथा चिडियाखाना सञ्चालनसम्बन्धी कार्यसमेत मन्त्रालयको जिम्मेबारीभित्र पर्दछन्। त्यसैगरी जडीबुटी संरक्षण, उत्पादन, प्रशोधन, उपयोग तथा बजारीकरणसम्बन्धी कार्यहरू पनि मन्त्रालयकै कार्यक्षेत्रमा समावेश छन्। यसरी नियमावलीले मन्त्रालयलाई वन क्षेत्रको संरक्षणदेखि आर्थिक उपयोग र प्रबर्द्धनसम्मका समग्र कार्यहरू सञ्चालन गर्ने जिम्मेवारी प्रदान गरेको छ।

मन्त्रालयअन्तर्गतको वन निर्देशनालय मातहत हाल १० वटा डिभिजन वन कार्यालय र ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेका छन। मन्त्रालय मातहत कर्मचारी क्षमता अभिवृद्धि तथा अध्ययन अनुसन्धानका लागि एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रहेको छ। संस्थागत संरचनामार्फत वन क्षेत्रको संरक्षण, व्यवस्थापन र अनुसन्धान कार्य प्रभावकारी रूपमा अघि बढाइँदै आएको छ। नीतिगत तथा कानूनी सुधारका सन्दर्भमा सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को संशोधन मस्यौदा तयार गरिएको छ। सुदूरपश्चिम प्रदेश वन नियमावली, २०७८ कार्यान्वयनमा रहेको छ। त्यस्तै नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा संशोधन गरिएको छ भने सामुदायिक वनको काठ-दाउरा सङ्कलन तथा बिक्री वितरण (पहिलो संशोधन) निर्देशिका, २०८१ जारी भएको छ। साथै वन, वन्यजन्तु, वातावरण, भू तथा जलाधार व्यवस्थापन र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रतर्फको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लागू गरिएको छ। वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वनबीचको दूरीसम्बन्धी मापदण्ड, २०८० तथा सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ-दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९ समेत कार्यान्वयनमा रहेका छन्। वन व्यवस्थापनलाई थप सुदृढ बनाउने क्रममा हालसम्म ३४५३ वटा सामुदायिक वन समुहहरू, १०२८ वटा कबुलियती वन समुह, ४६ वटा धार्मिक वन समुह, ३ वटा साझेदारी वन समुह रहेका छन। यसरी विभिन्न किसिमका वन समुहमार्फत करिब ५ लाख ५० हजार घरधुरी लाभान्वित भएका छन्।

नेपालको कुल भू-भागमध्ये करिब ४६.०८ प्रतिशत क्षेत्र वनले ढाकेको छ। सुदूरपश्चिम प्रदेशमा २०८१ मसान्तसम्म करिब १० लाख ४६ हजार ५८२ हेक्टर (५३.५६ प्रतिशत) भू-भाग वन क्षेत्रले ओगटेको छ। यो वन क्षेत्रले नेपालको कुल वन क्षेत्रको करिब १५.६३ प्रतिशत हिस्सा ओगटेको छ, जसले प्रदेशलाई वनसम्पदाको दृष्टिले समृद्ध प्रदेशका रूपमा स्थापित गरेको छ। स्थानीय तहको संरचनाअनुसार हेर्दा प्रदेशको वन क्षेत्रमध्ये करिब १६.९ प्रतिशत गाउँपालिकामा, १९.२ प्रतिशत नगरपालिकामा र ८.८ प्रतिशत उपमहानगरपालिकामा रहेको छ। प्रदेशमा स्वीकृत र प्रस्तावित गरी जम्मा १ लाख ७८ हजार ९८६ हेक्टर क्षेत्रमा वन संरक्षण क्षेत्र रहेको छ। सामुदायिक वन व्यवस्थापनतर्फ प्रदेशमा हाल ३,३५१ वटा सामुदायिक वन उपभोक्ता समुह सक्रिय छन्, जसले करिब ४,४१,७२९ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिरहेका छन्। त्यसैगरी ३ वटा साझेदारी वनले ७,३६४ हेक्टर क्षेत्र ओगटेका छन्। गरिबमुखी कबुलियती वनतर्फ १,०१९ वटा वन समुह रहेका छन्, जसले करिब ७,०४५ हेक्टर क्षेत्र समेटेका छन् भने १ वटा व्यावसायिक कबुलियती वनले ५८ हेक्टर क्षेत्रफल ओगटेको छ। त्यस्तै ४७ वटा धार्मिक वनले ३,०७६.२५ हेक्टर क्षेत्र समेटेका छन् भने २८० वटा निजी वनले करिब १९८ हेक्टर क्षेत्र ओगटेका छन्। यी तथ्याङ्कहरूले सुदूरपश्चिम प्रदेशमा वन स्रोतको व्यापकता र व्यवस्थापनको विविध संरचना स्पष्ट पार्दछन्, जसले संरक्षण र दिगो उपयोगका लागि महत्त्वपूर्ण आधार तयार गरेको छ।

ठूला वन्यजन्तुको बासस्थान तथा जैविक मार्ग (बायोलोजिकल करिडोर) पुनर्स्थापनाका उद्देश्यले कैलाली र कञ्चनपुर जिल्लास्थित लालझाडी-मोहना वन क्षेत्र र वसन्ता वन क्षेत्रलाई वन संरक्षण क्षेत्र घोषणा गरिएको छ। साथै डडेल्धुरा (१), डोटी (१) र बैतडी (२) जिल्लामा गरी ४ वटा वन क्षेत्र प्रस्तावित संरक्षण क्षेत्रका रूपमा रहेका छन्। प्रदेशमा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र खप्तड राष्ट्रिय निकुञ्जले संयुक्त रूपमा करिब ५३० वर्ग कि.मि. क्षेत्रफल ओगटेका छन् भने तिनका मध्यवर्ती क्षेत्रले करिब ४५९.५ वर्ग कि.मि.

क्षेत्र समेटेका छन्। त्यस्तै अपि-नम्पा संरक्षण क्षेत्रले करिब १,९०३ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ (स्रोतः प्रथम पञ्चवर्षीय योजना, २०७८/७९-२०८२/८३)। यसै प्रदेशका कैलाली र कञ्चनपुर जिल्ला वन डढेलोको उच्च जोखिमयुक्त क्षेत्रका रूपमा चिनिन्छन्।

वन क्षेत्रबाट प्राप्त उत्पादनले प्रदेशसहित देशका अन्य भागलाई समेत आवश्यक ऊर्जा, निर्माण सामग्री, पशुआहार तथा विविध वातावरणीय सेवा उपलब्ध गराउँदै आएको छ। कृषि, पर्यटन, वातावरण संरक्षण, जैविक विविधता र भौतिक पूर्वाधार विकासको आधारका रूपमा रहेको वन क्षेत्रबाट मुलुकको दैनिक आवश्यकताका करिब ७० प्रतिशत इन्धन काठ, ४० प्रतिशत पशुआहार, साथै जडीबुटीलगायतका काष्ठ तथा गैरकाष्ठ वन पैदावारको आपूर्ति हुँदै आएको छ (स्रोतः बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, अर्थ मन्त्रालय, २०८२)।

तर नियन्त्रणमुखी वन नीतिका कारण वन क्षेत्रमा वर्षेनी ठूलो परिमाणमा बहुमूल्य काठ कुहिएर वा डढेर नष्ट भइरहेको अवस्था छ भने अर्कोतर्फ आन्तरिक माग पूर्ति गर्न करोडौं मूल्य बराबरको काठ आयात गर्नुपर्ने विडम्बना देखिएको छ। निजी वनले अझै उद्यमको स्पष्ट मान्यता पाउन सकेको छैन भने सामुदायिक वन व्यवस्थापनमा उद्यमशीलताको स्तर न्यून छ। साथै वन व्यवस्थापनका सन्दर्भमा सङ्घ र प्रदेशबीच भूमिकागत अस्पष्टता कायम रहनुले संरक्षण र दिगो उपयोगमा चुनौती सिर्जना गरेको छ।

## ८.१.३ मुख्य सवाल तथा चुनौती

१. **राष्ट्रिय वन क्षेत्रको अतिक्रमण नियन्त्रणः** वनमा रहेको पैदावारको मौज्दात तथा वातावरणमा भएको क्रमिक ह्रासमा कमी ल्याउनु, वन डढेलो तथा अन्य प्राकृतिक घटनाका साथै जलवायु परिवर्तनका कारणहरूबाट वर्षेनी जनधनबाट हुने ठूलो क्षति रोक्नु, मानव वन्यजन्तु द्वन्द्वमा कमी ल्याउनु।

२. **वन क्षेत्रको दिगो व्यवस्थापनः** दिगो वन व्यवस्थापनमार्फत वन पैदावारको मागअनुसारको आपूर्तिमा सहजता ल्याउनु, वातावरणमैत्री पूर्वाधार विकास अभ्यासलाई वृद्धि गर्दै जानु, वन तथा वातावरण क्षेत्रको अधिकार संविधानको व्यवस्थाअनुसार प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गराउनु, सङ्घ र प्रदेशको साझा सूचीमा रहेका वातावरण संरक्षण र जैविक विविधता, अन्तर प्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण र जल उपयोग जस्ता विषयहरूमा तहगत क्षेत्राधिकारको अस्पष्टता हटाउनु; वन, जलाधार तथा वातावरण व्यवस्थापनमा कानूनी तथा व्यवहारिक कठिनाइमा कमी ल्याउनु, चोरी निकासीको समस्यालाई न्यूनीकरण गर्नु।

३. **मानव वन्यजन्तु अन्तरद्वन्द्व व्यवस्थापनः** त्यसैगरी सिमसार क्षेत्रको पहिचान, संरक्षण तथा व्यवस्थापन उचित मात्रामा गर्नु, वन्यजन्तुहरूको चोरी सिकारी र दुर्घटना (मानव वन्यजन्तु द्वन्द्व) जस्ता घटनाहरूमा कमी ल्याउनु, प्राकृतिक विपद् र मानवीय क्रियाकलापबाट वनमाथि परेको चाप कम गर्नु, अन्तरप्रदेशीय वनको संरक्षण व्यवस्थापनमा नीतिगत समस्याहरूलाई तीनै तहको सरकारको साझा मुद्दाका रूपमा स्थापित गरी समन्वय र सहकार्य स्थापित गर्नु।

४. **उद्यमशील र आत्मनिर्भर उन्मुख सामुदायिक वन व्यवस्थापनः** सक्रिय सामुदायिक वन समुहलाई उद्यमशीलतासँग जोड्नु, मूल्य अभिवृद्धि श्रृङ्खलामा लगानी वृद्धि गर्नु, बजार पहुँच, प्रशोधन र ब्रान्डिङको व्यवस्था मिलाउनु र नेतृत्व तथा वित्तीय व्यवस्थापन क्षमता वृद्धि गर्नु।

५. **वन संरक्षण क्षेत्रहरूको प्रभावकारी व्यवस्थापनः** स्वीकृत र प्रस्तावित संरक्षण क्षेत्रको स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्नु, वनक्षेत्रको स्पष्ट सीमाङ्कन गर्नु, खोलाको बालुवा, ढुङ्गा तथा माटोको प्रयोगमा खानी तथा वनक्षेत्रको स्पष्टता ल्याउनु, जैविक मार्ग (कोरिडोर) संरक्षणमा अन्तरनिकाय समन्वय बलियो बनाउनु, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नु र पर्याप्त बजेट र जनशक्तिको व्यवस्थापन गर्नु।

६. **सङ्घ-प्रदेशको साझा अधिकारको स्पष्टताः** कानूनी र नीतिगत अधिकार बाँडफाँटलाई थप स्पष्ट पार्नु तदनुसार संस्थागत संरचना पुनरावलोकन गर्नु।

७. **वन डढेलो र जलवायु परिवर्तनको जोखिम न्यूनीकरणः** उच्च जोखिमयुक्त क्षेत्रको व्यवस्थापन गर्नु, पूर्वतयारी, उपकरण र जनशक्ति व्यवस्थापन गर्नु, जलवायु परिवर्तनका कारण सुख्खा अवधि लम्बिँदै जानु र समुदायस्तरमा चेतना र सहभागिता वृद्धि गर्नु।

## ८.१.४ उद्देश्य

१. वन संरक्षण र दिगो व्यवस्थापनलाई थप सुदृढ बनाउनु।
२. वनको उत्पादन र उत्पादकत्त्व वृद्धि गर्नु।

## ८.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : वन संरक्षण र दिगो व्यवस्थापनलाई थप सुदृढ बनाउनु ।** | |
| १. वनसँग प्रत्यक्ष रूपमा सम्बन्धित निकाय/ संस्थाहरूको संस्थागत विकास गर्ने। | १.१ वन संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक प्रादेशिक कानूनहरूको निर्माण गरिनेछ।<br>१.२ वनसँग सम्बन्धित विषयगत मन्त्रालय र सो मातहतका निकायहरूको संस्थागत क्षमता विकास गरिनेछ।<br>१.३ वनको विकास तथा व्यवस्थापनमा टेवा पुऱ्याउन वन व्यवस्थापनमा आवद्ध उपभोक्ता समुहहरूको क्षमता विकास गरिनेछ।<br>१.४ स्थानीय सरकारहरूको क्षमता विकासमा सहयोग गरिनेछ।<br>१.५ जडिबुटीलगायत गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ।<br>१.६ सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ संशोधन गरी कार्यान्वयनयोग्य बनाइनेछ।<br>१.७ सबै सामुदायिक वन उपभोक्ता समुहमा आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणाली कार्यान्वयनमा ल्याइनेछ।<br>१.८ दिगो वन व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. वन अतिक्रमण नियन्त्रण गर्ने। | २.१ प्रदेशअन्तर्गत रहेका सबै किसिमका वनहरूको लगत तयार गरिनेछ।<br>२.२ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन गरिनेछ।<br>२.३ अतिक्रमित वन क्षेत्र पहिचान तथा नियन्त्रण गरी पुनस्थापना गरिनेछ।<br>२.४ वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूसँगको संलग्नतामा वन क्षेत्र सुरक्षा तथा अतिक्रमण नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। |
| ३. वन डढेलो नियन्त्रण गर्ने। | ३.१ डढेलो नियन्त्रणका लागि कानूनी प्रबन्ध र योजना निर्माण गरिनेछ।<br>३.२ वन डढेलो लाग्न नदिन र नियन्त्रणका उपायहरूको बारेमा वन उपभोक्ता समुह र सम्बन्धित सरोकारवालाहरूलाई अभिमुखीकरण गरिनेछ।<br>३.३ डढेलो नियन्त्रणमा संलग्न कर्मचारीहरू (अग्नि नियन्त्रक) को क्षमता विकास गरिनेछ।<br>३.४ डढेलो नियन्त्रणका लागि सम्बन्धित सरोकारवालहरूको क्षमता अभिवृद्धि गरी वन डढेलो नियन्त्रण सामग्रीहरू हस्तान्तरण गरिनेछ।<br>३.५ आवश्यक पूर्वाधार निर्माणका साथै अग्नि नियन्त्रक औजारहरूको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ : वनको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।** | |
| १. सहभागितामूलक वन व्यवस्थापन गर्ने। | १.१ कृषि वनको अवधारणाअनुसार बजारको मागअनुसारको वस्तुहरूको उत्पादन गरिनेछ।<br>१.२ समुदायमा आधारित वनको विकास तथा व्यवस्थापनमा आबद्ध उपभोक्ता समुहहरूलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।<br>१.३ वन जङ्गलमा नियन्त्रित रूपमा सिजनल खरखडाइ कटान तथा चरिचरनको अनुमति दिइनेछ।<br>१.४ समुदायहरूसँगको सहकार्यमा वनक्षेत्रभित्र खाली रहेका स्थानहरूमा कृषि वन प्रणाली विकास गरिनेछ।<br>१.५ वन पैदावारमा आधारित उद्योगहरू सञ्चालनका लागि निजी क्षेत्र एवम् समुदायहरूलाई प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.६ उपयुक्त वनक्षेत्रहरूमा पर्यापर्यटन प्रबर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.७ गरिब विपन्न तथा सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। |
| २. वन अनुसन्धान तथा जनचेतना र क्षमता विकासका कार्यक्रमहरू समन्वयात्मक रूपमा गर्ने । | २.१ दिगो वन व्यवस्थापन एवम् जैविक विविधता संरक्षण र उपयोगसम्बन्धी अध्ययन अनुसन्धानका लागि आर्थिक सहयोग प्रदान गरिनेछ।<br>२.२ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको भूमिकालाई वन तथा जैविक विविधताको अध्ययन अनुसन्धानमा थप प्रभावकारी बनाइनेछ।<br>२.३ प्रदेशभित्रका रैथाने वनस्पति तथा औषधिजन्य वनस्पतिहरूको पहिचान, संरक्षण र विस्तार गरिनेछ।<br>२.४ वन क्षेत्रको उत्पादकत्व वृद्धि, उपयोग र लाभको बाँडफाँट सम्बन्धमा स्थानीय सरकार र समुदायको क्षमता वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.५ प्रदेशअन्तर्गत रहेका वनको किसिमअनुसारको लगत तयारी र अध्यावधिक गरिनेछ।<br>२.६ जडिबुटीजन्य वनस्पतिको व्यावसायिक खेती प्रबर्द्धनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२.७ जडिबुटीको पकेट क्षेत्र पहिचान गरी जडिबुटीको दिगो सङ्कलन, प्रशोधन र बजारीकरणका माध्यमबाट मूल्य अभिवृद्धि श्रृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ।<br>२.८ नेपाल सरकारसँगको समन्वयमा सेन्टर अफ एक्सेलेन्सको अवधारणा अनुरुप हुने गरी जडिबुटी अनुसन्धान तथा प्रशोधन कार्य गरिनेछ।<br>२.९ मिचाहा प्रजाति नियन्त्रणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>२.१० कार्बन व्यापार र हरित वित्त (Green Finance) को न्यायोचित व्यवस्थापनको लागि नेपाल सरकारसँग पैरवी गरिनेछ।<br>२.११ राष्ट्रिय निकुञ्ज क्षेत्रबाट मापदण्डका आधारमा नदीजन्य पदार्थ उत्खननका लागि सङ्घ सरकारसँग समन्वय गरी विपद् जोखिम न्यूनीकरण र आन्तरिक स्रोत वृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. वन्यजन्तु ओहोरदोहोर हुने जैविक मार्गको विकास तथा मानव वन्यजन्तुबीचको द्वन्द्व घटाउने र क्षतिपूर्तिलाई व्यवस्थित गर्ने। | ३.१ यस प्रदेश र जोडिएका प्रदेशहरूको वन संरक्षण क्षेत्र तथा निकुञ्जहरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविक मार्गका रूपमा विकास गरी वन्यजन्तुबाट मानव बस्ती र बालीनालीको संरक्षण गरिनेछ।<br>३.२ नेपाल सरकारसँगको सहकार्यमा वन तथा संरक्षित क्षेत्र हुँदै जाने राजमार्गहरूमा तत्काल सुधार गरी वन्यजन्तु वारपार गर्नसक्ने सुरुङ मार्ग वा पुलहरूको विकास गरिनेछ।<br>३.३ वन्यजन्तुबाट हुने मानवीय तथा बालीनालीको क्षति भएका पीडितलाई यथाशीघ्र सहयोग उपलब्ध गराइनेछ। साथै, त्यस्ता क्षतिको सम्भावनालाई ध्यानमा राखी बीमाको व्यवस्था गरिनेछ।<br>३.४ मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रबर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ।<br>३.५ वन्यजन्तु उद्धारका लागि साधन स्रोत सहितको वन्यजन्तु उद्धार टोली गठन गरी परिचालन गरिनेछ।<br>३.६ समुदायमा आधारित वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न वन समुहहरूलाई प्रोत्साहन गरिनेछ।<br>३.७ वन्यजन्तु ओहरदोहर गर्ने स्थानहरूमा रहेका मानव बस्तीहरूलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।<br>३.८ नेपाल सरकारसँगको समन्वय र सहकार्यमा संरक्षण क्षेत्र, वन्यजन्तु आरक्ष, राष्ट्रिय निकुञ्ज आदिको विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। |
| ४. समुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउने। | ४.१ साझेदारी/सामुदायिक वनलाई थप समावेशी र व्यापक बनाउँदै<br>४.२ समुदायका विपन्न र सीमान्तकृत वर्ग एवम् महिलाहरूलाई प्राथमिकताकासाथ संलग्न गरी लाभान्वित गरिनेछ।<br>४.३ सार्वजनिक खाली जग्गाहरूमा वन पैदावार उत्पादन गर्ने खालका<br>४.४ प्रजातिहरू लगाई वनक्षेत्रको विस्तार र आपूर्तिमा सघाउने नीति तथा कार्यकम तर्जुमा गरिनेछ।<br>४.५ रैथाने लोपोन्मुख प्रजाती र उच्चमूल्यका जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारका विरुवा उत्पादन गरी वृक्षारोपण गरिनेछ। |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | ४.६ विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिनेछ।<br>४.७ साझेदारी, सामुदायिक तथा कबुलियती वनहरूमा तुलनात्मक लाभ हुने उच्च मूल्यका जडीबुटी र वन अनुकूल फलफूल रोपण तथा गैह्रकाष्ठ वन पैदावारको खेती लगाउन प्रोत्साहन गरिनेछ।<br>४.८ प्रत्येक गाउँ/नगरपालिकामा वन नर्सरी स्थापना तथा सञ्चालन गरिने नीति लिइनेछ। |
| ५. निजी वन विकासमा प्रोत्साहन गर्ने । | ५.१ निजी वनमा उत्पादित वन पैदावारको कटान तथा ओसारपसारलाई सहज बनाइनेछ।<br>५.२ निजी वन विकास गर्न चाहने परिवारहरूलाई उद्योग सरह आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।<br>५.३ निजीरूपमा वन्यजन्तु पालन गर्नका लागि आवश्यक मापदण्ड तयार गरी तदनुसार पालनपोषणको अनुमति दिइनेछ। |
| ६. चोरी सिकार तथा चोरी निकासी नियन्त्रण गर्ने। | ६.१ प्रचलित वनसम्बन्धी कानूनहरूका बारेमा सम्बद्ध सरोकारवाला एवम् स्थानीय जनसमुदायलाई अभिमुखीकरण गरिनेछ।<br>६.२ समुदायमा आधारित चोरी निकासी नियन्त्रण इकाइ गठन गरी परिचालन गरिनेछ।<br>६.३ चोरी सिकार तथा चोरी निकासीसम्बन्धी सम्भाव्य क्षेत्रहरूमा सूचना सङ्कलनका लागि सुराकी परिचालन र प्रविधि उपयोगमा ल्याइनेछ।<br>६.४ नियमित गस्ती एवम् अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।<br>६.५ सम्बद्ध सरोकारवालाहरूका बीचमा प्रभावकारी समन्वय एवम् सहयोगको आदानप्रदान गरिनेछ। |

### ८.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. नीति निर्माण,
२. मुख्य सडक क्षेत्रको दायाँ बायाँ हरियाली,
३. सार्वजनिक जग्गा र सडक किनारा वृक्षारोपण,
४. नदी उकास क्षेत्रमा वृक्षारोपण तथा संरक्षण,
५. वन पैदावारमा आधारित उद्यम विकास,
६. प्रदेश वन विकास गुरुयोजना तयारी,

७. प्रदेश वन क्षेत्रको रणनीति निर्माण,
८. वन्यजन्तु संरक्षण,
९. सिमसार क्षेत्र संरक्षण तथा सम्बर्धन,
१०. उपयोगी काठ र जडीबुटी उत्पादन प्रोत्साहन,
११. वन क्षेत्र सीमाङ्कन र तारबार,
१२. अनुसन्धान तथा क्षमता विकास,
१३. सार्वजनिक जग्गा अतिक्रमण न्यूनीकरण,
१४. पर्यापर्यटन प्रबर्द्धन तथा जडीबुटी संरक्षण र विकास,
१५. वन डढेलो नियन्त्रण,
१६. कृषि वन नर्सरी सञ्चालन,
१७. निजी वन प्रबर्द्धन,
१८. सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, वन संरक्षण क्षेत्र व्यवस्थापन,
१९. धार्मिक तथा अन्य सार्वजनिक क्षेत्रमा वन विस्तार,
२०. मानव र वन्यजन्तु द्वन्द्व व्यवस्थापन,
२१. जैविक मार्ग व्यवस्थापन,
२२. वन अतिक्रमण नियन्त्रण,
२३. वनको दिगो व्यवस्थापन,
२४. चोरी सिकार तथा चोरी निकासी नियन्त्रण,
२५. मिचाहा प्रजाति नियन्त्रण,
२६. जडिबुटीजन्य वनस्पति वृक्षारोपण एवम् व्यवसायीकरण,
२७. बहुमूल्य वनस्पति प्रबर्द्धन,
२८. सहरी हरियाली प्रबर्द्धन,
२९. समुदायमा आधारित हरित, दिगो तथा पर्यावरणमैत्री विकास कार्यक्रम।
३० निजी वन र वन्यजन्तु फार्म प्रबर्द्धन।

## ८.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ८.२.१ पृष्ठभूमि

वातावरण मानव जीवनको स्वास्थ्य, सुरक्षाको भावना र समग्र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको महत्त्वपूर्ण आधार हो। नेपालको संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रत्याभूत गरेको छ। साथै वातावरणीय प्रदूषणबाट पीडित नागरिकले प्रदूषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने व्यवस्था पनि संविधानले सुनिश्चित गरेको छ। वातावरण संरक्षणलाई सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको साझा कार्यक्षेत्रका रूपमा राखिएको छ भने प्रदेशस्तरमा वातावरणीय संरक्षण, स्वच्छता, प्रविधि विकास तथा व्यवस्थापनसम्बन्धी जिम्मेवारी प्रदेश सरकारलाई प्रदान गरिएको छ। प्रदेशमा वातावरण संरक्षण, स्वच्छता प्रबर्द्धन, सूचना व्यवस्थापन, प्रदूषण नियन्त्रण, अनुगमन तथा नियमन, वातावरणमैत्री विकास प्रबर्द्धन, हरित क्षेत्र विस्तार तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी कार्यहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालन हुँदै आएका छन्।

औद्योगिक क्षेत्रमा प्रयोग हुने रासायनिक पदार्थ, उद्योगबाट निस्कने विषाक्त फोहोर, कृषिमा अत्यधिक प्रयोग हुने विषादी तथा रासायनिक मल, प्लास्टिक तथा प्लास्टिकजन्य वस्तु, र अव्यवस्थित फोहोरमैला व्यवस्थापनका कारण जल तथा जमिन दिनानुदिन प्रदूषित हुँदै गएका छन्। माथिल्लो जलाधार क्षेत्रमा हुने प्रदूषण नदीमार्फत बगेर तल्लो तटीय क्षेत्रमा पुग्ने हुँदा प्रदेशका विभिन्न भागमा यसको प्रत्यक्ष र अप्रत्यक्ष असर परेको देखिन्छ।

यस प्रदेशमा पनि जल र वायु गुणस्तरमा क्रमशः ह्रास भइरहेको अनुभव गरिएको छ। विशेषगरी उद्योग सञ्चालन भएका क्षेत्र र घना बस्ती हुँदै बग्ने नदी तथा जलाशयमा फोहोर मिसिने समस्या बढ्दो छ। नागरिकस्तरमा वातावरणीय चेतनाको अभाव, पर्याप्त कानूनी व्यवस्था र प्रभावकारी कार्यान्वयनको कमीका कारण वातावरण प्रदूषण गम्भीर चुनौतीका रूपमा देखिएको छ। साथै वायु, जल तथा माटो प्रदूषणसम्बन्धी तथ्याङ्क सङ्कलन र नियमित अनुगमनका लागि आवश्यक स्रोतसाधन तथा प्राविधिक क्षमताको अभाव रहेको छ। वातावरण संरक्षणमा संस्थागत, सामुदायिक तथा व्यक्तिगत तहमा प्रतिबद्धता र सहकार्य पनि पर्याप्त रूपमा सुदृढ हुन सकेको छैन।

तर, वातावरण संरक्षण तथा दिगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा सङ्घीय र प्रदेश सरकारको प्रतिबद्धता, स्वच्छ वातावरणमा बाँच्न पाउने संवैधानिक हकको सुनिश्चितता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था र विकास साझेदारहरूको सहयोग, तथा नागरिकहरूमा वातावरण र फोहोर व्यवस्थापनसम्बन्धी बढ्दो सचेतना यस क्षेत्रका सकारात्मक पक्षका रूपमा देखिन्छन्। यी अवसरहरूलाई सदुपयोग गर्न सकेमा प्रदेशमा वातावरण संरक्षण र दिगो विकासका लक्ष्यहरू हासिल गर्न सकिने सम्भावना उच्च रहेको छ।

## ८.२.२ विद्यमान अवस्था

संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। सुदूरपश्चिम प्रदेशमा वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापनको अवस्था मिश्रित खालको रहेको छ। एकातिर केही भए पनि नीतिगत संरचना तयार गरिएका छन्। तथापि अर्कोतिर कार्यान्वयन, स्रोतसाधन र प्रविधिगत क्षमतामा चुनौतीहरू विद्यमान छन्। यसलाई संबोधन गर्न प्रदेश सरकारले वातावरण तथा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक नीतिगत तथा कानूनी संरचना पनि विकास गरिरहेको छ।

सङ्घीय तहमा राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय वातावरण नीति, २०७६ जस्ता नीतिहरू निर्माण गरिएका छन् भने प्रदेश तहमा वातावरण संरक्षण ऐन, २०७७ लागू गरिएको छ। यस प्रदेशमा वातावरण संरक्षण सम्बन्धी कार्यहरू उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत सञ्चालनमा छन्। वातावरणमा धुँवा, धुलो नियन्त्रण गरी वायु गुणस्तर कायम राख्न, फोहोरमैला व्यवस्थापन, पानीका स्रोत संरक्षण, वन तथा हरियाली प्रबर्द्धन र वातावरण सरसफाइ जस्ता कार्यहरू समावेश छन्, जसले दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन सक्छन्।

हाल वातावरणीय अनुगमन, प्रदूषण नियन्त्रण, हरित क्षेत्र प्रबर्द्धन र प्राकृतिक स्रोत संरक्षणसम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् र केही हदसम्म दिगो विकास लक्ष्यसँग तालमेल गर्ने प्रयास भइरहेको

छ। तर कार्यान्वयन क्षमता, स्रोतसाधन, प्रविधि, अनुगमन प्रणाली र जनचेतना अझै सुदृढ हुनुपर्ने अवस्था छ। प्रभावकारी अनुगमन, स्रोतमा फोहोर छुट्याउने प्रणाली, हरित प्रविधि, निजी क्षेत्रको सहभागिता र नागरिक व्यवहार परिवर्तन अभियानलाई जोड दिइ सुदूरपश्चिम प्रदेशले वातावरणीय दिगोपनतर्फ उल्लेखनीय प्रगति हासिल गर्न सक्नेछ।

## ८.२.३ मुख्य सवाल तथा चुनौती

१. **बढ्दो वातावरण प्रदूषण नियन्त्रणः** वातावरणका प्रदूषणका कारक तत्त्वहरू आगलागी तथा वन डढेलो नियन्त्रण गर्नु, वन तथा नदीजन्य स्रोतहरूको वैज्ञानिक ढङ्गको उपयोग बढाउनु, बसाइसराइ आदिका कारण अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउनु, उद्योगहरूमा वातावरणमैत्री उपकरण जडान गर्न प्रोत्साहन गर्नुका साथै उद्योगबाट निस्कने फोहोरहरूको उचित व्यवस्थापन गर्नु, वातावरण प्रदूषणका बारेमा आम मानिसहरूमा सचेतना अभिवृद्धि गर्नु।

२. **प्राकृतिक स्रोतको दोहन व्यवस्थापनः** नदीनालालगायत पानीका स्रोतहरूलाई अव्यवस्थित रूपमा प्रयोग गर्दा हुने प्रदूषण नियन्त्रण गर्नु, पानीका स्रोतहरू सुक्नबाट जोगाउनु, कतिपय अवस्थामा पानीका स्रोतहरूको अस्तित्त्व जोगाउनु, भूमिगत जलस्रोतलाई सुरक्षित गर्नु वा भूमिगत जलस्रोतको सतह तल जानबाट रोक्नु, जल तथा वायु प्रदूषणमा हुँदै गएको वृद्धि नियन्त्रण गर्नु, सिमसार क्षेत्रको अतिक्रमण रोक्नु।

३. **भू-क्षय नियन्त्रणः** अधिकांश भू-भाग चुरे, पहाडी र उच्च पहाडी क्षेत्र रहेको यस प्रदेशमा ती क्षेत्रहरूमा भू-क्षय र पहिरो नियन्त्रण गर्नु, तराई क्षेत्रमा कटान र बाढी नियन्त्रण गर्नु, बाढी पहिरोबाट कृषियोग्य भूमि र मानव बस्तीहरू जोगाउनु, बाढी पहिरोको कारणबाट हुने वातावरणीय प्रभाव नियन्त्रण गर्नु।

४. **फोहोरमैला व्यवस्थापनः** कलकारखाना, अस्पताल र आवास क्षेत्रबाट निस्कने फोहोर र प्लास्टिकको उचित व्यवस्थापन गर्नु, कृषि उपजका लागि प्रयोग गरिने रासायनिक मल तथा बिषादीबाट उत्पन्न वातावरणीय असरको न्यूनीकरण गर्नु, वायुका अतिरिक्त पानी तथा माटोमा पर्न गएको गम्भीर असरमा कमी ल्याउनु, बढ्दो सहरीकरणसँगै अधिकांश नदी किनारमा गरिने फोहरजन्य वस्तुहरूको नियन्त्रण गर्नु, गम्भीर हानिकारक बिषादी तथा रसायनहरू सिधै फ्याँक्ने अभ्यासलाई नियन्त्रण गर्नु, सबै स्थानीय तहमा फोहोर सङ्कलनको व्यवस्थालाई **वैज्ञानिक व्यवस्थापन** (segregation, recycling, sanitary landfill) गर्नु, स्रोतमा फोहोर छुट्याउने अभ्यासलाई प्रभावकारी बनाउनु, प्लास्टिक तथा प्लास्टिकजन्य फोहोर न्यूनीकरण गर्नु, खुला स्थान, नदी किनार तथा जलाशयमा फोहोर फाल्ने प्रवृत्ति नियन्त्रण गर्नु, ग्रामीण क्षेत्र र समुदायमा फोहरको वर्गीकरण गरी तदनुसार व्यवस्थापन गर्नु, दीर्घकालीन ल्याण्डफिल साइटको व्यवस्था गरी आयआर्जनको व्यवस्था गर्नु, नागरिकस्तरमा व्यवहार परिवर्तन गर्नु र आवश्यक प्राविधिक र वित्तीय स्रोतको व्यवस्थापन गर्नु।

५. **जल, वायु र माटो प्रदूषण नियन्त्रणः** उद्योग र घना बस्ती क्षेत्रमा नदी प्रदूषण न्यून गर्नु, कृषिमा रासायनिक मल तथा विषादीको प्रयोग कम गरी माटो र पानीलाई शुद्धीकरण गर्नु, सहरी क्षेत्रमा सवारी साधन र धुलोका कारण वायु गुणस्तरमा आएको गिरावट कम गर्नु, वायु, जल र माटो गुणस्तर मापनका लागि पर्याप्त उपकरण र नियमित अनुगमन प्रणालीको सुनिश्चितता गर्नु।

## ८.२.४ उद्देश्य

१. सबै प्रकारका (जल, जमिन, वायु एवम् ध्वनि) प्रदूषण नियन्त्रण गर्नु।

२. सबै प्रकारका फोहोरबाट सिर्जना हुने मानव स्वास्थ्यमा पर्ने प्रतिकुल प्रभावको न्यूनीकरण गर्नु।

## ८.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सबै प्रकारका (जल, जमिन, वायु एवम् ध्वनि) प्रदूषण नियन्त्रण गर्नु ।** | |
| १. वातावरण संरक्षणमा समुदायको भूमिका बढाउने। | १.१ वातावरण संरक्षणसम्बन्धी कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।<br>१.२ वातावरणसम्बन्धी अनुगमनलाई चुस्त र छिटोछरितो बनाइनेछ।<br>१.३ वातावरण संरक्षणको लागि समुदाय परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ सार्वजनिक क्षेत्र (विद्यालय, अस्पताल, सडक वरपर र सार्वजनिक खुल्ला क्षेत्र) मा हरियाली प्रबर्द्धन गर्न सम्बद्ध सरोकारवालासँग समन्वय गर्ने नीति लिइनेछ।<br>१.५ ग्रामीण क्षेत्रका समुदायमा जनचेतना जागरण गराई फोहरको वर्गीकरण गरी त्यस्ता फोहरलाई पुनःप्रयोग र प्रशोधन गर्ने व्यवस्था मिलाइनेछ।<br>१.६ सहरी क्षेत्रमा प्रत्येक घरले कम्तीमा दुईवटा विरुवा रोपी हुर्काउनु पर्ने नीति अवलम्बन गरी प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय गरिनेछ। |
| २. अन्तर-सरकार समन्वय र सहकार्य थप प्रभावकारी बनाउने। | २.१ वातावरणसम्बन्धी कार्यहरू स्थानीय सरकारको समन्वय, सहकार्य र सहलगानीमा सञ्चालन गरिनेछ।<br>२.२ वातावरणसम्बन्धी कार्य सञ्चालन गर्दा नेपाल सरकारबाट स्रोत परिचालन गर्ने गरी सञ्चालन गरिनेछ।<br>२.३ अन्तराष्ट्रिय सङ्घ संस्थालाई परिचालन गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ। |
| ३. विकास र वातावरणबीच तालमेल मिलाउने। | ३.१ सङ्क्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को व्यवहारिक ढाँचा तय गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>३.२ वातावरणसम्बन्धी कार्यक्रम, वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन तथा कानून कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ।<br>३.३ अनुगमन कार्यलाई दण्ड र पुरस्कारसँग आवद्ध गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.४ ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य पदार्थको सङ्कलन तथा उत्खनन् कार्यलाई वातारणमैत्री बनाइनेछ।<br>३.५ सहरी वन विकासमा निजी क्षेत्रको सहभागितालाई जोड दिइनेछ।<br>३.६ सहरी वन विकासका लागि उपयुक्त प्रजातीका गुणस्तरीय विरुवाको व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| ४. प्रदूषण नियन्त्रणसम्बन्धी राष्ट्रिय मापदण्डको प्रभावकारी कार्यान्वयन गर्ने। | ४.१ प्रदूषणसम्बन्धी राष्ट्रिय मापदण्डको आधारमा प्रदेश मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।<br>४.२ मापदण्डको पालना गर्न गराउन आवश्यक कानूनी व्यवस्था र संस्थागत संरचना परिचालन गरिनेछ।<br>४.३ प्रदूषणको नियमित निरीक्षण, अनुगमन तथा नियन्त्रणलाई जोड दिइनेछ।<br>४.४ सहरी क्षेत्रमा हरियाली प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.५ सहरी क्षेत्रमा रहेका हरियाली क्षेत्र, सिमसार, पानीका मुहान, खाली क्षेत्र, नदीतटको उचित व्यवस्थापन गरिनेछ। |
| ५. जल तथा जमिनलाई प्रदूषित गर्ने पदार्थहरूको स्रोतमा नै नियन्त्रण गर्ने। | ५.१ जल तथा जमिनमा प्रदूषण गर्ने पदार्थलाई स्रोतमा नै छुट्ट्याउने व्यवस्था मिलाइनेछ।<br>५.२ यससम्बन्धी आवश्यक नीति तथा कानून बनाई लागू गरिनेछ।<br>५.३ आवश्यक प्रविधिको प्रयोगको लागि सहयोग गरिनेछ।<br>५.४ प्रदूषण नियन्त्रणका लागि निजी क्षेत्र तथा समुदायहरूलाई परिचालन गरिनेछ।<br>५.५ सङ्घ तथा स्थानीय तहसँगको समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाइनेछ। |
| ६. ध्वनि तथा वायु प्रदूषण नियन्त्रण गर्ने। | ६.१ स्वच्छ ऊर्जा प्रबर्द्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।<br>६.२ प्रदूषकले तिर्नुपर्छ भन्ने सिद्धान्तलाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ।<br>६.३ उद्योग, यातायात तथा कलकारखानामा विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>६.४ खाना पकाउन तथा अन्य घरेलु प्रयोजनका लागि जलविद्युत र विद्युतीय उपकरण प्रयोग गर्न प्रोत्साहन गरिनेछ।<br>६.५ सौर्य तथा वायु ऊर्जाको उपयोग सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ६.६ ध्वनी प्रदूषण नियन्त्रणका लागि आवश्यक कानून र मापदण्ड तयार गरी लागू गरिनेछ। |
| ७. वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८ का सूचकहरूको क्रमशः कार्यान्वयन गर्ने। | ७.१ स्थानीय सरकारहरूलाई सो प्रारूप कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ।<br>७.२ विकास र वातावरण संरक्षणबीच उचित सन्तुलन हुने गरी पूर्वाधार निर्माणका मापदण्डहरू तयार गरिनेछ।<br>७.३ स्थानीय सरकारले बनाउने स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विषय समावेश गराउन समन्वय र सहयोग गरिनेछ।<br>७.४ स्थानीय सरकारहरूबीच वातावरण संरक्षण कार्यमा सकारात्मक प्रतिस्पर्धा सिर्जना हुने वातावरण निर्माण गरिनेछ। |
| **उद्देश्य २ : सबै प्रकारका फोहोरबाट सिर्जना हुने मानव स्वास्थ्यमा पर्ने प्रतिकूल प्रभावको न्यूनीकरण गर्नु ।** | |
| १. फोहोरमैला व्यवस्थापनको नीति, योजना तथा मापदण्ड निर्माण र कार्यान्वयन गर्ने। | १.१ फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।<br>१.२ दुई वा दुई भन्दा बढी सरकारहरू मिली गरिने फोहोरमैला व्यवस्थापनामा आवश्यक सहजीकरण गरिनेछ।<br>१.३ स्थानीय सरकारहरूसँगको सहकार्यमा फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.४ उद्योग तथा अस्पताल जस्ता ठाउँहरूबाट निस्कने हानीकारक फोहोरहरूको व्यस्थापन सम्बन्धी छुट्टै नीति बनाई कार्यान्वयन गरिनेछ।<br>१.५ प्लास्टिकको प्रयोगसम्बन्धी विशेष कानूनी व्यवस्था गरिनेछ।<br>१.६ प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्न र पुनःप्रयोग बढाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.७ प्लाष्टिकजन्य वस्तुहरूको प्रयोगलाई निरुत्साहित गर्न विवाह, ब्रतबन्ध भोजभतेर जस्ता कार्यक्रमहरूमा स्थानीय वनस्पतिजन्य पातहरू (सालको पात, मालुको पात आदि) बाट बनेका सामग्रीहरू जस्तैः टपरी, दुना आदिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ र सहुलियत दरमा कच्चापदार्थ उपलब्ध गराई त्यस्ता उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रविधि तथा अभ्यासहरूको अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ प्रदेशभित्र उत्पन्न भएका वा हुनसक्ने फोहोरको व्यवस्थापन सम्बन्धमा राष्ट्रिय-अन्तराष्ट्रिय रूपमा भएका प्रविधिहरूको अध्ययन अनुसन्धान गराइनेछ।<br>२.२ अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षको आधारमा उपयुक्त प्रविधि तथा अभ्यासहरूलाई कार्यान्वयनमा ल्याइनेछ।<br>२.३ नदी, जलाशयलगायतका पानीका स्रोतमा फोहोरमैला मिसिन नदिन आवश्यक प्रविधि र कानूनी व्यवस्था गरिनेछ।<br>२.४ फोहोरमैलाबाट उर्जा निकाल्ने वा फोहोरबाट मोहोर बनाउने प्रविधिको प्रयोगलाई प्रोत्साहन र आर्थिक सहयोग गरिनेछ।<br>२.५ स्थानीय तहमा उत्पन्न फोहोरको वैज्ञानिक (segregation, recycling, sanitary landfill) व्यवस्थापन गरिनेछ।<br>२.६ दीर्घकालीन ल्याण्डफिल साइटको व्यवस्थाका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहलगानीको वातावरण सिर्जना गरिनेछ। |
| ३. फोहोरमैला व्यवस्थापनमा नागरिक परिचालन अभिवृद्धि गर्ने। | ३.१ फोहोरमैला व्यवस्थापन सम्बन्धमा नागरिक दायित्व अभिवृद्धिको लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ फोहोरमैला व्यवस्थापनका असल अभ्यासहरूको स्थानीय तह र समुदायसम्म व्यापक प्रचारप्रसार गरिनेछ ।<br>३.३ फोहोरमैला व्यवस्थापनमा स्थानीय सरकार, सङ्घ संस्था तथा टोल विकास संस्थाहरूको क्षमता विकास गरिनेछ।<br>३.४ कुहिने र नकुहिने फोहरको प्रभावकारी व्यवस्थापन गर्ने नीति लिइनेछ। |

### ८.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रविधियुक्त संयुक्त फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन,
२. हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन,
३. पानीको मितव्ययी उपयोग तथा बहुउपयोग प्रबर्द्धन,
४. प्लास्टिकमुक्त टोल, वडा, गाउँपालिका तथा नगरपालिका घोषणा,
५. फोहोर पानी प्रशोधन तथा शुद्धीकरण,
६. फोहोरबाट मल बनाउने प्लान्ट सञ्चालन गर्न स्थानीय तहलाई सहयोग,
७. प्लास्टिक प्रयोग न्यूनीकरण अभियान,
८. सहरी क्षेत्रमा वायुप्रदूषण अनुगमन केन्द्रहरूको स्थापना र सञ्चालन,
९. नदी, जलाशय तथा खानेपानीका स्रोतहरूमा प्रदूषण तथा फोहोरमैला अनुगमन,
१०. आवासीय तथा औद्योगिक दुवै क्षेत्रमा स्वच्छ ऊर्जा उपयोग प्रोत्साहन,
११. वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८ कार्यान्वयन,
१२. सहरी क्षेत्रमा हरियाली प्रबर्द्धन,

१३. उत्कृष्ट स्थानीय तह, पदाधिकारी, उपभोक्ता समिति, उद्योगी, व्यवसायी, अभियन्ता आदि सम्मान,
१४. प्लास्टिकजन्य सामग्रीको उत्पादन तथा प्रयोग न्यूनीकरण,
१५. वनजन्य सामग्रीबाट दुना, टपरी आदि उत्पादन र आयआर्जन,
१६. सार्वजनिक स्थल सरसफाइ,
१७. फोहोर व्यवस्थापन सम्बन्धी सचेतना,
१८. प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा जनप्रतिनिधिहरूको क्षमता विकास,
१९. वातावरण तथा सरसफाइ सम्बन्धी जनचेतना,
२० एक पालिका एक फोहर व्यवस्थापन स्थल (डम्पिङ्ग स्थल) निर्माण र सञ्चालन,
२१. नदी शुद्धता अभियान सञ्चालन।

## ८.३ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ८.३.१ पृष्ठभूमि

नेपालको संविधान २०७२, जलस्रोतसहित वातावरणीय स्रोतहरूको संरक्षण, व्यवस्थापन तथा उपयोगका लागि आधारभूत कानूनी संरचना हो। संविधानको धारा ५१ मा प्राकृतिक स्रोतसाधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने उल्लेख गरिएको छ। संविधानको अनुसूची ५ देखि अनुसूची ९ सम्म सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारबीच नीति निर्माण र प्राकृतिक स्रोतहरूको दिगो उपयोग र व्यवस्थापनका लागि जिम्मेवारी प्रदान गरिएको छ।

जल, जङ्गल र जमिन नेपालका अति महत्त्वपूर्ण प्राकृतिक स्रोतहरू हुन्। नेपालको महाभारत, चुरे र तराई क्षेत्रबाट स्वतन्त्र रूपमा बग्ने नदीहरू जलस्रोतका प्रमुख आधारहरू हुन्। यिनै ठूला नदीहरूमा जम्मा हुन आउने सम्पूर्ण पानी ढलोले छुट्याएको भौगोलिक क्षेत्रलाई बृहत् जलाधार भनिन्छ। जलचक्र, जैविक विविधता तथा समग्र पारिस्थितिकीय प्रणालीको सन्तुलन तथा प्राकृतिक प्रक्रियाहरूको सन्तुलनका लागि बृहत् जलाधार क्षेत्रहरूको समुचित व्यवस्थापन अपरिहार्य हुन्छ। भौगोलिक बनावट, मानवीय गतिविधि तथा जलवायु परिवर्तनको असरले गर्दा जलाधार क्षेत्रमा रहेका जलाधारीय स्रोतहरूको क्षयीकरण र विनास, अतिवृष्टि, अनावृष्टिलगायतका जलवायुसँग सम्बन्धित प्रकोपहरू बढ्दोक्रममा रहेका छन्। विकासका पूर्वाधारहरूको क्षति हुनुको साथै जमिनको उत्पादकत्वमा ह्रास हुँदै गएको देखिन्छ। जलाधार क्षेत्रको समुचित संरक्षण, सम्बर्द्धन र सन्तुलित उपयोग हुन नसकेको अवस्थामा पारिस्थितिकीय सन्तुलन कायम नहुँदा प्रदेशको समग्र आर्थिक, सामाजिक तथा वातावरणीय पक्षमा यसको प्रत्यक्ष प्रभाव वृद्धि हुँदै गएको अवस्था छ। बृहत् जलाधारस्तरमा नै जलाधारीय स्रोतहरूको एकीकृत व्यवस्थापन गर्नु अपरिहार्य देखिन्छ। भूसंरक्षण एउटा बहुआयामिक अन्तरसम्बन्धित विषय हो। भूक्षय तथा पहिरोका विभिन्न कारणहरू हुन्छन् भने त्यसबाट हुने असरहरू पनि वातावरणीयदेखि खाद्य सुरक्षामा समेत पर्ने गर्दछ। साथै यो जलाधारसँग पनि प्रत्यक्ष सम्बन्धित विषय हो। चुरे क्षेत्रबाट अव्यवस्थित तरिकाले नदीजन्य पदार्थको उत्खनन, अव्यवस्थित बसोबास, वन फँडानी र जलाधार संरक्षणमैत्री विकास नगरी केवल पूर्वाधारमा मात्रै जोड दिँदा निकट भविष्यमै गम्भीर सङ्कट निम्तिन सक्ने देखिन्छ। पानीबिना जीवनको परिकल्पना गर्नै सकिँदैन। यस्तो महत्त्वपूर्ण स्रोतको संरक्षणमा सरकार मात्रै नभएर सरोकारवालाहरू सबै प्राथमिकताका साथ लाग्नुपर्ने आवश्यकता

छ। त्यसै गरी वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवम् प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने कार्यमा ठूलो टेवा पुगेको छ।

## ८.३.२ विद्यमान अवस्था

जल, जङ्गल र जमिनको संरक्षण तथा व्यवस्थापनमार्फत जलाधारस्तरमा वातावरणीय सन्तुलन कायम राख्दै समग्र पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम गर्न विभिन्न प्रयासहरू हुँदै आएको देखिन्छ। यस अवधिमा जलाधार व्यवस्थापनका लागि राष्ट्रिय वन नीति, २०७५; राष्ट्रिय सिमसार नीति, २०६९, राष्ट्रिय वातावरण नीति, २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६; भू तथा जलाधार संरक्षण ऐन, २०३९ र नियमावली २०४२ तर्जुमा गरी भू तथा जलाधार संरक्षण कार्यक्रमका लागि नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था भएको पाइन्छ। राजनैतिक परिवर्तनसँगै भएको मुलुकको शासकीय संरचना परिवर्तन बमोजिम नेपाल सरकार मातहत चार वटा वृहत् जलाधार व्यवस्थापन केन्द्र तथा एक वटा सङ्घीय जलाधार व्यवस्थापन स्रोतकेन्द्रमार्फत हाल भू-संरक्षण तथा जलाधार व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। साथै, सबै सात वटै प्रदेशहरूमा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूमार्फत भू-संरक्षण तथा जलाधार व्यवस्थापनका सेवाहरू प्रवाह गरेको देखिन्छ। यस प्रदेशमा वन निर्देशनालय मातहत ४ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू रहेका छन्।

त्यसैगरी खानी तथा नदीजन्य निर्माण सामग्री उत्खननले कुनै ठाउँमा प्रत्यक्ष क्षति गरेको छ भने अरु ठाउँका नदीमा ढुङ्गा गेग्रान थुप्रेर वरिपरिका खेत र बस्तीमा डुबानको जोखिम बढेको छ। भूमिगत पानीको अनियन्त्रित दोहन, भवन निर्माण संहितामा वातावरणीय पक्ष नसमेटिएको, समयको आधारमा विद्युत शुल्क खपत नभएको जस्ता थुप्रै सवालहरू नीतिगत रूपमै सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ।

## ८.३.३ मूख्य सवाल तथा चुनौती

१. **भू-संरक्षणको व्यवस्थापन**: ढल्केका पहाडी भू-भागमा भूस्खलन रोकथाम गर्नु, वन संरक्षण र भूसंरक्षणबीच सन्तुलन कायम गर्नु, पहाडी क्षेत्रको कृषियोग्य जमिनको संरक्षण र उर्वरता कायम गर्नु, पहाडी भू-भागमा अवैज्ञानिक खेती र अनियन्त्रित निर्माणका कारण हुने भूस्खलन र माटो कटान नियन्त्रण गर्नु, वन फँडानी, चरन क्षेत्रको दुरुपयोग र सामुदायिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउनु, भूसंरक्षणसम्बन्धी पूर्वाधारहरू जस्तैः तटबन्ध, ढलान, काष्ठ तथा गैरकाष्ठ उत्पादनको संरक्षण गर्ने संरचनाहरू पर्याप्त मात्रामा निर्माण गर्नु र जनचेतना र सामुदायिक सहभागिता बढाउनु।

२. **जलाधार क्षेत्रको गुणस्तर सुधार**: वन विनाशलाई नियन्त्रण गर्नु, अनियन्त्रित र अव्यवस्थित तरिकाले नदीजन्य पदार्थको दोहन हुनबाट जोगाउनु, अव्यवस्थित बसोबासको वृद्धिलाई रोक्नु, सरोकारवाला निकायहरूबीचको समन्यवलाई बलियो बनाउनु, वन अतिक्रमण नियन्त्रण गर्नु, वन डढेलो तथा विनास हुदै गएका पोखरीहरूको संरक्षण गर्नु, स्थानीय सरकारहरू तथा समुदायहरूले नदी प्रणालीमा जथाभावी फोहोरमैला फ्याँक्ने अभ्यासलाई नियन्त्रण गर्नु, माथिल्लो जलाधारमा हुने प्रदूषणको प्रभाव तल्लो क्षेत्रमा पुग्नबाट रोक्नु, बढ्दो रासायनिक विषादी र रासायनिक मलको प्रयोगबाट जमिन मुनिको पानी दूषित हुनबाट जोगाउनु।

३. **नदी प्रणालीहरूमा अतिक्रमण नियन्त्रणः** उद्योग,कृषि र बस्ती क्षेत्रबाट नदी तथा जलाशयमा फोहर र रासायनिक पदार्थको मिसावट नियन्त्रण गर्नु, नदीजन्य पदार्थको वातावरणमैत्री ढङ्गले उत्खनन् र उपयोग गर्नु, प्रदेशभित्रका नदी प्रणालीहरूमा स्वच्छता कायम गर्न पर्याप्त मात्रामा प्रयास गर्नु, जमिन मुनिको पानी दूषित हुनबाट रोक्नु, वातावरणमैत्री ढङ्गले मात्र पूर्वाधार निर्माण गर्नु, जलाधार क्षेत्र संरक्षणका बारेमा पर्याप्तमात्रामा ज्ञान अभिवृद्धि गर्नु, यस सम्बन्धी असल अभ्यासहरूको खोजी र प्रसार गर्नु।

४. **एकीकृत जलाधार व्यवस्थापनः** एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु, विभिन्न निकाय (वन, कृषि, सिँचाइ, स्थानीय तह) बीच सहकार्य गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु आदि।

## ८.३.४ उद्देश्य

१. जलाधार क्षेत्रलाई स्वच्छ र उत्थानशील बनाउनु।

२. भू-क्षय र पहिरोबाट हुने क्षति न्यूनीकरण गर्नु।

## ८.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जलाधार क्षेत्रलाई स्वच्छ र उत्थानशील बनाउनु ।** | |
| १. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने। | १.१ जलाधार संरक्षणका लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ।<br>१.२ नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनका लागि आवश्यक मापदण्ड तयार गरी लागू गरिनेछ।<br>१.३ जलाधारको क्षेत्रमा काम गर्ने निकायहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>१.४ एकीकृत जलाधार नीति र हरेक नदी प्रणालीको छुट्टाछुट्टै योजना लागू गरिनेछ।<br>१.५ जलाधार पुनर्भरणका लागि परम्परागत पोखरी संरक्षण/ पुनर्भरण (रिचार्ज), पोखरी निर्माण विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.६ चुरेक्षेत्रको अत्यधिक दोहन रोकी हरियाली कायम गरिनुका साथै पानीका तलाउहरू, चेकड्यामहरूको निर्माण गरी बहाव नियन्त्रण गरिनेछ।<br>१.७ चुरे श्रृङ्खलादेखि भारतीय सीमासम्म बग्ने नदीहरूमा तटबन्ध निर्माण गरिनेछ।<br>१.८ संवेदनशीलताका आधारमा जलाधार क्षेत्रको एकीकृत जलाधार ब्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. जलाधार संरक्षणको लाभको न्यायोचित वितरण गर्ने। | २.१ जलाधार संरक्षणसम्बन्धी योजना तथा क्रियाकलापहरू सहभागितामूलक प्रक्रियाबाट निर्माण गरी कार्यान्वयनयोग्य बनाइनेछ।<br>२.२ सडक नालीको बहावबाट सृजना हुने भूक्षयलाई न्यूनीकरण गर्न सडक आयोजनासँग सहकार्य गरिनेछ।<br>२.३ तल्लो तटीय क्षेत्र लाभान्वितले माथिल्लो क्षेत्र संरक्षण गर्नेलाई वैज्ञानिक आधार, विधि, प्रक्रियाको आधारमा सेवा शुल्क प्रदान गर्ने व्यवस्था मिलाइनेछ।<br>२.४ प्राप्त लाभको सामाजिक पूर्वाधारका माध्यमबाट समन्यायिक वितरण गरिनेछ। |
| ३. जलाधार संरक्षणका लागि सरोकारवालाहरूको सहकार्य र समन्वयलाई प्रोत्साहित गर्ने। | ३.१ जलाधार संरक्षणमा सरोकारवालाहरूलाई थप जिम्मेवार बन्न प्रोत्साहित गरिनेछ।<br>३.२ जलाधार संरक्षणका सम्बन्धमा सामुदायिक वन उपभोक्ता समितिले पालना गर्ने विषयहरूको सूचकहरू तयार गरिनेछ।<br>३.३ सूचकहरूका आधारमा पुरस्कृत गर्ने पारदर्शी प्रणाली स्थापित गरिनेछ।<br>३.४ संवेदनशील जलाधार क्षेत्रका सामुदायिक वन र निजी वनको अनुगमनलाई थप प्रभावकारी बनाइनेछ।<br>३.५ सङ्घ र स्थानीय सरकारसँग समन्वय गरी चुरे क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ : भू-क्षय र पहिरोबाट हुने क्षति न्यूनीकरण गर्नु।** | |
| १ भू-क्षय तथा पहिरो नियन्त्रणका कार्यक्रमहरूलाई थप प्रभावाकारी बनाउने। | १.१ भू-संरक्षणमा सरोकारवालाहरूलाई थप जिम्मेवार बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ भू-संरक्षण तथा पहिरो नियन्त्रणको लागि नेपाल सरकारसमेतको सहयोगमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।<br>१.३ भू-संरक्षण कार्यमा सामुदायिक वन उपभोक्ता समुह तथा स्थानीय तहहरूलाई परिचालन गरिनेछ।<br>१.४ भूक्षय र त्यसको प्रभावबारे जनचेतना जगाउन विद्यालय शिक्षा कार्यक्रममा समावेश गरी शिक्षकहरूसँग अन्तरक्रिया तथा शैक्षिक सामग्री वितरण गरिनेछ।<br>१.५ संवेदनशील जलाधार क्षेत्रको संरक्षणको लागि सामुदायिक वन र निजी वनको अनुगमनलाई थप प्रभावकारी बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. भू-क्षय तथा पहिरो सम्बन्धमा अध्ययन अनुसन्धानलाई अगाडि बढाउने। | २.१ भू-क्षय नियन्त्रणका सम्बन्धमा अनुसन्धानलाई अगाडि बढाइनेछ ।<br>२.२ भू-क्षय तथा पहिरो नियन्त्रण सम्बन्धी अध्ययन गर्ने विद्यार्थी तथा सोधार्थीहरूलाई प्रोत्साहनको नीति लिइनेछ।<br>२.३ अध्ययन अनुसन्धानको सम्बन्धमा विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ। |

### ८.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. चुरेक्षेत्र संरक्षण,
२. जलाधार संरक्षण नीति, योजना तथा कानून निर्माण,
३. पोखरी तथा सिमसार क्षेत्रको अध्यावधिक तथा संरक्षण,
४. नदी किनार संरक्षणमा बायोइन्जिनियरिङ प्रविधि प्रबर्द्धन,
५. स्थानीय तह, वन उपभोक्ता समुह तथा नागरिक अगुवाहरूको क्षमता विकास,
६. विद्यालय शिक्षामा भूक्षय विषय मूलप्रवाहीकरण,
७. पानी मुहान संरक्षण,
८. नदीकटान नियन्त्रण,
९. सिमसार क्षेत्र व्यवस्थापन र संरक्षण,
१०. तल्लो तटीय क्षेत्रका नदी किनारा सुदृढीकरण र हरित पेटी निर्माण,
११. भूसंरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान,
१२. कम खर्चिलो भूक्षय नियन्त्रण।

## ८.४ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

### ८.४.१ पृष्ठभूमि

जलवायु परिवर्तन आज विश्वव्यापी रूपमा गम्भीर वातावरणीय, सामाजिक र आर्थिक चुनौतीको रूपमा देखा परेको छ। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान न्यून भए तापनि यसको असर नेपालमा असमान रूपमा बढी परिरहेको छ।तथ्याङ्कअनुसार, औसत रूपमा प्रतिवर्ष करिब ०.०५६°C को दरले तापक्रम वृद्धि भइरहेको छ, जसले हिमाली पारिस्थितिकी प्रणालीदेखि तराईसम्म प्रत्यक्ष प्रभाव पारिरहेको छ।विश्वव्यापी दृष्टिले पनि औद्योगिक क्रान्ति युगदेखि बढ्दो हरितगृह ग्यास उत्सर्जनका कारण विश्व तापक्रम बढिरहेको छ र चरम मौसमी घटनाहरू जस्तैः बाढी, सुख्खा, आँधी-तुफान र हिमपहिरोको सङ्ख्या बढ्दो छ। संयुक्त राष्ट्रसङ्घको Intergovernmental Panel on Climate Change (IPCC) को प्रतिवेदनअनुसार भविष्यमा विश्व तापक्रम १.५-२°C सम्म बढ्ने सम्भावना छ, जसले मानव जीवन, वातावरण र आर्थिक गतिविधिमा प्रत्यक्ष असर पार्नेछ।नेपाल हिमालयीय भू-भाग भएको कारण जलवायु परिवर्तनप्रति अत्यन्त संवेदनशील देश हो।हिमालयका हिउँ छिटो पग्लनेदेखि, नदी र जलाशयको अनियमित प्रवाह, पहिरो र भूस्खलनको बढ्दो जोखिम, जलस्रोत असन्तुलन, कृषि उत्पादनमा कमी र जैविक विविधतामा नकारात्मक प्रभाव यहाँ देखिएका चुनौतीहरू हुन्।विशेषगरी सुदूरपश्चिम प्रदेशमा पहाडी-पहाडी भू-भाग, तराई-पहाडी

सीमावर्ती क्षेत्र र डढेलो जोखिमयुक्त वन क्षेत्रले जलवायु परिवर्तनका असरहरू अझ संवेदनशील बनाएको छ। नदी, ताल तथा जलाशयको प्रवाह असमान र वर्षा हुने समय परिवर्तनशील भएकाले कृषिप्रधान क्षेत्र र स्थानीय समुदायको जीवनस्तरमा प्रत्यक्ष असर परेको छ।

सुदूरपश्चिम प्रदेश भौगोलिक रूपमा हिमाल, पहाड र तराई समेटिएको संवेदनशील भू-संरचना भएको प्रदेश हो। यहाँको ढल्केको भू-भाग, वर्षायाममा अत्यधिक वर्षा र सुख्खा मौसममा पानीको अभावले जलवायु परिवर्तनको जोखिम अझ बढाएको छ। यस प्रदेशको ठूलो जनसङ्ख्या परम्परागत कृषि पेसामा आश्रित छ। गरिब तथा सीमान्तकृत समुदाय, विशेषगरी दलित, जनजाति, महिला र दुर्गम बस्तीका बासिन्दा जलवायु परिवर्तनका नकारात्मक प्रभावबाट सबैभन्दा बढी प्रभावित छन्। कृषि उत्पादनमा अनिश्चितता, सिँचाइको अभाव, रोग-कीराको प्रकोप, बाली चक्रमा परिवर्तन र बजार पहुँचको सीमितताले उनीहरूको जीविकोपार्जनमा गम्भीर असर पारिरहेको छ।

## ८.४.२ विद्यमान अवस्था

संवैधानिक र नीतिगत दृष्टिले नेपालले वातावरण संरक्षण र दिगो विकास सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय वातावरण नीति, २०७६, र प्रदेशस्तरको वातावरण संरक्षण ऐन, २०७७ जस्ता कानूनी तथा नीतिगत संरचना लागू गरेको छ। यसै सन्दर्भमा राष्ट्रिय अनुकूलन कार्यक्रम (NAP) र स्थानीय अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयनमा छन्, जसले प्रदेश र स्थानीय तहमा जलवायु जोखिम न्यूनीकरण र दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने उद्देश्य राखेका छन्।

सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दै अनुगमन, अनुसन्धान र समुदायको सक्रिय सहभागितामार्फत अनुकूलन तथा उत्सर्जन न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेका छन्। यद्यपि, स्रोत, प्राविधिक क्षमता, तथ्याङ्क सङ्कलन र जनचेतनाको कमीले प्रभावकारी कार्यान्वयनमा चुनौती सिर्जना गरेको छ। तथापि, नीति स्पष्टता, विकास साझेदारहरूको सहयोग र समुदायमा बढ्दो वातावरणीय सचेतनाले सुदूरपश्चिम प्रदेशलाई जलवायु परिवर्तनसँग जुझ्ने र दिगो विकासका लक्ष्य हासिल गर्ने अवसर प्रदान गरेको छ।

नेपालले जलवायु परिवर्तनसँग जुध्न सन् २०१६, २०२० र २०२५ मा संयुक्त राष्ट्रसङ्घमा निर्धारित राष्ट्रिय योगदानहरू (Nationally Determined Contributions-NDCs) पेश गरिसकेको छ। यी योगदानहरू नेपालको अन्तर्राष्ट्रिय दायित्व, संविधान र कानूनी व्यवस्था अनुरूप जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धताका प्रतिबिम्ब हुन्। यसअन्तर्गत नेपालले सन् २०४५ सम्म हरितगृह ग्यासको शुद्ध उत्सर्जन शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ। साथै, नेपालले सन् २०३० र २०३५ सम्मका जलवायु अनुकूलन प्राथमिकताहरू निर्धारण गरेको छ र सन् २०१५ मा पेरिस सम्झौता अनुमोदन गरी कार्यान्वयन प्रारम्भ गरेको छ।

पेरिस सम्झौताको कार्यान्वयनका लागि मन्त्रालयले सामाजिक-आर्थिक विकासमा न्यून कार्बनमुखी र जलवायु समानुकूलित दृष्टिकोण, स्रोत व्यवस्थापनमा कुशलता, तथा सामाजिक रूपमा समावेशी रणनीति

अपनाउँदै हरित अर्थतन्त्रमुखी कार्यक्रमहरू तर्जुमा गरी क्रमशः लागू गर्ने लक्ष्य लिएको छ। यसअनुसार सन् २०३५ सम्ममा ७५३ वटा स्थानीय सरकारको एकीकृत लैङ्गिक उत्तरदायी स्थानीय अनुकूलन कार्ययोजना (LAPA) तयार हुने, सन् २०३० सम्ममा भौगोलिक तथा प्रशासनिक आधारमा सबै क्षेत्रको जोखिम तथा संवेदनशीलता मूल्याङ्कन सम्पन्न हुने, र सन् २०३५ सम्ममा अनुकूलनलाई स्थानीय तहको योजना निर्माण प्रक्रियामा एकीकृत गर्ने प्राथमिकताहरू निर्धारण गरिएको छ।

यसले प्रदेश तथा स्थानीय तहलाई जलवायु परिवर्तन अनुकूलन र उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने अवसर प्रदान गर्दछ, जसबाट प्रदेशभित्र हरित तथा दिगो आर्थिक विकासको सम्भावना बढ्ने छ। जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय नीतिहरूमा सन् २०१९ मा बनेको राष्ट्रिय जलवायु परिवर्तन नीति तथा सन् २०१०-२०२० अवधिमा कार्यान्वयन भएका विभिन्न राष्ट्रिय अनुकूलन योजना र रणनीतिहरू समावेश छन्। यस प्रदेशमा पनि प्रदेशस्तरीय वनसम्बन्धी ऐन, २०७८ तथा नियमावली, २०८० र वातावरण संरक्षण ऐन, २०७७ लागू भई क्रियाकलापहरू सञ्चालनमा छन्, जसले जलवायु परिवर्तनसँग जुध्न र दिगो विकासका लक्ष्य हासिल गर्न प्रदेशलाई मार्गदर्शन गर्दै आएको छ।

## ८.४.३ मुख्य सवाल तथा चुनौती

१. **जलवायु परिवर्तनको असरको न्यूनीकरणः** जलवायु परिवर्तनको असरबाट अत्यधिक प्रभावित र जोखिमपूर्ण समुदायलाई सहयोग गर्नु, जलवायु परिवर्तन एउटा बहुपक्षीय विषय भए तापनि सरोकारवाला निकायहरूबीचको समन्वयमा कार्यक्रम सञ्चालन गर्नु, जलवायु परिवर्तनको कारण र त्यसको असरको बारेमा साझा बुझाइको निर्माण गर्नु, प्रदेश सरकारसँग यससम्बन्धी आधारभूत तथ्याङ्कको कमी हुनु, जलवायु परिवर्तनको असरसम्बन्धी तथ्याङ्कको व्यवस्थापन गर्नु, प्रदेश तथा स्थानीय सरकारबीचको समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्नु आदि।

२. **प्रदेश तथा स्थानीय सरकारहरूको क्षमता अभिवृद्धिः** जलवायु परिवर्तनको जोखिम व्यवस्थापनबाट सङ्कटापन्नता घटाई अनुकूलन क्षमता बढाउनका लागि प्रदेश तथा स्थानीय तहमा रहेका सरकारी निकाय तथा संस्थाहरूको जलवायु परिवर्तनसँग सम्बन्धित ज्ञान अभिवृद्धि गर्नु, उनीहरूलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउनु, आवश्यक र व्यवहारिक योजना तथा कार्यक्रमको व्यवस्था गरी क्षमता अभिवृद्धि गर्नु,।

३. **जलवायु उत्थानशील प्रदेश निर्माणः** जलवायु वित्तमा पहुँच वृद्धि गर्नु, अन्तरनिकाय तथा अन्तर तह समन्वय स्थापित गर्नु, स्थानीय तह विशेष मुद्दा पहिचान गर्नु, जलवायु परिवर्तनका मुद्दाहरूको स्थानीयकरण गर्नु, स्थानीय आवश्यकताअनुसारको जलवायु परिवर्तन अनुकुलन कार्ययोजनाहरू निर्माण गरी कार्यान्वयन गर्नु, कार्यान्वयनबाट प्राप्त असल अभ्यासहरूलाई विस्तार गर्नु।

## ८.४.४ उद्देश्य

१. प्रदेशभित्र जलवायु परिवर्तन अनुकूलन क्षमता बढाउनु।
२. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गरी जलवायु-लचक हरित तथा समावेशी अर्थतन्त्र निर्माण गर्नु।

## ८.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशभित्र जलवायु परिवर्तन अनुकूलन क्षमता बढाउनु ।** | |
| १. अनुकूलन योजनाको प्रभावकारी कार्यान्वयन गर्ने। | १.१ प्रदेशभित्रका स्थानीय सरकारहरूको समन्वयमा समुदायको अगुवाइमा पहिचान गरिएको जलवायु अनुकूलन क्रियाकलाप कार्यान्वयन गरिनेछ।<br>१.२ जलवायु अनुकूलन क्रियाकलापहरूको लागि गैरसरकारी सङ्घसंस्था तथा समुदायको योगदानलाई प्रोत्साहित गरिनेछ।<br>१.३ जलवायु अनुकूलनका योजनामा समुदाय, स्थानीय तह र प्रदेशस्तरका मापनयोग्य सूचक बनाई लागू गरिनेछ।<br>१.४ विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन विशेष कोष स्थापना र सञ्चालन गरिनेछ।<br>१.५ प्रदेशस्तरीय जलवायु परिवर्तन अनुकूलन योजनालाई विषयगत योजनाहरूमा एकीकृत गरी कार्यान्वयन गरिनेछ।<br>१.६ स्थानीय तह तथा विकास साझेदार निकायहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. हरित विकासको अवधारणालाई क्रमशः कार्यान्वयन गर्ने। | २.१ हरितगृह ग्यास उत्सर्जनको आधारतह पहिचान गरी न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ।<br>२.२ स्वच्छ ऊर्जा उत्पादन तथा उपयोगलाई प्रोत्साहन गरिनेछ।<br>२.३ जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जन न्यूनीकरणबाट प्राप्त हुने लाभलाई हरित अर्थतन्त्र प्रबर्द्धन गर्ने गरी उपयोग र व्यवस्थापन गरिनेछ।<br>२.४ हरित प्रविधिको प्रयोगका लागि प्रोत्साहन र सहयोग गरिनेछ। |
| ३. समन्वय र सहकार्यमा जोड दिने। | ३.१ जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्दा तहगत सरकारहरूबीचको समन्वयमा कार्यान्वयन गर्ने नीतिगत प्रबन्ध गरिनेछ।<br>३.२ रैथाने तथा लोपोन्मुख बाली र बिउ संरक्षण तथा भण्डारणको व्यवस्था गरिनेछ।<br>३.३ जलवायु परिवर्तन विपद् व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता संरक्षण, वन व्यवस्थापन र जलाधार संरक्षणसम्बन्धी एकीकृत निर्देशिका बनाई प्रदेशस्तरीय समन्वय समिति गठन गरिनेछ।<br>३.४ हरित ग्यास उत्सर्जनको आधारतह निर्धारण गरी हरित ग्यास न्यूनीकरणमा सरोकारवालाहरूसँग समन्वय तथा सहजीकरण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनलाई विकासका सबै क्षेत्रमा मूलप्रवाहीकरण गरी जलवायु-लचक हरित तथा समावेशी अर्थतन्त्र निर्माण गर्नु ।** | |
| १. जलवायु-उत्तरदायी कृषि तथा खाद्य प्रणाली विकास गर्ने। | १.१ जलवायु-स्मार्ट कृषि प्रविधि (सुख्खा सहने बीउ, सूक्ष्म सिँचाइ, मल व्यवस्थापन) विस्तार गरिनेछ।<br>२.२ बाली विविधीकरण र कृषि बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।<br>२.३ कृषकहरूका लागि मौसम-आधारित परामर्श सेवा सञ्चालन गरिनेछ।<br>२.४ पशुपालन तथा कृषि-वन प्रणाली प्रबर्द्धन कार्यलाई जोड दिइनेछ। |
| २. जलस्रोत तथा पारिस्थितिकीय प्रणालीको दीगो व्यवस्थापन गर्ने। | २.१ मुहान संरक्षण, वर्षा-पानी सङ्कलन र भू-पुनर्भरण संरचना निर्माण गरिनेछ।<br>२.२ जलाधार व्यवस्थापन कार्यक्रम विस्तार गरिनेछ।<br>२.३ नदी तटीय संरक्षण तथा कटान नियन्त्रण आयोजना सञ्चालन गरिनेछ।<br>२.४ खानेपानी तथा सिँचाइ योजनामा जलवायु जोखिम मूल्याङ्कन अनिवार्य गरिनेछ। |
| ३. जैविक विविधता संरक्षणमार्फत कार्बन सञ्चिति वृद्धि गर्ने। | ३.१ समुदायमा आधारित जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ वन डढेलो नियन्त्रणका लागि प्रविधि र सामुदायिक सतर्कता प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।<br>३.३ कार्बन क्रेडिट र वन विनास तथा वन क्षयीकरणबाट हुने हरितगृह ग्यास उत्सर्जन घटाउने तथा वन संरक्षण, दिगो व्यवस्थापन र कार्बन भण्डारणमा वृद्धि (Reducing Emissions from Deforestation and Forest Degradation-REDD+) जस्ता संयन्त्रमार्फत आयआर्जन प्रबर्द्धन कार्य अगाडि बढाइनेछ।<br>३.४ जैविक विविधता संरक्षण क्षेत्रहरूको व्यवस्थापन सुधार गरिनेछ। |
| ४. विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्य सुदृढीकरण गर्ने। | ४.१ बाढी, पहिरो, डढेलो, सुख्खा आदिका लागि पूर्वानुमान र पूर्वसूचना प्रणाली विस्तार गरिनेछ।<br>४.२ सामुदायिक वन उपभोक्ता समुहमा वन डढेलो नियन्त्रण दस्ता गठन गरी परिचालन गर्ने नीति लिइनेछ।<br>४.३ स्थानीय तहमा आपतकालीन उद्धार तथा राहत संयन्त्र सुदृढ गर्न सहजीकरण गरिनेछ।<br>४.४ जोखिमयुक्त बस्तीहरूको पहिचान र सुरक्षित स्थानान्तरण योजना तयार गरी कार्यान्वयन गर्न स्थानीय तहहरूसँग सहकार्य गरिनेछ।<br>४.५ विपद्-प्रतिरोधी पूर्वाधार निर्माण मापदण्ड लागू गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ५. स्वच्छ ऊर्जा तथा हरित पूर्वाधार विकास गर्ने। | ५.१ सौर्य, बायोग्यास, सूक्ष्म जलविद्युत जस्ता नवीकरणीय ऊर्जा कार्यक्रम विस्तार गरिनेछ।<br>५.२ ऊर्जा दक्ष प्रविधि (सुधारिएको चुलो) प्रबर्द्धन कार्यलाई विस्तार गरिनेछ।<br>५.३ हरित भवन मापदण्ड लागू गरिनेछ।<br>५.४ विद्युतीय सवारी साधन र चार्जिङ पूर्वाधार विस्तारका लागि निजी क्षेत्र र नेपाल सरकारसँग समन्वय गरिनेछ। |

### ८.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. राजमार्ग तथा सहरी सडक किनार हरियाली प्रबर्द्धन,
२. पोखरी उत्थान तथा संरक्षण,
३. कम्तीमा एक वडा एक पोखरी निर्माण,
४. वन डढेलो नियन्त्रण,
५. स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रबर्द्धन,
६. स्थानीय तहसँगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन,
७. रैथाने तथा लोपोन्मुख बाली र बिउ संरक्षण,
८. हरित ग्यास उत्सर्जन न्यूनीकरण सहयोग,
९. जलवायु परिवर्तनको असर र अनुकूलनसम्बन्धी जनचेतना अभिवृद्धि,
१०. निजी वन र सार्वजनिक कृषि वनहरूको विकास,
११. विपद्-प्रतिरोधी पूर्वाधार निर्माण मापदण्ड निर्माण,
१२. जैविक विविधता संरक्षण क्षेत्रहरूको व्यवस्थापन सुधार,
१३. मुहान संरक्षण, वर्षा-पानी सङ्कलन र भू-पुनर्भरण संरचना निर्माण,
१४. बाली विविधीकरण र कृषि बीमा,
१५. जलवायु-स्मार्ट कृषि प्रविधि।

# परिच्छेद - नौ

# अन्तर - सम्बन्धित

अन्तर सम्बन्धित क्षेत्रअन्तर्गत शान्ति, सुव्यवस्था तथा सुरक्षा, सुशासन, श्रम तथा रोजगार, विपद् व्यवस्थापन, मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरण, सामाजिक न्याय तथा सामाजिक समावेशिता, गरिबी निवारण, गैरसरकारी संस्था तथा नागरिक समाजको भूमिका, साथै तहगत एवम् अन्तर-निकाय समन्वय र सहकार्यजस्ता उपक्षेत्रहरू समेटी विस्तृत उपक्षेत्रगत विश्लेषण तल गरिएको छ। यी क्षेत्रहरू एक अर्कासँग गहिरो रूपमा अन्तर सम्बन्धित रहेकाले समग्र विकास, सेवा प्रवाहको प्रभावकारिता र सुशासन प्रवर्द्धनमा संयुक्त प्रभाव पार्ने खालका संरचनागत आधारहरूका रूपमा रहेका छन्।

शान्ति, सुव्यवस्था र सुरक्षाको सुदृढीकरणले विकासका अन्य सबै आयामहरूका लागि अनुकूल वातावरण निर्माण गर्छ भने सुशासनले पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दछ। त्यस्तै, श्रम तथा रोजगार व्यवस्थापनले आर्थिक गतिविधि विस्तार गर्दै गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँछ। विपद् व्यवस्थापन प्रणालीले जोखिम न्यूनीकरण र दिगो विकासलाई सुदृढ बनाउँछ भने मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरणले दक्ष जनशक्ति उत्पादन गर्दै संस्थागत क्षमता अभिवृद्धि गर्दछ।

यसै गरी सामाजिक न्याय तथा समावेशिताले सबै वर्ग, लिङ्ग र समुदायको समान पहुँच सुनिश्चित गर्दै सामाजिक सन्तुलन कायम गर्छ। गरिबी निवारणका कार्यक्रमहरू आर्थिक तथा सामाजिक रूपान्तरणका आधार स्तम्भका रूपमा कार्य गर्छन्। गैरसरकारी संस्था, नागरिक समाज तथा सामाजिक सङ्घ-संस्थाहरूको सक्रिय भूमिकाले सेवा प्रवाह र जनसहभागिता विस्तार गर्दछ। अन्ततः तहगत तथा अन्तर-निकाय समन्वय र सहकार्यले नीति, योजना र कार्यान्वयन बीचको समन्वयलाई सुदृढ गर्दै समग्र शासन प्रणालीलाई प्रभावकारी, समावेशी र परिणाममुखी बनाउन सहयोग पुऱ्याउँछ।

## ९.१ शान्ति-सुव्यवस्था र सुरक्षा

### ९.१.१ पृष्ठभूमि

दिगो आर्थिक विकासका लागि शान्ति-सुव्यवस्था, सुरक्षा र मानव अधिकारको प्रत्याभूति हुन आवश्यक हुन्छ भने आर्थिक विकासबिना शान्ति, सुव्यवस्था, सुरक्षाको व्यवस्था र मानव अधिकार संरक्षणका लागि संयन्त्र परिचालन हुन सक्दैन। तसर्थ यी एक अर्काका परिपूरक तथा परिपोषक हुन्छन्। यसै तथ्यलाई मनन् गर्दै नेपालको संविधानले प्रदेश सरकारलाई प्रदेशको विकास र सेवा प्रवाहका साथै शान्ति सुव्यवस्था कायम राख्ने, नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी प्रदान गरेको छ। नेपालले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा अनुबन्ध भए बमोजिम नेपालको संविधानमा विभिन्न मौलिक हकको व्यवस्थाका साथै मौलिक हक कार्यान्वयन सम्बन्धी कानूनहरूमा पनि मानव अधिकारलाई खलल नपुग्ने गरी व्यवस्था गरेकोले यसको कार्यान्वयनको जिम्मेवारी तीनै तहका सरकारको हुन्छ।

नेपालको संविधानअन्तर्गत अनुसूची ६ प्रदेश तहको एकल अधिकारमा प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा (बुँदा नं.१) र प्रदेश अनुसन्धान ब्युरो (बुँदा नं.१३) रहेको छ। संविधानको अनुसूची ७ अर्थात सङ्घ र प्रदेशको साझा अधिकारअन्तर्गत देशको सुरक्षासँग सम्बन्धित विषयमा निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन र शान्ति सुरक्षाको व्यवस्था (बुँदा नं.३), एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण (बुँदा नं.४) जस्ता व्यवस्थाहरू रहेका छन्। त्यसैगरी संविधानको धारा १६ देखि ४६ सम्म रहेका ३१ वटा मौलिक हकहरूले मानव अधिकारको विविध आयामलाई समेट्नुका साथै संवैधानिक आयोगहरू मध्ये राष्ट्रिय मानव अधिकार आयोगको पनि व्यवस्था गरेको छ। त्यसैगरी कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ अनुसार आधारभूत मानव अधिकारको संरक्षण र प्रबर्द्धन, प्रदेशको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, केन्द्रीय प्रहरीसँग समन्वय, अन्य सुरक्षा निकायलाई लोकमार्ग, अन्तर्राष्ट्रिय सीमा सुरक्षालगायतमा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धन जस्ता विषय राखिएको छ।

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार प्रदेशको शान्ति सुरक्षा तथा सुव्यवस्था, कानून, न्याय तथा प्रदेश मामिला, आधारभूत मानव अधिकार संरक्षण, नागरिक स्वतन्त्रता रक्षालगायतका विषयको कार्यजिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत रहेको छ। यस प्रदेश उत्तर, पश्चिम र दक्षिण गरी तीनतर्फ दुवै अन्तर्राष्ट्रिय छिमेकी मुलुकहरू भारत र चीनको सिमानासँग जोडिएको हुनाले यसबाट सिर्जना हुने थप दायित्व र सिमाक्षेत्र सुरक्षा सम्बन्धी निकायसँग समन्वय तथा अन्तरसम्बन्ध कायम गर्न पनि आवश्यक हुन्छ।

### ९.१.२ विद्यमान अवस्था

प्रदेशमा सालबसालीसमेत कुल ६३ वटा ऐन तर्जुमा भएकोमा ४६ वटा कार्यान्वयनमा रहेका छन्। प्रदेशमा सुदूरपश्चिम प्रदेश प्रहरी ऐन, २०७९ तर्जुमा भएको छ। प्रदेश प्रहरी ऐनबमोजिम प्रदेश सुरक्षा समितिको बैठक बसेर प्रदेशको सुरक्षा सम्बन्धी छलफल तथा निर्णय हुने गरेको छ। जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या २६,९४,७८३ रहेको यस प्रदेशमा प्रति प्रहरी अनुपात ४६० (सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय) जना रहेका छन्। यस प्रदेशका कुल ७३४ वडा मध्ये २३७ वटा वडामा प्रहरी कार्यालय/चौकी रहेका छन् (राष्ट्रिय तथ्याङ्क कार्यालय, सामुदायिक प्रतिवेदन, २०८१)। यस प्रदेशका सबै जिल्लामा गरी जम्मा ९ वटा कारागार रहेका छन्। ती कारागारमा २०८२ माघ महिनाको तथ्याङ्कअनुसार कुल कैदीहरू मध्ये ५६ महिला र ८५८ पुरुष तथा कुल बन्दी मध्ये २० महिला र ३९७ पुरुष गरी जम्मा १३३१ जना कैदीबन्दी रहेका छन् (कारागार विभाग)। कैलालीको चिसापानीदेखि गड्डाचौकीसम्मका संवेदनशील क्षेत्रमा सिसिक्यामेरा जडान भएका छन्। सीमा सुरक्षाका लागि प्रदेशभित्र कुल ४८ वटा सीमा सुरक्षा पोष्ट (विओपी) स्थापना भएका छन्।

सुदूरपश्चिम प्रदेशमा सडक दुर्घटनाका कारणले वर्षेनी ठूलो मानवीय तथा सवारी साधनमा क्षति पुग्ने गरेको छ। आ.व. २०८१/८२ मा यहाँ सवारी दुर्घटना ११५३ वटा रहेका छन्। सडक दुर्घटनामा परेर ज्यान गुमाउनेहरूको सङ्ख्या १८५ जना रहेको तथा घाइते १९३६ जना रहेका छन्। यीमध्ये प्रदेशमा बढी क्षति कैलाली (करिव ५५ प्रतिशत) र कञ्चनपुरमा हुने गरेको छ। उक्त आ.व.मा कैलालीमा ७९ जना र

कञ्चनपुरमा ३४ जनाले ज्यान गुमाएका तथा कैलालीमा ७९८ जना र कञ्चनपुरमा ६५७ जना घाइते भएका हुन्। यस बाहेकका बाँकी पहाडी तथा हिमाली सात जिल्लामा भएका दुर्घटनामा घाइते र मृत्यु भएका हुन्।

सडक दुर्घटना न्यूनीकरणका लागि सुदूरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालयले प्रदेशभरि ६ हजार ७ सय ९१ ट्राफिक जनचेतना कार्यक्रम सञ्चालन गर्दा सुदूरपश्चिमका करिब २ लाख ६३ हजार ५७ जना मानिस लाभान्वित भएको तथ्याङ्क छ। नियम विपरीत सवारी साधन चलाएका कारण कारबाही गरिएको करिब ५५ हजार ५३६ वटा सवारी साधनबाट रू. ४ करोड २५ लाख ४० हजार ५ सय राजश्व सङ्कलन भएको पाइन्छ। प्रदेशमा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक प्रहरी कार्यालयको मातहतमा जिल्ला ट्राफिक कार्यालयहरू र अस्थायी ट्राफिक प्रहरी पोष्टहरू ६३ को सङ्ख्यामा विभिन्न स्थानमा छरिएर रहेका छन्। यस प्रदेशमा मानव अधिकारका घटनाका पीडितका आधारमा राज्य पक्षबाट र अन्य पक्षबाट घटेका घटनाहरूको अभिलेखीकरण भएको पाइन्छ। उदाहरणका लागि सन् २०२४ मा यस प्रदेशमा घटेका मुख्य घटनाहरूमा राज्य पक्षबाट कुल ७ वटा र अन्य पक्षबाट ११९० वटा घटना रहेको पाइन्छ (नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४)। प्रदेशमा घटेका घटनाका पीडितमध्ये सबैभन्दा बढी महिला अधिकार सम्बन्धी १०४० को सङ्ख्यामा रहेका छन्। दुवै पक्षबाट घटेका अन्य घटनाहरूमा घाइते, बालअधिकार, धम्की, अमानवीय व्यवहार, कारागारमा मृत्यु, सबैप्रकारका जातीय विभेद, हत्या, कुटपिट रहेका छन्। मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेशको आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदनमा गत १० वर्षको अवधिमा ४ थान उजुरी दर्ता भई कारबाही प्रक्रिया पूरा गरी निर्णय प्रक्रियामा गएको, बालविवाह, बालयौन दुराचार, यौन दुर्व्यवहारका २३ वटा घटना अनुगमन भएको उल्लेख छ।

यस प्रदेशमा भारतसँगको खुल्ला सीमाका कारण अवैध ओसारपसार, लागूऔषध कारोबार तथा मानव बेचबिखनको जोखिम विद्यमान रहेको छ। घना वन क्षेत्र तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र खप्तड राष्ट्रिय निकुञ्ज जस्ता संरक्षित क्षेत्रका कारण वन अपराध र अवैध गतिविधि नियन्त्रण चुनौतीपूर्ण रहेका छन्। साथै अपि हिमाल तथा बडीमालिका मन्दिर जस्ता पर्यटन गन्तव्यहरूमा पर्यटक सुरक्षा र विपद् व्यवस्थापनको आवश्यकता देखिन्छ। सीमावर्ती व्यापार, औद्योगिक गतिविधि र सहरीकरणको विस्तारसँगै श्रम विवाद, ट्राफिक व्यवस्थापन तथा सामाजिक सुरक्षासम्बन्धी चुनौतीहरू पनि बढ्दै गएका छन्, जसका लागि समन्वय, प्रविधिमैत्री निगरानी र संस्थागत क्षमता सुदृढीकरण अपरिहार्य छ।

## ९.१.३ मुख्य सवाल तथा चुनौती

१. **संवैधानिक व्यवस्थाको कार्यान्वयनः** प्रदेशलाई संविधानले प्रदान गरेका अधिकार कार्यान्वयनका लागि प्रदेश प्रहरी संयन्त्र प्रदेश मातहत ल्याउनु, प्रदेशका साझा अधिकार र मौलिक हक कार्यान्वयन सम्बन्धी कानून निर्माण र त्यसका लागि आवश्यक बजेट विनियोजन गर्नु, प्रदेश सभाको प्रभावकारिताका लागि वातावरण निर्माण गर्नु।

२. **आपराधिक घटना नियन्त्रणः** लागू औषध दुर्व्यसनीलगायत अन्य अपराधजन्य घटनाहरूमा युवा पिँढी सङ्लग्नता न्यूनीकरण गर्नु, विधिविज्ञान प्रयोगशाला स्थापना गर्नु, सबै संवेदनशील क्षेत्रमा सिसिक्यामेराको पहुँच विस्तार तथा कृत्रिम बौद्धिकता (एआइ) लगायतका प्रविधिको उपयोग गर्नु, सीमावर्ती क्षेत्रमा हुने मानव बेचबिखन तथा लागूऔषध कारोबार रोक्नु, वन्यजन्तु आखेट, हड्डि,

नङ्ग्रा आदिको अवैध ओसारपसारमा नियन्त्रण गर्नु, कारागार तथा बालसुधार गृह व्यवस्थापनमा प्रभावकारी समन्वय गर्नु, सूचना प्रविधिको विकास, साइवर सुरक्षा तथा वैयक्तिक सूचनाको सुरक्षा प्रबन्ध गर्नु, प्रयोग तथा क्षमता विकासमा पर्याप्त मात्रामा स्रोत साधन उपलब्ध गराउनु।

३. **संस्थागत क्षमता विकासः** हिमाली तथा पहाडी जिल्लाबाट खासगरी कैलाली र कञ्चनपुर जिल्लामा भइरहेको बढ्दो बसाइ सराईका कारणले सुरक्षा तथा सुव्यवस्था कायम गर्न आवश्यक संरचना, औजार र उपकरणको व्यवस्थापन गर्नु, सूचना प्रविधिको विकाससँगै अपराधको स्वरूपमा आएको तीव्र परिवर्तन अनुरुप अपराध नियन्त्रणमा प्रदेश सरकारका सुरक्षा संयन्त्रलाई दक्ष बनाउनु, अन्तर्राष्ट्रिय सीमाक्षेत्रबाट हुने अवैध गतिविधिबाट प्रदेशको आर्थिक र सामाजिक क्षेत्रमा असर पर्न नदिन नियन्त्रण गर्ने क्षमता अभिवृद्धि गर्नु, दुर्गम भूगोलमा नियमित गस्ती तथा निगरानी गर्नु।

४. **सडक दुर्घटना सुरक्षाः** प्रदेशमा चालकका लापरवाहीले हुने सडक दुर्घटनाबाट वर्षेनी हुने ठूलो जनधनको क्षति न्यूनीकरण गर्नु, ट्राफिक जनचेतना कार्यक्रमलाई अझ प्रभावकारी बनाइ दुर्घटना घटाउनु, ट्राफिक प्रहरीबाट भइरहेका निरोधात्मक पहल (टाइम कार्ड, अत्यधिक गति नियन्त्रण, ट्राफिक सङ्केतको पालना, स्थलगत चेकजाँच, सडक अनुशासन अनुगमन) लाई नतिजामुखी बनाउनु।

५. **मानव अधिकार तथा न्यायमा पहुँचः** महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, दलित, अपाङ्गता, बेचबिखनमा परेका, आप्रवासी नेपाली कामदार, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक वर्ग, सीमान्तकृत, विपन्न वर्ग तथा जातजाति, धर्म लिङ्ग, वर्ण, पेशा, संस्कृति आदिको आधारमा पछाडि पारिएका व्यक्तिको अधिकार संरक्षण गर्नु, विपन्न तथा कमजोर वर्गका लागि न्यायमा सहज पहुँच सुनिश्चित गर्नु, घरेलु हिंसा, जबरजस्तीकरणी, बहुविवाह, छुवाछुत, बालविवाह जस्ता मानव अधिकार संरक्षणसँग सम्बन्धित समस्याको समाधान गर्नु, पारिवारिक हिंसा एवम् सामाजिक कुरीतिका कारण हुने हिंसाका घटना न्यायिक निकायसम्मको पहुँचमा पुऱ्याउनु, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायमाथि हुने भेदभावको अन्त्य गर्नु।

६. **अन्तर्राष्ट्रिय सीमा सम्बन्धी दायित्वः** प्रदेश सुरक्षा संयन्त्र र अन्य सुरक्षा संयन्त्रबीच सूचना आदान प्रदान तथा समन्वय, सहकार्य सुदृढ गर्नु, खुला अन्तर्राष्ट्रिय सीमा नाकामा बेखर्ची भई आउने नागरिकको उद्दार गर्नु तथा सहायता पुऱ्याउनु, विभिन्न सरुवा रोग संक्रमण नियन्त्रण गर्नु, अवैध तथा समाजलाई हानी पुऱ्याउने सामग्री आयातलाई नियन्त्रण गर्नु।

## ९.१.४ उद्देश्य

१. नागरिकको जीउधनको सुरक्षा, स्वतन्त्रता तथा मर्यादाको रक्षा गर्नु।

२. मर्यादित जीवन, समानता र स्वतन्त्रतासम्बन्धी संवैधानिक तथा कानूनी हक उपभोगको वातावरण सुनिश्चित गर्नु।

## ९.१.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः नागरिकको जीउधनको सुरक्षा, स्वतन्त्रता तथा मर्यादाको रक्षा गर्नु ।** | |
| १. संविधान अनुकूल कानूनी व्यवस्था गरी कार्यान्वयन गर्ने। | १.१ प्रदेश शान्ति-सुरक्षा व्यवस्थाका लागि प्रदेश सुरक्षा नीति, सुरक्षा संयन्त्र स्थापना र परिचालनसम्बन्धी ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेशमा मानव अधिकार संरक्षणका लागि आवश्यक ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.३ साझा अधिकार तथा मौलिक हकसम्बन्धी कानून कार्यान्वयनको लागि सङ्घ सरकार तथा स्थानीय तहसँग समन्वय गरिनेछ।<br>१.४ प्रदेश सभालाई प्रभावकारी बनाउन आवश्यक स्रोत साधन व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरिनेछ। |
| २. सुरक्षा संयन्त्रको संस्थागत क्षमता अभिवृद्धि गरी उचित परिचालन गर्ने। | २.१ प्रदेश प्रहरीको भौतिक पूर्वाधार स्तरोन्नति तथा क्षमता विकास गरिनेछ।<br>२.२ प्रदेशमा प्रहरी संयन्त्र व्यवस्थापन, सञ्चालन तथा नियमन गरिनेछ।<br>२.३ प्रदेश प्रहरीलाई कृत्रिम बौद्धिकता, साइवर सुरक्षालगायतका नवीन सूचना तथा प्रविधिमा पहुँच विस्तार गरिनेछ।<br>२.४ हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन गरिनेछ।<br>२.५ लागू औषधिको उत्पादन, बिक्री वितरण तथा ओसारपसारलाई नियन्त्रण गरिनेछ।<br>२.६ लागू-पदार्थ दुर्व्यसनी सुधार केन्द्र स्थापना र सञ्चालनका लागि सहजीकरण तथा नियमित अनुगमन गरिनेछ।<br>२.७ प्रदेशमा सामुदायिक प्रहरीको व्यवस्था गरी परिचालन गरिनेछ।<br>२.८ अति संवेदनशील एवम् महत्त्वपूर्ण प्रतिष्ठान तथा भौतिक पूर्वाधारका लागि विशेष सुरक्षा प्रबन्ध गरिनेछ।<br>२.९ प्रदेशमा अनुसन्धान व्यूरो गठन गरी अपराध अनुसन्धान तथा सूचना आदान प्रदानमा उपयोग गरिनेछ।<br>२.१० बाल सुधार गृह, कारागार तथा हिरासत व्यवस्थापनका लागि सङ्घ सरकारसँगको समन्वयमा जिम्मेवारी बाँडफाँट गरी आवश्यक कार्य गरिनेछ।<br>२.११ समुदाय तहमा सचेतना अभिवृद्धिका लागि नागरिक प्रहरी सहकार्य अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. सडक सुरक्षाका उपायहरूलाई थप प्रभावकारी बनाउने। | ३.१ ट्राफिक प्रहरी निगरानी प्रभावकारी बनाई कानूनको परिपालना वृद्धि गरिनेछ।<br>३.२ यात्रु तथा सवारी चालकलाई सडक दुर्घटना सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ आवश्यकताअनुसार ट्राफिक सङ्केत, ट्राफिक लाइट, सिसि क्यामेरा जडान एवम् मर्मत नियमित गरिनेछ।<br>३.४ तीव्र गति, मादक पदार्थ सेवन, अनलाइन सवारी तथा चालक अनुमति पत्रको चेकजाँचका लागि ट्राफिक प्रहरीलाई आवश्यक औजार उपकरणको व्यवस्थापन गरिनेछ। |
| **उद्देश्य २ : मर्यादित जीवन, समानता र स्वतन्त्रतासम्बन्धी संवैधानिक तथा कानूनी हक उपभोगको वातावरण सुनिश्चित गर्नु।** | |
| १. मानव अधिकारको रक्षा गर्ने। | १.१ समाजमा हानीकारक प्रचलनको अन्त्य, मानव अधिकारको संरक्षण तथा रक्षा सम्बन्धी कानूनी सचेतना अभिवृद्धि गरिनेछ।<br>१.२ हिंसा तथा यातना पीडित, द्वन्द्व पीडित, विस्थापित व्यक्ति तथा परिवारलाई उद्दार, राहत, कानूनी उपचार, क्षतिपूर्ति, पुनःस्थापना तथा जीविकोपार्जनमा सहजीकरण गरिनेछ।<br>१.३ लोपोन्मुख, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकलगायतका सीमान्तकृत समुदायका मानिसलाई भेदभाव गर्ने व्यक्तिलाई कानूनी कारवाही गरिनेछ।<br>१.४ मानव अधिकार उलङ्घनका घटना न्यूनीकरणका लागि कानूनी प्रक्रियामा ल्याउन नागरिक समाजबाट निगरानीको उचित प्रबन्ध गरिनेछ।<br>१.५ मानव बेचबिखन नियन्त्रण गर्न जनचेतना अभिवृद्धि तथा सुरक्षा निकाय परिचालन गरिनेछ। |
| २. सरोकारवाला निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने। | २.१ प्रदेश प्रहरी, अन्य सुरक्षा निकाय र निजामती प्रशासनसँग नियमित सम्पर्क तथा सूचना आदानप्रदान गरिनेछ।<br>२.२ अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध नियन्त्रणका लागि प्रदेश प्रहरीबाट समन्वय, सहकार्य तथा सहयोग गरिनेछ।<br>२.३ जनचेतना अभिवृद्धिका लागि गैरसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ।<br>२.४ स्थानीय मेलमिलापकर्ताका रूपमा बडघर, भलमन्सालाई समावेश गरी क्षमता विकास गरिनेछ।<br>२.५ स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ प्रदेश प्रहरी र स्थानीय न्यायिक समितिबीच समन्वय गरी अपराधका घटनालाई कानूनी दायरामा ल्याउन पहल गरिनेछ।<br>२.७ सङ्घीय संसद, प्रदेश सभा र गाउँ तथा नगर सभाबीच सूचना आदान प्रदान, कानूनी तादात्म्यता, क्षमता सदृढीकरणलगायतका क्षेत्रमा समन्वय, सहकार्य गरिनेछ। |

### ९.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेश सुरक्षा नीति तथा कानूनी संरचना निर्माण,
२. मानव अधिकार संरक्षण तथा मौलिक हक प्रबर्द्धन,
३. मानव अधिकार सचेतना,
४. प्रदेशसभा, नगरसभा तथा गाउँसभा क्षमता सुदृढीकरण,
५. सुरक्षा संयन्त्रको संस्थागत क्षमता अभिवृद्धि,
६. शान्ति सुरक्षा क्षेत्रमा सूचना-प्रविधि पहुँच विस्तार,
७. सडक सुरक्षा व्यवस्थापन तथा सडक दुर्घटना न्यूनीकरण,
८. समन्वय तथा सहकार्य सुदृढीकरण,
९. प्रदेश प्रहरी क्षमता विकास,
१०. अपराध अनुसन्धान तथा नियन्त्रण सुदृढीकरण,
११. लागूऔषध नियन्त्रण तथा रोकथाम विशेष अभियान सञ्चालन,
१२. लागू पदार्थ दुर्व्यसनी सुधार केन्द्र स्थापना सहजीकरण, अनुगमन,
१३. वन्यजन्तु, आखेट हड्डी, नङ्ग्रा, छाला तथा बहुमूल्य जडिबुटीको चोरी निकासी नियन्त्रण
१४. सामुदायिक प्रहरी साझेदारी कार्यक्रम,
१५. प्रदेश ट्राफिक व्यवस्थापन,
१६. सुरक्षा संयन्त्र विस्तार तथा पूर्वाधार विकास,
१७. स्थानीय न्यायिक समिति तथा मेलमिलापकर्ता क्षमता अभिवृद्धि,
१८. तहगत कानूनी तादात्म्यता, समन्वय, सहकार्य,
१९. साइवर सुरक्षा सुदृढीकरण,
२०. कारागार सुधार तथा पुनर्स्थापना।

## ९.२ सुशासन

### ९.२.१. पृष्ठभूमि

राज्यका स्रोत, अधिकार र संस्थाहरूलाई पारदर्शी, जवाफदेही, समावेशी, उत्तरदायी र प्रभावकारी रूपमा व्यवस्थापन गर्नु सुशासन हो। यसले नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने, राज्यका स्रोतहरूको न्यायपूर्ण उपयोग गर्ने र सार्वजनिक संस्थाहरूलाई नागरिकप्रति जिम्मेवार बनाउने गर्छ। सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम र उत्तरदायी तुल्याउँदै निष्पक्ष, पारदर्शी, नतिजामुखी र जनमुखी सेवा प्रवाहको माध्यमबाट सुशासनको प्रत्याभूति गर्ने उद्देश्य सुदूरपश्चिम प्रदेश सरकारको रहेको छ।

संविधानको प्रस्तावनामा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अवलम्बन गरेको स्पष्ट गर्दै राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ।

सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार सुशासन प्रबर्द्धन तथा भ्रष्टाचार नियन्त्रण सम्बन्धी जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको छ। यसका लागि प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न कार्यहरू हुँदै आएका छन्।

### ९.२.२ विद्यमान अवस्था

नेपालमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ जारी भई लागू भएको छ भने प्रदेशको स्थापना भएपश्चात सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। उक्त ऐनले वेभसाइट नियमित अद्यावधिक गर्न, भ्रष्टाचार नियन्त्रणका लागि जाँचबुझ गर्न अख्तियार दुरुपयोग आयोगलाई सहयोग गर्न, अनियमितता तथा भ्रष्टाचारको निगरानी गर्न प्रदेश सरकारलाई मार्गदर्शन तथा कानूनी आधार प्रदान गरेको छ। प्रदेशमा हेलो सिएम गुनासो व्यवस्थापन प्रणालीमार्फत हेलो सिएम गुनासो व्यवस्थापन निर्देशिका, २०७९ बमोजिम सेवाग्राहीको गुनासो सुन्ने काम भएको छ। यस प्रणालीमा आ.व. २०८२/८३ को दोस्रो चौमासिकको अन्त्यसम्म मोवाइल एप तथा वेभ एपमार्फत १९५ वटा गुनासो प्राप्त भएकामा १४६ वटा फछ्र्यौट भई ४९ वटा अनुसन्धानका क्रममा रहेका छन् (हेलो सिएम गुनासो व्यवस्थापन प्रणाली)।

ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार सन् २०२५ मा नेपाल भ्रष्टाचार अनुभूति सूचकाङ्क (सिपिआई) मा पूर्णाङ्क १०० मा प्राप्ताङ्क ३४ तथा १८२ राष्ट्रमध्ये १०९ औं स्तरमा रहेको छ।यो अघिल्लो वर्षकै प्राप्ताङ्कको निरन्तरता र १०७ औं स्थानभन्दा दुई स्तर खस्केको अवस्था हो।

सुदूरपश्चिम प्रदेशमा सुशासन कायम गर्न तथा कानूनको शासन सञ्चालन गर्न सालबसालीसमेत ६३ वटा ऐन जारी भएकोमा ४६ वटा ऐन कार्यान्वयनमा रहेका छन्। यहाँ सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन २०७९ लगायतका सुशासन तथा भ्रष्टाचार नियन्त्रण गर्न योगदान गर्ने थुप्रै कानून कार्यान्वयनमा रहेका छन्।

यस प्रदेशमा आ.व. २०८१/८२ को कारोवारका आधारमा कुल विनियोजित पूँजीगत खर्चमध्ये ६६.४९ प्रतिशत, कुल बजेट विनियोजनमध्ये ७०.१९ प्रतिशत खर्च भएको थियो भने कुल अनुमानित आन्तरिक राजस्वमध्ये ९७.१७ प्रतिशत सङ्कलन भएको छ (महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२, सुदूरपश्चिम प्रदेश)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पैतीसौं प्रतिवेदन (२०८२) अनुसार आ.व.२०८१/८२ मा अख्तियारअन्तर्गतका कार्यालयहरूमा देशभरिमा तीनवटै तहका कुल उजुरी सङ्ख्या ३७,०२६ (गत वर्षको जिम्मेवारी सरेको समेत) मध्ये सुदूरपश्चिम प्रदेशको २६१६ वटा (७.०७ प्रतिशत) रहेकोमा प्रदेश सरकारअन्तर्गतका कार्यालयहरूको ५१५ वटा उजुरी रहेका छन्। जसमध्ये कुल ४१२ उजुरी फछ्र्यौट भइ १०३ वटा बाँकी रहेको उल्लेख छ।

महालेखा परीक्षकको सुदूरपश्चिम प्रदेशको सातौं प्रतिवेदन, २०८२ अनुसार यस प्रदेशको पेश्की बाहेकको वेरुजु १.३५ प्रतिशत रहेको छ।यो अघिल्लो वर्षको ०.९५ प्रतिशतको तुलनामा केही बढी हो। साथै प्रदेशहरूको औसत वेरुजु १.२५ प्रतिशतको तुलनामा पनि सुदूरपश्चिम प्रदेशको १.३५ प्रतिशत बेरुजु दर केही उच्च रहेको छ।

### ९.२.३ मुख्य सवाल तथा चुनौती

१. **नीति तथा कानूनको प्रभावकारी पालनाः** सार्वजनिक क्षेत्रमा सदाचार सबल बनाउनु, आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउनु, कार्यसम्पादन मापनलाई प्रभावकारी बनाइ पुरस्कार र दण्डको उचित कार्यान्वयन गर्नु, सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउनु, विनियोजन अनुशासन तथा कार्यान्वयनलाई प्रभावकारी बनाउनु, स्थानीय तहको विधायिकी क्षमता अभिवृद्धि गर्नु।

२. **पारदर्शिता र जवाफदेहिता अभिवृद्धिः** सार्वजनिक प्रशासनमा नयाँ प्रविधि तथा विद्युतीय शासनलाई पूर्ण अवलम्बन गर्नु, कार्यवोझ अनुरुपका दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, सेवा प्रवाहलाई नागरिकमैत्री, पारदर्शी, जवाफदेही बनाउनु, नागरिकसम्म एकीकृत डिजिटल र सूचना प्रणालीको पहुँच पुऱ्याउनु, सरकारी निर्णय, बजेट खर्च र सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाउनु, प्राथमिकताका आधारमा स्रोत साधनको उपयोग गर्नु, प्रदेश सरकारले प्रवाह गर्ने सेवाको सन्तुष्टी सर्वेक्षण गरी संस्थागत सुधार गर्नु, सेवा प्रवाहको अनुगमन गरी तत्काल समस्या समाधान गर्ने संयन्त्र परिचालन गर्नु।

३. **भ्रष्टाचार नियन्त्रणः** भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीतिलाई व्यवहारमा अवलम्बन गराउनु, भ्रष्टाचार नियन्त्रणको जिम्मेवारीमा रहेका संस्थाहरूको प्रभावकारिता अभिवृद्धि गर्नु, भ्रष्टाचार विरुद्ध नागरिक सचेतना तथा निगरानी बढाउनु र तथ्यपूर्ण उजुरी दिने वातावरण निर्माण गर्नु।

४. **नागरिक निगरानीको प्रभावकारी व्यवस्थापनः** नागरिक समाजको जागरुकतालाई थप प्रभावकारी बनाउनु, नागरिकमा सार्वजनिक स्रोतको उपयोगप्रति जवाफदेहिता खोज्ने क्षमता अभिवृद्धि गर्नु, सार्वजनिक सूचनाको पहुँच र त्यसको उपयोगका लागि क्षमता वृद्धि गर्नु, स्थानीयस्तरमा युवा जनशक्तिको प्रभावकारी हस्तक्षेप वृद्धि गर्नु, सार्वजनिक निकायबाट प्रवाह हुने सेवाको सुशासनका औजारहरू (वडापत्र, आयोजना सूचना पाटी, सार्वजनिक तथा सामजिक परीक्षण, नागरिक सुनवाई आदि) मार्फत सेवाग्राही मूल्याङ्कन प्रणाली अभ्यास गर्नु।

५. **नागरिकको सहभागिताको सुनिश्चितताः** निर्णय प्रक्रियामा सबै जाति, लिङ्ग र समुदायको प्रतिनिधिमूलक सहभागिता सुनिश्चित गर्नु, अर्थपूर्ण सहभागिताको सम्बन्धमा आम नागरिकमा सचेतना अभिवृद्धि गर्नु, सार्वजनिक सेवाको न्यायोचित वितरण गरी नागरिकको सहभागिता सुनिश्चित गर्नु।

### ९.२.४ उद्देश्य

१. शासन प्रक्रिया, सेवा प्रवाह र विकास कार्यलाई पारदर्शी, जवाफदेही, उत्तरदायी कानूनसम्मत बनाई स्रोत साधनको प्रभावकारीरूपमा सदुपयोग गर्नु।

२. भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण र सदाचारलाई प्रबर्द्धन गर्नु।

### ९.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः शासन प्रक्रिया, सेवा प्रवाह र विकास कार्यलाई पारदर्शी, जवाफदेही, कानूनसम्मत बनाई स्रोत साधनको सदुपयोग गर्नु ।** | |
| १. कानून तर्जुमा र कार्यान्वयनलाई प्रभावकारी बनाउने। | १.१ विद्यमान नीति तथा कानूनको कार्यान्वयनको प्रभावकारिता मापन (उत्तरविधायिकी परीक्षण) गरी समयानुकूल परिमार्जन गरिनेछ।<br>१.२ नवीन प्रविधिको विकास र नयाँ चुनौतीलाई सम्बोधन गरी सुशासन प्रबर्द्धन गर्न आवश्यक नयाँ कानून पहिचान, तर्जुमा र कार्यान्वयन गरिनेछ।<br>१.३ कानून कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।<br>१.४ स्थानीय तहको कानून निर्माण क्षमता विकासका लागि नमूना कानून तर्जुमा, अभिमुखीकरणलगायतका सहजीकरण गरिनेछ। |
| २. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही तथा नागरिकमैत्री बनाउने। | २.१ नागरिकसँग प्रत्यक्ष सेवाको सरोकार हुने यातायात व्यवस्था कार्यालय, जिल्लास्तरका कार्यालयलगायतमा सेवाग्राही पृष्ठपोषण तथा सन्तुष्टि अभिमत प्रकट गर्ने व्यवस्था मिलाइनेछ।<br>२.२ नापी तथा मालपोत कार्यालयबाट प्रवाह हुने सेवाको प्रभावकारीता सुनिश्चित गरिनेछ।<br>२.३ सूचनाको हक सम्बन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यन्वयन गरी नागरिकलाई आवश्यक हुने सार्वजनिक सूचना सहज रूपमा प्राप्त हुने व्यवस्था मिलाइनेछ।<br>२.४ हेलो सिएम प्रणालीलाई समसामयिक परिमार्जन गरी निरन्तर सञ्चालन गरिनेछ।<br>२.५ हेलो सिएम प्रणालीको महत्त्व र प्रयोगसम्बन्धमा नागरिकलाई जानकारी गराइनेछ।<br>२.६ सेवाग्राहीबाट प्राप्त गुनासा, सुझाव तथा पृष्ठपोषणलाई उचित सम्बोधन गरी सेवाको गुणस्तर सुधार गरिनेछ।<br>२.७ नागरिकमैत्री तथा पारदर्शी सेवा प्रवाहका मापदण्ड विकास गरी कार्यान्वयन गरिनेछ।<br>२.८ सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाउन क्षतिपूर्तिसहितको नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.९ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, निरक्षरलगायतका सहयोग आवश्यक हुने सेवाग्राहीलाई सहायता कक्षका साथै प्रतिक्षा कक्ष र पारदर्शी कार्यकक्ष, स्तनपान कक्ष, खानेपानी, शौचालय, चमेना गृह सहितको सेवाग्राहीमैत्री कार्यालयको अवधारणा लागू गरिनेछ।<br>२.१० सहकारी, निजी, गैरसरकारी क्षेत्रबाट जवाफदेही रूपमा प्रभावकारी सेवा प्रवाह गर्न अनुगमन, नियमन तथा सेवाग्राहीबाट मूल्याङ्कन गर्ने अभ्यासको थालनी गरिनेछ। |
| ३. सार्वजनिक सेवा प्रवाहमा प्रविधिको उपयोग विस्तार गर्ने। | ३.१ सेवालाई छिटो, छरितो र मितव्ययी बनाउन डिजिटल प्रणाली तथा ई-सेवालगायतका विद्युतीय प्रणालीको विस्तार गरिनेछ।<br>३.२ सार्वजनिक सेवा प्रवाहमा उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चित गर्न सूचना प्रणाली विकास गरिनेछ।<br>३.३ सार्वजनिक निर्णय प्रक्रियालाई निर्णयको प्रकृतिअनुसार जिम्मेवार अधिकारीबाट जिम्मेवारी निर्वाह गर्नुपर्ने गरी व्यवस्था मिलाइनेछ।<br>३.४ सूचना प्रविधिमा आधारित कार्यसम्पादनमा आधारित सूचकको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।<br>३.५ सेवा प्रवाह तथा विकास निर्माणको अनुगमन प्रणालीलाई सूचना प्रविधिसँग आबद्ध गरी प्रभावकारी बनाइनेछ।<br>३.६ सबै सार्वजनिक क्षेत्रका भुक्तानी र राजस्व असुलीलाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ। |
| **उद्देश्य २ : भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण र सदाचारलाई प्रबर्द्धन गर्नु ।** | |
| १. सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गरी भ्रष्टाचार न्यूनीकरण गर्ने। | १.१ भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ सूचना प्रविधिको प्रयोग बढाइ गुनासो सुनुवाई संयन्त्रलाई थप सरल र प्रभावकारी बनाइनेछ।<br>१.३ प्रदेशका सबै मन्त्रालय तथा निकायमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाइनेछ। साथै आयोजना स्थलमा आयोजनासँग सम्बन्धित सबै सूचनालाई सूचना पाटीमा राखिनेछ।<br>१.४ सेवाग्राहीको सन्तुष्टि सर्भेक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा सेवा सुधार गरिनेछ।<br>१.५ एआइमा आधारित अनुगमन प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| २. शासन प्रक्रियामा नागरिक निगरानी बढाउने। | २.१ शासन प्रक्रियामा तथ्यमा आधारित नागरिक निगरानी बढाउन नागरिक समाजको क्षमता विकास गरिनेछ।<br>२.२ भ्रष्टाचार हुने सार्वजनिक क्षेत्र र निकाय पहिचान गरी विशेष निगरानी बढाइनेछ।<br>२.३ नीतिगत भ्रष्टाचारको सम्भावना विश्लेषण गरी नीति तर्जुमा तथा कार्यान्वयन गरिनेछ।<br>२.४ स्वार्थको द्वन्दको कडा निगरानी गरिनेछ।<br>२.५ भ्रष्टाचार विरुद्ध आवाज उठाउन जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>२.६ सार्वजनिक सञ्चार, शैक्षिक संस्था तथा नागरिक समाजका सङ्घ संस्थामार्फत भ्रष्टाचार विरुद्ध अभियान सञ्चालन गरिनेछ।<br>२.७ नागरिक सरोकारसँग सम्बन्धित निर्णय बारे यथासमयमा सार्वजनिक गरी नागरिकलाई सुसूचित गरिनेछ। |

### २.९.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **कानून तर्जुमा, संशोधन तथा कार्यान्वयनः** विद्यमान कानूनहरूको प्रभाव मूल्याङ्कन, प्रविधि, साइबर सुरक्षा, डिजिटल सेवा, डेटा संरक्षण सम्बन्धी कानून तर्जुमा, संशोधन, सार्वजनिक सेवाको मापदण्ड तयारी, कार्यसम्पादन सम्झौता प्रणाली कार्यान्वयन।

२. **डिजिटल शासन प्रबर्द्धनः** इ-गभर्नेन्स योजना तर्जुमा तथा कार्यान्वयन, हेलो सिएम प्रणाली सुदृढीकरण, मन्त्रालय तथा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको विद्युतीय शासन सम्बन्धी क्षमता विकास, एआइमा आधारित अनुगमन प्रणाली विकास।

३. **सार्वजनिक जवाफदेहिता अवलम्बनः** हेलो सिएम गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सार्वजनिक एवम् सामाजिक परीक्षण, परियोजना स्थलमा आयोजनागत विवरण सहितको सूचनापाटी, नागरिक प्रतिवेदन पत्र तथा नागरिक सन्तुष्टि सर्भेक्षण तथा कार्यान्वयन।

४. **पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिः** सदाचार प्रवर्द्धन, सूचनादाता (Whistleblower) संरक्षण संयन्त्र, गुनासो सुनुवाइ संयन्त्र तथा उजुरी व्यवस्थापन प्रणाली, आदि)

५. **नागरिक सहभागिता तथा निगरानी प्रबर्द्धनः** नागरिक समाजको क्षमता विकास, विद्यालय तथा कलेजमा भ्रष्टाचार विरुद्धको सचेतना अभिवृद्धि, समावेशी सहभागिता प्रारुप वा ढाँचा विकास र लैङ्गिक तथा सामाजिक समावेशीकरण कार्यान्वयन अनुगमन)

## ९.३ श्रम तथा रोजगार

### ९.३.१ पृष्ठभूमि

मानव स्रोत आर्थिक तथा सामाजिक विकासको शक्ति हो। यो उत्पादन र उत्पादकत्व बढाइ समृद्धि प्राप्त गर्ने आधार हो। तसर्थ नेपालको संविधानले मौलिक हकअन्तर्गत रोजगारीको हक समेटेर सबै नागरिकलाई सामाजिक सुरक्षासहितको सम्मानजनक रोजगारी प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। यसबाट

दक्ष जनशक्ति उत्पादन गर्ने, व्यावसायिक क्षमता वृद्धि गर्ने तथा देशभित्रै रोजगारीका अवसर सिर्जना गर्ने प्रतिबद्धता गरेको छ। नेपालले दिगो विकास लक्ष्यको लक्ष्य ८ मा समावेशी र दिगो आर्थिक वृद्धि, सबैका लागि पूर्ण र उत्पादनशील रोजगारी र सम्मानजनक काम प्रबर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ। संविधानको अधिकारसूचीमा सङ्घ र प्रदेशको साझा अधिकारमा सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य र रोजगारी तथा बेरोजगार सहायतालाई समावेश गरेको छ। साथै नेपालले सन् २०३० सम्म बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी १० प्रतिशतभन्दा कम गर्ने लक्ष्य लिएको छ। देशमा आन्तरिक रोजगारी अभिवृद्धि गर्ने अभिप्रायले नेपाल सरकारले आ.व.२०८२/८३ देखि २०९२/९३ सम्मलाई आन्तरिक रोजगार प्रबर्द्धन दशक घोषणा गरेको छ।

नेपाल सरकारले श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्दै मर्यादित बनाउन वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नीति, २०६८, राष्ट्रिय रोजगार नीति, २०७१, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, श्रम ऐन, २०७४ आदि जारी गरेको छ। यी व्यवस्थामा स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने, मर्यादित श्रमको सुनिश्चितता सहित सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रमलगायत सबै प्रकारका श्रम शोषणको अन्त्य गर्ने, व्यवस्थापनमा श्रमिक वर्गको सहभागिता बढाउने, वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित, व्यवस्थित र रोजगारी प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउने, वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई दक्षता अभिवृद्धिमा जोड दिने, वैदेशिक रोजगारबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने विषयलाई जोड दिएको छ।

संविधानद्वारा प्रत्याभूत मौलिक हकको कार्यान्वयन गर्नका लागि रोजगारीको हकसम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याई प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारको पहिचान र सूचीकरण गर्ने कार्य हुँदै आएको छ। सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी प्रत्याभूति गर्न राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ जारी भइ देशभर कार्यक्रम सञ्चालनमा रहेको छ।नेपाल सरकारले श्रमिकको सुरक्षाका लागि राष्ट्रिय व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीति, २०७६ कार्यान्वयनमा ल्याएको छ र श्रम प्रतिष्ठानको निरीक्षण कार्यलाई समेत नियमितता दिएको छ। साथै सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन २०८१ कार्यान्वयनमा रहेको छ।

नेपाल हाल जनसाङ्ख्यिक लाभको अवस्थामा भएकाले नेपालको श्रम बजारमा बर्सेनि थपिने श्रमयोग्य जनशक्ति करिब ४ लाख ६० हजारको सङ्ख्यामा रहेको पाइन्छ। नेपालको कुल रोजगारीको करिव ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले प्रदान गर्ने गरेको छ। तर, अधिकांश जनशक्ति छिमेकी देश भारत तथा अन्य देशमा अदक्ष कामदारका रूपमा श्रम गर्न जाने गरेका छन्। प्रदेशको श्रम बजारमा सक्रिय जनशक्तिलाई दक्ष, सीपयुक्त तथा स्वावलम्बी बनाउँदै रोजगारी सिर्जना तथा आर्थिक वृद्धि गर्नुपर्ने आवश्यक छ। रोजगारी वृद्धि भनेको उत्पादन र उत्पादकत्व वृद्धिसँगै गाँसिएर आउने विषय भएकाले उत्पादन र रोजगारीबीचको

सम्बन्ध प्रगाढ बन्दै जाँदामात्र रोजगारीको आधार मजबुत बन्न सक्दछ। रोजगारीको मजबुत आधारले मात्र दिगो अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउँदछ।

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०८१ ले श्रम तथा रोजगारसम्बन्धी जिम्मेवारी प्रदान गरेको छ। यस प्रदेशमा श्रम ऐन, २०७४ का आधारमा सुदूरपश्चिम प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन कार्यविधि, २०८१, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष नियमावली, २०७६, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष कर्जा कार्यविधि, २०७९, वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरिरहेका उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०८१ जारी भएको छ।

## ९.३.२ विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को श्रमशक्ति तथा आर्थिक गतिविधि सम्बन्धी प्रतिवेदनका अनुसार १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रूपमा सक्रिय जनसङ्ख्या नेपालमा २,३९,५८,८६८ रहेकोमा सुदूरपश्चिम प्रदेशमा २१,८३,४०४ (९.११ प्रतिशत) व्यक्तिहरूमध्ये ७०.४ प्रतिशतले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन्। आर्थिक काम गरेकामध्ये ४२.६ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २७.८ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र २९.५ प्रतिशतले कुनै पनि आर्थिक गतिविधि गरेका छैनन् भने ०.१ प्रतिशतका बारेमा केही खुलेको छैन। यस प्रदेशको श्रम सहभागिता दर राष्ट्रिय (६५.५ प्रतिशत) भन्दा उच्च ७०.३ प्रतिशत रहेकोमा पुरुष ७२.२ प्रतिशत र महिला ६८.७ प्रतिशत रहेको छ। यस प्रदेशमा बेरोजगार जनसङ्ख्या ८०४६२ (५.२ प्रतिशत) रहेको छ। युवा (१५-२४ वर्ष) बेरोजगारी दर यस प्रदेशमा ७.६ प्रतिशत रहेको छ। यस प्रदेशमा गएको १२ महिनामा १० वर्षमाथिका संस्थागत आर्थिक गतिविधिमा संलग्न हुने १४,७९,६२१ जनसङ्ख्यामध्ये सरकारी क्षेत्रमा ६०,७०९ जना, वित्तीय संस्थामा ७,८८४ जना, गैरवित्तीय क्षेत्रमा ३,१२,७३०, गैरनाफामूलक संस्थामा सेवा गर्ने घरपरिवार ५,००९, घरायशी काममा संलग्न १०,९२,७०६ र नखुलेको ५८३ रहेका छन्। रोजगारीको स्थितिलाई हेर्दा अरुको काम गर्ने २,८०,४७४ जना (१९ प्रतिशत), रोजगारदाता १४,८४१ जना (१ प्रतिशत), आफ्नै काम गर्ने ९,२८,६७० जना (६२.८ प्रतिशत), परिवारलाई सघाउने २,५५,१६२ जना (१७.२ प्रतिशत) र नखुलेको ४७४ जना रहेका छन् (Labor Force and Economic Activities in Nepal, NPHC २०२१)। अन्तराष्ट्रिय श्रम सङ्गठनले सामाजिक दृष्टिकोणबाट असुरक्षित रोजगारीका रूपमा आफ्नै काम गर्ने र परिवारलाई सघाउने समुहलाई परिभाषित गरेको हुनाले यस प्रदेशका ८० प्रतिशत श्रमशक्ति असुरक्षित रोजगारीमा संलग्न रहेको देखिन्छ। जसमा पुरुष ७१.८ प्रतिशत (५,०२,७०९ जना) र महिला ८७.४ प्रतिशत (६,८१,१२३ जना) रहेका छन्। यहाँका ७०.२ प्रतिशत जनसङ्ख्या प्राथमिक क्षेत्र (कृषि, वन र मत्यपालन) मा, ९.२ प्रतिशत द्वितीय क्षेत्र र २०.६ प्रतिशत मात्र सेवा क्षेत्रमा संलग्न रहेका छन्। यो राष्ट्रियस्तरमा क्रमशः ५७.१ प्रतिशत, १२.५ प्रतिशत र ३०.४ प्रतिशत रहेको तुलनामा यस प्रदेशमा अधिकांश मानिस कृषिमा आश्रित रहेको देखिन्छ। जनगणना २०७८, प्रादेशिक जनसांख्यिक प्रतिवेदनअनुसार यहाँका ३ लाख ४३ हजार ५ सय २३ जना (पुरुष २,५५,७६१ र महिला ८७,७६२ जना) अनुपस्थित (अक्सर विदेशमा बसोबास गर्ने) रहेका छन्। यी अनुपस्थित मध्ये अधिकांश हिस्सा विदेश गएकोमा नोकरी, कामको खोजी, व्यवसाय, अध्ययन वा

तालिमलगायतमा ३१०२६१ (९०.३२%) भारत गएका छन्।श्रमशक्ति सर्वेक्षण २०१८ अनुसार यस प्रदेशमा औपचारिक क्षेत्रमा काम गर्नेको प्रतिशत १४.८ र अनौपचारिक क्षेत्रमा काम गर्नेको प्रतिशत ८५.२ रहेको छ। नेपाल लेबर माइग्रेसन रिपोर्ट २०२४ का अनुसार सुदूरपश्चिम प्रदेशका ४१.१ प्रतिशत घरपरिवारले विप्रेषण प्राप्त गर्ने गरेको र प्रतिव्यक्ति परिमाण ८२,४५५ रहेको छ। त्यसैगरी सोही प्रतिवेदनअनुसार यस प्रदेशबाट आ.व. २०७९/८० मा २७४५० र आ.व. २०८०/८१ मा २३७१३ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएको देखिन्छ भने भारतमा काम गर्न जाने श्रमिकहरूमध्ये ४०.८ प्रतिशत सुदूरपश्चिम प्रदेशको रहेका छन्।

यस प्रदेशमा १०० जनालाई प्रत्यक्ष रोजगारी दिनसक्ने स्तरका उद्योग २ वटा मात्र सञ्चालनमा रहेका छन्। यहाँको होटल व्यवसाय र यातायात व्यवसायले रोजगारीमा उल्लेख्य हिस्सा ओगटेको छ।

प्रदेशमा उच्च पहाडी एवम् हिमाली क्षेत्र स्थानीय रोजगार तथा आर्थिक समृद्धि कार्यक्रम कार्यविधि, २०८१ बमोजिम यहाँका ६ वटा हिमाली तथा पहाडी जिल्लाहरू क्रमशः बाजुरा, बझाङ, दार्चुला तथा अछाम, डोटी र बैतडीका कुल ५९ वटा स्थानीय तहमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत मागमा आधारित आयोजना तथा कार्यक्रममा ९० प्रतिशतसम्म लगानी गर्नेगरी परियोजना सञ्चालनमा रहेका छन्। यसले बढी रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने तथा बढी लागत साझेदारी गर्ने कार्यक्रमलाई प्राथमिकता दिने जनाएको छ।

प्रदेशका विभिन्न रोजगारीका क्षेत्रमा सीपयुक्त जनशक्तिको न्यूनता कायम छ। अर्कोतर्फ, प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन हुने प्राविधिक धारका विद्यालय, प्रिडिप्लोमा र डिप्लोमाका छात्रवृत्ति उपलब्ध हुने अवस्थामा पनि आकर्षण देखिएको छैन। यसप्रदेशमा रहेका २ वटा व्यावसायिक तथा सीप विकास तालिम केन्द्रबाट २८ हजार जनालाई तालिम प्रदान गरिएको छ। तर तालिमको प्रभावकारिता सर्भे गरिएको छैन। मध्यस्तरको सीपयुक्त जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारबाट ४०० जनालाई औद्योगिक प्रशिक्षार्थी तालिम प्रदान गर्ने गरेको छ। यस प्रदेशमा सिटिइभिटिबाट प्रि डिप्लोमा १०६ र डिप्लोमा ७४ गरी १८० वटा विद्यालय र शैक्षिक मानव स्रोत विकास केन्द्रबाट माध्यमिक तह (९-१२) ५४ वटा प्राविधिक धारका गरी कुल २३४ वटा (CEHRD, Flash I Report २०८१ (२०२४/२५)। विद्यालयबाट करिव १०,००० जनाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने क्षमता रहेको छ। तर गुणस्तरमा विश्वसनीयता नभएको तथा लोकसेवा आयोगले विज्ञापन नगर्ने भएकाले छात्रवृत्तिमा अध्ययन गर्न पनि कुल क्षमताको करिव ४० प्रतिशत मात्र विद्यार्थी सहभागी हुने गरेका छन्। प्रदेशका २८३ रोजगारदाता तथा २१२३ योगदानकर्ता सामाजिक सुरक्षा कोषमा आबद्ध भएका (सामाजिक सुरक्षा कोष, वार्षिक प्रतिवेदन, आ.व.२०८०/८१) छन्। यसरी यस प्रदेशमा मानव संसाधन विकासका मुख्य क्षेत्र कृषि, उद्योग, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, ऊर्जा, सूचना प्रविधि, वन तथा वातावरण, अनुसन्धान, खानी तथा खनिज, यातायात, सम्पदा संरक्षण, धर्म संस्कृति र विपद् व्यवस्थापन जस्ता क्षेत्रहरू रहेका छन्। यी उत्पादित गुणस्तरीय जनशक्तिले आन्तरिक मात्र नभई बाह्य श्रम बजारमा समेत प्रतिस्पर्धा गर्न सक्ने सम्भावना छ।

### ९.३.३ मुख्य सवाल तथा चुनौती

१. **सीपयुक्त र प्राविधिक जनशक्ति उत्पादनः** प्राविधिक धारका विद्यालयबाट गुणस्तरीय जनशक्ति उत्पादन गर्नु, तालिम प्राप्त जनशक्तिलाई रोजगारी उपलब्ध गराउनु, श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु।

२. **आन्तरिक रोजगार प्रबर्द्धनः** व्यावसायिक प्रतिष्ठानका लागि आवश्यक दक्ष जनशक्ति उपलब्ध गराउनु, श्रमिकको चाहना, क्षमता र दक्षताअनुसारको रोजगारी उपलब्ध गराउनु, श्रमप्रति सम्मानको दृष्टिकोण विकास गर्नु, उद्यमशीलता विकास गर्नु, उद्यमशीलताका लागि आवश्यक पूँजी सहज रूपमा उपलब्ध गराउनु, स्वदेशमा उपलब्ध अवसर र सम्भावनाको पहिचान र प्रचार प्रसार गर्नु, अनलाइन प्रणाली तथा स्वतन्त्र प्रकृतिका काममा युवा सहभागिता बढाई अर्थतन्त्रमा योगदान पुऱ्याउनु।

३. **वैदेशिक रोजगारीमा श्रम सहभागिताः** वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु, वैदेशिक रोजगारीमा जाने अदक्ष श्रमिकलाई दक्ष बनाएर पठाउनु, वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई ठगिनबाट बचाउनु, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको सीप, पूँजी र प्रविधिलाई देश विकासमा उपयोग गर्नु तथा हस्तान्तरणको वातावरण निर्माण गर्नु।

४. **श्रमको हक र सामाजिक सुरक्षाको प्रत्याभूतिः** श्रमिकको तथ्याङ्क व्यवस्थापन गर्नु, सामाजिक सुरक्षा कोषमा औपचारिक क्षेत्रका सबै श्रमिकलाई आबद्ध गराउनु, औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध सुधार, न्यायिक निरुपण र श्रम व्यवस्थापन सम्बन्धी अधिकार, जिम्मेवारी र संस्थागत संरचना प्रदेशमा हस्तान्तरण गराउनु, श्रम व्यवस्थापनबारे अन्तरसरकार तथा अन्तर निकायबीच समन्वय बढाउनु, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी सचेतनाको वृद्धि गर्नु, श्रमलाई सम्मान गर्ने प्रवृत्तिको विकास गर्नु, सामाजिक सुरक्षा कोषको महत्त्वबारे सुसूचित गर्नु।

५ **विदेशबाट फर्किएका श्रमिकहरूलाई सामाजिक तथा आर्थिक पुनःएकीकरणः** श्रम आप्रबासनबाट फर्किएका श्रमिकलाई समाजमा पुनःएकीकरण गर्नु, विदेशमा सिकेका सीपलाई मान्यता प्राप्त हुने वातावरण निर्माण गर्नु, फर्किएका श्रमिकलाई निजीक्षेत्रसँग सहकार्य गरी रोजगारीमा आबद्ध गर्नु, वित्तीय साक्षरता र वित्तीय पहुँच पुऱ्याउनु, उद्यमशीलता विकास सम्बन्धी सीप विकास गर्नु, परिवार र समाजमा पुनःसम्बन्ध स्थापित गर्नु, मनोसामाजिक परामर्श प्रदान गर्नु।

### ९.३.४ उद्देश्य

१. आन्तरिक रोजगारी प्रबर्द्धन गर्नु।
२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु।
३. श्रमिकको हक र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु।

## ९.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : आन्तरिक रोजगारी प्रबर्द्धन गर्नु ।** | |
| १. सीपयुक्त श्रमशक्ति उत्पादन गर्ने। | १.१ रोजगारीका अवसर सिर्जनाका लागि आवश्यक नीति तथा कानूनको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेश श्रम सल्लाहकार परिषद्लाई सक्रिय बनाई प्रदेशका श्रम सम्बन्धी नीति, कानून, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन, मूल्याङ्नलाई प्रभावकारी बनाइनेछ।<br>१.३ व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रमलाई श्रमबजारको आवश्यकतासँग तादात्म्यता कायम गरी सीप प्राप्त जनशक्तिलाई रोजगार प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ प्रदेशमा श्रमिकको माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन रोजगार सूचना प्रणालीको विकास गरिनेछ।<br>१.५ प्रदेशमा रोजगार प्रबर्द्धनका लागि स्थानीय तहका रोजगार सेवा केन्द्रहरूलाई सुदृढ गराई रोजगारसम्बन्धी कार्यलाई एकीकृत गर्न आवश्यक समन्वय गरिनेछ।<br>१.६ प्राविधिक तालिम कार्यक्रममार्फत युवालाई सीपयुक्त बनाइनेछ।<br>१.७ युवा उद्यमशीलता विकास कार्यक्रममार्फत सीपयुक्त जनशक्तिलाई रोजगारीमा संलग्न गरिनेछ।<br>१.८ विद्यालयस्तरदेखि नै प्राविधिक तथा व्यावसायिक सीप विकास गर्न प्रोत्साहन गरी दक्ष जनशक्ति उत्पादन गरिनेछ।<br>१.९ प्रदेश अन्तरगतका सीप विकास तालिम केन्द्र र जिल्ला घरेलु तथा साना उद्योग कार्यालयकाबीच कार्यक्रममा दोहोरो पर्न नदिन समन्वय तथा सहकार्य गरिनेछ।<br>१.१० समुदायमा रहेका कृषि तथा भेटेनरी अगुवाहरूको सीप परीक्षण गराई समुदायस्तरमै सेवा परिचालन गरिनेछ।<br>१.११ प्रदेशका तालिम प्रदायक निकायबाट तालिम प्राप्त जनशक्ति मध्ये सिकेको सीपअनुसार रोजगारमा संलग्न व्यक्तिको अभिलेख राखिनेछ।<br>१.१२ प्राविधिक धारका शिक्षा प्राप्त व्यक्तिलाई साधारण धारसँग प्रतिस्पर्धा गर्ने सम्भावना र त्यसको असरबारे अध्ययन गरी प्राविधिक धारप्रति विद्यार्थीलाई आकर्षित गरिनेछ।<br>१.१३ उच्चशिक्षाका विद्यार्थीहरूलाई काममा आधारित तालिम, अभ्यासार्थी तालिम जस्ता अवसर प्रदान गरी व्यवहारिक ज्ञान तथा सीप विकास गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.१४ स्थानीयस्तरमा प्लम्बर, इलेक्ट्रिसियन, ब्यूटिसियन,साधारण कृषि यन्त्रको मर्मत संभार, आधुनिक साना कृषि औजार उत्पादन बढाउने जस्ता सीपयुक्त जनशक्ति तयार गरी तिनीहरूलाई आवश्यक औजार तथा उपकरणहरू पनि उपलब्ध गराइनेछ।<br>१.१५ उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूलाई रोजगारी बजारबारे अनुसन्धान गर्ने व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ।<br>१.१६ रोजगारी तथा वृत्ति विकास परामर्श र व्यवहारिक अभ्यासमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २. प्रदेशको सम्भावनाका क्षेत्रमा स्थानीय रोजगारी सिर्जना गर्ने। | २.१ उच्चमूल्यका व्यावसायिक कृषि उत्पादन, प्रशोधन र बजारीकरणलाई प्रबर्द्धन गरी रोजगारीको अवसर विस्तार गरिनेछ।<br>२.२ विश्वबजारको माग बमोजिमको डिजिटल सेवा प्रदान गर्ने र स्वतन्त्र रूपमा काम गर्ने जनशक्ति विकास गरी रोजगारीको अवसर सिर्जना गरिनेछ।<br>२.३ प्रदेशस्तरमा हुने निर्माण सम्बन्धी काममा स्थानीय बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकता दिई रोजगारीमा संलग्न गराइनेछ।<br>२.४ रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी संस्थाहरूको भूमिकालाई प्रभावकारी बनाइनेछ।<br>२.५ मौसमी रोजगारीका लागि प्रवासमा जाने प्रवृत्तिलाई अन्त्य गर्न स्थानीय तहमै रोजगार, स्वरोजगारी तथा उद्यमशीलताका कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.६ प्रदेशमा सम्भावना भएका पर्यटन व्यवसाय, कृषि तथा पशुपन्छी व्यवसाय, डिजिटल सेवा, ऊर्जा, खनिजलगायतका क्षेत्रका दक्ष जनशक्ति विकास गरी स्थानीयस्तरमा नै रोजगारी प्रदान गर्ने नीति लिइनेछ।<br>२.७ वैदेशिक रोजगारीबाट आर्जन गरेको पूँजी, सिकेका सीप, प्रविधि र अनुभवलाई उपयोग गरेर उद्यम, व्यवसाय गर्न चाहने आप्रवासी श्रमिकलाई वित्तीय साक्षरता अभिवृद्धि, वित्तीय पहुँच सहजीकरण, उद्योग तथा व्यवसाय दर्ता प्रक्रिया सहजीकरणलगायतका कार्य गरिनेछ।<br>२.८ वैदेशिक रोजगारीबाट फर्किएर आएका श्रमिकको ज्ञान र सीपलाई निजीक्षेत्रले प्रयोग गर्ने वातावरण निर्माणका लागि सहजीकरण गरिनेछ।<br>२.९ प्रदेशभित्र रोजगारी प्रदान गर्ने उद्योग, व्यवसायलाई रोजगारी सङ्ख्याका आधारमा कानूनबमोजिम सुविधा उपलब्ध गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१० प्रदेशभित्र १०० जनाभन्दा बढीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्ने उद्योग, व्यवसायलाई विशेष सहुलियत प्रदान गरी स्थानीय कच्चा पदार्थमा आधारित ठूला उद्योग खोल्न प्रोत्साहन गरिनेछ। |
| ३. रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिबीच सम्बन्ध स्थापित गर्ने। | ३.१ प्रदेशका सम्पूर्ण रोजगारीका अवसर तथा उपलब्ध जनशक्ति विवरण अद्यावधिक गर्ने एकद्वार रोजगार सेवा केन्द्रको विकास, रोजगार मेला आयोजना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.२ प्रदेशका तालिम प्रदायक संस्था, शैक्षिक संस्थालगायतलाई रोजगार सूचना प्रणालीसँग आबद्ध गरी सहज रूपमा रोजगारी प्राप्त हुने वातावरण निर्माण गरिनेछ।<br>३.३ छोटो समय, अतिरिक्त समय (प्रति घण्टा आधार) जस्ता वैकल्पिक रोजगारीका अवसरको सम्भावना प्रबर्द्धन गरिनेछ।<br>३.४ नवयुवा पेशा छनौट परामर्श कार्यक्रमलाई तालिम तथा शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ। |
| ४. महिला, दलित, जनजाति र विपन्न समुदाय लक्षित रोजगार कार्यक्रम सञ्चालन गर्ने। | ४.१ आर्थिक रुपले विपन्न, दलित, महिला, सीमान्तकृत तथा बाध्यकारी श्रममा पारिएका वर्ग र समुदायका व्यक्ति पहिचान गरी सीप तथा क्षमता अभिवृद्धि गरिनेछ।<br>४.२ प्रदेशका ५० प्रतिशतभन्दा बढी विपन्न परिवार बसोबास गर्ने स्थानीय तहमा विपन्न वर्गलाई केन्द्रित गरी सीप विकास तथा रोजगार प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.३ प्रदेशका मुक्त कमैया, मुक्त कमलरी, मुक्त हलिया परिवार र लोपोन्मुख तथा अल्पसङ्ख्यक समुदाय लक्षित सीपमूलक तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.५ प्रदेशका बाध्यकारी श्रमिकबाट मुक्त तथा लोपोन्मुख, अल्पसङ्ख्यक परिवारलाई सूचीकृत गरी न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>४.६ प्रदेशका महिला, दलित, जनजाति र विपन्न समुदाय लक्षित समुदायले गर्ने आम्दानीलाई पूँजीकृत गरी लगानी गर्न वित्तीय साक्षरता प्रदान गर्दै सिकेको सीपसँग आबद्ध गरी स्वरोजगारीका लागि सहजीकरण गरिनेछ।<br>४.७ महिला श्रमिकहरूको कार्यस्थल सुरक्षा तथा प्रजनन अधिकारको सुनिश्चित गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य २ : वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु ।** | |
| १. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूको क्षमता विकास गर्ने। | १.१ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई अन्तर्राष्ट्रिय श्रमबजारको मागअनुसारको सीप विकास गरिनेछ।<br>१.२ सङ्घ र स्थानीय तहसँगको समन्वयमा सुरक्षित वैदेशिक रोजगारीका लागि वैदेशिक रोजगारीसम्बन्धी जानकारी दिने व्यवस्था मिलाइनेछ।<br>१.३ वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई सुरक्षित आप्रवासनका लागि प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ। |
| २. वैदेशिक रोजगारीमा संलग्न व्यक्तिहरूको आर्थिक सुरक्षाका लागि आवश्यक सहजीकरण गर्ने। | २.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनेछ।<br>२.२ वैदेशिक रोजगारीका क्रममा आर्जन गरेको पूँजीलाई औपचारिक माध्यमद्वारा देशमा भित्र्याइ उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गरिनेछ।<br>२.३ वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारलाई स्थानीय तहको समन्वयमा वित्तीय साक्षरता प्रदान गरी आम्दानीलाई उत्पादनमूलक लगानी गर्न प्रोत्साहित गरिनेछ।<br>२.४ वैदेशिक रोजगारीबाट फर्किएर आएका श्रमिकलाई परिवार तथा समाजमा पुनःएकीकरणका लागि स्थानीय तहसँग समन्वय तथा सहकार्य गरिनेछ। |
| **उद्देश्य ३ : श्रमिकको हक र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु ।** | |
| १. सामाजिक सुरक्षा प्रणाली सुदृढीकरण गर्ने। | १.१ समान कामका लागि समान ज्यालाको व्यवस्था कार्यान्वयन गर्न जनचेतना अभिवृद्धि तथा अनुगमन गरिनेछ।<br>१.२ श्रमिकहरूलाई दुर्घटना बीमा तथा स्वास्थ्य सुरक्षा प्रदान गरिनेछ।<br>१.३ अनौपचारिक तथा परम्परागत ज्ञान, सीपमा आधारित पेशामा संलग्न समुदायका पेशा र व्यवसायलाई व्यावसायिक बनाइ सामाजिक सुरक्षासँग आबद्ध गरिनेछ।<br>१.४ वैदेशिक रोजगारमा ठगिएका श्रमिकलाई उद्दार तथा पुनःस्थापना गर्न आवश्यक समन्वय तथा कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.५ अनौपचारिक क्षेत्रमा रहेका तथा डिजिटल प्रणालीसँग आबद्ध रोजगार व्यक्तिहरूलाई अभिमुखीकरण, सीप विकास, सीप परीक्षण, उद्यमशीलता विकासको व्यवस्था गरी औपचारिक क्षेत्रमा रुपान्तरण, हकहितको संरक्षण तथा सामाजिक सुरक्षा कोषमा आबद्ध हुन प्रोत्साहन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.६ मर्यादित श्रमको मान्यता अनुरूप सबै प्रकारका श्रम शोषणको अन्त्य गरिनेछ।<br>१.७ श्रम प्रशासन सुदृढ गरी श्रम क्षेत्रको निरीक्षण, अनुगमन तथा नियमनलाई व्यवस्थित तथा प्रभावकारी बनाइनेछ। |
| २. श्रमिकको हक र अधिकारको रक्षा गर्ने। | २.१ न्यूनतम पारिश्रमिक सुनिश्चिततालगायतका औद्योगिक श्रमिकको सुरक्षाका लागि श्रम अडिट, अनुगमन तथा निरीक्षण गरिनेछ।<br>२.२ ट्रेड युनियन अधिकारको सुरक्षाका लागि श्रमिक तथा उद्योगी सहसम्बन्ध विकासको पहल गरिनेछ।<br>२.३ व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाका लागि ट्रेड युनियन र औद्योगिक प्रतिष्ठानसँग परामर्श गरिनेछ।<br>२.४ बालश्रम अन्त्यका लागि सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.५ वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEMIS) र स्थानीय तहहरूसँगको सहकार्यमा भारतलगायत अन्य मुलुकमा वैदेशिक रोजगारीमा जाने नागरिकहरूको प्रादेशिक अभिलेख राखिनेछ।<br>२.६ श्रम तथा रोजगार व्यवस्थापन, औद्योगिक विवाद समाधान, श्रम सम्बन्ध विकास, न्यायिक निरुपण लगायतलाई प्रभावकारी बनाउन अन्तरसरकार समन्वय तथा सहकार्य गरिनेछ। |

### ९.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. सीप विकास तथा परीक्षण,
२. उद्यमशीलता प्रबर्द्धन तथा सीप हस्तान्तरण,
३. श्रम पुनर्स्थापना,
४. समुदायस्तरमा तालिम तथा इजाजतप्राप्त जनशक्ति उत्पादन र प्रयोग
५. सहुलियत ऋण सहजीकरण,
६. व्यावसायिक परामर्श सेवा,
७. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सचेतना,
८. रोजगार सेवा केन्द्र सञ्चालन,
९. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई विदेशमा सिकेको सीप, आर्जन गरेको पूँजी परिचालन प्रोत्साहन,
१०. कृषि तथा गैरकृषि क्षेत्र रोजगारी सिर्जना,
११. श्रमिक बीमा, स्वास्थ्य सुरक्षाको लागि सामाजिक सुरक्षा कोष सेवा विस्तार,
१२. श्रम सूचना व्यववस्थापन (लक्षित वर्ग सूचीकरण, तथ्याङ्क अद्यावधिक, स्वदेश तथा विदेशमा श्रममा संलग्न),

१३. प्राविधिक धारका शिक्षा प्राप्त व्यक्तिलाई साधारण धारसँग प्रतिस्पर्धाको सम्भावना अध्ययन,
१४. महिला, गर्भवति तथा स्तनपान गराउने श्रमिक महिला विशेष सुरक्षा,
१५. ट्रेड युनियन अधिकार रक्षा तथा उद्योगी श्रमिक सहसम्बन्ध विकास,
१६. श्रम प्रशासन सुदृढीकरण,
१७. बेरोजगार सहायता,
१८. सुरक्षित आप्रवासन (सामी),
१९. वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई आर्थिक तथा सामाजिक पुनःएकीकरण,
२०. श्रम तथा रोजगार सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण,
२१. बालश्रम नियन्त्रण तथा समानता प्रबर्द्धन (बालश्रमको कारण पहिचान, नियन्त्रण उपाय, परिवारलाई वैकल्पिक आय र शिक्षा उपलब्ध गराउने),
२२. पेशा छनौट परामर्श, रोजगार मेला तथा डिजिटल रोजगार प्लेटफर्म सञ्चालन।

## ९.४ विपद् व्यवस्थापन

### ९.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन बहु-सरोकारवालाको सहभागिता आवश्यक पर्ने विषय हो। समान्यतया विकास प्रक्रिया र विपद् बीच परस्पर विपरीत सम्बन्ध हुने गर्दछ। नेपाल विभिन्न विपद्का दृष्टिले जोखिमयुक्त राष्ट्रका रूपमा रहेको छ। नेपाल विश्वमानचित्रमा भूकम्पबाट एघारौं अति जोखिम, बाढी र पहिरोबाट तीसौं अति जोखिम, सडक दुर्घटनाबाट हुने मृत्युदरको आधारमा पचासौं अति जोखिम, जलवायु परिवर्तनजन्य विपद्को चौथो अति जोखिम (गृह मन्त्रालय २०१५) र विश्वका विपद् संकटासन्न राष्ट्रमा बीसौं स्थानमा पर्ने कुरा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाः २०१८-२०३० मा उल्लेख छ।

यसै सन्दर्भमा नेपालको संविधानमा विपद्को गाम्भीर्यतालाई दृष्टिगत गरी विपद् व्यवस्थापन गर्न सबै तहका सरकारलाई कार्यजिम्मेवारी दिइएको छ। सङ्घ र प्रदेशको साझा अधिकारमा प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभसम्बन्धी कार्य गर्ने (बुँदा १७) उल्लेख छ भने सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारमा विपद् व्यवस्थापन (बुँदा ९) उल्लेख छ। राष्ट्रिय विपद् जोखिम व्यवस्थापन रणनीति, २०१८-२०३० को रणनीतिक क्रियाकलाप अन्तरगत स्थानीय तहको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्यक्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्ने उल्लेख छ।त्यसैगरी दिगो विकास लक्ष्यमा शहर तथा मानव बस्तीलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने (लक्ष्यः ११) विषय रहेको छ। यस प्रदेशमा विपद् उद्दार, राहत, पुनःस्थापना व्यवस्थापनसम्बन्धी कार्यक्रममा सङ्घ र स्थानीय तहहरूसँग प्रदेश सरकारको समन्वय तथा सहकार्य भइरहेको छ। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१ अनुसार विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्य आन्तरिक मामिला तथा कानून मन्त्रालयअन्तर्गत राखिएको छ।

## ९.४.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेशमा हिमताल विष्फोट, बाढी, पहिरो, भूकम्प, आगलागी, हुरी बतास, असिना, चटयाङ्ग महामारीलगायतका प्रकृतिजन्य तथा गैरप्रकृतिजन्य विपद्का घटनाले मानव तथा पशुपन्छीको जीउज्यान, सार्वजनिक तथा निजी सम्पत्ति, ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा र भौतिक संरचनालगायतमा वर्षेनी क्षति पुऱ्याउने गरेको छ। यससँग जुध्न यस प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धमा विभिन्न नीति, कानून तथा योजनाहरू तर्जुमा हुनुका साथै संयन्त्रहरू स्थापना भएका छन्। सुदूरपश्चिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश आकस्मिक कोष ऐन, २०७५, सुदूरपश्चिम प्रदेश विपद् प्रतिकार्य ढाँचा २०८०, प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना, प्रदेश आकस्मिक कार्यसञ्चालन केन्द्रको व्यवस्था, कैलालीको धनगढी र बैतडीको खोड्पेमा प्रादेशिक गोदाम घर कार्यान्वयनमा रहेका छन्। साथै विगत कोभिड १९ महामारीलाई केन्द्रित गरिएका नीतिगत व्यवस्थाहरूमा कोरोना भाइरस रोग जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष निर्देशिका, २०७६, कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ र सुदूरपश्चिम प्रदेश कोरोना भाइरस लकडाउन राहत मापदण्ड, २०७६ रहेका छन्।

यस प्रदेशका ८८ वटा स्थानीय तहका ७३४ वडा मध्ये ७३१ वडा प्राकृतिक विपद् वा प्रकोपको जोखिममा रहेका छन्। यी बहु वा एकल विपद् वा प्रकोपका प्रकृतिअनुसार वर्गीकरण गरिएका वडा सङ्ख्यामा पहिरो ५२०, बाढी ५१५, आँधी, हुरी, बतास ३६३, असिना ३४४, वन डढेलो ३०६, सुख्खा वा खडेरी २७३, भूक्षय २२२, चटयाङ २०७, बस्तीमा आगलागी १९१, डुबान १९०, शीतलहर १८५, अतिवृष्टि ४१, हिमताल विष्फोटन २८, लू २०, खण्डवृष्टि १४, हिम पहिरो ९ वटा रहेका छन् (राष्ट्रिय जनगणना २०७८, सामुदायिक प्रतिवेदन २०८१)। यसका साथै यस प्रदेशमा जनावर आक्रमण, उच्च उचाइ, तुइन चुँडिने, सर्प दंश, भूकम्प, डुङ्गा पल्टिएनु र महामारीका कारणले वार्षिक औसत ४४ जना मानिसको मृत्यु भएको; ११४ जना घाइने भएका र ८ जना हराएका देखिन्छन्। यसैगरी वार्षिक औसत परिवारमा असर परेका परिवार सङ्ख्या १,७४९ आर्थिक नोक्सानी भएको रकम रू. १० करोडभन्दा बढी, सार्वजनिक तथा व्यक्तिगत भवन तथा टहरामा क्षति सङ्ख्या १,६९३ वटा, पशु चौपायामा क्षति सङ्ख्या १३६ तथा केही सङ्ख्यामा घर परिवार वार्षिक रूपमा विस्थापित हुने गरेको तथ्याङ्क पाइन्छ (http://drrportal.gov.np/) ।

यस प्रदेशमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् जोखिम सम्भावना पूर्वसूचना प्रदान गर्ने, आपतकालीन केन्द्रहरूको व्यवस्थापन, सूचना आदान प्रदान, राहत, उद्दार र पुनर्स्थापनासम्बन्धी कार्य, तहगत सरकार तथा गैरसरकारी सङ्घ संस्थाबीच समन्वय, सहकार्यलगायतका कार्य भएका छन्। प्रदेश सरकार मातहत रू. १० करोड ८३ लाख धनरासीको विपद् व्यवस्थापन कोष स्थापना भएको छ। विपद्सम्बन्धी काम गर्ने संस्थाहरूको सूची तयार गरी त्यसको नियमित बैठक बस्ने र विपद् पूर्वतयारी खोज तथा उद्दारमा परिचालन गर्ने गरेको छ। विश्व खाद्य कार्यक्रमबाट स्थापित मानवीय सहायता स्थल (धनगढी एयरपोर्ट स्थित आपतकालीन गोदाम) प्रदेश सरकारलाई हस्तान्तरण गरी हाल प्रदेश सरकारद्वारा सञ्चालनमा रहेको छ।

## ९.४.३ मुख्य सवाल तथा चुनौती

१. **विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापनः** विपद्का दृष्टिले जोखिमयुक्त बस्तीको जोखिम अवस्था देखाउने गरी एकीकृत तथ्याङ्क प्रणालीको विकास गर्नु, तथ्याङ्क प्रणालीलाई विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभका कार्यमा उपयोग गर्नु, तथ्याङ्क प्रणाली सञ्चालन गर्ने दक्ष जनशक्तिको व्यवस्थापन गर्नु, प्रदेश, जिल्ला र स्थानीय तहको एकीकृत विपद् सूचना केन्द्र स्थापना गर्नु।

२. **विपद् व्यवस्थापनको प्रभावकारिताः** प्रदेशका मन्त्रालय, कार्यालयका साथै स्थानीय तहमा विपद् व्यवस्थापनको क्षमता बढाउनु, विपद्लाई विकास निर्माणसँग तालमेल गर्ने अभ्यास संस्थागत गर्नु, विपद् व्यवस्थापनका सम्बन्धमा सरोकारवालाबीच समान बुझाइ र संयुक्त रूपमा कार्य गर्ने वातावरण निर्माण गर्नु, तालिम प्राप्त दक्ष जनशक्ति बस्तीस्तरसम्म व्यवस्था गर्नु, विपद् व्यवस्थापनका लागि पूर्वतयारी सम्बन्धी आवश्यक पूर्वाधार तथा स्रोतसाधनको व्यवस्था गर्नु, प्रदेशका सबै सरोकारवाला निकायहरूलाई विपद् व्यवस्थापनको पूर्वतयारी स्वरुप आवश्यक अस्थायी आश्रयस्थल, खुला स्थान, तालिम प्राप्त स्वयंसेवक, औजार उपकरणलगायतको भरपर्दो व्यवस्थापन गराउनु, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी प्रबर्द्धन गर्नु, विपद् व्यवस्थापनमा प्रविधिको उपयोग बढाउनु।

३. **विपद् सचेतना अभिवृद्धि र जनसहभागिताः** आम सर्वसाधारणमा विपद् न्यूनीकरण र अनुकूलनका विषयमा जानकारी प्रदान गर्नु, प्रकोपको प्रकृति अनुरुपका विपद् पूर्वानुमान, पूर्वसूचना, जोखिमका कारण, असर न्यूनीकरणका उपायबारे समुदायलाई जानकारी गराउनु, समुदायमा विपद् व्यवस्थापन दक्ष जनशक्ति व्यवस्था गर्नु, विपद् व्यवस्थापनका सबै चरणहरूमा जनसहभागिता परिचालन गर्नु, समुदायस्तरमा विपद् सम्बन्धी आवश्यक स्रोत साधन उपलब्ध गराउनु।

४. **लैङ्गिक तथा सामाजिक समावेशीकरणः** विपद्का समयमा महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, विरामी तथा दीर्घरोगी, गर्भवति महिलालगायतलाई प्राथमिकतामा राखी उद्दार तथा राहतको व्यवस्था गर्नु, अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको प्रकृतिको विशिष्ट अवस्थाअनुसार सूचनाको पहुँच पु¥याउनु, विपद्को अवस्थामा तत्काल आवश्यक पर्ने आश्रयस्थल, शौचालय, खानेपानी, खाद्य पदार्थ, शान्ति सुरक्षा, संरक्षण, मनोसामाजिक परामर्शलगायतको व्यवस्थापन गर्नु।

## ९.४.४ उद्देश्य

१. विपद् उत्थानशीलता अभिवृद्धि गर्नु।
२. विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु।

## ९.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : विपद् उत्थानशिलता अभिवृद्धि गर्नु ।** | |
| १. नीति, कानून र योजना तर्जुमा, पुनरावलोकन गर्ने। | १.१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी नीति, कानून र संरचनाको पुनरावलोकन गरी प्रभावकारी बनाउन आवश्यक संशोधन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.२ सूचना प्रविधिको उपयोग गरी प्रदेशका विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिनेछ।<br>१.३ स्थानीय तहसँगको सहकार्यमा प्रदेशको प्रकोप जोखिम नक्शाङ्कन गरिनेछ।<br>१.४ बहुप्रकोप जोखिम आकलनका लागि सार्वजनिक, निजी, सामुदायिक तथा गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गरिनेछ।<br>१.५ विपद्का समयमा अत्यावश्यक हुने कुराहरू अस्थायी आश्रयस्थल, खुला स्थान, शौचालय, खानेपानीलगायत व्यवस्थापनको सम्भावनाबारे समुदायलाई सुसूचित गर्न स्थानीय तह तथा गैरसरकारी संस्थासँग समन्वय र सहकार्य गरिनेछ।<br>१.६ स्थानीय विपद् प्रतिकार्य योजना तर्जुमा गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ। |
| २. विपद् पूर्वतयारीसम्बन्धी कार्य गर्ने। | २.१ विपद् पूर्वसूचना प्रणालीलाई व्यवस्थित गरी सम्भावित जोखिम क्षेत्रमा प्रभावकारी माध्यमबाट पूर्वसूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।<br>२.२ आपतकालीन सेवाहरूलाई क्षमता अभिवृद्धि गरी प्रभावकारी बनाइनेछ।<br>२.३ विपद् जोखिमको सम्भावना भएका स्थानमा आवश्यकताअनुसार भूउपयोग योजना तयारी, जल तथा जलाधार क्षेत्र संरक्षण, डढेलो नियन्त्रण, अग्नी नियन्त्रण, नदी नियन्त्रण, पहिरो रोकथाम, वायोइन्जिनियरिङ, स्लोप स्टेपलाइजेशनसम्बन्धी क्षमता विकास गरिनेछ।<br>२.४ जलावायु परिवर्तनले निम्त्याउन सक्ने विषय क्षेत्रगत जोखिमलगायतमा निरोधात्मक उपाय अवलम्बन सम्बन्धी प्रदेश सरकारका निकाय तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरिनेछ।<br>२.५ जोखिमयुक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्न स्थानीय तहलाई प्रोत्साहन तथा सहजीकरण गरिनेछ।<br>२.६ विपद् प्रतिकार्य योजनाअनुसारका कार्य प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक बहुतहका सरकारका निकाय र सरोकारवाला बीच समन्वयलाई प्रभावकारी बनाउन नियमित अन्तरक्रिया तथा अनुकरण (नक्कल) अभ्यास गरिनेछ।<br>२.७ सम्भावित विपद्को जोखिम स्थानअनुसारका प्रविधि, औजार, उपकरण र तालिम प्राप्त जनशक्ति तत्काल प्रतिकार्य गर्नसक्ने गरी व्यवस्थापन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.८ विपद् व्यवस्थापनको जिम्मेवारीमा रहेका सुरक्षा निकाय तथा गैरसरकारी संस्थासँगको सहकार्यमा समुदायस्तरमा विपद् स्वयंसेवक गठन गरी स्थानीय विपद् सम्भावनाअनुसारका तालिम प्रदान गरिनेछ।<br>२.९ एकीकृत विपद् सूचना केन्द्र स्थापना गरी विपद्का सर्वपक्षीय सरोकारवालाको सञ्जालीकरण गरी विपद्को वर्गीकरणअनुसार निर्धारित समयमा खेल्नुपर्ने भूमिकाबारे सुसूचित गरिनेछ।<br>२.१० विपद्पश्चात तत्काल गर्नुपर्ने उद्दार तथा राहत वितरण कार्यका लागि आवश्यक संयन्त्र, सामग्री र जनशक्तिलाई पूर्वतयारी अवस्थामा राखिनेछ।<br>२.११ बीमा कार्यक्रमलाई समुदाय तहसम्म विस्तार गर्न स्थानीय तह र निजीक्षेत्रलाई प्रोत्साहन गरिनेछ।<br>२.१२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सङ्घीय सरकार तथा अन्य निकायसँग क्षमता विकास, नवीन प्रविधिमा पहुँच विस्तारका लागि समन्वय तथा सहकार्य गरिनेछ। |
| ३. विपद् व्यवस्थापन पूर्वाधार तथा सामग्री व्यवस्था गर्ने। | ३.१ एकीकृत सूचना प्रवाहका लागि विपद् सञ्चार एपको विकास गरी नियमित अद्यावधिक गरिनेछ।<br>३.२ विपद्का लागि आवश्यक स्थायी तथा अस्थायी पूर्वाधार, औजार उपकरण, सामग्रीको पायक पर्ने स्थानहरूमा व्यवस्थापन तथा भण्डारण गरिनेछ।<br>३.३ प्रदेशको भौगोलिक अवस्था, विपद्को सम्भावनाअनुसारका विपद् व्यवस्थापनका लागि उपयोगी औजार तथा उपकरणको व्यवस्था गरिनेछ।<br>३.४ नियमित पूर्वाधार विकास गर्दा विपद् न्यूनीकरण तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।<br>३.५ विपद् जोखिम व्यवस्थापन पूर्वाधार विकास तथा आपूर्ति व्यवस्थापनका लागि निजीक्षेत्रसँग सहकार्य गरिनेछ।<br>३.६ सार्वजनिक तथा निजी पूर्वाधार विकासमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी मापदण्ड पालनामा जोड दिइनेछ। |
| ४. विपद्पश्चात पुनर्लाभ, पुनःस्थापना तथा पुनःनिर्माणलाई प्राथमिकता दिने। | ४.१ विपद् पश्चात पुनःलाभ, पुनःनिर्माण तथा पुनःस्थापनाका लागि प्रदेश सरकारका मन्त्रालय, आयोग, प्राधिकरण, निर्देशनालय, कार्यालय र स्थानीय तहको क्षमता विकास गरिनेछ।<br>४.२ विपद्पश्चात पुनःनिर्माण तथा पुनःस्थापनाको कार्यलाई निर्धारित अवधिभित्र सम्पन्न गर्नेगरी समन्वयात्मक रूपमा संयन्त्रहरू परिचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ४.३ पूर्वाधार विकास गर्दा विपद् उत्थानशीलता तथा भवन संहितालाई ध्यान दिइनेछ।<br>४.४ आवश्यकताअनुसार विकासको प्राथमिकता परिमार्जन गरी विपद्पश्चातका क्रियाकलापलाई जोड दिइनेछ।<br>४.५ विपद् प्रभावित व्यक्तिलाई आवश्यकताअनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ। |
| **उद्देश्य २ : विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्नु ।** | |
| १. विपद्का समयमा उपयोग गरेका परम्परागत ज्ञान र सीप संरक्षण, प्रबर्द्धन गर्ने। | १.१ स्थानीयस्तरमा परम्परादेखि सफलतापूर्वक, मितव्ययी रूपमा विपद् न्यूनीकरण तथा व्यवस्थापनमा उपयोग भएका रैथाने ज्ञान तथा सीपलाई नयाँ पुस्तामा हस्तान्तरण तथा अभिलेखीकरण गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१.२ पहिचान भएका रैथाने ज्ञान तथा सीपलाई सामुदायिक क्षमता विकासका क्रममा समावेश गरी प्रबर्द्धन गरिनेछ।<br>१.३ रैथाने ज्ञान तथा सीपमा आधुनिक ज्ञानलाई मिसाई प्रभावकारीता बढाउने सम्भावनाको खोजी गरिनेछ।<br>१.४ पायक पर्ने स्थानीय तहहरूको संयुक्त सहभागिता तथा सहकार्यमा राहत तथा उद्दारका अत्यावश्यक सामग्रीहरूको भण्डारणका लागि जन-भकारी स्थापना गर्न स्थानीय तहहरूलाई सहयोग गरिनेछ।<br>१.५ सामुदायिक विपद् व्यवस्थापनका परम्परागत अभ्यासलाई आवश्यक परिमार्जनसहित निरन्तरताका लागि प्रोत्साहन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। |
| २. प्रभावकारी तथा मितव्ययी विपद् व्यवस्थापन प्रविधि तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने। | २.१ आधुनिक विकाससँगै देखा परेका नयाँ विपद्का चुनौतीलाई सामना गर्न आवश्यक प्राविधिक ज्ञान तथा सीप अनुशरण, विकास र प्रबर्द्धन गरिनेछ।<br>२.२ सबै वडा वस्तिबाट प्रतिनिधित्व हुने गरी युवाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी तालिम स्थानीय तहमा नै प्रदान गरी समयमा उपयोग गरिनेछ।<br>२.३ विद्यालयस्तरमा विपद् रोकथामको सामान्य जानकारी सबै विद्यार्थीलाई गराइनेछ।<br>२.४ विपद् व्यवस्थापनलाई छिटो, छरितो, मितव्ययी तथा प्रभावकारी बनाउन सूचना प्रविधिको उपयोग गरिनेछ।<br>२.५ विपद् जोखिम न्यूनीकरण प्रणाली तथा प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.६ अध्ययनबाट प्राप्त विपद् जोखिम न्यूनीकरण हुने प्रणाली तथा प्रविधि उपयोग सम्बन्धी क्षमता विकास गरिनेछ।<br>२.७ विपद् न्यूनीकरण तथा व्यवस्थापनका निरोधात्मक तथा प्रतिरोधात्मक उपायहरू बारे उच्च शिक्षा तथा माध्यमिक शिक्षाको पाठ्यक्रममा समावेश गरी किशोर तथा युवाहरूको क्षमता विकास गरिनेछ। |

### ९.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. नीतिगत तथा कानूनी सुधार,
२. प्रदेशस्तरीय एकीकृत विपद् सूचना केन्द्र स्थापना,
३. पूर्वसूचना प्रणाली सुदृढीकरण,
४. प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा अनुकूलन योजना समीक्षा तथा अद्यावधिक,
५. जोखिमयुक्त क्षेत्र पहिचान तथा भूउपयोग योजना तर्जुमा,
६. विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण योजना
७. स्थानीयतहमा र विद्यालयमा विपद् सम्बन्धी तालिमको व्यवस्था,
८. विपद् प्रतिरोधी पूर्वाधार (तटबन्ध, टेवापर्खाल, बायोइन्जिनयरिङ, अग्निरेखा आदि) निर्माण,
९. विपद् प्रतिरोधी पूर्वाधार निर्माण (सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था) सम्बन्धी क्षमता विकास,
१०. विपद् प्रभावित समुदायलाई लक्षित सामाजिक सुरक्षा,
११. रैथाने तथा सामुदायिक विपद् व्यवस्थापन अभ्यास प्रबर्द्धन,
१२. विपद् व्यवस्थापन तालिम, नक्कल अभ्यास र जनसचेतना अभियान,
१३. खाद्य सुरक्षा तथा आपूर्ति व्यवस्था सुनिश्चितता,
१४. जन-भकारी, राहत भण्डारण र आपतकालीन केन्द्र व्यवस्थापन सञ्चालन,
१५. भौगोलिक स्थान तथा विपद् जोखिम अनुरुपका औजार, उपकरण व्यवस्थापन,
१६. सञ्जालीकरण, समन्वय, सहकार्य,
१७. मनोसामाजिक परामर्श सेवा,
१८. सार्वजनिक निजी साझेदारी,
१९. अध्ययन, अनुसन्धान तथा नवप्रवर्तन प्रबर्द्धन।

## ९.५ मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरण

### ९.५.१ पृष्ठभूमि

मानव संसाधन विकास र संस्थागत विकास कुनै पनि शासकीय इकाइको दीर्घकालीन प्रगतिका आधारस्तम्भ हुन्। मानव संसाधन विकासले दक्ष, सृजनशील र जिम्मेवार जनशक्ति उत्पादन गरी नीति निर्माणदेखि कार्यान्वयनसम्मको प्रक्रियामा गुणस्तर कायम गर्न योगदान पुर्‍याउँछ भने संस्थागत विकास वा सुदृढीकरणले सङ्गठनलाई पारदर्शी, उत्तरदायी र प्रभावकारी बनाइ शासन प्रणालीलाई स्थायित्व दिन्छ। दक्ष जनशक्ति बिना संस्था सबल हुँदैन र सबल संस्था बिना जनशक्तिमा निहित क्षमतालाई अधिकतम सदुपयोग गर्न सकिँदैन।

त्यसैले, कुनै पनि संयन्त्रलाई प्रभावकारी बनाउन मानव संसाधन विकास र संस्थागत सुदृढीकरणलाई एकीकृत रूपमा अघि बढाउँदा समावेशी, दिगो र परिणाममुखी विकासको आधार तयार गर्न सकिन्छ।

नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ, जसलाई रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मार्फत कानूनी आधार प्रदान गरिएको छ। यसले शिक्षा र सीपको विकासलाई उत्पादन तथा रोजगारीसँग जोड्दै बजारको मागअनुसार रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ ले प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण र शैक्षिक योजना निर्माण तथा कार्यान्वयन उल्लेख गरेको छ। प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न र स्थानीय तह, निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्रलाई समेत सशक्त बनाउन मानव संसाधनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। बजारको आवश्यकता र जनशक्तिको उपलब्धतामा सन्तुलन ल्याई उत्पादन र उत्पादकत्व वृद्धि तथा बेरोजगारीको समस्या समाधानमा जनशक्ति प्रक्षेपणले आवश्यक जनशक्ति उत्पादन तथा स्तरवृद्धिका लागि भरपर्दो आधार प्रदान गर्दछ।

सार्वजनिक प्रशासनले मुलुकको शासन व्यवस्था सञ्चालनमा केन्द्रीय भूमिका खेल्ने भएकाले संविधानले यसलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन निर्देश गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहले प्राप्त जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्न संस्थागत क्षमता सुदृढीकरण, स्रोत साधन परिचालन र कार्यप्रणालीमा सुधार ल्याउन जरुरी हुन्छ।

मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरणको विषय सुदूरपश्चिम प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको जिम्मेवारीअन्तर्गत रहेको छ। यस नियमावलीमा प्रशासन सुधार, प्रदेश स्तरीय मानव संसाधन विकाससम्बन्धी योजना तर्जुमा र कार्यान्वयन, प्रदेश निजामती सेवा र प्रदेशस्तरीय अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेश सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय र स्थानीय तहको कार्यालय तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कानून तर्जुमालगायतका व्यवस्था रहेका छन्।

### ९.५.२ विद्यमान अवस्था

प्रदेश सरकारले सालवसालीसहित ६३ वटा ऐन तथा नियमावली, कार्यविधि, निर्देशिका तथा मापदण्ड जारी गरेको छ। प्रदेशमा यस विषयसँग सम्बन्धित प्रदेश निजामती सेवा ऐन, २०७९ र प्रदेश निजामती सेवा नियमावली २०८१, सुदूरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा सञ्चालन) ऐन, २०८१, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७७, सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान नियमावली, २०७९ लगायतका कानूनी प्रबन्ध गरिएका छन्।

सुदूरपश्चिम प्रदेशको प्रादेशिक संरचनामा ७ वटा मन्त्रालय, १ वटा प्रदेशसभा सचिवालय, २ वटा आयोग, विभिन्न निर्देशनालय, कार्यालयसहित प्रदेश मन्त्रालय तथा निकाय सङ्ख्या १४४ रहेका छन् भने समिति,

प्रतिष्ठान, केन्द्रलगायतका संस्था १८ वटा गरी कुल १६२ वटा रहेका छन् (महालेखापरीक्षकको सुदूरपश्चिम प्रदेशको सातौं प्रतिवेदन २०८२)। सुदूरपश्चिम प्रदेशलाई २६९९ दरबन्दीसहित सङ्घले ११२ कार्यालय हस्तान्तरण गरेकोमा प्रदेशले ५५ वटा अस्थायी कार्यालय स्थापना गरेर सरकारका काम कारवाही सञ्चालन गरिरहेको छ। प्रदेशमा गत चैत्रमसान्तमा २७७३ स्वीकृत दरबन्दीमध्ये १७६७ पूर्ति भएको देखिन्छ (प्रदेश आर्थिक सर्भेक्षण २०८२)। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको कर्मचारी अभिलेख शाखाले कर्मचारीको वैयक्तिक विवरण सूचना प्रणालीमा अद्यावधिक गर्ने गरेको छ। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट १९३ वटा प्रशिक्षण कार्यक्रममार्फत ७,५२८ जना जनप्रतिनिधि तथा कर्मचारीको लामो तथा छोटो अवधिका क्षमता विकास कार्यक्रम सम्पन्न भएका छन्। यसैगरी अन्य विषयगत मन्त्रालयका प्रशिक्षण प्रदान गर्ने निकायहरू शिक्षा तालिम केन्द्र, व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, स्वास्थ्य तालिम केन्द्र, पशु सेवा तालिम केन्द्र, सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यालय, कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्रलगायतले मानव संसाधन विकासमा कार्य गर्दै आएका छन्।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा प्रदेशहरूले गरेका कार्यसम्पादनलाई विभिन्न १९ वटा सूचकका आधारमा गरेको मूल्याङ्कन नतिजाअनुसार सुदूरपश्चिम प्रदेशले ५१.६ अङ्क प्राप्त गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रदेशको रूपमा स्थापित भएको छ।

सुदूरपश्चिम प्रदेशमा आर्थिक रूपले सक्रिय (१५-६४ उमेर समुह) को जनसङ्ख्या १६,८२,४०० (६२.४३ प्रतिशत) रहेको छ भने युवा जनशक्ति (१५-३९ उमेर समुह) का ११२७७६६ (४१.८५ प्रतिशत) रहेको हुनाले समग्र देशजस्तै यस प्रदेश पनि जनसाङ्ख्यिक लाभको अवस्थामा रहेको छ। यहाँ १० वर्षभन्दा माथिका ७०.९ प्रतिशत व्यक्ति आर्थिक रूपमा सकृय छन्। यहाँका ३ लाख ४३ हजार ५ सय २३ जना (पुरुष २,५५,७६१ जना र महिला ८७,७६२ जना) अनुपस्थित (अक्सर विदेशमा बसोबास गर्ने) रहेका छन्। जसमध्ये ज्याला मजदुरी तथा कामको खोजीमा अनुपस्थित हुनेको सङ्ख्या अत्यधिक रहेको छ (राष्ट्रिय जनगणना २०७८, प्रादेशिक प्रतिवेदन सुदूरपश्चिम)।

## ९.५.३ मुख्य सवाल तथा चुनौती

१. **मानव संसाधन विकासः** प्रदेशको सम्भावना र मागअनुसारको मानव पूँजीको आवश्यकता पहिचान गर्नु, प्रदेशको मागअनुसारको मानव संसाधन विकास गर्नु, जनशक्तिलाई समय सापेक्ष दक्षता अभिवृद्धि गर्नु, विकसित प्रविधिको उपयोग गर्नसक्ने मानव पूँजी विकास गर्नु, सार्वजनिक सेवा प्रवेश तयारीका अवसर जिल्ला तथा स्थानीय स्तरसम्म उपलब्ध गराउनु।

२. **मानव संसाधन व्यवस्थापनः** प्रदेशको आवश्यकताअनुसार प्रशासनिक, प्राविधिक र अन्य दक्ष मानव संसाधन प्रक्षेपण गरी योजना तर्जुमा गर्नु, कार्य प्रकृति र कार्यबोझअनुसार जनशक्ति उपलब्ध गराउनु, मानव संसाधनलाई दक्षताअनुसारको जिम्मेवारी प्रदान एवम् परिचालन गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउनु, भाषिक तथा सांस्कृतिक ज्ञान भएका जनशक्ति परिचालनलाई प्राथमिकता दिनु, प्रदेश सेवामा अनुभवी एवम् दक्ष जनशक्तिलाई टिकाइ राख्नु, स्थिर प्रशासनका माध्यमबाट संस्थागत विकास र स्थायित्व प्रदान गर्नु, स्वीकृत दरबन्दी अनुरुप जनशक्ति परिपूर्ति पूर्ण गर्नु,

संविधानले प्रदान गरेका प्रादेशिक जिम्मेवारी पूरा गर्न आवश्यक जनशक्ति व्यवस्था गर्नु, सार्वजनिक सेवामा रहेका जनशक्तिको मनोबल उच्च राख्नु, प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिलाई वृत्ति विकासको अवसर प्रदान गर्नु, अवकास प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई अन्तर पुस्ता हस्तान्तरण गर्ने वातावरण तयार गर्नु, अवकास पश्चातको योजना बारे परामर्श गर्नु।

३. **सङ्गठन संरचनाः** प्रदेशको आवश्यकता, प्राथमिकता तथा कार्यबोझको लेखाजोखाका आधारमा सङ्गठन संरचना तयार गरी कार्यान्वयन गर्नु, प्रशासनिक संयन्त्रलाई मापदण्डमा आधारित बनाउनु, आन्तरिक नियन्त्रण र सन्तुलन कायम हुनेगरी सङ्गठन संरचना विकास गर्नु, सङ्गठन संरचनालाई आवश्यकताअनुसार चुस्त, दुरुस्त बनाउनु, प्रदेशको क्षेत्राधिकारअन्तर्गतका निकाय तथा आयोजनालाई प्रदेशमा हस्तान्तरण गराउनु, सार्वजनिक प्रशासनिक संरचनालाई छरितो, कामकाजी र मितव्ययी बनाउनु।

४. **कार्यवातावरण निर्माणः** कार्य प्रकृति अनुरुप उपयुक्त कार्यकक्ष, प्रविधि र उपकरणको व्यवस्था गर्नु, खानेपानी, इन्टरनेट, विद्युत, शौचालय जस्ता आधारभूत सुविधा सबै कार्यालयमा पुर्‍याउनु, चमेना गृह, स्तनपान कक्ष, बालबालिका हेरचाह केन्द्र, आवासलगायतको सुविधा प्रदान गरी जनशक्तिको कार्यक्षमता अभिवृद्धि गर्नु।

५. **समन्वय तथा सहकार्यः** सङ्घ र प्रदेश तथा प्रदेश र स्थानीय तहबीच प्रभावकारी संस्थागत समन्वय र सहकार्य विकास गर्नु, प्रदेशमा रहेका सङ्घीय कार्यालयसँग समन्वय र सहकार्य स्थापित गर्नु, प्रदेशअन्तर्गतका निकायहरू बीच समन्वय र सहकार्य अभिवृद्धि गरी सेवा प्रवाह सुधार गर्नु, निजी क्षेत्र, गैरसरकारी सङ्घ संस्था, विकास साझेदार र सार्वजनिक निकायसँग प्रदेश सरकार तथा मातहतका निकायहरूको अन्तरसम्बन्ध प्रबर्द्धन गर्नु।

## ९.५.४ उद्देश्य

१. दक्ष, व्यावसायिक र उत्तरदायी मानव संसाधनको विकास र व्यवस्थापन गर्नु।

२. सार्वजनिक निकायहरूको संस्थागत सुदृढीकरण गर्नु।

## ९.५.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : दक्ष, व्यावसायिक र उत्तरदायी मानव संसाधनको विकास र व्यवस्थापन गर्नु ।** | |
| १. नीतिगत तथा कानूनी व्यवस्था सुदृढीकरण गर्ने। | १.१ मानव संसाधन विकास र आपूर्तिका लागि आवश्यक नीति तथा कानून तर्जुमा, संशोधन र प्रभावकारी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेश सरकारलाई आवश्यक प्रशासनिक तथा प्राविधिक मानव संसाधन प्रक्षेपण गरी विकास योजना तयार गरिनेछ।<br>१.३ स्थानीय तह, निजी क्षेत्र, सङ्घसंस्था समेतलाई आवश्यक पर्ने दक्ष मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ कर्मचारीको जिम्मेवारी र अधिकार स्पष्ट हुनेगरी कार्यविवरण तयार गरी कार्यान्वयन गरिनेछ। |
| २. मानव संसाधन क्षमता विकासका लागि आवश्यक कार्य गर्ने। | २.१ कार्यरत जनशक्तिलाई विकसित सूचना प्रविधि, डिजिटल शासन तथा आधुनिक व्यवस्थापनसम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ प्रदेश सरकार मातहतका र निजी क्षेत्रका मानव संसाधन विकासमा संलग्न संस्थालाई प्रभावकारी बनाई प्रशासनिक तथा प्राविधिक मानव संसाधनको दक्षता अभिवृद्धि गरिनेछ।<br>२.३ आवश्यकताबमोजिमको उत्पादशील, प्रतिस्पर्धी तथा क्षमतावान मानव संसाधन विकास र आपूर्तिका लागि तालिम प्रदायक संस्थाको क्षमता विकास, पाठ्यक्रम छनौट, विकास र अद्यावधिक गर्न समन्वय गरिनेछ।<br>२.४ आवश्यकता पहिचानका आधारमा प्रदेशका जनप्रतिनिधि तथा कर्मचारीलाई क्षमता विकास कार्यक्रमको आयोजना गरिनेछ।<br>२.५ स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको आवश्यकताअनुसार लामो तथा छोटो अवधिका क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. प्रदेशमा दक्ष जनशक्ति आकर्षित गर्ने। | ३.१ स्वीकृत दरबन्दी अनुरूपको जनशक्ति पदपूर्ति गर्न आवश्यक कार्य गरिनेछ।<br>३.२ कर्मचारीको वृत्ति विकास, पदोन्नति तथा तालिम प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाइनेछ।<br>३.३ कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई परिणाममुखी बनाइ कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा दण्ड प्रणाली लागू गरिनेछ।<br>३.४ दक्ष जनशक्तिलाई प्रदेश सेवामा आकर्षित गर्न प्रोत्साहनको व्यवस्था गरिनेछ।<br>३.५ प्रदेश लोकसेवा आयोगको सुदृढीकरण गर्दै क्षमता अभिवृद्धि गरिनेछ।<br>३.६ लोक सेवा आयोगबाट जनशक्ति आपूर्तिलाई नियमित र अनुमानयोग्य बनाउन वार्षिक रूपमा कार्यतालिका निर्धारण गरी वर्षको सुरुमै सार्वजनिक गरिनेछ।<br>३.७ प्रतिभावान जनशक्तिलाई सार्वजनिक सेवामा संलग्न हुन विशेष व्यवस्था गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.८ अवकास प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभव पछिल्लो पुस्तामा हस्तान्तरणको व्यवस्था गरिनेछ। |
| ४. सार्वजनिक प्रशासनमा मानव संसाधन व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने। | ४.१ मानव संसाधन व्यवस्थापन सूचना प्रणाली विकास तथा कार्यान्वयन गरिनेछ।<br>४.२ प्रदेशमा कार्यरत जनशक्तिको सूचना प्रविधि तथा डिजिटल प्रणाली उपयोग क्षमता विकास गरिनेछ।<br>४.३ सेवा प्रवाहलाई सरल, सहज, छरितो र गुणस्तरीय बनाउन कृत्रिम बौद्धिकता (AI) प्रयोगको सम्भावना पहिचान र उपयोग गरिनेछ।<br>४.४ सुदूरपश्चिम प्रदेशमा उपलब्ध मानव संसाधनको अधिकतम उपयोग गरी फाइदा लिइनेछ।<br>४.५ प्रत्येक मन्त्रालयमा आन्तरिक गुनासो सुन्ने र तत्काल सम्बोधन गर्ने संयन्त्रको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ : सार्वजनिक निकायहरूको संस्थागत सुदृढीकरण गर्नु ।** | |
| १. प्रदेशको आवश्यकता अनुरूप कानून, सङ्गठन संरचना तथा प्रणाली सुधार गर्ने। | १.१ प्रदेशका लागि आवश्यक नयाँ कानून तर्जुमा तथा आवश्यकताअनुसार संशोधन गरिनेछ ।<br>१.२ सम्बन्धित कानून कार्यान्वयनको लेखाजोखा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.३ प्रदेश सरकारका मन्त्रालय, निकाय र मातहतका निकायको व्यवस्थापन परीक्षण गरी संस्थागत सुधार गरिनेछ ।<br>१.४ कर्मचारी सरुवा, बढुवा तथा पदस्थापनलाई पारदर्शी, तथ्यपरक र पूर्वानुमानयोग्य बनाइनेछ।<br>१.५ सङ्गठनको कार्यबोझ विश्लेषणका आधारमा सङ्गठन संरचना तथा दरबन्दी पुनरावलोकन गरिनेछ।<br>१.६ मन्त्रालयलाई नीति निर्माण र कार्यान्वयन निकायलाई सेवा प्रवाह केन्द्रित बनाइनेछ।<br>१.७ सङ्गठन संरचनालाई छरितो, कामकाजी र मितव्ययी बनाइनेछ। |
| २. सङ्घ र स्थानीय तहसँग प्रशासनिक समन्वय तथा सहकार्य सुदृढ गर्ने। | २.१ सम्भाव्यता तथा आवश्यकताको आधारमा एकीकृत सेवा प्रवाह प्रणाली विकास र कार्यान्वयन गरिनेछ।<br>२.२ प्रदेश र स्थानीय तहबीच दरबन्दी पूर्ति, क्षमता विकास, सूचना आदान प्रदानलगायतका प्रशासनिक समन्वय तथा सहकार्यका क्षेत्रलाई व्यवस्थित बनाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ संविधान, कानून तथा मापदण्डअनुसार प्रदेशको क्षेत्राधिकारका विषयका सङ्घीय संरचना तथा आयोजना प्रदेशमा हस्तान्तरणका लागि समन्वय गरिनेछ।<br>२.४ प्रदेश तथा स्थानीय तहमा कार्यरत जनशक्तिको वृत्ति विकाससम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन पहल गरिनेछ।<br>२.५ समान कामका लागि स्थापना भएका सङ्घ र प्रदेशका जिल्ला तहका कार्यालयलाई एकीकृत सेवा प्रवाह गर्ने प्रणाली विकास गर्न पैरवी गरिनेछ।<br>२.६ नागरिकको प्रत्यक्ष सम्बन्ध हुने कार्यालयमा स्थानीय भाषा तथा संस्कृतिको ज्ञान भएका जनशक्ति परिचालनलाई प्राथमिकता दिइनेछ। |
| ३. सार्वजनिक सम्पत्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने। | ३.१ सबै सार्वजनिक निकायमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System-PAMS) लाई कार्यान्वयनमा ल्याइनेछ।<br>३.२ कानून बमोजिम जिन्सी अभिलेखाङ्कन, निरीक्षण र निरीक्षण प्रतिवेदनअनुसार सोही आर्थिक वर्षभित्र लिलाम बिक्री, मर्मतसम्भारलगायतका कार्य गरी सार्वजनिक सम्पत्तिको संरक्षण गरिनेछ। |
| ४. आन्तरिक व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने। | ४.१ निर्धारित समयभित्र लक्ष्य सहितको कार्यक्रमको प्रगति तालुक मन्त्रालय/निकाय समक्ष पेस गर्ने तथा तालुक मन्त्रालय/निकायले एकीकृत गरी वेवसाइटमार्फत अनिवार्य सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।<br>४.२ सबै महाशाखा/शाखा/इकाइको कार्यविभाजन स्पष्ट खुल्ने गरी नतिजामूलक वार्षिक कार्यतालिका निर्माण गरी प्रभावकारी अनुगमन गरिनेछ। |

### ९.५.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. प्रदेश मानव संसाधन विकास नीति, कानून, योजना, मापदण्ड तर्जुमा

२. प्रशासन सुधार तथा पुनर्संरचना,

३. प्रदेश सरकारका तालिम प्रदायक निकाय सुदृढीकरण,

४. अवकास योजना तथा अवकास प्राप्त व्यक्तिको ज्ञान, सीप हस्तान्तरण जनशक्ति आवश्यकता सर्भेक्षण, प्रक्षेपण, योजना,

५. मानव संसाधन तथा संस्थागत विकास र नवप्रवर्तन प्रबर्द्धन,

६. लोकसेवा आयोग क्षमता सुदृढीकरण,

७. अन्तरतह प्रशासनिक समन्वय,
८. प्रदेश किताबखाना तथा कर्मचारी व्यवस्थापन सूचना प्रणाली,
९. सेवा प्रवाहमा सूचना प्रविधिको विकास र उपयोग,
१०. आन्तरिक नियन्त्रण प्रणाली सबलीकरण,
११. कार्यसम्पादन प्रोत्साहन, पुरस्कार,
१२. वित्तीय जवाफदेहिता अभिवृद्धि,
१३. प्रदेश तथा स्थानीय शासन सबलीकरण,
१४. अनुगमन, मूल्याङ्कन, नियमन,
१५. अध्ययन अनुसन्धान।

## ९.६ सामाजिक न्याय तथा सामाजिक समावेशिता

### ९.६.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक न्याय, समानता र समावेशी विकासलाई राज्यको मार्गदर्शक सिद्धान्तका रूपमा स्थापित गरेको छ। संविधानको प्रस्तावना, मौलिक हक, राज्यका नीति एवम् निर्देशक सिद्धान्त, संवैधानिक आयोगहरूको व्यवस्थाले सामाजिक न्याय र समावेशिताप्रतिको संवैधानिक प्रतिवद्धतालाई स्पष्ट गर्दछ। साथै सबै वर्ग, लिङ्ग, जातजातिगत समुदायको शासन प्रक्रियामा सहभागिता गराई बञ्चितीकरणमा परेका वर्गलाई विभिन्न व्यवस्थामार्फत सहभागिता र प्रतिनिधित्वको व्यवस्थामा संविधानले जोड दिएको छ।राष्ट्रिय स्तरमा सोह्रौं योजनाले "समावेशी, न्यायपूर्ण र दिगो विकास" लाई प्राथमिकता दिँदै गरिबी न्यूनीकरण, सामाजिक सुरक्षा, लैङ्गिक समानता तथा क्षेत्रीय सन्तुलनलाई मुख्य कार्यसूचीमा राखेको छ।

सुदूरपश्चिम प्रदेश भौगोलिक रूपमा दुर्गम, आर्थिक रूपमा पछाडि परेको तथा सामाजिक रूपमा बहुस्तरीय बञ्चितीकरण रहेको प्रदेश हो। यहाँ दलित समुदायको उल्लेख्य उपस्थिति, महिला तथा बालिकामा अवसर असमानता, दुर्गम क्षेत्रमा सेवा पहुँचको सीमितता, साथै दार्चुलाका शौका, डडेलधुराका राउटे, तराईका राजीलगायतका विशिष्ट तथा अल्पसङ्ख्यक समुदायका विविध समस्या र मुक्त कमैया, मुक्त कमलरी तथा मुक्त हलिया समुदायहरूको अपूर्ण पुनर्स्थापना जस्ता विषयहरू सामाजिक न्यायका प्रमुख सरोकारका रूपमा रहेका छन्।

सङ्घीय शासन प्रणालीअन्तर्गत प्रदेश सरकारलाई नागरिकको आधारभूत अधिकार, सेवा पहुँच र अवसरको समान वितरण सुनिश्चित गर्ने महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएको छ।सुदूरपश्चिम प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी विषयको जिम्मेवारी सामाजिक विकास मन्त्रालयमा रहेको छ।

### ९.६.२ विद्यमान अवस्था

यो प्रदेशमा गरिबी बहुआयामिक स्वरूपमा रहेकोले सामाजिक न्यायमा प्रत्यक्ष असर परेको छ। यहाँ निरपेक्ष गरिबीको दर राष्ट्रिय औसतभन्दा उच्च अर्थात ३४.२ प्रतिशत रहेको छ भने बहुआयामिक गरिबी दर २५.३ प्रतिशत रहेको छ। यहाँको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ भने अनौपचारिक

रोजगारीको हिस्सा अत्यधिक (८५ प्रतिशत भन्दा बढी) रहेको छ। यहाँको ठूलो जनसङ्ख्या परम्परागत एवम् निर्वाहमुखी कृषिमा निर्भर रहेकाले पनि गरिबीको मात्रा बढी छ।

यस प्रदेशबाट राष्ट्रिय सभामा ८ जना, प्रतिनिधि सभामा १६ जना पहिलो हुने निर्वाचनबाट निर्वाचित र अन्य समानुपातिक निर्वाचनबाट निर्वाचित हुने व्यवस्था रहेको छ। प्रदेश सभामा ५३ जना प्रत्यक्ष र समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्नसक्ने संविधान र कानूनको प्रावधान बमोजिम यहाँ ३३.९ प्रतिशत महिला प्रतिनिधित्व रहेको छ। त्यसै गरी सुदूपश्चिम प्रदेशका ८८ स्थानीय तहमा कुल निर्वाचित ३ हजार ८३६ जनप्रतिनिधिमध्ये महिला जनप्रतिनिधिको सङ्ख्या १ हजार ५८१ अर्थात् ४१.२१ प्रतिशत रहेको छ। नगर प्रमुखमा निर्वाचित २ जना, उपप्रमुख तथा उपाध्यक्षमा ६७ जना र वडा अध्यक्षमा ६ जना महिला रहेका छन्। साथै स्थानीय तहमा अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायको पनि कमजोर उपस्थिति रहेको छ। यस प्रदेशमा लोपोन्मुख राजी जातिबाट भजनी नगरपालिका वडा नं. ५ र ९ मा एक एक जना वडा सदस्य निर्वाचित भएका छन्। यस प्रदेशमा १ जना उपाध्यक्ष र २० जना वडा सदस्य गरी जम्मा २१ जना एकल महिला निर्वाचित भएका छन्। दलित समुदायबाट प्रदेशमा १ जना गाउँपालिका अध्यक्ष, १ जना उपप्रमुख र १ जना उपाध्यक्ष निर्वाचित भएका छन्। जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुख मध्ये ५ जना उपप्रमुख महिला र १ जना दलित उपप्रमुख रहेका छन्। स्थानीय कार्यपालिका सदस्यमा निर्वाचित कुल ५९३ मध्ये ३८५ महिला सदस्य र २०८ दलित वा अल्पसङ्ख्यक समुदायका रहेका छन्। यहाँका कैलाली, अछाम, बझाङ, बाजुरा र दार्चुलाका १० स्थानीय तहमा ३२ दलित महिला सदस्य पदमा मनोनयन दर्ता भएको थिएन।

जिल्ला समन्वय समितिका ९ वटै प्रमुखहरू पुरुष रहेका छन् भने उपप्रमुखमा ५ जना महिला र ४ जना पुरुष रहेका छन्। सदस्य मध्ये २७ जना पुरुष, २७ जना महिला, दलित वा अल्पसङ्ख्यक सदस्यमध्ये ६ जना महिला र ३ जना पुरुष रहेका छन् (स्थानीय तह निर्वाचन २०७९, निर्वाचन परिणाम पुस्तक सुदूरपश्चिम प्रदेश)।

२०७४ सालको स्थानीय निर्वाचनमा अध्यक्ष तथा प्रमुख २ जना, उपाध्यक्ष वा उपप्रमुख ८४ जना, वडाध्यक्ष ६ जना, महिला सदस्य ७३४ जना, दलित महिला सदस्य ७२२ जना, अन्य सदस्य २४ जना गरी ४१ प्रतिशत महिला सहभागिता रहेको थियो (लैङ्गिक समानता र सामाजिक समावेशीकरणका नजरमा स्थानीय तह सदस्य निर्वाचन, २०७९)।

## ९.६.३ मुख्य सवाल तथा चुनौती

१. **सार्वजनिक सेवाको पहुँच विस्तारः** अल्पसङ्ख्यक, दलित तथा सीमान्तकृत समुदाय, भूमिहीन तथा श्रममा निर्भर परिवारलाई न्यूनतम रोजगारी र दिगो आम्दानीको स्रोत सुनिश्चित गर्नु, मुक्त कमैया, कमलरी र हलिया समुदायको पुनर्स्थापनालाई प्रभावकारी बनाउनु, पहुँच नपुगेका बस्तीमा सडक, स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाइ र डिजिटल पहुँच विस्तार गर्नु, आवासविहीन दलित परिवारलाई आवासको व्यवस्थापन गर्नु, छरिएर रहेका सामाजिक न्याय, सुरक्षा र संरक्षणसम्बन्धी कार्यक्रमलाई व्यवस्थित गर्नु ।

२. **जातीय, लैङ्गिक तथा सामाजिक सशक्तीकरणः** प्रदेशमा उल्लेख्य जनसङ्ख्या रहेको दलित (करिब १७.५ प्रतिशत) समुदायलाई गरिने सामाजिक विभेद अन्त्य गर्नु, दलित समुदायलाई शिक्षा र रोजगारीको अवसरहरू प्रदान गर्नु, बञ्चितीकरणमा परेका समुदायलाई राज्यका निकायमा प्रतिनिधित्व र विकास प्रक्रियामा सहभागिताको अवसर प्रदान गर्नु, विकास निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता बढाउनु, महिला साक्षरता दर वृद्धि गर्नु, सामाजिक रूपमा बालविवाह, लैङ्गिक विभेद जस्ता हानीकारक संस्कारको अन्त्य गर्नु, अन्धविश्वास, कुरीति, कुप्रथाको अन्त्य गर्नु, महिलाको औपचारिक रोजगारीमा सहभागिता वृद्धि गर्नु।

३. **लक्षित समुदाय सम्बन्धी तथ्याङ्क व्यवस्थापनः** सामाजिक बञ्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क तयार गर्नु, खण्डिकृत तथ्याङ्क सङ्कलन गर्न स्थानीय तह तथा सरोकारवालालाई परिचालन गर्नु, लक्षित समुदायको तथ्याङ्कमा आधारित भई नीति निर्माण, योजना तर्जुमा र निर्णय गर्ने परिपाटीको विकास गर्नु।

## ९.६.४ उद्देश्य

१. समावेशी विकास र आर्थिक अवसर सुनिश्चित गर्नु।

२. जातीय, लैङ्गिक र विशेष समुदायको सामाजिक आर्थिक सशक्तीकरण गर्नु।

## ९.६.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : समावेशी विकास र आर्थिक अवसर सुनिश्चित गर्नु ।** | |
| १. दुर्गम क्षेत्रमा आधारभूत सेवा र पहुँच विस्तार गर्ने। | १.१ हिमाली तथा पहाडी ७ जिल्लामा सडक, स्वास्थ्य, शिक्षा र डिजिटल पहुँच सुधार गरिनेछ।<br>१.२ भूमिहीन तथा श्रममा निर्भर परिवारलाई स्थानीय रोजगारी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१.३ पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूलधारमा ल्याइनेछ।<br>१.४ आर्थिक, सामाजिक र क्षेत्रीय असमानता घटाउने तथा विपन्न वर्गको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रम कार्यान्वयन गरिनेछ। |
| २. लक्षित समुदाय रोजगार प्रबर्द्धन कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने। | २.१ उच्च मूल्यका कृषि प्रबर्द्धनका लागि प्रशिक्षण, प्राविधिक सहयोग र वित्तीय पहुँच प्रदान गर्न समन्वय तथा सहजीकरण गरिनेछ।<br>२.२ प्रदेशका घरेलु तथा सीप विकास कार्यालयमार्फत आवश्यकता र क्षमता पहिचान गरी सीप विकास तालिम तथा उद्यम सञ्चालनमा सहयोग गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ सीपयुक्त जनशक्तिलाई औजार, उपकरण तथा सहुलियत कर्जा उपलब्ध गराई सीपअनुसारको उद्यम सञ्चालन र स्वरोजगार प्रबर्द्धन गरिनेछ।<br>२.४ निजीक्षेत्र र सहकारीमार्फत स्थानीय स्तरमा स्वरोजगारी सिर्जना र लघुउद्यममा संलग्न हुन सहयोग गरिनेछ।<br>२.५ लक्षित वर्गका युवा तथा महिला श्रमिकको औपचारिक रोजगारीमा पहुँच बढाउन कानूनी र वित्तीय प्रोत्साहन गरिनेछ।<br>२.६ लोक सेवा परीक्षा तयारीसम्बन्धी कार्यक्रम दुर्गम तथा ग्रामीण क्षेत्रसम्म पुऱ्याउन सहजीकरण गरिनेछ। |
| **उद्देश्य २ : जातीय, लैङ्गिक र विशेष समुदायको सामाजिक आर्थिक सशक्तीकरण गर्नु ।** | |
| १. दलित, महिला र सीमान्तकृत समुदायलाई सामाजिक, राजनीतिक सशक्तीकरण गर्ने। | १.१ दलित समुदायमा शिक्षा, स्वास्थ्य र आर्थिक अवसरमा पहुँच विस्तार गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.२ महिला साक्षरता, बालविवाह रोकथाम र लैङ्गिक हिंसा अन्त्यका लागि जनचेतना अभियान सञ्चालनका लागि स्थानीय गैरसरकारी तथा सामुदायिक संस्था परिचालन गरिनेछ।<br>१.३ विकास निर्माण र निर्णय प्रक्रियामा दलित, महिला र सीमान्तकृत समुदायको सहभागीता सुनिश्चित गर्न नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.४ अन्धविश्वास, कुरीति, कुप्रथाको अन्त्यका लागि अभियान सञ्चालन गरिनेछ। |
| २. विशेष समुदाय पुनर्स्थापना र सार्वजनिक सेवा पहुँच विस्तार गर्ने। | २.१ मुक्त कमैया, कमलरी र हलिया समुदायलाई जीविकोपार्जनका विकल्प सहित भूमि तथा स्थायी आवासको व्यवस्था गर्न तहगत सहकार्य गरिनेछ।<br>२.२ दुर्गम क्षेत्रमा बसोबास गर्ने अल्पसङ्ख्यक समुदायलाई आधारभूत स्वास्थ्य, शिक्षा, यातायात र डिजिटल पहुँच पुऱ्याउन विशेष प्राथमिकता दिइनेछ।<br>२.३ संविधान र कानूनका प्रावधान राज्य निकायमा प्रतिनिधित्व र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्न सीमान्तकृत समुदायलाई जागरुक गराइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ सामाजिक बञ्चितीकरणमा परेको समुदायको तथ्यमा आधारित नीति र योजना तर्जुमा गर्न स्थानीय तह र सरोकारवालाहरूलाई समन्वय गरिनेछ।<br>२.५ प्रदेशबाट हुने प्रतिनिधि छनौट, मनोनयन तथा कार्यक्रमका सहभागी छनौटमा उपयुक्तताका आधारमा अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिताका लागि जोड दिइनेछ।<br>२.६ सामाजिक न्यायसम्बन्धी छरिएर रहेका कार्यक्रमलाई व्यवस्थित गरिनेछ। |

### ९.६.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. दुर्गम क्षेत्रमा सडक, स्वास्थ्य, शिक्षा, र डिजिटल पहुँच विकास,
२. भूमिहीन/श्रममा निर्भर परिवारका लागि भूमि व्यवस्थापन तथा स्वरोजगार सिर्जना,
३. कृषिमा आधारित आय स्रोत (जैविक खेती, पशुपालन, स्थानीय उत्पादन) विकास,
४. युवा र महिलाको क्षमता विकास तथा औपचारिक रोजगारीमा पहुँच विस्तार,
५. निजी क्षेत्र र सहकारीमार्फत रोजगारी सिर्जना,
६. बालविवाह, लैङ्गिक हिंसा अन्त्य, महिला साक्षरता अभियान,
७. अन्धविश्वास, कुरीति, कुप्रथा अन्त्य अभियान,
८. मुक्त कमैया, कमलरी, हलिया समुदायको भूमि, आवास, जीविकोपार्जन सुधार,
९. सौकालगायत अल्पसङ्ख्यक समुदायमा सेवा सहजीकरण र पहुँच विस्तार,
१०. समुदायगत तथ्याङ्क सङ्कलन, अद्यावधिक, योजना निर्माण र निर्णय प्रक्रियामा उपयोग।

## ९.७ गरिबी निवारण

### ९.७.१ पृष्ठभूमि

जीवनयापनका लागि आवश्यक स्रोत, अवसर र क्षमताको अभावले नागरिकको गास, बास, कपास, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्न नसक्ने अवस्थालाई विपन्नता वा गरिबी भनिन्छ। यसले सामाजिक असमानता, अवसरको सीमितता र उत्पादनशील क्षमताको कमीलाई पनि प्रतिबिम्बित गर्दछ। गरिबीलाई निरपेक्ष र सापेक्ष वा बहुआयामिक रूपमा मापन गर्ने गरिन्छ।

विपन्न नागरिकलाई गरिबीबाट मुक्त गर्न सरकारबाट गरिबी निवारणका कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्दै आइरहेको छ। गरिबी निवारणका लागि राज्य संयन्त्रहरूबाट रोजगारी सिर्जना, शिक्षा तथा स्वास्थ्य सेवामा समान पहुँच, सामाजिक सुरक्षा प्रणालीको सुदृढीकरण, उत्पादनशीलता वृद्धि र विपन्न वर्ग लक्षित कार्यक्रम सञ्चालनका दीर्घकालीन रणनीति अपनाई सरोकारवालाहरूबीच सहकार्य गर्ने अभ्यास रहेको पाइन्छ। यसका लागि सङ्घ, प्रदेश, स्थानीय तह, निजी क्षेत्रका साथै सहकारी, गैरसरकारी, सामुदायिक सङ्घ

संस्था र नागरिक समाजबीचको समन्वय तथा सहकार्य महत्त्वपूर्ण हुन्छ। गरिबी निवारण गर्नुको लक्ष्य दीर्घकालीन रूपमा सामाजिक न्याय, आर्थिक समावेशीकरण र दिगो विकासको सुनिश्चितता प्रदान गरी समाजलाई शान्तिपूर्ण तथा नागरिकलाई खुशी पार्नु मुख्य हो।

सामाजिक न्याय, समावेशी विकास र समान अवसरको सिद्धान्तलाई अङ्गीकार गर्दै राज्यका नीति र व्यवहारका कारणले पछाडि परेका तथा विपन्न समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, जीवनस्तर सुधारलाई राज्यको दायित्वका रूपमा नेपालको संविधानले आत्मसात गरेको छ। सबै नेपालीको आधारभूत आवश्यकता परिपूर्ति भई मर्यादित तथा सम्मानजनक जीवनयापन गर्नसक्ने अवस्थाको परिकल्पना नेपालको संविधानले गरेको छ। संविधानमा व्यवस्था भएका मौलिक हकहरूका साथै अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारअन्तर्गत गरिबी निवारण र औद्योगीकरणलाई र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत गरिबी निवारणलाई समेटिएको छ। दिगो विकास लक्ष्यअन्तर्गत सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य रहेको छ। साथै नेपालको दीर्घकालीन सोच २१०० मा निरपेक्ष गरिबीको अन्त्य तथा बहुआयामिक गरिबीलाई ३ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ।

चौथो जीवनस्तर सर्वेक्षण २०८० का अनुसार औसतमा प्रतिव्यक्ति प्रतिदिन २२३६ किलो क्यालोरी आवश्यक पर्ने र सोको लागि प्रतिवर्ष प्रतिव्यक्ति खाद्य बापत रू. ३५०२९ तथा गैर खाद्य बापत रू. ३७८७९ गरी कुल रू. ७२,९०८ लाई गरिबीको आधार रेखा निर्धारण गरेको छ। जसअनुसार, नेपालको गरिबीको दर २०.२७ प्रतिशत हुँदा प्रदेशको गरिबीको दर राष्ट्रिय स्तरभन्दा उच्च ३४.१६ प्रतिशत रहेको देखिन्छ। जसमा सहरी गरिबी दर ३०.८६ प्रतिशत र ग्रामीण गरिबी दर ४०.२१ प्रतिशत रहेको भने यस प्रदेशको गरिबीको दर सबै प्रदेशको भन्दा उच्च हो। त्यसै गरी गरिबीको विषमता ८.४१ प्रतिशत र गरिबीको गहनता २.८७ पनि यस प्रदेशको बाँकी सबै प्रदेशभन्दा उच्च हो। त्यसै गरी बहुआयामिक गरिबी पनि राष्ट्रिय १७.४ प्रतिशतभन्दा बढी २५.३ प्रतिशत अर्थात् कर्णाली प्रदेशपछिको दोस्रो स्थानमा रहेको छ। गरिबी बहुआयामिक हुने तथा विकास प्रक्रियालाई चुनौती दिने भएकाले यसले विकासमा विपद् उत्थानशीलता र सामाजिक समावेशीकरणको माग गर्दछ। त्यसैले नेपालले अन्तराष्ट्रियस्तरमा प्रतिबद्धता जनाएका दिगो विकास लक्ष्यलगायतलाई मध्यनजर गर्दै गरिबी निवारणलाई प्रदेश सरकारले प्राथमिकता दिई सोही अनुरुप लगानी गर्नु अपरिहार्य छ।

गरिबी निवारणसम्बन्धी विषय प्रदेश सरकारको (कार्य विभाजन) नियमावली २०८१ अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा गरिबी निवारणसम्बन्धी नीति, कानून, योजना, कार्यन्वयन, नियमन, अध्ययन अनुसन्धान, सर्भेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी उल्लेख रहेको छ। यो विषय, अन्तरसम्बन्धित विषय भएको र देशकै सबैभन्दा बढी गरिबीयुक्त प्रदेश हुनाले प्रदेश सरकारका सबै विषयगत मन्त्रालय, तहगत सरकारहरू र सरोकारवाला सङ्घ, संस्थाको सामुहिक प्रयास, प्रतिबद्धता र सहकार्य हुन जरुरी छ।

## ९.७.२ विद्यमान अवस्था

यस प्रदेशका सबै जिल्ला गरिबीको राष्ट्रिय स्तर २०.२७ प्रतिशतभन्दा बढी गरिबी भएका छन् भने धनगढी

उपमहानगरपालिका र भिमदत्त नगरपालिका बाहेकका ८६ वटा स्थानीय तहहरू राष्ट्रिय औसतभन्दा बढी गरिबीमा रहेका छन्। यहाँका स्थानीय तहमध्ये ढकारी गाउँपालिका, अछाम (७०.५७ प्रतिशत), सिगास गाउँपालिका, बैतडी (६६.८७ प्रतिशत) र कमलबजार नगरपालिका, अछाम (६६.८ प्रतिशत) देशका सबैभन्दा गरिब क्रमशः तेस्रो, चौथो र पाँचौं स्थानीय तह हुन्। यहाँका स्थानीय तहमध्ये ७० प्रतिशत भन्दा बढी गरिबी हुने १ वटा, ६० प्रतिशतभन्दा बढी गरिबी हुने ११ वटा र ५० प्रतिशतभन्दा बढी गरिबी हुने २९ वटा स्थानीय तह रहेका छन्। साथै प्रदेशको विद्यमान औसत गरिबी दर ३४.१६ प्रतिशतभन्दा बढी गरिबी भएका स्थानीय तह सङ्ख्या ६७ वटा रहेका छन्। यसरी यहाँका सबै जिल्लाका अधिकांश स्थानीय तहहरूमा गरिबी व्याप्त रहेको पाइन्छ। जिल्लागत गरिबीको अवस्थालाई निम्न **तालिका ९.१** मा प्रस्तुत गरिएको छ।

**तालिका ९.१ : जिल्लागत गरिबीको अवस्था**

| जिल्ला | घरपरिवार सङ्ख्या | कुल जनसङ्ख्या | गरिबीको दर | गरिबीको विषमता | गरिबीको सघनता | गरिब सङ्ख्या |
|---|---|---|---|---|---|---|
| बाजुरा | २८,०४१ | १३७,७३२ | ४७.८१% | ११.०६% | ३.५४% | ६५,८४७ |
| बझाङ | ३८,०२४ | १८८,७२५ | ३८.८३% | ८.३८% | २.५६% | ७३,२८९ |
| दार्चुला | २८,३७९ | १३२,२२३ | ३०.३४% | ६.१५% | १.८०% | ४०,१११ |
| बैतडी | ४९,४०५ | २४१,४२३ | ४८.६५% | ११.६१% | ३.८१% | ११७,४६३ |
| डडेलधुरा | ३१,१७२ | १३८,५३८ | ३३.२६% | ७.०७% | २.१४% | ४६,०८३ |
| डोटी | ४५,१४० | २०१,७७८ | ४२.८१% | ९.६०% | ३.०१% | ८६,३७६ |
| अछाम | ४९,५६५ | २२७,७१९ | ४९.५८% | ११.८३% | ३.८८% | ११२,९०२ |
| कैलाली | १९५,८६९ | ८९९,५५१ | २८.२३% | ५.९८% | १.८१% | २५३,९२८ |
| कञ्चनपुर | १११,१६६ | ५११,०२१ | २४.५२% | ५.०८% | १.५२% | १२५,२८० |
| **जम्मा** | **५७६,७६१** | **२,६७८,७१०** | | | | **९२१,२७९** |
| **नेपाल** | | | **२०.२७%** | **४.५२%** | **१.४८%** | **५९११६६०** |

**स्रोत :** Small Area Estimation of Poverty, २०२३, National Statistics Office, Government of Nepal

यस प्रदेशमा मुक्त कमैया, मुक्त हलिया, हरूवा, चरुवालगायतका साथै भूमिहीन सुकुम्बासीको उल्लेखनीय बसोबास रहनुका साथै यहाँ १७.५ प्रतिशत दलित जनसङ्ख्याको बसोबास रहेको छ। यस प्रदेशका ठूलो परिमाणका जनसङ्ख्या न्यूनज्यालामा मजदुरी गर्न छिमेकी देश भारत जाने प्रचलन रहेको छ।

प्रदेश सरकारबाट दिगो विकासका लक्ष्यअनुरूप गरिबीको अन्त्यका लागि प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने र विनियोजनमध्ये औसतमा करिब ६० प्रतिशतका दरले खर्च हुने गरेको छ। आ.व.२०८१/८२

मा रु.१ अर्ब ६४ करोड ९ लाख विनियोजन भएको थियो (आर्थिक सर्भेक्षण २०८१/८२)। मध्यमकालीन खर्च संरचना (२०८२/८३-२०८४/८५) का अनुसार दिगो विकास लक्ष्यको सबै प्रकारका गरिबीको अन्त्य लक्ष्यअन्तर्गत कुल बजेटको करिव ६.०७ प्रतिशत विनियोजन भएको छ।

प्रदेशको मुख्य अर्थतन्त्रको आधार कृषि हो यहाँका तराई र पहाडका जिल्लाहरूमा उब्जाउशील कृषियोग्य भूमि रहेको छ। छिमेकी देशसँग दक्षिण र पश्चिममा खुला सिमानाले जोडिएको हुँदा उद्योगधन्दा विकास गरी प्रदेश अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा ओगट्न सक्ने सम्भावना रहेको छ। यहाँ प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटन विकास र विस्तारको अवसरका साथै करोडौं हिन्दुहरूको बसोबास रहेको भारतबाट तिब्बतको मानसरोवर जाने सबैभन्दा छोटो दूरीको सडक यातायात हुने सम्भावना रहनु, मध्यपहाडी लोकमार्ग, पूर्वपश्चिम लोकमार्ग र हुलाकी लोकमार्गका साथै महाकाली लोकमार्ग, सेती लोकमार्गलगायतका राष्ट्रिय लोकमार्गका साथै प्रादेशिक र स्थानीय सडक पूर्वाधारको अन्तरआबद्धता राम्रो हुनु, हवाइ यातायातमा नेपालको राजधानी र प्रदेश राजधानीबीच सिधा पहुँच हुनु, प्रदेशका लागि आवश्यक वस्तु आयात, निर्यातका लागि यसै प्रदेशमा नाका हुनु, तीनै तहका सरकारले गरिबी निवारणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु जस्ता अवसरलाई उपयोग गर्दै प्रदेशले गरिबी निवारण गर्ने सम्भावना रहेको छ।

### ९.७.३ मुख्य सवाल तथा चुनौती

१. **गरिब घरपरिवार पहिचानः** वास्तविक गरिब घरपरिवार पहिचान तथा नियमित अद्यावधिक गर्नु, राज्य सुविधा परिचय पत्र वितरण, पहिचान भएका गरिब घरपरिवारलाई राज्यबाट प्रदान गरिने सुविधा वृद्धि गर्नु, गरिब लक्षित कार्यक्रम कार्यान्वयनबाट अपेक्षित प्रतिफल सुनिश्चित गर्नु, गरिबीको सघनता बढी भएको समुदायलाई लक्षित गरी सामाजिक परिचालन, सशक्तीकरण तथा मूलप्रवाहीकरण गर्नु, विपन्न परिवारको विपद् उत्थानशील क्षमता विकास गर्नु।

२. **आर्थिक सामाजिक अवस्थामा सुधारः** कृषि मजदुर तथा दैनिक ज्यालादारीमा काम गर्ने वर्गको उत्पादन क्षमता बढाउनु, सीप तथा दक्षता अभिवृद्धि गरी स्वरोजगार तथा उद्यमशीलतामा आबद्ध गर्नु, विपन्न परिवारका लागि सहुलियतपूर्ण तथा विनाधितो वित्तीय पहुँच सुनिश्चित गर्नु, विपन्न वर्गका युवा जनशक्तिलाई रोजगारी प्रदान गरी आत्मनिर्भरता बढाउनु। त्यसैगरी जातीय भेदभावको अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्नु, आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा पछाडि परेका समुदायलाई कमजोर ठान्ने तथा विभेद गर्ने प्रवृत्ति अन्त्य गर्नु, राउटे तथा बादीलगायतका अल्पसङ्ख्यक समुदायलाई सामाजिक सम्मान गर्ने वातावरण निर्माण गर्नु।

३. **अन्तर निकाय सम्बन्ध र सहकार्यः** छरिएर रहेका गरिबी लक्षित कार्यक्रमलाई एकीकृत गर्नु, विपन्न वर्गको गुणस्तरीय सीप, दक्षता, शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाइ, यातायात जस्ता सेवामा पहुँच विस्तार गर्नु, विपद्का कारणले बढाउने गरिबी नियन्त्रण गर्नु, तहगत सरकारहरू, निजीक्षेत्र, गैरसरकारी क्षेत्र, विकास साझेदारबीचको साझेदारी र सहकार्य अभिवृद्धि गर्नु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगको वर्तमानमा प्रयोग गरिएको मापदण्डमा पुनरावलोकनका लागि नीतिगत तहमा बहस पैरवी गर्नु, सङ्घीय सरकारसँग गरिबीको सघनता हेरी थप बजेट निकासाका लागि पहल र पैरवी गर्नु।

## ९.७.४ उद्देश्य

१. बहुआयामिक तथा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको गरिबी न्यूनीकरण गर्नु।
२. विपन्न समुदायको सामाजिक आर्थिक सशक्तीकरण र समावेशी विकास सुनिश्चित गर्नु।

## ९.७.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : बहुआयामिक तथा निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको गरिबी न्यूनीकरण गर्नु।** | |
| १. गरिबीको कारण र गरिब घरपरिवार पहिचान गरी सेवासँग आबद्ध गर्ने। | १.१ प्रदेशको गरिबीको कारणलाई सम्बोधन गर्नेगरी गरिबी न्यूनीकरण नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>१.२ प्रदेशका गरिब घरपरिवारको विवरण तयारी तथा अद्यावधिक गर्न सूचना प्रणालीको व्यवस्था गरी कार्यान्वयनमा स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१.३ निरपेक्ष गरिबीको रेखामुनि रहेका र सघनता बढी भएका समुदायलाई लक्षित गरी सामाजिक परिचालन, सशक्तीकरण तथा सबै आधारभूत सेवा सुविधासँग मूलप्रवाहीकरण गरिनेछ।<br>१.४ गरिब घरपरिवारलाई मापदण्ड र सूचकका आधारमा राज्य सुविधा परिचयपत्र प्रदान गरी सार्वजनिक सेवामा सहुलियत वृद्धि गरिनेछ।<br>१.५ कृषि सडक, आवास, विद्युत सेवा, खानेपानी तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, पोषण, सिँचाइ कुलो, नहर जस्ता स्थानीय पूर्वाधारमा विपन्न वर्गको पहुँच वृद्धि गर्न जोड दिइनेछ। |
| २. गरिबी न्यूनीकरणलाई लक्षित गरी विपन्न वर्गका व्यक्तिको क्षमता अभिवृद्धि गर्ने। | २.१ गरिब घरपरिवार लक्षित आर्थिक क्रियाकलाप (आम्दानी, खर्च, बचत, व्यावसायिक योजना, वित्तीय साक्षरता, डिजिटल साक्षरता) सम्बन्धी क्षमता विकास गरी उद्यम व्यवसायका लागि ऋणमा पहुँच अभिवृद्धि तथा सहुलियत प्रदान हुने वातावरण निर्माण गरिनेछ।<br>२.२ गरिब घरपरिवार लक्षित प्राविधिक तालिम तथा व्यावसायिक सीप विकासका कार्यक्रम सञ्चालन गरी रोजगारी/स्वरोजगारीमा संलग्न हुन आवश्यक सहजीकरण तथा मार्गदर्शन गरिनेछ।<br>२.३ विपन्न समुदायको कृषि उत्पादन र उत्पादकत्व बढाउन आधुनिक प्रविधि, उन्नत बिउ, मल र सिँचाइ सुविधा उपलब्ध गराइनेछ।<br>२.४ विपन्न वर्गका युवा, महिला, पिछडिएका क्षेत्र, वर्ग, समुदाय लक्षित स्थानीय आर्थिक विकास कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको क्षमता विकास तथा सहकार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ परम्परागत श्रम, सीप र कलालाई संरक्षण, विकास तथा परिमार्जन, व्यवसायीकरण, विविधीकरण, बजारीकरणसम्बन्धी क्षमता अभिवृद्धि तथा सहजीकरण गरी आयआर्जनको आधार निर्माण गरिनेछ।<br>२.६ विपन्न परिवारका सदस्यलाई स्थानीय स्तरमा माग भएका सीप तथा दक्षता वृद्धि गरी रोजगारी र आम्दानी वृद्धिमा जोड दिइनेछ। |
| ३. सघन गरिबी भएका स्थानीय तहमा विशेष कार्यक्रम सञ्चालन गर्ने। | ३.१ गरिबीको कारण र सार्वजनिक लगानी बीचको तादात्म्यता अध्ययन गरी सार्वजनिक लगानीलाई केन्द्रित गरिनेछ।<br>३.२ गरिब घरपरिवार पहिचानका आधारमा गरिबीको कारणलाई सम्बोधन हुनेगरी सघन गरिबी भएका स्थानीय तहसँगको सहकार्यमा एकीकृत गरिबी न्यूनीकरण विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.३ प्रादेशिक औसतभन्दा बढी गरिबी भएका स्थानीय तहमा लक्षित गरिबी न्यूनीकरण कार्यक्रम सञ्चालन गर्न गैरसरकारी सङ्घ संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ।<br>३.४ ५० प्रतिशतभन्दा बढी गरिबी भएका २९ वटा स्थानीय तहमा सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा गरिबी न्यूनीकरण लक्षित विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>३.५ भूमिहीन परिवारलाई व्यावसायिक कृषि प्रबर्द्धन गर्न भूमिबैंकमार्फत करारमा जमिन उपलब्ध दिने व्यवस्था मिलाउन स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>३.६ आवासविहीन प्रदेशका विपन्न लक्षित परिवारलाई सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरी अवासको व्यवस्था गरिनेछ।<br>३.७ विशेष कार्यक्रमबाट लाभान्वित गरिब घरपरिवारको वार्षिक रूपमा अनुगमन गरी राज्य सुविधा परिचयपत्र अद्यावधिक गरिनेछ। |
| **उद्देश्य २ : विपन्न समुदायको सामाजिक आर्थिक सशक्तीकरण र समावेशी विकास सुनिश्चित गर्नु ।** | |
| १. विपन्न वर्गका व्यक्तिलाई आर्थिक उन्नतिका अवसर प्रदान गर्ने। | १.१ रोजगारी, उत्पादनका अवसर सिर्जनामार्फत आर्थिक सशक्तीकरण गरी लैङ्गिक तथा सामाजिक विभेद न्यूनीकरण हुने वातावरण निर्माण गरिनेछ।<br>१.२ न्यून आय भएका व्यक्तिहरूलाई निःशुल्क सीप विकास तालिम प्रदान गरी सिकेको सीपको उपयोग गरी आयआर्जनमा संलग्न हुन तथा पेशालाई आधुनिकीकरण गर्न टेवा प्रदान गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ स्थानीय जनतासँग भएका सीप र क्षमताको परिचालन गरी अतिरिक्त आम्दानी प्राप्त गर्ने वातावरण निर्माण गरिनेछ।<br>१.४ बाँझो जमिनलाई भूमि बैंकमा आबद्ध गरी भूमिहीन विपन्न परिवारले उपयोग गर्न सक्ने व्यवस्थाका लागि स्थानीय तहसँग समन्वय, सहजीकरण तथा सहयोग गरिनेछ।<br>१.५ खाली रहेको वनक्षेत्रमा कृषि वनमा उपयोगका लागि कबुलियती वन, सहरी वनलगायतका व्यवस्थामार्फत भूमिहीन विपन्न परिवारले उपयोग गर्ने वातावरण सिर्जना गरिनेछ।<br>१.६ पहिचान भएका अति विपन्न तथा अपाङ्गता र असक्तताको कारणले विपन्नतामा रहेका घरपरिवारलाई खाद्यसुरक्षा, स्वास्थ्य सेवा, सामाजिक सुरक्षा भत्तालगायतको प्रत्याभूतिका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।<br>१.७ विपन्न दलित तथा सीमान्तकृत समुदायका माध्यमिक तह उत्तीर्ण युवायुवतीलाई औद्योगिक प्रशिक्षार्थी तालिम, काम गर्दै सिक्दै पढ्दै कार्यक्रम सञ्चालन गरी उच्च शिक्षा प्राप्तिका साथै दक्षता अभिवृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता विकास गरिनेछ। |
| २. शिक्षा, स्वास्थ्य, सामाजिक संरक्षण सम्बन्धी विपन्न लक्षित सेवा सुदृढ गर्ने। | २.१ विपन्न वर्गका सबै बालबालिका तथा युवाहरूलाई गुणस्तरीय शिक्षा र व्यावसायिक तालिममा पहुँच सुनिश्चित गरिनेछ।<br>२.२ विपन्न घरपरिवारलाई गुणस्तरीय स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवामा पहुँच बढाइ सक्षम मानवीय पूँजी विकासमा योगदान पुऱ्याइनेछ।<br>२.३ सामाजिक कुप्रथा, कुरीति, अन्धविश्वासका कारणले आर्थिक विकासमा परेका असरलाई न्यूनीकरण गर्न जनजागरणका अभियान सञ्चालनका लागि सामुदायिक संरचना (भलमान्सा, बडघर, गुरुवालगायत) तथा गैरसरकारी सङ्घ संस्था परिचालन गरिनेछ।<br>२.४ विपन्नताका कारण मानिएको विभेद, छुवाछुत, बञ्चितीकरणको स्वरूप, गहनता र प्रवृत्तिलाई निराकरण गर्न विशेष अभियान सञ्चालन गरिनेछ।<br>२.५ बादी, राउटेलगायतका विपन्न समुदायलाई भेदभावमुक्त एवम् मर्यादित जीवनयापनको अवसर प्रदान गरिनेछ। |

### ९.७.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. गरिबी निवारण नीति तथा कानून तर्जुमा, सुधार,
२. बहुआयामिक तथा निरपेक्ष गरिबी सूचना व्यवस्थापन प्रणाली,
३. मापदण्ड र सूचकमा आधारित राज्य सुविधा परिचयपत्र प्रदान तथा अद्यावधिक,
४. विपन्न लक्षित प्राविधिक तालिम तथा व्यावसायिक सीप विकास,
५. विपन्न लक्षित वित्तीय साक्षरता, डिजिटल साक्षरता, व्यावसायिक योजना तयारी क्षमता विकास,
६. विपन्न लक्षित टेवा तथा सहजीकरण (बिउपूँजी, आधुनिक कृषि प्रविधि, उन्नत बिउ, मल, बजार पहुँच, प्राविधिक सहयोग),
७. आर्थिक सामाजिक सशक्तीकरण अभियान,
८. विपन्न लक्षित सामाजिक सुरक्षा, संरक्षण,
९. विपन्न लक्षित सेवा पहुँच सुधार (विपन्न लक्षित निःशुल्क मातृशिशु, पोषण, सरसफाइ, घुम्ति शिविर),
१०. सामाजिक रूपमा हानिकारक प्रथा, कुरीति, अन्धविश्वासविरुद्ध सामुदायिक सचेतना अभियान (जातीय विभेद तथा सामाजिक विभेद, राउटे, वादी तथा अन्य विपन्न तथा पिछडिएका समुदायको मूलप्रवाहीकरण),
११. भलमान्सा, बडघर, गुरुवा लक्षित सचेतना अभियान,
१२ सघन गरिबी न्यूनीकरण लक्षित अन्तरसरकार समन्वय, सहकार्य,
१३ गरिबी निवारणमा संलग्न सरोकारवालाहरूबीच समन्वय, सहकार्य।

## ९.८ गैर सरकारी संस्था, नागरिक समाज तथा सामाजिक सङ्घ संस्था

### ९.८.१ पृष्ठभूमि

गैर सरकारी संस्था, सामुदायिक संस्था र नागरिक समाज शासन प्रक्रियामा सहजकर्ता, निगरानीकर्ता र पृष्ठपोषणकर्ताको भूमिका निर्वाह गर्दै सरकार र निजी क्षेत्रलाई सहयोग पुऱ्याउने महत्त्वपूर्ण अवयवहरू हुन्। यसअन्तर्गत गैरसरकारी संस्थाका रूपमा दर्ता भएका संस्था, उपभोक्ता समितिहरू, टोल विकास संस्था, आमा समुह, कृषक समुह तथा अन्य विभिन्न हित समुहहरू पर्दछन्। यी संस्थाहरूले सरकारबाट प्रवाह हुने सेवा तथा विकास कार्यक्रमका बारेमा नागरिक सचेतना र सशक्तीकरण बढाउँदै सेवा प्राप्तिमा सहजता ल्याउने, सार्वजनिक-निजी क्षेत्र तथा उपभोक्ताबीच समन्वय गर्ने, साथै विकास निर्माण र आयोजना कार्यान्वयनमा लामो समयदेखि औपचारिक तथा अनौपचारिक रूपमा सक्रिय भूमिका निर्वाह गर्दै आएका छन्। यसैगरी, सामुदायिक संस्थाहरूले शासन प्रक्रियामा निगरानी गर्ने, सक्रिय सहभागिता जनाउने र प्रदान गरिएका सेवाप्रति पृष्ठपोषण दिने कार्यसमेत गर्दै आएका छन्।

नेपालको संविधानको मौलिक हकको स्वतन्त्रताको हकअन्तर्गत कुनै पनि व्यक्तिलाई कानूनबमोजिम सङ्घ, संस्था खोल्ने स्वतन्त्रता हुने उल्लेख छ (धारा १७ (२) (घ))। राज्यका नीतिहरूअन्तर्गत विकाससम्बन्धी नीतिमा विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने नीतिलाई समेटिएको छ (धारा ५१ (च) ३)। त्यसैगरी सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति अन्तर्गत सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन र व्यस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय

आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता सङ्घ संस्थाहरूलाई संलग्न गराउने उल्लेख रहेको छ (धारा ५१ (ञ)(१४))।

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८१ अनुसार प्रदेशभित्रका गैरसरकारी सङ्घ संस्थाहरूको अभिलेख तथा समन्वयसम्बन्धी जिम्मेवारी आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहेको छ।

## ९.८.२ विद्यमान अवस्था

प्रदेशमा ठूलो सङ्ख्यामा गैरसरकारी तथा सामुदायिक सङ्घ संस्थाको उपस्थिति हुनु सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सकारात्मक पक्ष हो। यस प्रदेशमा ८८ वटा स्थानीय तहअन्तर्गत ७३४ वटा वडाहरू रहेका छन्, जसमा १३६५६ वटा टोल/बस्ती/गाउँ रहेका छन् (राष्ट्रिय जनगणना २०७८, सामुदायिक प्रतिवेदन, २०८१)। यी टोल/बस्ती/गाउँहरूमा आमा समुह, टोल विकास संस्था, उपभोक्ता समिति जस्ता सामुदायिक संस्थाहरू रहेका छन् र यिनलाई नेपालका सन्दर्भमा महत्त्वपूर्ण सामाजिक पूँजीका रूपमा पनि लिने गरिएको छ।

समाज कल्याण परिषद्को आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार देशभरिबाट २०८२ असारमसान्तसम्म परिषद्बाट आबद्धता लिएका सङ्घ संस्था सङ्ख्या ५८,३५२ रहेकोमध्ये प्रदेशका पनि उल्लेख्य सङ्ख्या रहने अनुमान गर्न सकिन्छ। गैरसरकारी संस्था महासङ्घमा आबद्ध भएका प्रदेशका गैरसरकारी संस्थाहरूको सङ्ख्या ८१४ वटा देखिन्छ। जसमध्ये ४१४ वटा कैलाली र कञ्चनपुर जिल्लामा रहेका छन्। यी गैरसरकारी संस्थाका अनुभव, विज्ञतालाई सचेतना अभियान, नागरिक निगरानी र सामुदायिक परिचालन जस्ता क्षेत्रमा व्यवस्थितरूपमा परिचालन हुने वातावरण निर्माण गर्नु अपरिहार्य छ। प्रदेशमा विपद्सम्बन्धी काम गर्ने संस्थाहरूसँग सञ्जालीकरण गरी नियमित बैठकहरू बस्ने अभ्यासको थालनी भएको छ। यसले गर्दा प्रदेश सरकार र विषयगत क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाबीच समन्वय तथा सहकार्य सबल भएको छ। त्यसैगरी विश्व खाद्य कार्यक्रमद्वारा स्थापना गरिएको मानवीय सहायता स्थल (धनगढी एयरपोर्ट स्थित आपतकालीन गोदाम) प्रदेश सरकारलाई हस्तान्तरण भई प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय मातहत सञ्चालनमा रहेको छ। यसले आपतकालीन अवस्थामा पीडित पक्षसम्म छिटो सहायता पुर्‍याउन प्रदेश सरकारलाई सहयोग पुगेको छ। साथै यसक्षेत्रमा संलग्न व्यक्तिका अनुसार विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा यस प्रदेशमा गैरसरकारी संस्थाहरूले वार्षिक करिव दुई अर्ब रुपैयाँ परिचालन गरेको अनुमान छ। यसले समुदायस्तरमा सचेतना अभिवृद्धि र आर्थिक सामाजिक सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको देखिन्छ।

## ९.८.३ मुख्य सवाल तथा चुनौती

१. **सङ्घ संस्थाहरूको परिचालन तथा नियमनः** प्रादेशिक संस्थाहरूको समन्वय, अनुगमन तथा नियमन गर्नु, प्रदेशमा रहेका गैरसरकारी सङ्घ संस्था तथा सामुदायिक संस्थाहरूको सङ्ख्या, सक्रियताको अवस्था, विषयगत विज्ञता र कार्यक्षेत्र, सदस्यता विवरण, वार्षिक बजेट कार्यान्वयन रकम, सदस्यतालगायतका न्यूनतम विवरण सहितको तथ्यपरक अभिलेख व्यवस्थापन गर्नु, प्रदेशका गैरसरकारी संस्थाको सक्रियताको अवस्था तथा विषयक्षेत्रगत, भौगोलिक क्षेत्रगत वर्गीकरणअनुसार तथ्याङ्क व्यवस्थापन

गर्नु, प्रदेशको प्राथमिकता क्षेत्र, विकास र सेवा प्रवाह आवश्यकताका क्षेत्रमा यी सङ्घ संस्थाहरूलाई एकद्वार प्रणालीमार्फत प्रभावकारी परिचालन गर्नु।

२. **नागरिक सहभागिता र निगरानीः** सुशासन र प्रभावकारी सेवा प्रवाहका लागि गैरसरकारी सङ्घ संस्था तथा सामुदायिक संस्थाहरूको समुचित परिचालन गरी शासन प्रक्रियामा नागरिकको समावेशी एवम् अर्थपूर्ण सहभागिता र प्रभावकारी निगरानीको वातावरण निर्माण गर्नु, प्रादेशिक शासन प्रक्रियामा सार्वजनिक जवाफदेहिता प्रबर्द्धन, नीति निर्माण तथा निर्णय प्रक्रियामा वकालति पैरवी, योजना छनौट प्रक्रियामा आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारणका लागि पृष्ठपोषण प्राप्त गर्ने संयन्त्रका रूपमा गैरसरकारी संस्था तथा सामुदायिक सङ्घ संस्थाको क्षमता अभिवृद्धि गरी नागरिक निगरानी र सहभागिता बढाउनु।

## ९.८.४ उद्देश्य

१. प्रदेशको सामाजिक-आर्थिक विकासमा गैरसरकारी क्षेत्रको योगदान अभिवृद्धि गर्नु।

## ९.८.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशको सामाजिक-आर्थिक विकासमा गैरसरकारी क्षेत्रको योगदानको अभिवृद्धि गर्नु ।** | |
| १. गैरसरकारी तथा सामुदायिक सङ्घ संस्थालाई परिचालन गर्ने। | १.१ गैरसरकारी तथा सामुदायिक सङ्घ संस्था नियमन तथा अनुगमनसम्बन्धी नीतिगत व्यवस्था गरिनेछ।<br>१.२ प्रदेशस्तरीय गैरसरकारी संस्थालाई प्रदेशमा सूचीकृत, दर्ता तथा नवीकरणका लागि कानूनबमोजिम पञ्जिकाधिकारीको व्यवस्था गरिनेछ।<br>१.३ सामुदायिक र गैरसरकारी संस्थाहरूसँग प्रदेश समृद्धिका लागि सहकार्य गर्ने नीति लिइनेछ।<br>१.४ गैरसरकारी संस्थाको प्रदेश विकासका प्राथमिकताका क्षेत्रमा क्षमता अभिवृद्धि गरिनेछ।<br>१.५ प्रदेशमा काम गर्ने गैरसरकारी संस्थालाई सूचीकरणका लागि सूचना प्रविधिमा आधारित प्रणालीको विकास गरिनेछ।<br>१.६ गैरसरकारी तथा सामुदायिक सङ्घ-संस्थाहरूको विशेषज्ञताका आधारमा वर्गीकरण गरी सूची तयार गरिनेछ।<br>१.७ गैसस महासङ्घको सहकार्यमा गैरसरकारी संस्थाहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।<br>१.८ गैरसरकारी संस्थाले सम्पादन गरेका कामको प्रगतिलाई आवधिक रूपमा प्रदेशको विषयगत मन्त्रालयमा प्रतिवेदन गर्ने व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.९ प्रदेशस्तरीय सामुदायिक संस्थाका सञ्जालहरूलाई कानूनबमोजिम दर्ता वा सूचीकृत गरी नियमन तथा नियमित अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। |
| २. गैरसरकारी तथा सामुदायिक सङ्घ-संस्थासँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने। | २.१ प्रदेशका गैरसरकारी संस्थाहरूको प्रोफाइल तयार गरी नियमित अद्यावधिक गरिनेछ।<br>२.२ प्रदेशका विषयगत मन्त्रालयहरूमा गैरसरकारी संस्था समन्वय सम्पर्क व्यक्तिको व्यवस्था गरी गैरसरकारी संस्थाबाट भएका विषयगत कार्यको समन्वय गर्ने व्यवस्था मिलाइनेछ।<br>२.३ गैरसरकारी संस्थाबाट कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम र प्रदेश सरकारको लगानी बीच परिपूरक तथा परिपोषक सम्बन्ध विकास गर्न वार्षिक योजना चक्रमा समन्वय तथा सहकार्य गरिनेछ।<br>२.४ प्रदेशको प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थालाई भूमिका निर्वाह गर्न समन्वय तथा सहजीकरण गरिनेछ।<br>२.५ विषयगत विज्ञताका आधारमा जनचेतना अभियान, सामाजिक सशक्तीकरणलगायतमा गैरसरकारी संस्था तथा सामुदायिक संस्थालाई परिचालन गरिनेछ।<br>२.६ गैरसरकारी संस्था तथा सामुदायिक संस्थासँग समन्वय तथा परिचालनका विषयमा प्रदेशका अन्तरमन्त्रालय तहमा र मन्त्रालय तथा मन्त्रालय मातहतका निकायबीच प्रभावकारी समन्वय एवम् अन्तरसम्बन्ध कायम गरिनेछ। |
| ३. शासन प्रक्रियामा नागरिक निगरानी प्रबर्द्धन गर्ने। | ३.१ प्रदेश सरकारबाट भएका कामप्रति नागरिकको पृष्ठपोषण प्राप्त गर्न गैरसरकारी संस्था तथा सामुदायिक संस्थालाई सार्वजनिक जवाफदेहिताका औजार उपयोग सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ।<br>३.२ प्रदेशमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, हेलो सिएम गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको अर्थपूर्ण सहभागिता हुने वातावरण निर्माणका लागि गैरसरकारी संस्था तथा सामुदायिक संस्था/सञ्जालसँग सहकार्य गरिनेछ।<br>३.३ सार्वजनिक विकास निर्माणमा नागरिक अनुगमनलाई प्रोत्साहन गरिनेछ।<br>३.४ नागरिक निगरानी, नागरिक अनुगमन, सार्वजनिक जवाफदेहिता अभिवृद्धिलगायतमा सूचना प्रविधिको उपयोगका लागि आवश्यक प्रणाली एवम् बन्दोबस्त मिलाई शासन प्रक्रियामा नागरिकको सहभागिता प्रबर्द्धन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.५ सार्वजनिक विकास निर्माण तथा सेवाप्रवाहका विषयमा नागरिकबाट प्राप्त पृष्ठपोषणलाई प्राथमिकताका साथ सम्बोधनको व्यवस्था मिलाइनेछ। |

### ९.८.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **गैरसरकारी तथा सामुदायिक सङ्घ संस्था परिचालनः** गैरसरकारी संस्था दर्ता, नवीकरण र नियमन प्रणाली विकास, सूचना प्रविधिमा आधारित गैसस व्यवस्थापन सूचना प्रणाली विकास, क्षमता अभिवृद्धि, प्रदेश विकास प्राथमिकताअनुसार गैसस परिचालन, गैसस कार्यसम्पादन प्रतिवेदन तथा अनुगमन सुदृढीकरण, सामुदायिक संस्था सञ्जाल दर्ता तथा सुदृढीकरण।

२. **समन्वय र सहकार्य अभिवृद्धिः** गैसस र नागरिक समाजको प्रोफाइलिङ तथा डेटाबेस विकास, मन्त्रालय स्तरमा गैसस सम्पर्क व्यक्ति व्यवस्था, वार्षिक योजना चक्रमा गैसस—सरकार समन्वय, प्रदेश प्राथमिकता क्षेत्रमा गैसस सहकार्य, विषयगत जनचेतना तथा सामाजिक सशक्तीकरण अभियान, अन्तरमन्त्रालय समन्वय सुदृढीकरण।

३. **शासन प्रक्रियामा नागरिक निगरानी प्रबर्द्धनः** सार्वजनिक जवाफदेहिताका औजारहरू (सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण) प्रबर्द्धन, नागरिक सहभागिता तथा गुनासो व्यवस्थापन सुदृढीकरण, नागरिक अनुगमन तथा सामाजिक परीक्षण, इ-गभर्नेन्स तथा नागरिक सहभागिता, सूचना प्रविधि प्रणाली विकास, नागरिक पृष्ठपोषण सङ्कलन तथा प्रतिक्रिया व्यवस्थापन।

४. **संस्थागत विकास र क्षमता अभिवृद्धिः** नीति, कानून तथा कार्यविधि निर्माण, गैसस र नागरिक समाजको संस्थागत क्षमता विकास, अनुगमन, मूल्याङ्कन तथा सिकाइ प्रणाली सुदृढीकरण, साझेदारी तथा स्रोत परिचालन।

## ९.९ तहगत एवम् अन्तर-निकाय समन्वय र सहकार्य

### ९.९.१ पृष्ठभूमि

विश्वमा सङ्घीयता अवलम्बनका मुख्य दुई आधार प्रचलित छन्। पहिलो, छरिएर रहेका राज्यहरू आपसमा मिलेर सङ्घ बनाउने "कमिङ टुगेदर" मोडेल हो। दोस्रो, विद्यमान शासन व्यवस्थाले सबै भौगोलिक वा सामाजिक क्षेत्रलाई न्याय गर्न नसकेको अनुभूति भएपछि अधिकारको बाँडफाँट गर्दै सँगै बस्ने "होल्डिङ टुगेदर" वा "गोइङ टुगेदर" मोडेल हो। नेपालको सङ्घीयताको संरचना यही होल्डिङ टुगेदर/गोइङ टुगेदर ढाँचामा आधारित मानिन्छ। यस मोडेलमा सङ्घीय इकाइहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने भएकाले नेपालको संविधानमै अन्तरसम्बन्धका आधारहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ।

नेपालमा सङ्घीय इकाइका बीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने नीति अवलम्बनको विषय संविधानको धारा ५१ (ख)(६) मा रहेको छ। संविधानको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा औद्योगिक करिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तरप्रदेश तथा प्रदेश र सङ्घबीच समन्वय स्थापित

गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने व्यवस्था धारा ५१ (घ) (१३) मा रहेको छ। संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने धारा २३२ मा उल्लेख छ। यस व्यवस्थालाई कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ जारी भइ तीन तहका सरकारबीचको अन्तरसम्बन्ध बारे स्पष्टता प्रदान गरेको छ।

सुदूरपश्चिम प्रदेश (कार्यविभाजन) नियमावली, २०८१ का अनुसार अन्तरप्रदेश परिषद् तथा प्रदेश समन्वय परिषद्सम्बन्धी समन्वय र अन्तरसम्बन्ध, सङ्घ सरकार र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्धसम्बन्धी विषयलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जिम्मेवारी तोकिएको छ।

## ९.९.२ विद्यमान अवस्था

सुदूरपश्चिम प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७९, सुदूरपश्चिम प्रदेश समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८१ जारी भई कार्यान्वयनमा रहेको छ। उक्त कार्यविधिमा परिषद्को बैठक प्रत्येक आर्थिक वर्षमा कम्तीमा दुई पटक बस्नेछ भन्ने उल्लेख छ।

यस प्रदेशमा प्रदेश समन्वय परिषद्का पाँचवटा बैठकहरू क्रमशः २०७५ असोज १२ मा पहिलो, २०७६ जेठ १२ मा दोस्रो, २०७७ पुस २८ मा तेस्रो, २०८० असार १९ मा चौथो र २०८१ जेठ २३ मा पाँचौं बैठक सम्पन्न भएका छन्। पहिलोदेखि चौथो बैठकसम्म प्रदेश समन्वय परिषद्को कार्यविधि स्वीकृत गर्ने, कोभिडलगायत विपद् व्यवस्थापनमा समन्वय तथा सहकार्य गर्ने, विकास निर्माण कार्यमा समन्वय तथा सहजीकरण गर्ने र स्थानीय तहहरूले आफ्नो प्रोफाइल तयार गर्ने जस्ता मुख्य निर्णय भएका थिए। त्यसैगरी चौथो बैठकमा ११ वटा प्रदेश र स्थानीय तहका सरोकारका विषयमा छलफल तथा निर्णय भएको थियो भने पाँचौं बैठकमा ४ वटा विषयमा छलफल तथा निर्णय भएको अभिलेख पाइन्छ।

सङ्घ सरकारका अर्थमन्त्रीको संयोजकत्वमा प्रदेश आर्थिक मामिला मन्त्री तथा स्थानीय तहका प्रत्येक प्रदेशबाट प्रतिनिधित्व रहेको अन्तरसरकारी वित्त परिषद्को २०८१ वैशाख १४ मा नवौं बैठक बसेको पाइन्छ। यस परिषद्ले आपसमा वित्त हस्तान्तरण र व्यवस्थापनका विषयमा समन्वय तथा परामर्शसम्बन्धी कार्य गर्ने गरेको छ।

विकास निर्माण तथा शासकीय प्रबन्धमा देखा परेका समस्यामाथि छलफल गर्न सङ्घ, प्रदेश र स्थानीय तहको प्रतिनिधित्व रहेको प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को व्यवस्था रहेको छ। यसमा प्रदेश सरकारबाट मुख्यमन्त्रीको प्रतिनिधित्व रहेको छ र हालसम्म दुईवटा बैठक बसी विभिन्न निर्णयहरू भएका छन्।

सङ्घीय इकाईहरू बीचको राजनीतिक तथा अधिकार क्षेत्रसम्बन्धी विवाद समाधानका लागि प्रधानमन्त्रीको अध्यक्षतामा सङ्घीय मन्त्रीहरू, प्रदेशका मुख्यमन्त्रीहरू रहेको अन्तर प्रदेश परिषद्को व्यवस्था रहेको छ।

यस परिषद्को तीनवटा बैठकमध्ये तेस्रो बैठक २०७६ बैशाख १३ मा बसेको थियो भने यी बैठकहरूबाट विभिन्न निर्णयहरू भएका छन्।

सङ्घ तथा प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय र प्रदेश तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माणका काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा विषयगत समितिहरू गठन भई विभिन्न विषयगत समितिहरूका बैठक सम्पन्न भएका छन्।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिवको अध्यक्षतामा सबै प्रदेशका प्रमुख सचिवहरूको सहभागितामा अन्तरसरकार समन्वयसम्बन्धी एउटा बैठकसमेत सम्पन्न भएको पाइन्छ। साथै सङ्घीय संसद र प्रदेश सभाबीच विधायिकी अन्तरसम्बन्ध, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगबीच योजनागत अन्तरसम्बन्धलगायतमा पनि बैठक तथा अन्तरक्रिया भइ साझा चासोका विषयमा विभिन्न निर्णय र घोषणाहरू हुँदै आएका छन्।

यसरी तहगत सरकारहरूबीच विभिन्न संयन्त्र गठन भई सङ्घीय शासन व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पहल भएका छन्। साथै यी पहलहरूको नियमितता, प्रभावकारिता र नतिजा सुनिश्चितता आवश्यक छ।

## ९.९.३ मुख्य सवाल तथा चुनौती

१. **समन्वयकारी संयन्त्रहरूको प्रभावकारीता:** संविधान तथा कानूनबमोजिम व्यवस्था भएका समन्वयकारी संयन्त्रहरू (प्रदेश समन्वय परिषद्, प्रदेश विषयगत समिति आदि) का बैठकहरू तोकेबमोजिम आयोजना गर्नु, समन्वयकारी संयन्त्रका बैठकले गरेका निर्णयहरूको कार्यान्वयन गर्नु, प्रदेश मन्त्रालय र स्थानीय तहबीचको विषयगत समन्वय प्रभावकारी बनाउनु, विधायिकी अन्तरसम्बन्ध प्रदेशले बनाएका कानूनमा स्थानीय तहको सहभागिता र समन्वय गर्नु, प्रदेशबाट बनेका कानून कार्यान्वयन गर्नु, योजनागत अन्तरसम्बन्ध योजना तर्जुमा र विनियोजनमा समन्वय गर्नु।

२. **तहगत तथा समतहका सरकारबीचको समन्वय र सहकार्य:** प्रदेश र स्थानीय तहबीच कार्यमा दोहोरोपना हटाउनु, प्रदेश र स्थानीय तह बीचको समन्वयमा आयोजना तथा कार्यक्रम छनौट गर्नु, तहगत तथा समतह समन्वय तथा सहकार्यमा ठूला परियोजनाका लागि लगानी व्यवस्था गर्नु, यातायात, सिँचाइ, खानेपानीजस्ता सेवामा अन्तरआबद्धता कायम गर्नु, सिकाइ तथा सूचना आदान प्रदान गर्नु।

३. **साझा अधिकारको कार्यान्वयन:** संविधान र कानूनले मार्गदर्शन गरेबमोजिम समन्वय र सहकार्य अभिवृद्धि गर्नु, कार्यविस्तृतीकरण प्रतिवेदनका आधारमा साझा अधिकारलाई कार्यान्वयन गर्नु, नीति, योजना, संरचनामा दोहोरोपनाको अन्त्य गर्नु, अन्तरतह समन्वयमा साझा अधिकारसम्बन्धी कानून निर्माण गर्नु।

## ९.९.४ उद्देश्य

१. अन्तर तह तथा अन्तर निकाय सम्बन्धलाई प्रभावकारी बनाउनु।

## ९.९.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : अन्तर तह तथा अन्तर निकाय सम्बन्धलाई प्रभावकारी बनाउनु ।** | |
| १. प्रदेश समन्वय परिषद् तथा प्रदेश विषयगत समितिको भूमिकालाई प्रभावकारी बनाउने। | १.१ प्रदेश समन्वय परिषद्को बैठक नियमित गरिनेछ।<br>१.२ राजनीतिक विवाद समाधान, विकास निर्माणमा समन्वय, राजस्व सङ्कलन र सेवा प्रवाहलाई सुदृढ गर्न प्रदेश समन्वय परिषद्लाई सकृय बनाइनेछ।<br>१.३ विषयगत समितिबाट साझा अधिकारमा भएका अस्पष्टतालाई प्रदेश र स्थानीय तहबीच बाँडफाँट गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।<br>१.४ विकास निर्माण तथा सेवा प्रवाहमा देखा पर्ने समस्या समाधानका लागि विषयगत समितिलाई सक्रिय बनाइनेछ। |
| २. तहगत तथा समतह समन्वय तथा सहकार्य प्रबर्द्धन गर्ने। | २.१ राष्ट्रिय समन्वय परिषद्, अन्तर प्रदेश परिषद्, अन्तर सरकारी वित्त परिषद् तथा सङ्घीय विषयगत समितिहरूलगायतमा प्रभावकारी भूमिका निर्वाह गरिनेछ।<br>२.२ प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यसम्बन्धी कानूनी व्यवस्थालाई कार्यान्वयन तथा आवश्यकताअनुसार परिमार्जन गरिनेछ।<br>२.३ प्रदेश र स्थानीय तह, स्थानीय तहहरूबीच र प्रदेशहरूबीच संयुक्त स्रोतको परिचालन गरी ठूला लगानी गर्ने, आयतनको अर्थालाभ प्राप्त गर्न सहकार्य तथा संयुक्त आयोजना वा कार्यक्रम बनाई कार्यान्वयनको सम्भावना पहिचान तथा कार्यान्वयन गरिनेछ।<br>२.४ प्रदेश र स्थानीय तह, स्थानीय तहहरूबीच र प्रदेशहरूबीच यातायात, सिँचाइ, खानेपानीजस्ता सेवामा अन्तरआबद्धता कायम गर्न संयुक्त व्यवस्थापन, संयुक्त वा सहलगानी, ऋण लगानीयोग्य आयोजना विकासजस्ता वैकल्पिक स्रोत परिचालनको सम्भावना खोजी गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.५ प्रदेशबाट प्रवाह हुने सेवालाई मितव्ययी बनाउन समतह वा तहगत समन्वय र सहकार्य गरिनेछ।<br>२.६ असल अभ्यासबारे अन्तरसरकार सिकाइ तथा सूचना आदान प्रदान गरिनेछ। |
| ३. तहगत सरकारका अधिकार क्षेत्रमा स्पष्टता ल्याउने। | ३.१ प्रदेश र स्थानीय तहका एकल अधिकारमा भएका र साझा अधिकार सूचीमा रहेका कार्यहरूलाई विस्तृतीकरण गरी वा नगरी विषयगत आधारमा आपसी छलफलमार्फत सहमति निर्माण गरी स्पष्टता ल्याइनेछ।<br>३.२ साझा अधिकारका कानून निर्माण गर्दा स्थानीय तहसँग परामर्श गरी अधिकार क्षेत्रमा स्पष्टता ल्याइनेछ।<br>३.३ प्रदेश कानूनबमोजिम सञ्चालन हुने स्थानीय तहका कार्यलाई प्रभावकारी बनाउन निर्मित कानूनसम्बन्धी अभिमुखीकरण गरिनेछ। |
| ४. प्रशासनिक, विधायिकी र योजनागत अन्तरसम्बन्धलाई प्रभावकारी बनाउने। | ४.१ प्रदेश निजामती सेवा ऐन, नियमावलीलाई प्रभावकारी कार्यान्वयन गरी स्थानीय जनशक्ति व्यवस्थापनमा सहजीकरण गरिनेछ।<br>४.२ प्रदेश लोक सेवा आयोगमार्फत प्रदेश र स्थानीय तहको रिक्त स्वीकृत दरबन्दीमा पदपूर्तिको कार्य नियमित रूपमा गरिनेछ ।<br>४.३ प्रदेश सभा, सभाका समितिहरू र सचिवालयमार्फत स्थानीय विधायिकी अभ्यास (विधायिकी, गैरविधायिकी कार्य) सुदृढ गर्न सहकार्य गरिनेछ।<br>४.४ स्थानीय कानून निर्माण प्रक्रिया, कानून कार्यान्वयन मापन, विधायिकी निगरानीलगायतमा अभिमुखीकरण गरिनेछ।<br>४.५ स्थानीय तहहरूको साझा विषयमा कानून निर्माणका लागि माग भएमा प्रदेश सभाबाट कानून तर्जुमा गरी लागू गरिनेछ।<br>४.६ स्थानीय आवधिक योजनालाई प्रदेशको आवधिक योजनासँग तादात्म्यता कायम गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ।<br>४.७ प्रदेश र स्थानीय तहका आयोजना बैंक प्रणालीहरूबीच अन्तरआबद्धता कायम गरिनेछ।<br>४.८ प्रदेश र स्थानीय तहका कार्यसम्पादनमा एकरूपता कायम गर्न सूचना तथा तथ्याङ्कहरूको अन्तरआबद्धता कायम गर्न आवश्यक व्यवस्था मिलाइनेछ। |

### ९.९.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. विवाद समाधान तथा समन्वयकारी संयन्त्र परिचालन,
२. कानून कार्यान्वयन मापन, परिमार्जन, अभिमुखीकरण,
३. विषयगत अधिकार बाँडफाँट,
४. अन्तरतह तथा समतह समन्वय, सहकार्य,
५. प्रदेश तथा स्थानीय तह प्रशासनिक समन्वय, सहजीकरण,
६. आयोजनागत अन्तर आबद्धता प्रबर्द्धन,
७. संयुक्त आयोजना विकास सम्भावना पहिचान, कार्यान्वयन,
८. अन्तरतह विधायिकी अन्तरसम्बन्ध प्रबर्द्धन,
९. आयोजना बैंक अन्तर आबद्धता,
१०. अन्तरतह योजना तादात्म्यता प्रबर्द्धन,
११. असल अभ्यास, अन्तर सरकार आदानप्रदान,
१२. अन्तर तह सूचना तथा तथ्याङ्क आबद्धता प्रबर्द्धन।

परिच्छेद - दश

# योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

योजना तर्जुमा तथा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन क्षेत्रले सार्वजनिक नीतिको प्रभावकारी कार्यान्वयन, स्रोत साधनको कुशल उपयोग तथा विकास परिणामको सुनिश्चिततामा महत्त्वपूर्ण भूमिका खेल्दछ। यस क्षेत्रअन्तर्गत योजना तर्जुमा र कार्यान्वयन, आयोजना व्यवस्थापन, अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनजस्ता उपशीर्षकहरूले विकास प्रक्रियालाई प्रणालीबद्ध, प्रमाणमा आधारित र परिणाममुखी बनाउने आधार तयार गर्छन्। सङ्घीय संरचनाको सन्दर्भमा तीनै तहका सरकारबीच समन्वय कायम गर्दै स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित योजना निर्माण र कार्यान्वयनलाई सुदृढ बनाउनु यस क्षेत्रको प्रमुख उद्देश्य हो।

यसै गरी, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै विकासका कार्यक्रमहरूको प्रगति, प्रभाव र परिणामको नियमित समीक्षा गर्ने व्यवस्था आवश्यक हुन्छ। अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनले नीति निर्माण तथा निर्णय प्रक्रियालाई तथ्यपरक र वैज्ञानिक बनाउन सहयोग पुऱ्याउँछ। यसरी समग्र रूपमा यो क्षेत्रले विकास व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र दिगो बनाउँदै सार्वजनिक सेवा प्रवाहमा गुणस्तर वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

## १०.१ योजना तर्जुमा र कार्यान्वयन

### १०.१.१ पृष्ठभूमि

योजना तर्जुमा र कार्यान्वयन विकास व्यवस्थापनका दुई महत्त्वपूर्ण चरणहरू हुन्। प्रभावकारी योजना तर्जुमाबिना स्पष्ट दिशा प्राप्त हुँदैन भने कमजोर कार्यान्वयनका कारण अपेक्षित परिणाम हासिल हुँदैन। त्यसैले दुवै प्रक्रिया एकअर्कासँग अन्तरसम्बन्धित भई समग्र विकासको सफलतामा महत्त्वपूर्ण भूमिका खेल्छन्। नेपालमा वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकासको सुरुवात भएको हो र हाल राष्ट्रियस्तरमा सोह्रौं आवधिक योजना कार्यान्वयनमा रहेको छ। नेपालको संविधानको अनुसूची ६ (प्रदेशको अधिकार सूची) अनुसार प्रदेश सरकारलाई योजना निर्माण र कार्यान्वयन गर्ने अधिकार दिइएको छ। यसले प्रदेशलाई आफ्नो क्षेत्रभित्र विकासका लागि आवधिक योजना तर्जुमा गर्ने संवैधानिक आधार प्रदान गरेकोछ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रदेश सरकारले प्रत्येक वर्षमा आफ्नो कार्यक्षेत्रभित्रका विषयहरूमा हुने सार्वजनिक खर्च (चालु खर्च पूँजीगत खर्च र वित्त व्यवस्थापन) को अनुमानित विवरण तयार गर्नुपर्छ। उक्त सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार पार्नुपर्दछ।

### १०.१.२ विद्यमान अवस्था

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ अनुसार प्रदेश नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकार अन्तरगत पहिलो जिम्मेवारी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने रहेको छ। यस अन्तरगत प्रदेशको समग्र समृद्धिका लागि भावी दृष्टिकोण सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनका लागि सहजीकरण गर्ने रहेको छ। यसका अतिरिक्त आयोगले आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने, प्रदेशको विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन प्रदेश योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्ने, सम्बन्धित मन्त्रालय तथा नियकासँगको समन्वयमा प्रदेश स्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरूको लेखाजोखा, पूर्व मूल्याङ्कन तथा परीक्षणसमेत गरी सहमति दिने, लाभ-लागतलगायतका विविध पक्षबारे विश्लेषणको आधारमा आयोजना बैङ्क बनाउने र स्वीकृत कार्यविधिअनुसार आयोजना तयारी तथा छनौटसम्बन्धी कार्य गर्ने, प्रदेशमा रहेका स्रोतहरूको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्ने, गराउने, अध्ययन, अनुसन्धानमा आधारित नीति निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने, प्रदेशको समष्टिगत अर्थतन्त्रअनुरूप नीति तथा योजनाको तर्जुमा गर्ने, गराउने, सङ्घ, प्रदेश तथा स्थानीय तहको सह-लगानी हुने आयोजना छनौट र पूर्वतयारी गर्न आवश्यक काम गर्ने, प्रदेशस्तरका ठूला आयोजनाहरूको छनौट गर्ने, प्रदेशमा निजी क्षेत्र र बाह्य लगानीका आयोजनाको इन्जिनियरिङ्ग, प्रोक्योरमेण्ट कन्ट्र्याक्टिङ्ग, (इपिसि), इन्जिनियरिङ्ग, प्रोक्योरमेण्ट कन्ट्र्याक्टिङ्ग एण्ड फाइनान्सिङ्ग (इपिसिएफ) र बिल्ड, वोन, अपरेट एण्ड ट्रान्सफर (बुट), प्रणालीमा आयोजना निर्माणसम्बन्धी काम गराउने, प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयनमा सहजीकरण गर्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको आधारबमोजिम नीति, निर्देशिका तथा मार्गदर्शन तयार गर्ने, तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने रहेका छन्।

### १०.१.३ मुख्य सवाल तथा चुनौती

१. **आवधिक र वार्षिक योजनाबीच तादात्म्यताः** आवधिक योजनाले निर्धारण गरेका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरूलाई वार्षिक कार्यक्रम र बजेटमार्फत पूर्ण रूपमा कार्यान्वयनमा रूपान्तरण गर्नु र दीर्घकालीन विकास दृष्टिकोण र अल्पकालीन बजेट विनियोजनबीच सन्तुलन कायम गर्नु।

२. **आवश्यकता तथा मागमा आधारित योजना तर्जुमाः** यस आवधिक योजनामा आधारित भई आवश्यकताको विश्लेषण र तथ्याङ्कमा आधारित वार्षिक योजना तर्जुमा गर्नु र तल्लो तहबाट प्राप्त माग र प्रदेशस्तरीय प्राथमिकताबीच सामन्जस्यता कायम गर्नु।

३. **स्रोत परिचालन र बजेट अनुशासनः** उपलब्ध स्रोतको यथार्थ आकलन गरी वार्षिक कार्यक्रममा समावेश गर्नु, राजस्व अनुमानलाई यथार्थपरक बनाउनु, र पूँजीगत खर्च कार्यान्वयन क्षमता वृद्धि गरी विनियोजित बजेट पूर्णरूपमा उपयोग गर्नु, प्रदेश गौरवका आयोजनाहरू, प्रदेशका महत्त्वपूर्ण अन्य आयोजनाहरू एवम् बहुवर्षीय ठेक्का व्यवस्थापन भएका आयोजनाहरूका लागि पर्याप्त बजेट विनियोजन

गर्नु, टुक्रे र न्यून प्रभाव पार्ने योजना तथा आयोजनाहरूमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नु ।

४. **परियोजना बैंकको प्रभावकारी उपयोगः** परियोजना बैंकमा समावेश योजनाहरूको पूर्वतयारी (विस्तृत परियोजना प्रतिवेदन, लागत-लाभ विश्लेषण, वातावरणीय अध्ययन) सहित प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नु, परियोजना बैंकलाई रणनीतिक उपकरणको रूपमा प्रयोग गर्नु।

५. **सार्वजनिक खरिद र कार्यान्वयन क्षमताः** वार्षिक खरिद योजना समयमै तयार गर्नु, बोलपत्र प्रक्रियालाई समयमै सम्पन्न गरी योजनाको गुणस्तर सुनिश्चित गर्नु, अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण प्रणालीलाई थप सुदृढ गर्नु।

६. **लाभ-लागत र परिणाममा आधारित छनौटः** आर्थिक, सामाजिक तथा वातावरणीय लाभ-लागत विश्लेषणका आधारमा योजना छनौट गर्ने प्रणालीलाई पूर्णरूपमा संस्थागत गर्नु, परिणाममुखी योजना व्यवस्थापन तथा सूचकमा आधारित मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गर्नु।

७. **सूचनामा आधारित योजना प्रणालीको विकासः** विश्वसनीय, अद्यावधिक तथा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवहारमा उतार्नु, डिजिटल प्रविधिको प्रयोगलाई व्यवस्थित गर्नु र तथ्याङ्क एकीकरण गरी तथ्यमा आधारित निर्णय प्रक्रियालाई बलियो बनाउनु।

८. **निजी क्षेत्रको लगानी अभिवृद्धिः** पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न नीतिगत स्पष्टता, स्थिरता तथा जोखिम न्यूनीकरणका उपायहरू तयार गर्नु र सार्वजनिक-निजी साझेदारी मोडेलको संस्थागत क्षमता सुदृढ गर्नु।

९. **सीमान्तकृत समुदायको समावेशी विकासः** रोजगारी तथा आयआर्जनमुखी कार्यक्रमहरू सीमान्तकृत, विपन्न तथा दुर्गम क्षेत्रका समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउनु र लक्षित वर्ग पहिचान, मापनयोग्य सूचक निर्धारण तथा दिगो जीविकोपार्जन कार्यक्रमको प्रबर्द्धन गर्नु।

## १०.१.४ उद्देश्य

१. परिणाममुखी, तादात्म्यतामूलक तथा स्रोतअनुकूल योजना प्रणाली विकास गर्नु।

२. तथ्यमा आधारित, आवश्यकता-उन्मुख तथा गुणस्तरीय कार्यान्वयन प्रणाली सुदृढ गर्नु।

३. समावेशी, साझेदारीमूलक तथा दिगो आर्थिक विकास प्रबर्द्धन गर्नु।

## १०.१.५ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : परिणाममुखी, तादात्म्यतामूलक तथा स्रोतअनुकूल योजना प्रणाली विकास गर्नु ।** | |
| १. आवधिक र वार्षिक योजनाबीच प्रभावकारी तादात्म्य कायम गर्ने। | १.१ आवधिक योजनाका लक्ष्य, सूचक तथा परिमाण ढाँचालाई वार्षिक कार्यक्रम तथा बजेटसँग अनिवार्य रूपमा आबद्ध गर्ने व्यवस्था गरिनेछ।<br>१.२ मध्यमकालीन खर्च संरचनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.३ मन्त्रालयगत वार्षिक योजना स्वीकृत गर्दा आवधिक योजनासँगको तादात्म्यता परीक्षण गर्ने मापदण्ड लागू गरिनेछ।<br>१.४ टुक्रे/साना आयोजनाहरूलाई निरुत्साहित गरी परिणाममुखी ठूला आयोजनाहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>१.५ अधुरा आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गरिनेछ। |
| २. स्रोत यथार्थता र बजेट अनुशासन सुदृढ गर्ने। | २.१ यथार्थपरक राजस्व प्रक्षेपण प्रणाली विकास गरिनेछ।<br>२.२ स्रोत सुनिश्चितताबिना योजना समावेश नगर्ने नीति अवलम्बन गरिनेछ।<br>२.३ पूँजीगत खर्च कार्यान्वयन क्षमता अभिवृद्धिका लागि पूर्वतयारी, समयमै ठेक्का र त्रैमासिक समीक्षा प्रणालीलाई संस्थागत गरिनेछ।<br>२.४ सङ्घीय अनुदानमा निर्भरता न्यूनीकरण गर्दै आन्तरिक राजस्व विस्तार कार्यक्रम सञ्चालन गरिनेछ। |
| ३. लाभ-लागत तथा परिणाममा आधारित योजना छनौट प्रणाली संस्थागत गर्ने। | ३.१ सबै ठूला योजनाका लागि अनिवार्य लाभ-लागत विश्लेषण गर्ने परिपाटीलाई संस्थागत गरिनेछ।<br>३.२ आर्थिक, सामाजिक तथा वातावरणीय असर, प्रभाव मूल्याङ्कनलाई योजना छनौटको मुख्य आधार बनाइनेछ।<br>३.३ परिणाम सूचकसहित कार्यक्रम स्वीकृति प्रक्रिया विकास गरिनेछ। |
| **उद्देश्य २ : तथ्यमा आधारित, आवश्यकता-उन्मुख तथा गुणस्तरीय कार्यान्वयन प्रणाली सुदृढ गर्नु ।** | |
| १. वैज्ञानिक आवश्यकता विश्लेषणमा आधारित योजना तर्जुमा गर्ने। | १.१ स्थानीय तहसँग समन्वय गरी तथ्यमा आधारित माग सङ्कलन प्रणाली विकास गरिनेछ।<br>१.२ सामाजिक तथा क्षेत्रगत प्राथमिकता निर्धारणका लागि स्पष्ट मापदण्ड लागू गरिनेछ।<br>१.३ योजना तर्जुमा र कार्यान्वयनमा सिमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्ने संरचना विकास गरिनेछ।<br>१.४ तराई, पहाड र हिमाली जिल्लाका लागि फरक फरक रणनीति अवलम्बन गरिनेछ। |
| २. परियोजना बैंकलाई रणनीतिक उपकरणको रूपमा विकास गर्ने। | २.१ परियोजना बैंकमा समावेश योजनाका लागि विस्तृत परियोजना प्रतिवेदन, लागत-लाभ विश्लेषण तथा वातावरणीय अध्ययन अनिवार्य गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ परियोजना बैंक सञ्चालनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।<br>२.३ प्राथमिकता निर्धारणका लागि अङ्क-आधारित मूल्याङ्कन प्रणाली लागू गरिनेछ।<br>२.४ परियोजना तयारी कोष स्थापना गरिनेछ। |
| ३. सार्वजनिक खरिद तथा गुणस्तर नियन्त्रण प्रणाली सुदृढ गर्ने। | ३.१ वार्षिक खरिद योजना आर्थिक वर्ष सुरु हुनु अघि नै स्वीकृत गर्ने व्यवस्था गरिनेछ।<br>३.२ ई-प्रोक्योरमेन्ट प्रणालीको प्रभावकारी प्रयोगमा जोड दिइनेछ।<br>३.३ नियमित प्राविधिक सुपरिवेक्षण तथा तेस्रो पक्ष अनुगमन व्यवस्था लागू गरिनेछ।<br>३.४ वर्षान्त खर्च प्रवृत्ति न्यूनीकरणका लागि त्रैमासिक खर्च लक्ष्य निर्धारणमा जोड दिइनेछ। |
| ४. सूचनामा आधारित निर्णय प्रणाली विकास गर्ने। | ४.१ एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।<br>४.२ डिजिटल डाटा बैंक स्थापना गरी मन्त्रालयहरूबीच डाटा साझेदारी सुनिश्चित गरिनेछ।<br>४.३ अनुगमन तथा मूल्याङ्कनलाई डिजिटल प्लेटफर्ममार्फत सञ्चालन गरिनेछ।<br>४.४ प्रदेश नीति तथा योजना आयोगको क्षमता अभिवृद्धि गरी योजना प्रणालीलाई प्रभावकारी बनाइनेछ। |
| **उद्देश्य ३ : समावेशी, साझेदारीमूलक तथा दिगो आर्थिक विकास प्रवर्द्धन गर्नु ।** | |
| १. निजी क्षेत्र र विकास साझेदार निकायको लगानी अभिवृद्धि गर्ने। | १.१ सार्वजनिक-निजी साझेदारी नीति र कार्यविधि कार्यान्वयन गरिनेछ।<br>१.२ लगानी जोखिम न्यूनीकरणका लागि ग्यारेन्टी तथा सहुलियत संयन्त्र विकास गरिनेछ।<br>१.३ पूर्वाधार तथा उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानीमैत्री वातावरण सिर्जना गरिनेछ।<br>१.४ प्रदेशमा क्रियाशील सबै विकास साझेदार, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाबीच आवश्यक समन्वय गरी लगानी वृद्धिलाई जोड दिइनेछ।<br>१.५ प्रदेशमा क्रियाशील सबै विकास साझेदार, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाको लगानीलाई दोहोरो नपर्ने गरी बिषय क्षेत्रगत लगानीको प्रक्षेपण र कुल खर्चको विवरण वार्षिक रूपमा तयार गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.६ विकास साझेदार, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूलाई सम्बन्धित मन्त्रालयको प्रगति समीक्षा बैठकमा कार्यक्रम आयोजनाहरूको भौतिक र वित्तीय प्रगति प्रस्तुत गर्न लगाउने र समीक्षा गर्ने परिपाटीको विकास गरिनेछ। |
| २. अन्तर-सरकारी तथा अन्तर-संस्थागत समन्वय सुदृढ गर्ने। | २.१ प्रदेश-स्थानीय तहबीच संयुक्त योजना तर्जुमा संयन्त्र स्थापना गरिनेछ।<br>२.२ नीति तथा योजना आयोग, मन्त्रालयहरू र कार्यान्वयन निकायहरूबीच नियमित समन्वय बैठक प्रणाली लागू गरिनेछ।<br>२.३ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनलाई सार्वजनिक गर्दै पारदर्शिता अभिवृद्धि गरिनेछ। |

### १०.१.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. आवधिक योजनाका परिमाणात्मक लक्ष्यहरूलाई वार्षिक बजेट तथा कार्यक्रममा आबद्ध गर्ने प्रणालीको विकास,
२. मध्यमकालीन खर्च संरचना कार्यान्वयन सुदृढीकरण,
३. मन्त्रालयगत योजना स्वीकृतिपूर्व तादात्म्य परीक्षण,
४. राजस्व प्रक्षेपण मोडेलको विकास,
५. विकास साझेदार, गैरसरकारी संस्था तथा सामुदायिक संस्थाहरूको सञ्जालीकरण र समन्वय,
६. नियमित त्रैमासिक बजेट समीक्षाको परिपाटीको विकास तथा पूँजीगत खर्च अनुगमन संयन्त्र,
७. ठूला आयोजनामा अनिवार्य लागत-लाभ विश्लेषण,
८. आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन,
९. परिमाणात्मक लक्ष्यका सूचकमा आधारित कार्यक्रम स्वीकृति ढाँचा,
१०. स्थानीय तहसँगको समन्वयमा तथ्यमा आधारित माग सङ्कलन प्रणाली,
११. प्राथमिकता निर्धारणका लागि अङ्कमा-आधारित मापदण्ड विकास,
१२. सिमान्तकृत समुदाय सहभागिता सुनिश्चित गर्ने संयन्त्र,
१३. योजना तर्जुमा र कार्यान्वयनमा सबै सरोकारवालाहरूसँग समन्वय र सहकार्य विस्तार।

## १०.२ आयोजना व्यवस्थापन

### १०.२.१ पृष्ठभूमि

आयोजना व्यवस्थापन निश्चित उद्देश्य, समयसीमा र स्रोत (मानव, आर्थिक, प्राविधिक) को उपयोग गरी कुनै आयोजनालाई प्रभावकारी रूपमा योजना बनाउने, सञ्चालन गर्ने र पूरा गर्ने समग्र प्रक्रिया हो। अर्को अर्थमा, कुनै कामलाई सुरुदेखि अन्त्यसम्म व्यवस्थित ढङ्गले सम्पन्न गर्ने तरिकालाई आयोजना व्यवस्थापन भनिन्छ। सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना कार्यान्वयनको सन्दर्भमा आयोजना व्यवस्थापन भन्नाले प्रदेशले तय गरेका विकास लक्ष्य, प्राथमिकता र कार्यक्रमहरूलाई प्रभावकारी, समयमै र परिणाममुखी रूपमा कार्यान्वयन गर्ने समग्र व्यवस्थापन प्रक्रिया हो।

आयोजनाहरूको उचित पहिचान, छनोट, तयारी र कार्यान्वयनबिना कुनै पनि विकास योजना 'कोरा कल्पना' वा 'इच्छा-सूची' मा मात्रै सीमित रहन्छ। अहिलेको मुख्य समस्या के छ भने, एकातिर ठोस सोच र योजना भएका आयोजनाहरूको खडेरी छ भने अर्कोतिर पर्याप्त अध्ययन नै नगरी हचुवाका भरमा योजनामा समावेश गरिएका आयोजनाहरूको थुप्रो छ। यस्तो प्रवृत्तिले गर्दा सरकारी लगानी बालुवामा पानी हाले सरह भई छरपस्ट र अनुत्पादक बन्न पुगेको छ भने आयोजनाहरूको नतिजा पनि एकदमै फितलो देखिएको छ। यसैको नतिजास्वरूप काममा अनावश्यक ढिलासुस्ती हुने, लागत बढ्दै जाने र विकासको गति सुस्त हुनेजस्ता समस्याहरू निम्तिएका छन्। त्यसैले, आयोजनालाई सही ढङ्गले छान्न र सफल पार्नका लागि 'आयोजना चक्र' को प्रभावकारी व्यवस्थापन अनिवार्य छ। सार्वजनिक लगानीलाई अर्थपूर्ण बनाउन अब आयोजना व्यवस्थापन नीति मै आमूल परिवर्तन ल्याउनु जरुरी भइसकेको छ।

आयोजना व्यवस्थापनमा देखिएका यी यस्ता समस्याहरूको समाधान गर्न आयोजना बैङ्कको अवधारणा आएको छ। यसको मुख्य उद्देश्य योजनाबद्ध विकास सुनिश्चित गर्नु, स्रोतको सदुपयोग गर्नु, दोहोरोपन हटाउनु र राजनीतिक वा आकस्मिक दबाबका आधारमा होइन, मापदण्ड र प्राथमिकताका आधारमा आयोजना छनोट गर्नु हो। आयोजना बैंकमा समावेश हुन आयोजना प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य र तयारी अवस्थामा हुनुपर्छ। आवधिक योजना र वार्षिक बजेटबीच तालमेल कायम गर्न आयोजना बैंक आधारका रूपमा प्रयोग गरिन्छ, जसले नतिजामुखी योजना कार्यान्वयन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ।

## १०.२.२ विद्यमान अवस्था

आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई वैज्ञानिक, वस्तुगत र व्यवस्थित बनाउन तोकिएको मापदण्डअनुसार सबै आवश्यक पूर्वतयारी पूरा भई कार्यान्वयनयोग्य अवस्थामा रहेका आयोजनाहरूको प्राथमिकताक्रमसहित सूची तयार गरी सोही आधारमा वार्षिक बजेट विनियोजन गर्ने उद्देश्यले आयोजना बैंक सूचना प्रणाली (विद्युतीय प्रणाली) प्रयोगमा ल्याइएको छ।

प्रादेशिक आयोजना बैंक (Provincial Project Bank Management Information System–PPBMIS) र राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System–PPBMIS) बीच अन्तरआबद्धता सुनिश्चित गर्न कानूनी व्यवस्था गरिएको छ, जसले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वित योजना व्यवस्थापनलाई सुदृढ बनाउँछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार नेपाल सरकारले आयोजना वर्गीकरण गर्दा प्रदेश र स्थानीय तहका आयोजना बैंकसँग सामञ्जस्य कायम हुने गरी आवश्यक परेमा प्रदेश समन्वय परिषद्को राय-सुझाव लिन सक्ने प्रावधान रहेको छ।

राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ ले आयोजना पहिचान, विकास तथा आयोजना बैंकमा प्रविष्टिका लागि पूर्व-सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन तथा विस्तृत अध्ययन अनिवार्य गरेको छ। साथै आयोजनाको आर्थिक, सामाजिक तथा वित्तीय विश्लेषण, वातावरणीय अध्ययन, र जग्गा प्राप्ति आवश्यक पर्ने अवस्थामा सम्बन्धित विवरणसहितको कार्ययोजना तयार गरेर मात्र आयोजना

बैंकमा प्रविष्टि गर्नुपर्ने व्यवस्था गरेको छ। यसका अतिरिक्त, मन्त्रालय वा निकायले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा आयोजना बैंकमा प्रविष्ट भएका आयोजनाहरूलाई प्रथम वा द्वितीय प्राथमिकतामा वर्गीकरण गरी मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने स्पष्ट व्यवस्था मापदण्डले गरेको छ।

आयोजना बैंक भनेको सम्भाव्यता अध्ययन भएका, प्राथमिकता निर्धारण गरिएका र कार्यान्वयनका लागि तयार गरिएका आयोजनाहरूको व्यवस्थित सूची/भण्डार हो। यसले कुन आयोजना कहिले र कसरी कार्यान्वयन गर्ने भन्ने आधार तयार गर्छ। यसरी आयोजना बैंक प्रणालीले योजनाबद्ध, प्रमाणमा आधारित तथा उत्तरदायी सार्वजनिक लगानी व्यवस्थापनलाई सुनिश्चित गर्ने आधार तयार गर्दछ। जबकि आयोजना व्यवस्थापनले योजनाअनुसार सञ्चालन गर्ने, स्रोतको सुनिश्चितता गर्ने, समय, लागत र गुणस्तरको व्यवस्थापन गर्ने र नतिजा हासिल गर्ने कार्यमा सहयोग पुऱ्याउँछ।

## १०.२.३ मुख्य सवाल तथा चुनौती

१. **स्रोत परिचालनको सुनिश्चितताः** विकास योजनाहरूलाई 'विशलिस्ट' जस्तो नबनाई ठोस आधारमा बनाउनु, अध्ययन नभएका आयोजनामा बजेट छुट्याउने परिपाटीलाई रोक्नु र बजेट अनुशासन कायम गर्नु।

२. **लागत र समयको व्यवस्थापनः** समयमै काम नसकिँदा हुने लागत वृद्धि र समय वृद्धिलाई नियन्त्रण गर्नु र उपलब्ध सीमित स्रोत-साधनलाई थोरै र रणनीतिक आयोजनामा लगाउनु, बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चितता गर्नु।

३. **नीतिगत सुधारः** परम्परागत आयोजना व्यवस्थापन नीतिलाई परिवर्तन गरी आधुनिक र परिणाममुखी 'सार्वजनिक लगानी व्यवस्थापन' प्रणाली लागू गर्नु र पर्याप्त अध्ययन र तयारी सकिएका आयोजनाहरू तयार गर्नु।

४. **आयोजना चक्रको पालनाः** आयोजनाको पहिचानदेखि कार्यान्वयन र मूल्याङ्कनसम्मका प्रत्येक चरणलाई प्राविधिक र वैज्ञानिक रूपमा पालना गराउनु।

५. **अन्तर-निकाय समन्वयः** आयोजना कार्यान्वयनका क्रममा जग्गा प्राप्ति, वन क्षेत्रको स्वीकृति र ठेक्का व्यवस्थापनमा देखिने अवरोधहरूलाई हटाउनु।

## १०.२.४ उद्देश्य

१. आयोजना व्यवस्थापन प्रणालीलाई वैज्ञानिक, पारदर्शी, तथ्याङ्कमा आधारित र विश्वसनीय बनाउँदै गुणस्तरीय तथा कार्यान्वयनयोग्य आयोजनाहरूको व्यवस्थित व्यवस्थापन सुनिश्चित गर्नु।

२. आयोजना चक्रको प्रभावकारी व्यवस्थापनमार्फत सार्वजनिक लगानीको गुणस्तर, समयबद्धता र नतिजा अभिवृद्धि गर्नु।

## १०.२.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आयोजना व्यवस्थापन प्रणालीलाई वैज्ञानिक, पारदर्शी, तथ्याङ्कमा आधारित र विश्वसनीय बनाउँदै गुणस्तरीय तथा कार्यान्वयनयोग्य आयोजनाहरूको व्यवस्थित व्यवस्थापन सुनिश्चित गर्नु ।** | |
| १. आयोजना छनोट, तयारी र प्रविष्टि प्रक्रियालाई मापदण्डमा आधारित बनाउने। | १.१ आयोजना बैंकमा प्रविष्टिका लागि पूर्व-सम्भाव्यता, सम्भाव्यता तथा विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय परीक्षण अनिवार्य गर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ।<br>१.२ आर्थिक, सामाजिक, वातावरणीय तथा वित्तीय विश्लेषणका स्पष्ट मापदण्ड तयार गरी सबै मन्त्रालयमा एकरूपता कायम गरिनेछ।<br>१.३ आयोजना प्रविष्टि पूर्वतयारी अवस्थाको सूचकाङ्क विकास गरी सोका आधारमा मात्र प्राथमिकता निर्धारण गरिनेछ। |
| २. आयोजना बैंक सूचना प्रणालीलाई प्रविधिमैत्री, अद्यावधिक र अन्तरआबद्ध बनाउने। | २.१ प्रादेशिक आयोजना बैंकलाई राष्ट्रिय आयोजना बैंकसँग पूर्ण अन्तरआबद्ध गर्दै डेटा अद्यावधिक गर्ने नियमित संयन्त्र विकास गरिनेछ।<br>२.२ मन्त्रालय तथा मातहत निकायका कर्मचारीहरूलाई आयोजना बैंक प्रणाली सञ्चालनसम्बन्धी नियमित तालिम प्रदान गरिनेछ।<br>२.३ आयोजना बैंकमा प्रविष्ट आयोजना, प्रगति विवरण तथा वित्तीय स्थिति सार्वजनिक ड्यासबोर्डमार्फत पारदर्शी रूपमा प्रकाशन गरिनेछ। |
| **उद्देश्य २ : आयोजना चक्रको प्रभावकारी व्यवस्थापनमार्फत सार्वजनिक लगानीको गुणस्तर, समयबद्धता र नतिजा अभिवृद्धि गर्नु ।** | |
| १. आयोजना तयारी, कार्यान्वयन तथा अनुगमन प्रणालीलाई सुदृढ बनाउने। | १.१ आयोजना कार्यान्वयन अघि जग्गा प्राप्ति, वातावरणीय स्वीकृति तथा विस्तृत डिजाइन सुनिश्चित नगरी बजेट विनियोजन नगर्ने नीति अवलम्बन गरिनेछ।<br>१.२ आयोजना कार्यान्वयनको समय, लागत र गुणस्तर मापनका लागि 'परियोजना कार्यसम्पादन सूचक' विकास गरिनेछ।<br>१.३ त्रैमासिक प्रगति समीक्षा र अनुगमन प्रणालीलाई आयोजना बैंकसँग आबद्ध गर्दै डिजिटल ट्र्याकिङ प्रणाली लागू गरिनेछ। |
| २. प्राथमिकतामा आधारित बजेट विनियोजन र मध्यमकालीन खर्च संरचनासँग आयोजना बैंकको समन्वय सुदृढ गर्ने। | २.१ आयोजना बैंकमा प्रथम र द्वितीय प्राथमिकतामा वर्गीकृत आयोजनाहरूलाई मात्र मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ।<br>२.२ प्रदेशको आवधिक योजना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमालाई आयोजना बैंकसँग अनिवार्य रूपमा आबद्ध गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ अपूर्ण तथा अल्पप्रभावकारी आयोजनाहरूको पुनरावलोकन गरी आवश्यकताअनुसार समायोजन, एकीकरण वा खारेजी गरिनेछ। |

### १०.२.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. **आयोजना बैंक सुदृढीकरण तथा संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमः** प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली स्तरोन्नति तथा एकीकरण, आयोजना तयारी तथा मूल्याङ्कन क्षमता विकास, आयोजना गुणस्तर सुनिश्चितता तथा अनुगमन सुदृढीकरण।

२. **प्रमाणमा आधारित आयोजना छनोट तथा प्राथमिकता निर्धारण कार्यक्रमः** आयोजना छनोट तथा प्राथमिकता निर्धारण मापदण्ड विकास, आर्थिक, सामाजिक तथा वातावरणीय विश्लेषण सुदृढीकरण, मध्यमकालीन खर्च संरचनासँग आयोजना बैंक एकीकरण।

३. **नियमित समीक्षा कार्यक्रमः** त्रैमासिक, अर्धवार्षिक र वार्षिक समीक्षा कार्यक्रम।

४. **समन्वयात्मक कार्यक्रमः** विकास साझेदार निकाय, निजी क्षेत्र, गैरसरकारी सङ्घ संस्थाहरू र नागरिक समाजसँग नियमित समन्वय र सहकार्य कार्यक्रम।

## १०.३ अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन

### १०.३.१ पृष्ठभूमि

प्रदेश नीति तथा योजना आयोगको जिम्मेवारीअन्तर्गत अध्ययन, अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापन क्षेत्र प्रदेशको नीतिगत निर्णय प्रक्रिया तथा आवधिक योजना तर्जुमाको आधारभूत स्तम्भका रूपमा स्थापित छ, किनकि दीर्घकालीन सोच, लक्ष्य र रणनीति केवल अभिलाषामा होइन, यथार्थ प्रमाण, तथ्याङ्क र विश्लेषणमा आधारित हुनुपर्दछ। सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजना तर्जुमा प्रक्रियामा प्रदेशको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वातावरणीय तथा संस्थागत अवस्थाको वस्तुगत विश्लेषण, प्रवृत्ति अध्ययन तथा क्षेत्रगत अनुसन्धानलाई आधार बनाइएको छ। प्रमाणमा आधारित नीति निर्माण तथा नतिजामुखी योजना कार्यान्वयन सुनिश्चित गर्न विश्वसनीय, अद्यावधिक, तुलनायोग्य र विश्लेषणयोग्य तथ्याङ्क प्रणाली विकास, सूचक निर्धारण, लक्ष्य प्रक्षेपण तथा स्रोत आवश्यकताको आकलन गरिएको छ, ताकि योजना यथार्थपरक, कार्यान्वयनयोग्य र परिणाममुखी बनोस्। साथै, तथ्याङ्क सङ्कलन, व्यवस्थापन, विश्लेषण तथा प्रकाशन प्रक्रियालाई सुदृढ गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वित सूचना आदान-प्रदान तथा सूचना प्रविधिमा आधारित एकीकृत व्यवस्थापन प्रणालीमार्फत अनुगमन तथा मूल्याङ्कनलाई प्रमाणमा आधारित, पारदर्शी र प्रभावकारी बनाउने पृष्ठभूमिमा यो योजना तयार गरिएको हो।

### १०.३.२ विद्यमान अवस्था

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्य आयोगको प्रमुख जिम्मेवारीका रूपमा निर्दिष्ट गरिएको छ। यसअन्तर्गत आयोगले प्रादेशिक नीतिको सान्दर्भिकता तथा विकास योजना-कार्यक्रमका विविध आयामबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्वतन्त्र विज्ञ, निकाय वा संस्थामार्फत अध्ययन-अनुसन्धान गराउने तथा सोसम्बन्धी संस्थागत प्रणाली विकास गर्ने कार्य गर्दछ। सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रबीच साझेदारी अभिवृद्धि गर्दै

नीति तथा योजनाको विकास र कार्यान्वयनसम्बन्धी अनुसन्धानमा प्राज्ञिक प्रोत्साहन र सहजीकरण प्रदान गर्नु पनि आयोगको दायित्व हो। साथै, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा विकास, प्राकृतिक स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापनलगायत क्षेत्रहरूको उत्पादन संरचना, व्यावसायिक ढाँचा र प्रविधिगत रूपान्तरणका लागि तथ्यपरक नीति सुझाव तथा प्रस्ताव सिफारिस गर्ने जिम्मेवारी आयोगमा निहित छ। विश्वविद्यालय तथा अन्य प्राज्ञिक संस्थासँग समन्वय गरी नीति अनुसन्धानमा सहकार्य विस्तार गर्ने तथा क्षेत्रगत एवम् विषयगत स्वयंसेवकको छनौट, व्यवस्थापन र तालिमसम्बन्धी कार्यहरूसमेत आयोगले सम्पन्न गर्ने व्यवस्था रहेको छ।

प्रदेश नीति तथा योजना आयोग अन्तरगत तथ्याङ्क अध्ययन अनुसन्धान तथा अनुगमन मूल्याङ्कन शाखा रहेको छ। यस शाखामा तथ्याङ्क अधिकृत सातौं/आठौं तहको शाखा प्रमुख रहने व्यवस्था रहेको छ। उक्त शाखामा शाखा प्रमुखका अतिरिक्त सहायक पाँचौं/अधिकृत छैटौं तह एक र कम्प्युटर सहायक पाँचौं/अधिकृत छैटौं तहको एक जनाको दरबन्दी रहेको छ।

आयोगले वार्षिक रूपमा प्रगति प्रतिवेदनहरू प्रकाशन गर्दै आएको छ। प्रदेशको वस्तुस्थिति विवरण (प्रोफाइल),२०८० र सुदूरपश्चिम प्रदेश तथ्याङ्कीय झलक, २०८१ प्रकाशन भएको छ। प्रदेशको आयोजना बैंकसम्बन्धी दिग्दर्शन अनुमोदन भई स्वीकृत भएको छ। यसैगरी दिगो विकास लक्ष्यसम्बन्धी बजेट साङ्केतीकरण स्रोत पुस्तिका प्रकाशन भएको छ।

## १०.३.३ मुख्य सवाल तथा चुनौती

१. **संस्थागत तथा संरचनागत व्यवस्थापनः** तथ्याङ्क तथा अनुसन्धान शाखामा जनशक्ति तथा प्राविधिक क्षमता अभिवृद्धि गर्नु, उच्चस्तरीय डेटा विश्लेषण, इकोनोमेट्रिक्स, प्रक्षेपण र नीति मोडलिङ क्षमता बढाउनु र विषयगत विशेषज्ञहरूको परिपूर्ति गर्नु। आवश्यक दक्ष जनशक्तिसहित स्रोत साधन सम्पन्न बनाउनु, उपलब्ध स्रोत साधनको उचित परिचालन गर्नु।

२. **संस्थागत स्थायित्व तथा निरन्तरताः** अध्ययन तथा अनुसन्धान कार्यलाई संस्थागत गर्नु, दीर्घकालीन अनुसन्धान एजेन्डा तय गर्नु, नियमित रूपमा तथ्याङ्क अद्यावधिक र प्रकाशन गर्नु।

३. **तथ्याङ्क प्रणाली सुदृढीकरणः** विश्वसनीय, अद्यावधिक र तुलनायोग्य तथ्याङ्क तयार गर्नु, स्थानीय तहबाट प्राप्त तथ्याङ्कहरूको गुणस्तर सुनिश्चित गर्नु, तथ्याङ्कहरूलाई समयमै अद्यावधिक गर्नु, सूचना प्रविधिको उपयोग बढाउनु।

४. **एकीकृत सूचना प्रणालीको व्यवस्थापनः** सङ्घ-प्रदेश-स्थानीय तहबीच तथ्याङ्क आदान-प्रदान प्रणाली पूर्ण रूपमा एकीकृत गराउनु र डिजिटल प्लेटफर्मको उपयुक्त उपयोग गर्नु।

५. **सूचक निर्धारण तथा लक्ष्य प्रक्षेपणको प्राविधिक पक्षः** दिगो विकास लक्ष्य, आवधिक योजना र क्षेत्रगत रणनीतिहरूको सूचकहरूबीच सामञ्जस्यता कायम गर्नु र तथ्यमा आधारित यथार्थपरक लक्ष्य निर्धारण गर्नु।

६. **अनुसन्धानमा साझेदारी र सहकार्यः** विश्वविद्यालय तथा प्राज्ञिक संस्थासँग पर्याप्त मात्रामा सहकार्य गर्नु, अध्ययन अनुसन्धानमा निजी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारी बढाउनु।

७. **पारदर्शिता र खुला तथ्याङ्क अभ्यासः** सार्वजनिक डेटा पोर्टलको उपयुक्त उपयोग गर्नु र नागरिकमैत्री तथ्याङ्क प्रकाशन र वितरण गर्नु।

### १०.३.४ उद्देश्य

१. प्रमाणमा आधारित नीति निर्माण र योजना तर्जुमाका लागि विश्वसनीय र अद्यावधिक तथ्याङ्कको व्यवस्था गर्नु।

२. विकासका प्राथमिकता क्षेत्रहरूमा गुणस्तरीय अध्ययन तथा नीति अनुसन्धान प्रबर्द्धन गर्नु।

३. तथ्याङ्क र अनुसन्धान प्रणालीमार्फत नीतिगत सुधार, नवप्रवर्तन र दिगो विकासलाई सहयोग पुऱ्याउनु।

### १०.३.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः प्रमाणमा आधारित नीति निर्माण र योजना तर्जुमाका लागि विश्वसनीय र अद्यावधिक तथ्याङ्कको व्यवस्था गर्नु।** | |
| १. प्रदेशस्तरीय अध्ययन अनुसन्धान, तथ्याङ्क सङ्कलन, व्यवस्थापनलाई संस्थागत गर्ने । | १.१ प्रदेशको विकासका लागि सुचनामा आधारित योजना तर्जुमा गर्न अध्ययन तथा अनुसन्धान क्षेत्रमा निश्चित बजेट विनियोजना गरिनेछ।<br>१.२ प्रदेशस्तरीय आर्थिक, सामाजिक, जनसाङ्ख्यिकीयलगायतका एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली (Provincial Data Management System) विकास गर्न डेटा-इन्टेलिजेन्स केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.३ मन्त्रालय तथा मातहत निकायहरूमा तथ्याङ्क फोकल पर्सनको व्यवस्था गरिनेछ।<br>१.४ तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र प्रतिवेदन प्रणालीलाई मानकीकरण गरिनेछ।<br>१.५ क्षेत्रगत आधाररेखा सर्वेक्षण (Baseline Survey) सञ्चालन गरी डाटावेश तयार गरिनेछ।<br>१.६ प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क शाखाको क्षमता विस्तार गरिनेछ। |
| **उद्देश्य २ : विकासका प्राथमिकता क्षेत्रहरूमा गुणस्तरीय अध्ययन तथा नीति अनुसन्धान प्रबर्द्धन गर्नु।** | |
| २. स्वतन्त्र विज्ञ, विश्वविद्यालय तथा अनुसन्धान संस्थासँगको सहकार्य सुदृढ गर्ने। | २.१ विषयगत नीति अनुसन्धान कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ विश्वविद्यालय तथा प्राज्ञिक संस्थासँग समझदारी (MoU) गरी संयुक्त अनुसन्धान कार्य अगाडि बढाइनेछ।<br>२.३ प्रदेश गौरव तथा प्राथमिकता प्राप्त क्षेत्रको अध्ययन-अनुसन्धानमा विश्वविद्यालय तथा प्राज्ञिक संस्थाको पृष्ठपोषण लिनुपर्ने व्यवस्था गरिनेछ।<br>२.४ अनुसन्धान निष्कर्षका आधारमा नीतिगत सुझाव तयार गरी सम्बन्धित निकायमा कार्यान्वयनका लागि सिफारिस गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३ : तथ्याङ्क र अनुसन्धान प्रणालीमार्फत नीतिगत सुधार, नवप्रवर्तन र दिगो विकासलाई सहयोग पुऱ्याउनु ।** | |
| १. प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्दै अन्तरनिकाय समन्वय र ज्ञान आदान-प्रदान सुदृढ गर्ने। | १.१ अनुसन्धान निष्कर्षलाई नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा अनिवार्य रूपमा समावेश गर्ने परिपाटी आरम्भ गरिनेछ।<br>१.२ सङ्घ, प्रदेश र स्थानीय तहबीच तथ्याङ्क समन्वय संयन्त्र विकास गरिनेछ।<br>१.३ अध्ययन तथा अनुसन्धानसम्बन्धी प्रदेश तथा स्थानीय तहलाई लक्षित गरी क्षमता विकास तालिम सञ्चालन गरिनेछ।<br>१.४ विकास साझेदारसँग ज्ञान साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। |

### १०.३.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. एकीकृत डेटा-इन्टेलिजेन्ट केन्द्र तथा तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना,
२. आधाररेखा तथा स्थिति विश्लेषण सर्वेक्षण,
३. तथ्याङ्क मानकीकरण तथा प्रमाणीकरण,
४. वार्षिक प्रादेशिक तथ्याङ्क प्रकाशन,
५. विषयगत नीति अनुसन्धान,
६. विश्वविद्यालय-सरकार सहकार्य अनुसन्धान,
७. प्रभाव मूल्याङ्कन तथा प्रवृत्ति अध्ययन,
८. अनुसन्धान प्रतिवेदन प्रकाशन तथा ज्ञान व्यवस्थापन,
९. नीति सुधार तथा नवप्रवर्तन कार्यशाला आयोजना,
१०. अन्तर-निकाय तथ्याङ्क समन्वय बैठक,
११. अनुसन्धान तथा तथ्याङ्क क्षमता विकास तालिम,
१२. ज्ञान व्यवस्थापन तथा सूचना आदान-प्रदान प्लेटफर्म विकास।

## १०.४ अनुगमन तथा मूल्याङ्कन

### १०.४.१ पृष्ठभूमि

योजना अनुगमन तथा मूल्याङ्कन भन्नाले आवधिक योजनामा निर्धारित दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरूलाई वार्षिक योजना, बजेट तथा परियोजनामार्फत व्यवस्थित रूपमा कार्यान्वयन गर्ने, त्यसको प्रगति, स्रोत परिचालन, खर्चको पारदर्शिता, गुणस्तर र उपलब्धिको नियमित अनुगमन गर्ने तथा पूर्वनिर्धारित सूचकका आधारमा प्रभाव, परिणाम र दिगोपनाको वस्तुनिष्ठ मूल्याङ्कन गर्ने समग्र व्यवस्थापन प्रक्रिया हो। सुदूरपश्चिम प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको सन्दर्भमा पहिलो आवधिक योजनाबाट प्राप्त उपलब्धि, सिकाइ र देखिएका संरचनागत तथा व्यवस्थापकीय चुनौतीहरूलाई आधार मानी नतिजामुखी योजना व्यवस्थापन प्रणालीलाई अझ सुदृढ बनाउने उद्देश्य राखिएको छ। सङ्घीय शासन व्यवस्थाअनुरूप प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायबीच समन्वय तथा सहकार्य अभिवृद्धि गर्दै परियोजना

बैंकमा आधारित वार्षिक योजना तर्जुमा, स्पष्ट र मापनयोग्य कार्यसम्पादन सूचक (Key Performance Indicators-KPIs) निर्धारण, नियमित, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा, विषयगत र क्षेत्रगत अनुगमन संयन्त्र सुदृढीकरण, मध्यावधि तथा अन्तिम मूल्याङ्कन व्यवस्था, सार्वजनिक उत्तरदायित्व र सामाजिक परीक्षण जस्ता अभ्यासलाई संस्थागत गर्ने दिशामा योजना अभिमुख गरिएको छ। साथै, सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन प्रणाली विकास, तथ्याङ्क व्यवस्थापन सुदृढीकरण तथा प्रमाणमा आधारित नीति सुधारको अभ्यासमार्फत सुशासन, पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी विकास सुनिश्चित गर्दै प्रदेशको समावेशी, दिगो र सन्तुलित विकास लक्ष्य हासिल गर्ने गरी दोस्रो पञ्चवर्षीय योजनाको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन ढाँचा निम्नानुसार तयार गरिएको छ।

### १०.४.२ विद्यमान अवस्था

सङ्घीय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० अनुसार प्रदेश सरकारले प्रदेशस्तरमा कार्यान्वयन हुने योजना तथा प्रदेशले स्थानीय तहलाई उपलब्ध गराएको अनुदानबाट सञ्चालित कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्छ र यसका लागि जिम्मेवार निकाय वा पदाधिकारी तोक्नु पर्दछ। प्रदेश सरकारले यस ऐनको अधीनमा रही प्रदेशले बनाएको ऐनबमोजिम हुने व्यवस्था गरेको छ। प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ बमोजिम प्रदेशको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल र दीर्घकालीन प्रभावको विश्वसनीय तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली निर्माण तथा सुदृढीकरण गर्ने जिम्मेवारी आयोगमा निहित छ। यसका लागि आवश्यक मापदण्ड, सूचक र प्रक्रिया निर्धारण गरी विषयगत क्षेत्रका नीति तथा प्राथमिकताप्राप्त कार्यक्रम र आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्ने तथा गराउने व्यवस्था गरिएको छ। मूल्याङ्कनबाट प्राप्त निष्कर्ष र सिफारिसका आधारमा नीतिगत तथा कार्यान्वयन तहमा आवश्यक सुधार, परिमार्जन र पुनर्संरचना गर्न सहजीकरण गर्ने दायित्व पनि आयोगको हो। साथै, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यान्वयन गरी संस्थागत गर्ने; सरकारी तथा सार्वजनिक निकाय, स्वतन्त्र मूल्याङ्कनकर्ता, पेशागत सङ्घ-संस्था, नागरिक समाज तथा विकास साझेदारबीच समन्वय र सञ्जाल विस्तार गर्ने तथा अनुभव आदान-प्रदानमार्फत विशेषज्ञता अभिवृद्धि गर्ने कार्यहरूसमेत आयोगले गर्नुपर्ने व्यवस्था रहेको छ।

माननीय मुख्यमन्त्रीको संयोकत्वमा प्रदेश विकास समस्या समाधान समिति, प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान उपसमिति, सम्बन्धित मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, प्रमुख सचिवको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति रहेको छ। उक्त समितिलाई प्रदेशको विकास प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी तथा सहभागितामूलक बनाउने दिशामा नेतृत्वदायी भूमिका प्रदान गरिएको छ। समितिले प्रदेशस्तरीय नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको समग्र समीक्षा गर्ने, कार्यान्वयनका क्रममा देखिएका समस्या तथा अवरोधहरूको पहिचान र विश्लेषण गरी समाधानका उपाय सुझाउने तथा प्रभावकारी कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय सुदृढ गर्ने जिम्मेवारी वहन गर्दछ। साथै वित्तीय सुशासन तथा शासकीय सुधारका नवीन उपायहरूको पहिचान र कार्यान्वयनमा सहजीकरण गर्ने, आवश्यकताअनुसार कार्यक्रम तथा आयोजनाको स्थलगत अनुगमन गर्ने र

पृष्ठपोषण प्रदान गरी सुधारात्मक कदम सुनिश्चित गर्ने दायित्वसमेत यस समितिमा रहेको छ।
प्रदेश नीति तथा योजना आयोगअन्तर्गत तथ्याङ्क, अध्ययन, अनुसन्धान तथा अनुगमन-मूल्याङ्कन शाखा क्रियाशील रहेको छ। यस शाखाको नेतृत्व तथ्याङ्क अधिकृत (सातौं/आठौं तह) ले गर्ने व्यवस्था छ। शाखा प्रमुखबाहेक सहायक पाँचौं/अधिकृत छैटौं तहको एक पद तथा कम्प्युटर सहायक पाँचौं/अधिकृत छैटौं तहको एक पदको दरबन्दी रहेको छ। उक्त शाखाले प्रदेशस्तरीय तथ्याङ्क सङ्कलन, व्यवस्थापन र विश्लेषण, नीतिगत अध्ययन तथा अनुसन्धानका साथै योजना, कार्यक्रम र आयोजनाको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू सम्पादन गर्दछ।

आयोगका पदाधिकारी, प्रशासकीय नेतृत्व तथा सम्बन्धित मन्त्रालयका पदाधिकारी र कर्मचारी सम्मिलित टोलीमार्फत प्रदेशभित्र सञ्चालनमा रहेका प्रदेश गौरवसहितका महत्त्वपूर्ण आयोजना तथा कार्यक्रमहरूको समय-समयमा स्थलगत अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा सुधारात्मक सुझाव प्रदान गर्ने कार्य नियमित रूपमा हुँदै आएको छ।

### १०.४.३ मुख्य सवाल तथा चुनौती

१. **अनुगमन तथा मूल्याङ्कन प्रणालीको संस्थागत व्यवस्थापनः** प्रभाव मूल्याङ्कन गरी परियोजनाको उपलब्धि मापन गर्नु, नतिजामुखी समीक्षा गर्नु विभिन्न समितिका बैठकहरूलाई प्रक्रियामुखी भन्दा नतिजामुखी बनाउनु, एकीकृत डिजिटल अनुगमन व्यवस्थापन सूचना प्रणाली (MIS) विकास गर्नु, प्रत्येक नीति, कार्यक्रम र आयोजनाका लागि स्पष्ट, मापनयोग्य सूचक तथा आधाररेखा निर्धारण गर्नु, अनुगमन तथा मूल्याङ्कनका लागि आयोगमा पर्याप्त मात्रामा सक्षम कर्मचारीको व्यवस्था गर्नु, मूल्याङ्कन निष्कर्षका आधारमा नीतिगत तथा कार्यान्वयन तहमा सुधार गर्नु, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कानूनी आधारहरू तयार गर्नु र मन्त्रालय तथा स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन फोकल पर्सनलाई जिम्मेवार बनाउनु।

२. **सार्वजनिक उत्तरदायित्व परिपालनः** सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइजस्ता सामाजिक उत्तरदायित्वका औजारहरूको प्रयोगलाई नियमित गर्नु, नागरिक सहभागिता अभिवृद्धि गर्नु।

### १०.४.४ उद्देश्य

१. प्रदेशका नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रभावकारी, पारदर्शी र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु।

२. अनुगमन तथा मूल्याङ्कनलाई विश्वसनीय, प्रविधिमैत्री र प्रमाणमा आधारित बनाउनु।

३. नीति तथा कार्यक्रमको प्रभाव मूल्याङ्कनमार्फत नीतिगत सुधार र अन्तर-निकाय समन्वय सुदृढ गर्नु।

### १०.४.५ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : प्रदेशका नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रभावकारी, पारदर्शी र नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नु ।** | |
| १. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने। | १.१ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी प्रदेश ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।<br>१.२ प्रत्येक नीति, कार्यक्रम र आयोजनाका लागि स्पष्ट, मापनयोग्य सूचक तथा आधाररेखा निर्धारण गरिनेछ।<br>१.३ त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समीक्षा प्रणाली लागू गरिनेछ।<br>१.४ अनुगमन तथा मूल्याङ्कन ढाँचा तोकी कार्यान्वयनमा ल्याइनेछ।<br>१.५ प्रदेश गौरव तथा प्राथमिकता प्राप्त आयोजनाका लागि छुट्टै विशेष अनुगमन संयन्त्रको विकास र परिचालन गरिनेछ।<br>१.६ अनुगमन प्रतिवेदनका आधारमा अनुगमनलाई थप परिष्कृत गर्दै लगिनेछ। |
| **उद्देश्य २ : अनुगमन तथा मूल्याङ्कनलाई विश्वसनीय, प्रविधिमैत्री र प्रमाणमा आधारित बनाउनु ।** | |
| १. सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन प्रणाली विकास र तथ्याङ्क व्यवस्थापन सुदृढीकरण गर्ने। | १.१ एकीकृत डिजिटल अनुगमन व्यवस्थापन सूचना प्रणाली (MIS) विकास र सञ्चालन गरिनेछ।<br>१.२ तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, विश्लेषण र प्रतिवेदन प्रणालीलाई मानकीकरण (Standardization) गरिनेछ।<br>१.३ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३ : नीति तथा कार्यक्रमको प्रभाव मूल्याङ्कनमार्फत नीतिगत सुधार र अन्तरनिकाय समन्वय सुदृढ गर्नु।** | |
| १. स्वतन्त्र तथा तेस्रो पक्ष मूल्याङ्कनलाई प्रोत्साहन गर्दै अन्तरनिकाय सहकार्य विस्तार गर्ने। | १.१ मध्यावधि तथा अन्तिम योजना मूल्याङ्कन प्रणाली लागू गरिनेछ।<br>१.२ प्राथमिकता प्राप्त नीति तथा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गरिनेछ।<br>१.३ सरकारी निकाय, स्वतन्त्र मूल्याङ्कनकर्ता, नागरिक समाज तथा विकास साझेदारबीच सञ्जाल विकास गरिनेछ।<br>१.४ मूल्याङ्कन निष्कर्षका आधारमा नीतिगत तथा कार्यान्वयन तहमा सुधारात्मक कदम चालिनेछ। |

## १०.४.६ प्रमुख कार्यक्रम तथा आयोजना

१. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कानूनको तर्जुमा,
२. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन ढाँचा विकास,
३. त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा,
४. प्रदेश गौरव तथा प्राथमिकता प्राप्त आयोजना स्थलगत अनुगमन,
५. सुधारात्मक कार्ययोजना कार्यान्वयन,
६. कार्यसम्पादन सूचक (KPI) निर्धारण तथा आधाररेखा सर्वेक्षण,
७. एकीकृत डिजिटल अनुगमन व्यवस्थापन सूचना प्रणाली विकास तथा सञ्चालन,
८. तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र प्रतिवेदन मानकीकरण,
९. मन्त्रालयस्तरीय अनुगमन तथा मूल्याङ्कन फोकल पर्सन सुदृढीकरण,
१०. अनुगमन तथा मूल्याङ्कन क्षमता विकास तालिम,
११. दोस्रो पञ्चवर्षीय योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि डेटा पोर्टल निर्माण,
१२. मध्यावधि तथा अन्तिम योजना मूल्याङ्कन,
१३. तेस्रो पक्ष/स्वतन्त्र प्रभाव मूल्याङ्कन,
१४. अन्तरनिकाय समन्वय तथा समीक्षा बैठक सञ्चालन,
१५. मूल्याङ्कन निष्कर्ष कार्यान्वयन तथा नीतिगत सुधार,
१६. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण।

# अनुसूचीहरू

# अनुसूची १ : नतिजा खाका

## १. समष्टिगत नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | आर्थिक वृद्धि दर (आधारभूत मूल्य) | प्रतिशत | ३.२ | ६.९ | ७.० | रा.त.का. | ७.३ |
| २. | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५४७ | ०.६०७ | ०.६२७ | रा.यो.आ. | ०.६५० |
| ३. | निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्या | प्रतिशत | ३४.१६ | २९.८० | २३.१० | रा.त.का. | १२ |
| ४. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९०३ | ०.९३७ | ०.९५० | रा.यो.आ. | ०.९६७ |
| ५. | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरीकी डलर | ११८८ | ११७०* | १५१९ | रा.त.का. | २३५१ |
| ६. | सम्पत्तिमा आधारित जिनी गुणक | सूचकाङ्क | ०.३२ | ०.३० | ०.२९ | रा.यो.आ. | ०.२९ |
| ७. | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ७.०० | ८.१० | ८.९०** | सङ्घीय आर्थिक सर्वेक्षण | - |

*नेपाली रुपैयाँमा प्रतिव्यक्ति आय बढे तापनि अमेरिकी डलरको भाउ बढेको कारण आ.व. २०८५/८६ को अनुमान घटेको छ।

** वार्षिक योगदान पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको।

## २. सार्वजनिक वित्त र लगानी

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन | रु. करोडमा | ४४११४ | ५५१८५ | ६२९९१ | प्रदेश आर्थिक सर्वेक्षण | १०३०७३२ |
| २. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व परिचालन | प्रतिशत | ०.३२ | ०.३७ | ०.४१ | आर्थिक मामिला मन्त्रालय | २३.५ |

## २.१ बचत तथा लगानी

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३.९ | ९३.७ | ८८.४ | प्रदेश आर्थिक सर्वेक्षण | ९१.५ | आर्थिक मामिला मन्त्रालय | सुदूरपश्चिम प्रदेश नीति तथा योजना आयोगको प्रक्षेपण |
| २. | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल गार्हस्थ्य बचत | प्रतिशत | ६.१ | ६.३ | ११.६ | प्रदेश आर्थिक सर्वेक्षण | ८.५ | | |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेप सङ्कलनमा योगदान | प्रतिशत | २.१ | २.४३ | २.६८ | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशतले वृद्धि हुने |
| २. | बैंक तथा वित्तीय संस्थाहरुको कुल कर्जाको हिस्सा | प्रतिशत | २.८२ | ३.२६ | ३.६० | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | |
| ३. | सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान कार्यक्रममा प्रदेशको हिस्सा | प्रतिशत | ५.३९ | ६.२४ | ६.८८ | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | |

## २.२ सार्वजनिक खर्च

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनमा पूँजीगत खर्चको अनुपात | प्रतिशत | ०.२९ | ०.३४ | ०.३७ | प्रदेश आर्थिक सर्वेक्षण | ८.३७ | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशतले बढ्ने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | प्रदेशको कुल खर्चमा पूँजीगत खर्चको हिस्सा (विगत ६ आर्थिक वर्षको औसत) | प्रतिशत | ५६.८२ | ६५.८० | ७२.५० | प्रदेश आर्थिक सर्वेक्षण | २९ | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशतले बढ्ने |
| २. | वार्षिक कुल विनियोजन र खर्चको अनुपात | प्रतिशत | ७०.१९ | ८५.३२ | ८९.५८ | प्रदेश आर्थिक सर्वेक्षण | ९० | आर्थिक मामिला मन्त्रालय | |
| ३. | कूल वार्षिक खर्चमा बेरुजुको अनुपात (पेश्की सहित) | प्रतिशत | १.४१ | १.१५ | १.०९ | प्रदेश आर्थिक सर्वेक्षण | १.५ | आर्थिक मामिला मन्त्रालय | |

## २.३ राजस्व परिचालन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राजस्व स्थिति (२०८०/८१) | प्रतिशत | २.१० | २.८० | ३.४० | सङ्घीय आर्थिक सर्वेक्षण | २३.५ | आर्थिक मामिला मन्त्रालय | वार्षिक १० प्रतिशत बढ्ने |
| २. | कुल खर्चमा प्रदेश स्रोतको अनुपात | प्रतिशत | ४८.८१ | ५६.५० | ६२.३० | प्रदेश आर्थिक सर्वेक्षण | - | " " | |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | वार्षिक आन्तरिक राजस्व वृद्धिदर | प्रतिशत | ४.८० | ६.३९ | ७.७३ | प्रदेश आर्थिक सर्वेक्षण | १२.४ | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशत बढ्ने |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | राजस्व अनुमान र प्राप्ति अनुपात$ | प्रतिशत | ९२.०१ | ९३.५ | ९५.०० | महालेखा परीक्षकको प्रतिवेदन | - | आर्थिक मामिला मन्त्रालय | अनुमान यथार्थपरक हुने |
| ३. | कुल बजेट र आन्तरिक राजस्व अनुपात (रोयल्टी र राजस्व बाँडफाँट बाहेक) | प्रतिशत | ४.९३ | ६.५६ | ७.९४ | | ७१.८२ | | वार्षिक ५ प्रतिशत बढ्ने |
| ४. | वार्षिक कुल बजेट अनुमान र खर्च (खर्च प्रतिशत) | प्रतिशत | ७०.११ | ८१.१६ | ८९.४८ | | ९०.०० | | |

$ कर तथा गैरकर राजस्व, राजस्व बाँडफाँट र बेरुजूसमेतको राजस्व अनुमान र प्राप्ति

## २.४ वैदेशिक सहायता परिचालन

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| असर तह | | | | | | | | | |
| १. | वार्षिक बजेटमा वैदेशिक सहायताको अंश | प्रतिशत | ० | - | - | प्रदेश आर्थिक सर्वेक्षण | १३.७८ | आर्थिक मामिला मन्त्रालय | अनुमान नगरिएको |
| प्रतिफल तह | | | | | | | | | |
| १. | वैदेशिक सहायता परिचालन (अनुदान तथा ऋण) | रु करोड | ० | - | - | प्रदेश आर्थिक सर्वेक्षण | ४१२७८ | आर्थिक मामिला मन्त्रालय | अनुमान नगरिएको |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | वैदेशिक सहायतामा सञ्चालित परियोजना | | ० | - | - | " " | - | " " | अनुमान नगरिएको |

**नोटः** यससम्बन्धी विवरण उपलब्ध नभएका कारण दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरिएको छैन।

## २.५ सार्वजनिक ऋण

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | वार्षिक बजेटमा आन्तरिक ऋणको अंश | प्रतिशत | ० | - | - | प्रदेश आर्थिक सर्वेक्षण | १४.४० | आर्थिक मामिला मन्त्रालय | अनुमान नगरिएको |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | कूल आन्तरिक ऋण परिचालन | रु. करोड | ० | - | - | प्रदेश आर्थिक सर्वेक्षण | ४३१६३ | आर्थिक मामिला मन्त्रालय | अनुमान नगरिएको |
| २. | आन्तरिक ऋण परिचालन गरिएका आयोजना | सङ्ख्या | ० | - | - | " " | - | " " | |

**नोटः** विगतमा प्रदेश सरकारले सार्वजनिक ऋण नलिएको हुँदा दोस्रो पञ्चवर्षीय योजनामा समावेश गरिएको छैन।

## २.६ अन्तर सरकारी वित्त

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | कुल बजेटमा वित्तीय हस्तान्तरणको अनुपात (आन्तरिक आय, राजस्व, रोयल्टी बाँडफाँट र नगद मौज्दात बाहेक) | प्रतिशत | ४२.९० | ५३.४२ | ५९.०१ | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशत वृद्धि हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेशको कुल खर्चमा स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको अनुपात | प्रतिशत | १३.४० | १५.५१ | १७.१० | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशत वृद्धि हुने |
| २. | कुल प्रासिमा सङ्घको अनुदान | प्रतिशत | ४२.९० | ४०.३७ | ३८.७७ | आर्थिक मामिला मन्त्रालयको वार्षिक मूल्याङ्कन प्रतिवेदन | - | " " | वार्षिक २ प्रतिशतले घटने |
| ३. | कुल प्रासिमा प्रदेशको आन्तरिक आय | प्रतिशत | ५७.१० | ५९.६३ | ६१.१३ | | | | वार्षिक १.४ प्रतिशत वृद्धि हुने |

## २.७ सार्वजनिक-निजी-सहकारी साझेदारी

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | पाँच वर्षको कुल लगानी | रु. करोड | ० | ४०५९१ | ७२७४९ | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | नीति क्षेत्रको लगानी सुनिश्चित हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| २. | सार्वजनिक क्षेत्र वार्षिक औसत योगदान | प्रतिशत | ० | ३५.२ | ३५.२ | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | अनुमान अनुसारको सबै पक्षबाट लगानी भएको हुने। |
| ३. | निजी क्षेत्र वार्षिक औसत योगदान | प्रतिशत | ० | ६२.३ | ६२.३ | | - | | |
| ४. | सामुदायिक क्षेत्र वार्षिक औसत योगदान | प्रतिशत | ० | ०.५ | ०.५ | | - | | |
| ५. | सहकारी क्षेत्र वार्षिक औसत योगदान | प्रतिशत | ० | २.० | २.० | | - | | |

**नोटः** दोस्रो पञ्चवर्षीय योजनाको तालिका ३.८ अनुसार।

## २.८ वैदेशिक लगानी

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १ | कूल राष्ट्रिय वैदेशिक लगानीमा प्रदेशको अनुपात | प्रतिशत | ०.९०* | १.२० | १.४५ | नेपाल राष्ट्र बैंक, | - | आर्थिक मामिला मन्त्रालय | वार्षिक ५ प्रतिशत वृद्धि हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | लगानी सम्मेलनबाट प्रतिबद्धता प्राप्त वैदेशिक लगानीको परियोजना | सङ्ख्या | ० | - | - | प्रदेश आर्थिक सर्वेक्षण | - | आर्थिक मामिला मन्त्रालय | प्रदेशको लगानी सम्मेलन भई प्रतिवद्धताअनुसारको लगानी बढ्ने |
| २. | वैदेशिक लगानीमा सञ्चालित परियोजना/उद्योग | सङ्ख्या | ६२ | - | - | उद्योग विभाग | - | | |
| ३. | वैदेशिक लगानीका लागि प्रतिबद्धता प्राप्त रकम | रु. करोडमा | ० | - | - | उद्योग विभाग | - | | |

## ३. आर्थिक विकास क्षेत्र

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | प्राथमिक क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.८ | ४.० | ३.७ | प्रदेश आर्थिक सर्वेक्षण | ४.१ |
| २. | द्वितीय क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.० | ९.३ | ९.५ | | ११.३ |
| ३. | सेवा क्षेत्रको औसत वृद्धि दर | प्रतिशत | २.९ | ७.१ | ७.२ | | ७.२ |

## ३.१ कृषि तथा खाद्य सुरक्षा

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | प्रदेश अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन, खानी तथा उत्खनन् (प्राथमिक क्षेत्र) को योगदान | प्रतिशत | ३३.७ | ३१.४ | २९.९ | प्रदेश आर्थिक सर्वेक्षण | २१.४ | भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | कृषि क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिने |
| २. | प्रदेश अर्थतन्त्रमा उद्योग (द्वितीय क्षेत्र) को योगदान | प्रतिशत | १३.१ | १४.४ | १५.३ | | १५.२ | | |
| ३. | प्रदेश अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५३.१ | ५४.१ | ५४.८ | | ६३.४ | | |
| ४. | मध्यम वा उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | १३ | ८ | ५ | रा.यो.आ. | १ | | |
| ५. | मुलुकको कुल कृषि उत्पादनमा प्रदेशको योगदान | प्रतिशत | ९.७ | ११.२ | १२.४ | सङ्घीय आर्थिक सर्वेक्षण | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिफल तह | | | | | | | | |
| (क) | उत्पाकत्व | | | | | | | | कृषि क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिने |
| १. | धानबाली | मेट्रिक टन/हे. | ३.६३ | ३.८१ | ४.०० | प्रदेश आर्थिक सर्वेक्षण | ४.८४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| २. | मकै बाली | मेट्रिक टन/हे. | २.९५ | ३.१० | ३.२५ | | ४.५ | | |
| ३. | गहुँबाली | मेट्रिक टन/हे. | २.६६ | २.७९ | २.९३ | | ४.५ | | |
| ४. | आलु | मेट्रिक टन/हे. | १८.४४ | १९.३६ | २०.३३ | | २१.९५ | | |
| ५. | तेलहन | मेट्रिक टन/हे. | १.१० | १.१६ | १.२१ | | १.२७ | | |
| ६. | तरकारी | मेट्रिक टन/हे. | १४.०८ | १४.७८ | १५.५२ | | १६.६१ | | |
| ७. | फलफूल | मेट्रिक टन/हे. | १०.६७ | ११.२० | ११.७६ | | १२.०८ | | |
| ८. | उखु | मेट्रिक टन/हे. | ५९.२२ | ६२.१८ | ६५.२९ | | | | |
| ९. | भटमास | मेट्रिक टन/हे. | १.११ | १.१७ | १.२२ | | | | |
| १०. | मास | मेट्रिक टन/हे. | ०.८८ | ०.९२ | ०.९७ | | | | |
| ११. | मुसुरो | मेट्रिक टन/हे. | ०.८९ | ०.९३ | ०.९८ | | | | |
| १२. | चना | मेट्रिक टन/हे. | १.२३ | १.२९ | १.३६ | | | | |
| १३. | रहर | मेट्रिक टन/हे. | १.५३ | १.६१ | १.६९ | | | | |
| १४. | ठूलो सुकमेल | मेट्रिक टन/हे. | ०.७३ | ०.७७ | ०.८० | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १५. | अदुवा | मेट्रिक टन/ हे. | १४.४० | १५.१२ | १५.८८ | प्रदेश आर्थिक सर्वेक्षण | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कृषि क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिने अनुमान |
| १६. | लसुन | मेट्रिक टन/हे. | ९.४१ | ९.८८ | १०.३७ | | | | |
| १७. | बेसार | मेट्रिक टन/हे. | ११.४० | ११.९७ | १२.५७ | | | | |
| १८ | सुख्खा खुर्सानी | मेट्रिक टन/हे. | ६.७९ | ७.१३ | ७.४९ | | | | |
| **(ख)** | **उत्पादन** | | | | | | | | |
| १. | धान | हजार मे.ट. | ५९९.१२ | ६२९.०८ | ६६०.५३ | | | | |
| २. | मकै | हजार मे.ट. | १२१.७४ | १२७.८३ | १३४.२२ | | | | |
| ३. | गहुँ | हजार मे.ट. | ३५१.६१ | ३६९.१९ | ३८७.६५ | | | | |
| ४. | कोदो | हजार मे.ट. | १८.०८ | १८.९८ | १९.९३ | | | | |
| ५. | जौं | हजार मे.ट. | ७.६ | ७.९८ | ८.३८ | | | | |
| ६. | फापर | हजार मे.ट. | ०.१४ | ०.१५ | ०.१५ | | | | |
| ७. | आलु | हजार मे.ट. | २९२.५ | ३०७.१३ | ३२२.४८ | | | | |
| ८. | तेलहन | हजार मे.ट. | २६.५ | २७.८३ | २९.२२ | | | | |
| ९. | तरकारी | हजार मे.ट. | ३२८.१ | ३४४.५१ | ३६१.७३ | | | | |
| १०. | फलफूल | हजार मे.ट. | १०६.८ | ११२.१४ | ११७.७५ | | | | |
| ११. | उखु | हजार मे.ट. | ४०५.३ | ४२५.५७ | ४४६.८४ | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| १२. | भटमास | हजार मे.ट. | ३.१२ | ३.२८ | ३.४४ | प्रदेश आर्थिक सर्वेक्षण | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कृषि क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिने अनुमान |
| १३. | मास | हजार मे.ट. | १. ८१ | १.९० | २.०० | | | | |
| १४. | मुसुरो | हजार मे.ट. | ११.४३ | १२.०० | १२.६० | | | | |
| १५. | मह उत्पादन प्रतिवर्ष | मे.ट. | ३१७ | ३२० | ३२२ | रा.त.का. | | | |
| **(ग)** | **प्राङ्गारिक पालिका घोषणा** | **सङ्ख्या** | **-** | **५** | **१०** | " | | | |

## ३.२ पशुपंक्षी तथा मत्स्यपालन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | दुध उत्पादन वृद्धि दर | प्रतिशत | - | ५ | ५ | प्रदेश आर्थिक सर्वेक्षण | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | पशुपंक्षी क्षेत्रलाई प्रदेश सरकारले प्राथमिकता दिने अनुमान |
| २. | अण्डा उत्पादन वृद्धि दर | प्रतिशत | - | ५ | ५ | | | | |
| ३. | मासु उत्पादन वृद्धि दर | प्रतिशत | - | ५ | ५ | | | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | माछा (वार्षिक उत्पादन) | मे.ट. | ३२०२ | ३७०७ | ४०८७ | पशुसेवा विभाग | १३०००० | कृषि तथा सहकारी मन्त्रालय | वार्षिक ५ प्रतिशतले वृद्धि हुने |
| २. | वार्षिक दुध उत्पादन (२०८०/८१) | मे.ट. | ४२४४३ | ४९१३३ | ५४१६९ | सङ्घीय कृषि मन्त्रालय | - | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | मत्स्य बिज उत्पादन तथा वितरण | सङ्ख्या लाखमा | १३१.४ | १५२ | १६८ | प्रदेश आर्थिक सर्वेक्षण | ८०० | कृषि तथा सहकारी मन्त्रालय | वार्षिक ५ प्रतिशतले वृद्धि हुने |
| ४. | राँगा/भैंसी (वार्षिक मासु उत्पादन) | मे.ट. | १७९३२ | २०७५९ | २२८८६ | | - | | |
| ५. | खसी/बोका (वार्षिक मासु उत्पादन) | मे.ट. | ८१३० | ९४११ | १०३७६ | | - | | |
| ६. | भेडा (वार्षिक मासु उत्पादन) | मे.ट. | ३८६ | ४४७ | ४९३ | | - | | |
| ७. | बङ्गुर (वार्षिक मासु उत्पादन) | मे.ट. | ३३८२ | ३९१५ | ४३१६ | | - | | |
| ८. | कुखुरा (वार्षिक मासु उत्पादन) | मे.ट. | १२५९४ | १४५७९ | १६०७३ | | - | | |
| ९. | हाँस (वार्षिक मासु उत्पादन) | मे.ट. | १८ | २१ | २३ | | - | | |

## ३.३ भूमि व्यवस्था

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | प्रति कृषक परिवार कृषियोग्य जमिनको आकार | हेक्टर | ०.४२ | ०.५ | ०.६ | रा.त.का. | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमिसम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुने |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | सार्वजनिक सम्पत्ति व्यवस्थापन (PAM) सम्बन्धी विद्युतीय प्रणालीमा स्थानीय तहको पहुँच | प्रतिशत | - | २५ | ५० | प्रदेश आर्थिक सर्वेक्षण | ७५३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयनले यी सूचकका आधारमा लक्ष्य हासिल गर्न वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याएको हुने |
| २. | नेपाल भू-सूचना प्रणाली मोडुल (NeLIS) मार्फत सेवा प्रवाह हुने नापी कार्यालयहरू | सङ्ख्या | - | १० | २० | प्रदेश आर्थिक सर्वेक्षण | १३५ | | |
| ३. | पूर्ण स्वचालित विद्युतीय भू-सूचना प्रणाली (LRIMSS) लागू भएका कार्यालय | सङ्ख्या | - | १० | २० | प्रदेश आर्थिक सर्वेक्षण | १३५ | | |
| ४. | मेरो कित्ता प्रणाली लागू भएका नापी कार्यालय | प्रतिशत | - | ५० | १०० | | - | | |

## ३.४ सहकारी

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | - | २.० | २.० | प्रदेश आर्थिक सर्वेक्षण | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सहकारी क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिने |
| २. | सक्रिय सहकारी संस्था | प्रतिशत | - | ५० | ८० | | | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) प्रयोग गर्ने सहकारी | प्रतिशत | - | ५० | ९० | प्रदेश आर्थिक सर्वेक्षण | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सहकारी क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिने |
| २. | सम्मानित हुने सहकारी सङ्घ संस्थाहरु | सङ्ख्या | ९ | १२ | २० | | - | | |

## ३.५ उद्योग, वाणिज्य, आपूर्ति तथा खानी खनिज

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान | प्रतिशत | ४.३ | ४.९ | ५.२ | प्रदेश आर्थिक सर्वेक्षण | ५.४ | उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | प्रदेश सरकार लक्ष्य हासिल गर्न सक्षम हुने |
| २. | कुल गार्हस्थ्य उत्पादनमा थोक तथा खुद्रा व्यापारको योगदान | प्रतिशत | ७.८ | ८.५ | ८.८ | | १४.० | | |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | १-२ जनासम्म रोजगारी दिने उद्योग | संङ्ख्या | ५५५९ | २०० | ४०० | | | ,, | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | ३-५ जनासम्म रोजगारी दिने उद्योग (थप) | संङ्ख्या | १६८३ | १०० | १५० | प्रदेश आर्थिक सर्वेक्षण | - | उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | निजी क्षेत्रले लगानी गर्ने वातावरण बनेको हुने |
| ३. | ६-९ जनासम्म रोजगारी दिने उद्योग (थप) | संङ्ख्या | २८२ | ५० | १०० | | - | | |
| ४. | १०-४९जनासम्म रोजगारी दिने उद्योग (थप) | संङ्ख्या | १६१ | २० | ४० | | - | | |
| ५. | ५०-९९ जनासम्म रोजगारी दिने उद्योग (थप) | संङ्ख्या | २५ | ५ | १० | | - | | |
| ६. | १०० जनाभन्दा बढीलाई रोजगारी दिने उद्योग (थप) | संङ्ख्या | ३३ | ५ | १० | उद्योग विभाग | - | | |
| ७. | सिफारिस भएका औद्योगिक ग्राम (थप) | संङ्ख्या | ९ | ५ | १० | प्रदेश आर्थिक सर्वेक्षण | - | | |
| ८. | उद्योग विभागमा दर्ता भएका ठूला उद्योग (वार्षिक थप) | संङ्ख्या | ४ | ५ | १० | | - | | |
| ९. | खाद्य सञ्चय डिपो (थप) | संङ्ख्या | २ | ५ | ९ | | - | | |
| १०. | सम्भाव्यता अध्ययन सम्पन्न खनिज क्षेत्र | सङ्ख्या | - | १ | २ | | - | | |
| ११. | निज परीक्षण प्रयोगशाखा स्थापना | सङ्ख्या | - | १ | १ | | - | | |

## ३.६ पर्यटन

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | प्रति पर्यटक प्रतिदिन औसत खर्च | अमेरिकी डलरमा | - | ६० | ७५ | | ८५ | उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | पर्यटन क्षेत्रले प्राथमिकता पाउने |
| २. | पर्यटकको औसत बसाइ अवधि | दिन | - | ५ | १० | | १५ | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | वार्षिक पर्यटक आगमन (थप) | सङ्ख्या (हजारमा) | - | ३०० | ५००० | | २५०० | उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | वार्षिक १ लाख पर्यटक आउने |
| २. | १-४ तारे स्तरका होटल/हेरिटेज (थप) | सङ्ख्या | ४ | ३ | ५ | | - | | वार्षिक १ वटा थप हुने |
| ३. | पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यहरू (दीर्घकालीन महत्वका प्रदेश आयोजना) (थप) | सङ्ख्या | ६ | ३ | ५ | | - | | वार्षिक १ वटा थप हुने |
| ४. | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति (थप) | सङ्ख्या | - | २०० | ५०० | | - | | वार्षिक १०० तालिम प्राप्त जनशक्ति उत्पादन हुने |
| ५. | होमस्टे (थप) | सङ्ख्या | - | ३० | ५० | | - | | वार्षिक १० वटा थप हुने |
| ६. | पदमार्ग (थप) | सङ्ख्या | - | ३ | ५ | | - | | वार्षिक १ वटा थप हुने |

## ४. सामाजिक विकास क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० | ७४.० | रा.त.का. | ७३ |
| २. | साक्षरता दर | प्रतिशत | ७६.२ | ८५.० | ८६.३ | रा.त.का. | ८५ |

## ४.१ शिक्षा तथा विज्ञान प्रविधि

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | पूर्व-प्राथमिक शिक्षामा खुद भर्ना दर | प्रतिशत | ७२.९ | ८६.४ | १०० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | शिक्षामा राष्ट्रिय लक्ष्य हासिल हुने |
| २. | कक्षा १ मा बालविकास केन्द्रको अनुभव लिएका बालबालिका | प्रतिशत | ७६.८ | ८९.८ | १०० | | १०० | | |
| ३. | कक्षा १ मा खुद भर्ना दर | प्रतिशत | ९३.९ | ९६.५ | ९९.० | | | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | विद्यालय छाड्ने दर | प्रतिशत | ९.१ | ५.७ | २.३ | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | शिक्षा क्षेत्रको समग्र विकासमा प्रदेश सरकारको उच्च प्राथमिकता हुने |
| २. | खुद भर्ना दर (कक्षा १-८) | प्रतिशत | ९४ | ९६.१ | ९८.२ | | - | | |
| ३. | टिकाउ दर (१-८) | प्रतिशत | ८५.२ | ९०.२ | ९६.० | | - | | |
| ४. | खुद भर्ना दर (कक्षा ९-१०) | प्रतिशत | ७६.२ | ८१.२ | ८५.० | | - | | |
| ५. | टिकाउ दर (१-१२) | प्रतिशत | ४३.१ | ५०.३ | ५६.० | | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | उत्तीर्ण दर (१-८) | प्रतिशत | ८५.२ | ९०.१ | ९५.० | प्रदेश आर्थिक सर्वेक्षण | - | | शिक्षा क्षेत्रको समग्र विकासमा प्रदेश सरकारको उच्च प्राथमिकता हुने |
| ७. | कक्षा दोहोऱ्याउने दर(१-८) | प्रतिशत | ८.० | ५.० | १.० | | - | | |
| ८. | विद्यालय छाड्ने दर(१-८) | प्रतिशत | ६.८ | ३.४ | २.० | | - | | |
| ९. | जिपिए ३.६ वा सोभन्दा माथि प्राप्त गर्ने विद्यार्थी | प्रतिशत | २.६ | ५.४ | १० | | - | | |
| १०. | ग्रेड प्राप्त गर्ने विद्यार्थी | प्रतिशत | ४२.१७ | ४८ | ५५ | | - | | |
| ११. | स्वास्थ्य संकायमा भर्ना दर | प्रतिशत | ८७.१२ | ९२.२ | ९४.८ | | - | | |
| १२. | कृषि संकायतर्फ भर्ना दर | प्रतिशत | ९.२९ | १५.३ | १९.७ | | - | | |
| १३. | होटल व्यवस्थापनको औद्योगिक प्रशिक्षार्थी तालिममा भर्ना दर | प्रतिशत | ९० | ९३.२ | ९५.३ | | - | | |

## ४.२ स्वास्थ्य तथा पोषण

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | असर तह | | | | | | | | |
| १. | मातृ मृत्यु दर (प्रति लाख जीवित जन्ममा) | जना | १३० | १०० | ९० | प्रदेश आर्थिक सर्वेक्षण | ८५ | सामाजिक विकास मन्त्रालय | स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार हुने |
| २. | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २७ | २० | १७ | | १३ | | |
| ३. | पाँच वर्षमुनिको बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा) | जना | ४९ | ३४ | २७ | | २२ | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | संस्थागत सुत्केरी हुने महिलाको सङ्ख्या | प्रतिशत | ८६ | ९० | ९० | प्रदेश आर्थिक सर्वेक्षण | ९० | सामाजिक विकास मन्त्रालय | स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार हुने |
| २. | परिवार योजनाको आधुनिक साधन प्रयोगकर्ता | प्रतिशत | ४७ | ५५ | ६० | | ८० | | |
| ३. | पाँच बर्षमुनिका बालबालिकाको पुड्कोपन | प्रतिशत | २८ | २२ | २० | | १७ | | स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार हुने |
| ४. | पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ९० | ९५ | ९५ | | ९५ | | |
| ५. | सडक दुर्घटनाका कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या (प्रति एक लाख जनसङ्ख्यामा) | जना | ९.५ | ७.५ | ६ | | ५ | | |
| ६. | स्वास्थ्य बीमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २५ | ३५ | ४० | | ७० | | |
| ७. | स्वास्थ्य बिमा कार्यक्रममा नवीकरण दर | प्रतिशत | ६२ | ८० | ९० | | ९० | | |
| ८. | कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च | प्रतिशत | ५४.२ | ५० | ४६ | | ३८ | | |
| ९. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्था भएका घरधुरी | प्रतिशत | ६६.३ | ७७ | ८७ | प्रदेश आर्थिक सर्वेक्षण | ८६ | | |
| १०. | पाँच बर्षमुनिका बच्चाहरूमध्ये जन्मदर्ता गरिएको बालबालिका | प्रतिशत | ७४ | ९० | १०० | | १०० | | |

## ४.३ जनसङ्ख्या तथा बसाइसराइ

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | जनसङ्ख्या वृद्धिदर | प्रतिशत | ०.५२ | ०.५५ | ०.६० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | श्रमशक्ति वृद्धि भएको हुने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | वैदेशिक रोजगारीका लागि अक्सर अनुपस्थित जनसङ्ख्या | प्रतिशत | १२.७४ | ११.०० | १०.०० | रा.त.का. | - | सामाजिक विकास मन्त्रालय | अनुपस्थित जनसङ्ख्या घटेको हुने |
| २. | बसाइँसराइ नगरेको जनसङ्ख्या | प्रतिशत | ७२.२ | ७५.० | ८०.० | | - | | गाउँमै बस्ने वातावरण सिर्जना भएको हुने |

## ४.४ महिला सशक्तीकरण तथा लैङ्गिक समानता

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९०७ | ०.९६७ | रा.त.का. | ०.९६७ | सामाजिक विकास मन्त्रालय | सङ्घीय तथा प्रदेश सरकारले लैङ्गिक विकासका लागि नीतिगत, कार्यक्रम र बजेटको व्यवस्था सुनिश्चितता गरेको हुने |
| २. | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.४६ | ०.५५ | ०.५९ | | ०.५९ | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | घर/जग्गा/घरजग्गामा स्वामित्व पुगेका महिला | प्रतिशत | ११.८ | २० | ३५ | रा.त.का. | ३५ | सामाजिक विकास मन्त्रालय | |
| २. | महिलाको नाममा घर र जग्गा दुबै भएका घर परिवार | प्रतिशत | ६.३७ | ७.५ | १०.० | रा.त.का. | - | | |
| ३. | लैङ्गिक उत्तरदायी बजेट अनुपात | प्रतिशत् | ४५.३७ | ४८.० | ०५.० | मध्यमकालीन खर्च संरचना | ५० | | |

## ४.५ बालबालिका तथा किशोर किशोरी

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | बाल संरक्षण सेवामा पहुँच भएका बालबालिका | सङ्ख्या | १२०० | १५०० | २००० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | बालबालिका र किशोर किशोरीका क्षेत्रमा लगानी वृद्धि भएको हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | २० बर्ष मुनि विवाह गर्ने किशोरीहरू | प्रतिशत | ३३ | १५ | ५ | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | बालबालिका र किशोर किशोरीका क्षेत्रमा लगानी वृद्धि भएको हुने |
| २. | जीवनोपयोगी सीप/किशोरमैत्री सेवा प्राप्त गर्ने किशोर-किशोरी | सङ्ख्या/ प्रतिशत | ५५ | ५० | ५० | प्रदेश आर्थिक सर्वेक्षण | - | | |
| ३. | ५ वर्ष वा सोभन्दा मुनिका जन्मदर्ता गरिएका बालबालिका | प्रतिशत | ८३.२८ | ९०.० | ९९.० | रा.त.का. | - | | |

## ४.६ अपाङ्गता भएका व्यक्ति

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | रोजगारी वा स्वरोजगारमा संलग्न अपाङ्गता भएका व्यक्ति (वार्षिक थप) | सङ्ख्या | - | ३०० | ५०० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | वार्षिक थप १०० जनाले रोजगारी पाउने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | सीपमूलक/उद्यमशीलता तालिम प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरू (वार्षिक थप) | सङ्ख्या | ३०३ | ६०० | १००० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | वार्षिक २०० का दरले तालिम प्राप्त गर्ने |
| २. | सहायक सामग्री प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरू (वार्षिक थप) | सङ्ख्या | १३३९ | ६०० | १००० | | - | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरु (थप) | सङ्ख्या | ३५० | ५०० | १००० | प्रदेश सरकारको वार्षिक मूल्याङ्कन प्रतिवेदन | - | सामाजिक विकास मन्त्रालय | थथ अपाङ्गता भएका व्यक्तिलाई सेवा पुग्ने |

## ४.७ ज्येष्ठ नागरिक

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | सामाजिक सुरक्षामा आबद्ध ज्येष्ठ नागरिक | प्रतिशत | - | ९० | १०० | प्रदेश आर्थिक सर्वेक्षण | १०० | सामाजिक विकास मन्त्रालय | राष्ट्रिय लक्ष्यअनुसार कार्यान्वयन भएको हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | मापदण्डअनुसार सञ्चालन भएका वृद्धाश्रम तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा मिलन केन्द्र (थप) | सङ्ख्या | - | ५० | ८८ | प्रदेश सरकारको वार्षिक मूल्याङ्कन प्रतिवेदन | ७५३ | सामाजिक विकास मन्त्रालय | प्रत्येक स्थानीय तहका कम्तीमा १ वटा केन्द्र हुने |
| २. | जेष्ठ नागरिक आश्रम (थप) | सङ्ख्या | ४ | ५ | १० | | - | | ज्येष्ठ नागरिकको सम्मान भएको हुने |
| ३. | जेरियाट्रिक स्वास्थ्य सेवा सञ्चालन भएका अस्पताल | सङ्ख्या | १ | ५ | १० | | - | | |
| ४. | निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने ज्येष्ठ नागरिक (थप) | सङ्ख्या | ५४७१ | १००० | २००० | | - | | |

## ४.८ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | आत्मसम्मान, सुरक्षा अनुभूति तथा जीवनस्तरमा सुधारको अनुभूति | प्रतिशत | - | ६० | ९० | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | सन्तुष्टि सर्वेक्षण भएको हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | LGBTIQ++ सदस्यले वार्षिक रूपमा मनोपरामर्श वा मानसिक स्वास्थ्य सेवा प्राप्त गर्ने | सङ्ख्या | ३० | १० | १९९ | प्रदेश आर्थिक सर्वेक्षण | - | सामाजिक विकास मन्त्रालय | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पहिचान भई उनीहरुको आर्थिक-सामाजिक क्षेत्रमा सुधार भएको हुने |
| २. | वार्षिक रूपमा स्वरोजगार, उद्यमशीलता वा रोजगारीमा संलग्न LGBTIQ++ | सङ्ख्या | १० | २५ | ५० | | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ३. | वार्षिक रूपमा नेतृत्व, परामर्शदाता वा प्रशिक्षक तालिम/कार्यक्रममा सहभागी LGBTIQ++ | सङ्ख्या | ५ | १० | २० | | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| ४. | LGBTIQ++ लक्षित प्रदेशको वार्षिक बजेट विनियोजन | रकम रु. (लाखमा) | १२ | २० | २५ | | - | आर्थिक मामिला मन्त्रालय | |
| ५. | LGBTIQ++ लक्षित स्थानीय तहको वार्षिक बजेट विनियोजन | रकम रु. (लाखमा) | १२ | २० | २५ | | - | स्थानीय तह | |

## ४.९ युवा तथा खेलकुद

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | युवा बेरोजगारी दर | प्रतिशत | - | ७ | ५ | रा.त.का. | ५ | सामाजिक विकास मन्त्रालय | युवा तथा खेलकुद क्षेत्रमा लगानी बढ्ने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | सबै स्थानीय तहमा कभर्ड हल सहितको खेल मैदान निर्माण | सङ्ख्या | - | ६० | ८८ | प्रदेश आर्थिक सर्वेक्षण | ७५३ | सामाजिक विकास मन्त्रालय | युवा तथा खेलकुद क्षेत्रमा लगानी बढ्ने |
| २. | अन्तर-राष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट रङ्गशाला | सङ्ख्या | - | ० | १ | | ७ | | |
| ३. | अन्तरराष्ट्रियस्तरको सुविधा सम्पन्न रङ्गशाला | सङ्ख्या | - | ० | १ | | ७ | | |
| ४. | प्रदेशस्तरीय खेलकुद प्रतियोगिता | सङ्ख्या | - | ३ | ५ | | - | | |

## ४.१० भाषा, संस्कृति, साहित्य, कला, रीतिरिवाज, पूरातात्त्विक सम्पदा

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | अध्ययन अनुसन्धानबाट प्रकाशित कृतिहरु | सङ्ख्या | - | ९ | १५ | प्रदेश प्रज्ञा प्रतिष्ठान | - | प्रदेश प्रज्ञा प्रतिष्ठान | प्रदेश प्रज्ञा-प्रतिष्ठान क्रियाशिल भएको हुने |
| २. | आयोजना गरिएका प्रदेशस्तरीय कार्यक्रमहरु | सङ्ख्या | - | ३० | ५० | | - | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | संरक्षण/पुनःस्थापना गरिएका सांस्कृतिक तथा पूरातात्त्विक सम्पदा (थप) | सङ्ख्या | - | ३ | ५ | प्रदेश प्रज्ञा प्रतिष्ठान | - | सामाजिक विकास मन्त्रालय | कम्तीमा वार्षिक १ वटा थप हुने |
| २. | डिजिटल अभिलेखमा समावेश गरिएका सांस्कृतिक सम्पदाहरू | प्रतिशत | - | ५० | ८० | प्रदेश प्रज्ञा प्रतिष्ठान | - | | डिजिटल अभिलेख तयार गरिएको हुने |
| ३. | प्रवर्धन गरिएका सांस्कृतिक कार्यक्रम (जात्रा, पर्व, उत्सव) (थप) | सङ्ख्या | - | १५ | २५ | प्रदेश प्रज्ञा प्रतिष्ठान | - | | कम्तीमा वार्षिक ५ वटा थप हुने |
| ४. | स्थानीय पाठ्यक्रममा समावेश गरिएका स्थानीय भाषाहरु (थप) | सङ्ख्या | - | ३ | ५ | प्रदेश प्रज्ञा प्रतिष्ठान | - | | कम्तीमा वार्षिक १ वटा थप हुने |
| ५. | प्रदेशस्तरीय ललितकला, चित्रकला र वास्तुकला प्रदर्शन | सङ्ख्या | - | ९ | १५ | सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान | - | सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान | हरेक विद्यामा कम्तीमा वार्षिक १ वटा हुने |
| ६. | प्रदेशस्तरीय साहित्यिक महोत्सव आयोजना | सङ्ख्या | - | ३ | ५ | | - | | कम्तीमा वार्षिक १ वटा हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ७. | विभिन्न विधामा स्रष्टा सम्मान | सङ्ख्या | - | ३ | ५ | | - | | कम्तीमा वार्षिक १ वटा हुने |
| ८. | प्रदेशस्तरीय नाट्यशाला स्थापना र सञ्चालन | सङ्ख्या | - | १ | १ | सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान | - | सुदूरपश्चिम प्रज्ञा-प्रतिष्ठान | योजना अवधिमा १ वटा हुने |
| ९. | लोक संस्कृतिसम्बन्धी अध्ययन अनुसन्धान | सङ्ख्या | - | ३ | ५ | | - | | वार्षिक १ वटा हुने |

## ४.११ मानव बेचबिखन तथा ओसारपसार

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | मानव बेचबिखनबाट पीडित भएकाहरु मध्ये पुनर्स्थापित भएका | प्रतिशत | - | १०० | १०० | सामाजिक विकास मन्त्रालय | - | सामाजिक विकास मन्त्रालय | पुनर्स्थापना केन्द्रबाट सहयोग पुग्ने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | मानव बेचबिखन तथा ओसारपसारबाट पीडित (२०८०/८१) | जनसङ्ख्या | ११ | ५ | ० | महिला, बालबालिका तथ ज्येष्ठ नागरिक मन्त्रालय | - | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | घटना न्यूनिकरण भएको हुने |
| २ | हराएका बालबालिकाहरु (२०८०/८१) | जनसङ्ख्या | ६४६ | ५०० | २०० | | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तरगत गठित साझेदारी समितिहरु (थप) | जनसङ्ख्या | - | २६४ | ४४० | महिला, बालबालिका तथ ज्येष्ठ नागरिक मन्त्रालय | - | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रत्येक स्थानीय तहमा कम्तीमा वार्षिक १ वटा |
| ४. | मानब बेचबिखनका पिडितहरुमध्ये निःशुल्क कानूनी सहायता पाउने | प्रतिशत | - | १०० | १०० | सामाजिक विकास मन्त्रालय | - | सामाजिक विकास मन्त्रालय | विभिन्न निकायहरुबाट निःशुल्क कानूनी सहायता |

## ४.१२ सामाजिक सुरक्षा तथा संरक्षण

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | सामाजिक सुरक्षाबाट लाभान्वित (लक्ष्य प्रतिशतमा राखिएको) | सङ्ख्या | ४१०२८१ | १०० | १०० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | - | सामाजिक विकास मन्त्रालय | नियमानुसार सबैले प्राप्त गर्ने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | जनचेतना र पहुँच वृद्धि कार्यक्रमबाट लाभान्वित (थप) | सङ्ख्या | - | ३००० | ५००० | सामाजिक विकास मन्त्रालय | - | सामाजिक विकास मन्त्रालय | वार्षिक १००० जना लाभान्वित हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | आर्थिक रुपले विपन्न नागरिकको औषधि उपचार सहायता (रु. एकलाखका दरले) कार्यक्रमबाट वार्षिक रूपमा लाभान्वित जनसङ्ख्या | सङ्ख्या | ६४५ | ९४५ | ११४५ | सामाजिक विकास मन्त्रालय | - | सामाजिक विकास मन्त्रालय | वार्षिक थप १०० जनाका दरले लाभान्वित हुने |
| ३. | निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने एकल महिला (थप) | सङ्ख्या | ६४२ | ३००० | ५००० | प्रदेश सरकारको वार्षिक मूल्याङ्कन प्रतिवेदन | - | सामाजिक विकास मन्त्रालय | वार्षिक १००० जना लाभान्वित हुने |

## ५. पूर्वाधार विकास क्षेत्र

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | कुल ग्रार्हस्थ्य उत्पादनमा यातायात तथा भण्डारण क्षेत्रको योगदान | प्रतिशत | ३.४ | ३.८ | ४.० | प्रदेश आर्थिक सर्वेक्षण | ८.१ |
| २. | कुल गार्हस्थ्य उत्पादनमा सूचना तथा सञ्चार क्षेत्रको योगदान | प्रतिशत | १.५ | १.६ | १.५ | | ५ |
| ३. | विद्युत पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ८६.६ | ९०.० | ९५.० | राष्ट्रिय योजना आयोग | १०० |
| ४. | ३० मिनेटसम्मको दुरीमा सार्वजनिक यातायात पहुँच भएको परिवार | प्रतिशत | ९१.७० | ९३.० | ९५.० | प्रदेश आर्थिक सर्वेक्षण | ९५.० |
| ५. | इन्टरनेट (४ जी-एलटीइ) सेवा प्रयोगकर्ता | प्रतिशत | ४७.८० | ६०.०० | ९५.० | | १०० |

## ५.१ सडक

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | सडक घनत्व | कि.मि. प्रति वर्ग कि.मि. | ०.३४ | ०.४४ | ०.६२ | प्रदेश आर्थिक सर्वेक्षण | | पूर्वाधार विकास मन्त्रालय | अनुमानित सडकहरु निर्माण भएको हुने |
| २. | सडक पुगेको स्थानीय तहका केन्द्र | सङ्ख्या | ८५ | ८७ | ८८ | | ७५३ | पूर्वाधार विकास मन्त्रालय | |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | प्रदेशको जम्मा सडक सञ्जाल (गत ७ वर्षमा निर्माण भएका) थप | कि. मि. | ३३३२ | १२०० | २००० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | तीनवटै तहबाट वार्षिक ४०० कि.मि. सडक निर्माण हुने |
| २. | प्रदेशबाट निर्मित कुल कालोपत्रे सडक (थप) | कि. मि. | ७२२ | ४५० | ७५० | | - | | वार्षिक १५० कि.मि. सडक निर्माण हुने |
| ३. | प्रदेशबाट निर्मित ग्राभेल सडक (थप) | कि. मि. | १३५८.३९ | ३०० | ५०० | | - | | वार्षिक १०० कि.मि. सडक निर्माण हुने |
| ४. | प्रदेशबाट निर्मित नयाँ ट्र्याक (थप) | कि. मि. | १३९६.८६ | १५० | २५० | | - | | वार्षिक ५० कि.मि. सडक निर्माण हुने |
| ५. | प्रदेशबाट निर्मित सडक पुल (थप) | सङ्ख्या | ३३ | २० | ५० | | ५०१७ | | वार्षिक १० वटा पुल निर्माण हुने |

## ५.२ जलमार्ग तथा जलपर्यटन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | जलमार्ग तथा जलपर्यटनबाट सिर्जित रोजगारी | सङ्ख्या | - | १०० | १५० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | जलपर्यटनको प्रवर्धन भएको हुने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | जलमार्ग तथा जलपर्यटन सञ्चालन भएका नदी | सङ्ख्या | २ | ३ | ४ | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | जलपर्यटनको प्रवर्धन भएको हुने |
| २. | जलमार्ग तथा जलपर्यटन सञ्चालनका लागि दर्ता भएका व्यवसाय | सङ्ख्या | - | ५ | १० | | - | | |

## ५.३ झोलुङ्गेपुल

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | झोलुङ्गे पुल प्रयोग गरी सेवा पहुँच प्राप्त गर्ने जनसङ्ख्या | प्रतिशत | ५ | ७ | ८ | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | तथ्याङ्क सङ्कलन भएको हुने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | प्रदेश सरकारले निर्माण गरेका झोलुङ्गे पुल निर्माण (थप) | सङ्ख्या | ३७ | १५ | २५ | प्रदेश आर्थिक सर्वेक्षण | १४००० | पूर्वाधार विकास मन्त्रालय | वार्षिक ५ वटा निर्माण हुने |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | प्रदेश सरकारले निर्माण गरेका झोलुङ्गे पुलको नियमित मर्मत सम्भार (थप) | सङ्ख्या | - | १५ | २२ | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | पूराना सबै झोलुङ्गेपुलहरु मर्मत भएको हुने |

## ५.४ रज्जुमार्ग, केबलकार, नवीन प्रविधिमा आधारित यातायात र हवाइ यातायात

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | थप रोजगारी सिर्जना | सङ्ख्या | - | ३०० | ५०० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | केवरकारहरु निर्माण भएको हुने |
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | विद्युतीय सवारी साधन वृद्धिदर | प्रतिशत | ४.१२ | ६.५ | १०.० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | सङ्घीय सरकारको प्राथमिकतामा पर्ने |
| २. | डिपिआर तयार भएका केबलकार (थप) | सङ्ख्या | २ | २ | ४ | | - | | निजी क्षेत्रको लगानी सुनिश्चित हुने |
| ३. | निर्माण/सञ्चालनमा आएका केबलकार | सङ्ख्या | ० | २ | ४ | | - | | |
| ४. | कुल विमानस्थल | सङ्ख्या | १० | १० | १० | | - | | सङ्घीय सरकारको लगानी सुनिश्चित हुने |
| ५. | सञ्चालनमा रहेका विमानस्थल | सङ्ख्या | ४ | ७ | १० | | - | | |

## ५.५ जल विद्युत तथा वैकल्पिक/नवीकरणीय उर्जा

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनमा विद्युत, ग्यास, वाष्प तथा वातानुकूलित आपूर्ति सेवाको योगदान | प्रतिशत | १.२ | १.५ | १.७ | रा.त.का. | ३.१ | पूर्वाधार विकास मन्त्रालय | |
| प्रतिफल तह | | | | | | | | | |
| १. | विद्युत उत्पादन (जडित क्षमता) थप | मेगावाट | १६७ | १०० | २०० | | ११७६९ | | |
| २. | सौर्य तथा वायु उर्जाबाट विद्युत उत्पादन | मेगावाट | ०.१ | ०.५ | १.० | प्रदेश आर्थिक सर्वेक्षण | ९५ | पूर्वाधार विकास मन्त्रालय | प्रदेश सरकारले उर्जा उत्पादनलाई प्राथमिकता दिने |
| ३. | सुधारिएको चूलो जडान (थप) | सङ्ख्या (हजारमा) | - | ५० | १०० | | ६४५ | | |

## ५.६ आवास, भवन, बस्ती तथा सहरी विकास

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ९४.८ | ९६.० | ९८.० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | सरकारको प्राथमिकतामा पर्ने |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | खरको छाना भएको घर | प्रतिशत | ३.४५ | १.५ | ०.० | प्रदेश आर्थिक सर्वेक्षण | - | ,, | सरकारको प्राथमिकतामा पर्ने |
| २. | एकीकृत बस्ती (थप) | सङ्ख्या | - | १ | २ | | - | ,, | |
| ३. | नयाँ सहरको विकास | सङ्ख्या | २ | ४ | ६ | | - | ,, | |
| ४. | नयाँ आवास (जनता आवास कार्यक्रममार्फत) निर्माण (थप) | सङ्ख्या | ३६५८ | १५०० | २५०० | | - | ,, | |
| ५. | स्मार्ट सडक | सङ्ख्या | - | १ | २ | | १३ | ,, | |
| ६. | राष्ट्रिय भवनसंहिता कार्यान्वयन भएका स्थानीय तहहरु | सङ्ख्या | - | २० | ३४ | | २९३ | ,, | |

## ५.७ खानेपानी तथा सरसफाइ

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | आधारभूत स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९५ | ९७ | ९९ | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | खानेपानी र सरसफाइलाई आवश्यक बजेट विनियोजन भएको हुने |
| २. | आधारभूत स्तरको सरसफाइ सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ९५ | ९७ | ९९ | | ९९ | | |
| ३. | लाभान्वित जनसङ्ख्या मध्ये मध्यम/उच्चस्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २०.२५ | २५.५० | ३०.०० | | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रशोधन सहितको ढल/मानव मल मुत्रजन्य फोहोर व्यवस्थापन | प्रतिशत | - | ५ | १० | प्रदेश आर्थिक सर्वेक्षण | ३० | पूर्वाधार विकास मन्त्रालय | खानेपानी र सरसफाइलाई आवश्यक बजेट विनियोजन भएको हुने |
| २. | सुरक्षित रूपमा व्यवस्थित सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | - | ५० | ६० | | ६५ | | |
| ३. | प्रशोधन सहितको ढल/मानव मल मुत्रजन्य फोहोर व्यवस्थापन | प्रतिशत | - | २५ | २५ | | ३० | | |
| ४. | फल्स र सेफ्टी ट्याङ्क भएको शौचालय प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६२.१५ | ७०.० | ७५.० | | - | | |
| ५. | घरभित्र धारापाइप भएको घरधुरी | प्रतिशत | २१.११ | २५.० | ३१.० | | - | | |

## ५.८ सिँचाई

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | सिँचाइ सुविधा पुगेको कृषियोग्य भूमि | प्रतिशत | ६०.४३ | ६५.० | ७०.० | प्रदेश आर्थिक सर्वेक्षण | | पूर्वाधार विकास मन्त्रालय | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | | |
| १. | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ४१.९८ | ४५.० | ४८.० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | सिँचाइ पूर्वाधारमा थप लगानी वृद्धि भएको हुने |
| २. | वर्षैभरि सिँचाइ सुविधा पुगेको कुल सिञ्चित क्षेत्र | प्रतिशत | - | ३० | ४५ | | ५० | | |
| ३. | पक्की कुलो निर्माण (थप) | कि.मि. | २०७४ | ५०० | १००० | | - | | |
| ४. | कच्ची कुलो निर्माण (थप) | कि.मि. | २९८ | ५० | १०० | | - | | |
| ५. | डिप ट्युवबेल/ स्यालो ट्युवबेल (थप) | सङ्ख्या | २३८१ | २०० | ५०० | | - | | |
| ६. | सिँचाइ आयोजनाबाट सिञ्चित क्षेत्रफल विस्तार (थप) | हेक्टर | ११५३४.७१ | २००० | ५००० | | - | | |
| ७. | सतह सिँचाइबाट सिञ्चित क्षेत्रफल(थप) | हेक्टर | - | ५००० | १०००० | | ११२२७३५ | | |
| ८. | भूमिगत सिँचाइबाट सिञ्चित क्षेत्रफल(थप) | हेक्टर | - | ३००० | ६००० | | ६४३१५४ | | |

## ५.९ जलउत्पन्न प्रकोप नियन्त्रण

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | नदी नियन्त्रण कार्यबाट संरक्षित जमिनको क्षेत्रफल (थप) | हेक्टर | - | १२० | २०० | प्रदेश आर्थिक सर्वेक्षण | - | पूर्वाधार विकास मन्त्रालय | लगानी वृद्धि भएको हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | नदी नियन्त्रण संरचनाको लम्बाइ (तटबन्ध निर्माण) (थप) | कि.मि. | १९२ | ९० | १५० | प्रदेश आर्थिक सर्वेक्षण | १६६५ | पूर्वाधार विकास मन्त्रालय | जलउत्पन्न प्रकोप क्षेत्रमा लगानी वृद्धि भएको हुने |
| २. | जग्गा उकास (थप) | हेक्टर | ३,६७१ | ६० | १०० | | १३७९५ | | |
| ३. | नदी करिडोर सडक निर्माण (थप) | किलोमिटर | १७.४७ | १०.० | १५.० | | - | | |

## ५.१० सूचना तथा सञ्चार प्रविधि

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | ५G सेवाको पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | - | ३० | ५० | रा.त.का. | ५० | पूर्वाधार विकास मन्त्रालय | सरकारको मुख्य प्राथमिकता भएको |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | टेलिफोन प्रयोगकर्ता घरधुरी (टेलिफोन पहुँच विस्तार) | प्रतिशत | ९६ | ९८ | ९९ | रा.त.का. | १०० | पूर्वाधार विकास मन्त्रालय | सरकारको मुख्य प्राथमिकता भएको |
| २. | ४G सेवाको पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | ४७.८ | ६५.० | ९०.० | रा.त.का | १०० | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | डिजिटल साक्षरता | प्रतिशत | - | ३० | ४५ | रा.त.का | ५० | पूर्वाधार विकास मन्त्रालय | सरकारको मुख्य प्राथमिकता भएको |
| ४. | फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | - | ४० | ५५ | रा.त.का | ६० | | |
| ५. | मोवाइल ब्रोडव्याण्ड सेवा विस्तार | प्रतिशत | - | ६५ | ७५ | रा.त.का | १०० | | |
| ६. | रेडियोको सुविधा पुगेको घरपरिवार | प्रतिशत | ४२.६ | ५०.० | ६०.० | रा.त.का | - | | |

## ६. वन तथा वातावरण

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव तह** | | | | | | |
| १. | कुल भू-भागमा वन क्षेत्रको हिस्सा | प्रतिशत | ५३.५६ | ५३.५६ | ५३.५६ | प्रदेश आर्थिक सर्वेक्षण | - |

## ६.१ वन तथा जैविक विविधता संरक्षण र व्यवस्थापन

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | |
| १. | वन क्षेत्रबाट सिर्जित रोजगारी | श्रम दिन हजारमा | १४७ | १७५ | २०० | प्रदेश आर्थिक सर्वेक्षण | - | वनको वैज्ञानिक व्यवस्थापन भएको हुने |
| २. | वन क्षेत्रबाट प्राप्त राजस्व | रू. करोडमा | २४ | २५ | २६ | | - | |
| ३. | संरक्षित वन क्षेत्र | हे. हजारमा | १७८ | १७८ | १७८ | | - | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| **प्रतिफल तह** | | | | | | | | |
| १. | वृक्षारोपण गरिएको क्षेत्रफल (प्रतिवर्ष) | हे. | १२२ | १२५ | १२५ | प्रदेश सरकारको वार्षिक मूल्याङ्कन प्रतिवेदन | - | वनको वैज्ञानिक व्यवस्थापन भएको हुने |
| २. | विकास तथा संबर्द्धन गरिएका उन्नत कृषि प्रजाति (थप) | सङ्ख्या | २ | ५ | ७ | | - | |
| ३. | वनबाट निकालिएको वनपैदावर (काष्ठ) प्रतिवर्ष | क्यू. फि. लाखमा | १६ | १८ | २० | | - | |
| ४. | वनबाट निकालिएको वनपैदावर (दाउरा) प्रतिवर्ष | चट्टा | २३५८ | २५०० | २५०० | | - | |
| ५. | वनबाट निकासी गरिएको जडिबुटी | के.जि. हजारमा | २१३२ | २३०० | २५०० | | - | |
| ६. | वनबाट उत्पादन भएको खोटो | के.जि. हजारमा | ४०४० | ४५०० | ५००० | | - | |
| ७. | सहुलियत मूल्यको वन पैदावर (काठ) बाट लाभान्वित घरपरिवार | सङ्ख्या | ४६३ | ५०० | ६०० | | - | |

## ६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | |
| १. | संरक्षित सिमसार क्षेत्र | सङ्ख्या | ९ | १४ | २० | प्रदेश आर्थिक सर्वेक्षण | | संरक्षित सिमसार क्षेत्र बढेको हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिफल तह | | | | | प्रदेश आर्थिक सर्वेक्षण | | |
| १. | पहिरो नियन्त्रण स्थल | सङ्ख्या | १४९ | १७५ | २०० | | - | भू-संरक्षण तथा जलाधार व्यवस्थापनमा थप लगानी भएको हुने |
| २. | बायोइन्जिनियरिङ प्रविधि प्रयोग गरिएको नदी किनार | कि.मि. | - | १० | २० | | - | |
| ३. | संरक्षण गरिएका साना तथा मझौला जलाधार | सङ्ख्या | - | २ | ५ | | - | |
| ४. | संरक्षण र व्यवस्थापन गरिएका नदी प्रणाली (थप) | सङ्ख्या | - | २ | ५ | | - | |

## ६.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | |
| १. | वातावरणमैत्री स्थानीय शासन लागू भएका गाउँ/ नगरपालिका | प्रतिशत | - | ५० | १०० | प्रदेश आर्थिक सर्वेक्षण | - | प्रदेश सरकारबाट सहजीकरण हुने |
| | **प्रतिफल तह** | | | | | | | |
| १. | हानिकारक तथा रासायनिक फोहोर व्यवस्थापन स्थल | सङ्ख्या | - | ३ | ५ | | - | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको सहकार्य वृद्धि भएको हुने |
| २. | फोहोरबाट मल उत्पादन गर्ने प्लान्ट | सङ्ख्या | - | १ | २ | | - | |
| ३. | वायु प्रदूषण अनुगमन केन्द्र | सङ्ख्या | - | १ | १ | | - | |
| ४. | हरियाली प्रवर्धन कार्यक्रम लागू भएका सहरहरू | सङ्ख्या | - | १० | २० | | - | |
| ५. | मापदण्डबाहेकको प्लास्टिकमुक्त घोषणा गरिएका गाउँ/नगरपालिका | प्रतिशत | | ५० | ७५ | | - | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| ६. | खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने (घर परिवार) | सङ्ख्या | ७०.३ | ६० | ५० | प्रदेश आर्थिक सर्वेक्षण | - | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको सहकार्य वृद्धि भएको हुने |
| ७. | ल्याण्डफिल्ड साइटमा पहुँच भएका स्थानीय तहहरु | सङ्ख्या | | १० | १५ | | - | |

## ६.४ जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | जोखिम तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | |
| १. | मौसम पूर्वानुमानमा पहुँच भएको जनसङ्ख्या | प्रतिशत | - | ७५ | १०० | | | सूचना प्रविधिको थप व्यवस्था भएको हुने |
| | **प्रतिफल तह** | | | | | | | |
| १. | हरियाली प्रवर्धन गरिएको सडक किनार (थप) | कि.मि. | | १५ | ३० | प्रदेश आर्थिक सर्वेक्षण | | जलवायु परिवर्तन वित्तमार्फत थप स्रोत परिचालन भएको हुने |
| २. | प्रवर्धन गरिएका रैथाने बाली (थप) | सङ्ख्या | | ३ | ५ | | | |
| ३. | जलवायु परिवर्तन अनुकूलन कार्यक्रम लागू भएका गाउँ/नगरपालिका (थप) | सङ्ख्या | | १० | २० | | | |
| ४. | सार्वजनिक पोखरीमध्ये संरक्षण गरिएका पोखरी (थप) | प्रतिशत | २८ | ३० | ३० | | | |
| ५. | जलवायु परिवर्तन अनुकुलन क्षेत्रमा खर्च | रु. अर्ब | २.८१ | ३.०० | ३.२५ | प्रदेश सरकारको वार्षिक मूल्याङ्कन प्रतिवेदन | | |

## ७. अन्तरसम्बन्धित क्षेत्र

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| **प्रभाव तहको सूचक** | | | | | | | |
| १. | भ्रष्टाचार अनुभूति सूचकाङ्क | प्राप्ताङ्क | ३४ | ४३ | ४५ | ट्रान्सपरेन्सी इन्टरनेशनल प्रतिवेदन | ४३ |
| २. | प्रदेश सभामा महिला प्रतिनिधित्व | प्रतिशत | ३३.९ | ४० | ४० | निर्वाचन आयोगको प्रतिवेदन | ४० |
| ३. | स्थानीय तहमा महिला प्रतिनिधित्व | प्रतिशत | ४१.२१ | ४५ | ४५ | | ४५ |

## ७.१ शान्ति सुव्यवस्था र सुरक्षा

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **असर तह** | | | | | | | | | |
| १. | नागरिक सुरक्षाकर्मी अनुपात | अनुपात | १:४६० | १:४४७ | १:४३८ | प्रदेश प्रहरी कार्यालय | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | शान्ति सुव्यवस्था र सुरक्षामा प्रदेश सरकारले लगानी वृद्धि गर्ने |
| २. | प्रहरी कार्यालय/चौकी रहेका वडा | प्रतिशत | ३२.२८ | ३५ | ४० | | | | |
| ३. | महिला अधिकार हनन् भएका घटना | सङ्ख्या | १०४० | ४५० | २२० | नेपाल मानव अधिकार वर्ष पुस्तक | | | |
| ४. | सडक दुर्घटनाका कारण ज्यान गुमाउने व्यक्ति | (प्रति लाख जनसङ्ख्यामा) जना | ६.८६ | ५ | ४ | प्रदेश ट्राफिक कार्यालय | ५ | | |
| ५. | सडक दुर्घटनाका कारण घाइते हुने व्यक्ति | सङ्ख्या | २००४ | १५०० | १००० | नेपाल प्रहरी | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिफल तह | | | | | | | | |
| १. | प्रदेश सभाबाट पारित भएका कुल कानून (सालवसालीसमेत) | सङ्ख्या | ६३ | ७४ | ८० | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | |
| २. | मानव अधिकार हनन् भएका घटना | सङ्ख्या | ११९० | ५०० | २५० | नेपाल मानव अधिकार वर्ष पुस्तक | | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | शान्ति सुव्यवस्था र सुरक्षामा प्रदेश सरकारले लगानी वृद्धि गर्ने |
| ३. | मानव अधिकार सचेतना कार्यक्रमबाट वार्षिक लाभान्वित | सङ्ख्या (हजारमा) | - | १० | ११ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | |
| ४. | सवारी दुर्घटना | सङ्ख्या | १२०३ | ८०० | ६५० | प्रदेश ट्राफिक कार्यालय | | | |
| ५. | ट्राफिक सचेतना कार्यक्रमबाट लाभान्वित व्यक्ति | सङ्ख्या (हजारमा) | २६३ | ३०० | ३२५ | प्रदेश ट्राफिक कार्यालय | | | |

## ७.२ सुशासन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | असर तह | | | | | | | | |
| १. | प्रदेशको बेरुजु (पेश्की बाहेक) | प्रतिशत | १.३५ | १.१० | ०.९० | आर्थिक सर्भेक्षण | - | आर्थिक मामिला मन्त्रालय | वित्तीय सुशासन प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | हेलो सिएम (सरकार) गुनासो व्यवस्थापन प्रणालीमा प्राप्त गुनासोमध्ये फछ्र्यौट | प्रतिशत | ७५ | ९० | ९५ | मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वित्तीय सुशासन प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने |
| २. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीमध्ये सुदूरपश्चिम प्रदेशको उजुरी | प्रतिशत | ७.०७ | ६.५ | ५.५ | अ.दु.अ.आ. प्रतिवेदन | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वित्तीय सुशासन प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने |
| ३. | सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गतका मन्त्रालय निकायसम्बन्धी परेका उजुरी | सङ्ख्या | ५१५ | ४७५ | ४५० | प्रदेश आर्थिक सर्वेक्षण | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | समयमै उजुरी सुनुवाइ भएको हुने |
| ४. | सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गतका मन्त्रालय निकायसम्बन्धी अख्तियारमा परेका उजुरी फछ्र्यौट | प्रतिशत | ८० | ९० | ९५ | अ.दु.अ.आ. प्रतिवेदन | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | समयमै उजुरी सुनुवाइ भएको हुने |

## ७.३ श्रम तथा रोजगार

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | श्रम सहभागिता दर (१५ वर्षमाथि) | प्रतिशत | २७.९० | ३५ | ४० | रा.त.का. | ५० | सामाजिक विकास मन्त्रालय | सामाजिक सुरक्षा कार्यक्रम थप प्रभावकारी भएको हुने |
| २. | बेरोजगारी दर (राष्ट्रिय ११.४ प्रतिशत) | प्रतिशत | १२.५ | ९ | ६ | ,, | ५ | | |
| ३. | सामाजिक सुरक्षा योजनामा आबद्ध रोजगारदाता (२०८२/११/१४) | सङ्ख्या | ३७९ | १३४३ | १७९१ | ,, | ६०००० | | |
| ४. | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राही (२०८२/११/१४) | सङ्ख्या (हजारमा) | ४.६ | २५ | ५० | आर्थिक सर्भेक्षण | २५०० | | |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | असुरक्षित रोजगारमा संलग्न (आफ्नै काम गर्ने र परिवारलाई सघाउने) जनसङ्ख्या | प्रतिशत | ८० | ७० | ६० | आर्थिक सर्भेक्षण | - | सामाजिक विकास मन्त्रालय | कार्यस्थल सुरक्षाको प्रत्याभूत भएको हुने |
| २. | प्राथमिक क्षेत्र (कृषि, वन र मत्स्य पालन) मा संलग्न जनसङ्ख्या | प्रतिशत | ७०.२ | ६७ | ६५ | | - | | आर्थिक गतिविधि बढेको हुने |
| ३. | द्वितीय क्षेत्रमा संलग्न जनसङ्ख्या | प्रतिशत | ९.२ | ११ | १२ | | - | | |
| ४. | सेवा क्षेत्रमा संलग्न जनसङ्ख्या | प्रतिशत | २०.६ | २२ | २३ | | - | | |
| ५. | सीप विकास तालिम केन्द्रबाट तालिम प्राप्त युवा (हजारमा) | सङ्ख्या | २८ | ३४ | ३८ | सामाजिक विकास मन्त्रालय | - | | सीपमूलक तालिमको अवसर बढेको हुने |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | पुन:एकीकरण कार्यक्रममा संलग्न वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति | सङ्ख्या | नगण्य | ५०० | १००० | सामाजिक विकास मन्त्रालय | - | सामाजिक विकास मन्त्रालय | पुन:एकीकरण कार्यक्रममा प्रभावकारी भएको हुने |
| ७. | रोजगारदाता (हजारमा) | सङ्ख्या | १४.८४ | २० | २४ | | - | | थप रोजगारका अवसरहरु सिर्जना भएको हुने |

## ७.४ विपद् व्यवस्थापन

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| असर तह | | | | | | | | | |
| १. | विपद्का कारणले वार्षिक औसत मृत्यु हुने मानिस (सडक दुर्घटना बाहेक) | सङ्ख्या (जना) | ४४ | ३२ | २५ | गृह मन्त्रालय | - | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विपद् व्यवस्थापन कार्य थप व्यवस्थित भएको हुने |
| २. | विपद्का कारणले वार्षिक घाइते हुने औसत मानिस | सङ्ख्या | ११४ | ८३ | ६५ | गृह मन्त्रालय | - | | |
| ३. | विपद्का कारणले परिवारमा असर परेका वार्षिक औसत | सङ्ख्या | १७४९ | १२७२ | ९९४ | गृह मन्त्रालय | - | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेश विपद् व्यवस्थापन कोषको रकम | रु. लाखमा | १०८३ | ११५० | १२०० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | विपद् व्यवस्थापन कार्यमा प्रदेश र स्थानीय तहको भूमिका थप सुदृढ भएको हुने |
| २. | प्रदेशको आपतकालीन गोदाम घर | सङ्ख्या | २ | ३ | ३ | | - | | |
| ३. | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र | सङ्ख्या | - | ९ | ९ | | - | | |
| ४. | विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने स्थानीय तहहरु | प्रतिशत | - | ७० | १०० | | - | | |
| ५. | विपद्सम्बन्धी सूचना प्रणालीमा आवद्ध स्थानीय तहहरु | सङ्ख्या | - | ५० | ७० | | - | | |

## ७.५ मानव संसाधन विकास तथा संस्थागत सुदृढीकरण

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मूल्याङ्कनमा प्रदेशको प्रासाङ्क | अङ्क | ४७.७० | ५७ | ६५ | रा.प्रा.स्रो. तथा वि.आ. | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यसम्पादनमा सुधार भएको हुने |
| २. | प्रदेश सरकारका निकायमा कुल दरबन्दी पदपूर्ति | प्रतिशत | ६३.७२ | ८५ | १०० | आर्थिक सर्वेक्षण | - | | |
| ३. | स्थानीय तहमा कुल दरबन्दी पदपूर्ति | प्रतिशत | - | ८५ | १०० | | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानबाट तालिम प्राप्त जनप्रतिनिधि तथा कर्मचारी (वार्षिक सरदर) | सङ्ख्या | ७५२८ | ७५०० | ७५०० | प्र.अ.तथा प्र.प्र. | - | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको भूमिका थप प्रभावकारी भएको हुने |
| २. | व्यवस्थापन परीक्षण गरिएका प्रदेश कार्यालय | सङ्ख्या | ० | ५० | ७५ | मु.म.तथा म.प.का. | - | | |
| ३. | मासिक रूपमा वेवसाइट अद्यावधिक गर्ने प्रदेश सरकारका निकाय | प्रतिशत | २० | ९० | १०० | मु.म.तथा म.प.का. | - | | |
| ४. | आ.व. समाप्त भएको तीन महिनाभित्र लक्ष्य र प्रगति सहितको एकीकृत वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने मन्त्रालय | सङ्ख्या | ७ | ७ | ७ | मु.म.तथा म.प.का. | - | | |

## ७.६ सामाजिक न्याय र सामाजिक समावेशिता

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | महिला साक्षरता | प्रतिशत | ६८ | ८० | ८८ | रा.त.का. | ९५ | सामाजिक विकास मन्त्रालय | समावेशी नीतिको प्रभावकारी कार्यान्वयन भएको हुने |
| २. | गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नेतृत्व तह (प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष) मा महिला प्रतिनिधित्व | सङ्ख्या | ७४ | ९७ | ११७ | निर्वाचन आयोगको प्रतिवेदन | - | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| ३. | गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नेतृत्व तह (प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष) मा दलित प्रतिनिधित्व | सङ्ख्या | ४ | ९ | १५ | निर्वाचन आयोगको प्रतिवेदन | - | सामाजिक विकास मन्त्रालय | समावेशी नीतिको प्रभावकारी कार्यान्वयन भएको हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेशका गाउँपालिका अध्यक्ष वा नगर प्रमुख | सङ्ख्या | २ | ५ | १० | ,, | - | सामाजिक विकास मन्त्रालय | समावेशी तथा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भएको हुने |
| २. | मुक्त हलिया/कमैया पुनर्स्थापना सम्पन्न | परिमाण | आंशिक | आंशिक | पूर्ण | सामाजिक विकास मन्त्रालय | - | | |
| ३. | नयाँ बन्ने अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री सार्वजनिक संरचनाहरू | प्रतिशत | - | ५० | ८० | | - | | |
| ४. | समावेशी तथा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गर्ने निकायहरू | प्रतिशत | - | ७० | ९० | | - | | |

## ७.७ गरिबी निवारण

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | मुलुक भरी सबैभन्दा बढी गरिबी भएका १० स्थानीय तहमध्ये सुदूरपश्चिम प्रदेशमा रहेका स्थानीय तह | सङ्ख्या | ६ | ४ | २ | रा.त.का. | - | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | गरिबीको दर घटाउने प्रदेशको मुख्य लक्ष्य भएको |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/ जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल तह | | | | | | | | | |
| १. | सबै प्रकारका गरिबीको अन्त्य (दिविल-१) मा गरिएको विनियोजन[1] | प्रतिशत | ६.०७ | १२ | १५ | प्रदेश आर्थिक सर्वेक्षण | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | गरिबीको दर घटाउने प्रदेशको मुख्य लक्ष्य भएको हुने |
| २. | राष्ट्रिय औसतभन्दा बढी गरिबी भएका गाउँपालिका तथा नगरपालिका | सङ्ख्या | ८६ | ४० | २० | रा.त.का. | - | | |
| ३. | गरिबी निवारणको अन्त्यका लागि प्रदेश सरकारले गरेको खर्च | रकम (रु. अर्बमा) | १.१६ | २.० | २.५ | प्रदेशको वार्षिक मूल्याङ्कन प्रतिवेदन | - | | |
| ४. | प्रदेश औषत (३४.१६ प्रतिशत) भन्दा बढी गरिबी भएका प्रदेशका स्थानीय तह | प्रतिशत | ७६.१४ | ६० | ४० | रा.त.का. | - | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | तीनवटै तहबाट गरिबी लक्षित कार्यक्रम सञ्चालन भएको हुने |
| ५. | ५० प्रतिशतभन्दा बढी गरिबी भएको स्थानीय तह | सङ्ख्या | २९ | १५ | ० | रा.त.का. | - | | |

१. प्रदेश मध्यमकालीन खर्च संरचना,२०८२।

## ७.८ गैरसरकारी संस्था, नागरिक समाज तथा सामुदायिक संघसंस्था

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | गैरसरकारी संस्थाबाट प्रदेशमा वार्षिक औसत परिचालन भएको अनुमानित रकम | (रू. करोडमा) | २०० | २०० | २०० | गैसस महासंघ | - | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गैसससँगको समन्वय र सहकार्य प्रभावकारी हुने |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेशस्तरीय गैरसरकारी संस्था तथा सामुदायिक संस्था/सञ्जाल प्रोफाइल | सङ्ख्या | ० | १ | १ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | - | आन्तरिक मामिला तथा कानून मन्त्रालय | गैसससँगको समन्वय र सहकार्य प्रभावकारी हुने |
| २. | गैरसरकारी संस्था तथा सामुदायिक संस्था/सञ्जाल अभिलेख व्यवस्थापन सूचना प्रणाली | सङ्ख्या | ० | १ | १ | | - | | |
| ३. | क्षमता विकास गरिएका गैरसरकारी संस्था तथा सामुदायिक संस्था/ सञ्जाल | सङ्ख्या | ० | २०० | ४०० | | - | | |

## ७.९ तहगत एवम् अन्तरनिकाय समन्वय र सहकार्य

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८७/८८ को लक्ष्य | सूचनाको स्रोत | सोह्रौं योजना (२०८५/८६) को लक्ष्य | कार्यान्वयन/ जिम्मेवार निकाय | अनुमान/जोखिम पक्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | **असर तह** | | | | | | | | |
| १. | प्रदेश समन्वय परिषद्को जम्मा बैठक | सङ्ख्या | ५ | ३ | ५ | मु.म.तथा म.प.का. | - | मु.म.तथा म.प.का. | कम्तीमा वार्षिक १ वटा बैठक |
| | **प्रतिफल तह** | | | | | | | | |
| १. | प्रदेश विषयगत समितिहरूको बैठक (वार्षिक) | सङ्ख्या | - | १८ | ३० | मु.म.तथा म.प.का. | - | मु.म.तथा म.प.का. | प्रत्येक समितिको कम्तीमा वार्षिक १ वटा बैठक |
| २. | समतह वा अन्तरतहबीच संयुक्त रूपमा कार्यान्वयन गरेको आयोजना/ कार्यक्रम | सङ्ख्या | - | ९ | १५ | आ.मा.तथा का.मं. | - | आ.मा.तथा का.मं. | कम्तीमा वार्षिक ३ वटा |

## अनुसूची २ : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ढाँचा

| क्र.सं. | विषय क्षेत्रहरू | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| १ | प्रदेशको दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्य | प्रदेश सरकारका मन्त्रालय तथा निकायहरू<br>स्थानीय सरकारहरू<br>निजी र सहकारी क्षेत्र<br>विकास साझेदार संस्थाहरू | प्रदेश संसद, संसदीय समितिहरू<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग<br>प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालय<br>महालेखा परीक्षकको कार्यालय<br>नागरिक समाज | वार्षिक प्रगति समीक्षा |
| २ | प्रदेशको समष्टिगत आर्थिक क्षेत्र | आर्थिक मामिला मन्त्रालय<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>स्थानीय सरकार<br>निजी र सहकारी क्षेत्र | प्रदेश संसद, संसदीय समितिहरू<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग | अर्धवार्षिक प्रगति समीक्षा |
| ३ | प्रदेशको सार्वजनिक वित्त र लगानी | आर्थिक मामिला मन्त्रालय<br>निजी र सहकारी क्षेत्र | प्रदेश आर्थिक समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग<br>आर्थिक मामिला मन्त्रालय | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |
| ४ | प्रदेशको आर्थिक विकास क्षेत्र | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>स्थानीय सरकार<br>निजी र सहकारी क्षेत्र | प्रदेश आर्थिक समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग<br>आर्थिक मामिला मन्त्रालय | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |
| ५ | प्रदेशको सामाजिक विकास क्षेत्र | सामाजिक विकास मन्त्रालय<br>स्थानीय सरकार<br>निजी र सहकारी क्षेत्र<br>विकास साझेदार संस्था | सामाजिक क्षेत्र हेर्ने विषयगत प्रदेश संसदीय समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |
| ६ | प्रदेशको पूर्वाधार विकास क्षेत्र | भौतिक पूर्वाधार विकास मन्त्रालय<br>स्थानीय सरकार<br>निजी र सहकारी क्षेत्र<br>विकास साझेदार संस्था | भौतिक पूर्वाधार क्षेत्र हेर्ने विषयगत प्रदेश संसदीय समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |
| ७ | प्रदेशको वन, वातावरण तथा जलवायु परिवर्तन क्षेत्र | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>स्थानीय सरकार<br>निजी र सहकारी क्षेत्र<br>विकास साझेदार संस्था | वन, वातावरण तथा जलवायु क्षेत्र हेर्ने विषयगत प्रदेश संसदीय समिति<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश नीति तथा योजना आयोग | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |

| क्र. सं. | विषय क्षेत्रहरू | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | अनुगमन तथा मूल्याङ्कन संयन्त्र | समय अवधि |
|---|---|---|---|---|
| ८ | प्रदेशको अन्तर सम्बन्धित/ संस्थागत विकास तथा सुशासन क्षेत्र | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>आन्तरिक मामिला तथा कानून मन्त्रालय<br>स्थानीय सरकार | महालेखापरीक्षकको कार्यालय<br>अख्तियार दुरुपयोग अनुसन्धान केन्द्र<br>प्रदेश नीति तथा योजना आयोग<br>प्रदेश प्रहरी कार्यालय<br>प्रदेश ट्राफिक कार्यालय | त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति समीक्षा |

## अनुसूची ३ : मुख्य छलफल कार्यक्रमसम्बन्धी विवरण

| क्र. सं. | छलफल कार्यक्रम | कार्यक्रम स्थल | कार्यक्रम मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १ | नीति तथा योजना आयोगसँग योजना तर्जुमासम्बन्धी प्रारम्भिक छलफल | धनगढी | २०८२/०९/०२ | ११ |
| २ | राजनीतिक दलका नेता तथा विषय विज्ञहरूसँग छलफल | काठमाडौं | २०८२/०९/११ | ७० |
| ३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल | धनगढी | २०८२/०९/२० | २६ |
| ४ | सामाजिक विकास मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१२ | २८ |
| ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१२ | २९ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१३ | २५ |
| ७ | आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१३ | ११ |
| ८ | आर्थिक मामिला मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१४ | १३ |
| ९ | भौतिक पूर्वाधार विकास मन्त्रालयसँग छलफल | धनगढी | २०८२/१०/१४ | १९ |
| १० | अवधारणापत्रलाई अन्तिम रुप प्रदान गर्न विषय विज्ञहरूसँग छलफल | महेन्द्रनगर | २०८२/०९/२७ र ०९/२८ | १५ |
| ११ | अपाङ्ग महासङ्घ सुदूरपश्चिम प्रदेशका प्रतिनिधिहरूसँग छलफल | धनगढी | २०८२/१०/१५ | ५२ |
| १२ | सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रिपरिषद्का सबै सदस्यज्यूहरू र प्रदेश सरकारका सबै प्रदेश सचिव सहितको छलफल | धनगढी | २०८२/१०/२३ | २६ |
| १३ | प्रदेश नीति तथा योजना आयोगसँग समष्टिगत आर्थिक क्षेत्रको गणनासम्बन्धी विधिका बारेमा छलफल | धनगढी | २०८२/१२/०८ | १३ |
| १४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै मन्त्रालयहरूसँग मस्यौदा प्रतिवेदन माथि छलफल | धनगढी | २०८२/१२/०९ देखि १९ सम्म | मन्त्रालयगत फरक फरक |
| १५ | कञ्चनपुर जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूसँग छलफल | महेन्द्रनगर | २०८२/१२/२० | ५३ |
| १६ | दार्चुला, बझाङ, बैतडी र डडेल्धुराका स्थानीय तहका प्रतिनिधिहरूसँग छलफल | डडेलधुरा | २०८२/१२/२२ | १०१ |

| क्र. सं. | छलफल कार्यक्रम | कार्यक्रम स्थल | कार्यक्रम मिति | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १७ | डोटी, बाजुरा र अछाम जिल्लाका स्थानीय तहका प्रतिनिधिहरूसँग छलफल | डोटी | २०८२/१२/२२ | ९१ |
| १८ | प्रदेशसभाका माननीय सांसदहरूसँग छलफल | धनगढी | २०८२/१२/२८ | ६५ |
| १९ | सुदूरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा र राष्ट्रियसभाका माननीय सांसदहरूसँग छलफल | काठमाडौं | २०८३/०१/०३ | ६५ |
| २० | "सहकर्मी समीक्षा" (पियर रिभ्यू) विज्ञहरूसँग छलफल | काठमाडौं | २०८३/०१/२४ | ११ |
| २१ | प्रदेश नीति तथा योजना आयोगसँग समष्टिगत आर्थिक क्षेत्र र मस्यौदा प्रतिवेदनमाथि छलफल | धनगढी | २०८३/०१/३० देखि ०२/०३ सम्म | पदाधिकारी र कर्मचारी |
| २२ | प्रदेश विकास परिषद्को चौथो वैठकमा मस्यौदा दोस्रो पञ्चवर्षीय योजना प्रतिवेदनमाथि छलफल भई स्वीकृत | धनगढी | २०८३ जेठ १५ गते | ५५ |
| २३ | सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषद्को वैठकबाट दोस्रो पञ्चवर्षीय योजना स्वीकृत | धनगढी | २०८३ जेठ १७ गते | - |

**नोटः** हरेक छलफल कार्यक्रमको उपस्थिति पुस्तिका प्रदेश नीति तथा योजना आयोगसँग सुरक्षित छ।

## अनुसूची ४ : दोस्रो पञ्चवर्षीय योजना तयारका क्रममा लिइएका मुख्य आधारहरू

१. नेपालको संविधान
२. सुदूरपश्चिम प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको समीक्षा प्रतिवेदन, २०८२
३. नेपाल सरकारको पन्ध्रौं योजना, २०७६
४. नेपाल सरकारको सोह्रौं योजना, २०८१
५. अन्य प्रदेशका दोस्रो आवधिक योजना
६. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रकाशित सुशासन मार्गचित्र, २०८२
७. नेपाल सरकार, अर्थ मन्त्रालय, नेपालको वर्तमान आर्थिक स्थिति पत्र, वैशाख, २०८३
८. सङ्घ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३
९. दिगो विकासका लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्ग चित्र २०१६-२०३०
१०. सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८१
११. सङ्घ र सुदूरपश्चिम प्रदेशको विषयगत ऐन, नियमावली तथा कार्यविधिहरू
१२. सुदूरपश्चिम प्रदेशको वस्तुस्थिति विवरण तथा मन्त्रालयगत वार्षिक प्रगति विवरण
१३. नेपाल राष्ट्र बैङ्कका सर्वेक्षणहरू
१४. सङ्घ र प्रदेश सरकारका विभिन्न आर्थिक वर्षका आर्थिक सर्वेक्षणहरू
१५. नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८
१६. सुदूरपश्चिम प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४)
१७. सुदूरपश्चिम प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा, २०८०
१८. नेपाल सरकारको अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०
१९. राष्ट्रिय आयोजना बैंक (कार्य सञ्चालन तथा व्यवस्थापन मापदण्ड), २०८१
२०. सुदूरपश्चिम प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/८३) र (२०८२/८३-२०८४/८५),
२१. राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय जनगणना सम्बन्धी प्रतिवेदन, २०७८
२२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सङ्घीय नियमावली, २०७७
२३. सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम
२४. सुदूरपश्चिम प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको कैलाली वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका आ.व. २०७९/८०
२५. नेपाल सरकारको सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको सहकारी क्षेत्र सुधार सुझाव प्रतिवेदन, २०८०
२६. सहकारी विभागले जारी गरेको कोपोमिस प्रणाली र goAML System मा आबद्ध हुनेसम्बन्धी विवरण
२७. Province Government, Ministry of Industry, Tourism, Forest and Environment (२०७८), Sudurpaschim Province Tourism Master Plan (२०७९/८०-२०८९/९०).

## अनुसूची ५ : प्रदेश भित्रका राष्ट्रिय तथा प्रदेश गौरव र ठूला आयोजनाहरू

यस प्रदेशअन्तर्गत रहेका राष्ट्रिय गौरव आयोजनाहरूमा रानीजमरा कुलरिया सिँचाइ आयोजना, महाकाली सिँचाइ आयोजना र पश्चिम सेती जलविद्युत आयोजना रहेका छन्। रानीजमरा कुलरिया सिँचाइ आयोजना र महाकाली सिँचाइ आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् भने सेती जलविद्युत आयोजनाको भौतिक प्रगति हुन सकेको छैन।

### प्रदेशका गौरवका आयोजनाहरू

| क्र.सं. | सडक (आयोजनाको नाम) | कूल लम्बाई | सम्पन्न गर्न सुरुमा तोकिएको अवधि |
|---|---|---|---|
| १ | खप्तड-मार्तडी सडक | ६५ कि.मि. | बहुवर्षीय |
| २ | सतबाँझ श्रीभावर-हाट-दार्चुला सडक | ९० कि.मि. | बहुवर्षीय |
| ३ | चिसापानी-ऋषिदह-बडिमालिका | २०३ किमि | बहुवर्षीय |
| ४ | दैजी जोगबुडा सलौन चिरकिट्टे पोखरा बझाङ्ग | ११५ किमि | बहुवर्षीय |
| ५ | पातीहाल्ना-तलकोट-साइपाल-हुम्ला सडक | ९५ किमि | बहुवर्षीय |
| ६ | देथला-खार-खलंगा-बिटुले-परिबगड खण्डेश्वरी सडक | ९३ किमि | बहुवर्षीय |
| ७ | सहजपुर-बोगटान-दिपायल सडक | १८० किमि | बहुवर्षीय |
| ८ | बेलौरी-कलुवापुर-नाइलय-बुडर सडक | ४६.९३५ किमि | बहुवर्षीय |
| ९ | भजनी छोटी भन्सार-खिमडी-ठुलीगाड सडक (भजनी छोटी भन्सार-लालबोझि-भजनी-जोशीपुर-फल्लेबिसौनी-सल्लेरी-रक्ससा-कोल्तडी-खिमडी-ठुलीगाड) | ६० किमि | बहुवर्षीय |

**स्रोतः** राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय, धनगढी, कैलाली, प्रदेश वस्तुगत विवरण, सुदूरपश्चिम प्रदेश,२०८२।

### देश भित्रका ठूला आयोजनाहरू

| क्र.सं. | आयोजनाको नाम | विवरण/लक्ष्य |
|---|---|---|
| १ | शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय गेटा | सरकारले कैलालीको गेटामा शहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाको निर्णय गरेको छ। |
| २ | धनगढी विमानस्थलको स्तरोन्नती | सुदूरपश्चिमलाई सङ्घीय राजधानीसँग जोड्ने धनगढी विमानस्थललाई क्षेत्रीय विमानस्थलका रूपमा विकास गर्ने सरकारको योजना रहेको छ। |
| ३ | महाकाली करिडोर सडक आयोजना | यस करिडोरलाई कञ्चनपुरको महेन्द्रनगरदेखि दार्चुलाको टिंकरसम्मम्म जोड्ने योजनाका साथ अघि बढाइएको हो। |

| क्र.सं. | आयोजनाको नाम | विवरण/लक्ष्य |
|---|---|---|
| ४ | सेती लोकमार्ग | यस लोकमार्गलाई कैलालीबाट अछाम खप्तड हुँदै उत्तरमा चीनको सीमाना तिब्बत सम्म जोड्ने मार्गको रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। |
| ५ | खुटिया दिपायल फास्ट ट्र्याक | यस लोक मार्गमा आवश्यक ठाउँमा सुरुङ मार्गसमेत निर्माण गरी चीनको मानसरोवरसम्म जोड्ने लक्ष्यका साथ निर्माण सुरु गरिएको हो। |
| ६ | फाप्ला क्रिकेट मैदान | कैलालीको धनगढी स्थित फाप्ला क्रिकेट मैदानलाई सरकारले अन्तराष्ट्रिय क्रिकेट मैदानका रूपमा निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ। |
| ७ | खप्तड चक्रपथ आयोजना | सुदूरपश्चिमको महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीयस्थल खप्तड क्षेत्रमा सरकारले चक्रपथ निर्माण गर्ने कार्य अघि बढाएको छ। |
| ८ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | नेपाल-भारतबीच भएको सहमतिअनुसार निर्माण हुन लागेको ६४८० मेगावाट क्षमताको विद्युत उत्पादनको योजना छ। |

**स्रोतः** राष्ट्रिय तथ्याङ्क कार्यालय, तथ्याङ्क समन्वय कार्यालय, धनगढी, कैलाली, प्रदेश वस्तुगत विवरण, सुदूरपश्चिम प्रदेश,२०८२।

## "समुन्नत सुन्दर सुदूरपश्चिम"




**सुदूरपश्चिम प्रदेश सरकार**

**प्रदेश नीति तथा योजना आयोग**

धनगढी, कैलाली, नेपाल

फोन नं. : ०९१-५२०३६९, वेभसाइट : pppc.sudurpashchim.gov.np

इमेल : pppc.supa@gmail.com